आर्थिक सर्वेक्षण

आर्थिक वर्ष २०६८/६९

नेपाल सरकार

अर्थ मन्त्रालय

२०६९

प्राक्कथन

मुलुकमा राजनीतिक स्थायित्व कायम गरी उपलब्ध स्रोत र साधनहरुलाई पूर्णरुपमा उपयोग गरी आर्थिक वृद्धिदरलाई तीव्र पार्दै आम जनताको जीवनस्तर उठाउनु आजको आवश्यकता रहेको छ। संविधानसभाको विघटन पछि मुलुकको राजनीतिक वातावरण अनिश्चित जस्तो देखिएकोमा संविधानसभाको आगामी निर्वाचनबाट राजनीतिक अस्थिरता हट्ने अपेक्षा गरिएको छ। राजनीतिक अस्थिरताका कारणले आर्थिक विकासको अभियान तथा आम जनताको जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने बिषयहरू ओझेलमा पर्न नदिन सबै राजनीतिक दलहरू बीच समझदारी कायम गरी अगाडि बढ्नु पर्ने आवश्यकता देखिएको छ। यस्तो समझदारी कायम गर्दै दीर्घकालीन योजना तथा नीतिका माध्यमबाट उपलब्ध स्रोत र साधनको समुचित व्यवस्थापन र उपयोग गरी मुलुकको आर्थिक समृद्धि हासिल गर्न र जनताका आवश्यकता तथा आकांक्षा पुरा गर्न सम्भव हुनेछ।

अर्थतन्त्रका महत्वपूर्ण क्षेत्रहरुमा अवलम्वन गरिएका नीतिगत व्यवस्था एवं कार्यक्रमहरुको कार्यान्वयनबाट हासिल भएका उपलब्धिहरुको विश्लेषणात्मक समीक्षा गरी आर्थिक वर्ष २०६८/६९ को आर्थिक सर्वेक्षण तयार पारिएको छ. विगत वर्षहरुमा एउटै क्षेत्रका कार्यक्रमहरु विभिन्न क्षेत्र र समूहमा प्रस्तुत भएकोमा यस आर्थिक वर्षदेखि सम्भव भएसम्मका कार्यक्रमहरुलाई सम्बन्धित क्षेत्रमा नै समेट्ने प्रयास गरिएको छ। साथै, अर्थतन्त्रका विविध क्षेत्रका विगत दश वर्षका तथ्याङ्कहरूलाई सर्वेक्षणमा नै समावेश गरिएको छ भने गत वर्ष भाग-२ मा प्रकाशित तथ्यांकहरुलाई अद्यावधिक गरी डिजिटलरूपमा सिडीमा राखी यसैसाथ संलग्न गरिएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षण मुलुकको आर्थिक गतिविधि प्रति अभिरूचि राख्ने सम्पूण बुद्धिजीवी, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगी, व्यवसायी तथा सर्वसाधारणका लागि उपयोगी स्रोतकारुपमा रहने छ भन्ने पूर्ण विश्वास लिएको छु।

अन्त्यमा, आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालयका पदाधिकारीहरू, विशेषतः आर्थिक कार्य विषयक तथा नीति विश्लेषण महाशाखा, नेपाल राष्ट्र बैंक तथा विषय विज्ञका साथै यस कार्यको निम्ति आवश्यक तथ्याङ्क, सूचना एवं विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने विभिन्न मन्त्रालय, विभाग तथा अन्य निकायहरुलाई धन्यवाद दिन चाहन्छु।

असार २०६९

बर्षमान पुन
अर्थमन्त्री

विषय सूचि

प्राक्कथन

मञ्जुषा सूची iv

तालिका सूची v

चार्ट सूची ix

छोटकरी रूप (Abbreviations) x

कार्यकारी सारांश xiv

समष्टिगत आर्थिक परिसूचकहरु xxii

अर्थतन्त्रका प्रमुख चुनौतीहरू xxviii

१. आर्थिक गतिविधि १

२. सरकारी वित्त १८

३. मूल्य तथा आपूर्ति ३४

४. मुद्रा तथा बैंकिङ ४५

५. बीमा तथा पुँजी बजार ६७

६. बाह्य क्षेत्र ८०

७. गरिबी निवारण र रोजगारी ९०

८. कृषि तथा वन १०९

९. उद्योग क्षेत्र १३४

१०. भौतिक पूर्वाधार १५५

११. यातायात तथा सञ्चार १७८

१२. सुशासन, शान्ति तथा पुनर्निर्माण १८९

१३. सामाजिक क्षेत्र १९५

१४. सार्वजनिक संस्थान तथा निजीकरण २६८

मञ्जुषा सूची

मञ्जूषा ४ (क) : मौद्रिक नीतिका मुख्य परिसूचकहरू ४६
मञ्जूषा ४ (ख) : तत्काल राहत कार्यक्रममा बैंकहरूको भूमिका ५६
मन्जुषा ५(क) : केन्द्रिय निक्षेपण प्रणाली र क्लीयरिङ लिमिटेड ७२
मञ्जूषा ७(क) : गरिबी मापन ९२
मञ्जूषा ७(ख) : युवा तथा साना व्यवसायी स्वरोजगार कोषका विषेशताहरू ९९
मन्जुषा ८(क) : कृषि क्षेत्रका विशेष कार्यक्रमहरू १११
मन्जुषा ८(ख) : भू-उपयोग नीति २०६९ १२८
मञ्जूषा ९(क) : व्यापार नीति समीक्षा १४४
मञ्जूषा ९(ख) : नेपाल व्यापार एकीकृत रणनीति अन्तर्गत सञ्चालित कार्यक्रमहरू १४५
मञ्जूषा ९(ग) : आपूर्ति नीति, २०६९ १४६
मञ्जूषा ९(घ) : नेपाल पर्यटन वर्ष, २०११ १४८
मञ्जुषा ९(ङ) : नेपाल पर्यटन दूरदृष्टि, २०२० र लुम्विनी भ्रमण वर्ष, २०१२ को शुभारम्भ १४९
मञ्जूषा ९(च) : पर्यटकीय क्षेत्रहरूको घोषणा १५०
मञ्जूषा १३(क) : शैक्षिक सूचक तथा उपलब्धिहरू (प्रतिशत) १९५
मञ्जूषा १३(ख) : एस.एल.सी. परीक्षामा सम्मिलित र उत्तिर्ण छात्र छात्राहरूको विवरण २१६
मञ्जूषा १३(ग) : विकास क्षेत्रगत बहिरंग सेवातर्फका विरामीको संख्यात्मक विवरण २३५

तालिका सूची

तालिका १(क): विश्वको आर्थिक वृद्धिदर २
तालिका १(ख): छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर २
तालिका १(ग): उपभोक्ता मूल्यमा आधारित विश्वको मुद्रास्फीति दर ३
तालिका १(घ): उपभोक्ता मूल्यमा आधारित छिमेकी मुलुकहरूको मुद्रास्फीति दर ४
तालिका १(ङ): कुल यथार्थ गार्हस्थ माग ४
तालिका १(च): विश्व व्यापारको स्थिति ५
तालिका २ (क) : कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरूको अनुपात १८
तालिका २ (ख) : कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात १९
तालिका २ (ग) : पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्ति गर्ने स्रोतहरू १९
तालिका २(घ) : न्यून वित्त २८
तालिका २ (ङ) : स्थानीय निकायको कार्यसम्पादन मूल्याङ्कन २९
तालिका २ (च) : जिल्ला विकास समिति र नगरपालिकाको अनुदान थपघटको श्रेणी ३०
तालिका २(छ) : स्थानीय निकायको आन्तरिक आय ३२
तालिका ३ (क) : उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीतिदर ३५
तालिका ३ (ख) विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा भएको परिवर्तन ३६
तालिका ३ (ग): राष्ट्रिय थोकमूल्य सूचकाङ्को वार्षिक विन्दुगत परिवर्तन ३९
तालिका ३ (घ) राष्ट्रिय ज्यालादर सूचकाङ्को वार्षिक विन्दुगत परिवर्तन ३९
तालिका ३ (ङ): केही प्रमुख वस्तुहरूको सरदर खुद्रा बजार मूल्य ४०
तालिका ३ (च): केही प्रमुख पेट्रोलियम पदार्थको आपूर्ति स्थिति ४१
तालिका ४ (क) : बैंकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात ४७
तालिका ४ (ख) : मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू ४८
तालिका ४ (ग) : सञ्चित मुद्रामा भएको परिवर्तन ५०
तालिका ४ (घ) : खुला बजार कारोवार स्थिति ५१
तालिका ४ (ङ) : ९१-दिने ट्रेजरी विल्स र अन्तर-बैंक ब्याजदर ५२
तालिका ४ (च) : बैंक तथा वित्तीय संस्थाहरूको संख्या ५३
तालिका ४ (छ) : बैंक तथा वित्तीय संस्थाका केही प्रमुख परिसूचकहरू ५३
तालिका ४ (ज) : बैक तथा वित्तीय संस्थाका शाखाहरू ५४
तालिका ४ (झ) : वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरू ५५
तालिका ४ (ञ) : निक्षेप परिचालन तथा कर्जा प्रबाह ५७
तालिका ४ (ट) : निष्कृय कर्जा ५८
तालिका ४(ठ) : लघुवित्त संस्थाहरूको साधनको स्रोत तथा उपयोगको विवरण ५८
तालिका ४ (ड) : ग्रामीण स्वावलम्बन कोषको कारोवार विवरण ६१
तालिका ४ (ढ) : बचत तथा ऋण सहकारी संस्थाहरूको गतिविधिको झलक ६२
तालिका ४ (ण) : भाखा नाघेको कर्जा तथा पुँजीकोष ६२
तालिका ५(क) : प्राथमिक बजार प्रवृत्ति ६८

तालिका ५ (ख): दोस्रो बजार प्रवृत्ति ७०
तालिका ५ (ग): बीमा कम्पनीहरूको स्वामित्व संरचना ७६
तालिका ५(घ): जीवन तथा निर्जीवन बीमा कम्पनीहरूको स्रोत तथा उपयोगको विवरण ७६
तालिका ५ (ङ) : बीमा शुल्क परिचालन र लगानीको स्थिति ७७
तालिका ६ (क): अन्तर्राष्ट्रिय व्यापार स्थिति ८२
तालिका ६ (ख): विप्रेषण आय ८४
तालिका ६(ग) : कुल विदेशी विनिमय सञ्चिति ८५
तालिका ६(घ): विदेशी विनिमय प्रवृत्ति ८६
तालिका ६(ङ) : अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य ८७
तालिका ७(क): गरिबीको प्रवृत्ति ९०
तालिका ७(ख) गरिबीको परिमाणात्मक सूचक ९२
तालिका ७ (ग) क्षेत्रगत गरिबीको विषमता स्थिति ९३
तालिका ७(घ): गिनी सूचकाङ्क (Gini Coefficient) ९४
तालिका ७(ङ): नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका केही परिसूचकहरू ९६
तालिका ७(च) : गरिबी निवारण कोषबाट सामुदायिक संस्थाहरूलाई गएको अनुदान विवरण ९८
तालिका ७(ज): नेपाल जीवनस्तर मापन सर्वेक्षण तथा नेपाल श्रम शक्ति सर्वेक्षणको परिणाम १००
तालिका ७(झ): देशगत वैदेशिक रोजगारीको स्थिति १०२
तालिका ८ (क) : कृषि उत्पादनसँग सम्बन्धित साधनहरूको आपूर्तिको स्थिति १०९
तालिका ८ (ख) : खाद्यान्न बाली लगाएको क्षेत्रफल र उत्पादनको विवरण ११०
तालिका ८ (ग) : नगदे बाली लगाएको क्षेत्रफल र उत्पादनको विवरण ११३
तालिका ८ (घ) : मसला तथा अन्य बालीहरूको उत्पादनको स्थिति ११४
तालिका ८ (ङ) : पशुपंक्षीको संख्याको विवरण ११६
तालिका ८ (च) : पशुपंक्षीजन्य उत्पादनको स्थिति ११७
तालिका ८ (छ) : वाणिज्य बैंकहरूले प्रवाह गरेको कृषि कर्जाको स्थिति १२०
तालिका ८ (ज) : दैवी प्रकोपबाट प्रभावित क्षेत्रफल १२१
तालिका ८ (झ) : साना किसान विकास बैंक लिमिटेडको ऋण तथा लगानीको स्थिति १२२
तालिका ८ (ञ) : सहकारी तथा तिनको सदस्य संख्या, पुँजी, लगानी तथा बचतको प्रवृत्ति १२५
तालिका ८ (ट) : सञ्चालनमा रहेका सहकारी संस्थाहरूसम्बन्धी विवरण १२६
तालिका ८ (ठ) : वन स्रोत तथ्याङ्क १३०
तालिका ८ (ड) : वनसम्बन्धी उपलब्धिहरूको तुलनात्मक विवरण १३१
तालिका ९(क) : वैदेशिक लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू १३६
तालिका ९(ख) : परियोजना लागतका आधारमा वैदेशिक लगानीका लागि स्वीकृत उद्योगहरू १३६
तालिका ९(ग) : आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्म सञ्चालनका लागि स्वीकृत उद्योगहरू १३७
तालिका ९(घ) : आ.व. २०६६/६७ र २०६७/६८ मा विदेशी लगानीकालागि स्वीकृत उद्योगहरू १३७
तालिका ९(ङ) : आर्थिक वर्ष २०६७/६८ मा सञ्चालनका लागि स्वीकृत उद्योगहरू १३८
तालिका ९(च) : परियोजना लागतका आधारमा सञ्चालनका लागि स्वीकृत उद्योगहरू १३८
तालिका ९(छ) : विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू १३९

तालिका ९(छ) : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लक्ष्य एवं उपलब्धिहरू १५१
तालिका १० (क) : ग्रामीण पहुँच तथा विकेन्द्रीकरण परियोजनाको प्रगति १६०
तालिका १० (ख) : ग्रामीण पुन निर्माण तथा पुनःस्थापना कार्यक्रमको प्रगति १६०
तालिका १० (ग) : जिल्ला सडक सहयोग कार्यक्रमको प्रगति १६१
तालिका १० (घ) : विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार आयोजनाको प्रगति १६१
तालिका १० (ङ): स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको प्रगति १६३
तालिका १० (च) : पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको प्रगति १६४
तालिका १० (छ) : पूर्वाधार विकासतर्फको प्रगति १६५
तालिका १० (ज) : उर्जा खपतको स्थिति १६६
तालिका १०(झ) : विद्युत माग, खपत, उत्पादन एवं भौतिक संरचना १६९
तालिका १०(ञ) : पेट्रोलियम पदार्थको खपत विवरण १७०
तालिका १०(ट) : नेपालमा वैकल्पिक ऊर्जा/गोवरग्याँसको अवस्था १७५
तालिका ११ (क) : सडक विभागबाट बनाइएका सडक सुविधाको विस्तार १७८
तालिका ११(ख) : सवारी साधनहरूको संख्या १७९
तालिका ११ (ग) : हुलाक सेवा विभाग अन्तर्गतका कार्यालयहरुको संख्या १८३
तालिका ११ (घ) : दूरसञ्चार सेवाका ग्राहाक र सेवा प्रदायकहरुको संख्यात्मक विविरण १८४
तालिका ११ (ङ) : सेवाप्रदायकअनुसार वितरित कुल टेलिफोन संख्या १८४
तालिका ११ (च) : पत्रपत्रिकाको भाषागत र समयगत विवरण १८५
तालिका १२ (क) : आर्थिक सहायता/राहतसम्बन्धी गतिविधिको प्रगति विवरण १९३
तालिका १३(क) : विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिएको विवरण १९८
तालिका १३ (ख) : पूर्वप्राथमिक शिक्षामा ३-५ वर्ष समूह र कुल भर्ना तथा उपलब्धि १९९
तालिका १३(ग) : समुदायमा आधारित बालविकास केन्द्रहरूको प्रगति विवरण १९९
तालिका १३ (घ) : विकास क्षेत्रअनुसार बालविकास केन्द्रको विवरण २००
तालिका १३ (ङ): विद्यालयका छात्रछात्राहरूलाई उपलब्ध गराइएको छात्रवृत्तिसम्बन्धी विवरण २००
तालिका १३ (च) : शैक्षिक जनशक्ति केन्द्र अन्तर्गत सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण २०२
तालिका १३ (छ) : शिक्षक व्यवस्थापनसम्बन्धी प्रगति विवरण २०३
तालिका १३ (ज) : पाठ्यक्रम विकास केन्द्रबाट सम्पादित कार्यहरूको विवरण २०५
तालिका १३ (झ) : विद्यालय तथा लाभान्वित विद्यार्थीहरूको विवरण २०६
तालिका १३(ञ) : शिक्षाको लागि खाद्य कार्यक्रमको विवरण २०६
तालिका १३(ट) : परिषद् अन्तर्गत सञ्चालित तालिम कार्यक्रमहरूको विवरण २०७
तालिका १३(ठ): अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण २०९
तालिका १३ (ड): भौगोलिक क्षेत्रअनुसार विभिन्न तहका विद्यालयहरूको विवरण २११
तालिका १३ (ढ): शैक्षिक सत्र २०६८ मा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात २११
तालिका १३ (ण): विभिन्न प्रकारका विद्यालयहरूको क्षेत्रगत विवरण २११
तालिका १३ (त): प्रति शिक्षक विद्यार्थी अनुपात २१४
तालिका १३ (थ) : परम्परागत विद्यालयहरूको विवरण २१५
तालिका १३(द) : सबै प्रकारका विद्यालयमा तालिम प्राप्त शिक्षकहरूको प्रतिशत २१५

तालिका १३ (ध) : माध्यमिकतर्फ निजी, सामुदायिक विद्यालयमा तालिमप्राप्त शिक्षकहरूको विवरण २१६
तालिका १३(न) : सबै तहका सामुदायिक विद्यालयका शिक्षकहरूको तालिमको अवस्था २१६
तालिका १३(प) : सम्बन्धनप्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण २१७
तालिका १३(फ) : वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी संख्या २१८
तालिका १३(ब) : विभिन्न तह र विषयमा अध्ययनार्थ मनोनयन भएका विद्यार्थीहरूको संख्या २१९
तालिका १३(भ) : विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या २२०
तालिका १३(म) : त्रि.वि.द्वारा सञ्चालित प्रमूख प्राज्ञिक, शैक्षिक कार्यक्रमको संक्षिप्त स्वरूप र उपलब्धी२२१
तालिका नं. १३ (य) : विकास क्षेत्रअनुसार त्रि.वि. अन्तर्गत सञ्चालित क्याम्पसहरूको विवरण २२२
तालिका १३ (र) : आंगिकतर्फको साधारण र प्राविधिक विषयमा अध्ययनरत विद्यार्थी विवरण २२३
तालिका १२ (ल) त्रिभुवन विश्वविद्यालयका प्रति विद्यार्थी खर्च २२३
तालिका १३ (व) : त्रि.वि.साधारण र प्राविधिक संकायहरूको जनशक्ति उत्पादन विवरण २२४
तालिका १३ (श) : काठमाडौं विश्वविद्यालयमा अध्ययनरत तथा उत्तिर्ण विद्यार्थीहरूको विवरण २२७
तालिका १३ (ष) : नेपाल संस्कृत विश्वविद्यालयको विद्यार्थी भर्ना तथा उत्पादन विवरण २२९
तालिका १३(स) : आङ्गिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको विवरण २३०
तालिका १३ (ह) : आंगिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूले उपलब्ध गराएको छात्रवृत्ति विवरण २३०
तालिका १३ (क्ष): पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत अध्ययनरत र उत्तिर्ण विद्यार्थीहरूको विवरण २३१
तालिका १३ (त्र): विकास क्षेत्रअनुसार अस्पतालको स्वास्थ्य सेवाबाट लाभान्वित भएका जनसंख्या २३४
तालिका १३(ज्ञ): विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रमको प्रगति विवरण २३६
तालिका १३ (ज्ञक): प्रजनन् स्वास्थ्य कार्यक्रमको प्रगति विवरण २३७
तालिका १३ (ज्ञख): सामाजिक सुरक्षा कार्यक्रमको प्रगति विवरण २४०
तालिका १२(ज्ञग) : नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सकहरूको विवरण २४४
तालिका १३(ज्ञघ) महिला विकास कार्यक्रमको मुख्य-मुख्य उपलब्धिहरू २४९
तालिका १३ (ज्ञङ): सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वा वृत्ति दिइएका लक्षित वर्गको संख्या २५१
तालिका १३ (ज्ञच) : युवा परिचालन तर्फको कार्यक्रमको प्रगति विवरण २५६
तालिका १३ (ज्ञछ) : खेलकुद तथा अतिरिक्त क्रियाकलापसम्बन्धी विवरण २५८
तालिका १३(ज्ञज) : राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण २५९
तालिका १३ (ज्ञझ): व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण २६३
तालिका १४(क) : नेपाल सरकारको शेयर लगानीमा देखिएको फरक रकम २७५
तालिका १४(ख) नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक रकम २७६

चार्ट सूची

चार्ट १(क): क्षेत्रगत गार्हस्थ उत्पादन र वृद्धिदर ६

चार्ट २ (क) : सरकारी खर्च र राजस्वको वृद्धिदर २०

चार्ट २ (ख) स्वीकृत वैदेशिक सहयता र उपयोग २६

चार्ट ३ (क) : उपभोक्ता मूल्य सूचकाङ्कमा भएको औसत परिवर्तन ३५

चार्ट ३ (ख) : पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन ४१

चार्ट ४ (क) : मुद्रा प्रदायको वृद्धिदर ४९

चार्ट ४ (ख) : मुद्रा प्रदायका कारकहरुमा भएको परिवर्तन ५०

चार्ट ४ (ग) : वित्तीय विस्तारको प्रभाव ५५

चार्ट ५ (क) : धितोपत्र निष्काशन ६८

चार्ट ५ (ख) : बजार पुँजीकरण ६९

चार्ट ५ (ग) : धितोपत्रको चुक्ता मूल्य तथा कारोबार रकम ७०

चार्ट ५ (घ) : नेप्से परिसूचक ७१

चार्ट ६ (क): अन्तर्राष्ट्रिय व्यापार ८१

चार्ट ६(ख): विप्रेषण आप्रवाह ८४

चार्ट ७(क) : गरिबीको रेखामुनिको जनसंख्या ९१

चार्ट ७ (ख) : देशगत बैदेशिक रोजगारीको स्थिति १०२

चार्ट ९(क) : पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा १५०

चार्ट १३ (क) विद्यालय समुदायमा हस्तान्तरणको अवस्था १९७

चार्ट १३ (ख) : सार्वजनिक विद्यालयहरूको संख्या २१२

चार्ट १३ (ग) : सार्वजनिक विद्यालयहरूमा विद्यार्थीहरूको भर्ना संख्या २१२

चार्ट १३ (घ) : भौगोलिक क्षेत्रानुसार विद्यालयहरूको विवरण २१३

चार्ट १३ (ङ) स्वास्थ्य सेवाका प्रमुख सुचकाङ्कको १५ वर्षको प्रवृत्ति २३३

चार्ट १३(च) : स्वास्थ्य सेवाको विस्तार २३५

चार्ट १३(छ) : स्वास्थ्य सुविधाको विस्तार २३५

चार्ट १४ (क) : सार्वजनिक संस्थानको वित्तिय अवस्था २६८

Abbreviations

ADSL	Asynchronous Digital Subscribers Line
AEPC	Alternative Energy Promotion Center
AFC	Asian Football Confederation
AIDS	Acquired Immune Deficiency Syndrome
ARAST	Asia Regional Aviation Safety Team
ARV	Antiretroviral
ATF	Aviation Turbine Fuel
BBC	British Broadcasting Corporation
BIPPA	Bilateral Investment Promotion and Protection Agreement
CB PMTCT	Community Based Pregnant Mother to Child Trasmitted
CCTV	Close Circuit Television
CDAS	Central Depositary Accounting Software
CDM	Clean Development Mechanism
CDMA	Code Division Multiple Access
CEDA	Center for Economic Development and Administration
CEOC	Comprehensive Essential Obstetric Care
CMA	Continuous Monitoring Approach
CNN	Cable News Network
CnS	Clearing and Settlement Software
COSCAP	Cooperative Development of Operational Safety and Continuing Airworthiness Programme
CT Scan	Computed Tomography Scan
DACC	District AIDS Coordination Committee
DFID	Department for International Development
DOTs	Directly Observed Treatment
DPMAS	District Poverty Monitoring and Analysis System
DTAA	Double Taxation Avoidance Agreement
E Bidding	Electronic Bidding
E DV	Electronic Diversity Visa
EIA	Environmental Impact Assessment
FM	Frequency Modulation
FO	Furnace Oil
GAVI	Global Alliance for Vaccines and Immunization
GDP	Gross Domestic Product
GEF	Global Environmental Facility
GIZ	Gesellschaft für Internationale Zusammenarbeit

GMPCS	Global Mobile Personal Communication System
GNP	Gross National Product
GPI	Gender Perception Indicator
GPRS	General Packet Radio Service
GSM	Global System for Mobile Communication
HIV	Human Immune Deficiency Virus
IATA	International Air Transport Association
ICAO	International Civil Aviation Organisation
ICIMOD	International Centre for Integrated Mountain Development
IDA	International Development Agency
IEE	Initial Environment Evaluation
IFAD	International Fund for Agriculture Development
IFRS	International Financial Reporting Standards
IH & RA	International Hotel & Restaurant Association
INASP	International Network for the Availability of Scientific Publications
ISDN	Integrated Services Digital Network
ITC	International Trade Centre
JITCO	Japan International Training Cooperation Organization
KOICA	Korea International Cooperation Agency
LDO	Light Disel Oil
LIBOR	London Inter Bank Offering Rate
LMS	Location and Monitoring Service
LOCODE	International Location Code
MBBS	Bachelor in Medicine and Bachelor in Surgery
MCPM	Minimum Conditions and Performance Measures
MCs	Minimum Conditions
MDGs	Millennium Development Goals
MfDR	Management for Development Result
MOU	Memorandum of Understanding
MRI	Magnetic Resonance Imaging
MW	Medium Wave
N/A	Not Applicable
NABL	National Accreditation Board for Laboratories
NAST	National Academy for Science and Technology
NLSS	Nepal Living Standard Survey
NS	Nepal Standard
NTIS	Nepal Trade Integrated Strategy
NTV	Nepal Television

O&M	Organization & Management
PATA	Asia Pacific Tourism Association
PBN	Performance Based Navigation System
PRSP	Poverty Reduction Strategy Paper
PSTN	Public Switched Telephone Network
SAARC	South Asian Association for Regional Coopration
SARAST	South Asia Regional Aviation Safety Team
SMS	Short Message Service
STM	Synchronous Transport Module
SW	Short Wave
T.U.	Tribhuwan University
TPR	Trade Policy Review
TPRB	Trade Policy Review Body
UAAA	Union of Asian Alpine Association
UIAA	Union of International Alpine Association
UNDP	United Nations Development Program
UNECE	United Nations Economic Commission for Europe
UN HABITAT	United Nations Human Settlements Programme
UNIDO	United Nation Industrial Development Organization
USOAP	Universal Safety Oversight Audit Program
WASH	Water Supply Sanitation and Hygiene
WLL	Wireless Local Loop

छोटकरी रूप

मि.मि.	मिलिमिटर
कि.मि.	किलोमिटर
के.जी.	किलोग्राम
वि.सं.	विक्रम सम्वत्
वि.नि.	विद्यालय निरीक्षक
प्रा.वि.	प्रथमिक विद्यालय
नि.मा.वि.	निम्न माद्यामिक विद्यालय
मा.वि.	माद्यामिक विद्यालय
उ.मा.वि.	उच्च माद्यामिक विद्यालय
क्र.सं.	क्रम संख्या
आ.व.	आर्थिक वर्ष
शै.ता.के.	शैक्षिक तालिम केन्द्र

कार्यकारी सारांश

कार्यकारी सारांश

१. सन् २०१० को तुलनामा सन् २०११ को विश्व उत्पादन वृद्धिदर घटेको छ। सन् २०१० मा अघिल्लो वर्षको तुलनामा ५.३ प्रतिशतले उत्पादन बढेकोमा सन् २०११ मा ३.९ प्रतिशतको मात्र वृद्धिदर कायम भएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०११ मा ४.५ प्रतिशतको वृद्धि हुने प्रक्षेपण गरेको थियो। खासगरी युरोपको ऋण सङ्कट, जापानको प्राकृतिक प्रकोप, युरोपमै देखिएको घरजग्गा व्यवसायको मन्दी, चीन, भारत जस्ता मुलुकहरूको वृद्धिदरमा आएको कमी, ब्राजिल, मेक्सिको जस्ता ठूला राष्ट्रहरूको वृद्धिदरमा आएको ह्रास जस्ता कारणले विश्व उत्पादनको वृद्धिदरमा कमी आएको हो। यसैगरी युरोप र अमेरिकी मुलुकहरूमा बढेको बेरोजगारीले गर्दा पनि विश्व उत्पादनको वृद्धिदर घटाउन मद्दत गऱ्यो। अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०१२ र २०१३ मा विश्वको कुल गार्हस्थ उत्पादनको वृद्धिदर क्रमशः ३.५ प्रतिशत र ४.१ प्रतिशत रहने अनुमान गरेको छ। सन् २०१२ मा विकसित र उदीयमान अर्थतन्त्रहरूको वृद्धिदर क्रमशः १.४ प्रतिशत र ५.७ प्रतिशत हुने अनुमान छ।

२. सन् २०११ मा नेपालका छिमेकी मुलुकहरू, खासगरी दक्षिण एशियाली मुलुकहरूको उत्पादन वृद्धिदरमा समेत सन् २०१० को तुलनामा कमी आएको छ। सन् २०१० मा दक्षिण एशियाली मुलुकहरूको औसत वृद्धिदर ७.३ प्रतिशत रहेकोमा सन् २०११ मा घटेर ५.८ प्रतिशतमा सीमित रहेको छ। सन् २०१२ मा पनि दक्षिण एशियाली मुलुकहरूको वृद्धिदर यही नै कायम हुने अनुमान अन्तर्राष्ट्रिय मुद्राकोषले गरेको छ। दक्षिण एशियाली मुलुकहरूमध्ये माल्दिभ्स र श्रीलंकाको कुल गार्हस्थ उत्पादनको वृद्धिदर मात्र अघिल्लो वर्षको तुलनामा बढेको छ। सन् २०१० मा दोहोरो अंकको वृद्धि हासिल गरेका भारत र चीन दुवैको उत्पादन वृद्धिदरमा कमी आएको छ। सन् २०१० मा भारत र चीनको वृद्धिदर क्रमशः १०.६ प्रतिशत र १०.४ प्रतिशत रहेकोमा सन् २०११ मा क्रमशः ७.२ प्रतिशत र ९.२ प्रतिशत रहेको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०१२ मा भारत र चीन दुवै मुलुकको वृद्धिदरमा अझ कमी आई क्रमशः ६.९ प्रतिशत र ८.२ प्रतिशत हुने प्रक्षेपण गरेको छ।

३. आर्थिक वर्ष २०६८/६९ मा नेपालको आर्थिक वृद्धिदर ५ प्रतिशत हुने अनुमान गरिएकोमा आधारभूत मूल्यमा ४.५६ प्रतिशत र उत्पादकको मूल्यमा ४.६३ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। यो वृद्धिदर तीन वर्षको उच्च हो। आधारभूत मूल्यमा आर्थिक वर्ष २०६६/६७ र आर्थिक वर्ष २०६७/६८ मा यस्तो वृद्धिदर क्रमशः ४.३ प्रतिशत र ३.९ प्रतिशत मात्र रहेको थियो। चालु आर्थिक वर्षमा कृषिको उत्पादन बढेको र सेवा क्षेत्रको उत्पादनमा वृद्धि भएको कारणले अघिल्लो वर्षको तुलनामा वृद्धिदर राम्रो देखिन गएको हो। तथापि, ऊर्जा सङ्कट, बैंक कर्जा विस्तारमा सुस्तता, लम्बिँदो राजनीतिक संक्रमण जस्ता कारणले औद्योगिक उत्पादनको वृद्धिदरमा भने अपेक्षित प्रगति हुन सकेन। प्रचलित मूल्यमा कुल गार्हस्थ उत्पादन गत आर्थिक वर्षको तुलनामा १३.८ प्रतिशतले वृद्धि भई रू. १५ खर्ब ५८ अर्ब पुग्ने अनुमान छ।

४. चालु आर्थिक वर्ष २०६८/६९ मा कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन गत आर्थिक वर्षको तुलनामा ४.९३ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.५१ प्रतिशत रहेको थियो। कृषि तथा वन उपक्षेत्रको वृद्धिदर ४.८६ प्रतिशत र मत्स्यपालन उपक्षेत्रको वृद्धिदर ८.८४ प्रतिशत रहने अनुमान छ। कृषिको वृद्धिदरमा प्रमुख भूमिका खेल्ने खाद्यान्न बालीको उत्पादनमा चालु आर्थिक वर्षमा उल्लेख्य वृद्धि भएको छ। प्रमुख खाद्यान्न बालीहरूको उत्पादन गत वर्षभन्दा ९.९ प्रतिशतले वृद्धि भई कुल ९४ लाख ५९ हजार ५ सय ९४ मेट्रिक टन पुगेको छ। चालु आर्थिक वर्षमा कुल ३४ लाख ८४ हजार ३ सय ९५ हेक्टर जमिनमा प्रमुख खाद्यान्न बालीहरू लगाइएको अनुमान छ जुन गत वर्षभन्दा ०.४६ प्रतिशतले बढी हो।

५. आर्थिक वर्ष २०६७/६८ मा गैर कृषि क्षेत्रको वृद्धिदर ३.४ प्रतिशत मात्र रहेकोमा चालु आर्थिक वर्षमा ४.२७ प्रतिशत पुग्ने अनुमान छ। आर्थिक वर्ष २०६६/६७ मा भने यो वृद्धिदर ५.३९ प्रतिशत रहेको थियो। गैर कृषि क्षेत्रतर्फ निर्माण र उद्योगतर्फको उत्पादन वृद्धिदर घटेको छ भने अन्य उपक्षेत्रहरूको वृद्धिदरमा गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ। गैर कृषि क्षेत्रतर्फ खानी तथा उत्खननमा ५ प्रतिशत, औद्योगिक उत्पादनमा १.३ प्रतिशत, विजुली, ग्याँस र पानीमा ७.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा ३.८ प्रतिशत, होटेल तथा रेष्टुरेन्टमा ८.३ प्रतिशत, यातायात, भण्डारण र सञ्चारमा ६.८ प्रतिशत, वित्तीय मध्यस्थतामा ३.५ प्रतिशत, घरजग्गा तथा व्यावसायिक क्रियाकलापमा ३ प्रतिशत, सार्वजनिक प्रशासन र रक्षामा ५.६ प्रतिशत, शिक्षामा ५ प्रतिशत, स्वास्थ्य र सामाजिक कार्यमा ५.५ प्रतिशत तथा अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवा क्रियाकलापमा ९.१ प्रतिशतको वृद्धिदर हुने अनुमान छ भने निर्माण उपक्षेत्रको वृद्धिदर ०.१ प्रतिशतले ऋणात्मक हुने अनुमान छ।

६. नेपाली अर्थतन्त्रको संरचनामा क्रमशः परिर्वतन आइरहेको देखिएको छ। कुल गार्हस्थ उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्ने र सेवा क्षेत्रको योगदान बढ्ने प्रवृत्ति देखिएको छ। क्षेत्रगत आधारमा हेर्दा प्रचलित मूल्यमा चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३५.६८ प्रतिशत, १४.०२ प्रतिशत र ५०.३१ प्रतिशत हुने अनुमान गरिएको छ। प्राथमिक र द्वितीय क्षेत्रर्तफ यो योगदान गत आर्थिक वर्षभन्दा क्रमशः १.७५ प्रतिशत र ०.२७ प्रतिशत बिन्दुले कम हो। तृतीय क्षेत्रको योगदानमा भने गत आर्थिक वर्षको तुलनामा २.०३ प्रतिशतले वृद्धि भएको छ। तृतीय क्षेत्रमा समावेश हुने सबै सेवाहरूको उत्पादनमा वृद्धि भएकोले कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान बढेको देखिएको हो। यसैगरी कुल गार्हस्थ उत्पादनलाई कृषि र गैर कृषि क्षेत्र गरी दुई भागमा वर्गीकरण गर्दा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घटेको छ भने गैर कृषि क्षेत्रको योगदानमा केही वृद्धि हुन गएको छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान ३५.१ प्रतिशत र बाँकी क्षेत्रको योगदान ६४.९ प्रतिशत रहने अनुमान छ। यस्तो योगदान गत आर्थिक वर्ष २०६७/६८ मा क्रमशः ३६.९ प्रतिशत र ६३.१ प्रतिशत रहेको थियो।

७. चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश गत वर्षको ९१.४ प्रतिशतबाट घटेर ९० प्रतिशत पुगेको छ। कुल गार्हस्थ उत्पादनमा निजी उपभोगको

अंश ७८.१ प्रतिशत छ भने सरकारी उपभोग १०.२ प्रतिशत छ। कुल उपभोग खर्चमध्ये निजी क्षेत्रको ८६.४ प्रतिशत, सरकारी क्षेत्रको ११.४ प्रतिशत र गैरनाफामूलक संस्थाहरूको १.९ प्रतिशत रहेको छ। चालु वर्षमा कुल उपभोग खर्चमा सरकारी उपभोग खर्चको अंशमा वृद्धि भएको पाइएको छ। कुल उपभोगमध्ये खाद्यान्नको उपभोग ६२.७ प्रतिशत र सेवाको अंश ११ प्रतिशत रहेको छ।

८. आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ उत्पादनमा लगानीको अंश बढेको पाइएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश ३२.५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ३२.८ प्रतिशत पुग्ने अनुमान छ। यसमध्ये कुल स्थिर पुँजी निर्माणको अंश १९.६ प्रतिशत रहेको छ। कुल स्थिर पुँजी निर्माणको ७७.९७ प्रतिशत निजी क्षेत्रबाट र २२.०३ प्रतिशत सरकारी क्षेत्रबाट भएको छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा बचतको अंशमा वृद्धि भएको छ। कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचतको अंश ९.८ प्रतिशत पुगेको छ भने कुल राष्ट्रिय बचतको अंश ३६.६ प्रतिशत पुगेको छ। चालु आर्थिक वर्षमा कुल गार्हस्थ बचत रू. १ खर्ब ५५ अर्ब र कुल राष्ट्रिय बचत रू. ५ खर्ब ७१ अर्ब पुग्ने अनुमान छ।

९. नेपालको कुल राष्ट्रिय खर्चयोग्य आयमा वृद्धि भएको पाइएको छ। प्रचलित मूल्यमा चालु आर्थिक वर्षमा यस्तो आयमा १७.२ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनाको तथ्याङ्कको आधारमा नेपालीको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रू. ५७ हजार ७ सय २६ अर्थात् ७ सय ३५ अमेरिकी डलर पुगेको छ। यसैगरी कुल राष्ट्रिय आयको आधारमा नेपालीको प्रतिव्यक्ति आय रू. ५८ हजार २ सय ७४ अर्थात् ७ सय ४२ अमेरिकी डलर पुगेको छ। विप्रेषण आप्रवाहमा भएको वृद्धि र कृषि तथा सेवा क्षेत्रको उत्पादनमा भएको वृद्धिले गर्दा कुल खर्चयोग्य आयमा वृद्धि भएको हो।

१०. कुल गार्हस्थ उत्पादनमा व्यापार घाटाको अंश बढ्दै गएको छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा निर्यातको अंश ९.८ प्रतिशत पुगेको छ भने आयातको अंश ३२.६ प्रतिशत रहेको छ। कुल गार्हस्थ उत्पादनमा व्यापार घाटाको अंश गत वर्षको २३.९ प्रतिशतबाट घटेर २२.८ प्रतिशत पुगे तापनि यो अंश उच्च नै रहेको देखिन्छ।

११. आर्थिक वर्ष २०६७/६८ मा नेपाल सरकारको कुल खर्च १३.७ प्रतिशतले वृद्धि भई कुल रू. २ खर्ब ९५ अर्ब ३६ करोड पुगेको थियो। चालु आर्थिक वर्ष २०६८/६९ मा गत वर्ष भन्दा २३.८ प्रतिशतले वृद्धि भई कुल खर्च रू. ३ खर्ब ६५ अर्ब ७२ करोड पुग्ने अनुमान छ। यसमध्ये चालु खर्च रू. २ खर्ब ५६ अर्ब ८६ करोड, पुँजीगत खर्च रू. ६२ अर्ब ९० करोड र वित्तीय व्यवस्थातर्फ रू. ४५ अर्ब ९४ करोड हुने अनुमान छ। चालु आर्थिक वर्षमा राजस्व परिचालन २०.५ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ४० अर्ब ८१ करोड पुग्ने अनुमान छ। यसमध्ये कर राजस्व रू. २ खर्ब ५ अर्ब २२ करोड र गैरकर राजस्व रू. ३५ अर्ब ५९ करोड हुने अनुमान छ। आर्थिक वर्ष २०६७/६८ मा राजस्व परिचालनमा ११.०५ प्रतिशत मात्र वृद्धि भएको थियो।

१२. कुल गार्हस्थ उत्पादनमा कुल तिर्न बाँकी रकमको अनुपात बढेको छ। आर्थिक वर्ष २०६७/६८ मा यस्तो अनुपात ३०.३ रहेकोमा चालु आर्थिक वर्षमा ३२.७ पुगेको छ।

वैदेशिक ऋणको अनुपात गत आर्थिक वर्षको १९.० वाट यस आर्थिक वर्ष १९.८ मा र आन्तरिक ऋणको अनुपात गत आर्थिक वर्षको ११.३ वाट यस वर्ष १२.९ मा पुगेको छ ।

१३. चालु आर्थिक वर्षमा मुद्रास्फीतिलाई थोरै नियन्त्रणमा राख्न सकिएको छ । गत आर्थिक वर्षको फागुन महिनामा वार्षिक बिन्दुगत आधारमा शहरी क्षेत्रको समग्र मूल्य सूचकांकको वृद्धिदर १०.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको फागुन महिनामा ७ प्रतिशतमा कायम रहेको छ । वार्षिक बिन्दुगत आधारमा यस महिनामा खाद्य वस्तुर्तफ ४.२ प्रतिशत र गैरखाद्य वस्तुर्तफ ९.४ प्रतिशतको मुद्रास्फीति दर देखिन्छ । गत आर्थिक वर्षमा यस्तो दर क्रमशः १७.३ प्रतिशत र ५.४ प्रतिशत थियो । यसले चालु आर्थिक वर्षमा खाद्यान्नको मूल्यवृद्धिलाई केही हदसम्म नियन्त्रणमा राख्न सकिएको देखाउँछ ।

१४. चालु आर्थिक वर्षको प्रथम आठ महिनामा खुद वैदेशिक सम्पत्तिमा भएको उल्लेख्य वृद्धिका कारणले विस्तृत मुद्राप्रदाय १२.२ प्रतिशतले बढेको छ । सोही अवधिमा सङ्कुचित मुद्राप्रदाय भने ६.४ प्रतिशतले विस्तार भएको छ । यस अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय नाफा नोक्सान समायोजित) रू. ७९ अर्ब ९० करोडले बढेको छ भने कुल आन्तरिक कर्जा ३.४ प्रतिशतले बढेको छ ।

१५. आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा वाणिज्य बैंकहरूले रू. ९२ अर्ब ३० करोड निक्षेप सङ्कलन गरी २०६८ फागुन मसान्तसम्ममा वाणिज्य बैंकहरूमा रहेको निक्षेप रकम रू. ७ खर्ब ७२ अर्ब ५० करोड पुगेको छ । यस अवधिमा वाणिज्य बैंकहरूले गरेको कर्जा प्रवाह रू. ५४ अर्ब ३० करोडले बढी २०६८ फागुनसम्म जम्मा प्रवाहित कर्जा रू. ५ खर्ब ९८ अर्ब ५० करोड पुगेको छ ।

१६. चालु आर्थिक वर्ष धितोपत्र बजारको अवस्था सन्तोषजनक रहेन । शेयर बजारको सूचकको रुपमा रहेको नेप्से सूचकाङ्कमा आर्थिक वर्षको पहिलो आठ महिनासम्म गिरावट आइरह्यो । आर्थिक वर्षको शुरुमा यो सूचकाङ्क ३६२.८५ बिन्दुमा रहेकोमा फागुन महिनामा ३१३.९२ मा कायम रहन पुग्यो । यसैगरी बजार पुँजीकरणमा पनि आर्थिक वर्षको शुरुको रू. ३ खर्ब ३७ अर्ब ५७ करोडबाट घटेर रू. ३ खर्ब २३ अर्ब ४८ करोड पुगेको छ । तथापि, यो अवधिमा कारोवार रकम भने गत वर्षको सोही अवधिको तुलनामा २३.५ प्रतिशतले वृद्धि भई रू. ५ अर्ब २७ करोड ६७ लाख पुगेको छ ।

१७. आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल निर्यात १४.१ प्रतिशतले बढेर रू. ४८ अर्ब ५६ करोड पुगेको छ भने आयात १६.६ प्रतिशतले बढेर रू. २ खर्ब ९५ अर्ब २४ करोड पुग्यो । गत वर्ष निर्यात ५.९ प्रतिशत र आयात १.२ प्रतिशतले मात्र वृद्धि भएको थियो । यसरी २०६८ फागुन मसान्तसम्म कुल व्यापार घाटामा १७.१ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ४६ अर्ब ६८ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा व्यापार घाटामा ०.३ प्रतिशतले मात्र वृद्धि भएको थियो । पेट्रोलियम पदार्थको मूल्यवृद्धि र अमेरिकी डलरको नेपाली रुपैयाँसँगको विनिमयदरमा भएको वृद्धिले गर्दा आयात उच्च हुन गई व्यापार घाटा बढ्न गएको हो ।

१८. चालु आर्थिक वर्षको शोधनान्तर स्थिति भने अनुकूल रह्यो । विप्रेषण आयमा भएको वृद्धि र दातृसंस्थाहरूबाट लिइएको शोधभर्नाको रकम वृद्धिका कारणले आर्थिक वर्षको पहिलो

आठ महिनामा रू. ७९ अर्ब ९० करोड शोधनान्तर बचतमा रह्यो। यो हालसम्मकै उच्च बचत हो। गत आर्थिक वर्षको सोही अवधिमा रू. ११ अर्ब २९ करोड शोधनान्तर घाटा रहेको थियो। यस अवधिमा निजी क्षेत्रको विप्रेषण आय गत आर्थिक वर्षको १२.३ प्रतिशत वृद्धिको तुलनामा ३४.७ प्रतिशतले वृद्धि भई रू. २ खर्ब १७ अर्ब ७६ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रू. १ खर्ब ६१ अर्ब ६१ करोड विप्रेषणबाट प्राप्त भएको थियो।

१९. आर्थिक वर्ष २०६८/६९ को पहिलो आठ महिनासम्म कुल विदेशी विनिमय सञ्चितिमा उल्लेख्य वृद्धि भई रू. ३ खर्ब ६८ अर्ब १० करोड पुगेको छ जसमध्ये नेपाल राष्ट्र बैंकसँग रू. ३ खर्ब ५ अर्ब २ करोड र वाणिज्य बैंकहरूसँग रू. ६३ अर्ब ८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल सञ्चिति रू. २ खर्ब ७२ अर्ब १५ करोड मात्र थियो। चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमयको यो सञ्चितिस्तरले १०.१ महिनाको वस्तु आयात र ९ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्न देखिन्छ।

२०. चालु आर्थिक वर्ष २०६८/६९ मा सार्वजनिक गरिएको नेपाल जीवनस्तर मापन सर्वेक्षण तेस्रोले कुल जनसंख्याको २५.२ प्रतिशत जना निरपेक्ष गरिबीको रेखामुनि रहेको देखाएको छ। यसै सर्वेक्षणअनुसार आय असमानता दर्शाउने गिनी सूचकाङ्क घटेर ०.३३ रहेको देखिएको छ जसले आय असमानतामा कमी आएकोतर्फ इङ्गित गर्दछ।

२१. चालु आर्थिक वर्ष २०६८/६९ मा गत आर्थिक वर्षको तुलनामा औद्योगिक सूचकाङ्कमा २.८२ अङ्कले वृद्धि भई १०५.४२ पुगेको छ। आर्थिक वर्ष २०६८/६९ मा भटमासको तेल, चामल, पशुदाना, चिनी, मदिरा, हल्का पेय पदार्थ, चुरोट, जुटका सामान, प्लाइउड, ल्यूब आयल, रंग, औषधि, सिमेन्ट, ग्याल्वनाइज्ड पाइप, आल्मुनियमका सामान, बिजुलीका तार तथा केबल जस्ता वस्तुहरूको सूचकाङ्कमा वृद्धि भएको छ भने वनस्पति घ्यू, तोरीको तेल, बिस्कुट, चाउचाउ, प्रशोधित चिया, धागो, सुती कपडा, उनी गलैंचा, प्रशोधित छाला, कागज र कागजका उत्पादन, रोजिन, प्लाष्टिकका सामान, घरेलु धातुका सामान जस्ता औद्योगिक वस्तुहरूको सूचकाङ्कमा भने कमी आएको छ।

२२. सन् २०११ मा नेपाल आउने पर्यटकहरूको संख्यामा सन् २०१० को तुलनामा २२.१ प्रतिशतले वृद्धि भई ७ लाख ३६ हजार २ सय १५ पुगेको छ। सन् २०१० मा पर्यटकको सरदर नेपाल बसाइ अवधि १२.६७ दिन रहेकोमा सन् २०११ मा १३.१२ दिन पुगेको छ। यस अवधिमा पर्यटनको क्षेत्रबाट रू. २८ अर्ब ६३ करोड आय भएको छ भने प्रति पर्यटक प्रतिदिन खर्च ३९.९ अमेरिकी डलर पुगेको छ। कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १.८ प्रतिशत पुगेको छ भने यस क्षेत्रमा १ लाख २० हजार जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

२३. आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा कुल ऊर्जा खपतमा २.८ प्रतिशतले वृद्धि भई १० हजार १ सय ५५ टन तेलशक्ति बराबर पुगेको थियो। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा यो खपत ८ हजार २ सय ३ टन तेलशक्ति बराबर पुगेको छ जुन गत वर्षको सोही अवधिको तुलनामा २४.८ प्रतिशतले बढी हो। आर्थिक

वर्ष २०६७/६८ को कुल ऊर्जा खपतमध्ये परम्परागत, व्यापारिक तथा नवीकरण ऊर्जा खपत क्रमशः ८३.७ प्रतिशत, १५.६ प्रतिशत र ०.७ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा यो खपत ८६.५ प्रतिशत, १२.८ प्रतिशत र ०.७ प्रतिशत रहेको छ ।

२४. आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा ६९७.८ मेगावाट विद्युत उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुन महिनासम्ममा ७०५.६ मेगावाट जलविद्युत उत्पादन भएको छ । यस अवधिसम्ममा कुल १ हजार ९ सय ८७ किलोमिटर प्रसारण लाइन निर्माण भएको छ भने ९५ हजार ८ सय १६ किलोमिटर वितरण लाइन निर्माण भएको छ । तापीय विद्युत उत्पादन, भारतबाट आयात र निजी तथा सार्वजनिक क्षेत्रको जलविद्युत उत्पादन समेतबाट गरी जम्मा ३ हजार ८ सय ५८ गिगावाट प्रतिघण्टा विद्युत आपूर्ति भएको छ । अघिल्लो वर्ष यस्तो आपूर्ति ३ हजार ६ सय ८९ गिगावाट विद्युत आपूर्ति भएको थियो ।

२५. आर्थिक वर्ष २०६८/६९ को पहिलो आठ महिनासम्म पेट्रोलियम पर्दाथको खपतमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २.२ प्रतिशतले वृद्धि भई ६ लाख ४५ हजार ८ सय ७६ किलोलिटर र एलपी ग्याँसको खपत १३ प्रतिशतले वृद्धि भई १ लाख १३ हजार ६ सय ९३ मेट्रिक टन पुगेको छ । यस अवधिमा एलपी ग्याँस बाहेकको पेट्रोलियम पर्दाथको कुल खपतमध्ये डिजेल ६३.८ प्रतिशत, मट्टीतेल ४.४ प्रतिशत, पेट्रोल २०.२ प्रतिशत र हवाई इन्धन ११.६ प्रतिशत रहेको छ ।

२६. चालु आर्थिक वर्षमा १५ किलोमिटर कालोपत्रे, ४५ किलोमिटर खण्डास्मित र १ सय ८५ किलोमिटर कच्ची सडक निर्माण भई २०६८ फागुन मसान्तसम्म मुलुकभर ९ हजार ९ सय १७ किलोमिटर सडक कालोपत्रे भएको छ भने ५ हजार ७ सय १५ किलोमिटर खण्डास्मित र ७ हजार ८ सय २२ किलोमिटर कच्ची सडक रहेका छन् । यी सडकहरूमा गुड्ने सवारी साधनको संख्या १२ लाख ८० हजार ६ सय ९० पुगेको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा मात्र गत वर्षको सवारी साधनको संख्यामा ८.६ प्रतिशत थप भएको छ ।

२७. चालु आर्थिक वर्षको पहिलो आठ महिनासम्म मुलुकभर जम्मा १ करोड ५६ लाख १६ हजार ९ सय ४ टेलिफोन ग्राहक रहेका छन् । यसमध्ये मोबाइल प्रयोगकर्ताहरूको संख्या मात्र ८३ प्रतिशतभन्दा बढी छन् । विभिन्न छ वटा टेलिफोन सेवा प्रदायक संस्था छन् । यस अवधिमा ४ सय वटा एफएमले अनुमति लिएकोमा ३ सय ४१ वटा रेडियोहरू प्रसारणरत छन् । त्यस्तै, विभिन्न प्रकारका ६ हजार १ सय ८१ वटा पत्रिकाहरू प्रकाशनमा रहेका छन् ।

२८. शिक्षा क्षेत्रमा आर्थिक वर्ष २०६८/६९ मा उल्लेख्य प्रगति भएको छ । यो शैक्षिक वर्षमा प्राथमिक तहमा खुद भर्नादर ९५.१ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षामा ८६.६ प्रतिशत र माध्यमिक शिक्षामा ३०.६ प्रतिशत पुगेको छ । गत शैक्षिक वर्षमा यस्तो भर्नादर क्रमशः ९४.५ प्रतिशत, ८६ प्रतिशत र २७.१ प्रतिशत रहेको थियो । शैक्षिक सत्र २०६८/६९ मा प्राथमिक विद्यालयमा ४७ लाख ८२ हजार ८ सय ८५ जना, निम्न

माध्यमिक विद्यालयमा १८ लाख १२ हजार ६ सय ८० जना र माध्यमिक विद्यालयमा ८ लाख ४८ हजार ५ सय ६९ जना विद्यार्थी अध्ययनरत रहेका छन् । शिक्षातर्फ विद्यालयको संख्यामा समेत वृद्धि भई प्राथमिक तहमा ३३ हजार ८ सय ८१, निम्न माध्यमिक तहमा १३ हजार ७ सय ९१ र माध्यमिक तहमा ८ हजार २ सय ३३ विद्यालय पुगेका छन् ।

२९. सहस्राब्दी विकास लक्ष्यको प्रमुख लक्ष्यमध्ये स्वास्थ्य क्षेत्रका लक्ष्यहरूमा ठूलो उपलब्धि हासिल भएको छ । सन् १९९६ मा बाल मृत्युदर ४३ प्रतिहजार जीवित जन्म रहेकोमा ९ मा झरेको छ भने मातृ मृत्युदर ५३९ प्रतिलाख रहेकोमा २२९ मा झरेको छ । आर्थिक वर्ष २०६८/६९ को पहिलो आठ महिनामा २ लाख ५४ हजार ३ सय ५४ बिरामी भर्ना भई उपचार गराएका छन् भने १८ लाख ४६ हजार ५ सय ७ जनाले बहिरंग सेवा र ४ लाख ४२ हजार ५ सय ३१ जनाले आकस्मिक सेवा प्राप्त गरेका छन् । २०६८ फागुनसम्ममा मुलुकभरमा १ सय ५ अस्पताल, २ हजार १ सय ७५ स्वास्थ्य चौकी, २ सय ९३ आयुर्वेद अस्पताल तथा औषधालयहरू, २ हजार ५ सय ९२ उप स्वास्थ्य चौकी ७ वटा १५ शैय्याका ग्रामीण अस्पताल र २१ अन्य गरी जम्मा ४ हजार ३ सय ९३ स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरिरहेका छन् ।

समष्टिगत आर्थिक परिसूचकहरू

समष्टिगत आर्थिक परिसूचकहरू

आर्थिक वर्ष		५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६	६६/६७	६७/६८	६८/६९[१]
आर्थिक गतिविधि											
यथार्थ कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)	वार्षिक % परिवर्तन	३.८	४.४	३.२	३.७	२.८	५.८	३.९	४.३	३.८	४.६
कृषि	वार्षिक % परिवर्तन	३.३	४.७	३.५	१.९	१	५.८	३	२	४.५	४.९
उद्योग	वार्षिक % परिवर्तन	३.१	१.५	२.९	४.४	४	१.६	-०.६	४.१	२.९	१.६
सेवा	वार्षिक % परिवर्तन	३.७	६.८	३.३	५.६	४.५	७.३	६	५.८	३.६	५.१
यथार्थ कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	वार्षिक % परिवर्तन	३.९	४.७	३.५	३.४	३.४	६.१	४.५	४.८	३.९	४.६
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)	वार्षिक % परिवर्तन	१.७	२.४	१.२	१.१	६.३	४.६	३.१	३.४	२.५	३.२
प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा)	वार्षिक % परिवर्तन	१.६	२.३	२.१	१.९	६.९	४.६	३.३	३.७	१.७	३.३
कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	वार्षिक % परिवर्तन	७.१	९	९.८	११	११.३	१२.१	२१.२	२०.८	१४.७	१३.८
कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	वार्षिक % परिवर्तन	७.१	८.९	१०.५	११.५	११.६	१२	२१.४	२०.३	१४.५	१४.२
कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	वार्षिक % परिवर्तन	७.६	९.३	११.१	१४	१०.१	१६.५	२४.२	१८.९	१३.४	१७.२
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन	अमेरिकी डलर	२६१	२९३	३२८	३५०	४१०	४९१	४९७	६१०	७१२	७३५
प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	२६१	२९२	३२९	३५२	४१४	४९६	५०२	६१५	७१६	७४२
प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी	अमेरिकी डलर	३०१	३३९	३८३	४२०	४८७	६०६	६२८	७५९	८७६	९३१
यथार्थ कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा*	रू.अर्ब	४२९.७	४४८.७	४६३.२	४८०.४	४९३.७	५२२.३	५४२.७	५६५.८	५८७.३	६१४.१
कृषि	रू.अर्ब	१६५.८	१७३.७	१७९.८	१८५.४	१८७.२	१९८.१	२०४.०	२०८.१	२१७.४	२२८.१
उद्योग	रू.अर्ब	७६.५	७७.६	७९.९	८१.२	८४.४	८५.८	८५.३	८८.७	९१.३	९२.७
सेवा	रू.अर्ब	१९९.९	२१३.५	२२०.६	२३३.०	२४३.५	२६१.४	२७७.१	२९३.३	३०३.७	३१९.१
यथार्थ कुल गार्हस्थ्य उत्पादन उत्पादकको मूल्यमा	रू.अर्ब	४५९.५	४८१.०	४९७.७	५१४.५	५३२.०	५६४.५	५९०.१	६१८.५	६४२.६	६७२.३
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (२०५७/५८ को मूल्यमा)	रू.	१८९८४	१९४३६	१९६७०	१९८८४	२११२९	२२११०	२२७९३	२३५६१	२४१३८	२४९०८
प्रति व्यक्ति कुल राष्ट्रिय आय (२०५७/५८ को मूल्यमा)	रू.	१८९६२	१९४०१	१९८०२	२०१८६	२१५६९	२२५६७	२३३०१	२४१७०	२४५८५	२५३९३
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्यमा)	रू.अर्ब	४९२.२	५३६.८	५८९.४	६५४.१	७२७.८	८१५.७	९८८.३	११९३.७	१३६९.४	१५५८

आर्थिक वर्ष		५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६	६६/६७	६७/६८	६८/६९[१]
कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	रू.अर्ब	४९१.६	५३५.१	५९१.१	६५९.०	७३५.३	८२३.६	१०००	१२०२.८	१३७६.९	१५७३
कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	रू.अर्ब	५६७.१	६२०.०	६८८.८	७८५.२	८६४.३	१००६.४	१२४९.५	१४८५.४	१६८४.८	१९७३.८
प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	रू.	२०३३७	२१६८९	२३२९२	२५२७९	२८९०५	३१९४६	३८१७२	४५४६९	५१४४४	५७७२६
प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	रू.	२०३०९	२१६२०	२३३५७	२५४७१	२९२००	३२२५७	३८६२६	४५८१७	५१७२७	५८२७४
प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	रू.	२३४३०	२५०५१	२७२१८	३०३४६	३४३२३	३९४१७	४८२६२	५६५८३	६३२९२	७३१२३
कुल उपभोग/ जि.डि.पी.	प्रतिशत	९१.४	८८.३	८८.४	९१.०	९०.२	९०.२	९०.६	८८.५	९१.४	९०
कुल गार्हस्थ्य बचत/जि.डि.पी.	प्रतिशत	८.६	११.८	११.६	९.०	९.८	९.८	९.४	११.५	८.६	१०
कुल राष्ट्रिय बचत/ जि.डि.पी.	प्रतिशत	२३.८	२७.३	२८.४	२९.०	२८.६	३३.२	३५.९	३६.०	३१.६	३६.७
कुल स्थिर पुँजी लगानी/जि.डि.पी.	प्रतिशत	१९.९	२०.३	१९.९	२०.७	२१.१	२१.९	२१.४	२२.२	२१.२	१९.६
कुल स्थिर पुँजीमा सरकारी लगानी/ जि.डि.पी.	प्रतिशत	३.०	२.८	२.९	२.७	३.४	४.०	४.५	४.५	४.९	४.३
कुल स्थिर पुँजीमा निजी लगानी/ जि.डि.पी.	प्रतिशत	१६.९	१७.५	१७.०	१८.०	१७.७	१७.८	१६.९	१७.७	१६.३	१५.३
कुल पुँजी लगानी/ जि.डि.पी.	प्रतिशत	२१.४	२४.५	२६.५	२६.९	२८.७	३०.३	३१.७	३८.३	३२.५	३२.८
कुल गार्हस्थ्य बचत र कुल पुँजी लगानी बीचको अन्तर/ जि.डि.पी.	प्रतिशत	-१२.८	-१२.८	-१४.९	-१७.९	-१८.९	-२०.५	-२२.२	-२६.८	-२३.९	-२२.८
कुल जनसंख्या	करोड	२.३८	२.४१	२.४५	२.४८	२.५२	२.५५	२.५९	२.६३	२.६६	२.७०
मूल्य											
उपभोक्ता मूल्य सूचकाङ्क [१]	वार्षिक % परिवर्तन	४.७	४.०	४.५	८.०	५.९	६.७	१२.६	९.६	९.६	७.७
कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क [२]	वार्षिक % परिवर्तन	३.१	४	५.९	६.९	७.३	५.६	१६.१	१४.४	११.२	९.७
प्राथमिक क्षेत्र	वार्षिक % परिवर्तन	०.७	२.८	३.५	४.४	६.१	३.३	२१.४	२५.१	१४.९	३.५
द्वितीय क्षेत्र	वार्षिक % परिवर्तन	४.१	५.४	५.५	३.६	५.७	११.०	१४.४	९.२	९.५	१०.०
सेवा क्षेत्र	वार्षिक % परिवर्तन	४.७	४.५	७.८	९.९	८.३	५.३	१२.९	८.९	८.५	१३.०
थोक मूल्य सूचकाङ्क [४]	वार्षिक % परिवर्तन	३.८	४.१	७.३	८.९	९	९.१	१२.८	१२.६	९.८	५.३
तलब तथा ज्यालादर सूचकाङ्क [५]	वार्षिक % परिवर्तन				३.९	९.८	९.७	१५.३	१७.२	१८.०	२७.६
तलब	वार्षिक % परिवर्तन				०.३	६.३	१०.९	१०.५	२०.२	०	१९.३
ज्यालादर	वार्षिक % परिवर्तन				५.३	१०.९	९.४	१६.९	१६.३	२४.०	२९.८
सार्वजनिक वित्त ++											
राजस्व	वार्षिक % परिवर्तन	११.५	१०.९	१२.५	३.१	२१.३	२२.७	३३.३	२५.४	११	२०.५
कुल सरकारी खर्च	वार्षिक %	४.९	६.५	१४.७	८.१	२०.५	२०.८	३६.१	१८.२	१३.७	२३.८

आर्थिक वर्ष		५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६	६६/६७	६७/६८	६८/६९[१]
	परिवर्तन										
चालू खर्च	वार्षिक % परिवर्तन	६.६	६.६	११	८.६	१५.१	१८.६	३९.७	१८.२	१२.८	५०.८
पुँजीगत खर्च	वार्षिक % परिवर्तन	-९.८	३.३	१८.४	८.३	३४.२	३४.७	३६.६	२३.५	१९.५	-४१.७
साँवा भुक्तानी खर्च	वार्षिक % परिवर्तन	४८.६	१२.९	२५.४	५.४	१७.४	-२.२	१४.९	-२.१	-६.६	१४.७
ऋण सेवा (साँवा र ब्याज भुक्तानी)	वार्षिक % परिवर्तन	३२.६	७.२	१३.९	३.४	१२.२	-०.७	१८.६	५.३	५.४	१९.०
राजस्व / जि.डि.पी.	प्रतिशत	११.४	११.६	११.९	११.१	१२.१	१३.२	१४.५	१५.१	१४.६	१५.५
कर राजस्व/ जि.डि.पी.	प्रतिशत	८.३	९	९.२	८.८	९.८	१०.४	११.८	१३.१	१२.६	१३.२
गैर-कर राजस्व/ जि.डि.पी.	प्रतिशत	२.८	२.६	२.७	२.३	२.३	२.८	२.७	२	२	२.३
कुल सरकारी खर्च/ जि.डि.पी.	प्रतिशत	१७.१	१६.७	१७.४	१७	१८.४	१९.८	२२.२	२१.८	२१.६	२३.५
चालू खर्च/ जि.डि.पी.	प्रतिशत	१०.६	१०.३	१०.५	१०.२	१०.६	११.२	१२.९	१२.७	१२.४	१६.५
पुँजीगत खर्च/ जि.डि.पी.	प्रतिशत	४.५	४.३	४.६	४.५	५.५	६.६	७.४	७.६	७.९	४
साँवा भुक्तानी खर्च /जि.डि.पी.	प्रतिशत	१.९	२	२.३	२.२	२.३	२	१.९	१.५	१.३	१.३
ऋण सेवा (साँवा र ब्याज भुक्तानी)/ जि.डि.पी.	प्रतिशत	३.३	३.२	३.४	३.१	३.१	२.८	२.७	२.४	२.२	२.३
वैदेशिक अनुदान/ जि.डि.पी.	प्रतिशत	२.३	२.१	२.४	२.१	२.२	२.५	२.७	३.२	३.४	३.८
बजेट घाटा/ जि.डि.पी.	प्रतिशत	३.३	२.९	३.१	३.८	४.१	४.१	५	३.५	३.६	४.२
वैदेशिक ऋण/ जि.डि.पी.	प्रतिशत	०.९	१.४	१.६	१.३	१.४	१.१	१	०.९	०.९	१.५
आन्तरिक ऋण/ जि.डि.पी.	प्रतिशत	१.८	१	१.५	१.८	२.५	२.५	१.९	२.५	३.१	२.४
वैदेशिक ऋण र अनुदान/ जि.डि.पी.	प्रतिशत	३.२	३.५	४	३.४	३.६	३.६	३.७	४.२	४.२	५.४
कुल तिर्न बाँकी ऋण	रू.अर्ब	३०८.१	३१८.९	३१४.४	३३७.७	३३२.७	३७५.६	४२५.१	४४०.४	४१४.७	५०९.५
तिर्न बाँकी आन्तरिक ऋण	रू.अर्ब	६०.०	८४.६	८६.१	९४.७	१०३.८	११६.०	१२५.७	१४८.१	१८४.२	२०१.५
तिर्न बाँकी वैदेशिक ऋण	रू.अर्ब	२२३.४	२३२.८	२१९.६	२३३.९७	२१६.६	२५०	२७७	२५६.२	२५९.६	३०८.१
प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण	रू.	१२९३९.७	१३२०९	१२८३९	१३६०२	१३२१२	१४७११	१६४१६	१६७७३	१५५७६	१८८६७
कुल तिर्न बाँकी ऋण/ जि.डि.पी.	प्रतिशत	६२.६	५९.४	५३.३	५१.६	४५.७	४६.१	४३.०	३६.९	३०.३	३२.७
तिर्न बाँकी आन्तरिक ऋण/ जि.डि.पी.	प्रतिशत	१७.२	१६.०	१६.१	१५.९	१५.९	१५.४	१५.०	१५.४	११.३	१२.९
तिर्न बाँकी वैदेशिक ऋण/जि.डि.पी.	प्रतिशत	४५.४	४३.४	३७.३	३५.८	२९.८	३०.६	२७.९	२१.५	१९	१९.८
तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व	प्रतिशत	३९७.४	३७३.५	३१३.२	३२३.७	२४७	२३२.३	१९३.१	१४२.४	१२९.९	१२७.९
तिर्न बाँकी वैदेशिक ऋण/निर्यात	प्रतिशत	४४७.५	४३१.८	३७४.१	३८८.४	३६४.८	४२१.८	४०९.२	४२१.३	४०३.४	४१७.१
ऋण सेवा (साँवा र ब्याज भुक्तानी)/चालू खर्च	प्रतिशत	३१.१	३१.२	३२.०	३०.५	२९.७	२४.९	२१.१	१८.८	१७.६	१३.९
तिर्न बाँकी वैदेशिक ऋण/विदेशी विनिमय सञ्चिति	प्रतिशत	२०६.४	१७८.८	१६९.१	१४१.८	१३१.२	११७.६	९६.७	९५.३	९५.४	७९.६
मुद्रा तथा बैंकिङ##											
आन्तरिक कर्जा	वार्षिक % परिवर्तन	१०.४	९.९	१३.८	१५.१	११.७	२१.३	२७.१	४३.४	१४.६	११.०

आर्थिक वर्ष		५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६	६६/६७	६७/६८	६८/६९[१]
निजी क्षेत्रतर्फ	वार्षिक % परिवर्तन	१३.२	१४.३	१४.२	२३.६	१२.३	२४.३	२९.०	४५.७	१३.९	१३.०
सरकारतर्फको खुद कर्जा	वार्षिक % परिवर्तन	५.९	-१.८	११.३	११.१	१०.४	११.२	२०.४	३०.२	१९.७	२.७
वैकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश	प्रतिशत	६७.४	७०.१	७०.३	७५.५	७५.८	७७.७	७८.९	८०.२	७९.७	८१.१
संकुचित मुद्रा प्रदाय (एम$_१$)	वार्षिक % परिवर्तन	८.६	१२.२	६.६	१४.२	१२.२	२१.६	२७.३	८.०	५.२	१३.५
मुद्रा	वार्षिक % परिवर्तन	२.२	११.१	८.८	१३.१	७.४	१९.९	२५.५	१०.८	१.९	१७.०
चल्ती निक्षेप	वार्षिक % परिवर्तन	२५.०	१४.५	२.२	१२.३	२२.८	२५.०	३०.५	३.०	११.४	७.४
विस्तृत मुद्रा प्रदाय (एम$_२$)	वार्षिक % परिवर्तन	९.८	१२.८	८.३	१५.४	१४.०	२५.२	२७.३	३०.२	१२.३	१७.०
मुद्दती र बचत निक्षेप	वार्षिक % परिवर्तन	१०.४	१३.१	९.२	१६.७	१४.९	२७.०	२७.३	४०.३	१४.८	१८.१
कुल आन्तरिक कर्जा/जि.डि.पी.	प्रतिशत	४५.५	४५.९	४७.५	४९.३	४९.५	५३.६	५६.२	६६.७	६६.६	६५.०
निजी क्षेत्रतर्फको कर्जा/जि.डि.पी.	प्रतिशत	३०.७	३२.१	३३.४	३७.२	३७.६	४१.७	४४.४	५३.५	५३.१	५२.७
सरकारतर्फको खुद कर्जा/जि.डि.पी.	प्रतिशत	११.९	१०.७	१०.८	१०.९	१०.८	१०.७	१०.६	११.४	११.९	१०.८
संकुचित मुद्रा प्रदाय/जि.डि.पी.	प्रतिशत	१७.०	१७.५	१७.०	१७.३	१७.४	१८.९	१९.९	१७.८	१६.३	१६.२
चल्ती निक्षेप/ जि.डि.पी.	प्रतिशत	५.५	५.७	५.३	५.४	६.०	६.६	७.२	६.१	५.९	५.६
विस्तृत मुद्रा प्रदाय/ जि.डि.पी.	प्रतिशत	५०.०	५१.७	५१.०	५३.०	५४.३	६०.७	६३.८	६८.८	६७.३	६९.२
मुद्दती र बचत निक्षेप/ जि.डि.पी.	प्रतिशत	३२.९	३४.२	३४.०	३५.७	३६.९	४१.८	४३.९	५१.०	५१.०	५३.०
बाह्य क्षेत्र											
निर्यात (वस्तु)	वार्षिक % परिवर्तन	६.४	८.०	८.९	२.६	-१.४	-०.२	१४.२	-१०.२	५.८	१४.८
आयात (वस्तु)	वार्षिक % परिवर्तन	१५.८	९.६	९.७	१६.३	१२.०	१४.०	२८.२	३१.६	५.८	१५.०
निर्यात/आयात अनुपात	प्रतिशत	४०.२	३९.६	३९.३	३४.७	३०.५	२६.७	२३.८	१६.२	१६.२	१६.२
व्यापार घाटा	वार्षिक % परिवर्तन	२३.१	१०.७	१०.२	२५.१	१९.२	२०.२	३३.३	४४.६	५.८	१५.०
पर्यटन आय	वार्षिक % परिवर्तन	३५.७	५४.५	-४२.३	-८.७	६.०	८४.२	४९.९	०.६	-१२.५	२६.७
पर्यटन व्यय	वार्षिक % परिवर्तन	७.७	६२.४	-३.३	२३.४	३२.०	३२.२	५०.५	२.८	-१४.४	-२२.०
विप्रेषण आय	रू. अर्ब	५४.२०३	५८.६	६५.५	९७.७	१००.१	१४२.७	२०९.७	२३१.७	२५३.५	३३०.९
विप्रेषण आय	वार्षिक % परिवर्तन	१४.०	८.१	११.९	४९.०	२.५	४२.५	४७.०	१०.५	९.४	३०.५
चालू खाता सन्तुलन	रू. अर्ब	११.६	१४.६	११.५	१४.२	-०.९	२३.७	४१.४	-२८.१	-१२.९	३१.४
निर्यात/जि.डि.पी.	प्रतिशत	१०.१	१०.०	१०.०	९.२	८.२	७.३	६.९	५.१	४.७	४.७
आयात/जि.डि.पी.	प्रतिशत	२५.३	२५.४	२५.४	२६.६	२६.८	२७.२	२८.८	३१.४	२८.९	२९.२
कुल व्यापार/ जि.डि.पी.	प्रतिशत	३५.४	३५.४	३५.३	३५.८	३४.९	३४.५	३५.६	३६.५	३३.६	३४.०
व्यापार घाटा/ जि.डि.पी.	प्रतिशत	-१५.१	-१५.३	-१५.४	-१७.४	-१८.६	-१९.९	-२१.९	-२६.३	-२४.२	-२४.५
पर्यटन आय/ जि.डि.पी.	प्रतिशत	२.४	३.४	१.८	१.५	१.४	२.३	२.८	२.४	१.८	२.०
पर्यटन व्यय/ जि.डि.पी.	प्रतिशत	१.३	१.९	१.६	१.८	२.२	२.६	३.२	२.७	२	१.४
विप्रेषण आय/	प्रतिशत	११.०	१०.९	११.१	१४.९	१३.८	१७.५	२१.२	१९.४	१८.५	२१.२

आर्थिक वर्ष		५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६	६६/६७	६७/६८	६८/६९[१]
जि.डि.पी.											
चालू खाता सन्तुलन/ जि.डि.पी	प्रतिशत	२.४	२.७	२.०	२.२	-०.१	२.९	४.२	-२.४	-०.९	२.०
शोधनान्तर वचत	रू. अर्ब	४.४	१६.०	५.७	२५.६	५.९	२९.७	४४.८	-३.३	२.२	८०.०
विदेशी विनिमय संचिति	रू. अर्ब	१०८.२	१३०.२	१२९.९	१६५.०	१६५.१	२१२.६	२८६.५	२६८.९	२७२.२	३८६.९६ @
विदेशी विनिमय संचिति	वार्षिक % परिवर्तन	२.२	२०.३	-०.२	२७.०	०.१	२८.८	३४.८	-६.२	१.२	३५.३
संचितिको आयात धान्ने क्षमता वस्तु आयात	महिनाको आयात बराबर	१०.७	११.८	१०.७	११.५	१०.६	११.७	१२.२	८.७	८.४	९.२
वस्तु तथा सेवा आयात	महिना आयात बराबर	९.२	९.९	९.०	९.७	८.७	९.४	१०.०	७.४	७.३	८.३
विदेशी विनिमय दर [६]	१ अमेरिकी डलर.= रू.	७७.८	७३.८	७२.१	७२.३	७०.५	६५.०	७६.९	७४.५	७२.३	७९.४

[१] *वार्षिक प्रारम्भिक अनुमान* [२] *आधार वर्ष २०५७/५८=१००;* [३] *आधार वर्ष २०६२/६३=१००;* [४] *आधार वर्ष २०५६/५७=१००;* [५] *आधार वर्ष २०६१/६२=१००;* [६] *खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको वैशाख महिनासम्मको औषत,*

२०६७ असार देखि विकास बैंक तथा वित्त कम्पनीको तथ्याङ्कसमेत

*@ २०६८ चैत्र महिनाको * बैंक सेवा शुल्क घटाउनु अघिको*

++आ.व. २०६८/६९ देखि IMF को GFS २००१ को आधारमा गरिएको पुनर्वर्गीकरण अनुसार विगत वर्षहरुमा पुँजीगत खर्च तर्फ देखाइने पुँजीगत अनुदान चालु खर्चतर्फ समावेश भएको र संस्थानमा भएको सरकारको लगानी तथा ऋण पुँजीगत खर्चबाट हटाइएको ।

टिप्पणी : **जि.डि.पी.**संगको अनुपात हिसाब गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ । कतिपय पुराना तथ्याङ्हरू समेत स्रोतबाटै संशोधन भई आएकोले सोही अनुरुप परिमार्जन गरिएको छ ।

अर्थतन्त्रका प्रमुख चुनौतीहरू

अर्थतन्त्रका प्रमुख चुनौतीहरू

१. आर्थिक विकासको प्रमुख सूचक आर्थिक वृद्धिदरको स्थिति उत्साहजनक रहेको छैन । विगत दश वर्षको औसत वृद्धिदर ३.५१ प्रतिशत रहेको र चालु आर्थिक वर्षको वृद्धिदर ४.५६ प्रतिशत रहेको देखिन्छ । मुलुकलाई आर्थिक रूपले समृद्ध बनाउन दोहोरो अङ्कको वृद्धिदर हासिल गर्नुपर्ने र सोका लागि आधार बनाउनु प्रमुख चुनौती रहेको छ ।

२. गरिबी देशको मूल समस्या रही आएको छ । अझै पनि एक चौथाई जनसङ्ख्या गरिबीको रेखामुनि रहेको परिप्रेक्ष्यमा गरिबी निवारणउन्मुख कार्यक्रमहरू सञ्चालन गरी गरिबी न्यूनीकरण गर्दै सबै नेपालीलाई आर्थिक, सामाजिक रूपले समृद्ध गराउनु मुलुकको ठूलो चुनौती रहेको छ ।

३. कुल गार्हस्थ उत्पादनमा एक तिहाई हिस्सा ओगट्ने र दुई तिहाई जनसङ्ख्याको प्रमुख आयस्रोतको रूपमा रहेको कृषि क्षेत्रको उत्पादन अपेक्षित रूपमा बढाउन सकिएको छैन । कृषिका लागि आवश्यक उत्पादनका साधनहरूको सुनिश्चितता दिलाउन भूमि व्यवस्थापन, सिँचाइ सुविधाको वृद्धि, रासायनिक मल, कृषि औजार तथा उन्नत बीउ बिजनको सहज उपलब्धता, कृषि कर्जाको विस्तार र कृषि उपजको बजारीकरणमा विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

४. उद्योग क्षेत्रको अवस्था राम्रो रहेको छैन । द्वन्द्वपछि यो क्षेत्र उकालो लाग्ने अपेक्षा गरिए पनि लगानीको अभाव, राजनीतिक संक्रमण, औद्योगिक सम्बन्धको असहजताका कारणले यसमा आशातीत सुधार हुन सकेन । तसर्थ, आन्तरिक र बाह्य लगानीका स्रोतहरू पहिल्याई लगानी मैत्री वातावरण बनाउने र उद्योग क्षेत्रमा नीतिगत, संस्थागत र संरचनागत सुधार गर्ने चुनौती रहेको छ । उद्योग क्षेत्रका लागि आवश्यक जनशक्ति उत्पादन गरी औद्योगिक उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याउनुपर्ने समेत देखिएको छ ।

५. बाह्य लगानीका लागि उपयुक्त नीतिहरु रहँदा रहँदै पनि अपेक्षित मात्रामा विदेशी लगानी भित्रिन सकेको छैन । लगानी प्रवर्द्धनका लागि केही मुलुकसँग Bilateral Investment Promotion and Protection Agreement (BIPPA) तथा Double Taxation Avoidance Agreement (DTAA) गरिए तापनि अपेक्षित लगानी आउन सकेको छैन । निजी क्षेत्रसमेत खुलेर लगानी गर्न अगाडि आएको छैन । तसर्थ, बाह्य तथा निजी क्षेत्रलाई आकर्षित गर्न विशेष पहल गर्नु आवश्यक छ ।

६. ऊर्जा सङ्कट मुलुकको आर्थिक विकासका लागि सबैभन्दा ठूलो बाधकको रूपमा रहेको छ । जलस्रोतको प्रचुरता हुँदाहुँदै पनि पर्याप्त ऊर्जा उपलब्ध गराउन नसक्दा सबै प्रकारका आर्थिक, समाजिक क्रियाकलापहरूमा संकुचन आएको छ । तसर्थ, उपयुक्त र छिटो विद्युत उत्पादन गर्न सक्ने आयोजनाहरूको पहिचान गरी तिनमा लगानी बढाउने एवं नीतिगत तथा अन्य अप्ठ्याराहरू फुकाउने चुनौती रहेको छ ।

७. बर्सेनी श्रम बजारमा भित्रिने श्रमशक्तिलाई रोजगारीको पर्याप्त अवसर उपलब्ध गराउन सकिएको छैन । यसले एकातिर मुलुकमा बेरोगारीको दर बढाएको छ भने अर्कातिर लाखौँको

संख्यामा युवाहरू विदेश पलायन भइरहेका छन् । उपलब्ध श्रमशक्तिलाई पर्याप्त रोजगारीको अवसर दिलाउनु चुनौती रहेको छ ।

८. प्रत्येक वर्ष वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या बढिरहेको र तिनबाट प्राप्त हुने विप्रेषण आयमा समेत वृद्धि भइरहेको छ । तर सो रकमलाई पुँजीमा परिणत गरी लगानीको वातावरण बनाउन सकिएको छैन । यसलाई लगानीको ठोस स्रोत बनाइ उत्पादनशिल क्षेत्रमा परिचालन गर्नु पर्ने आवश्यकता रहेको छ ।

९. सरकारी निकायहरूको खर्च गर्ने क्षमतामा वृद्धि हुन सकेको छैन । बजेट विनियोजन र खर्च बीचमा सामाञ्जस्यता देखिएको छैन । पुँजीगत खर्च बढाउने प्रयासहरूले पूर्ण सफलता पाइसकेका छैनन् । तसर्थ, पुँजीगत खर्च बढाई विकास निर्माणका कार्यहरूलाई तीव्रता दिनु जरुरी छ ।

१०. सरकारी खर्चको प्राथमिकीकरण गर्ने कार्यमा पूर्ण सफलता प्राप्त भएको छैन । ठूलो सङ्ख्यामा आयोजाना/कार्यक्रमहरू सञ्चालन हुने तर तिनबाट एकीकृत र समन्वयात्मक नतिजा प्राप्त गर्न नसकिएको अवस्था छ । तसर्थ, सरकारी खर्चको प्राथमिकीकरण गरी नतिजा उन्मुख खर्च प्रणालीको विकास गर्नु र सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउनु अति जरुरी देखिएको छ ।

११. बढ्दो मुद्रास्फीतिको दरलाई केही कम गर्न सकिए पनि यो अझै उच्च नै रहेको छ । चालु आर्थिक वर्षमा भएको अमेरिकी डलरसँग नेपाली रूपैयाँको अवमूल्यनले आयातीत वस्तुको मूल्यमा चाप परेको छ । देशभित्र उत्पादन हुने वस्तुहरूको आपूर्ति बढाई मूल्यलाई निश्चित सीमाभित्र राख्ने चुनौती पनि कायमै छ ।

१२. पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भएको वृद्धिले नेपालको आन्तरिक मुद्रास्फीतिमा समेत प्रभाव पारेको छ । पेट्रोलियम पदार्थमाथिको उच्च निर्भरतालाई कम गर्दै ऊर्जा व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । साथै, पेट्रोलियम पदार्थको आपूर्ति र वितरणमा सजगता अपनाउनुपर्ने देखिन्छ ।

१३. वाणिज्य बैंकहरूसँग बढ्दो तरलता, लगानीका नयाँ क्षेत्रहरू पहिचानको अभाव, कर्जा र निक्षेपको व्याजदरमा ठूलो भिन्नता पनि चुनौतीको रूपमा रहेकाले यिनको व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

१४. बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्यात्मक वृद्धि सँगसँगै गुणात्मक विस्तारलाई ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ । ग्रामिण क्षेत्रका जनताको वित्तीय तथा बीमामा पहुँच वृद्धि गर्नु अर्को चुनौती रहेको छ । बैंक तथा वित्तीय संस्था लगायत बीमा कम्पनीहरूमा संस्थागत सुशासन सुदृढीकरण गर्नुपर्ने देखिएको छ ।

१५. पुँजी बजारको स्थिति कमजोर नै रहेको र लगानीकर्ताहरू पूर्णरूपमा आश्वस्त भई नसकेको अवस्था छ । २०६८ फागुन पछिका दिनहरूमा शान्ति प्रक्रियामा देखिएको प्रगति र सरकारले चालेको नीतिगत कदमहरूले यसमा केही सुधार भए पनि पूर्णरूपमा आश्वस्त हुने अवस्था देखिँदैन । यसका लागि थप पहल गर्नुपर्ने देखिएको छ ।

१६. नेपालको वैदेशिक व्यापार घाटा बढिरहेको छ । निर्यातयोग्य वस्तुहरूको उत्पादनमा कमी आएको र नेपालीको प्रतिव्यक्ति आयमा भएको वृद्धि तथा उपभोग संरचनामा आएको

परिवर्तनले आयातमा वद्धि भएकाले व्यापार घाटा निरन्तर बढि रहेको छ । यसलाई कम गर्न उत्पादन बढाउनुपर्ने र तुलनात्मक र प्रतिष्पर्धी लाभ भएका वस्तु तथा सेवाहरूको प्रवर्द्धनमा जोड दिनु जरुरी छ ।

१७. सम्पूर्ण नेपाल नै पर्यटकीय सम्भावना भएको क्षेत्र हुँदाहुँदै पनि यसको यथोचित विकास हुन सकेको छैन । सन् २०११ लाई नेपाल पर्यटन वर्षको रूपमा मनाइएको हुँदा पर्यटकको सङ्ख्यामा केही वृद्धि भएपनि कुल गार्हस्थ उत्पादनमा पर्यटनको योगदानमा खासै वृद्धि हुन सकेको छैन । अतः पर्यटकीय पूर्वाधारको विकास गर्दै गुणस्तरीय पर्यटकको सङ्ख्यामा वृद्धि गर्नु जरुरी छ । राष्ट्रिय ध्वजावाहक विमानको व्यवस्था गर्नु अर्को चुनौती रहेको छ ।

१८. मुलुकभर भौतिक पूर्वाधारको समानुपातिक विकास गर्न सकिएको छैन । सबै जिल्ला सदरमुकामहरूमा सडक यातायात पुऱ्याउन सकिएको छैन । अन्य पूर्वाधारहरू पनि शहरतिर बढी र गाउँतिर कम छन् । तसर्थ, भौतिक पूर्वाधारहरूको समानुपातिक विकासमा जोड दिनु आवश्यक देखिएको छ ।

१९. विगत केही वर्षदेखि सामाजिक विकासका परिसूचकहरूमा सुधार हुँदै आएपनि पूर्ण सन्तोष मान्न सक्ने स्थिति छैन । शिक्षा र स्वास्थ्यमा लगानी बढाउनु जरुरी छ भने गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामाथि जनताको पहुँच वृद्धि गर्नुपर्ने छ । सामाजिक सुरक्षालाई सबै सेवाग्राहीसम्म न्यायोचित रूपमा विस्तार गर्ने कार्य चुनौतीको रूपमा रहेको छ ।

२०. सार्वजनिक संस्थानहरूको उत्पादकत्व वृद्धि गर्नु अत्यन्त जरुरी छ । सार्वजनिक संस्थानमा रहेको आन्तरिक र बाह्य विवाद, समन्वयको अभाव र वस्तु तथा सेवाको उत्पादन तथा वितरणमा कमजोरी सार्वजनिक संस्थानहरूका मूल समस्या हुन् । यी सबै समस्याहरूको निराकरणका लागि सार्वजनिक संस्थानहरूको आर्थिक, संरचनागत र कार्यप्रक्रियाका बारेमा समग्र पुनःसंरचना गरी तिनको उत्पादकत्व बढाउनु प्रमुख चुनौती देखिएको छ ।

२१. सबैजसो समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक रहँदारहँदै पनि पुँजी बजार र घरजग्गा व्यवसायका अतिरिक्त निर्माण क्षेत्र सबल नभएका कारणले अर्थतन्त्रमा अपेक्षित गतिशीलता आउन सकेको छैन । अन्य क्षेत्रका साथै यी क्षेत्रहरूको समेत समन्वयात्मक विकास गरी अर्थतन्त्रलाई गतिशील बनाउनु चुनौतीपूर्ण रहेको छ ।

२२. लम्बिदो राजनीतिक संक्रमण, मौलाउँदो दण्डहीनताको संस्कृति, सुशासनको कमजोर अवस्थाका कारणले सार्वजनिक सेवा प्रवाहमा अपेक्षित सुधार आउन सकेको छैन । सेवा प्रवाहमा संलग्न निकायहरुको क्षमता अभिवृद्धि गरी जनतालाई सरल, सहज र सुलभ ढङ्गमा सेवा प्रदान गर्नुको आवश्यकता टड्कारो छ ।

२३. विकास आयोजनाहरुको निर्वाध कार्यान्वयनमा अवरोध, बन्दहडताल जस्ता समस्याले गर्दा यस्ता आयोजनाहरुबाट वाञ्छित प्रतिफल प्राप्त गर्नमा ढिलाइ भइरहेको छ । राजनीतिक तरलता कायम रहेको समयमा यस्तो समस्या बढी देखिने भएकाले राजनीतिक सहमतिद्वारा यस समस्याको समाधान गर्नु पर्ने अवस्था छ ।

२४. समग्रमा राजनीतिक संक्रमणलाई जतिसक्दो छिटो टुङ्गयाई आर्थिक कार्यसूचीमा मुलुकका सबै पक्ष एकै ठाउँमा उभिई आर्थिक विकासका कार्यहरुलाई सहज ढंगले अगाडि बढाउनु मूलभूत चुनौति रहेको छ ।

१. आर्थिक गतिविधि

१. आर्थिक गतिविधि

विश्व अर्थतन्त्र

आर्थिक वृद्धिदर

१.१ सन् २०१० को तुलनामा सन् २०११ मा विश्वको आर्थिक वृद्धिदरमा कमी आएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०१२ को अप्रिलमा प्रकाशित गरेको विश्व आर्थिक परिदृश्य (World Economic Oultook) का अनुसार सन् २०१० मा विश्व उत्पादन ५.३ प्रतिशतले बढेकोमा सन् २०११ मा ३.९ प्रतिशतले मात्र बढेको देखिएको छ। क्षेत्रगत रूपमा हेर्दा मध्य तथा पूर्वी युरोप बाहेक अन्य सबै क्षेत्रको वृद्धिदरमा सन् २०१० को तुलनामा कमी आएको देखिएको छ। विश्व अर्थतन्त्रमा अपेक्षित सुधार नआइसकेको, युरोपको ऋण संकट, जापानको प्राकृतिक प्रकोप, विश्वका उदीयमान अर्थतन्त्रहरूको आर्थिक वृद्धिदरमा आएको सुस्तता, पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा भएको वृद्धि तथा युरोपको घरजग्गा व्यवसायमा कायमै रहेको मन्दी यस वर्ष समेत कायम रहनु जस्ता कारणहरूले गर्दा आगामी वर्ष पनि विश्व उत्पादनको वृद्धिदर कम नै रहने प्रक्षेपण गरिएको छ।

१.२ अन्तर्राष्ट्रिय मुद्राकोषको सोही दस्तावेजका अनुसार सन् २०१२ मा विश्व उत्पादन ३.५ प्रतिशतले मात्र वृद्धि हुने र त्यसपछिका वर्षहरूमा क्रमशः सोभन्दा केही बढि प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएको छ। सन् २०१२ मा सबैजसो क्षेत्रको वृद्धिदरमा कमी नै आउने प्रक्षेपण गरिए तापनि मध्य र पूर्वी युरोपको वृद्धिदर भने सन् २०१२ मा निकै ओरालो लाग्ने देखिएको छ। युरोपको ऋण संकटकै कारणले गर्दा सन् २०११ मा ५.३ प्रतिशतमा रहेको मध्य तथा पूर्वी युरोपको वृद्धिदर सन् २०१२ मा १.९ प्रतिशत मात्र हुने प्रक्षेपण गरिएको छ। विकसित मुलुकहरूमध्ये युरोपियन युनियनमा आबद्ध मुलुकहरूको आर्थिक वृद्धिदरमा सन् २००९ को तुलनामा सन् २०१० मा केही सुधार आए तापनि सन् २०११ मा पुनः घटी १.५ प्रतिशतमा सीमित भएको छ भने सन् २०१२ मा यस्तो वृद्धिदर शून्य हुने प्रक्षेपण रहेको छ। मध्यपूर्व र केही अफ्रिकी मुलुकहरूमा सन् २०१२ मा सन् २०११ को तुलनामा वृद्धिदर बढी हुने देखिएको छ। विश्वको आर्थिक वृद्धिदरको प्रवृत्तिलाई तालिका १(क) मा दिइएको छ।

तालिका १(क): विश्वको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

क्षेत्र	२००९	२०१०	२०११	प्रक्षेपण		
				२०१२	२०१३	२०१७
विश्वको उत्पादन	-०.६	५.३	३.९	३.५	४.१	४.७
विकसित अर्थतन्त्रहरू	-३.६	३.२	१.६	१.४	२.०	२.७
उदीयमान तथा विकासशील अर्थतन्त्रहरू	२.८	७.५	६.२	५.७	६.०	६.३
विकासोन्मुख एशिया	७.१	९.७	७.८	७.३	७.९	७.९
मध्यपूर्व तथा उत्तर अफ्रीकी मुलुकहरू	२.७	४.९	३.५	४.२	३.७	४.४
मध्य तथा पूर्वी युरोपेली मुलुकहरू	-३.६	४.५	५.३	१.९	२.९	४.०
युरोपियन युनियनका मुलुकहरू	-४.२	२.०	१.६	०.०	१.३	२.१

स्रोतः अन्तर्राष्ट्रिय मुद्राकोष, २०१२।

१.३ सन् २०११ मा दक्षिण एशियाली मुलुकहरूमध्ये मालदिभ्स र श्रीलंकाबाहेक सबै मुलुकहरूको वृद्धिदरमा कमी आएको छ। सन् २०१० मा दोहोरो अंकको आर्थिक वृद्धि गरेका भारत र भुटान दुवैको वृद्धिदरमा कमी आएको छ। दक्षिण एशियाली मुलुकहरूको अर्थतन्त्रलाई युरोपेली र अमेरिकी मुलुकहरूको आर्थिक वृद्धिले सीधा प्रभाव पार्ने भएकाले ती मुलुकहरूको आर्थिक वृद्धिदरमा आएको कमीले समेत यो क्षेत्रको वृद्धिदरमा कमी आएको देखिन्छ। त्यसैगरी दक्षिण एशियाली मुलुकको नजिकको र सन् २००० को दशकमा दोहोरो वृद्धिदरको कीर्तिमान राखेको चीनको वृद्धिदरमा समेत सन् २०११ मा कमी आएको छ। नेपालका छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदरको प्रवृत्तिलाई तालिका १(ख) मा देखाइएको छ।

तालिका १(ख): छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

मुलुक	२००९	२०१०	२०११	प्रक्षेपण		
				२०१२	२०१३	२०१७
अफगानिस्तान	२१.०	८.४	५.७	७.२	५.८	६.६
बंगलादेश	५.९	६.४	६.१	५.९	६.४	७.३
भुटान	६.७	१०.६	५.९	७.०	९.९	४.०
भारत	६.६	१०.६	७.२	६.९	७.३	८.१
माल्दिभ्स	(४.७	५.७	७.४	४.४	३.५	३.५
नेपाल	४.४	४.६	३.५	४.२	३.८	३.९
पाकिस्तान	१.७	३.८	२.४	३.४	३.५	३.५
श्रीलंका	३.५	८.०	८.२	७.५	७.०	६.२
चीन	९.२	१०.४	९.२	८.२	८.८	८.५

स्रोतः अन्तर्राष्ट्रिय मुद्राकोष, २०१२।

उपभोक्ता मूल्य

१.४ सन् २००७-२००९ मा देखिएको विश्वव्यापी मन्दीमा आएको क्रमिक सुधारले गर्दा समष्टिगत मागमा वृद्धि भएकाले सन् २०११ मा विश्वको मूल्यवृद्धिमा चाप परेको छ। पछिल्लो समयमा युरोपमा देखिएको ऋण संकट, अफ्रिकी तथा मध्यपूर्वमा देखिएको अशान्तिका कारणले पेट्रोलियम पदार्थ तथा खाद्यान्नको मूल्यमा भारी वृद्धि हुन गई विश्वभरको उपभोक्ता मूल्यमा सन् २०१० को तुलनामा वृद्धि भएको देखिएको छ। सन् २०११ को अन्त्यदेखि अमेरिकी डलर बलियो हुँदै गएको र सुन लगायतका बहमुमूल्य धातुको मूल्यमा भएको वृद्धिले आयातीत वस्तु तथा सेवामा निर्भर रहने मुलुकहरूको मुद्रास्फीतिमा चाप पर्न गएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले यस्तो मुद्रास्फीति आगामी वर्षहरूमा क्रमशः घट्दै जाने प्रक्षेपण गरेको छ। सन् २०१० को तुलनामा सन् २०११ मा मध्य तथा पूर्वी युरोपका मुलुकहरूमा मात्र मूल्यवृद्धि स्थिर रहेको देखिएको छ। उपभोक्ता मूल्यमा आधारित विश्वको मुद्रास्फीति दरको प्रवृत्तिलाई तालिका १(ग) मा प्रस्तुत गरिएको छ।

तालिका १(ग): उपभोक्ता मूल्यमा आधारित विश्वको मुद्रास्फीति दर

(प्रतिशत)

क्षेत्र	२००९	२०१०	२०११	प्रक्षेपण		
				२०१२	२०१३	२०१७
विकसित अर्थतन्त्रहरू	०.१	१.५	२.७	१.९	१.७	१.९
उदीयमान तथा विकासशील अर्थतन्त्रहरू	५.२	६.१	७.१	६.२	५.६	४.५
विकासोन्मुख एशिया	३.०	५.७	६.५	५.०	४.६	३.६
मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू	६.६	६.९	९.६	९.५	८.७	६.९
मध्य तथा पूर्वी युरोपेली मुलुकहरू	४.७	५.३	५.३	६.२	४.५	३.८
युरोपियन युनियनका मुलुकहरू	०.९	२.०	३.१	२.३	१.८	१.९

स्रोतः अन्तर्राष्ट्रिय मुद्राकोष, २०१२।

१.५ विश्वका सबै मुलुकहरूमा बढेको मुद्रास्फीतिको प्रभाव दक्षिण एशियाली मुलुकहरूमा पनि परेको छ। खासगरी विश्वका अन्य मुलुकहरूसँग यी मुलुकहरूको व्यापारिक निर्भरता, बहुमूल्य धातु र पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले गर्दा मुद्रास्फीति पनि उच्चदरमा रहन पुगेको छ। तथापि विगत केही वर्षहरूमा दोहोरो अंकको मूल्यवृद्धि व्यहोरेका दक्षिण एशियाली मुलुकहरूको मुद्रास्फीति केही वर्षयता एक अंकमा सीमित रहन पुगेको छ। यद्यपि अफगानिस्तान, बंगलादेश, माल्दिभ्स र पाकिस्तानमा भने दोहोरो अंककै मूल्यवृद्धि कायम रहेको छ। सन् २००० को दशकमा न्यून मुद्रास्फीति दर कायम राख्न सफल चीनको मुद्रास्फीति समेत यो वर्ष २.१ प्रतिशत बिन्दूले बढ्न गएको छ। तालिका १(घ) मा उपभोक्ता मूल्यमा आधारित छिमेकी मुलुकहरूको मुद्रास्फीति दरको प्रवृत्तिलाई प्रस्तुत गरिएको छ।

तालिका १(घ): उपभोक्ता मूल्यमा आधारित छिमेकी मुलुकहरूको मुद्रास्फीति दर

(प्रतिशत)

मुलुक	२००९	२०१०	२०११	प्रक्षेपण		
				२०१२	२०१३	२०१७
अफगानिस्तान	-१२.२	७.७	११.२	४.५	५.०	५.०
बंगलादेश	५.४	८.१	१०.७	१०.४	७.९	४.८
भुटान	४.४	७.०	८.६	८.४	७.३	५.५
भारत	१०.९	१२.०	८.६	८.२	७.३	४.०
माल्दिभ्स	४.०	४.७	१२.१	११.५	८.३	३.०
नेपाल	१२.६	९.५	९.६	७.८	७.४	५.५
पाकिस्तान	१७.६	१०.१	१३.७	१२.०	१२.५	१४.०
श्रीलंका	३.५	६.२	६.७	७.५	८.०	६.०
चीन	-०.७	३.३	५.४	३.३	३.०	३.०

स्रोत: अन्तर्राष्ट्रिय मुद्राकोष, २०१२।

कुल यथार्थ गार्हस्थ माग

१.६ विकसित र औद्योगिक मुलुकहरूको कुल यथार्थ गार्हस्थ मागमा भइरहेको ह्रासले विश्वको अर्थतन्त्र अझै पनि सकारात्मकतातिर नगइसकेको इंगित गर्दछ। सन् २००७-०९ को विश्वव्यापी मन्दीपछि विकसित र औद्योगिक मुलुकहरूको उत्पादन र रोजगारीमा कमी आएकोले कुल यथार्थ गार्हस्थ मागको वृद्धिदरमा समेत कमी आएको छ। अन्तर्राष्ट्रिय मुद्राकोषले यस्तो मागमा सन् २०१२ मा केही वृद्धि हुनसक्ने प्रक्षेपण गरे पनि युरोपेली मुलुकहरूमा भने माग घट्ने नै प्रक्षेपण गरीएको छ। युरोपेली मुलुकहरूमध्ये इटाली र स्पेनको मागमा ऋणात्मक वृद्धि हुने प्रक्षेपण गरिएको छ। तालिका १(ङ) मा विश्वका केही विकसित मुलुकहरूको कुल यथार्थ गार्हस्थ मागमा भएको परिवर्तनलाई देखाइएको छ।

तालिका १(ङ): कुल यथार्थ गार्हस्थ माग

(वार्षिक प्रतिशत परिवर्तन)

क्षेत्र	२००९	२०१०	२०११	प्रक्षेपण		
				२०१२	२०१३	२०१७
विकसित अर्थतन्त्रहरू	-३.६	३.२	१.६	१.४	२.०	२.७
संयुक्त राज्य अमेरिका	-३.५	३.०	१.७	२.१	२.४	३.३
युरोपेली मुलुकहरू	-४.३	१.९	१.४	-०.३	०.९	१.७
संयुक्त अधिराज्य	-४.४	२.१	०.७	०.८	२.०	२.८
क्यानडा	-२.८	३.२	२.५	२.१	२.२	२.२
जापान	-५.५	४.४	-०.७	२.०	१.७	१.१
नव औद्योगिक एशियाली अर्थतन्त्रहरू	-०.७	८.५	४.०	३.४	४.२	४.३

स्रोत: अन्तर्राष्ट्रिय मुद्राकोष, २०१२।

१.७ कुल यथार्थ मागको वृद्धिदरमा आएको कमीले गर्दा आर्थिक क्रियाकलापहरूमा कमी आउने र व्यापार, उत्पादन तथा रोजगारीमा समेत कमी आउने भएकाले यसबाट समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्दछ। खासगरी विकसित मुलुकहरूसँग

व्यापारिक सम्बन्ध भएका मुलुकहरूको मागमा आउने कमीले एकातिर निर्यातमा कमी आउँछ भने अर्कातिर यस्ता मुलुकहरूमा रोजगारीका लागि जाने श्रमिकको मागमा समेत कमी आउँदछ। यसबाट नेपालजस्ता साना अर्थतन्त्र भएका मुलुकहरूलाई नकारात्मक असर पर्दछ। सन् २०१२ मा समेत यस्ता मुलुकहरूको आन्तरिक मागको वृद्धिदरमा उल्लेख्य वृद्धि नहुने देखिएकाले यसको असर कायमै रहने देखिन्छ। तथापि विश्वको अर्थतन्त्रमा क्रमशः सुधार हुने प्रक्षेपण रहेकाले यस्तो मागमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

विश्व व्यापार

१.८ विकसित मुलुकहरूको आन्तरिक मागमा आएको ह्रासको असर विश्व व्यापारमा पनि देखिएको छ। सन् २०१० को तुलनामा सन् २०११ मा वस्तु र सेवाको विश्व व्यापार परिमाण वृद्धिदरमा ठूलो गिरावट आएको छ। सन् २०११ मा वस्तु र सेवाको कुल व्यापार परिमाणमा ५.८ प्रतिशत मात्र वृद्धि भएको छ जबकि सन् २०१० मा यस्तो वृद्धि १२.९ प्रतिशत थियो। विश्व निर्यात र आयात दुवैमा ह्रास आएको छ। विकसित मुलुकहरूको व्यापारिक क्रियाकलापमा आएको ह्रासले उदीयमान अर्थतन्त्र र विकासशील मुलुकहरूको व्यापार सन्तुलनमा भने वृद्धि गराएको छ। ती मुलुकहरूको व्यापार सन्तुलन सन् २०१० को २.० प्रतिशतको वृद्धिको तुलनामा सन् २०११ मा ३.२ प्रतिशत हुनपुगेको छ। सन् २०११ मा विश्वभरमा कुल २१,९८२ अर्ब डलर बराबरको वस्तु र सेवाको व्यापार भएको छ। तालिका १(च) ले विश्व व्यापारको प्रवृत्तिलाई देखाउँदछ।

तालिका १(च): विश्व व्यापारको स्थिति


(वार्षिक प्रतिशत परिवर्तन)

		२००९	२०१०	२०११	प्रक्षेपण	
					२०१२	२०१३
कुल व्यापार परिमाण	विश्व	-१०.५	१२.९	५.८	४.०	५.६
निर्यात	विकसित अर्थतन्त्र	-११.५	१२.२	५.३	२.३	४.७
	उदीयमान र विकासशील अर्थतन्त्रहरू	-७.७	१४.७	६.७	६.६	७.२
आयात	विकसित अर्थतन्त्र	-१२.२	११.५	४.३	१.८	४.१
	उदीयमान र विकासशील अर्थतन्त्रहरू	-८.१	१५.३	८.८	८.४	८.१
व्यापार सन्तुलन	विकसित अर्थतन्त्र	२.३	-१.०	-१.७	-०.९	०.१
	उदीयमान र विकासशील अर्थतन्त्रहरू	-४.३	२.०	३.२	०.६	-१.१
कुल व्यापार रकम (अर्ब अमेरिकी डलर)		१५,७५५	१८,७५८	२१,९८२	२२,७६३	२३,९८०
कुल वस्तु व्यापार रकम (अर्ब अमेरिकी डलर)		१२,३८३	१५,०८४	१७,९५८	१८,६४२	१९,६००

स्रोतः अन्तर्राष्ट्रिय मुद्राकोष, २०१२।

१.९ चालु आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशतले वृद्धि हुने लक्ष्य राखिएकोमा प्रारम्भिक तथ्याङ्कहरूले यो वृद्धिदर आधारभूत मूल्यमा ४.५६ र उत्पादकको मूल्यमा ४.६३ प्रतिशत हुने देखाएको छ। आधारभूत मूल्यमा गत आर्थिक वर्ष २०६७/६८ यस्तो वृद्धिदर ३.८१ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०६६/६७ मा ४.२६ प्रतिशत रहेको थियो। तथापि लम्बिँदो राजनीतिक संक्रमण, औद्योगिक वातावरणमा देखिएको समस्या, निजी लगानीको कमी, उर्जा सङ्कटजस्ता कारणले औद्योगिक उत्पादनमा वृद्धि हुन नसकेकाले गैर कृषि क्षेत्रको आर्थिक वृद्धिदर ४.२७ प्रतिशत मात्र रहन पुग्यो।

१.१० आर्थिक वृद्धिदरका हिसाबले वितेको दशक नेपालका लागि उत्साहजनक रहेन। आर्थिक वर्ष २०६४/६५ मा ५.८ प्रतिशत पुगेको आर्थिक बृद्धिदर अन्य वर्षहरूमा भने ४ प्रतिशतकै हाराहारीमा मात्र रह्यो। आर्थिक वर्ष २०६३/६४ मा त यो वृद्धिदर २.८ प्रतिशत मात्र थियो। विगत दश वर्षको अवधिमा औसतमा ३.५१ प्रतिशतको मात्र आर्थिक वृद्धिदर हासिल हुन सक्यो। यस अवधिमा क्षेत्रगत वृद्धि पनि उत्साहजनक रहेन। कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर औसतमा क्रमशः ३.१८, २.१४ र ४.५२ प्रतिशत मात्र रहन गयो। पछिल्ला वर्षहरूमा उद्योग क्षेत्रको वृद्धिदर घट्दै गएको र सेवा क्षेत्रको वृद्धिदर बढ्दै गएको छ।



कृषि क्षेत्र

१.११ यसवर्ष मौसम अनुकूल रहेको र मनसुनको सक्रियता लामो समयसम्म कायम रहेकोले धानबाली राम्रो रहेको, हिउँदे वर्षा पनि उल्लेख्य भएको, रासायनिक मलको वितरणमा भएको सुधार, बिउबिजन र प्रविधिको प्रयोगमा विस्तार भएको कारण

कृषि उत्पादनमा वृद्धि भई कृषि क्षेत्रको वृद्धिदर ४.९३ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ४.५१ प्रतिशत मात्र थियो।

१.१२ कृषिको उत्पादनमा धानको महत्वपूर्ण भूमिका हुन्छ। यस वर्ष मनसुनी वर्षा राम्रो भई धानखेतीका लागि अनुकूल वातावरण बनेकाले धान उत्पादनमा उल्लेख्य वृद्धि भएको छ। चालु आर्थिक वर्षमा धानको उत्पादन गत वर्षको तुलनामा झण्डै १४ प्रतिशतले बढी ५० लाख ७२ हजार २ सय ४९ मेट्रिक टन पुगेको छ। धान उत्पादन भएको क्षेत्रफलमा पनि आर्थिक वर्ष २०६७/६८ को तुलनामा २.३ प्रतिशतले वृद्धि भएको छ। प्रमुख खाद्यान्न बालीमध्ये धानपछिको स्थान क्रमशः मकै, गहुँ, कोदो, जौ र फापरले लिन्छन्। चालु आर्थिक वर्षमा यी वस्तुहरूको उत्पादन क्रमशः ५.४ प्रतिशत, ५.९ प्रतिशत ४.१ प्रतिशत, १४.९ प्रतिशत र १३.३ प्रतिशतले बढेको अनुमान छ भने यी बालीहरू लगाइएको क्षेत्रफलमा क्रमशः ३.८ प्रतिशत, ०.३ प्रतिशत, ३ प्रतिशत, २.१ प्रतिशत र ०.३ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको भन्दा यस आर्थिक वर्षमा धान र जौ बाहेक अन्य खाद्यान्न बालीको उत्पादन वृद्धिदरमा कमी आएकोछ। समग्रमा चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीहरूको उत्पादनमा ९.९ प्रतिशतले वृद्धि भई कुल ९४ लाख ५९ हजार ५ सय ९४ मेट्रिक टन उत्पादन भएको छ।

१.१३ कृषि तथा वन उपक्षेत्रमा अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा ४.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष यस्तो वृद्धि ४.५ प्रतिशत थियो भने विगत पाँच वर्षको औसत वृद्धि ३.२ प्रतिशत रहेको थियो। यस अन्तर्गत सबै प्रकारका खाद्यान्न बालीको उत्पादनमा ६.४ प्रतिशत, फलफूलको उत्पादनमा ५.१ प्रतिशत, मासु तथा दूधको उत्पादनमा ३ प्रतिशत र अन्य पशुजन्य उत्पादनमा ६ प्रतिशतले वृद्धि हुने अनुमान छ।

मत्स्यपालन

१.१४ मत्स्यपालनतर्फ आर्थिक वर्ष २०६७/६८ को तुलनामा चालु आर्थिक वर्षमा ८.८ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष यस्तो वृद्धि ६.९ प्रतिशत मात्र थियो। विगत पाँच वर्षमा यो उपक्षेत्रको वृद्धि औसत ५.२ प्रतिशत रहेको थियो।

गैर कृषि क्षेत्र

१.१५ गैर कृषि क्षेत्रतर्फ चालु आर्थिक वर्षमा ४.२७ प्रतिशतले वृद्धि हुने अनुमान छ। विगत पाँच वर्षमा गैर कृषितर्फ औसत ४.७ प्रतिशतले वृद्धि भएको थियो भने गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.४ प्रतिशत मात्र थियो। गैर कृषितर्फ उद्योग र सेवा क्षेत्र पर्ने भएको र सेवा क्षेत्रको वृद्धिदर राम्रो रहेकाले समग्र गैर कृषि क्षेत्रको वृद्धिदर गत वर्षभन्दा राम्रो देखिएको हो। यस वर्ष खानी तथा उत्खनन्, थोक तथा खुद्रा व्यापार, होटेल तथा रेष्टुराँ, यातायात तथा सञ्चार, वित्तीय मध्यस्थता, शिक्षा तथा

स्वास्थ्य र सामजिक क्षेत्रको वृद्धिदरमा गत वर्षभन्दा सुधार हुने देखिएको छ भने निर्माण तथा उद्योगको वृद्धिदरमा गिरावट आउने देखिएको छ ।

खानी तथा उत्खनन्

१.१६ खानी तथा उत्खनन्को क्षेत्रमा यस आर्थिक वर्षमा ५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ । गत वर्ष यस्तो वृद्धिदर ३.६ प्रतिशत मात्र थियो । यस उपक्षेत्रको विगत पाँच वर्षको औसत वृद्धिदर २.४ प्रतिशत मात्र रहेको थियो ।

उद्योग

१.१७ उद्योग उपक्षेत्रको प्रगति सन्तोषजनक छैन । तथापि आर्थिक वर्ष २०६४/६५ र आर्थिक वर्ष २०६५/६६ मा ऋणात्मक रहेको उद्योग उपक्षेत्रको वृद्धिदरमा त्यसपछिका वर्षहरूमा सामान्य सुधार आएको छ । आर्थिक वर्ष २०६७/६८ मा २.३ प्रतिशतको वृद्धिदर रहेको उद्योग उपक्षेत्रको उत्पादन यस आर्थिक वर्ष १.३ प्रतिशतले मात्र वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ । औद्योगिक उत्पादन सूचकाङ्कअनुसार कपडा, छाला तथा सिन्थेटिकबाट बनेका पहिरनहरू, प्लाइउड, कपडा तथा डेरीको उत्पादनमा आएको ह्रासले यस उपक्षेत्रको वृद्धिदर न्यून हुन गएको हो । यद्यपि जुट र जुटबाट बनेका वस्तुहरू, कार्पेट तथा रङ, पाउरोटी, चिनी, छालासँग सम्बन्धित वस्तुहरूको वृद्धिदर भने धनात्मक हुने देखिन्छ ।

१.१८ औद्योगिक वातावरणमा अपेक्षित सुधार हुन नसक्नु, उर्जा सङ्कट यथावत् रहनु, राजनीतिक संक्रमणकाल लम्बिनु र लगानीका लागि निजी तथा विदेशी लगानीर्कताहरूलाई आश्वस्त पार्न नसक्नु जस्ता कारणहरूले गर्दा विगत लामो समयदेखि उद्योग क्षेत्र समस्याग्रस्त छ । विगत पाँच वर्षको यस उपक्षेत्रको औसत वृद्धिदर १.२ प्रतिशत मात्र रहनुले यो उपक्षेत्रको निराशाजनक अवस्थालाई देखाउँछ । यी तथ्याङ्कहरूले उद्योग क्षेत्रको समस्या समाधान गरी यसको विकासका लागि गम्भीर हुनुपर्ने देखाएका छन् ।

विद्युत, ग्याँस तथा पानी

१.१९ गत आर्थिक वर्ष ऋणात्मक रहेको यस उपक्षेत्रको उत्पादन चालु आर्थिक वर्षमा ७.४ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ । विगत पाँच वर्षमा यस उपक्षेत्रको औसत वृद्धिदर २.४ प्रतिशत रहेको भए तापनि यस क्षेत्रको वृद्धिदर सन्तोषजनक रहेको छैन । चालु आर्थिक वर्षको वृद्धिदरलाई कायमै राख्न सकिएमा आगामी वर्षहरूमा कुल गार्हस्थ उत्पादनमा यस उपक्षेत्रको योगदान बढ्न जाने देखिन्छ ।

निर्माण क्षेत्र

१.२० निर्माण उपक्षेत्रको वृद्धिदरमा उतारचढाव नै देखिन्छ । विगत पाँच वर्षमा यस उपक्षेत्रको वृद्धिदरमा कुनै निश्चित प्रवृत्ति देखिएको छैन । विगत पाँच वर्षको औसत

वृद्धिदर ३.९ प्रतिशत रहेको यस उपक्षेत्रको उत्पादन आर्थिक वर्ष २०६७/६८ मा ४.८ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षमा सीमान्तरूपले ऋणात्मक हुने देखिएको छ। घरजग्गा व्यवसायमा देखिएको मन्दी, बैंक तथा वित्तीय संस्थाहरूबाट घरजग्गा व्यवसायका लागि प्रवाह हुने कर्जामा अपनाइएको सावधानी, बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जाको ब्याजदरमा भएको वृद्धि र सरकारी पुँजीगत खर्चमा अपेक्षित वृद्धि नभएका कारणले यो उपक्षेत्रको वृद्धिदर कम हुन गएको हो। निर्माण क्षेत्रसँग सम्बन्धित रोजगारी र कच्चा पर्दाथको उत्पादनलाई समेत असर पार्ने भएकाले यस उपक्षेत्रको ऋणात्मक वृद्धिदरलाई उल्ट्याउनुपर्ने देखिन्छ।

थोक तथा खुद्रा व्यापार

१.२१ थोक तथा खुद्रा व्यापारको उत्पादन गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा वृद्धि हुने देखिएको छ। गत आर्थिक वर्षमा यस उपक्षेत्रको वृद्धिदर १.२ प्रतिशत मात्र रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.८ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। विगत पाँच वर्षमा यस उपक्षेत्रको वृद्धिदर २.३ प्रतिशत मात्र रहेको थियो। आर्थिक वर्ष २०६३/६४ मा यस उपक्षेत्रको वृद्धिदर ऋणात्मक रहेकाले औसत वृद्धिदर कम देखिन गएको हो। आर्थिक वर्ष २०६३/६४ पछिको चार वर्षको औसत वृद्धिदर भने ४.३३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०६४/६५ देखि क्रमशः बढ्दो क्रममा रहेको यस उपक्षेत्रको वृद्धिदर गत आर्थिक वर्ष २०६७/६८ मा आयात व्यापारको वृद्धिदरमा आएको कमीले गर्दा कम हुन गएको थियो। यस आर्थिक वर्षमा आयातमा भएको वृद्धि र कृषि उत्पादनमा भएको वृद्धिले यस उपक्षेत्रको वृद्धिदर बढ्ने देखिएको छ।

होटल र रेष्टुरेण्ट

१.२२ प्रतिव्यक्ति आयमा भएको वृद्धि, शहरीकरणको प्रभाव र मानिसको रहनसहन एवं खाने बानीमा आएको परिर्वतनले गर्दा होटल तथा रेष्टुरेण्टको वृद्धिदर सन्तोषजनक रुपमा बढेको देखिएको छ। विगत ५ वर्षमा आर्थिक वर्ष २०६५/६६ मा एकपटक घटेको यस उपक्षेत्रको वृद्धिदर क्रमशः बढिरहेको छ। यस उपक्षेत्रको विगत ५ वर्षको औसत वृद्धिदर ५.३ प्रतिशत र आर्थिक वर्ष २०६७/६८ को वृद्धिदर ७.४ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा यो वृद्धिदर ८.३ प्रतिशत हुने अनुमान गरिएको छ।

यातायात, सञ्चार तथा भण्डारण

१.२३ चालु आर्थिक वर्ष २०६८/६९ मा यस उपक्षेत्रको उत्पादन ६.८ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ। सञ्चार उपक्षेत्रको कारोबारमा उल्लेखनीय वृद्धि भएका कारण यस उपक्षेत्रको वृद्धिदर राम्रो हुने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा

५.७ प्रतिशतको वृद्धिदर कायम गरेको यस उपक्षेत्रको विगत ५ वर्षको औसत वृद्धिदर ६.६ प्रतिशत रहेको थियो ।

वित्तीय मध्यस्थता

१.२४ वित्तीय मध्यस्थता उपक्षेत्रमा विगतमा रहेको जस्तो वृद्धिदर हाल कायम रहन सकेको छैन । आर्थिक वर्ष २०६२/६३ मा २४.४ प्रतिशत र आर्थिक वर्ष २०६४/६५ मा ११.४ प्रतिशत वृद्धिदर रहेको यो उपक्षेत्रको विगत ५ वर्षको औसत वृद्धिदर ५.८ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०६७/६८ मा ३.३ प्रतिशत रहेको थियो । चालु आर्थिक वर्ष २०६८/६९ मा भने यस्तो वृद्धिदर ३.५ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । यस उपक्षेत्र अन्तर्गत बैंकिङ क्षेत्रमा नेपाल राष्ट्र बैंकलगायत वाणिज्य बैंकहरू, विकास बैंकहरू, वित्तीय संस्थाहरूका साथै सहकारी तथा लघुवित्त संस्थाहरूका करोबार रहेका छन् । त्यसैगरी, बीमा समूहमा बीमा समितिका साथै जीवन बीमा र निर्जीवन बीमा कम्पनीहरूको कारोबार रहेका छन् भने सामाजिक सुरक्षा समूहमा नेपाल धितोपत्र बोर्ड, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष जस्ता संस्थाका कारोबार रहेका छन् । पछिल्लो समयमा केही बैंक तथा वित्तीय संस्थाहरुमा देखिएको समस्याले गर्दा यस उपक्षेत्रको वृद्धिदर उच्च रहन सकेन । न्यसैगरी लगानीका लागि पर्याप्त क्षेत्रहरु पहिचान गर्न नसकेका कारणले पनि लगानी नभई यस उपक्षेत्रको वृद्धिदर केही कम रहन गयो ।

रियल इस्टेट, भाडा तथा व्यावसायिक सेवाहरू

१.२५ चालु आर्थिक वर्ष २०६८/६९ मा यस उपक्षेत्रको उत्पादन २.९७ प्रतिशतले बढ्ने अनुमान छ । गत वर्ष यस्तो उत्पादन २.२५ प्रतिशतले बढेको थियो । घरजग्गाको क्षेत्रमा हुनसक्ने अस्वाभाविक मूल्यवृद्धि र कारोबारलाई नियन्त्रण गर्न लिइएको नीतिगत व्यवस्थाका कारण यस उपक्षेत्रको वृद्धिदरमा केही वर्षयता कमी आउन थालेको हो । आर्थिक वर्ष २०६३/६४ मा अघिल्लो वर्षको तुलनामा ११.८ प्रतिशतले बढेको यस उपक्षेत्रको उत्पादन विगत पाँच वर्षमा औसत ५.९ प्रतिशतले बढेको थियो । यस वर्ष घरजग्गाको कारोबारको क्षेत्रमा गरिएका केही नीतिगत सुधारले यस उपक्षेत्रको वृद्धिदर गत वर्षको तुलनामा केही बढ्न गएको हो ।

सार्वजनिक प्रशासन र रक्षा

१.२६ केन्द्रीय सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको बजेट तथा खर्चको आधारमा चालु आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादनमा ५.६ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादनमा ३.८ प्रतिशतले मात्र वृद्धि भएको थियो भने विगत पाँच वर्षमा यस उपक्षेत्रको औसत वृद्धिदर ३.४ प्रतिशत रहेको थियो ।

शिक्षा

१.२७ शिक्षा क्षेत्रमा गरिएको बजेट तथा लगानी, निजी तथा गैरसरकारी क्षेत्रहरूबाट सञ्चालित शैक्षिक गतिविधिहरूमा भएको परिर्वतनले शिक्षा उपक्षेत्रको चालु आर्थिक वर्षको उत्पादन गत आर्थिक वर्षको तुलनामा बढ्ने देखिएको छ। गत आर्थिक वर्ष २०६७/६८ मा २.९७ प्रतिशतले बढेको यस उपक्षेत्रको उत्पादन चालु आर्थिक वर्ष २०६८/६९ मा ४.९७ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ। विगत ५ वर्षको अवधिमा यस उपक्षेत्रको उत्पादनमा औसत ६.८ प्रतिशतले वृद्धि भएको थियो।

स्वास्थ्य र सामाजिक कार्य

१.२८ स्वास्थ्य क्षेत्रमा सरकारी तथा निजी एवं गैरसरकारी संस्थाहरूले गरेको लगानीबाट कारोबारमा वृद्धि भएका कारणले यस उपक्षेत्रको उत्पादनमा गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ। चालु आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादनमा गत आर्थिक वर्षको तुलनामा ५.५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। गत वर्ष यस्तो वृद्धिदर ५.३ प्रतिशत मात्र थियो भने विगत ५ वर्षमा यस उपक्षेत्रको उत्पादनमा औसत ६.९ प्रतिशतले वृद्धि भएको थियो।

अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू

१.२९ विगत ५ वर्षमा ३ वर्ष दोहोरो अंकको वृद्धिदर हासिल गरेको यस उपक्षेत्रको उत्पादन चालु आर्थिक वर्ष ९.१ प्रतिशतले वृद्धि हुने देखिएको छ। यस उपक्षेत्र अर्न्तगत सरकारद्वारा प्रदान गरिने सामुदायिक सेवा तथा अन्य सामाजिक र व्यावसायिक सेवाहरू समावेश गरिन्छन्। चालु आर्थिक वर्ष २०६८/६९ मा केन्द्रीय तथा स्थानीय सरकारको सामुदायिक तथा सामाजिक क्षेत्रमा गरिएको विनियोजन र खर्च एवं निजी क्षेत्रहरूबाट सञ्चालित टेलिभिजन तथा एफ. एम. जस्ता मनोरञ्जनात्मक सेवाहरूको आर्थिक गतिविधिहरूलाई समावेश गरिएका कारण यस उपक्षेत्रको उत्पादनमा वृद्धि हुन गएको हो। गत वर्ष यस उपक्षेत्रको वृद्धिदर ८.० प्रतिशत मात्र थियो भने विगत ५ वर्षको औसत वृद्धिदर १२.३ प्रतिशत रहेको थियो।

क्षेत्रगत विवरण

१.३० कुल गार्हस्थ उत्पादनलाई प्राथमिक, द्वितीय र तृतीय गरी ३ मुख्य क्षेत्रहरूमा विभाजन गरी विश्लेषण गर्दा आर्थिक वर्ष २०६८/६९ मा प्राथमिक क्षेत्र (कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन्) को उत्पादन वृद्धिदर ४.९३ प्रतिशत हुने अनुमान छ। गत वर्ष यस्तो वृद्धिदर ४.५ प्रतिशत मात्र थियो भने विगत पाँच वर्षमा यस क्षेत्रको औसत वृद्धिदर ३.३ प्रतिशत रहेको थियो।

१.३१ आर्थिक वर्ष २०६८/६९ मा द्वितीय क्षेत्र (औद्योगिक उत्पादन, विद्युत, ग्याँस तथा पानी र निर्माण) को उत्पादनमा अघिल्लो आर्थिक वर्षको तुलनामा १.६ प्रतिशतले मात्र वृद्धि हुने प्रारम्भिक अनुमान छ। यस क्षेत्र अन्तर्गत औद्योगिक उत्पादनको वृद्धिदरमा आएको कमी र निर्माण उपक्षेत्रको ऋणात्मक वृद्धिदरले गर्दा यस क्षेत्रको उत्पादन वृद्धिदर गत आर्थिक वर्षको वृद्धिदरभन्दा कम हुन गएको हो। आर्थिक वर्ष २०६७/६८ मा यस क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहेको थियो भने विगत ५ वर्षको औसत वृद्धिदर २.४ प्रतिशत मात्र रहेको थियो।

१.३२ सेवासँग सम्बन्धित क्रियाकलापको बाहुल्यता रहेको तृतीय क्षेत्र (व्यापार, होटल तथा रेष्टुरेन्ट, यातायात, सञ्चार, वित्तीय मध्यस्थता, घरजग्गाको कारोबार, सार्वजनिक प्रशासन र रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा) को उत्पादन वृद्धिदरमा चालु आर्थिक वर्षमा वृद्धि भएको छ। आर्थिक वर्ष २०६७/६८ मा यस क्षेत्रको उत्पादन अघिल्लो वर्षको तुलनामा ३.६ प्रतिशतले मात्र बढेकोमा चालु आर्थिक वर्षमा ५.१ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान छ। यस क्षेत्रको विगत ५ वर्षको औसत वृद्धिदर ५.४५ प्रतिशत रहेको थियो।

कुल गार्हस्थ उत्पादनको संरचना

१.३३ नेपाली अर्थतन्त्रको संरचनामा क्रमशः परिर्वतन आइरहेको देखिन्छ। कुल गार्हस्थ उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्ने र सेवा क्षेत्रको योगदान बढ्ने प्रवृत्ति देखिएको छ। क्षेत्रगत आधारमा हेर्दा प्रचलित मूल्यमा चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा प्राथमिक क्षेत्रको योगदान ३५.६८ प्रतिशत हुने अनुमान गरिएको छ। यो योगदान गत आर्थिक वर्षभन्दा १.७५ प्रतिशत विन्दुले कम हो। आर्थिक वर्ष २०५७/५८ मा यो क्षेत्रको योगदान ३७.०१ प्रतिशत रहेकोमा त्यसपछिका वर्षहरूमा क्रमशः ह्रास आएको थियो। तर आर्थिक वर्ष २०६७/६८ मा भने यस क्षेत्रको योगदानमा वृद्धि हुनपुग्यो। विगत पाँच वर्षको कुल गार्हस्थ उत्पादनमा यो क्षेत्रको औसत योगदान ३४.४३ प्रतिशत रहेको थियो। चालु वर्ष कृषिको उत्पादनमा वृद्धि भए तापनि सेवा क्षेत्रमा भएको वृद्धिले गर्दा यसको योगदानमा कमी देखिएको हो।

१.३४ कुल गार्हस्थ उत्पादनमा द्वितीय क्षेत्रको योगदानमा क्रमशः ह्रास आइरहेको छ। आर्थिक वर्ष २०५७/५८ मा प्रचलित मूल्यमा यो क्षेत्रको योगदान १६.८६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा १४.०२ प्रतिशतमा सीमित रहने अनुमान छ। गत आर्थिक वर्षमा यो क्षेत्रको योगदान १४.२९ प्रतिशत थियो। यस आर्थिक वर्षमा उद्योग तथा निर्माणका क्षेत्रमा आएको ह्रासले गर्दा यो क्षेत्रको योगदानमा कमी आउन गएको हो। विगत पाँच वर्षको अवधिमा कुल गार्हस्थ उत्पादनमा यो क्षेत्रको औसत योगदान १५.३१ प्रतिशत रहेको थियो।

१.३५ कुल गार्हस्थ उत्पादनमा तृतीय क्षेत्रको योगदान भने क्रमशः बढ्दै गएको छ. आर्थिक वर्ष २०५७/५८ मा यो क्षेत्रको योगदान प्रचलित मूल्यमा ४६.१३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा ४८.२८ प्रतिशत हुन पुग्यो। चालु आर्थिक वर्ष २०६८/६९ मा भने यो क्षेत्रको योगदानमा गत वर्षको भन्दा २.०३ प्रतिशत विन्दुले बढी ५०.३१ प्रतिशत पुग्ने अनुमान छ। सेवाक्षेत्रका सबै उपसमूहहरूको उत्पादनमा वृद्धि भएकोले कुल गार्हस्थ उत्पादनमा यो क्षेत्रको योगदान बढेको हो।

१.३६ कुल गार्हस्थ उत्पादनलाई कृषि र गैरकृषि क्षेत्र गरी दुई भागमा वर्गीकरण गर्दा कृषि क्षेत्रको योगदान घट्दो क्रममा छ भने गैरकृषि क्षेत्रको योगदानमा केही वृद्धि हुन गएको छ। आर्थिक वर्ष २०५७/५८ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ३५.१ प्रतिशत रहने अनुमान छ। यस्तो योगदान गत आर्थिक वर्ष २०६७/६८ मा ३६.९ प्रतिशत रहेको थियो। विगत पाँच वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको औसत योगदान ३३.९ प्रतिशत मात्र रहेको छ। विगत पाँच वर्षको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०६४/६५ मा कृषि क्षेत्रको योगदान सबैभन्दा कम अर्थात् ३१.७ मात्र रहेको देखिन्छ भने सबैभन्दा बढी गत आर्थिक वर्षमा रहेको देखिन्छ। चालु आर्थिक वर्षमा कृषि उत्पादनमा वृद्धि भएतापनि गैर कृषितर्फ सेवा क्षेत्रको उत्पादनमा धेरै नै वृद्धि भएकाले यस क्षेत्रको योगदानमा कमी देखिन गएको हो।

उपभोग

१.३७ कुल गार्हस्थ उत्पादनलाई खर्चतर्फबाट विश्लेषण गर्दा उपभोगको अंशमा वृद्धि हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०५७/५८ मा प्रचलित मूल्यमा कुल गार्हस्थ उत्पादनमा उपभोगको अंश ८८.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा ९१.४ प्रतिशत र चालु आर्थिक वर्ष २०६८/६९ मा ९० प्रतिशत रहेको छ। क्षेत्रगतरूपमा हेर्दा निजी क्षेत्रको उपभोगको अंश आर्थिक वर्ष २०५७/५८ मा ७९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष २०६८/६९ मा ७८ प्रतिशतमा झरेको छ। गत आर्थिक वर्षमा यो अंश ८० प्रतिशत रहेको थियो। सरकारी उपभोगको अंश भने आर्थिक वर्ष २०५७/५८ मा ८.१ रहेकोमा चालु आर्थिक वर्ष २०६८/६९ मा १०.२ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०६७/६८ मा सरकारी उपभोगको अंश ९.६ प्रतिशत थियो।

१.३८ निजी क्षेत्रको उपभोगको अंश ८६.४ प्रतिशत छ जवकि जुन आर्थिक वर्ष २०५७/५८ मा ८९.५ प्रतिशत थियो। चालु आर्थिक वर्षमा कुल उपभोगमध्ये सरकारी उपभोग ११.४ प्रतिशत र गैर नाफामूलक संस्थाहरूको उपभोग १.९ प्रतिशत रहेको छ। निजी उपभोगर्तफ पनि खाद्यान्नको उपभोगको अंश बढी छ। कुल निजी उपभोगमा खाद्यवस्तुको अंश आर्थिक वर्ष २०५७/५८ मा ५९ प्रतिशत रहेकोमा क्रमशः बढ्दै चालु आर्थिक वर्षमा ६२.७ प्रतिशत पुगेको छ। गत वर्ष पनि

यस्तो अंश ६२.७ प्रतिशत नै थियो। सेवा क्षेत्रको उत्पादनमा वृद्धि भएपनि कुल उपभोगमा सेवाको अंशमा भने कमी आएको छ। आर्थिक वर्ष २०५७/५८ मा कुल निजी उपभोगमा सेवाको अंश १२.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो अंश ११ प्रतिशतमा झरेको छ। प्रचलित मूल्यमा चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा घरायसी तर्फको उपभोग खर्च गत आर्थिक वर्षको तुलनामा १.७ प्रतिशत विन्दुले घटी ८३.३ प्रतिशत पुगेको छ।

१.३९ आर्थिक वर्ष २०५७/५८ को मूल्यमा आर्थिक वर्ष २०६८/६९ को कुल उपभोग खर्चमा गत आर्थिक वर्षको तुलनामा ३.६ प्रतिशतले वृद्धि भई कुल रू. ६ खर्व ९ अर्ब पुग्ने अनुमान रहेको छ। सोमध्ये सरकारी उपभोग खर्चमा १२.५ प्रतिशत र निजी उपभोग खर्चमा २.६ प्रतिशत वृद्धि भई क्रमशः रू. ६५ अर्ब ४८ करोड र रू. ५ खर्ब ३० अर्ब पुग्ने अनुमान गरिएको छ। निजी उपभोगतर्फ गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खाद्यान्नको खर्चमा २.९ प्रतिशत, गैर खाद्यान्नको खर्चमा २.७ प्रतिशत र सेवाको खर्चमा १.१ प्रतिशत वृद्धि भई क्रमशः रू. २ खर्ब ९५ अर्ब, रू. १ खर्ब ६५ अर्ब र रू. ७० अर्ब २८ करोड पुग्ने अनुमान छ। निजी क्षेत्रको कुल उपभोग खर्चमा खाद्यान्नको ५५.६ प्रतिशत, गैर खाद्यान्नको ३१.१ प्रतिशत र सेवाको १३.२ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षमा क्रमशः ५५.५ प्रतिशत, ३१.१ प्रतिशत र १३.४ प्रतिशत रहेको थियो।

१.४० कुल गार्हस्थ उत्पादनमा खुद निर्यातको अंश आर्थिक वर्ष २०५७/५८ मा १०.७ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्ष २०६८/६९ मा २२.८ प्रतिशत ले ऋणात्मक रहेको छ। गत आर्थिक वर्षमा यस्तो अंश २३.९ प्रतिशत थियो। यसले गर्दा व्यापार घाटा बढ्दै गएको र कुल गार्हस्थ उत्पादनमा व्यापार घाटाको अंश बढ्दै गएको छ।

१.४१ चालु आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवाको आयातको अंश ३२.६ प्रतिशत रहेको छ। यसैगरी कुल गार्हस्थ उत्पादनमा वस्तु र सेवाको निर्यातको अंशमा पनि ठूलो गिरावट आएको छ। आर्थिक वर्ष २०५७/५८ मा यस्तो अंश २२.६ प्रतिशत रहेकोमा गत आर्थिक वर्षमा ८.९ प्रतिशत र चालु आर्थिक वर्षमा ९.८ प्रतिशत मात्र रहेको छ। यसले हाम्रो निर्यात व्यापारमा ठूलो ह्रास आएको इङ्गित गर्दछ।

बचत

१.४२ कुल गार्हस्थ उत्पादनमा कुल गार्हस्थ बचतको अंश चालु आर्थिक वर्षमा गत वर्षको भन्दा केही वृद्धि भई ९.९८ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०५७/५८ मा यस्तो अंश ११.६६ प्रतिशत थियो भने आर्थिक वर्ष २०६६/६७ मा ११.५२ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा कुल गार्हस्थ बचत प्रचलित मूल्यमा रू. १ खर्ब ५५ अर्ब हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो बचत रू. १ खर्ब १८ अर्ब थियो।

कुल गार्हस्थ उत्पादनमा कुल राष्ट्रिय बचतको अंश चालु आर्थिक वर्षमा ३६.६ प्रतिशत पुगेको छ । गत वर्ष यस्तो अंश ३१.६ प्रतिशत थियो । चालु आर्थिक वर्षमा कुल राष्ट्रिय बचत रू. ५ खर्ब ७१ अर्ब पुगेको अनुमान छ । यस्तो बचत गत वर्ष रू. ४ खर्ब ३३ अर्ब रहेको थियो ।

पुँजी निर्माण तथा लगानी

१.४३ आर्थिक वर्ष २०६८/६९ मा प्रचलित मूल्यमा कुल पुँजी निर्माणमा १४.६ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब १० अर्ब ५९ करोड पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा पुँजी निर्माण अघिल्लो वर्षको तुलनामा २.६ प्रतिशतले घटी रू. ४ खर्ब ४५ अर्ब ३२ करोड मात्र भएको थियो । यसैगरी चालु अर्थिक वर्षमा कुल स्थिर पुँजी निर्माण ५.१ प्रतिशतले बढी रू. ३ खर्ब ५ अर्ब ६८ करोड पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा कुल स्थिर पुँजी निर्माणमा ९.७ प्रतिशतले वृद्धि भई २ खर्ब ९० अर्ब ६९ करोड पुगेको थियो ।

१.४४ आर्थिक वर्ष २०५७/५८ को स्थिर मूल्यमा आर्थिक वर्ष २०६८/६९ मा कुल पुँजी निर्माण अघिल्लो वर्षभन्दा १.२ प्रतिशतले बढेर रू. २ खर्ब २२ अर्ब ६४ करोड पुगेको र कुल स्थिर पुँजी निर्माण अघिल्लो वर्षभन्दा ४.९ प्रतिशतले घटेर रू. १ खर्ब २१ अर्ब ३१ करोड पुगेको अनुमान छ । आर्थिक वर्ष २०६७/६८ मा कुल पुँजी निर्माण अघिल्लो वर्षभन्दा ८.६ प्रतिशतले र कुल स्थिर पुँजी निर्माण ०.२ प्रतिशतले घटेर क्रमशः रू. २ खर्ब २० अर्ब ६९ करोड र १ खर्ब २७ अर्ब ५६ करोड पुगेको थियो । गत आर्थिक वर्षमा कुल पुँजी निर्माणमा कुल स्थिर पुँजी निर्माणको अंश ५७.९ प्रतिशत रहेकोमा चालु वर्ष ५४.५ प्रतिशतमात्र हुने अनुमान छ ।

१.४५ चालु आर्थिक वर्ष २०६८/६९ मा कुल गार्हस्थ उत्पादनमा कुल लगानीको अंश ३२.८ प्रतिशत पुग्ने अनुमान छ । यस्तो अंश आर्थिक वर्ष २०५७/५८ मा २२.३ प्रतिशत र गत आर्थिक वर्षमा ३२.५ प्रतिशत रहेको थियो । यसमध्ये कुल स्थिर पुँजी निर्माणको अंश आर्थिक वर्ष २०५७/५८ मा १९.२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा बढी १९.६ प्रतिशत पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा भने यस्तो अंश २१.२ प्रतिशत रहेको थियो । कुल पुँजी निर्माणको बाँकी अंश भने मौज्दात परिवर्तन (तथ्याङ्कीय त्रुटिसमेत) को रहेको छ । चालु आर्थिक वर्षको कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान ७७.९७ प्रतिशत र सरकारी क्षेत्रको योगदान २२.०३ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०५७/५८ मा यस्तो योगदान क्रमशः ७८.६९ प्रतिशत र २१.३१ प्रतिशत रहेको थियो भने गत आर्थिक वर्षमा क्रमशः ७६.९९ प्रतिशत र २३.०१ प्रतिशत रहेको थियो ।

प्रतिव्यक्ति आय

१.४६ नेपालीको प्रतिव्यक्ति आयमा वृद्धि भएको छ। प्रचलित मूल्यमा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १२.२ प्रतिशतले बढी रू. ५७ हजार ७ सय २६ पुगेको छ। यसैगरी कुल राष्ट्रिय आयमा १२.७ प्रतिशतले वृद्धि भई ५८ हजार २ सय ७४ पुगेको छ। आर्थिक वर्ष २०५७।५८ को स्थिर मूल्यमा भने प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा क्रमशः ३.२ प्रतिशत र ३.३ प्रतिशतले वृद्धि भई रू. २४ हजार ९ सय ८ र रू. २५ हजार ३ सय ९३ पुगेको छ।

कुल राष्ट्रिय खर्चयोग्य आय

१.४७ विगत केही वर्षयता नेपालको कुल राष्ट्रिय खर्चयोग्य आय बढिरहेको छ। प्रचलित मूल्यमा आर्थिक वर्ष २०६८/६९ मा यस्तो आय गत वर्षको तुलनामा १७.२ प्रतिशतले वृद्धि भई रू. १९ खर्ब ७४ अर्ब पुग्ने अनुमान छ। केही वर्षदेखि विप्रेषण आयमा भएको वृद्धिले कुल राष्ट्रिय खर्चयोग्य आयमा वृद्धि भएको हो। यसैगरी प्रचलित मूल्यमा चालु आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन गत वर्षको तुलनामा १३.८ प्रतिशतले बढी रू. १५ खर्ब ५८ अर्ब पुग्ने अनुमान छ। अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा कुल खर्चयोग्य आयमा १३.४ प्रतिशतले र कुल गार्हस्थ उत्पादनमा १४.७ प्रतिशतले वृद्धि भई क्रमशः रू. १६ खर्ब ८५ अर्ब र रू. १३ खर्ब ६९ अर्ब पुगेको थियो।

१.४८ कुल राष्ट्रिय खर्चयोग्य आयलाई आधार मान्दा चालु आर्थिक वर्ष २०६८/६९ मा कुल उपभोग अनुपात ७१.१ प्रतिशत र कुल राष्ट्रिय बचत अनुपात २८.९ प्रतिशत हुनआउँछ। आर्थिक वर्ष २०६७/६८ मा यस्तो अनुपात क्रमशः ७४.२ र २५.३ प्रतिशत रहेको थियो। गत आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन, कुल राष्ट्रिय आय, कुल राष्ट्रिय खर्चयोग्य आय, कुल गार्हस्थ बचत र कुल राष्ट्रिय बचत सबैको वृद्धिदर घटेकोमा चालु आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन र कुल राष्ट्रिय आयबाहेक अरू सबैको वृद्धिदर बढ्ने देखिन्छ। यस वर्ष कुल गार्हस्थ उत्पादनमा उपभोग खर्चको अंश गत वर्षभन्दा कम भएकोले बचतमा वृद्धि हुनजाने देखिएको हो।

२. सरकारी वित्त

२. सरकारी वित्त

सरकारी वित्तको स्वरूप

२.१ आर्थिक वर्ष २०६७/६८ मा नेपाल सरकारको कुल खर्च रू. २ खर्ब ९५ अर्ब ३६ करोड रहेको थियो । यसमध्ये चालु खर्च ५७.७ प्रतिशत रह्यो भने पुँजीगत खर्च ३६.५ प्रतिशत र साँवा भुक्तानी वापतको खर्च ५.८ प्रतिशत थियो । विगतका वर्षहरूको खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६२/६३ सम्म कुल खर्चमा चालु खर्चको अंश ६० देखि ६२ प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका वर्षहरूमा यसको अनुपातमा केही ह्रास आएको देखिन्छ । सार्वजनिक वित्त व्यवस्थापनका दृष्टिले यी दुवै सकारात्मक प्रवृत्ति हुन् । कुल खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६२/६३ सम्मको अवधिमा २६ प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका वर्षहरूमा क्रमशः सुधार भई आर्थिक वर्ष २०६७/६८ मा ३६.५ प्रतिशत पुगेको छ । त्यस्तै, राजस्व परिचालनबाट आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६७/६८ सम्म कुल खर्च ६३ प्रतिशतदेखि करिब ७० प्रतिशतसम्म धानिने गरेको पाइन्छ । यो अवधिमा कुल राजस्व औसत १७.५ प्रतिशतले बढेको देखिन्छ भने कुल खर्चको औसत वृद्धिदर १७.३ प्रतिशत रहेको देखिन्छ ।

तालिका २ (क) : कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरूको अनुपात

(प्रतिशतमा)

विवरण	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
खर्च	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०
चालु खर्च	६२.०	६२.१	६०.१	६०.४	५७.७	५६.७	५८.२	५८.२	५७.७
पुँजीगत खर्च	२६.६	२५.८	२६.७	२६.७	२९.७	३३.२	३३.३	३४.७	३६.५
साँवा भुक्तानी खर्च	११.४	१२.१	१३.२	१२.९	१२.५	१०.२	८.६	७.१	५.८
सरकारी आय	८०.४	८२.३	८२.४	७७.७	७७.५	७९.३	७७.३	८४.१	८३.२
राजस्व	६६.९	६९.७	६८.४	६५.२	६५.७	६६.७	६५.३	६९.३	६७.७
वैदेशिक अनुदान	१३.५	१२.६	१४.०	१२.५	११.८	१२.६	१२.०	१४.८	१५.५
बचत (–)/न्यून (–)	-१९.६	-१७.७	-१७.६	-२२.३	-२२.५	-२०.७	-२२.७	-१५.९	-१६.८
वैदेशिक ऋण	५.४	८.५	९.०	७.४	७.५	५.६	४.५	४.३	४.१
आन्तरिक ऋण	१०.६	६.३	८.७	१०.७	१३.४	१२.७	८.४	११.५	१४.४
मौज्दात परिवर्तन (–) बचत	३.६	२.९	-०.२	४.३	१.६	२.४	९.८	०.०२	-१.७

स्रोत : महालेखा नियन्त्रकको कार्यालय ।

२.२ आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६७/६८ सम्मको अवधिमा न्यून वित्त औसत १६.५ प्रतिशतका दरले बढेको देखिन्छ । कुल खर्चमा न्यून वित्तको अंश आर्थिक वर्ष २०५९/६० को १९.६ प्रतिशतबाट क्रमिकरूपमा घट्दै आर्थिक वर्ष २०६१/६२ मा १७.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा १६.८ प्रतिशत रहन पुग्यो । न्यून वित्त व्यहोर्ने स्रोतहरूमा आन्तरिक ऋणको योगदान उच्चतम रहने गरेको छ । आर्थिक वर्ष २०५९/६० मा आन्तरिक ऋणले न्यून वित्तको ५४.० प्रतिशत अंश ओगटेकोमा आर्थिक वर्ष २०६७/६८ मा यो अंश ८५.७ प्रतिशतसम्म पुगेको छ । वैदेशिक ऋणबाट समेत नपुग हुन आएको रकम मौज्दात परिवर्तनको न्यूनतामा प्रतिविम्बित हुन्छ ।

२.३ आर्थिक वर्ष २०६६/६७ को तुलनामा कुल गार्हस्थ उत्पादनको अनुपातमा आर्थिक वर्ष २०६७/६८ मा कुल खर्च र राजस्व दुवै घटेका छन् । सरकारी खर्चको कुल गार्हस्थ उत्पादन सँगको अनुपात आर्थिक वर्ष २०६६/६७ मा २२.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा २१.६ प्रतिशत रहेको छ । राजस्व अनुपात १४.६ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०६६/६७ मा १५.४ प्रतिशत थियो । कुल खर्च र राजस्व परिचालन बीचको अन्तर आर्थिक वर्ष २०६६/६७ को ६.८ प्रतिशतबाट बढेर आर्थिक वर्ष २०६७/६८ मा ७.० प्रतिशतमा पुगेको छ ।

तालिका २ (ख) : कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात

(प्रतिशतमा)

विवरण	आर्थिक वर्ष								
	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
चालु खर्च	१०.६	१०.३	१०.५	१०.२	१०.६	११.२	१२.९	१२.९	१२.४
पुँजीगत खर्च	४.५	४.३	४.६	४.५	५.५	६.६	७.४	७.७	७.९
साँवा भुक्तानी खर्च	१.९	२.०	२.३	२.२	२.३	२.०	१.९	१.६	१.३
कुल खर्च	१७.१	१६.७	१७.४	१७.०	१८.४	१९.८	२२.२	२२.२	२१.६
राजस्व परिचालन	११.४	११.६	११.९	११.१	१२.१	१३.२	१४.५	१५.४	१४.६
खर्च र राजस्व बीचको अन्तर	५.६	५.१	५.५	५.९	६.३	६.६	७.७	६.८	७.०

स्रोत: महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।

२.४ राजस्व बचतलाई पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने दीगो स्रोतको रूपमा लिने गरिन्छ । आर्थिक वर्ष २०६६/६७ मा पुँजीगत तथा साँवा भुक्तानी खर्चसँग राजस्व बचतको अनुपात २६.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा २३.६ प्रतिशत पुगेको छ । यो अनुपात अघिल्लो आर्थिक वर्षको तुलनामा ३.० प्रतिशत विन्दुले कम रहेको छ । पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरूमध्ये आर्थिक वर्ष २०६७/६८ मा वैदेशिक अनुदानको अंश आर्थिक वर्ष २०६६/६७ को तुलनामा १.२ प्रतिशत विन्दुले वृद्धि भई ३६.७ प्रतिशत पुगेको छ । साथै, न्यून वित्त परिचालनको यस्तो अनुपात आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा १.८ प्रतिशत विन्दुले वृद्धि भई ३९.७ प्रतिशत रहेको छ ।

तालिका २ (ग) : पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्ति गर्ने स्रोतहरू

(रकम रू. करोडमा)

शीर्षक	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
कुल पुँजीगत तथा साँवा भुक्तानी खर्च	३३८९.०५	४०८७.४०	४३८७.१४	५६४८.२२	६९९०.३०	९१९२.३०	१०८६७.००	१२५०६.८०
क. पुँजीगत खर्च	२३०९.५६	२७३४.०७	२९६०.६६	३९७२.९९	५३५१.६१	७३०८.८९	९०२३.७७	१०७८४.७५
ख. साँवा भुक्तानी	१०७९.४९	१३५३.३३	१४२६.४८	१६७५.२३	१६३८.६९	१८८३.४१	१८४३.२३	१७२२.०५


शीर्षक	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
खर्च								
खर्च व्यहोर्ने स्रोतहरू (प्रतिशतमा)								
क. राजस्व बचत	२०.०	२०.६	१२.०	१८.७	२३.१	१७.१	२६.६	२३.६
ख. वैदेशिक अनुदान	३३.३	३५.२	३१.५	२८.०	२९.१	२८.७	३५.५	३६.७
ग. न्यून वित्त परिचालन	४६.७	४४.२	५६.५	५३.३	४७.८	५४.२	३७.९	३९.७
अ. वैदेशिक ऋण	(२२.५)	(२२.७)	(१८.८)	(१७.८)	(१२.९)	(१०.८)	(१०.३)	(९.७)
आ.आन्तरिक ऋण	(१६.५)	(२१.९)	(२६.९)	(३१.७)	(२९.३)	(२०.०)	(२७.५)	(३४.०)
इ. मौज्दात परिवर्तन	(७.७)	(०.४)	(१०.८)	(३.८)	(५.६)	(२३.३)	(०.१)	(४.०)

स्रोत: महालेखा नियन्त्रकको कार्यालय ।

२.५ न्यून वित्त परिचालनका स्रोतहरूमध्ये आर्थिक वर्ष २०६७/६८ मा सरकारी खर्च पूर्तिको स्रोतमा वैदेशिक ऋणको अंश ९.७ प्रतिशत, आन्तरिक ऋणको अंश ३४.० प्रतिशत छ भने मौज्दात परिवर्तनको अंशमा ४.० प्रतिशतले कमि आएको छ । साथै, वैदेशिक ऋणको अंश आर्थिक वर्ष २०६१/६२ देखि आर्थिक वर्ष २०६३/६४सम्म उल्लेख्य थियो । आर्थिक वर्ष २०६७/६८ मा पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरूमध्ये राजस्व बचतको अंश २३.६ प्रतिशत, वैदेशिक अनुदानको अंश ३६.७ प्रतिशत र न्यून वित्त परिचालनको अंश ३९.७ प्रतिशत रहेको छ । राजस्व बचतको अंश आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा ३.० प्रतिशत विन्दुले कमी छ भने वैदेशिक अनुदानको अंश १.२ प्रतिशत विन्दुले बढी छ ।

सरकारी वित्त

२.६ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६६/६७ मा कुल सरकारी खर्च १८.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६७/६८ मा १३.७ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये चालु खर्च आर्थिक वर्ष २०६६/६७ मा १८.२ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६७/६८ मा १२.८ प्रतिशतले वृद्धि भएको छ । पुँजीगत खर्च आर्थिक वर्ष २०६६/६७ मा २३.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६७/६८ मा १९.५ प्रतिशतले वृद्धि भएको छ । साँवा भुक्तानी खर्च भने आर्थिक वर्ष २०६६/६७ मा २.१ प्रतिशतले घटेकोमा आर्थिक वर्ष २०६७/६८ मा ६.६ प्रतिशतले घटेको छ ।



२.७ आर्थिक वर्ष २०६७/६८ मा कुल सरकारी खर्च रू. २ खर्ब ९५ अर्ब ३६ करोड ३४ लाख

भएको देखिन्छ । यो खर्च व्यहोर्ने स्रोतहरूमा राजस्व परिचालन ६७.७ प्रतिशत, वैदेशिक अनुदान १५.५ प्रतिशत, वैदेशिक ऋण ४.१ प्रतिशत, आन्तरिक ऋण १४.४ प्रतिशत र मौज्दात परिवर्तन (१.७) प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६६/६७ मा भएको कुल सरकारी खर्च रू. २ खर्ब ५९ अर्ब ६८ करोड ९१ लाखमध्ये राजस्व परिचालनबाट ६९.३ प्रतिशत, वैदेशिक अनुदानबाट १४.८ प्रतिशत, वैदेशिक ऋणबाट ४.३ प्रतिशत, आन्तरिक ऋणबाट ११.५ प्रतिशत र मौज्दात परिवर्तनबाट ०.०२ प्रतिशत व्यहोरिएको थियो ।

चालु खर्च

२.८ आर्थिक वर्ष २०६७/६८ मा चालु खर्च रू. १ खर्ब ७० अर्ब २९ करोड ५४ लाख पुगेको छ । यो रकम अघिल्लो आर्थिक वर्षको भन्दा १२.८ प्रतिशत बढी हो । आर्थिक वर्ष २०६६/६७ मा चालु खर्च रू. १ खर्ब ५१ अर्ब १ करोड ९१ लाख रहेको थियो । चालु खर्चमध्ये आर्थिक वर्ष २०६७/६८ मा संवैधानिक अंगहरूको खर्चको अंश १.४ प्रतिशत, साधारण प्रशासनको अंश १३.० प्रतिशत, राजस्व तथा आर्थिक प्रशासनको अंश १.१ प्रतिशत, आर्थिक प्रशासन र योजनाको अंश ०.८ प्रतिशत, न्याय प्रशासनको अंश ०.७ प्रतिशत तथा वैदेशिक सेवाको अंश १.१ प्रतिशत रहेको छ । त्यस्तै, रक्षा खर्चको अंश १०.२ प्रतिशत, सामाजिक सेवाको अंश ४१.४ प्रतिशत, आर्थिक सेवाहरूको अंश १०.४ प्रतिशत, साँवा ब्याज भुक्तानीको अंश ७.५ प्रतिशत र विविध खर्चको अंश १२.३ प्रतिशत रहेको छ ।

२.९ चालु खर्चमध्ये आर्थिक वर्ष २०६७/६८मा सबैभन्दा बढी खर्च (रू. ७० अर्ब ५४ करोड १७ लाख) शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास र अन्य सामाजिक सेवामा भएको छ । यसैगरी, अन्य प्रमुख चालु खर्चहरूमध्ये साधारण प्रशासनमा रू. २२ अर्ब २० करोड ९० लाख खर्च भएको छ भने रक्षातर्फ रू. १७ अर्ब ४१करोड ३ लाख र आर्थिक सेवाहरूमा रू. १७ अर्ब ७८ करोड ९२ लाख खर्च भएको छ । सोही आर्थिक वर्षमा साँवाको ब्याज भुक्तानीतर्फ रू. १२ अर्ब ७३ करोड ७१ लाख खर्च भएको छ ।

२.१० प्रमुख चालु खर्चहरूको विश्लेषण गर्दा आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा सामाजिक सेवातर्फको खर्च १३.१ प्रतिशतले वृद्धि भएको देखिन्छ भने रक्षातर्फ ५.० प्रतिशत, साधारण प्रशासनतर्फ १३.५ प्रतिशत, न्याय प्रशासनतर्फ ७.१ प्रतिशत, वैदेशिक सेवातर्फ ३१.२ प्रतिशत, आर्थिक सेवातर्फ १९.२ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासनतर्फ २७.७ प्रतिशतले वृद्धि भएको छ भने विविध खर्चतर्फ २.७ प्रतिशतले ह्रास भएको देखिन्छ । यस्तै, संवैधानिक अंगतर्फको खर्चमा भने ५४.० प्रतिशतले वृद्धि भएको छ । आर्थिक प्रशासन र योजनातर्फ १७४.५ प्रतिशतले खर्च बढेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा ब्याज भुक्तानीतर्फको खर्च भने २७.६ प्रतिशतले बढेको देखिएको छ ।

पुँजीगत खर्च

२.११ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा पुँजीगत खर्च १९.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ७ अर्ब ८१ करोड ७४ लाख पुगेको छ । आर्थिक वर्ष २०६६/६७ मा यस्तो खर्च रू. ९० अर्ब २३ करोड ७७ लाख रहेको थियो । आर्थिक वर्ष

२०६७/६८ मा पुँजीगत खर्च अन्तर्गतका प्रमुख खर्चहरूमध्ये आर्थिक सेवामा रू. ४५ अर्ब ६१ करोड ५३ लाख, सामाजिक सेवामा रू. ४५ अर्ब ५९ करोड ११ लाख र रक्षातर्फ रू. १ अर्ब ३० करोड २५ लाख खर्च भएको छ। त्यस्तै, साधारण प्रशासनतर्फ रू. १ अर्ब, ७७ करोड, ६२ लाख, न्याय प्रशासनतर्फ रू. १२ करोड ७ लाख, ऋण तथा लगानी तर्फ रू. ८ अर्ब ९८ करोड ४६ लाख, संवैधानिक अंगहरूतर्फ रू. १० करोड ५३ लाख, राजस्व तथा आर्थिक प्रशासनतर्फ ३५ करोड ९६ लाख, आर्थिक प्रशासन र योजनातर्फ रू. १६ करोड ९२ लाख, वैदेशिक सेवातर्फ रू. ११ करोड ३५ लाख र विविधतर्फ रू. ३ अर्ब ५९ करोड ५६ लाख खर्च भएको छ। पुँजीगत खर्चको अंशमा आर्थिक सेवा ४२.३ प्रतिशत, सामाजिक सेवा ४२.३ प्रतिशत, रक्षा १.२ प्रतिशत, साधारण प्रशासन १.६ प्रतिशत, न्याय प्रशासन ०.३ प्रतिशत, ऋण तथा लगानी ८.३ प्रतिशत, संवैधानिक अंगहरू ०.१ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासन ०.३ प्रतिशत, आर्थिक प्रशासन र योजना ०.२ प्रतिशत, वैदेशिक सेवा ०.१ प्रतिशत र विविध ३.२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६६/६७ मा भएको पुँजीगत खर्चसँग तुलना गर्दा आर्थिक वर्ष २०६७/६८ मा सामाजिक सेवातर्फ २४.९ प्रतिशत, आर्थिक सेवातर्फ ६.२ प्रतिशत र रक्षातर्फ ३७.७ प्रतिशतले र न्याय प्रशासनतर्फको खर्च १०.० प्रतिशतले वृद्धि भएको छ भने राजस्व तथा आर्थिक प्रशासनतर्फ ८.३ प्रतिशतले, साधारण प्रशासनतर्फ ११.५ प्रतिशत र संवैधानिक अंगतर्फको खर्च १५.४ प्रतिशतले घटेको छ।

साँवा भुक्तानी खर्च

२.१२ आर्थिक वर्ष २०६७/६८ मा साँवा भुक्तानी खर्च रू. १७ अर्ब २२ करोड ५ लाख पुगेको छ। यस्तो खर्च आर्थिक वर्ष २०६६/६७ मा रू. १८ अर्ब ४३ करोड २३ लाख थियो। आर्थिक वर्ष २०६७/६८ मा साँवा भुक्तानी खर्चमध्ये आन्तरिक ऋणको साँवा भुक्तानी खर्चको अंश ३४.९ प्रतिशत र बाह्य ऋणको साँवा भुक्तानी खर्चको अंश ६५.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा आन्तरिक ऋणको साँवा भुक्तानी खर्च २१.९ प्रतिशतले घटेको छ भने बाह्य ऋणको साँवा भुक्तानी खर्च ४.४ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्मको खर्चको स्थिति

२.१३ कुल नगद निकासा र चालु कोषको आधारमा आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल खर्चमा २०.१ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ७२ अर्ब ४० करोड २९ लाख पुगेको छ। आर्थिक वर्ष २०६७/६८ को सोही अवधिमा रू. १ खर्ब ४३ अर्ब ५४ करोड ८२ लाख खर्च भएको थियो। कुल खर्चमध्ये आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा चालु खर्च रू. १ खर्ब ३७ अर्ब ३ करोड ४९ लाख, पुँजीगत खर्च रू. १६ अर्ब १५ करोड ८३ लाख र साँवा भुक्तानी रू. १९ अर्ब २० करोड ९६ लाख खर्च भएको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा चालु खर्च रू. १ खर्ब ८ अर्ब ४१ करोड ८३ लाख, पुँजीगत खर्चतर्फ रू. २० अर्ब १८ करोड ६१ लाख र साँवा भुक्तानी रू. १४ अर्ब ९४ करोड ३८ लाख खर्च भएको थियो। यसरी, आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको

तुलनामा आर्थिक वर्ष २०६८/६९ को सोही अवधिमा चालु खर्च र साँवा भुक्तानी खर्च क्रमशः २६.४ प्रतिशत र २८.५ प्रतिशत ले वृद्धि भएका छन भने पुँजीगत खर्चमा २०.० प्रतिशतले कमी आएको छ ।

राजस्व

२.१४ राजस्व परिचालन, वैदेशिक अनुदान तथा ऋण, आन्तरिक ऋणको साथै नगद मौज्दात परिवर्तनलाई सरकारी खर्च जुटाउने वित्तीय संयन्त्रको रूपमा उपयोग गरिँदै आएको छ । आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा राजस्व परिचालन ११.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब ९९ अर्ब ८१ करोड ९० लाख पुगेको छ । आर्थिक वर्ष २०६६/६७ मा अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन २५.४ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६६/६७ मा कुल सरकारी खर्चको ६९.३ प्रतिशत राजस्व परिचालनबाट व्यहोरिएकोमा आर्थिक वर्ष २०६७/६८ मा कुल खर्चको ६७.७ प्रतिशत राजस्व परिचालनबाट व्यहोरिएको देखिन्छ ।

२.१५ कुल राजस्वमध्ये आर्थिक वर्ष २०६७/६८ मा कर राजस्वको अंश ८६.५ प्रतिशत रहेको छ भने गैरकर राजस्वको अंश १३.५ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६६/६७ मा कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमशः ८६.९ प्रतिशत र १३.१ प्रतिशत रहेको थियो ।

२.१६ आर्थिक वर्ष २०६७/६८ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व १०.५ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६६/६७ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व ३३.५ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६७/६८ मा कुल कर राजस्वमध्ये भन्सार महसुलको अंश २०.६ प्रतिशत रहेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करको अंश ५१.२ प्रतिशत रहेको छ । मालपोत तथा रजिष्ट्रेशनको अंश २.१ प्रतिशत र आय, नाफा र सम्पत्ति करको अंश २६.१ प्रतिशत रहेको देखिन्छ ।

२.१७ आर्थिक वर्ष २०६७/६८ मा कर राजस्वतर्फ भन्सार महसुल १.६ प्रतिशतले बढेको छ । सोही वर्ष वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर ११.४ प्रतिशत र आय, नाफा र सम्पत्ति कर २४.४ प्रतिशतले वृद्धि भएको छ । मालपोत तथा रजिष्ट्रेशन दस्तुर भने ३५.२ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०६७/६८ मा भन्सार महसुल अन्तर्गत पैठारी महसुल ५.१ प्रतिशतले बढेको देखिन्छ भने निकासी महसुल ६०.९ प्रतिशत र भारतीय अन्तःशुल्क फिर्ता १९.६ प्रतिशतले घटेको देखिन्छ । वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर अन्तर्गत अन्तःशुल्क ९.२ प्रतिशत र मूल्य अभिवृद्धि कर १२.३ प्रतिशतले वृद्धि भएको छ ।

२.१८ आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा गैरकर राजस्व १४.३ प्रतिशतले वृद्धि भई रू. २७ अर्ब ४ करोड ११ लाख पुगेको छ । कुल गैरकर राजस्वमध्ये आर्थिक वर्ष २०६७/६८ मा दस्तुर, दण्ड, जरिवाना र जफतको अंश ३७.७ प्रतिशत, सरकारी सेवा तथा वस्तुको बिक्रीबाट प्राप्त आयको अंश ६.० प्रतिशत, लाभांशको अंश ३१.९ प्रतिशत, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीको अंश ९.८ प्रतिशत, साँवा र

ब्याजको अंश ९.७ प्रतिशत र विविध गैरकर राजस्वको अंश ४.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६७/६८ मा गैरकर राजस्व अन्तर्गत फर्म रजिष्ट्रेशन दस्तुर ८.८ प्रतिशतले वृद्धि भएको छ भने प्रशासनिक दस्तुर, दण्ड, जरिवाना र जफत ८९.६ प्रतिशतले घट्न गएको छ। सेवामूलक संस्थातर्फको लाभांश १४.३ प्रतिशतले बढेको र अन्य सरकारी क्षेत्रको आयमा ८८.८ प्रतिशतले वृद्धि भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा गैरकर राजस्व अन्तर्गत कम्पनी र संस्थानहरूबाट प्राप्त हुने साँवा २७.० प्रतिशतले घटेको छ भने ब्याज १६६.७ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनाको राजस्वको स्थिति

२.१९ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल राजस्व रू. १ खर्ब ४३ अर्ब ८५ करोड ९४ लाख सङ्कलन भएको छ। आर्थिक वर्ष २०६७/६८ को सोही अवधिमा कुल राजस्व रू. १ खर्ब १७ अर्ब ३८ करोड १५ लाख सङ्कलन भएको थियो। यसरी, आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा राजस्व असुली गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २२.६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ को यस अवधिमा कुल राजस्वमध्ये रू. १ खर्ब २५ अर्ब १० करोड ८८ लाख कर राजस्व र रू. १८ अर्ब ७५ करोड ६ लाख गैरकर राजस्व सङ्कलन भएको छ। अघिल्लो आर्थिक वर्षको प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६८/६९ को सोही अवधिमा कर राजस्व १७.७ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्व ६८.८ प्रतिशतले बढेको छ।

२.२० आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा आयतमा लाग्ने भन्सार महसुल रू. २४ अर्ब ७६ करोड २५ लाख असुली भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने भन्सार महसुल निर्यात रू. ५० करोड ६ लाख असुली भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७१२.३ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस अवधिमा वस्तु तथा सेवामा आधारित कर रू. ५५ अर्ब ६९ करोड ४१ लाख असुली भई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.३ प्रतिशतले वृद्धि भएको छ भने बैदेशिक व्यापारमा आधारित कर १६.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा मूल्य अभिवृद्धि कर १९.७ प्रतिशतले वृद्धि भएको छ भन अन्तःशुल्क ११.६ प्रतिशतले वृद्धि भएको छ। यसैगरि आय, मुनाफा तथा पूँजिगत लाभमा लाग्ने कर गत आर्थिक बर्षको प्रथम आठ महिनामा २६.७ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा १८.४ प्रतिशतले वृद्धि भएको छ।

वैदेशिक सहायता

२.२१ आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा स्वीकृत वैदेशिक सहायता १०१.४ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६७/६८ मा ९.८ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा रू. ९६ अर्ब ६० करोड ९० लाख वैदेशिक सहायता स्वीकृत भएकोमा आर्थिक वर्ष २०६७/६८ मा रू. १ खर्ब, ६ अर्ब १० करोड ७ लाख स्वीकृत भएको छ। आर्थिक वर्ष २०६७/६८ को कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायता अन्तर्गत रू. ३१ अर्ब ८२ करोड ४० लाख र बहुपक्षीय सहायता

अन्तर्गत रू. ७४ अर्ब २७ करोड ६७ लाख रहेको छ। जसमध्ये वैदेशिक अनुदानतर्फ रू. ६४ अर्ब ७३ करोड ७८ लाख र वैदेशिक ऋणतर्फ रू. ४१ अर्ब ३६ करोड २९ लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६७/६८ मा अघिल्लो आर्थिक वर्षको तुलनामा स्वीकृत वैदेशिक सहायतामध्ये वैदेशिक अनुदान ७.९ प्रतिशतले घट्न गएको छ भने वैदेशिक ऋण ५७.० प्रतिशतले बढेको छ।

२.२२ आर्थिक वर्ष २०६७/६८ मा स्वीकृत वैदेशिक सहायता रकमलाई क्षेत्रअनुसार वर्गीकरण गरी हेर्दा कुल स्वीकृत वैदेशिक सहायतामध्ये कृषि, सिँचाइ र वन क्षेत्रको अंश ५.५ प्रतिशत, विद्युतको अंश १६.० प्रतिशत, ग्रामीण विकास क्षेत्रको अंश ५.१ प्रतिशत, शिक्षा क्षेत्रको अंश १३.३ प्रतिशत, स्वास्थ्य क्षेत्रको अंश १७.७ प्रतिशत, यातायात तथा सञ्चार क्षेत्रको अंश १०.७ प्रतिशत र अन्य क्षेत्रको अंश ३१.७ प्रतिशत रहेको छ।


अनुदान तथा ऋण

२.२३ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायता रू. ६१ अर्ब ११ करोड ४२ लाख रहन गई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.२ प्रतिशतले घटेको छ। कुल स्वीकृत वैदेशिक सहायतामध्ये समीक्षा अवधिमा वैदेशिक अनुदानतर्फ रू. ३० अर्ब २० करोड ४६ लाख (कुल सहायताको ४९.४ प्रतिशत) र वैदेशिक ऋणतर्फ रू. ३० अर्ब ९० करोड ९६ लाख (कुल सहायताको ५०.६ प्रतिशत) रहेको छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको अवधिमा कुल स्वीकृत वैदेशिक सहायता रू. ७२ अर्ब ९५ करोड ७५ लाखमध्ये अनुदानतर्फ रू. ४२ अर्ब ६४ करोड १६ लाख र ऋणतर्फ रू. ३० अर्ब ३१ करोड ५९ लाख गरी अनुदानको अंश ५८.४ प्रतिशत र ऋणको अंश ४१.६ प्रतिशत रहेको थियो।

प्रतिवद्धता तथा उपयोग

२.२४ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायताको अंश ६९.९ प्रतिशत र बहुपक्षीय सहायताको अंश ३०.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६७/६८ को सोही अवधिमा स्वीकृत द्विपक्षीय सहायता र बहुपक्षीय सहायताको अंश क्रमशः ३४.३ प्रतिशत र ६५.७ प्रतिशत रहेको थियो। स्वीकृत वैदेशिक सहायताको क्षेत्रगत विश्लेषण गर्दा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा विद्युत क्षेत्रमा रू. २१ अर्ब ४५ करोड ३० लाख (३५.१ प्रतिशत), शिक्षा क्षेत्रमा रू. ८ अर्ब ६८ करोड ९३ लाख (१४.२ प्रतिशत), ग्रामीण विकास क्षेत्रमा रू. ३ अर्ब ३९ करोड ५३ लाख (५.६ प्रतिशत), पिउने पानी तथा ढल निकास क्षेत्रमा रू. ६ अर्ब २४ करोड (१०.२ प्रतिशत), कृषि, सिँचाइ र वन क्षेत्रमा रू. ८ अर्ब ५ करोड ७५ लाख (१३.२ प्रतिशत), स्वास्थ्य क्षेत्रमा रू. १ अब ५० करोड ७० लाख (२.५ प्रतिशत) र अन्य क्षेत्रहरूमा रू. ११ अर्ब ७७ करोड २२ लाख (१९.३ प्रतिशत) को प्रतिवद्धता व्यक्त भएको छ।

२.२५ आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा वैदेशिक सहायताको उपयोग १६.५ प्रतिशतले वृद्धि भई रू. ५७ अर्ब ९९ करोड ७८ लाख पुगेको छ। आर्थिक वर्ष २०६७/६८ मा कुल वैदेशिक सहायताको उपयोगमध्ये रू. ४५ अर्ब ९२ करोड २२ लाख (७९.२



प्रतिशत) वैदेशिक अनुदानबाट र रू. १२ अर्ब ७ करोड ५६ लाख (२०.८ प्रतिशत) वैदेशिक ऋणबाट प्राप्त भएको छ। आर्थिक वर्ष २०६६/६७ मा भएको कुल वैदेशिक सहायताको उपयोग रू. ४९ अर्ब ७६ करोड ९४ लाखमध्ये रू. ३८ अर्ब ५४ करोड ६० लाख (७७.४ प्रतिशत) वैदेशिक अनुदानबाट र रू. ११ अर्ब १२ करोड ३४ लाख (२२.६ प्रतिशत) वैदेशिक ऋणबाट भएको थियो। आर्थिक वर्ष २०६७/६८ मा कुल वैदेशिक सहायताको उपयोगमध्ये बहुपक्षीय सहायता अन्तर्गत रू. ३२ अर्ब १४ करोड ७३ लाख (५५.४ प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रू. २५ अर्ब ८५ करोड ४ लाख (४४.६ प्रतिशत) उपयोग भएको छ। अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक सहायताको उपयोगमध्ये बहुपक्षीय सहायता अन्तर्गत रू.२६ अर्ब ८६ करोड ७९ लाख (५४.० प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रू.२२ अर्ब ९० करोड १५ लाख (४६.० प्रतिशत) उपयोग भएको थियो।

२.२६ वैदेशिक सहायता उपयोगको क्षेत्रअनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६७/६८ मा सामाजिक सेवातर्फ रू. ३६ अर्ब ४० करोड २९ लाख (६२.७ प्रतिशत), यातायात, विद्युत तथा सञ्चार क्षेत्रतर्फ रू. १४ अर्ब ८३ करोड २३ लाख (२५.६ प्रतिशत), कृषि, सिँचाइ र वनतर्फ रू. २ अर्ब ९४ करोड १७ लाख (५.१ प्रतिशत) र अन्य क्षेत्रतर्फ रू. ३ अर्ब ८२ करोड १० लाख (६.६ प्रतिशत) उपयोग भएको देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा भएको वैदेशिक सहायताको उपयोगसँग तुलना गर्दा आर्थिक वर्ष २०६७/६८ मा सामाजिक सेवामा १०.२ प्रतिशत र यातायात, विद्युत तथा सञ्चार क्षेत्रमा २५.८ प्रतिशतले वृद्धि भएको छ। यस्तै, कृषि, सिँचाइ तथा वन क्षेत्रमा ४.५ प्रतिशतले ह्रास भएको देखिन्छ भने अन्य क्षेत्रमा १५६.४ प्रतिशतले वृद्धि भएको देखिन्छ।

कुल वैदेशिक ऋण

२.२७ नेपालको अर्थतन्त्रमा वैदेशिक ऋणले सहयोगी भूमिका निर्वाह गर्दै आएको छ। आर्थिक वर्ष २०६६/६७ मा खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ५६ अर्ब २४ करोड ३३ लाख रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा १.३ प्रतिशतले वृद्धि भई खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ५९ अर्ब ५५ करोड १८ लाख पुगेको छ।

२.२८ खुद तिर्न बाँकी वैदेशिक ऋणमा थप प्राप्त भएको ऋण र पुनर्भुक्तानी भएको साँवा समायोजन गर्दा २०६७ फागुन मसान्तमा खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ५७ अर्ब ८९ करोड १६ लाख रहेकोमा २०६८ फागुन उक्त ऋण ८.८ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ८० अर्ब ४६ करोड ८० लाख पुगेको छ ।

२.२९ चालु आर्थिक वर्ष २०६८/६९ को आठ महिनाको तथ्याङ्कको आधारमा खुद तिर्न बाँकी वैदेशिक ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात १८.० प्रतिशत रहेको देखिन्छ । यो अनुपात आर्थिक वर्ष २०६६/६७ मा १९.० प्रतिशत रहेको थियो ।

कुल आन्तरिक ऋण

२.३० २०६७ को असार मसान्तसम्म कुल आन्तरिक ऋण रू. १ खर्ब ४८ अर्ब ५ करोड ९७ लाख रहेकोमा २०६८ असार मसान्तमा २४.४ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ८४ अर्ब २० करोड ७५ लाख पुगेको छ । २०६८ असार मसान्तको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश रू. ३६ अर्ब ५४ करोड १३ लाख (१९.८ प्रतिशत), वाणिज्य बैंकहरूको अंश रू. १ खर्ब, ५ अर्ब ९४ करोड ९ लाख (५७.५ प्रतिशत) र अन्य संस्था तथा निजी क्षेत्रको अंश रू. ४१ अर्ब ७२ करोड ३६ लाख (२२.७ प्रतिशत) रहेको छ । आन्तरिक ऋणका स्रोतहरूको विश्लेषण गर्दा २०६८ असार मसान्तमा ट्रेजरी बिलको अंश ६५.३ प्रतिशत, विकास ऋणपत्रको अंश २३.६ प्रतिशत, राष्ट्रिय बचतपत्रको अंश ५.८ प्रतिशत, नागरिक बचतपत्रको अंश २.५ प्रतिशत र विशेष ऋणपत्रको अंश २.८ प्रतिशत रहेको छ ।

२.३१ आर्थिक वर्ष २०६७/६८ को फागुन मसान्तको तुलनामा आर्थिक वर्ष २०६८/६९ को सोही महिनामा कुल आन्तरिक ऋण २८.४ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६७/६८ को फागुन मसान्तमा कुल आन्तरिक ऋण रू. १ खर्ब ५१ अर्ब २४ करोड ३७ लाख रहेकोमा २०६८ फागुनमा उक्त ऋण बढेर रू. १ खर्ब ९४ अर्ब १९ करोड ९० लाख पुगेको छ । आर्थिक वर्ष २०६८/६९ को फागुनमसान्तमा कायम कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश १४.८ प्रतिशत, वाणिज्य बैंकहरूको अंश ६३.९ प्रतिशत र अन्य संस्थाहरू एवम् निजी क्षेत्रको अंश २१.३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा कायम भएको कुल आन्तरिक ऋणको स्रोतहरूको विश्लेषण गर्दा ट्रेजरी बिल रू. १ खर्ब, २६ अर्ब ८४ करोड ७ लाख (६५.३ प्रतिशत), विकास ऋणपत्र रू. ४७ अर्ब १ करोड ९४ लाख (२४.२ प्रतिशत), राष्ट्रिय बचतपत्र रू.१० अर्ब, ६८ करोड (५.५ प्रतिशत), नागरिक बचतपत्र रू. ४ अर्ब ६३ करोड २ लाख (२.४ प्रतिशत) र विशेष ऋणपत्र रू. ५ अर्ब २ करोड ८७ लाख (२.६ प्रतिशत) पुगेको छ । आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा आन्तरिक ऋणका स्रोतहरूको संरचनाको परिवर्तन हेर्दा ट्रेजरी बिल र विकास ऋणपत्र क्रमशः २९.१ प्रतिशत र २२.१ प्रतिशतले बढेका छन भने नागरिक बचतपत्र ९.७ प्रतिशतले घटेको छ । राष्ट्रिय बचतपत्र समीक्षा अवधिमा १६७.० प्रतिशतले बढेको छ । विशेष ऋणपत्र ५.६ प्रतिशतले घट्न गएको छ । अघिल्लो वर्षको प्रथम आठ महिनाको तुलनामा समीक्षा अवधिमा ८४.५ प्रतिशतले बढेको

छ। कुल गार्हस्थ उत्पादनसँग कुल आन्तरिक ऋण दायित्वको अनुपात आर्थिक वर्ष २०६६/६७ मा १२.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा १३.५ प्रतिशत हुन गएको छ।

न्यून वित्त

२.३२ राजस्व तथा वैदेशिक अनुदानको रूपमा प्राप्त हुने आयको परिमाण खर्चको परिमाणको तुलनामा कम हुन गएकोले न्यून वित्तको स्थिति कायमै रहेको देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा न्यून वित्त रू. रू. ४१ अर्ब १९ करोड ७३ लाख रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा २०.४ प्रतिशतले वृद्धि भई न्यून वित्त रू. ४९ अर्ब ६२ करोड २२ लाख पुगेको छ। आर्थिक वर्ष २०५९/६० देखि क्रमिकरूपमा घट्दै गएको न्यून वित्तको प्रवृत्ति आर्थिक वर्ष २०६१/६२ देखि पुनः वृद्धि भएको छ। आर्थिक वर्ष २०६६/६७ मा न्यून वित्तको कुल गार्हस्थ उत्पादन सँगको अनुपात ३.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा ३.६ प्रतिशत रहेको छ।

तालिका २(घ) : न्यून वित्त

आर्थिक वर्ष	न्यून वित्त (रू. करोडमा)	न्यून वित्त/कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशतमा)
२०५७/५८	२४,१८.८१	५.५
२०५८/५९	२२,९४.०६	५.०
२०५९/६०	१६,४३.७२	३.३
२०६०/६१	१५,८२.८२	२.९
२०६१/६२	१८,०४.६५	३.१
२०६२/६३	२४,७७.९६	३.८
२०६३/६४	३०,०९.१७	४.१
२०६४/६५	३३,४०.६७	४.१
२०६५/६६	४९८०.४६	५.०
२०६६/६७	४११९.७४	३.५
२०६७/६८	४९६२.२२	३.६

स्रोत : महालेखा नियन्त्रकको कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग।

न्यून वित्त पूर्तिको स्रोत

२.३३ सरकारी खर्च र आयमा सन्तुलन हुन नसकेको कारण सिर्जित न्यून वित्तको परिपूर्ति वैदेशिक ऋण, आन्तरिक ऋण र मौज्दात परिवर्तनबाट हुँदै आएको छ। आर्थिक वर्ष २०६७/६८ को न्यून वित्त रू. ४९ अर्ब ६२ करोड २२ लाखमध्ये वैदेशिक ऋणबाट रू. १२ अर्ब ७ करोड ५६ लाख (२४.३ प्रतिशत), आन्तरिक ऋणबाट रू. ४२ अर्ब ५१ करोड ५८ लाख (८५.७ प्रतिशत) र नपुग रू. ४ अर्ब, ९६ करोड ९१ लाख (–१०.० प्रतिशत)

मौज्दात परिवर्तनबाट व्यहोरिएको छ। आर्थिक वर्ष २०६६/६७ मा भएको कुल न्यून वित्त रू. ४१ अर्ब १९ करोड ७४ लाखमध्ये रू. ११ अर्ब २२ करोड ३४ लाख वैदेशिक ऋणबाट, रू. २९ अर्ब ९१ करोड ४० लाख आन्तरिक ऋणबाट र रू. ६ अर्ब मौज्दात परिवर्तनबाट व्यहोरिएको थियो।

स्थानीय निकायको वित्तीय व्यवस्था

स्थानीय निकाय वित्तीय आयोग

२.३४ विकेन्द्रीकरणको विविध पक्ष, स्थानीय निकायहरूले लगाउने कर तथा नेपाल सरकार र स्थानीय निकाय बीच बाँडफाँड गर्नुपर्ने अनुदान सम्बन्धमा अध्ययन अनुसन्धान गर्न कर पद्धति तथा लेखा प्रणाली समसामयिक बनाउन लिनुपर्ने सुझाव प्रस्तुत गर्न स्थानीय निकाय वित्तीय आयोग गठन भएको हो। नेपाल सरकारले स्थानीय निकायलाई सशर्त तथा निशर्त अनुदान उपलब्ध गराउँदै आएकोमा यस्तो अनुदान यस आयोगले सिफारिश गरेबमोजिम सूत्रको आधारमा निर्धारण हुने गरेको छ। सो सूत्रका अतिरिक्त स्थानीय निकायमा जाने निशर्त अनुदानलाई कार्य सम्पादनसित आबद्ध गरिएको छ। स्थानीय निकायलाई दिइने अनुदानलाई तिनको कार्यसम्पादनसँग आबद्ध गर्ने सन्दर्भमा जिल्ला विकास समिति, नगरपालिकाहरूको न्यूनतम शर्त तथा कार्य सम्पादन (Minimum Conditions and Performance Measures: MCPM) र सबै गाउँ विकास समितिहरूको न्यूनतम शर्त (Minimum Conditions, MCs) को मापनका आधारमा मूल्याङ्कन गरिँदै आएको छ। गाउँ विकास समितिको न्यूनतम शर्तको लागि १० वटा सूचकहरू, नगरपालिकातर्फ १३ वटा न्यूनतम शर्त तथा ४० वटा कार्य सम्पादन मापनका सूचक र जिल्ला विकास समितितर्फ १३ वटा न्यूनतम शर्त र ६२ वटा कार्यसम्पादन सूचकका आधारमा मूल्याङ्कन गर्ने गरिएको छ। आर्थिक वर्ष २०६७/६८ मा गरीएको आर्थिक वर्ष २०६६/६७ को कार्यसम्पादन सूचकाङ्कको आधारमा गरीएको मूल्याङ्कनबाट प्राप्त नतिजा तालिका २ (ङ) मा दिइएको छ।

तालिका २ (ङ) : स्थानीय निकायको कार्यसम्पादन मूल्याङ्कन

स्थानीय निकाय	न्यूनतम शर्त मापनमा	
	सफल संख्या	असफल संख्या
जिल्ला विकास समिति	६१	१४
नगरपालिका	५१	७
गाउँ विकास समिति	३३४४	३८९

नोटः २ जिल्लाका १ सय ८२ गाउँ विकास समितिको न्यूनतम शर्त मापन कार्य नभएको।
स्रोत : स्थानीय विकास मन्त्रालय।

२.३५ आर्थिक वर्ष २०६७/६८ मा भएको आर्थिक वर्ष २०६६/६७ को कार्यसम्पादन मापनको नतिजाले अनुदानमा परेको असर :

तालिका २ (च) : जिल्ला विकास समिति र नगरपालिकाको अनुदान थपघटको श्रेणी

जिल्ला विकास अनुदानको श्रेणी	३० प्रतिशत थप	२५ प्रतिशत थप	२० प्रतिशत थप	यथावत अनुदान	२० प्रतिशत अनुदान कटौती हुने	सबै पुँजीगत अनुदान कटौती
जिल्ला विकास समिति संख्या	२	२३	२५	३	८	१४
नगरपालिका अनुदानको श्रेणी	२५ प्रतिशत थप	१० प्रतिशत थप	१० प्रतिशत कटौती हुने	-	२५ प्रतिशत कटौती हुने	-
नगरपालिका संख्या	१३	१५	१४	-	९	७

स्रोत : स्थानीय विकास मन्त्रालय ।

२.३६ चालु आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको विगत चार आर्थिक वर्षको प्रतिवेदन प्रकाशन, स्थानीय निकायहरूको वित्तिय स्थिति विश्लेषण प्रकाशन, स्थानीय स्वायत्त शासन ऐन बमोजिम वित्तिय विकेन्द्रीकरणको पछिल्लो समयको स्थिति अध्ययन, स्थानीय निकायहरूको न्यूनतम शर्त तथा कार्य सम्पादन कार्यविधिहरूको परिमार्जन, जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिहरूको आर्थिक वर्ष २०६७/६८ को न्युनतम शर्त कार्य सम्पादन मापन कार्य सम्पन्न भएको छ ।

स्थानीय निकायमा सरकारी अनुदान

२.३७ विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अत्याधिक मात्रामा सम्मिलित हुने अवसर जुटाउन जनताको नजिकमा रही सेवा प्रदान गर्दै आएका स्थानीय निकायहरूलाई सक्षम, सवल र जिम्मेवार एवं जनउत्तरदायी बनाउने उद्देश्यले नेपाल सरकारले एकमुष्टरूपमा अनुदान (सशर्त/निशर्त) रकम उपलब्ध गराउँदै आएको छ ।

जिल्ला विकास समितिलाई अनुदान

२.३८ आर्थिक वर्ष २०६७/६८ मा जिल्ला विकास समिति अनुदान पुँजीगत तर्फ विनियोजित रकम रू. १ अरब १३ करोडबाट लक्षित समूह विकास कार्यक्रमलगायत ग्रामीण सडक, झोलुङ्गे पुल, सडक पुल, सिँचाइ तथा नदी नियन्त्रण, लघु जलविद्युत, खानेपानी तथा सरसफाइ, भवन निर्माणलगायतका विविध योजनाहरू सम्पन्न भएका थिए । चालु आर्थिक वर्ष २०६८/६९ मा जिल्ला विकास समिति अनुदान पुँजीगत तर्फ विनियोजन रकम रू.२ अरब ३० करोड जनसंख्या, भौगोलिक क्षेत्रफल, लागत र गरिबी जस्ता सम्बन्धित जिल्लाको सूचक र न्यूनतम शर्त तथा कार्य सम्पादन मापन नतिजाको आधारमा बाँडफाँड गरी निकासा दिइएको छ । जिल्लाको कार्य सम्पादन मापनलाई आधार मानी प्रोत्साहन अनुदान दिने व्यवस्था समेत गरिएको छ ।

गाउँ विकास समितिलाई अनुदान

२.३९ आर्थिक वर्ष २०६७/६८ मा गाउँ विकास समिति अनुदानका लागि विनियोजित रकम रू. ७ अरब ८३ करोडलाई सूत्रका आधारमा बाँडफाँड गरी प्रति गाउँ विकास समिति न्यूनतम १५ लाखदेखि ३० लाखसम्म अनुदान पठाउने व्यवस्था मिलाइएको थियो। आर्थिक वर्ष २०६८/६९ मा गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ अनुसार प्रति गाउँ विकास समिति रू. १५ लाखदेखि रू. ३० लाखसम्म वितरण गर्ने व्यवस्था मिलाइएको छ। सो आधारमा ६ सय ५ गाउँ विकास समितिले रू. १५ लाख, ८० गाउँ विकास समितिले १७ लाख ६० हजार, १ हजार ७ सय ४ गाउँ विकास समितिले १९ लाख ५० हजार, १ हजार ६० गाउँ विकास समितिले २१ लाख ५० हजार, ३ सय ९४ गाउँ विकास समितिले २४ लाख ५० हजार र ७२ गाउँ विकास समितिले ३० लाख अनुदान प्राप्त गरेका थिए। यसै गरी गाउँ विकास समितिको न्यूनतम शर्त मापन र विपन्न वर्ग नक्साङ्कनका आधारमा समेत थप अनुदान उपलब्ध गराइएको थियो।

स्थानीय विकास शुल्क कोष

२.४० आर्थिक वर्ष २०५५/५६ देखि नगरपालिकाहरूले उठाउँदै आएको चुङ्गिकर खारेज भई नेपाल सरकारबाट भन्सार विन्दुमा नै १.५ प्रतिशत स्थानीय विकास शुल्क उठाई चुङ्गिकरको सट्टामा स्थानीय विकास शुल्क उपलब्ध गराउँदै आएको थियो। यसरी उठ्दै आएको स्थानीय विकास शुल्कबाट बचत हुन आएको रकमबाट आर्थिक वर्ष २०५९/६० देखि जगेडा कोष स्थापना गरी नगरपालिकाहरूले स्वीकृत गरेका आयोजनाहरूका लागि स्थानीय उपभोक्ता/नगरपालिकाको लागत सहभागितामा मन्त्रालयले रकम उपलब्ध गराउँदै आएको छ। आर्थिक वर्ष २०६७/६८ मा यस शीर्षकमा रू. २ अर्ब १६ करोड ४० लाख विनियोजन भएकोमा यसमध्ये पुँजीगतमा रू. १ अर्ब ७ करोड ८३ लाख २० हजार र चालुमा ३९ करोड ३२ लाख ५० हजार गरी जम्मा रू. १ अर्ब ४७ करोड १५ लाख ७० हजारको अख्तियारी नगरपालिकाहरूमा पठाइएको थियो। जगेडाकोष कार्यक्रममा रू. ६५ करोड ८४ लाख विनियोजन भएकोमा २ सय २१ वटा विभिन्न आयोजनाहरू स्वीकृत भएकोमा १५४ वटा आयोजनाहरू सम्पन्न भइसकेका छन्। आर्थिक वर्ष २०६८/६९ मा यस शीर्षकमा रू. २ अर्ब ३० करोड विनियोजन भएकोमा पुँजीगतमा रू. १ अर्ब ७ करोड ८३ लाख २० हजार र चालुमा ३९ करोड ३२ लाख ५० हजार गरी रू. १ अर्ब ४७ करोड १५ लाख सोझै नगरपालिकाहरूमा अख्तियारी पठाईएको छ। जगेडाकोष कार्यक्रममा रू. ६५ करोड विनियोजन भएकोमा यस आर्थिक वर्षको प्रथम ८ महिनामा १ सय ९१ वटा आयोजनाहरू स्वीकृत भई कार्यान्वयन भईरहेका छन्।

नगरपालिका अनुदान

२.४१ आर्थिक वर्ष २०६७/६८ मा नगरपालिका अनुदान कुल रू. ७० करोड मध्ये पुँजीगत रू. ५९ करोड ९० लाख र चालुमा ११ करोड १० लाख गरी नगरपालिकामा सोझै अख्तियारी पठाइएको थियो भने आर्थिक वर्ष २०६८/६९ मा यो शीर्षकमा नेपाल सरकार

तर्फबाट रू. ७१ करोड विनियोजन भएकोमा पुँजीगत तर्फ ६० करोड र चालु तर्फ ११ करोड विनियोजन गरिएको छ। यसैगरी स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फको ९८ करोड ९७ लाख रकमलाई समेत यसै शीर्षकमा समावेश गरी कुल १ अर्ब ६९ करोड ९७ लाख पुऱ्याइ परिमार्जित सूत्र तथा नगरपालिकाहरूको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजासँग आबद्ध गरी नगरपालिकाहरूलाई वितरण गरिएको छ।

स्थानीय निकायको आन्तरिक आयको अवस्था

२.४२ स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका. र गाउँ विकास समिति) ले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०६४ बमोजिम आफ्नो क्षेत्रमा आय संकलन गरी स्थानीय जनताको आवश्यकता र मागबमोजिमका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न सक्ने व्यवस्था भएअनुसार आर्थिक वर्ष २०६७/६८ मा निम्नानुसारको आम्दानी भएको पाइन्छ।

तालिका २(छ) : स्थानीय निकायको आन्तरिक आय

शीर्षक	आर्थिक वर्ष २०६६/६७	आर्थिक वर्ष २०६७/६८
१. जिल्ला विकास समिति		
कुल बजेट	३१६४९६६७	३३५८२५५०
कुल खर्च	२६४६६४७८	३०१०५३८४
खर्च प्रतिशत	८४	८९
आन्तरिक आय	१४८२७७३	१६२४१५३
राजस्व वाडँफाँडबाट प्राप्त आय	१३१४९०२	१४७५९७१
२. नगरपालिका		
कुल बजेट	७४७३५७२	७४८०८४३
कुल खर्च	६३८९१३५	६४८६४१४
खर्च प्रतिशत	८५	८७
आन्तरिक आय	१६२२२५७	२११८९१९

स्रोत : स्थानीय विकास मन्त्रालय।

३. मूल्य तथा आपूर्ति

३. मूल्य तथा आपूर्ति

मुद्रास्फीतिको प्रवृत्ति

३.१ आर्थिक वर्ष २०६२।६३ देखि उकालो लाग्दै गइरहेको शहरीक्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक मुद्रास्फीतिदर आर्थिक वर्ष २०६५।६६ मा १२.६ प्रतिशतको उच्च विन्दुमा रहेकोमा पछिल्ला दुई आर्थिक वर्षमा सो दरमा कमी आएको छ । यद्यपि आर्थिक वर्ष २०६२।६३ अगाडिको करीब आधा दशक जतिको अवधिमा मुद्रास्फीति दर ५ प्रतिशतभन्दा तल रहेको थियो । विगत केही वर्ष यता आन्तरिक तथा वाह्य कारण दुवैले मूल्य वृद्धिलाई बढावा दिएका छन् । आन्तरिक कारणहरूमा निरन्तरको वन्द, हडताल, लोडसेडिङ्ग र राजनीतिक अस्थिरताबाट उत्पादनमूलक क्रियाकलाप तथा आपूर्ति व्यवस्थामा परेको नकारात्मक प्रभाव हावी देखिन्छन् भने वाह्य कारणहरूमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि र भारतीय मुद्रास्फीतिको प्रभावलाई समेत मुख्य कारक मान्न सकिन्छ । नेपालको भारतसँगको खुला सीमाना नेपाली विनिमयदरको भारतीय मुद्रासँगको आवद्धता तथा कुल व्यापारको दुई तिहाई अंश समेत भारतसँग भएका कारण भारतीय मुद्रास्फीतिको प्रत्यक्ष प्रभाव समेत नेपाली मुद्रास्फीतिमा परेको देखिन्छ । नेपालको परिप्रेक्षमा केही समययता मुद्रास्फीतिको चापमा केही कमी आएको देखिएपनि संरचनागत र वाह्य कारणहरूमा न्यून मुद्रास्फीति कायम गर्न आवश्यक पर्ने सकारात्मक प्रभाव नपरेसम्म मुद्रास्फीतिको चाप कम गर्न त्यति सहज हुने देखिदैन ।

समग्र उपभोक्ता मूल्य स्थिति

३.२ गत आर्थिक वर्षदेखि चौथो पारिवारिक बजेट सर्वेक्षणअनुसार आर्थिक वर्ष २०६२।६३ लाई आधार वर्ष मानी उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गर्न थालिएको हो । यसअनुसार २०६८ फागुन महिनामा वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको समग्र मूल्य सूचकाङ्कको वृद्धिदर ७.० प्रतिशत रहेको छ । गत आर्थिक वर्षको फागुनमा यस्तो मुद्रास्फीति दर १०.७ प्रतिशत रहेको थियो । नेपालमा मौसमी अनुकुलताले गर्दा वर्षे तथा हिउँदे बालीको उत्पादन वृद्धि हुनुका साथै छिमेकी भारतमा खाद्यान्नको मूल्य घटेकोले खाद्य तथा पेय पदार्थ समूहका वस्तुहरूको मूल्य वृद्धिदरमा कमी आई समग्र उपभोक्ता मुद्रस्फीतिमा सुधार आएको हो । तर, अमेरिकी डलरसँग नेपाली रूपैयाँ अवमूल्यन भई गैर-खाद्य समूहका वस्तुहरूको मूल्यमा वृद्धि, इन्धनको मूल्यमा भएको वृद्धि, तलब तथा ज्यालादरमा भएको वृद्धि, कमजोर वितरण तथा अनुगमन प्रणाली आदिका कारण समग्र उपभोक्ता मूल्य सूचकाङ्कमा चाप पर्ने कुरालाई नकार्न सकिन्न ।

तालिका ३ (क) : उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीतिदर


आधार वर्ष २०६२/६३

(प्रतिशत परिवर्तन)

महिना	आर्थिक वर्ष					
	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
साउन	४.५	५.६	११.९	१०.१	९.५	७.७
भदौ	५.५	६.१	१२.५	९.२	८.६	८.५
असोज	६.५	५.४	१३.३	८.६	८.९	८.९
कार्तिक	६.४	५.३	१३.७	९.१	८.४	८.५
मंसीर	५.८	४.६	१३.४	१०.३	९.६	७.५
पुस	४.६	४.८	१३.८	१०.७	११.३	६.८
माघ	५.१	५.२	१३.२	११.०	१०.२	७.०
फागुन	५.४	६.०	१२.८	१०.०	१०.७	७.०
चैत	५.६	८.०	११.६	९.८	१०.६	
वैशाख	६.६	८.३	१२.४	८.९	९.५	
जेठ	६.७	१०.१	१२.०	८.२	८.८	
असार	८.०	१०.६	११.१	९.०	९.६	
औसत	**५.९**	**६.७**	**१२.६**	**९.६**	**९.६**	**७.७**

स्रोत : नेपाल राष्ट्र बैंक

३.३ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा औसत उपभोक्ता मुद्रास्फीति दर ७.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा औसत उपभोक्ता मुद्रास्फीति दर ९.७ प्रतिशत रहेको थियो। औसत उपभोक्ता मुद्रास्फीतिको वृद्धिदरमा आएको यो ह्रास नेपाल राष्ट्र बैंकद्वारा चालु आर्थिक वर्षका लागि सार्वजनिक गरिएको मौद्रिक नीतिमा लक्षित औसत ७.० प्रतिशतको मुद्रास्फीति दरसँग नजिक रहेको छ। सबैभन्दा बढी भार ओगटेको अन्न तथा अन्नबाट बनेका परिकारको मूल्य वृद्धिदर घट्न गई खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदरमा कमि आएका कारण औसत मुद्रास्फीतिदर कम रहन गएको भए तापनि विगत केही महिनायता पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, अमेरीकी डलरसँग भएको नेपाली रूपैयाँको अवमूल्यन, बन्द तथा हड्ताल आदिको प्रभाव भने आंकलन हुन बाँकी नै छ।



३.४ भौगोलिक क्षेत्रका आधारमा चालु आर्थिक वर्षमा सबैभन्दा बढी पहाडमा ८.६ प्रतिशत, तराईमा ७.१ र काठमाडौं उपत्यकामा ५.६ प्रतिशतले मूल्य सूचकाङ्क वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा उक्त क्षेत्रहरूमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः ११.६ प्रतिशत, ७.९ प्रतिशत र १३.९ प्रतिशत रहेको थियो।

३.५ समूहगत आधारमा विश्लेषण गर्दा, उपभोक्ता मूल्य सूचकाङ्कमा ४६.८ प्रतिशत भार रहेको खाद्य तथा पेय पदार्थ समूहको मूल्य २०६८ फागुनमा वार्षिक विन्दुगत आधारमा ४.२ प्रतिशतले बढेको छ। गत वर्षको यसै अवधिमा यो वृद्धिदर १७.३ प्रतिशत रहेको थियो। यसरी खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदरमा कमी आउनुमा अन्न तथा अन्नबाट बनेका परिकार, दाल, तथा मसलाको मूल्यमा आएको कमीले प्रमुख भूमिका खेलेका छन्। यो समूह भित्रको दुग्ध पदार्थ तथा अण्डा उपसमूह र घ्यू तथा तेल उपसमूहमा भने २०६८ फागुनमा क्रमशः १७.४ र १३.३ प्रतिशतको उच्चदरले मूल्य वृद्धि भएको छ।

तालिका ३ (ख) विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कमा भएको परिवर्तन

(आधार वर्ष २०६२।६३=१००)

(प्रतिशत परिवर्तन)

उपभोग्य वस्तुहरू	भार प्रतिशत	आर्थिक वर्ष / फागुन महिना					
		२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
कुल (क+ख)	**१००.०**	५.४	**६.१**	**१२.८**	**९.९**	**१०.७**	**७.०**
क. खाद्य तथा पेय पदार्थ	**४६.८**	५.४	**८.५**	**१८.१**	**१४.८**	**१७.३**	**४.२**
अन्न तथा अन्नबाट बनेका परिकार	१४.८	६.१	१५.३	१३.१	१२.१	१३.४	-२.४
दाल	२.०	१५.६	१२.८	२४.२	३०.०	-८.१	-१.८

उपभोग्य वस्तुहरू	भार प्रतिशत	आर्थिक वर्ष / फागुन महिना					
		२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
तरकारी	५.७	-३.१	०.२	२१.१	२.३	७३.१	५.१
मासु तथा माछा	५.७	८.५	५.५	२४.९	२४.५	७.७	५.८
दुग्ध पदार्थ तथा अन्डा	५.०	७.१	७.८	१६.५	१३.४	१०.५	१७.४
घ्यू तथा तेल	२.७	१०.१	२७.५	६.४	-३.१	३.१	१३.३
फलफूल	२.२	१.९	-४.७	१९.७	२१.३	३३.४	९.८
चिनी तथा मिठाई	१.४	-१०.०	-८.३	५३.३	६०.७	७.०	५.९
मसला	१.५	२१.०	-०.४	११.०	३४.०	२२.१	-१२.१
हल्का पेय पदार्थ	१.०	३.४	४.५	२१.९	१५.३	८.९	६.०
मदिरा	१.७	४.९	२.१	१३.०	१२.४	२.१	९.२
सुर्तीजन्य पदार्थ	०.९	६.४	१०.०	१७.५	११.४	१७.१	९.०
रेष्टुरा तथा होटल	२.४	३.२	७.६	२४.५	२०.७	१५.५	११.४
ख. गैर खाद्य बस्तु तथा सेवा	**५३.२**	**५.४**	**३.९**	**८.३**	**५.९**	**५.३**	**९.४**
लत्ता कपडा तथा जुत्ता	८.५	४.५	३.३	८.८	६.८	१३.७	१५.२
घरायसी सामान तथा सेवा	१०.९	६.४	४.८	६.८	६.७	६.४	६.३
फर्निचर तथा घरायसी उपकरण	४.९	७.४	५.२	१४.०	५.३	७.३	१३.४
स्वास्थ्य	३.३	२.९	७.२	४.४	२.४	२.९	६.४
यातायात	६.०	८.७	१.१	१३.९	-०.७	११.३	१७.०
संचार	३.६	०.०	०.०	०.१	०.०	-१०.४	-८.२
मनोरंजन तथा संस्कृति	५.४	३.४	५.२	६.६	६.८	-२.०	८.८
शिक्षा	८.५	७.१	४.९	८.२	११.८	४.७	८.९
अन्य वस्तु तथा सेवाहरू	२.२	२.४	१.०	१२.५	८.४	५.४	९.९

स्रोत : नेपाल राष्ट्र बैंक

३.६ उपभोक्ता मूल्य सूचकाङ्कमा ५३.२ प्रतिशत भार रहेको गैर-खाद्य तथा सेवा समूहको मूल्य २०६८ फागुनमा वार्षिक विन्दुगत आधारमा ९.४ प्रतिशतले बढेको छ। २०६७ फागुनमा यस समूहको सूचकाङ्क ५.३ प्रतिशतले बढेको थियो। यो समूहका उपसमूह मध्ये सञ्चारको मूल्य वृद्धि ऋणात्मक रहेको छ भने अन्य सबैमा उल्लेख्य मूल्य वृद्धि भएको छ।

क्षेत्रगत उपभोक्ता मूल्य स्थिति

३.७ आधार वर्ष २०६२/६३अनुसार ३१.१६ प्रतिशत भार रहेको काठमाडौँ उपत्यकाको मूल्य सूचकाङ्क २०६८ फागुनमा विन्दुगत आधारमा ५.७ प्रतिशतले बढेको छ। २०६७ फागुनमा यस्तो सूचकाङ्क १३.९ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूह ३.५ प्रतिशतले र गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.८ प्रतिशतले बढेको छ। खाद्य समूहतर्फ दुग्ध पदार्थ तथा अण्डाको सबैभन्दा बढी १८.१ प्रतिशत, घ्यू तथा तेल ११.८ प्रतिशत र रेष्टुरा तथा होटलमा ९.८ प्रतिशतले मूल्य वृद्धि भएको छ। गैर-खाद्य तथा सेवा समूहमा यातायातको १५.१ प्रतिशत, मनोरञ्जनको १२.३ प्रतिशत, लत्ताकपडा तथा जुत्ताचप्पलको ११.८ प्रतिशतले मूल्य वृद्धि भएको छ। सञ्चारको मूल्य वृद्धि भने ऋणात्मक रहेको छ।

३.८ आधार वर्ष २०६२/६३अनुसार मूल्य सूचकाङ्कमा सबैभन्दा बढी भार (४२.८५ प्रतिशत) ओगट्ने तराईको मूल्य सूचकाङ्क २०६८ फागुनमा ७.१ प्रतिशतले बढेको छ। २०६७ फागुनमा यो सूचकाङ्क ७.९ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहमा तराईमा पनि दुग्ध पदार्थ तथा अण्डा, घ्यू तथा तेल र रेष्टुरा तथा होटलमा सबैभन्दा बढी मूल्य वृद्धि भएको छ। यसैगरी, गैर-खाद्य तथा सेवा समूहमा यातायात (१७.५ प्रतिशत), लत्ताकपडा तथा जुत्ताचप्पल (१३.९ प्रतिशत), फर्निसिँङ तथा घरायसी सजावटका सामान (१४.२ प्रतिशत) र मनोरन्जनको मूल्यमा (८.४ प्रतिशत) वृद्धि भएको छ। सञ्चार उपसमूहको मूल्यमा ५.३ प्रतिशतले ह्रास आएको छ।

३.९ आधार वर्ष २०६२/६३अनुसार तुलनात्मकरूपमा सबैभन्दा कम भार (२५.९९ प्रतिशत) रहेको पहाडको मूल्य सूचकाङ्क २०६८ फागुनमा ८.६ प्रतिशतले बढेको छ। २०६७ फागुनमा यो सूचकाङ्क ११.६ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहमा पहाडमा पनि दुग्ध पदार्थ तथा अण्डा, घ्यू तथा तेल र रेष्टुरा तथा होटलमा सबैभन्दा बढी मूल्य वृद्धि भएको छ। गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धि खाद्य तथा पेय पदार्थ समूहको भन्दा बढी रहेको छ। गैर-खाद्य तथा सेवा समूहमा लत्ताकपडा तथा जुत्ताचप्पल (२१.८ प्रतिशत), यातायात (१८.७ प्रतिशत), फर्निसिँङ तथा घरायसी उपयोगका सामान (१६.१ प्रतिशत) को मूल्यमा आएको वृद्धिले समग्रमा यो समूहको सूचकाङ्क ११.२ प्रतिशतले बढेको छ।

थोक मूल्य सूचकाङ्क

३.१० वार्षिक विन्दुगत आधारमा २०६८ फागुनमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६/५७ = १००) ६.३ प्रतिशतले बढेको छ। २०६७ फागुनमा यस्तो वृद्धिदर १२.४ प्रतिशत रहेको थियो। राष्ट्रिय थोक मूल्य सूचकाङ्क अन्तर्गत कृषि वस्तु समूहको मूल्य सूचकाङ्क १.७ प्रतिशत, स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहको ९.५ प्रतिशत र आयातीत वस्तु समूहको मूल्य सूचकाङ्क १३.० प्रतिशतले बढेको छ।

३.११ कृषि वस्तु समूह अन्तर्गत फलफूल तथा तरकारी (१३.८ प्रतिशत) र नगदेबाली (९.९ प्रतिशत) को मूल्यमा केही वृद्धि भएको छ भने मसलाको मूल्य वृद्धि ऋणात्मक रहेको छ। स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहमा खाद्यजन्य वस्तुहरूको मूल्य उच्च दरले

बढेको छ भने आयातीत वस्तु समूहमा पेट्रोलियम पदार्थ तथा कोईला, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक वस्तुहरू र कपडाजन्य वस्तुहरूको मूल्य वृद्धि उच्च रहेको छ ।

तालिका ३ (ग): राष्ट्रिय थोकमूल्य सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन

(आधार वर्ष २०५६।५७ = १००)

(प्रतिशत परिवर्तन)

	भार प्रतिशत	आर्थिक वर्ष र फागुन महिना					
		२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
कुल	१००.०	१२.२	६.६	१२.३	१२.२	१२.४	६.३
कृषि वस्तु	४९.६	१९.९	४.९	१५.३	१९.२	१५.४	१.७
स्वदेशमा उत्पादित औद्योगिक वस्तु	२०.४	८.७	९.०	८.८	१२.१	८.२	९.५
आयातित वस्तु	३०.०	३.७	७.८	१०.०	०.२	९.७	१३.०

स्रोत : नेपाल राष्ट्र बैंक

राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३.१२ वार्षिक विन्दुगत आधारमा २०६८ फागुन महिनामा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१/६२=१००) २७.६ प्रतिशतले बढेको छ । २०६७ फागुनमा यो सूचकाङ्क १९.१ प्रतिशतले बढेको थियो । नेपाल सरकारले कर्मचारीहरूको तलब ३०.३९ प्रतिशतदेखि ४२.८६ प्रतिशतसम्म वृद्धि गरेका कारण तलब सूचकाङ्कको वृद्धिदर १९.३ प्रतिशत रहेकोले समग्र सूचकाङ्कको वृद्धिदर उच्च रहेको हो । २०६७ फागुनमा तलब सूचकाङ्कमा वृद्धि भएको थिएन भने ज्यालादर सूचकाङ्क २५.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कर्मचारीहरूको तलब तथा मजदुरहरूको ज्यालादरमा वृद्धि हुन गएका कारणबाट तलब तथा ज्यालादर सूचकाङ्कहरूमा उच्च वृद्धि भएको हो ।

तालिका ३ (घ) राष्ट्रिय ज्यालादर सूचकाङ्कको वार्षिक विन्दुगत परिवर्तन

(आधार वर्ष २०६१/६२=१००)

(प्रतिशत परिवर्तन)

	भार प्रतिशत	आर्थिक वर्ष / फागुन महिना				
		२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
कुल सूचकाङ्क	**१००.०**	**९.०**	**१९.३**	**१३.७**	**१९.१**	**२७.६**
१. तलव सूचकाङ्क	**२७.०**	**१०.९**	**१६.८**	**१३.८**	**०.०**	**१९.३**
१.१ निजामती सेवा	२.८	२३.५	२८.१	१४.६	०.०	१८.७
१.२ सार्वजनिक संस्थानहरू	१.१	८.८	२१.९	११.१	०.०	२८.०
१.३ बैंक तथा वित्तीय संस्थाहरू	०.६	५०.५	१८.२	१.३	०.०	४२.४

	भार प्रतिशत	आर्थिक वर्ष / फागुन महिना				
		२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
१.४ सेना तथा प्रहरीबल	४.०	९.३	३०.९	१३.०	०.०	२६.५
१.५ शिक्षा	१०.६	१४.८	१६.१	२२.४	०.०	१९.१
१.६ निजी प्रतिष्ठानहरू	७.९	-१.५	२.७	०.०	०.०	८.६
२.ज्यालादर सूचकाङ्क	**७३.०**	**८.४**	**२०.१**	**१३.६**	**२५.५**	**२९.८**
२.१ कृषि मजदूर	३९.५	६.०	२६.९	१७.०	३४.६	२७.१
२.२ औद्योगिक मजदूर	२५.२	११.६	१०.६	८.८	१०.४	३४.३
२.३ निर्माण मजदूर	८.३	१०.९	१८.१	१०.६	२०.४	३४.१

स्रोत : नेपाल राष्ट्र बैंक

केही प्रमुख वस्तुहरूको सरदर खुद्रा मूल्य

३.१३ दैनिक उपभोग्य वस्तुहरूमध्ये प्रमुख १० कृषिजन्य वस्तुहरू (चामल, गहुँको पीठो, मासको दाल, रहरको दाल, तोरीको तेल, खारेको घ्यू, खसीको मासु, आलु, सुकेको प्याज र अदुवा) को सरदर खुद्रा मूल्यको समीक्षा गर्दा २०६७ फागुनको तुलनामा २०६८ फागुनमा तोरीको तेल, खारेको घ्यू र खसीको मासुको मूल्यमा उच्च वृद्धि भएको छ भने मास तथा रहरको दाल, सुकेको प्याज र अदुवाको मूल्यमा उल्लेख्य कमी आएको छ।

तालिका ३ (ङ): केही प्रमुख वस्तुहरूको सरदर खुद्रा बजार मूल्य

क्र.स.	बस्तुको नाम	२०६७		२०६८	
		श्रावण	फागुन	श्रावण	फागुन
१	चामल मोटो	३५.८४	३४.९२	३५.८७	३३.५८
२	गहुँको पीठो	३६.३८	३७.३३	३५.११	३३.७५
३	मासको दाल	१२७.४५	११५.५३	११४.४९	१०१.४२
४	रहरको दाल	१२९.०१	१२७.७२	१२३.२१	११३.११
५	तोरीको तेल	१२८.६०	१३७.१२	१४०.२५	१४४.११
६	घ्यू खारेको	४३२.०८	४७९.२१	४९५.२६	५३१.६७
७	खसीको मासु	३७२.५६	४००.८३	४०४.६५	४९६.६७
८	आलु	२३.१२	१८.९७	२४.८९	१८.२०
९	सुकेको प्याज	३८.६०	५७.२७	३८.८१	२६.१३
१०	अदुवा	१०३.६१	६९.६९	७३.१७	४८.८३

* *प्रारम्भिक तथ्याङ्क*

स्रोतः कृषि विभाग।

आपूर्ति स्थिति


३.१४ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा गत वर्षको यसै अवधिको तुलनामा पेट्रोलको आपूर्ति ८ प्रतिशतले, डिजेलको आपूर्ति १ प्रतिशतले, हवाई इन्धनको आपूर्ति १२ प्रतिशतले र एल. पि. जी. ग्याँसको आपूर्ति १३ प्रतिशतले वृद्धि भएकोछ। मट्टितेलको आपूर्ति भने १२ प्रतिशतले घटेको छ।

तालिका ३ (च): केही प्रमुख पेट्रोलियम पदार्थको आपूर्ति स्थिति

केही प्रमुख पेट्रोलियम पदार्थहरू	प्रथम आठ महिना		प्रतिशत परिवर्तन
	२०६७/६८	२०६८/६९	२०६७/६८
पेट्रोल (कि.लि.)	१२२,३७८	१३१,८१७	८
डिजेल (कि.लि.)	४१०,४३८	४१५,७७६	१
मट्टितेल (कि.लि.)	३१,९०७	२८,१९८	(१२)
हवाई इन्धन (कि.लि.)	६६,८३४	७५,१३६	१२
एल.पी.ग्यांस (मे.ट.)	१००,६६४	११३,६९३	१३
कुल जम्मा	७३३,६२५	७६४,६२०	४

स्रोत: नेपाल आयल निगम

चार्ट ३ (ख) : पेट्रोलियम पदार्थको मूल्यमा भएको परिवर्तन



३.१५ पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्दा नेपाल आयल निगमको डिपो वा भन्सार विन्दु रहेको ठाउँअनुसार थोक बिक्री मूल्य (मूल्य अभिवृद्धि करसमेत) निर्धारण गर्ने व्यवस्था यथावत् रहेको छ। पेट्रोलियम पदार्थको थोक बिक्री वितरण गर्ने व्यवस्था विराटनगर, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौ, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत, दाङ्ग, धनगढी, दिपायल र जनकपुरबाट गरिएको छ। यस व्यवस्थाबाट ठाउँअनुसार पेट्रोलियम पदार्थको

थोक मूल्य तथा खुद्रा मूल्य फरक पर्न सक्दछ। २०६८ चैत १३ गते निर्धारण भएको मूल्यअनुसार काठमाडौ उपत्यकाको पेट्रोलको सरदर खुद्रा मूल्य रू. १२०, डिजेल तथा मट्टितेलको रू. ८९ र एल.पि. ग्याँस प्रति सिलिण्डर १ हजार ४ सय १५ रूपैयाँ रहेको छ। हवाई इन्धनको मूल्य रू. १०९ प्रति लिटर रहेको छ।

३.१६ आर्थिक वर्ष २०६८/६९ मा देशका विभिन्न २२ दुर्गम तथा अतिदुर्गम जिल्लाहरूमा कुल ५० हजार ८ सय ६२ क्वीन्टल आयोडिनयुक्त नुन ढुवानी गर्ने लक्ष्य रहेको छ। चालु आर्थिक वर्षको जेठ महिनासम्ममा ४६ हजार ६ सय २६ क्वीटल आयोडिनयुक्त नुन वितरणको लक्ष्य रहेकोमा २०६९ जेठ २० गतेसम्म ३८ हजार ३ सय ८३ क्वीन्टल ढुवानी एवं आपूर्ति गरिएको छ।

३.१७ नेपालका ३० दुर्गम पहाडी जिल्लाहरूमा सरल एवं सुलभरूपमा खाद्यान्न उपलब्ध गराउने नीतिअनुरूप समीक्षा वर्षमा पनि खाद्य संस्थानमार्फत् ढुवानी गरी आपूर्ति गराउने कार्यलाई निरन्तरता दिएको छ। आर्थिक वर्ष २०६७/६८ मा १६ हजार ५ सय ४ मेट्रिक टन खाद्यान्न ढुवानी गर्ने लक्ष्य रहेकोमा १६ हजार ५ सय ३८ मेट्रिक टन ढुवानी गरिएको थियो। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १२ हजार मेट्रिक टन खाद्यान्न ढुवानी गर्ने लक्ष्य रहेकोमा १० हजार ५ सय ६ मेट्रिक टन ढुवानी गरी आपूर्ति गरिएको छ। अघिल्लो वर्ष यसै अवधिमा १३ हजार ६ सय ९९ मेट्रिक टन ढुवानी गर्ने लक्ष्य रहेकोमा ९ हजार २ सय ९० मेट्रिक टन आपूर्ति गरिएको थियो। चालु आर्थिक वर्षमा आपतकालीन आपूर्तिका लागि देशका विभिन्न भागमा २५ हजार मेट्रिक टन खाद्यान्न सञ्चय राख्ने लक्ष्य रहेकोमा २०६९ असारसम्म सो लक्ष्य पूरा हुने अनुमान छ। यसै गरी सार्क खाद्य सुरक्षा बैंकमा ६ हजार ८ सय १५ मेट्रिक टन खाद्यान्न सञ्चय गर्ने काम पूरा भएको छ। गत आर्थिक वर्षमा सुरु भएको वीरगञ्ज, मुगु, दैलेख, हुम्ला, बाजुराको कोल्टी र ललितपुरको नख्खुमा गरी जम्मा २ हजार ७ सय मेट्रिक टन क्षमताको गोदाम निर्माण गर्ने कार्य चालु आर्थिक वर्षमा पुरा हुने लक्ष्य छ। साथै, भारत सरकारको सहयोगमा नेपाल खाद्य संस्थान अन्तर्गत एक आधुनिक खाद्य प्रयोगशाला स्थापना गर्ने कार्य पनि चालु आर्थिक वर्षमा पूरा हुने लक्ष्य छ।

चुनौती तथा सम्भावना

३.१८ पेट्रोलियम पदार्थको मूल्यसँगै आपूर्तिमा आएको व्यवधानले समग्र वस्तु तथा सेवाको आपूर्तिमा अवरोध आई मुद्रास्फीतिमा चाप परेको देखिन्छ। यसका लागि आयात र वितरणको जिम्मा पाएको आधिकारिक संस्था नेपाल आयल निगमलाई सुदृढ तुल्याई चुहावट नियन्त्रण गर्नुका साथै निजी क्षेत्रलाई समेत आयात र वितरणमा प्रोत्साहन गर्ने नीति ल्याउनु अपरिहार्य छ। साथै, उपभोक्तामा उच्च मूल्य वृद्धिको चाप एकै पटक पर्न नदिन समेत अन्तर्राष्ट्रिय मूल्यअनुसार पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन हुने व्यवस्था गर्नु आवश्यक छ। पेट्रोलियम पदार्थका लागि आयातमा शतप्रतिशत निर्भर रहनुपर्ने र अन्तर्राष्ट्रिय बजारमा पेट्रोलको मूल्य अनपेक्षितढंगले वृद्धि भइरहने भएकोले तत्कालका लागि उपभोग आदतमा परिवर्तन गर्न प्रेरित गर्नुपर्ने देखिन्छ। यसका लागि सम्भव भएसम्म कर समायोजन गरी सर्वसाधारणलाई बढी प्रभावित पार्ने पट्रोलियम

पदार्थ र विलासिता एवं निजी उपयोगका लागि प्रयोग गरिने सवारी साधनमा प्रयोग हुने पेट्रोलियम पदार्थमा लाग्ने करका बीच विभेद छुट्याई उपयुक्तस्तरमा प्रगतिशील कर लगाउन सकिन्छ। साथै, आम उपभोक्ताले प्रयोग गर्ने सवारी साधन (Mass Transportation) को व्यवस्थापनमा विशेष गरी शहरी क्षेत्रहरूमा सरकारी-निजी साझेदारीको अवधारणाअनुसार अगाडि बढ्नु पर्ने देखिन्छ। मध्यकाल र दीर्घकालका लागि भने वैकल्पिक ऊर्जाको व्यापक विकास गर्ने र जलविद्युत्को विकास गरी पेट्रोलियम पदार्थ माथिको निर्भरता घटाउनेबाहेक अन्य विकल्प नेपालसँग छैन।

३.१९ खाद्यान्न तथा अन्य कृषिजन्य वस्तुको उत्पादनमा उतार-चढाव आउने र ती वस्तुहरूलाई उपभोक्ता समक्ष पुऱ्याउँदासम्मको व्यापारिक मार्जिन अत्यधिक हुने एवं ढुवानी तथा यातायात क्षेत्रमा सिण्डीकेटलगायतका समस्याहरू देखा परेका छन्। यी समस्याहरू न्यूनीकरण गर्न कृत्रिम अभाव सृजना गर्ने एवं मूल्यमा अस्वाभाविक परिवर्तन ल्याउने, मिलोमतोमा बिक्री वितरण गर्ने जस्ता उपभोक्ताको हित विपरित हुने क्रियाकलापहरूलाई नियन्त्रणमा ल्याउन वस्तु तथा सेवाको उत्पादनको लागतअनुरूप बजार मूल्य निर्धारण हुने परिपाटी विकास गर्न बजार अनुगमन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउनु पर्ने देखिन्छ। यसको साथै बजार मूल्य निर्धारण प्रक्रियाको अध्ययन गरी उपभोक्ताको हीत विपरीत कार्य गर्ने व्यापारीहरूलाई पारदर्शी रूपमा कारवाही हुने नीति लागु गर्न आवश्यक देखिन्छ।

३.२० नेपालका विभिन्न भागमा हालसम्म पनि अत्यावश्यक खाद्य वस्तुहरूको सहज आपूर्तिमा विविध कारणले कठिनाई उत्पन्न हुने गरेको तथा उपभोगको समयअनुसार खाद्य वस्तुको मूल्यमा उतार चढाव आउने गरेको देखिन्छ। तसर्थ, वर्षभरि समान मूल्य कायम गरी आपूर्ति व्यवस्थालाई सहज बनाउन सरकारी तथा निजी क्षेत्रको संलग्नतामा देशका विभिन्न स्थानमा भण्डारण क्षेत्र (Buffer Zone) को स्थापना गर्न र त्यस्ता अत्यावश्यक तथा कृषिजन्य वस्तुको मौज्दात राखी स्वभाविक मूल्यमा सहज आपूर्ति गर्नका लागि आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ।

३.२१ देशभर छरिएर रहेका सहकारी संस्थाहरूको उचित व्यवस्थापन र परिचालनबाट वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापनमा सघाऊ पुग्ने र वस्तु तथा सेवाको मूल्य नियन्त्रण गर्न सहयोग पुग्ने भएकोले सहकारी संस्थाहरूको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको सहज आपूर्ति व्यवस्था गर्न सहकारी सुपथ मूल्य पसल सञ्चालन गर्न तथा त्यसको प्रभावकारी रूपमा अनुगमन गर्न आवश्यक देखिन्छ। यस्ता पसलहरूलाई सुपथ मूल्यमा सामानहरू उपलब्ध गराउन केन्द्रीय र क्षेत्रीयस्तरमा सहकारी थोक विक्रेताको व्यवस्था गर्नुपर्ने देखिन्छ।

४. मुद्रा तथा बैंकिङ

४. मुद्रा तथा बैंकिङ

मौद्रिक नीति

४.१ समष्टिगत आर्थिक स्थायित्व कायम गरी आर्थिक वृद्धि र रोजगारी सृजना होस् भन्ने उद्देश्यले मौद्रिक नीति र वित्त नीति तर्जुमा गरिएका हुन्छन्। वित्त नीति मूलतः जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारीद्वारा तर्जुमा र कार्यान्वयन गरिएको हुन्छ भने मौद्रिक नीति तर्जुमा र कार्यान्वयनका लागि सरकारको प्रत्यक्ष हस्तक्षेपबाट मुक्त स्वायत्त केन्द्रीय बैंक अथवा मौद्रिक अधिकारीको व्यवस्था गरिएको हुन्छ।

४.२ नेपाल राष्ट्र बैंक ऐन, २०५८अनुसार नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५९/६० देखि प्रत्येक वर्ष मौद्रिक नीति र सो को मध्यावधि समीक्षा सार्वजनिक गर्दै आइरहेको छ। यसरी जारी गरिने मौद्रिक नीतिमा कर्जा, विदेशी विनिमय, लघुवित्त, वित्तीय क्षेत्रको नियमन तथा सुपरीवेक्षणसम्बन्धी विषयवस्तुहरू समावेश हुने गरेका छन्। वार्षिक रूपमा मौद्रिक नीति सार्वजनिक गरिने व्यवस्थाले केन्द्रीय बैंकको सार्वजनिक जवाफदेहिता अभिवृद्धि गरी मौद्रिक लक्ष्य हाँसिल गर्न समेत मद्दत पुऱ्याएको हुन्छ। आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति २०६८ साउन ५ गते र सो नीतिको मध्यावधि समीक्षा २०६८ माघ २७ गते सार्वजनिक गरिएको थियो।

आर्थिक तथा मौद्रिक लक्ष्य

४.३ निर्यात तथा विप्रेषण आप्रवाहमा सुधार र आयातमा न्यून वृद्धि भई चालु खाता घाटामा उल्लेख्य सुधार भए तापनि वित्तीय खाता असन्तुलन बढ्न गएकोले भुक्तानी सन्तुलनमा देखिएको असहज अवस्था र खाद्यान्नको मूल्यमा अपेक्षित सुधार नहुँदा मुद्रास्फीतिदर पनि उच्च रहेको समयमा आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति सार्वजनिक गरिएको थियो। सरकारी खर्च, शेयर बजार तथा घर-जग्गा कारोवारमा सुस्तता आएको कारण निक्षेपको वृद्धिमा शिथिलता आएकोले बैंकिङ क्षेत्रको तरलतामा अपेक्षाकृत विस्तार हुन नसकेको अवस्थामा एकातर्फ मौद्रिक तरलताको कमीबाट आर्थिक वृद्धि एवं वित्तीय स्थायित्वमा पर्न सक्ने प्रतिकूलतालाई न्यून गर्नुपर्ने तथा अर्कोतर्फ मुद्रास्फीति नियन्त्रण र भुक्तानी सन्तुलन कायम गर्नुपर्ने अवस्थाका बीच मौद्रिक व्यवस्थापन चुनौतीपूर्ण रहेको अवस्थालाई दृष्टिगत गर्दै चालु आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा गरिएको थियो।

४.४ समष्टिगत आर्थिक स्थायित्व हासिल गर्दै त्रिवर्षीय योजनाले अपेक्षा गरेको आर्थिक वृद्धिदर हासिल गर्न टेवा पुऱ्याउने रणनीति लिएको मौद्रिक नीतिका मुख्य लक्ष्यहरू मुद्राप्रदायको अधिक विस्तारबाट मुद्रास्फीति हुन नदिने, भुक्तानी सन्तुलन कायम गर्ने र वित्तीय स्थायित्वद्वारा आर्थिक वृद्धिमा टेवा पुऱ्याउने हुन्।

४.५ आर्थिक वर्ष २०६८/६९ का लागि जारी मौद्रिक नीतिले शोधनान्तर बचत रू. ५ अर्ब हुने अनुमान र मुद्रास्फीतिदर ७.० प्रतिशत रहने लक्ष्य लिएको थियो। यसलाई आधार मानी विस्तृत मुद्रा प्रदायको वृद्धिदर १२.५ प्रतिशत रहने प्रक्षेपण गरिएको थियो। यसैगरी कुल आन्तरिक कर्जा १३.७ प्रतिशतले विस्तार हुने र सोमध्ये निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर १४.० प्रतिशत रहने प्रक्षेपण गरिएको थियो। २०६८ माघमा जारी गरिएको मौद्रिक

नीतिको मध्यावधि समीक्षामा मुद्रास्फिति दर ८.० प्रतिशत, मौद्रिक विस्तार १५.० प्रतिशत र निजी क्षेत्र तर्फको कर्जाको वृद्धिदर १४.० प्रतिशत रहने संशोधित अनुमान गरिएकोछ ।

मञ्जूषा ४ (क) : मौद्रिक नीतिका मुख्य परिसूचकहरू

१. वार्षिक औसत मूल्य वृद्धिदर ७ प्रतिशत रहने लक्ष्य लिइएकोमा प्रथम आठ महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर ७.७ प्रतिशत रहेको ।

२. रू. ५ अर्बको हाराहारीमा शोधनान्तर बचत रहने प्रक्षेपण गरेकोमा प्रथम आठ महिनामा रू. ७९ अर्ब ९० करोडको शोधनान्तर बचत रहेको ।

३. ५ प्रतिशत आर्थिक वृद्धिदर हाँसिल गर्न विस्तृत मुद्रा प्रदायको वृद्धिदर १२.५ प्रतिशत रहने प्रक्षेपण गरेकोमा प्रथम आठ महिनामा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १२.२ प्रतिशत रहेको ।

४. कुल आन्तरिक कर्जा १३.७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेकोमा प्रथम आठ महिनामा ३.४ प्रतिशतले वृद्धि भएको ।

५. बैंक तथा वित्तीय संस्थाको निक्षेप १३ प्रतिशतले बढ्ने प्रक्षेपण गरेकोमा ११.४ प्रतिशतले बढेको ।

मौद्रिक उपकरण कार्यान्वयन नीति

४.६ बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय मध्यस्थता लागत कम गर्दै उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको लागि थप साधन उपलब्ध भई लक्षित आर्थिक वृद्धि हासिल गर्न मद्दत पुगोस् भन्ने उद्देश्यले "क" वर्गका वाणिज्य बैंक तथा चल्ती र/वा कल खाता समेतको निक्षेप स्वीकार गर्ने "ख" र "ग" वर्गका इजाजतपत्र प्राप्त संस्थाले कायम गर्नुपर्ने ५.५ प्रतिशतको अनिवार्य नगद अनुपातमा ०.५ प्रतिशत विन्दुले कटौती गरी ५.० प्रतिशत कायम गरिएको छ । मौद्रिक नीतिको कार्यदिशाको संकेतको रूपमा रहेको बैंक दरलाई ७ प्रतिशत नै कायम गरिएको छ भने वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई पनि यथावत् राखिएको छ । आर्थिक वर्ष २०६८/६९ बाट मौद्रिक नीतिका सबै समकक्षीहरूसँग रहेको अनिवार्य नगद अनुपातबाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइने व्यवस्था समेत गरिएकोछ ।

४.७ मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा खुला बजार कारोवारलाई निरन्तरता दिइएकोछ । खुला बजार कारोवारका लागि पहल गर्दा सोझै खरिद बोलकबोल तथा रिपो बोलकबोल र सोझै बिक्री बोलकबोल तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको माध्यमबाट तरलता प्रवाह र प्रशोचन गरी विगतमाझैं मौद्रिक व्यवस्थापनको कार्यलाई निरन्तरता दिइएको छ । ट्रेजरी बिलका अतिरिक्त विकास ऋणपत्रको धितोमा समेत रिपो गर्न सकिने व्यवस्था गरिएको छ । विगतमा रिपोको माध्यमबाट हप्तामा दुईपटक तरलता प्रवाह गर्दै आइएकोमा वाणिज्य बैंकहरूसँग तरलता

सुविधाजनक स्थितिमा रहेको हुँदा हाललाई रिपोमा कारोवार गरिएको छैन ।

४.८ बैंक तथा वित्तीय संस्थाहरूको पहलमा नेपाल राष्ट्र बैंकबाट स्वतः उपलब्ध हुने स्थायी तरलता सुविधाको ब्याजदर निर्धारण गर्दा पछिल्लो ९१ दिने ट्रेजरी विलको भारित औसत ब्याजदर वा प्रचलित बैंकदर जुन अधिकतम छ, त्यसैमा ३ प्रतिशत विन्दु थप गरी व्याजदर कायम गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

४.९ निर्यात उद्योग, रुग्ण उद्योग, साना तथा घरेलु उद्योग र वैदेशिक रोजगारीको लागि तोकिएका वर्गमा प्रवाह हुने कर्जाको विशेष पुनर्कर्जादरहरूलाई १.५ प्रतिशतमा यथावत कायम गरिएको छ । यो सुविधा उपयोग गर्दा वाणिज्य बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ग्राहकबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था गरिएको छ । वाणिज्य बैंकहरूलाई विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात पुनरकर्जाको ब्याजदर प्रचलित लाइवर दर (LIBOR Rate) मा ०.२५ प्रतिशत विन्दु थप गरी निर्धारण गरिने व्यवस्था यथावत रहेको छ ।

तालिका ४ (क) : बैंकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात

(प्रतिशतमा)

उपकरणहरू	आर्थिक वर्ष				
	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
बैंकदर	६.२५	६.५	६.५	७.०	७.०
पुनर्कर्जादरहरू					
निर्यात कर्जा (स्वदेशी मुद्रामा)	२.५	२.०	१.५	१.५	१.५
निर्यात कर्जा (विदेशी मुद्रामा)	३.२५	०.२५*	०.२५*	०.२५*	०.२५*
रुग्ण उद्योग	१.५	१.५	१.५	१.५	१.५
साना तथा घरेलु उद्योग	२.५	२.५	२.५	१.५	१.५
उत्पादनमूलक क्षेत्र**			७.५	७.०	६.५
अनिवार्य नगद अनुपात	५.०	५.५	५.५	५.५	५.०
स्थायी तरलता सुविधा (पेनल दर)	२.०	३.०	३.०	३.०	३.०

** LIBOR Rate मा जोड्ने, ** आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमार्फत् नयाँ व्यवस्था गरिएको ।*

स्रोत : नेपाल राष्ट्र बैंक

मौद्रिक योगाङ्कहरूको स्थिति

४.१० चालु आर्थिक वर्षको प्रथम आठ महिनामा विस्तृत मुद्रा प्रदाय १२.२ प्रतिशतले र संकुचित मुद्रा प्रदाय ६.४ प्रतिशतले बढेका छन् । अघिल्लो वर्षको सोही अवधिमा ५.३ प्रतिशतले बढेको विस्तृत मुद्रा प्रदायको वृद्धि दर चालु आर्थिक वर्षमा उच्च रहनुमा खुद वैदेशिक सम्पत्तिमा भएको उल्लेख्य वृद्धि नै जिम्मेवार छ । यस अतिरिक्त विगतमा मौद्रिक सर्वेक्षणमा नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूको वासलातलाई मात्र समावेश गर्ने

गरिएकोमा आर्थिक वर्ष २०६८/६९ को कात्तिकदेखि विकास बैंक तथा वित्त कम्पनीहरूलाई समेत समावेश गरी विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशनमा ल्याइएको छ। यस प्रकारको व्यवस्थाले समेत केही हदसम्म मुद्रा प्रदायको विस्तारमा प्रभाव पारेको छ।

तालिका ४ (ख) : मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू

(रू. करोडमा)


		प्रथम आठ महिनाको परिवर्तन			
		२०६७/६८		२०६८/६९*	
		रकम	प्रतिशत	रकम	प्रतिशत
१.	खुद वैदेशिक सम्पत्ति	-११२८.५२१[१]	-५.३०	७९९०.११[२]	३७.००
२.	खुद आन्तरिक सम्पत्ति (२.१-२.२)	५४४३.७८[१]	९.००	३२३४.५३[२]	४.६०
२.१	कुल आन्तरिक कर्जा	५८००.६४	७.३०	३०६८.४७	३.४०
(क)	सरकारलाई गएको खुद कर्जा	-१७८४.८१	-१३.१०	-२१५०.५९	-१३.२०
	अ. सरकारमथिको दावी	-१७६१.५३	-१२.९०	-१००७.६९	-६.२०
	आ. सरकारी निक्षेप	२३.२८	-	११४२.१५	-
(ख)	गैर-वित्तीय सरकारी संस्थालाई गएको कर्जा	-६०.२६	-१०.२५	२१४.५३	३३.८०
(ग)	वित्तीय संस्थानहरूलाई गएको कर्जा	-४२२.३९	-२७.२९	-१४५.६२	-९.४१
	अ. सरकारी	१६.४४	६.३३	-२३५.१७	-४३.३३
	आ. गैर सरकारी	-४३८.८३	-३३.६२	८९.५५	८.९२
(घ)	निजी क्षेत्रलाई गएको कर्जा	८०६८.०९	१२.६०	५१५०.१६	७.१०
२.२	खुद अमौद्रिक दायित्व	३५६.८६[१]	१.९०	-१६६.०६[२]	-०.८०
३.	मुद्रा प्रदाय, एम २ (३.१+३.४)	४३१५.२६	५.३	११२२४.६४	१२.२
३.१.	मुद्रा प्रदाय, एम १ (क+ख)	-५५७.०१	-२.६०	१४३५.१६	६.४०
	(क) मुद्रा	-२०७.०२	-१.५०	१८४४.८५	१३.००
	(ख) चल्ती निक्षेप	-३४९.९९	-४.८०	-४०९.६९	-५.००
३.२	वचत र कल निक्षेप	४८७.०८	१.३०	६४९६.४५	१६.२०
३.३	आवधिक निक्षेप[+]	४३८५.२०	१९.००	३२९३.०३	११.००
३.४	मुद्दती र वचत निक्षेप (३.२+३.३)	४८७२.२७	२०.३	९७८९.४८	२७.२०

**अपरिष्कृत , + मार्जिन निक्षेपसमेत*

१ विनिमय दर परिवर्तन नाफा रू. ८४.३९ करोड समायोजन गरिएको

२ विनिमय दर परिवर्तन नाफा रू. १२८२.४९ करोड समायोजन गरिएको

स्रोत: नेपाल राष्ट्र बैंक



खुद वैदेशिक सम्पत्ति


४.११ विप्रेषण आप्रवाह तथा सेवा आयमा उल्लेख्य वृद्धि भएका कारण समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित) रू ७९ अर्ब ९० करोड (३७.० प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू ११ अर्ब २९ करोड (५.३ प्रतिशत) ले घटेको थियो ।

कुल आन्तरिक कर्जा

४.१२ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा कुल आन्तरिक कर्जा ३.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ७.३ प्रतिशतले बढेको थियो । सरकारमाथिको खुद दावी तथा वित्तीय संस्थान तर्फ गएको कर्जा घटेको र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरमा समेत ह्रास आएका कारण कुल आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको हो ।

४.१३ समीक्षा अवधिमा सरकारमाथिको खुद दावी १३.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष पनि यस्तो दावी १३.१ प्रतिशतले घटेको थियो । सरकारलाई गएको कर्जामा कमी आएको र चालु आर्थिक वर्षको फागुन मसान्तमा रू. ११ अर्ब ४२ करोडको सरकारी निक्षेप कायम रहेकोले समेत सरकारमाथिको खुद दावी घटेको हो । यस अवधिमा नेपाल आयल निगमलगायतका संस्थानलाई भएको कर्जा प्रवाहका कारण गैर वित्तीय सरकारी संस्थानलाई गएको कर्जा ३३.८ प्रतिशतले बढेकोछ ।

४.१४ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा निजी क्षेत्रतर्फको दावी ७.१ प्रतिशत अर्थात् रू. ५१ अर्ब ५० करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको दावी १२.६ प्रतिशत अर्थात् रू. ८० अर्ब ६८ करोडले बढेको थियो । विशेषगरी शेयर तथा घर जग्गा व्यवसायमा मन्दी छाएको र लगानीयोग्य वातावरण पनि बन्न नसकेको अवस्थामा कर्जाको मागमा कमी आएको देखिन्छ ।



सञ्चित मुद्रा

४.१५ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा सञ्चित मुद्रा १४.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा सञ्चित मुद्रा १.४ प्रतिशतले घटेको थियो। विप्रेषण आयमा भएको बृद्धिका कारण खुद वैदेशिक सम्पत्तिमा उल्लेख्य वृद्धि हुनुका साथै कर्जा निक्षेप अनुपातसम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन, तुलनात्मक रूपमा उच्च रहेको व्याजदर तथा लगानीयोग्य वातावारण बन्न नसकि कर्जाको मागमा आएको कमी समेतले बैंकहरूको तरलता स्थिति सुदृढ रहन् गई सञ्चित मुद्राको बृद्धिदर उच्च रहेको हो।

तालिका ४ (ग) : सञ्चित मुद्रामा भएको परिवर्तन

(रू. करोडमा)

शीर्षक	२०६७ असार मसान्त	२०६७ फागुन मसान्त	२०६८ असार मसान्त	२०६८* फागुन मसान्त	प्रथम आठ महिनामा प्रतिशत परिवर्तन	
					२०६७/६८	२०६८/६९
सञ्चित मुद्रा	२१८५४.७१	२१५५७.१६	२३४१८.८८	२६७१५.३१	-१.४	१४.१
संकुचित मुद्रा गुणक	०.९७०	०.९५८	०.९५३	०.८८९	-१.३	-६.७
विस्तृत मुद्रा गुणक	३.७५७	४.००९	३.९३७	३.८७२	६.७	-१.७

** अपरिष्कृत।*

स्रोत: नेपाल रष्ट्र बैंक।

४.१६ मुद्रा गुणकतर्फ, विस्तृत मुद्रा गुणक २०६८ असारको तुलनामा २०६८ फागुन मसान्तमा १.७ प्रतिशतले घटी ३.८७२ मा झरेको छ। संकुचित मुद्रा गुणक पनि ६.७ प्रतिशतले घटेको छ। मुद्रा प्रदायको तुलनामा सञ्चित मुद्राको वृद्धिदर बढी रहेका कारण मुद्रा गुणकको वृद्धिदरमा केही कमी आएको छ।

मौद्रिक उपकरणहरूको कार्यान्वयन स्थिति

४.१७ वाणिज्य बैंकहरू सुवीधाजनक तरलताको अवस्थामा रहेकाले आर्थिक वर्ष २०६८/६९ को आठ महिनासम्ममा तरलता प्रवाह भन्दा तरलता प्रशोचनको रकम धेरै रहेको छ। आठ महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत रिपो बोलकबोलमार्फत् रू. ७४ करोड ३७ लाख तरलता प्रवाह भएको र सोभै बीक्री बोलकबोलमार्फत् रू. ८ अर्ब ४० करोडको तरलता प्रशोचन भई खुद रू. ७ अर्ब ६५ करोड ६३ लाख तरलता प्रशोचन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोलबाट रू. ४१ अर्ब ८० करोड तरलता प्रवाह भएको थियो भने बिक्री बोलकबोलबाट रू. २ अर्ब र रिभर्स रिपो बोलकबोलबाट रू. १९ अर्बको तरलता प्रशोचन भएको थियो।

४.१८ विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धिका कारण आर्थिक वर्ष २०६८/६९ को आठ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ५ करोड खुद खरिद गरी रू. १६० अर्ब ८१ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ५६ करोड खुद खरिद गरी रू. ११२ अर्ब ९१ करोड खुद तरलता प्रवाह गरिएको थियो।

तालिका ४ (घ) : खुला बजार कारोवार स्थिति

(रू. करोडमा)

विवरण		२०६६/६७	२०६७/६८		२०६८/६९
		वार्षिक	प्रथम आठ महिना	वार्षिक	प्रथम आठ महिना
क	तरलता प्रशोचन	**८४४.०**	**२१००.०**	**२१००.०**	**८४०.०**
	बिक्री बोलकबोल	७४४.०	२००.०	२००.०	८४०.०
	रिभर्स रिपो बोलकबोल	१००.०	१९००.०	१९००.०	-
ख	तरलता प्रवाह	**१३५०५.९**	**४१८०.४**	**९२३८.६**	**७४.४**
	खरिद बोलकबोल	३३८.२	-	-	-
	रिपो बोलकबोल	१३१६७.७	४१८०.४	९२३८.६	७४.४
ग	खुद तरलता प्रशोचन (क-ख)	**(१२६६१.९)**	**(२०८०.४)**	**(७१३८.६)**	**७६५.६**

स्रोत : नेपाल राष्ट्र बैंक।

४.१९ समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ८० करोड बिक्री गरी रू. १४० अर्ब ८२ करोड बराबरको भा. रू. खरीद भएको छ। अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ६४ करोड बिक्री गरी रू. ११७ अर्ब ९७ करोड बराबरको भा. रू. खरिद भएको थियो।

अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा

४.२० आर्थिक वर्ष २०६८/६९ को आठ महिनामा बैंकहरूको निक्षेप परिचालन बढ्न गएको तथा तरलताको स्थिति सुदृढ भएका कारण अन्तर-बैंक कारोवार तथा स्थायी तरलता सुविधाको उपयोगमा कमी आएको छ। समीक्षा अवधिमा वाणिज्य बैंकहरूले कुल रू. १२९ अर्ब १७ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन्। अघिल्लो वर्षको सोही अवधिमा कुल रू. २५२ अर्ब ७० करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो। समीक्षा अवधिमा कुल रू. ४ अर्ब ३५ करोडको स्थायी तरलता सुविधाको उपयोग भई २०६८ फागुन मसान्तमा रू. ९० लाख वक्यौता रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा रू. १५६ अर्ब ११ करोड स्थायी तरलता सुविधा उपयोग भई रू. १ अर्ब ८ करोड बक्यौता रहेको थियो।

अल्पकालीन ब्याजदर

४.२१ एकातर्फ विप्रेषण आयमा उच्च विस्तार भई तरलता स्थिति सहज भएको र अर्कोतर्फ कर्जा प्रवाहको वृद्धि दर कम रहेका कारण अल्पकालीन व्याजदरहरूमा कमी आएको छ। उदाहरणका लागि ९१-दिने ट्रेजरी विलको भारित औसत व्याजदर अघिल्लो वर्षको चैत महिनामा ९.०६ प्रतिशत रहेकोमा २०६८ चैतमा १.०९ प्रतिशत रह्यो। त्यसैगरी, भारित औसत अन्तर-बैंक व्याजदर अघिल्लो वर्षको चैतमा ९.५४ प्रतिशत रहेकोमा २०६८ चैतमा ०.६९ प्रतिशत कायम रहेको छ।

तालिका ४ (ङ) : ९१-दिने ट्रेजरी विल्स र अन्तर-बैंक ब्याजदर

(प्रतिशत)

विवरण	२०६७ चैत	२०६८ असार	२०६८ असोज	२०६८ पौष	२०६८ चैत
९१ दिने ट्रेजरी विल	९.०६	८.५२	१.८२	०.७०	१.०९
अन्तर-बैंक	९.५४	८.२२	१.०८	०.९०	०.६९

स्रोत: नेपाल राष्ट्र बैंक।

वित्तीय क्षेत्र विस्तार

४.२२ चालु आर्थिक वर्षको चैतसम्ममा ३२ वाणिज्य बैंक, ८८ विकास बैंक, ७७ वित्त कम्पनीहरू तथा २३ लघु वित्तसम्बन्धी कारोवार गर्न इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्थाहरू रहेका छन्। बैंक तथा वित्तीय संस्थाहरूका अतिरिक्त २०६८ चैत मसान्तमा २५ बीमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक बचत बैंकलगायतका संस्थाहरूसमेत वीवीध तवरबाट वित्तीय सेवाका क्षेत्रमा कार्यरत रहेका छन्। यस बीचमा बैंक तथा वित्तीय संस्थाहरूको एक आपसमा गाभिनेक्रम समेत शुरु भएको छ। गाभ्ने गाभिनेसम्बन्धी विनियमावली २०६८ लागु हुनु भन्दा अगाडि २ वटा वाणिज्य बैंक र ५ वटा वीत्त कम्पनीहरू एक आपसमा गाभिई २ वटा बैंक र १ बित्त कम्पनी बनेका थिए भने सो विनियमावली लागु भएपछि ४ वटा विकास बैंक र ४ वटा वीत्त कम्पनीहरू एक आपसमा गाभिई ४ वटा विकास बैंक बनेका छन्। यसै गरी अन्य १७ वटा वित्तीय संस्थाहरूले एक आपसमा गाभिन सैद्धान्तिक सहमतिका लागि निवेदन पेश गरेका छन्।

तालिका ४ (च) : बैंक तथा वित्तीय संस्थाहरूको संख्या

बैंक तथा वित्तीय संस्थाहरू	२०६५ असार मसान्त	२०६६ असार मसान्त	२०६७ असार मसान्त	२०६८ असार मसान्त	२०६८ चैत मसान्त
वाणिज्य बैंक	२५	२६	२७	३१	३२
विकास बैंक	५८	६३	७१	८८	८८
वित्त कम्पनी	७८	७७	७९	८०	७७
लघु वित्त कारोवार गर्ने संस्थाहरू	१२	१५	१८	२१	२३
नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरू (सीमित बैंकिङ कारोवार गर्ने)	१६	१६	१५	१६	१६
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर-सरकारी संस्थाहरू (लघु वित्त कारोवार गर्ने)	४६	४५	४५	३८	३७
बीमा कम्पनी	२५	२५	२५	२५	२५
कर्मचारी सञ्चय कोष	१	१	१	१	१
नागरिक लगानी कोष	१	१	१	१	१
हुलाक बचत बैंक	१	१	१	१	१
हुलाक बचत बैंकका कार्यालयहरू	११७	११७	११७	११७	११७

स्रोत: नेपाल राष्ट्र बैंक ।

४.२३ संख्यात्मक विकाससँगै बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप संकलन तथा कर्जा कारोवारमा विस्तार हुँदै आएकोछ । यसबाट वित्तीय समावेशीकरण एवम् अर्थतन्त्रमा वित्तीय क्षेत्रको प्रगाढतासमेत बढ्ने विश्वास गर्न सकिन्छ । वाणिज्य बैंक र वित्तीय संस्थाहरूको वित्तीय कारोवारसम्बन्धी केही प्रमुख परिसूचकहरूलाई तालिका ४(छ) मा प्रस्तुत गरिएको छ ।

तालिका ४ (छ) : बैंक तथा वित्तीय संस्थाका केही प्रमुख परिसूचकहरू

रू अर्बमा

विवरण	२०६५ असार	२०६६ असार	२०६७ असार	२०६८ असार
कुल सम्पत्ति	६०४.५	८३३.५	९९६.१	११५८.३२
कुल निक्षेप	५०५.७	६७६.०	७९५.३	८७१.९१
कुल कर्जासापट	३५८.१	४९५.२	६२२.६	७१३.०९
निक्षेप/कुल गार्हस्थ्य उत्पादन अनुपात (%)	६२.०	६८.४	६७.९	६४.०
कर्जासापट /कुल गार्हस्थ्य उत्पादन अनुपात (%)	४३.९	५०.१	५३.१	५२.०
कुल निक्षेपको बजार हिस्सा (प्रतिशत)	१००.०	१००.०	१००.०	१००
वाणिज्य बैंक ("क" वर्ग)	८५.६	८३.४	७९.४	७८.९
विकास बैंक ("ख" वर्ग)	५.१	७.२	९.७	११.१
वित्त कम्पनी ("ग" वर्ग)	८.५	८.४	१०.०	९.८
अन्य संस्थाहरू	०.९	०.९	०.९	०.२
कुल कर्जासापटको बजार हिस्सा (प्रतिशत)	१००.०	१००.०	१००.०	१००

विवरण	२०६५ असार	२०६६ असार	२०६७ असार	२०६८ असार
वाणिज्य बैंक (“क” वर्ग)	७८.६	७६.८	७४.२	७४.०
विकास बैंक (“ख” वर्ग)	६.६	८.७	१०.६	१२.५
वित्त कम्पनी (“ग” वर्ग)	१२.१	१२.१	१२.८	१२.२
अन्य संस्थाहरू	२.७	२.४	२.४	१.३

स्रोतः नेपाल राष्ट्र बैंक ।

शाखा विस्तार

४.२४ २०६७ फागुनमा वाणिज्य बैंकका शाखाहरूको संख्या १ हजार ६३ रहेकोमा २०६८ फागुन मसान्तमा यो संख्या बढेर १ हजार ३ सय पुगेको छ । यसै अवधिमा विकास बैंक र वित्त कम्पनीहरूको शाखा संख्या क्रमशः ६ सय २९ र ३ सय ३६ पुगी बैंक तथा वित्तीय संस्थाहरूको कुल शाखा संख्या २ हजार २ सय ६५ पुगेको छ । वित्तीय संस्थाका यी शाखाहरूलाई आधार मान्दा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र र मध्यपश्चिमाञ्चल विकास क्षेत्र वित्तीय विस्तारका दृष्टिकोणले सबै भन्दा पछाडि परेका छन् ।

तालिका ४ (ज) : बैक तथा वित्तीय संस्थाका शाखाहरू

(२०६८ फागुन मसान्त)

विकास क्षेत्र तथा अञ्चल	वाणिज्य बैंक	विकास बैंक	वीत्त कम्पनी	जम्मा
पूर्वाञ्चल विकास क्षेत्र	**२२९**	**९२**	**४२**	**३६३**
मेची	६५	२६	१०	१०१
कोशी	११५	५९	२३	१९७
सगरमाथा	४९	७	९	६५
मध्यमाञ्चल विकास क्षेत्र	**६५२**	**२४६**	**१९०**	**१०८८**
जनकपुर	६१	२५	८	९४
नारायणी	१२१	९३	३२	२४६
वागमती	४७०	१२८	१५०	७४८
पश्चिमाञ्चल विकास क्षेत्र	**२३५**	**२१३**	**८७**	**५३५**
गण्डकी	१०२	९४	४६	२४२
लुम्बिनी	१०७	१०८	३०	२४५
धौलागिरी	२६	११	११	४८
मध्य पश्चिमाञ्चल विकास क्षेत्र	**१०३**	**५४**	**१५**	**१७२**
राप्ती	३५	२४	९	६८
कर्णाली	१३			१३
भेरी	५५	३०	६	९१
सुदूर पश्चिमाञ्चल विकास क्षेत्र	**८१**	**२४**	**२**	**१०७**
सेती	५१	११	२	६४
महाकाली	३०	१३		४३
कुल जम्मा	**१३००**	**६२९**	**३३६**	**२२६५**

स्रोत : नेपाल राष्ट्र बैंक ।


४.२५ बैंकिङ कारोवारमा सबैभन्दा ठूलो हिस्सा ओगटेको वाणिज्य बैंकहरूको कुल निक्षेपलाई आधार मान्दा २०६८ असार मसान्तमा प्रति व्यक्ति औसत निक्षेप रू. २५ हजार ५ सय रहेकोमा २०६८ फागुनमा यस्तो निक्षेप बढेर रू. २९ हजार पुगेको छ। यसैगरी, २०६८ असारमा वाणिज्य बैकहरूबाट प्रवाहित प्रति व्यक्ति औसत कर्जा रू. २० हजार ४ सय रहेकोमा २०६८ फागुन मसान्तमा सो कर्जा रू. २२ हजार ५ सय पुगेको छ। यस प्रकारको बैंकिङ विस्तारबाट सेवा प्रवाह प्रभावकारी भई सरकारद्वारा घोषित गरिबी निवारण र आर्थिक बृद्धि हासिल गर्ने जस्ता कार्यक्रमलाई समेत मद्दत पुग्ने हुन्छ।

तालिका ४ (झ) : वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरू

	२०६६ असार	२०६७ असार	२०६८ असार	२०६८ फागुन
वाणिज्य बैंक शाखा	७५२	९६६	१११९	१३००
प्रति शाखा जनसंख्या	३४४३५	२७१८४	२३,९६०	२०,५००
वाणिज्य बैंकको स्वदेशी निक्षेप (रू. अर्बमा)	४९५.८	५६९.०	६८०.२	७७२.५
प्रति व्यक्ति निक्षेप (रू)	१९१५०	२१६६८	२५,५००	२९,०००
वाणिज्य बैंकको कर्जा (रू. अर्बमा)	४०६.७	४७२.३	५४४.२	५९८.५
प्रति व्यक्ति कर्जा (रू)	१५७०९	१७९८५	२०,४००	२२,५००

स्रोत : नेपाल राष्ट्र बैंक।

चार्ट ४ (ग) : वित्तीय विस्तारको प्रभाव



मञ्जूषा ४ (ख) : तत्काल राहत कार्यक्रममा बैंकहरूको भूमिका

जनतालाई सेवा सुविधा सरल र सहज ढंगबाट उपलब्ध गराउने उद्देश्यसाथ नेपाल सरकारले तत्काल राहत कार्यक्रम, २०६८ लागु गरेकोमा सरकारद्वारा घोषित उक्त कार्यक्रमको कार्यान्वयनलाई सघाउन नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशनको मुख्य अंशः

१. बैंक तथा वित्तीय संस्थाहरूबाट जनसाधारणलाई प्रदान गरिने बैंकिङ सेवालाई सरल, सहज र सुविधाजनक तुल्याउन सेवा शुल्कहरूलाई व्यवस्थित गर्न जारी गरिएको "बैंक तथा वित्तीय संस्थाहरूले प्रदान गर्ने सेवा तथा सेवा शुल्कसम्बन्धी मार्गदर्शन, २०६७" लाई प्रभावकारीरूपले कार्यान्वयनमा ल्याउने ।

२. साना व्यवसायीमा कर्जा प्रवाह बढाउने र लघुवित्त संस्थाहरूबाट हुने कारोवारको पहुँच विपन्न वर्ग र पिछडिएको क्षेत्रमा पुऱ्याउन लघुवित्त कार्यक्रमलाई प्रोत्साहन गरी सो वर्गमा जाने कर्जामा सहुलियत व्याजदरको व्यवस्था गर्ने ।

३. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा बचत तथा मुद्दती खातामा रहेको रू. २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था भइरहेकोमा सो रकमलाई वृद्धि गरी क्रमशः रू. ५ लाखसम्मको निक्षेप "निक्षेप तथा कर्जा सुरक्षण निगम" सँग सुरक्षण गराउन आवश्यक व्यवस्था मिलाउने ।

४. दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पीडित, एकल महिला, अपाङ्ग तथा जेष्ठ नागरिकहरूलाई बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने विपन्न वर्ग कर्जामा लिने ब्याज दरमा एक प्रतिशत विन्दुले सहुलियत दिने व्यवस्था गर्ने ।

५. रिक्सा सञ्चालन हुने तराईका सम्पूर्ण जिल्लाहरूमा रिक्सा चालकहरूलाई आफ्नै स्वामित्वमा रिक्सा खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था गर्ने ।

बचत परिचालन तथा कर्जा प्रवाह

४.२६ आर्थिक वर्ष २०६८/६९ को आठ महिनामा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन ११.४ प्रतिशत ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ६.१ प्रतिशतले मात्र बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निक्षेप परिचालन १३.६ प्रतिशतले र विकास बैंकहरूको ६.८ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरूको निक्षेपमा वृद्धि हुन सकेको छैन । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको निक्षेप वृद्धिदर क्रमशः २.१ प्रतिशत, १५.१ प्रतिशत र ११.२ प्रतिशत रहेको थियो । यसैगरी चालु आर्थिक वर्षको प्रथम आठ महिनामा बैंक तथा वित्तीय संस्थाहरूले निजी क्षेत्रमा प्रवाह गरेको कर्जा ७.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १२.८ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा वाणिज्य बैंकहरूको कर्जा प्रवाह बढेको छ भने विकास बैंक तथा वित्त कम्पनीहरूले निजी क्षेत्रमा गरेको कर्जा लगानी घटेको छ ।

तालिका ४ (ञ) : निक्षेप परिचालन तथा कर्जा प्रवाह

(रू. करोडमा)

शीर्षक	२०६७ असार मसान्त	२०६७ फागुन मसान्त	२०६८* असार मसान्त	२०६८* फागुन मसान्त	प्रथम आठ महिनामा प्रतिशत परिवर्तन	
					२०६७/६८	२०६८/६९
निक्षेप परिचालन						
वाणिज्य बैंकहरू	६२०६१	६३३७३	६८०२३	७७२४५	२.१	१३.६
विकास बैंकहरू	७२९२	८३९५	९१११	९७३१	१५.१	६.८
वित्त कम्पनीहरू	७५४४	८३९०	८१५५	८१५४	११.२	०
बैंक तथा वित्तीय संस्थाहरू+	७२९१०	७७३७५	८२३२३	९१७३०	६.१	११.४
कर्जा प्रवाह (निजी क्षेत्रमा)						
वाणिज्य बैंकहरू	४८८५८	५४०६८	५४४२५	५९८५३	१०.७	१०.०
विकास बैंकहरू	६९२७	८५७३	९२६९	९०३३	२३.८	-२.६
वित्त कम्पनीहरू	७७१९	८९९०	८५९५	८५३५	१६.५	-०.७
बैंक तथा वित्तीय संस्थाहरू+	६३५०४	७१६३१	७२२९०	७७४२१	१२.८	७.१

स्रोत: नेपाल राष्ट्र बैंक ।

**अपरिष्कृत ।*

+ एक आपसको हिसाव मिलान भएपछि ।

निष्कृय कर्जाको स्थिति

४.२७ २०६८ पुस मसान्तको तथ्याङ्कअनुसार बैंक तथा वित्तीय संस्थाहरूको निष्कृय कर्जा र यसको कुल कर्जासँगको अनुपात २०६८ असारमसान्तको तुलनामा केही बढेको छ । घर जग्गा व्यवसायमा आएको मन्दीका कारण निष्कृय कर्जाको अनुपात बढेको अनुमान गर्न सकिन्छ ।

तालिका ४ (ट) : निष्कृय कर्जा

(रू. करोड़मा)

बैंक तथा वित्तीय संस्था	२०६६/६७		२०६७/६८		२०६८ पुस मसान्त	
	निष्कृय कर्जा	प्रतिशत	निष्कृय कर्जा	प्रतिशत	निष्कृय कर्जा	प्रतिशत
वाणिज्य बैंक	११६४.३९	२.४८	१६८६.७९	३.१९	२१९१.९४	३.९०
विकास बैंक	१५८.०९	२.४०	४०५.२७	४.६२	५१६.१७	५.६८
वित्त कम्पनी	१०९.९२	१.६७	७७९.६२	८.९६	८४६.७०	१०.१५

स्रोत : नेपाल राष्ट्र बैंक ।

लघुवित्त कारोवार गर्ने "घ" वर्गका संस्थाहरू

४.२८ देशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका महिलाहरूलाई समूहमा आवद्ध गरी विविध किसिमका आयमूलक काममा संलग्न गराउनका लागि आवश्यक पर्ने वित्तीय साधनको परिपूर्ति गर्ने उद्देश्यले हरेक विकास क्षेत्रमा एक/एक वटा ग्रामीण विकास बैंकहरू कार्यरत रहेका छन् । त्यसैगरी, ग्रामीण बैंक अनुशरणकर्ताको रूपमा निजी क्षेत्रबाट स्थापित अन्य १५ वटा लघुवित्त विकास बैंकहरू कार्यरत रहेका छन् भने लघु वित्तसम्बन्धी कारोवार गर्ने संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउन ३ वटा थोक कारोवार गर्ने संस्थाहरू कार्यरत छन् ।

४.२९ लघुवित्तसम्बन्धी कारोवार गर्ने "घ" वर्गका वित्तीय संस्थाहरूको कुल सम्पत्ति/दायित्व २०६८ फागुन मसान्तमा २०६८ असार मसान्तको तुलनामा १२.८३ प्रतिशतले वृद्धि भई रू. २६ अर्ब २६ करोड पुगेको छ । २०६८ फागुन मसान्तमा यी संस्थाहरूको कुल निक्षेप र सापटी क्रमशः रू. ४ अर्ब ५७ करोड र रू. १४ अर्ब ८ करोड पुगेको छ भने कुल कर्जा र लगानी क्रमशः रू. १६ अर्ब ६८ करोड र रू. १ अर्ब ८५ करोड पुगेको छ ।

तालिका ४(ठ) लघुवित्त संस्थाहरूको साधनको स्रोत तथा उपयोगको विवरण

(रू. करोड़मा)

	विवरण	२०६८ असार	२०६८ फागुन*	प्रतिशत परिवर्तन
साधन	पूँजी कोष	२४३.७३	२८७.१६	१७.८२
	निक्षेप	३५३.४४	४५६.९०	२९.२७
	सापटी	१३०३.७६	१४०७.८४	७.९८
	अन्य	३७६.७८	४३३.४९	१५.०५
	नाफा नोक्सान हिसाव	५०.११	४१.०३	(१८.१२)
	साधन/उपयोग	२३२७.८१	२६२६.४३	१२.८३
उपयोग	तरल कोष	३३३.८७	३७१.४०	११.२४
	लगानी	१६५.८९	१८५.२२	११.६५
	कर्जा तथा सापटी	१४६४.९९	१६६७.६२	१३.८३
	अन्य	३५५.२४	३९३.७९	१०.८५
	नाफा नोक्सान हिसाव	७.८२	८.४०	७.४२

* *अपरिष्कृत ।*

स्रोत : नेपाल राष्ट्र बैंक

अन्य वित्तीय संस्थाहरूको साधनको स्रोत र उपयोगको स्थिति

कर्मचारी सञ्चय कोष

४.३० कर्मचारी सञ्चय कोष ऐन, २०१९ अन्तर्गत २०१९ भदौ ३१ गते स्थापित कर्मचारी सञ्चय कोषले निजामती कर्मचारी, सैनिक, प्रहरी, शिक्षक, सरकारी संस्थान तथा केही निजी कम्पनीका कर्मचारीहरूको सञ्चय कोषको व्यवस्थापन गर्दैआएको छ। चालु वर्षको प्रथम आठ महिनासम्ममा कोषमा ४ लाख ६० हजार सञ्चयकर्ताहरू आवद्ध रहेका छन् भने निजी क्षेत्रका १५० कार्यालयहरूका ५ हजार सञ्चयकर्ताहरू आवद्ध छन्। सञ्चयकर्ताहरूलाई ऋण प्रदान गर्नुको अतिरिक्त यस कोषले घर जग्गा व्यवसाय, उद्योग तथा जलविद्युत परियोजनामा पनि लगानी गरेको छ। यस कोषको सम्पत्ति/दायित्व २०६८ असार मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.९ प्रतिशतले वृद्धि भई रू. १ खर्व ६ अर्ब ५८ करोड रहेको र २०६८ फागुन मसान्तमा रू. १ खर्व १९ अर्ब ४९ करोड रहेको छ। सञ्चयकर्ताहरूको संचित रकम २०६८ फागुन मसान्तमा रू. १ खर्व १४ अर्ब ९५ करोड पुगेको छ

नागरिक लगानी कोष

४.३१ नागरिक लगानीकोष ऐन, २०४७ अन्तर्गत २०४७ चैत ४ गते स्थापित नागरिक लगानी कोषले व्यक्तिगत तथा संस्थागत बचत परिचालन गर्नुका साथै ऋण तथा सापटी प्रदान गर्ने र विभिन्न सँगठित संस्थाहरूको धितोपत्र निष्कासनको कामलाई सहज तुल्याउन निष्काशन प्रबन्धकको कामसमेत गर्दैआएको छ। यस कोषको सम्पत्ति/दायित्व २०६८ फागुन महिनामा २०६८ असार मसान्तको रू. २८ अर्ब ४३ करोडबाट १२.२ प्रतिशतले वृद्धि भई रू. ३१ अर्ब ९० करोड पुगेको छ। यस कोषको स्रोततर्फ निक्षेप (कोष संकलन) २०६८ असार मसान्तको तुलनामा १३.८३ प्रतिशतले वृद्धि भई रू. २८ अर्ब ५५ करोड पुगेको छ। स्रोतको उपयोगतर्फ कोषको लगानी २०६८ असार मसान्तको रू. २३ अर्ब ६७ करोड बाट १४.९ प्रतिशतले वृद्धिभई २०६८ फागुन मसान्तमा रू. २७ अर्ब २१ करोड पुगेको छ।

बीमा कम्पनीहरू

४.३२ २०६८ फागुन मसान्तमा जीवन बीमा कारोवार गर्ने ८, निर्जीवन बीमा कारोवार गर्ने १६ र जीवन तथा निर्जीवन दुवै प्रकारका कारोवार गर्ने एक गरी बीमा कम्पनीहरूको संख्या २५ पुगेको छ। स्वामित्व संरचनाका हिसावले तीन वटा बीमा कम्पनीहरू विदेशी पूँजी लगानीमा र तीन वटा बीमा कम्पनीहरू विदेशी बीमा कम्पनीहरूसँगको संयुक्त पूँजी लगानीमा सञ्चालित छन्। यसैगरी, १८ वटा बीमा कम्पनीहरू निजी स्वामित्वमा रहेका छन् भने एउटा कम्पनी सरकारी स्वामित्वमा रहेको छ। यी कम्पनीहरूको कुल स्रोत/उपयोग २०६८ असार मसान्तको रू. ६१ अर्ब २१ करोडमा ९.८ प्रतिशतले वृद्धि भई २०६८ फागुनमसान्तमा रू. ६७ अर्ब १८ करोड पुगेको छ। २०६८ असार मसान्तसम्म बीमा कम्पनीहरूले जीवन र निर्जीवन बीमा गरी कुल रू. १७ अर्ब ४८

करोड बीमा प्रिमियम संकलन गरेका छन् । २०६७ असारमा यस्तो प्रिमियम रकम रू. १५ अर्ब २६ करोड रहेको थियो ।

हुलाक बचत बैंक

४.३३ नेपाल सरकार, हुलाक सेवा विभागद्वारा सञ्चालित हुलाक बचत बैंकले २०३३ सालदेखि कार्य प्रारम्भ गरेको हो । निक्षेप संकलन गर्न स्वीकृत हुलाक कार्यालयहरूको संख्या १ सय १७ रहेको भए तापनि २०६८ फागुन मसान्तसम्ममा ६८ वटा कार्यालयहरू (६० जिल्ला तथा ८ ईलाकाहरू) ले मात्र बैंकिग कार्य सञ्चालन गरिरहेका छन् । हुलाक बचत बैंकको कुल निक्षेप २०६८ असार मसान्तमा रू. १ अर्ब १५ करोड रहेकोमा २०६८ फागुन मसान्तमा ६.९ प्रतिशतले वृद्धिभई रू. १ अर्ब २३ करोड रहेको छ । सो बैंकमा कुल खाता संख्या २०६८ फागुन मसान्तमा ४७ हजार ८ सय ९२ रहेको छ ।

निक्षेप तथा कर्जा सुरक्षण निगम

४.३४ दुर्गम क्षेत्र तथा गरीब जनताको घरदैलोमा बैकिङ्ग सेवा पुऱ्याउनको लागि प्राथमिकता प्राप्त क्षेत्रमा वाणिज्य बैंकहरूलाई लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले २०३१ साल असोज ४ गते स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण निगमले प्राथमिकता प्राप्त क्षेत्र कर्जालगायत पशुधन सुरक्षण, तरकारी बाली सुरक्षण, वैदेशिक रोजगार कर्जा सुरक्षण, लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण र साना तथा मझौला उद्यम कर्जा सुरक्षण जस्ता कार्यहरू गर्दै आएको छ । हाल निगमको चुक्ता पुँजी रू. १ अर्ब रहेको र सो मध्ये नेपाल सरकारको ८७.७ प्रतिशत, नेपाल राष्ट्र बैंकको १० प्रतिशत र बाँकी नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक लि.को स्वामित्व रहेको छ ।

४.३५ निक्षेप तथा कर्जा सुरक्षण निगमले २०६८ असार मसान्तसम्म रू. ५१ करोड ५५ लाखको कर्जा सुरक्षण गरेकोमा २०६८ चैत मसान्तसम्ममा रू. ५४ करोड ६४ लाख कर्जा सुरक्षणमा रहेको छ । नेपाल राष्ट्र बैंकबाट २०६८ असोजमा जारी गरिएको निर्देशन बमोजिम "क" ,"ख" ,"ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दति खातामा रहेको रू. २ लाखसम्मको निक्षेप सुरक्षण गर्नु पर्ने व्यवस्था गरेअनुसार २०६८ चैत मसान्तसम्ममा उक्त निगमबाट विभिन्न १ सय ९३ वटा बैंक तथा वित्तिय संस्थाहरूको जम्मा रू. १ खर्ब ९४ अर्ब ४८ करोड बराबरको निक्षेप रकम सुरक्षण भइसकेको छ ।

कर्जा सूचना केन्द्र लिमिटेड

४.३६ नेपाल राष्ट्र बैंकको अगुवाईमा २०४६ सालमा स्थापना भएको कर्जा सूचना केन्द्र लिमिटेडले ऋणको भुक्तानीसम्बन्धी अवस्थाको बारेमा जानकारी हासिल गरी सो जानकारी बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउने र कालोसूचीमा रहेका ऋणीहरूको विवरण तयार पार्ने गर्दछ । यस केन्द्रमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको क्रमशः १० प्रतिशत, ६५ प्रतिशत, १० प्रतिशत र १५ प्रतिशत शेयर स्वामित्व रहेको छ । २०६८ असार मसान्तमा विभिन्न बैंक तथा वित्तीय

संस्थाका ३६७९ ऋणीहरू कालोसूचीमा रहेकोमा २०६८ फागुन मसान्तमा सो संख्या ३ हजार ८ सय ५० पुगेको र १ हजार ६ सय ८७ ऋणीहरू उक्त सूचीबाट हटेका छन् ।

ग्रामीण स्वावलम्वन कोष

४.३७ सहकारी र गैरसरकारी संस्थाहरूलाई लघुवित्त कारोवारका लागि थोक कर्जा प्रवाह गर्ने उद्देश्यले वि.सं. २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषको कुल पुँजी रू.४४ करोड ३४ लाख छ । यस मध्ये नेपाल सरकारको जम्मा रू. १९ करोड र नेपाल राष्ट्र बैंकको रू. २५ करोड ३४ लाख पूँजी लगानी रहेको छ । २०६८ चैत मसान्तसम्ममा कोषले रू. ८६ करोड २३ लाख कर्जा वितरण गरेको छ भने रू. ४२ करोड ६१ लाख साँवा असुल गरी रू. ४३ करोड ६३ लाख लगानीमा रहिरहेको छ ।

तालिका ४ (ड) : ग्रामीण स्वावलम्बन कोषको कारोवार विवरण

रू. करोडमा

विवरण	२०६६ असार	२०६७ असार	२०६८ असार	२०६८ फागुन
कर्जा वितरण भएको जिल्ला संख्या	५१	५४	५७	६०
कर्जा वितरित संस्था संख्या	४०४	४९६	५४८	६८०
लाभान्वित परिवार संख्या	१७९९०	२२९०४	२७५५२	३१३५८
वितरित कर्जा रकम	२६.९९	४०.२२	५५.८१	८६.२३
असूल भएको रकम	१४.१९	२०.३४	२९.४९	४२.६१
लगानीमा रहिरहेको रकम	१२.८०	१९.८८	२६.३२	४३.६३
भाखा नाघेको कर्जा (प्रतिशतमा)	७.४८	६.२३	४.९३	४.२८

स्रोत : नेपाल राष्ट्र बैंक ।

सीमित बैंकिङ कारोवार गर्ने सहकारी संस्थाहरू

४.३८ सहकारी ऐन, २०४८ अन्तरगत स्थापना भई सीमित बैंकिङ कारोवार गर्न इजाजत प्राप्त गरेका सहकारी संस्थाहरूले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको निर्देशनको अधिनमा रही सीमित बैंकिङ कारोवार गर्दै आएका छन् । २०६८ फागुन मसान्तमा यस्ता संस्थाहरूको संख्या १५ र राष्ट्रिय सहकारी विकास बैंक समेत गरी जम्मा १६ रहेको छ । यी संस्थाहरूको कुल सम्पत्ति/दायित्व २०६८ फागुन मसान्तसम्ममा रू. ८ अर्ब ८६ करोड ४१ लाख रहेको छ । यसैगरी २०६८ फागुन मसान्तसम्ममा यी संस्थाहरूको निक्षेप संकलन रू ६ अर्ब ४३ करोड १९ लाख पुगेको छ भने कर्जा तथा सापटी रू.५ अर्ब ८० करोड १७ लाख पुगेको छ । यी संस्थाहरूले २०६८ फागुन मसान्तसम्ममा सरकारी धितोपत्र, मुद्दती खाता र अन्यमा गरी रू. ८० करोड लगानी गरेका छन् ।

४.३९ सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई कारोवार गरिरहेका बचत तथा ऋणसहकारी संस्थाहरूको संख्या २०६८ पौष मसान्तसम्म ११ हजार पुगेको छ । यी संस्थाहरूले आफ्ना सदस्यहरूबाट निक्षेप संकलन गरी कर्जा लगानी कारोवार गर्दछन् ।

तालिका ४ (ढ) : बचत तथा ऋण सहकारी संस्थाहरूको गतिविधिको झलक

रू. करोडमा

विवरण	बचत तथा ऋण सहकारी		
	२०६६ चैत	२०६७ चैत	२०६८ पौष
सहकारीको संख्या	८८८८	१०५५८	१०९९७
सदस्य संख्या	९६०६४८	१४०६०२१	१४८९६७१
सेयर पुँजी	७२७.८६	१४२२.२०	१४१६.७१
बचत	४२९३.०६	९८४५.३८	९४०३.३८
लगानी	४८८८.५६	८०७०.००	८९३०.८७

स्रोतः नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग ।

वित्तीय क्षेत्र सुधार कार्यक्रम

४.४० नेपाल सरकार, विश्व बैंक र बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development/DFID) को ऋण तथा अनुदान सहयोगमा अप्रिल ३०, २००३ मा शुरु भएको वित्तीय क्षेत्र सुधार कार्यक्रमको अवधि ३१ डिसेम्वर २०११ मा समाप्त भएको छ । यस कार्यक्रमको कार्यान्वयनबाट मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यवसायिक बनाई आर्थिक विकासको लागि पर्याप्त योगदान दिन योग्य बनाउने लक्ष्य लिइएको थियो । यस कार्यक्रम अन्तर्गत मुख्यतया (क) नेपाल राष्ट्र बैंकको Re-engineering, (ख) नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनसंरचना गर्ने, र (ग) समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि गर्ने गरी ३ वटा कार्यक्रमहरू सञ्चालन भएका थिए ।

४.४१ नेपाल राष्ट्र बैंकको Re-engineering तर्फ मानव संशाधन (Human Resource) को विकास, नियमन व्यवस्था र निरीक्षण तथा सुपरीवेक्षण प्रणालीको सुदृढीकरण, कार्यको आधारमा सांगठनिक पुनर्संरचना, अन्तर्राष्ट्रिय मापदण्डअनुरूप लेखा प्रणालीको अवलम्वन गर्ने कार्यहरू सम्पन्न भएका छन् ।

४.४२ नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पुनर्संरचना अन्तर्गत सञ्चालित कार्यक्रमहरूको कार्यान्वयनबाट नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकमा कायम रहेको ६० प्रतिशतसम्मको उच्च निष्कृय कर्जाको अनुपातमा सुधार आई २०६८ पुसमा क्रमशः ७.९३ प्रतिशत र १०.८५ प्रतिशत रहेको छ ।

तालिका ४ (ण) : भाखा नाघेको कर्जा तथा पुँजीकोष

असार मसान्त	कुल कर्जामा भाखा नाघेको कर्जा (प्रतिशत)		ऋणात्मक पुँजीकोष (रू. अर्बमा)	
	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक
२०६०	६०.४७	६०.१५	९.८०	२२.३९
२०६१	५३.७४	५७.६४	८.९०	२१.००

असार मसान्त	कुल कर्जामा भाखा नाघेको कर्जा (प्रतिशत)		ऋणात्मक पुँजीकोष (रू. अर्बमा)	
	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक
२०६२	४९.६४	५०.७०	७.१६	२०.००
२०६३	१८.१८	३७.००	६.३	१८.५९
२०६४	१३.५०	२७.६०	६.२५	१७.२१
२०६५	१२.३८	२१.६५	५.७२	१५.५
२०६६	४.९४	१५.६४	४.८८	१३.४८
२०६७	४.९८	९.८१	४.७४	९.८४
२०६८	५.२८	१०.९२	४.७९	१०.४५
२०६८ पुस मसान्त	७.९३	१०.८५	४.५२	१०.३४

स्रोत: नेपाल राष्ट्र बैंक ।

४.४३ वित्तीय क्षेत्र सुधार कार्यक्रमको परिणामस्वरूप यी बैंकहरूको ऋणात्मक पुँजीकोषमा पनि उल्लेख्य सुधार आएको छ । यसबाहेक मानव संसाधन व्यवस्थापनमा समेत सुधार भई कर्मचारी संख्यामा समेत ठूलो कटौती भएको छ । सुधार कार्यक्रम लागु हुनु भन्दा अघि यी बैंकहरूमा रहेको ५ हजार ६ सय ५२ र ५हजार ५ सय २२ कर्मचारी संख्या क्रमशः २ हजार ३ सय ४२ र २ हजार ५ सय ५५ जनामा सीमित भएकोछ । साथै दुवै बैंकहरूले सबैजसो शाखाहरूलाई कम्प्युटराइज्ड गरी Any Branch Banking Services (ABBS) सेवा समेत सन्चालन गरेका छन् ।

बैंक तथा वित्तीय संस्थाहरूसम्बन्धी अन्य व्यवस्थाहरू

४.४४ बैक तथा वित्तीय संस्थाहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी समग्र वित्तीय प्रणालीको सबलता, स्थायित्व र यसप्रति सर्वसाधारणको विश्वसनियता कायम गर्न बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने प्रक्रियागत व्यवस्थालाई सरलीकरण गर्ने उद्देश्यले "बैक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली, २०६८" लागु गरिएको छ । मुलुकको वित्तीय बजारको वर्तमान अवस्था तथा बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक उपस्थितिलाई दृष्टिगत गर्दै गाभ्ने र गाभिने कार्यलाई प्रोत्साहित गर्न लिएको नीतिगत व्यवस्थाको कारण बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिने क्रम बढेको छ ।

४.४५ वित्तीय कारोवार गर्ने इजाजतपत्रको लागि पूर्व नीतिगत व्यवस्था अन्तरगत आवेदन पेश भएका बैंक तथा वित्तीय संस्थाहरूमध्ये समीक्षा अवधिमा ७ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्रदान गरिएको छ । सानिमा विकास बैंक लि.लाई "क" वर्गको बैंकमा स्तरोन्नति हुन स्वीकृति प्रदान भई सोहीअनुरूप उक्त बैंकले वित्तीय कारोवार समेत शुरु गरिसकेको छ ।

४.४६ बैंक तथा वित्तीय संस्थाहरूलाई असल कर्जाको धितोमा प्रदान गरिने पुनर्कर्जा सुविधा अन्तरर्गत यस आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा "क" वर्गका दुई बैंक र "ग" वर्गको एउटा वित्त कम्पनी गरी ३ वटा इजाजतपत्र प्राप्त संस्थाहरूलाई जम्मा रू. ८६

करोड ८६ लाख साधारण पुनरकर्जा र ३ वटा बैंक तथा वित्तीय संस्थाहरूमार्फत् रू.८४ करोड ३० लाख जलविद्युत परियोजनाहरूको लागि पुनर्कर्जा सुविधा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइएको छ। गत आर्थिक वर्षमा १७ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई रू. ५ अर्ब ३७ करोड ५० लाख असल कर्जाको धितोमा पुनर्कर्जा स्वीकृत गरिएकोमा सम्पूर्ण पुनर्कर्जा चुक्ता भइसकेको छ।

४.४७ बैंक तथा वित्तीय संस्थाहरूलाई वित्तीय सेवाको सुविधा न्यून रहेका जिल्लाका सदरमुकाममा शाखा खोलेमा रू. ५० लाखसम्म र सदरमुकाम वाहिर शाखा खोलेमा रू. १ करोडसम्म शून्य व्याजदरमा कर्जा उपलब्ध गराउने नीतिगत व्यवस्था बमोजिम समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले बैंक तथा बित्तीय संस्थाहरूलाई रू. ११ करोड कर्जा प्रदान गरेको छ।

४.४८ वाणिज्य बैंकहरूको संख्यात्मक वृद्धि तथा बढ्दो शाखा सञ्जाल, बैंकिङ प्रणालीमा प्रयोगमा ल्याइएका नवीनतम् प्रविधि तथा सेवाहरूमा आएको विविधिकरणका कारण समग्र वित्तीय क्षेत्रको जोखिम बढ्दै गइरहेको छ। यस परिप्रेक्ष्यमा सीमित साधन र स्रोतबाट प्रभावकारी सुपरीवेक्षण गर्नको लागि जोखिमका क्षेत्रहरू पहिचान गरी सोही अनुरूप सुपरीवेक्षकीय साधन स्रोतहरू बढी जोखिम भएको क्षेत्रमा केन्द्रित गरी सुपरीवेक्षण प्रक्रियालाई अझै प्रभावकारी बनाउँदै जाने उद्देश्यअनुरूप जोखिममा आधारित सुपरीवेक्षण प्रणाली (Risk Based Supervision) क्रमशः लागु गर्दै लैजानको लागि आवश्यक कार्यहरू अगाडि बढाइएको छ। यसका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको प्राविधिक सहयोग समेत उपलब्ध भएको छ।

४.४९ प्रत्येक वर्ष कम्तिमा एक पटक सबै वाणिज्य बैंकहरूको स्थलगत निरीक्षण गर्ने नीतिअनुरूप आर्थिक वर्ष २०६८।६९ को फागुन मसान्तसम्ममा २२ वटा वाणिज्य बैंकहरूको निरीक्षण कार्य सम्पन्न भएको छ भने आर्थिक वर्षको अन्तसम्ममा बाँकी वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण कार्य पूरा गर्ने योजना छ। सुपरीवेक्षणको क्रममा देखिएका कमी कमजोरीहरू सुधार गर्न सम्भव भएसम्म निरीक्षणको क्रममा नै आवश्यक सुधार गराउने, निरीक्षण प्रतिवेदनमार्फत् निश्चित समयसीमा दिई सुधारको लागि निर्देशन दिएर सोहीअनुसार निर्देशन कार्यान्वयनको अनुगमन गर्ने गरिएको छ। यसअनुसार चालु आर्थिक वर्षको दोस्रो त्रयमासको कार्यान्वयन प्रतिवेदन तयार गरिसकिएको छ। सुपरीवेक्षण कार्य तथा निरीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको लागि विभागीय संरचनामा सुधार गर्दै स्थलगत तथा गैरस्थलगत सुपरीवेक्षण अन्तरगतका इकाईहरूको पुनर्गठन गरी सुपरीवेक्षण, अनुगमन तथा कार्यान्वयन पक्षलाई तदारुकताका साथ अगाडि बढाइएको छ

४.५० समग्र वित्तीय प्रणालीमा विद्यमान चुनौती, आउन सक्ने समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा वित्तीय क्षेत्रका नियमनकारी निकायबीच समन्वयात्मक ढंगले अघि बढ्नका लागि अर्थमन्त्रीको संयोजकत्वमा गठित उच्च स्तरीय वित्तीय क्षेत्र समन्वय समितिले कार्य गरिरहेको छ।

चुनौती तथा सम्भावना

४.५१ सन २००८ को वित्तीय संकटपछि अमेरिकी अर्थतन्त्रमा देखा परेको अनिश्चतताको प्रभाव संसारभरि नै फैलिएको छ। हाल आएर यूरो क्षेत्र झनै ठूलो वित्तीय संकटबाट गुज्रिरहेको छ। परिणमस्वरूप विश्व अर्थतन्त्र उच्च मुद्रास्फीति र न्यून वृद्धिको मारमा पर्ने जोखिम यथावत छ। अन्तर्राष्ट्रियस्तर र विशेष गरी भारतमा मुद्रास्फीतिमा चापपर्न सक्ने अवस्था देखिएको र आर्थिक वृद्धि दर पनि घटेको अवस्थामा त्यसको प्रभाव नेपालमा पनि पर्न सक्ने यथार्थ एकातिर विद्यमान छ भने आर्थिक विकास र अवसरका लागि उर्लेको जनचाहनालाई सम्बोधन गर्ने गरी आर्थिक रूपान्तरणलाई उच्च प्राथमिकता दिनुपर्ने टड्कारो आवश्यकता उत्तिकै खड्केको छ। यस तथ्यलाई मनन गरी वित्त नीति र मौद्रिक नीतिको विवेकपूर्ण प्रयत्न र अभ्यासद्वारा दिगो आर्थिक विकास हाँसिल गर्नु आजको प्राथमिक चुनौती हो। यस चुनौतीको सामना गर्न मौद्रिक उपकरणको आर्थिक लक्ष्यसँग सोझो सम्बन्ध नहुने र यी दुई बीच बैक तथा वित्तीय संस्थाहरूले सेतुको काम गर्ने भएकाले मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि गर्न बैंक तथा वित्तीय संस्थाहरूको सकियताका साथै यस्ता संस्थाहरूको क्रियाकलापमा अनुशासन तथा पारदर्शिता प्रवर्द्धन हुनु पनि नितान्त जरुरी छ।

४.५२ बैंक तथा वित्तीय संस्थाको संख्यात्मक वृद्धिसँगै कुल कर्जा लगानीमा भएको विस्तारको अनुपातमा कृषि क्षेत्रमा प्रवाह भएको कर्जा लगानी न्यून रहेको छ। एकातिर धितो मूल्यांकन, कर्जा तिर्न सक्ने क्षमतालगायतका औपचारिक प्रक्रिया पूरा गर्न साना तथा गरिब कृषकहरू असमर्थ रहेकाले बैंकिङ क्षेत्रको कर्जाको सुविधा उपयोग गर्न त्यति सहज छैन भने अर्कोतर्फ बचत तथा ऋण सहकारी संस्थाहरूबाट प्राप्त हुने कर्जाको मात्रा अपर्याप्त रहेको र यस्तो कर्जामा व्याजदर समेत उच्च हुने गरेकोले कृषि उपजको लागत बढ्ने समस्या रहेको छ। अतः यी समस्याहरूलाई सम्बोधन गरी कृषि कर्जाको सहज उपलब्धता एवं लागत न्यूनीकरण गर्न आवश्यक वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ।

४.५३ मुलुकको आर्थिक विकासको लागि बचतलाई प्रोत्साहन गर्न, बैंक तथा वित्तीय संस्थाहरूको विश्वसनीयता कायम राख्न र सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्न बैंक तथा वित्तीय संस्थाहरूले पाँच लाखसम्मको निक्षेपमा अनिवार्य सुरक्षण गर्ने व्यवस्था मिलाइएको छ। तर निक्षेप सुरक्षण योजनालाई बढी भन्दा बढी व्यक्ति तथा समुदायमा पुऱ्याउन यो व्यवस्था पर्याप्त नभएकोले निक्षेप बीमा/सुरक्षण ऐन तर्जुमा गरी अविलम्ब कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ। साथै, कारोवारको वृद्धिसँगै कर्जा सुरक्षण निगमको पुँजी पनि वृद्धि गरिँदै जानुपर्ने हुन्छ।

४.५४ ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेको र सञ्चालनमा रहेका बैक तथा वित्तीय संस्थाहरूमा ग्रामीण किसानहरूको पहुँच अपर्याप्त भएकोले उनीहरूले आवश्यकताअनुरूप वित्तीय सेवा तथा सुबिधा पाउन सकिरहेका छैनन्। तसर्थ, वित्तीय संस्थाहरूको प्रगाढता कम भएका त्यस्ता क्षेत्रहरूमा ग्रामीण किसानहरूको सक्रियता एवम् सहभागितामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूले वित्तीय सेवा पुऱ्याउने क्रम बढिरहेको सन्दर्भमा यस्ता सहकारी संस्थाहरूलाई थप सशक्त बनाउन र वित्तीय अनुशासन पालना गराउन अनुगमन कार्यलाई सुदृढ तुल्याउनु पर्ने देखिन्छ।

५. बीमा तथा पुँजी बजार

५. बीमा तथा पुँजी बजार

पुँजी बजार

५.१ अर्थतन्त्रमा अनुत्पादनशीलरूपमा रहेको र सर्वसाधारणमा छरिएर रहेको बचतलाई परिचालन गरी उत्पादनशील क्षेत्रमा पुऱ्याउने काम पुँजी बजारले गर्छ। पुँजी बजारले पुँजी परिचालनकर्ता, बचतकर्ता तथा लगानीकर्ताहरूको कार्य सम्बन्ध जोड्ने कार्य गर्दछ। विभिन्न क्षेत्रमा विकेन्द्रित भई उत्पादनशीलरूपमा प्रयोगमा आउन नसकेको रकमलाई सँगठितरूपमा परिचालन गर्ने र त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने कार्य पुँजी बजारले गर्ने हुँदा अर्थतन्त्रमा यसको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

प्राथमिक बजार

५.२ धितोपत्रको प्राथमिक बजारमार्फत् आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा १० वटा सङ्गठित संस्थाले साधारण शेयरको प्राथमिक निष्काशन तथा १७ वटा सङ्गठित संस्थाले हकप्रद शेयर निष्काशन गरी जम्मा २७ वटा सँगठित संस्थाहरूले कुल रू.४ अर्ब ३ करोड ७७ लाख मूल्य बराबरको धितोपत्र निष्काशन गरी पुँजी परिचालन गरेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा ३ वटा सङ्गठित संस्थाले साधारण शेयरको निष्काशन, ३ वटा सङ्गठित संस्थाले हकप्रद शेयर निष्काशन र १ वटा संस्थाले डिवेन्चर निष्काशन गरी कुल ७ वटा सँगठित संस्थाहरूबाट जम्मा रू.७२ करोड ४३ लाख मूल्य बराबरको पुँजी परिचालन भएको छ। समीक्षा अवधिमा धितोपत्रको निष्काशन रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८२.०६ प्रतिशतले कमी रहेको छ भने डिवेन्चरमार्फत् एउटा कम्पनीको मात्र रू.४० करोड बराबरको पुँजी परिचालन भएको छ।

५.३ धितोपत्रको प्राथमिक बजारतर्फ विगत चार वर्ष यता पुँजी बजारमार्फत् पुँजी परिचालनको मात्रा क्रमशः घट्दै आइरहेको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा साधारण शेयर, हकप्रद शेयर तथा डिवेन्चरमार्फत् कुल रू.१६ अर्ब ८२ करोड बराबरको पुँजी परिचालन भएकोमा यो रकम आर्थिक वर्ष २०६७/६८ मा रू.६ अर्ब ८५ करोड र समीक्षा अवधिको प्रथम आठ महिनामा रू.७२ करोड रहेको छ। विगत ४ वर्षयता पुँजी परिचालन गर्ने सँगठित संस्थाहरूको संख्या पनि अनपेक्षितरूपमा घटिरहेको छ। पछिल्लो समयमा बोर्डमा बोनस शेयर दर्ता गर्ने संस्थाहरूको संख्या तथा रकम पनि घट्दै आइरहेको छ। आर्थिक वर्ष २०६५/६६ मा ६८ वटा संस्थाहरूले लाभांश वा बोनस शेयर घोषणा गरेका थिए भने आर्थिक वर्ष २०६७/६८ मा ४३ वटा संस्थाले लाभांश वा बोनस शेयर घोषणा गरेका थिए। यस आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा १९ वटा संस्थाहरूले मात्र बोनस शेयर बोर्डमा दर्ता गरेका छन्। धितोपत्रको दोस्रो बजारतर्फ पनि पछिल्लो समयमा धितोपत्रको कारोबार रकम, कारोबार संख्या तथा अन्य सूचकहरू क्रमशः घट्दै आइरहेको पाइन्छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा ९६३.३६ विन्दुको नेप्से परिसूचक हालसम्म लगातार घट्दै आई समीक्षा अवधिको प्रथम आठ महिनाको


अन्त्यमा ३१३.९२ विन्दु कायम भएको छ। सूचीकृत सँगठित संस्थाहरूको संख्या र धितोपत्रको चुक्ता मूल्य भने बढ्दै गएको छ।

तालिका ५(क) : प्राथमिक बजार प्रवृत्ति

(रू.करोडमा)

विवरण		आर्थिक वर्ष							
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	प्रथम आठ महिना	
								२०६७/६८	२०६८/६९
१	पुँजी परिचालन	२४४.३३	२२९.५५	९९६.८२	१६८२.८५	१०८२.२४	६८५.४०	४०३.७७	७२.४३
क	साधारण शेयर	५७.९८	३८.०२	९२.४८	१८१.५७	२६४.९३	१७२.८८	६३.९	१२.३५
ख	हकप्रद शेयर	१०१.३५	१२६.५३	६०९.३४	१४२६.२८	८१७.३०	५०७.५२	३३९.८७	२०.०८
ग	अग्राधिकार शेयर	-	४०	-	-	-	-	-	-
घ	डिवेन्चर	८५	२५	२९५.००	७५.००	-	५.००	-	४०.००
ङ	नागरिक एकांक योजना	१४८.६३	१७०.२३	९८.००	९५.३४	१००.८८	३१.५४	२९.८८	३३.०८
२	पुँजी परिचालनकर्ता सँगठित संस्थाहरूको संख्या	२९	३४	६४	६४	६१	४७	२७	७

स्रोत: नेपाल धितोपत्र बोर्ड।




दोस्रो बजार

५.४ आर्थिक वर्ष २०६७/६८ को अन्त्यमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०२ रहेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनाको अवधिमा थप १३ वटा कम्पनीहरू सूचीकृत भई कुल सूचीकृत कम्पनीहरूको संख्या २१५ कायम भएको छ। यस्तै, समीक्षा अवधिमा थप रू.८ अर्ब बराबरको दुई विकास ऋणपत्रहरू सूचीकृत भई कुल विकास ऋणपत्रको संख्या २० पुगेको छ भने नेपाल इन्भेष्टमेन्ट बैंक लि.को ३० करोड चुक्ता मूल्यको ऋणपत्र सूचीकृत भई कुल संस्थागत

ऋणपत्रको संख्या १४ पुगेको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनाको अन्त्यमा बजार पुँजीकरण मूल्यमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.०४ प्रतिशतले कमी भई रू.२ खर्ब ९३ अर्ब ५५ करोड कायम भएको छ जुन अघिल्लो आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको अन्त्यमा रू.३ खर्ब ३७ अर्ब ५७ करोड रहेको थियो। आर्थिक बर्ष २०६७/६८ को अन्त्यमा रू. ३ खर्ब २३ अर्ब ४८ करोड पुगेको बजार पुँजीकरण निरन्तर घट्दै हालको विन्दुमा आएको हो। यसरी बजार पुँजीकरणमा कमी आउनुमा कमोडिटी बजारमा भएको अनियन्त्रित विस्तार, सूचीकृत बैंक तथा वित्तीय संस्थाहरूमा विगत केही समय अगाडि देखिएको समस्या, धितोपत्रको आपूर्तिअनुसार माग बढ्न नसक्नु, व्याजदरमा आएको परिवर्तन तथा संस्थागत लगानीकर्ताको अभाव जस्ता मुख्य कारणहरू रहेका छन्।

चार्ट ५ (ख) : बजार पुँजीकरण (रु. करोडमा)



प्रथम आठ महिना (२०६८/६९)।

५.५ समीक्षा अवधिमा धितोपत्र कारोबार रकममा आर्थिक वर्ष २०६७/६८ को सोही अवधिको तुलनामा २३.५१ प्रतिशतले बृद्धि भई रू. ५ अर्ब २७ करोड ६७ लाख मूल्यको २ करोड ४३ लाख कित्ता शेयर पुगेको छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा रू.४ अर्ब २७ करोड २३ लाख मूल्यको १ करोड ६८ लाख ७५ हजार कित्ता धितोपत्र कारोबार भएको थियो।


५.६ सूचीकृत धितोपत्रको चुक्ता मूल्य तर्फ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.११ प्रतिशतले बृद्धि भई रू.१०८ अर्ब ४७ करोड १० लाख पुगेको छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य रू.९६ अर्ब ७५ करोड ५० लाख रहेको थियो।

५.७ अर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कारोबार संख्यामा ०.८५ प्रतिशतले बृद्धि आई कुल १ लाख ९५ हजार २ सय ७३ वटा कारोबार भएको छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको अवधिमा कुल १ लाख ९३ हजार ६ सय ३१ वटा कारोबार भएको थियो।

तालिका ५ (ख): दोस्रो बजार प्रवृत्ति


विवरण	आर्थिक वर्ष						प्रथम आठ महिना	
	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६७/६८	२०६८/६९
धितोपत्र कारोबार रकम	३४५.१४	८३६.०१	२२८२.०८	२१६८.११	११८५.११	६६६.५३	४२७.२३	५२७.६७
कारोबार भएको धितोपत्रको संख्या (हजारमा)	१२२२२	१८१४७	२८५९९.७७	३०५४७.१७	२६२३१.३५	२६२४०.३९	१६८७५.२९	२४३०२.२४
कारोबार संख्या	९७३७४	१२०५१०	१५०८००	२०९०९१	२१३७३३	३०२३६४	१९३६३१	१९५२७३
बजार पुँजीकरण	९६८१.३७	१८६३०.१३	३६६२४.७५	५१२९३.९०	३७६८७.१३	३२३४८.४३	३३७५७.४३	२९३५५.६४
बजार पुँजीकरणमा कारोबारको प्रतिशत	३.५६	४.४८	६.२३	४.२३	३.१४	२.०६	१.२७	१.८०
कुल गार्हस्थ्य उत्पादनमा बजार पुँजीकरणको प्रतिशत	१४.८०	२५.६०	४४.९०	५१.७४	३२.१५	१९.४८	२८.४९	१८.४८
सूचीकृत धितोपत्रको चुक्ता मूल्य	२०००.८६	२१७९.८८	२९४६.५	६११४	७९३५.६	१००२३.८	९६७५.५	१०८४७.१
सूचीकृत सँगठित संस्थाहरूको संख्या	१३५	१३५	१४२	१५९	१७६	२०९	२०२	२१५
धितोपत्र कारोबारको प्रकार (Script Traded)	११०	११६	१३६	१७०	१९८	२२२	२०५	२११
नेप्से परिसूचक (विन्दुमा)	३८६.८६	६८३.९५	९६३.३६	७४९.१०	४७७.७३	३६२.८५	३८४.१७	३१३.९२

स्रोत: नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. ।



प्रथम आठ महिना (२०६८/६९) ।

५.८ दोस्रो बजारको अवस्था जनाउने नेप्से परिसूचक आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तमा ३१३.९२ विन्दु कायम भएको छ जुन अघिल्लो वर्षको सोही समयको भन्दा ३५.४४ प्रतिशतले ह्रास भएको हो। आर्थिक वर्ष २०६७/६८ को अन्त्यमा नेप्से परिसूचक ३६२.८५ विन्दु रहेको थियो।



प्रथम आठ महिना (२०६८/६९)।

नेपाल धितोपत्र बोर्ड

५.९ धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत सामूहिक लगानी कोष नियमावली, २०६७ लागु भइसकेको र कोष सञ्चालन सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट समेत नीतिगत व्यवस्थाहरू लागु भइसकेको छ। सामूहिक लगानी कोष स्थापना गर्न चाहने बैंक तथा वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरी धितोपत्र बजारमा प्रवेश गराउने उद्देश्यअनुरूप बोर्डमा २०६८ फागुन मसान्तसम्म सिद्धार्थ म्युचुअल फण्ड र नविल म्युचुअल फण्ड नामक दुई कम्पनी दर्ता भई सञ्चालनका लागि स्वीकृति प्रदान गरिएको छ।

५.१० आर्थिक वर्ष २०६८/६९ को समीक्षा अवधिमा कुल १९ वटा सूचीकृत सँगठित संस्थाहरूको रू.१ अर्ब ५१ करोड ७१ लाख बराबरको बोनस शेयर बोर्डमा दर्ता भएको छ। समीक्षा अवधिमा ३ वटा वित्तीय संस्थाहरूको साधारण शेयर तथा एक संस्थाको ऋणपत्र गरी कुल रू.५१ करोड ३५ लाख मूल्य बराबरको निष्काशन अनुमति दिइएको छ भने हकप्रद शेयर तर्फ भने रू.२० करोड ८ लाख ५० हजार मात्र निष्काशन अनुमति प्रदान गरिएको छ।

५.११ बोर्डले समीक्षा अवधिमा धितोपत्रको राफसाफ, फछर्यौट तथा नामसारी प्रक्रियालाई छिटो छरितो रूपमा सम्पन्न गराउन धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली (Central Securities Depositary System) स्थापनाका लागि Central Depository System and Clearing Ltd.लाई स्वीकृति प्रदान गरेको छ। साथै, उक्त कम्पनी सञ्चालनसम्बन्धी विनियमावली स्वीकृत भई सञ्चालनसम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइएको छ।

मन्जुषा ५(क) : केन्द्रिय निक्षेपण प्रणाली र क्लीयरिङ्ग लिमिटेड

मुलुकको पुँजीबजारको सँगठित विकासका लागि धितोपत्र कारोबारलाई थप व्यवस्थित गरी आधुनिक शेयर कारोबार एवं राफसाफ तथा फछर्यौट प्रणालीलाई विद्युतीय रूपमा अभिलेख राखी केन्द्रीय निक्षेप सेवाको स्थापना तथा सञ्चालन गर्न यस कम्पनीको स्थापना मिति २०६७/९/७ मा भएको हो। नेपाल स्टक एक्सचेञ्जको पूर्ण स्वामित्वमा स्थापित यस कम्पनीको अधिकृत पुँजी रू.५० करोड छ भने जारी पुँजी रू.३० करोड रहेको छ। कम्पनीको प्रमुख उद्देश्य शेयर, डिबेन्चर, ऋणपत्र, स्टक तथा अन्य धितोपत्र जिम्मा लिने र धितोपत्र कारोबार विद्युतीय रूपमा अभिलेख राखी प्रमाणपत्र रहित कारोबार प्रणाली सञ्चालन, सहजीकरण एवं धितोपत्र/उपकरणहरूको नामसारी वा खातामा अद्यावधिक अभिलेख राख्ने रहेको छ। साथै, यस कम्पनीले देशमा केन्द्रीय निक्षेप प्रणालीमार्फत् विद्युतीय निक्षेपद्धारा धितोपत्र/उपकरणहरूको कारोबार गर्न व्यवसायिक ढंगले सञ्चालनमा ल्याउने गर्दछ। यसका लागि सरोकारवाला सँगठित संस्थाहरू निक्षेप सदस्य, निष्काशनकर्ता, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरू तथा स्टक एक्सचेन्ज र राफसाफ निकायहरू बीच कम्पनीको विद्युतीय सञ्चार संजालसँग आवद्ध भई आधुनिक शेयर कारोबार स्थापना तथा सञ्चालनमा ल्याउने गरिन्छ। यसबाट विद्यमान कारोबार प्रणालीमा थप सरल, सहज, चुस्त तथा प्रभावकारी हुने विश्वास गरिएको छ।

कम्पनीले निक्षेप सेवा सञ्चालन र व्यवस्थापन गर्न पूर्वाधारको रूपमा कार्यालयको स्थापना गरी आवश्यक हार्डवेयर जडान गरी केन्द्रीय निक्षेप प्रणाली सञ्चालन गर्न Central Depositary Accounting Software (CDAS) निर्माण गरेको छ। यसैगरी धितोपत्रको दोस्रो बजारमा हुने कारोबारको राफसाफ तथा फछर्यौट सेवा प्रदान गर्ने कार्यका लागि एक छुट्टै Clearing and Settlement Software (CnS) निर्माण अन्तिम चरणमा रहेको छ। धितोपत्रको केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि यससँग सम्बन्धित धितोपत्रसम्बन्धी ऐन, २०६३, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा स्वीकृति प्राप्त भइसकेको छ।

५.१२ क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम क्रेडिट रेटिङ्ग व्यवसाय गर्न चाहने कम्पनीलाई अनुमति प्रदान गरी धितोपत्र बजारमा क्रेडिट रेटिङ्ग सेवा प्रवेश गराउने उद्देश्यले इक्रा इण्डिया लिमिटेड (ECRA India, Ltd.), लाई सैद्धान्तिक सहमति दिइएको छ भने धितोपत्र बाँडफाँड निर्देशिका र सामूहिक लगानी कोष निर्देशिका तर्जुमा गर्ने कार्य भइरहेको छ।

५.१३ धितोपत्र शिक्षाका माध्यमबाट सर्वसाधारणलगानीकर्ता, सँगठित संस्था, व्यवसायी, बैकर्स, सूचीकृत कम्पनी, अध्यापक/प्राध्यापक, आर्थिक पत्रकार, कानुन व्यवसायी तथा विद्यार्थीहरूमा धितोपत्र बजारका आधारभूत पक्षहरूको बारेमा ज्ञान अभिवृद्धि गर्न बोर्डले काठमाडौं उपत्यका भित्र तथा उपत्यका बाहिर बनेपा, नेपालगञ्ज, धनगढी, सुर्खेत, चितवन, रोल्पा जस्ता ठाउँहरूमा प्रशिक्षण कार्यक्रम सम्पन्न गरी करिव १ हजार ५ सय

जनालाई लगानीकर्ता शिक्षा प्रदान गरेको छ भने उपत्यका बाहिरका अन्य विभिन्न ठाउँहरूमा व्यापक रूपमा प्रशिक्षण सञ्चालन गर्ने तयारी गरिरहेको छ। साथै, धितोपत्र शिक्षालाई देशभरी प्रचार प्रसार गर्न आवश्यक पर्ने प्रशिक्षकहरूलाई बोर्डले प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गर्ने तयारी समेत गरेको छ।

५.१४ धितोपत्र बजारमा गैर-आवासीय नेपालीहरूको लगानी भित्र्याउन नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक तथा गैर आवासीय नेपाली संघको प्रतिनिधि रहने गरी गठित समितिबाट एक प्रतिवेदन तयार गरी आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। गैर आवासीय नेपाली समूहबाट सामूहिक लगानी कोषमार्फत् लगानी गर्न सक्ने व्यवस्था गर्न सामूहिक लगानी कोष नियमावली, २०६८ मा गर्नुपर्ने संशोधन व्यवस्थाहरू पहिचान गरी नियमावली संशोधनका लागि मस्यौदा तयार गरिएको छ।

नेपाल स्टक एक्सचेञ्ज लि.

५.१५ नेपाल स्टक एक्सचेञ्ज लि. र कोरिया स्टक एक्सचेन्ज बीच आपसी सहयोग सम्भाव्याताका लागि समझदारीपत्र सम्झौता (MOU) मा हस्ताक्षर सम्पन्न भएको छ।

५.१६ लगानीकर्ताको पहुँचलाई सहज बनाउन देशका मुख्य शहरहरू विराटनगर, वीरगंज, बुटवल पोखरा र नारायणगढबाट कारोबार गरिनुका साथै आवश्यक अनुगमन तथा अध्ययन कार्य समेत भइरहेको छ।

५.१७ इजाजत प्राप्त सदस्यहरूमार्फत् गरिने सूचीकृत धितोपत्रको कारोबार रू.२४ अर्ब पुऱ्याउने लक्ष्य राखिएकोमा गत आर्थिक वर्षमा जम्मा रू. ६.६७ अर्ब बराबरको मात्र कारोबार भएको र दोस्रो बजार परिसूचकहरू घटिरहेकोले यस आर्थिक वर्षको फागुन मसान्तसम्म जम्मा रू. ५.२७ अर्ब मात्र कारोबार भएको छ। समीक्षा अवधिमा समग्र बजारका परिसूचकहरू ओरालो लागेको र प्राथमिक बजारमा समेत शेयर निष्काशन गर्ने क्रममा शिथिलता आएकोले यस अवधिमा जम्मा ६ वटा कम्पनीहरू मात्र सूचीकृत भएका छन्।

धितोपत्र व्यवसायीहरू

५.१८ आर्थिक वर्ष २०६८/६९ को समीक्षा अवधिसम्म कुल धितोपत्र दलालहरूको संख्या ४८ पुगेको छ। बजारमा २३ वटा धितोपत्र दलाल व्यवसायीहरूले व्यवसाय सञ्चालन गरिरहेकोमा बजारको आकारअनुसार थप प्रतिस्पर्धी बनाउन बोर्डले गत वर्षदेखि हालसम्म थप २५ नयाँ धितोपत्र दालालहरूलाई अनुमतिपत्र प्रदान गरेको छ। समीक्षा अवधिमा बजारमा १२ वटा मर्चेन्ट बैंकरहरू कायम रहेका छन्। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको अन्त्यमा संस्थागत धितोपत्र कारोबारका लागि २३ वटा धितोपत्र दलाल तथा १४ वटा मर्चेन्ट बैंकरहरू कायम थिए। समीक्षा अवधिमा बोर्डले नयाँ धितोपत्र दलाल व्यवसायीहरूको स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन समेत तयार गरेको छ।

सामूहिक लगानी योजना

५.१९ बजारमा एनसीएम म्युचुअल फण्ड नामक सामूहिक लगानी योजनाका युनिटहरूको दोस्रो बजारमार्फत् खरिद-बिक्री कार्य भइरहेको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा एनसीएम म्युचुअल फण्डको लगानी रू.१३ करोड ६१ लाख पुगेको छ जुन अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.८ प्रतिशतले वृद्धि भएको हो। योजनाको कुल आम्दानी भने गत वर्षको तुलनामा १.८ प्रतिशतले घटेर रू.६७ लाख ४२ हजार कायम भएको छ। योजनाको प्रति युनिट खुद सम्पत्ति मूल्य गत आर्थिक वर्षको प्रथम आठ महिनामा रू.३३.७३ रहेकोमा यस आर्थिक वर्षको समीक्षा अवधिमा २१.२८ रहेको छ।

नागरिक लगानी कोष

५.२० नागरिक लगानी कोषले व्यक्तिगत र संस्थागत दुबै किसिमको बचत परिचालन गरी सो रकम ऋण तथा सापटीको रूपमा विभिन्न क्षेत्रमा लगानी प्रवाह गर्दै आएको छ। यसका अतिरिक्त कोषले मर्चेन्ट बैकिङ्ग कारोबार अन्तर्गत धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक सेवा प्रदान गर्दै आएको छ। कोषको २०६८ आषाढ मसान्तमा रू.२८ अर्ब ४३ करोड सम्पत्ती/दायित्व रहेकोमा २०६८ फागुन मसान्तमा उक्त स्थितिमा बृद्धि भई रू.३१ अर्ब ९० करोड पुगेको छ। कोषको दायित्वतर्फ ठूलो अंश रहेको कोष रकम आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.८७ प्रतिशतले वृद्धि भई रू.२८ अर्ब ५५ करोड पुगेको छ। जुन गत आर्थिक बर्षको प्रथम आठ महिनामा रू.२३ अर्ब ७२ करोड रहेको थियो भने २०६८ आषाढ मसान्तमा रू.२५ अर्ब ८ करोड रहेको थियो।

५.२१ कोषले पुँजीबजार सेवा अन्तर्गत मर्चेन्ट बैंकिङ्ग कारोबारमा आर्थिक वर्ष २०६७/६८ मा रू.२ अर्ब ५४ करोड बराबरको साधारण तथा हकप्रद शेयर निष्काशको काम सम्पन्न गरेको छ। समीक्षा अवधि २०६८/६९ को प्रथम आठ महिनासम्म यस्तो कारोबार रू.२ अर्ब ४३ करोडको पुगेको छ। शेयर रजिष्ट्रार सेवातर्फ भने समीक्षा अवधिमा रू.२ अर्ब ४९ करोड बराबरको सेवा प्रदान गरेको छ।

५.२२ समीक्षा अवधिको प्रथम आठ महिनासम्म संकलित कुल कोष रकममध्ये कर्मचारी बचत बृद्धि अवकाश कोषको अंश ६१.७७ प्रतिशत, नागरिक एकांक योजनाको अंश १.१६ प्रतिशत, उपदान कोष योजनाको अंश १७.६१ प्रतिशत, लगानीकर्ता हिसाव योजनाको अंश ५.६३ प्रतिशत र बीमा कोषबाट संकलित रकमको अंश १३.८३ प्रतिशत रहेको छ।

५.२३ नागरिक लगानी कोषले आर्थिक वर्ष २०६७/६८ को असार मसान्तसम्ममा विभिन्न क्षेत्रमा गरी रू.२३ अर्ब ६७ करोड लगानी गरेको छ। जुन गत आर्थिक वर्ष २०६६/६७ को तुलनामा रू.३ अर्ब ४२ करोडले बढी रहेको छ। समीक्षा अवधिको फागुन मसान्तमा यस्तो लगानी रू.२७ अर्ब २१ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी रू.२२ अर्ब ७३ करोड रहेको थियो। २०६८ फागुन मसान्तको लगानीको संरचनाअनुसार मुद्धति निक्षेपमा कुल लगानीको ५४.५० प्रतिशत, सरकारी ऋणपत्रमा ७.९६ प्रतिशत, शेयर धितोपत्रमा ७.४८ प्रतिशत, समयकालिन कर्जामा १६.३२ प्रतिशत र

सहभागी सापटी/आवास कर्जामा १३.७४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष मुद्धती निक्षेप तर्फको लगानी १० प्रतिशत भन्दा बढीले घटेको देखिन्छ।

५.२४ कोषको मुद्धति निक्षेपमा केन्द्रित रहेको लगानीलाई क्रमशः न्यून गर्दै लगिएको छ। लगानीलाई विविधिकरण गर्ने दिशातर्फ केन्द्रित रही यससम्बन्धी नीतिहरू तर्जुमा भएका छन्। यसको निमित्त विद्यमान लगानी नीतिलाई परिमार्जित गरिएको छ। त्यसैगरी, पूर्वाधार तथा परियोजना निर्माण तर्फ लगानी विस्तार गर्ने उद्वेश्यअनुरूप सहवित्तीयकरण कार्यविधि, २०६८ तर्जुमा गरिएको छ। दोस्रो बजारबाट शेयर खरिद गर्ने उद्देश्यले बजार निर्माता (Market Maker) को व्यवस्था गर्न पूर्वाधार निर्माण गर्ने कार्य अगाडि बढाइएको छ। समीक्षा अवधिको माघ ४ गतेदेखि लागु हुने गरी कर्मचारी बचत बृद्धि स्वीकृत अवकाश कोषका सहभागीहरूको लागि रू. १ लाखको दुर्घटना बीमाको व्यवस्था गरिएको छ।

कमोडिटी बजार

५.२५ नेपालमा २०६४ सालबाट कमोडिटी बजारमा कारोबार सुरु भई हालसम्म ६ वटा कमोडिटी एक्सचेञ्जहरू सञ्चालनमा रहेका छन् ,जसमा कमोडिटी एण्ड मेटल एक्सचेञ्ज लि., मर्केन्टाईल एक्सचेञ्ज नेपाल लि., नेपाल डेरिभेटिभ एक्सचेञ्ज लि., नेपाल स्पट एक्सचेञ्ज लि. र कमोडिटी फ्युचरस एक्सचेञ्ज लि. पब्लिक कम्पनीको रूपमा र वेल्थ एक्सचेञ्ज प्राइभेट कम्पनीको रूपमा स्थापना भएका हुन। हालसम्म सञ्चालनमा रहेका एक्सचेञ्जहरूमा ४ वटा फ्युचर एक्सचेञ्ज र २ वटा स्पट एक्सचेञ्ज रहेका छन्। वेल्थ एक्सचेञ्ज नेपालमा पहिलो स्पोट एक्सचेञ्को रूपमा स्थापित कमोडिटी एक्सचेञ्ज हो।

५.२६ समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले कमोडिटी बजारका समस्या, चुनौती र सम्भावना सम्बन्धमा अध्ययन गरी नियमन व्यवस्थाका लागि आवश्यक आधार तय गर्न विज्ञहरू सम्मिलित एक कमोडिटी मार्केट अध्ययन समितिको गठन गरी अध्ययन कार्य अघि बढाएको र उक्त समितिबाट प्रतिवेदन तयार गर्ने कार्य भइरहेको छ।

५.२७ कमोडिटी बजारतर्फ भने छोटो समयमानै उल्लेख्य विस्तार भएको पाइन्छ। २०६४ सालमा कमोडिटी एण्ड मेटल एक्सचेञ्ज नेपाल लि. को रूपमा पहिलो कमोडिटी एक्सचेञ्ज स्थापना भएदेखि हालसम्म ६ वटा कमोडिटी एक्सचेञ्जहरूले कारोबार गर्दै आइरहेका छन्। हरेक एक्सचेञ्जमा आफ्नै किसिमको कारोबार प्रणाली, मार्जिन व्यवस्था तथा सफ्टवेयर सिस्टम रहेको देखिन्छ। सबै एक्सचेञ्जहरूमा गरी करिब २०० जति ब्रोकरहरू रहेका छन्। बजारलाई व्यवस्थित गरी स्वस्थ र सन्तुलित विकास गर्न एउटा छुट्टै नियमन निकायको आवश्यकता देखिएको छ।

बीमा क्षेत्र

बीमा व्यवसायको बर्तमान अवस्था

५.२८ बीमा ऐन, २०४९ अन्तर्गत २०२६ साल जेठ १ गते स्थापित बीमा समितिले बीमा व्यवसायलाई व्यवस्थित र नियमित गर्दै नियमनकारी निकायको रूपमा कार्य गर्दै आएको

छ। समिति अन्तर्गत ८ वटा कम्पनीहरूले जीवन बीमा व्यवसाय कारोबार गर्ने, १६ वटा कम्पनीहरूले निर्जीवन बीमा व्यवसाय कारोबार गर्ने र १ बीमा कम्पनीले दुवै प्रकारको कारोबार गर्दै आएको छ। बीमा कम्पनीको हाल संख्या २५ वटा रहेको छ। स्वामित्व संरचनाको हिसावले ३ वटा बीमा कम्पनी बिदेशी बीमा कम्पनीहरूको शाखाको रूपमा, ३ वटा बीमा कम्पनीहरू बिदेशी बीमा कम्पनीको संयुक्त पुँजी लगानीमा, १८ वटा बीमा कम्पनीहरू निजी स्वामित्वमा र १ वटा बीमा कम्पनी सरकारी स्वामित्वमा रहेको छ।

तालिका ५ (ग): बीमा कम्पनीहरूको स्वामित्व संरचना

स्वामित्व	निर्जीवन	जीवन	जीवन/निर्जीवन	जम्मा
सरकारी	–	–	१	१
निजी	१३	५	–	१८
बिदेशी	२	१	–	३
संयुक्त	२	१	–	३
जम्मा	१७	७	१	२५

स्रोत : बीमा समिति।

५.२९ जीवन तथा निर्जीवन बीमा कम्पनीहरूको कुल वित्तीय स्रोत तथा तिनको उपयोग २०६८ असार मसान्तसम्ममा रू.६१ अर्ब २१ करोड ३४ लाख पुगेको छ। जुन अघिल्लो आर्थिक वर्ष तुलनामा २२.४६ प्रतिशतले बृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६८/६९ को पुष मसान्तसम्ममा सो रकम रू.६७ अर्ब १८ करोड ३४ लाख पुगेको छ।

तालिका ५(घ): जीवन तथा निर्जीवन बीमा कम्पनीहरूको स्रोत तथा उपयोगको विवरण*

रू. करोडमा

स्रोत	आर्थिक वर्ष २०६५/६६		आर्थिक वर्ष २०६६/६७		आर्थिक वर्ष २०६७/६८		आर्थिक वर्ष २०६८/६९**	
	जीवन	**निर्जीवन**	**जीवन**	**निर्जीवन**	**जीवन**	**निर्जीवन**	**जीवन**	**निर्जीवन**
क) चुक्ता पुँजी	१६४.७३	१२७.०४	१८९.००	१५६.००	२४५.१४	१६४.२०	२४५.१४	१६४.२०
ख) जगेडा कोष	२,६४२.५४	२३८.३७	३,३२५.००	४०६.००	४,४०४.००	६८३.००	४,८०२.००	७८५.००
ग) अन्य दायित्व	१५६.५०	३७२.२५	२९८.००	३७२.००	२७५.००	३५०.००	३२०.००	४०२.००
उपयोग	**२,९६३.७७**	**७३७.६६**	**३,८१२.००**	**९३४.००**	**४,९२४.१४**	**१,१९७.२०**	**५,३६७.१४**	**१,३५१.२०**
क) बैंक तथा नगद मौज्दात	१०७.९९	६५.७५	९२.००	७०.००	७५.००	९०.००	८२.००	९८.००
ख) लगानी	२,६०६.२९	४९६.६९	३,३५०.००	६७०.००	४,४४९.१४	८२०.२०	४,८४९.१४	८९४.२०
ग) स्थिर सम्पत्ति	५६.६२	५२.२३	१५४.००	८७.००	२१०.००	१०७.००	२२९.००	१२७.००
३) अन्य सम्पत्ति	१९२.८७	१२२.९९	२१६.००	१०७.००	१९०.००	१८०.००	२०७.००	२३२.००
कुल स्रोत /कुल उपयोग	**२,९६३.७७**	**७३७.६६**	**३,८१२.००**	**९३४.००**	**४,९२४.१४**	**१,१९७.२०**	**५,३६७.१४**	**१,३५१.२०**

स्रोत : बीमा समिति।

** राष्ट्रिय बीमा संस्थानको अनुमानित विवरण समावेश गरिएको।*

*** २०६८/६९ साल पौष मसान्तसम्मको मात्र।*

कुल बीमा शुल्क आर्जन

५.३० नेपालको बीमा व्यवसाय बाट आर्थिक वर्ष २०६१/६२ मा जीवन तथा निर्जीवन बीमामा गरी कुल बीमा शुल्क रू. ५ अर्ब ६८ करोड २४ लाख आर्जन भएको देखिन्छ। त्यस भन्दा पछिल्ला बर्षहरूमा क्रमशः बीमा शुल्कमा बृद्धिभई आर्थिक वर्ष २०६६/६७ मा कुल बीमा शुल्क रू.१५ अर्ब २६ करोड २७ लाख आर्जन भएको देखिन्छ। जुन अघिल्लो बर्षको दाँजोमा ३८.०५ प्रतिशत बढेको देखिन्छ। यसो हुनुमा मोटर बीमामा तेस्रो पक्ष बीमा अनिवार्य गरिएको कारणबाट बीमा शुल्कमा उल्लेखनीय बृद्धि भएको हो। आर्थिक वर्ष २०६७/६८ मा कुल बीमा शुल्क आर्जन रू. १७ अर्ब ४८ करोड ६१ लाख पुगेको देखिन्छ भने अघिल्लो आर्थिक वर्ष २०६६/६७ को तुलनामा बृद्धि दर १५ प्रतिशतको हाराहारिमा रहेको छ।

कुल गार्हस्थ उत्पादनमा बीमा शुल्कको योगदान

५.३१ कुल बीमा शुल्कलाई कुल ग्राहस्थ उत्पादन (प्रचलित मूल्य) सँग तुलना गर्दा आर्थिक वर्ष २०६७/६८ मा बीमा शुल्कको योगदान १.३१ प्रतिशत रहेको देखिन्छ। आर्थिक वर्ष २०६१/६२ मा ०.९६ प्रतिशत रहेकोमा पछिल्ला बर्षहरूमा क्रमशः बृद्धि हुन गई आर्थिक वर्ष २०६८/०६९ को अन्त्यसम्ममा १.४१ प्रतिशत पुग्ने अनुमान गरिएको छ।

तालिका ५ (ङ) : बीमा शुल्क परिचालन र लगानीको स्थिति

आर्थिक बष	कुल बीमा शूल्क (रु करोडमा)			वृद्धिदर (प्रतिशतमा)	लगानी (रु करोडमा)			कुल ग्राहस्थ उत्पादनको तुलनामा बीमा शुल्क योगदान प्रतिशत
	जीवन	निर्जीवन	जम्मा		जीवन	निर्जीवन	जम्मा	
२०६१/६२				१७.६१	११८०.०२	३०३.१०	१४८३.१२	०.९६
२०६२/६३	३७८.८९	२८५.४९	६६४.३८	१६.९२	१५२०.११	३२१.१०	१८४१.२१	१.०१
२०६३/६४	४६२.३३	३२८.८९	७९१.२२	१९.०९	१८३९.७६	३४४.७५	२१८४.५१	१.०८
२०६४/६५	५४८.९९	३८५.१९	९३४.१८	१८.०७	२०३४.९९	४१८.३१	२४५३.३०	१.१४
२०६५/६६	६६३.५७	४४२.०४	११०५.६१	१८.३५	२६५१.६२	५००.७९	३१५२.४१	१.११
२०६६/६७	८७६.६०	६४९.६७	१५२६.२७	३८.०५	२९९३.९९	५९२.७६	३५८६.७५	१.३०
२०६७/६८	१०४२.२२	७०६.३९	१७४८.६१	१४.५६	४२७५.११	७४७.२७	५०२२.३८	१.३१
२०६८/६९*	११६०.००	८१०.००	१९७०.००	१२.६६	४७६०.००	८७०.००	५६३०.००	१.४१

स्रोत : बीमा समिति।

** अनुमानित।*

समस्या तथा चुनौतीहरू

५.३२ हालैका दिनहरूमा अर्थतन्त्रका सूचकांकहरू सकरात्मक रहे तापनि धितोपत्र बजार परिसूचक भने बढ्न सकेको छैन। नेप्से परिसूचक बढ्न नसकिरहेको स्थितिमा पुँजी बजार प्रति लगानीकर्ताहरूको विश्वास गुम्न नदिई यसको दीगो विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।

५.३३ हाल धितोपत्र बजारमा सूचीकृत कम्पनीहरू मध्ये ९० प्रतिशत भन्दा बढी बैंक तथा अन्य वित्तीय कम्पनीहरू रहेका र बास्तविक क्षेत्रका कम्पनीहरूलाई धितोपत्र बजार प्रवेशका लागि उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ।

५.३४ धितोपत्रको दोस्रो बजारमा मूल्य यथार्थता एवं स्थिरता कायम हुन नसकेको र मुलुकका मुख्य मुख्य सहरहरूमा समेत धितोपत्रको कारोबारसम्बन्धी आवश्यक सुविधा नभएको अवस्थामा सिमित स्रोत र साधनलाई उपयोग गरी लगानीकर्ता शिक्षालाई देशव्यापी बनाई लगानीको अवसर समेत प्रदान गर्नु कठिन एवं चुनौतीपूर्ण रहेको छ ।

५.३५ नेपालमा कमोडिटी बजारको द्रुत गतिमा विस्तार भइरहेको सन्दर्भलाई दृष्टिगत गरी छुट्टै नियमन निकायको व्यवस्था गर्नु अति आवश्यक भएको छ ।

५.३६ नागरिक लगानी कोषको नागरिक एकांक योजनाको कारोबारमा निरन्तर ह्रास आउदै गएकोले यस योजनाबाट प्राप्त भइरहेको ठूलो परिमाणको कोष रकम प्रति विश्वास कम हुने सम्भावना देखिन्छ ।

५.३७ सूचीकृत सँगठित संस्थाहरूले समयमै वित्तीय विवरणहरूको लेखा परीक्षण नगराउने, लेखा परीक्षण गरिएका विवरणहरू एक अर्को क्षेत्रका सँगठित संस्थाहरू बीच तालमेल नहुने, बजार मूल्यमा पार्ने संवेदनशील सूचना तथा जानकारीहरू आफ्नो अनुकुल हुने गरी सार्वजनिक गर्ने जस्ता अस्वस्थ अभ्यास तथा प्रवृत्तिमा सुधार ल्याउन अन्तर्राष्ट्रिय वित्तीय विवरण प्रवाहस्तर (International Financial Reporting Standards-IFRS) लागु गरी समग्र संस्थागत क्षेत्रलाई पारदर्शी बनाउने एवम् कतिपय उद्योग व्यवसाय तथा पव्लिक कम्पनीमा समेत संस्थागत संस्कृति राम्ररी विकास हुन नसकेको सन्दर्भमा विश्वसनीय, भरपर्दो र संस्थागत सु-शासनका सिद्धान्त तथा मर्यादाहरूको विकास गरी प्रभावकारीरूपमा लागु गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

५.३८ पुँजी बजारसम्बन्धी निरन्तर अध्ययन, अनुसन्धान, लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धि र तालिम सेवाको संस्थागत व्यवस्था गरी पुँजी बजारलाई दीगो एवं विश्वसनीय पुँजी परिचालनको माध्यम बनाउने कार्य कठीन एवं चुनौतीपूर्ण रहेको छ ।

५.३९ संस्थागत ऋणपत्र, सामूहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित सुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहे तापनि ट्रष्टीको नियमन सम्बन्धमा कुनै व्यवस्था नहुँदा धितोपत्र बजार विकासमा समेत असर परिरहेकाले ट्रष्टीसम्बन्धी छुट्टै कानुनी व्यवस्था हुन आवश्यक छ ।

५.४० धितोपत्रसम्बन्धी साधनहरूमा साधारण शेयरको बाहुल्य र विकसित औजार Future, Option तथा Index futures को अभाव एवम् विद्युतीय कारोबार प्रणाली (Internet based trading) को अभाव, सहायक दलाल व्यवसायी सेवाहरू उपलब्ध नहुँदा धितोपत्र बजारको लगानी अभिवृद्धिमा कठिनाई भइरहेको छ ।

५.४१ बजारमा रहेका स्टक ब्रोकरहरूलाई मार्जिन फाइनान्सिङ्गको सुविधा प्रदान गरी कार्यक्षेत्र फराकिलो बनाउने तथा मर्चेन्ट बैंकरहरूको कार्यक्षेत्रलाई समेत अझै विस्तार गरी तिनीहरूको सेवालाई थप प्रभावकारी बनाउने कार्य चुनौतीको रूपमा रहेको छ ।

५.४२ बीमा व्यवसायी कम्पनीहरूमा संस्थागत सुशासन कायम गर्नु पर्ने , बीमा व्यवसाय प्रति सचेतना बृद्धि गर्नु पर्ने,समयानुकुल सूचना प्रणालीको विकास गर्नु पर्ने तथा नियमनकारी निकायको क्षमता अभिवृद्धि गर्नु पर्ने जस्ता चुनौतीहरू विद्यमान रहेकाछन् ।

६. बाह्य क्षेत्र

६. बाह्य क्षेत्र

स्वरूप तथा प्रवृत्ति


६.१ विश्वव्यापीकरण र आर्थिक उदारीकरण सँगसँगै बाह्य क्षेत्र व्यवस्थापन समष्टिगत आर्थिक नीतिको महत्वपूर्ण हिस्सा बन्दै गएको छ। बाह्य क्षेत्र व्यवस्थापनका लागि आयात-निर्यात व्यापारको अनुपातलाई एउटा निश्चित तहमा कायम राखी चालु खाता, पुँजी खाता र वित्तीय खातालाई प्रभावित पार्ने विभिन्न कारकहरूको मद्दतबाट भुक्तान सन्तुलन कायम गर्नु पर्ने हुन्छ। नेपालको अन्तर्राष्ट्रिय व्यापारको परिप्रेक्षमा कुल व्यापारको दुई तिहाई जति व्यापार भारतसँग हुनु, निर्यात व्यापारको दाँजोमा आयात उच्च रहनु र भुक्तान सन्तुलनको मुख्य आधार विप्रेषण आप्रवाह हुनुले नेपालको बाह्य क्षेत्र व्यवस्थापन चुनौतीपूर्ण रहेकोछ। अन्तर्राष्ट्रिय जगतमा विकसित हुने घट्नाक्रमको प्रत्यक्ष प्रभाव बाह्य क्षेत्र व्यवस्थापनको मुख्य कडीको रूपमा रहँदै आएको विप्रेषण आप्रवाहमा पर्ने भएकोले दीर्घकालीन रूपमा भुक्तान सन्तुलनलाई सहज अवस्थामा राख्न वैकल्पिक उपायहरूको खोजी हुनुपर्ने हुन्छ।

६.२ नेपालले परम्परागत ढंगका केही सीमित उत्पादनबाहेक अन्य निर्यात योग्य वस्तुको उत्पादन तथा प्रवर्द्धन कार्यमा खासै प्रगति गर्न नसकेका कारण वस्तु व्यापारमा घाटा व्यहोर्दै आएको भए तापनि मूलतः विप्रेषण आयका कारण विगत एक दशकमा चालु खाता औसतमा बचतमा रहेको देखिन्छ।

६.३ विप्रेषण आप्रवाहका कारण चालु खाता बचतमा रहेतापनि विगत करिब एक दशक यताको वस्तु व्यापारको प्रवृत्ति हेर्दा व्यापार घाटा विस्तार हुँदै गएको देखिन्छ। निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेका कारण यस्तो देखिएको हो। यसैको परिणाम स्वरूप आर्थिक वर्ष २०५९/६० मा व्यापार घाटा कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा २४ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०५९/६० मा कुल गार्हस्थ उत्पादनको १० प्रतिशत रहेको निर्यात व्यापार आर्थिक वर्ष २०६७/६८ मा ५ प्रतिशतमा ओर्लन पुगेको छ। यसैगरी, आयात व्यापारको कुल गार्हस्थ उत्पादन सँगको अनुपात आर्थिक वर्ष २०५९/६० मा २५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा २९ प्रतिशत पुगेको छ।

वैदेशिक व्यापार

६.४ गत आर्थिक वर्षमा सुस्त देखिएको वैदेशिक व्यापार आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा १६.३ प्रतिशतले बढ्न गई रू. ३ खर्ब ४४ अर्ब पुगेको छ। गत वर्षको यसै अवधिमा कुल वैदेशिक व्यापारको वृद्धि दर १.९ प्रतिशत मात्र रहेको थियो। समीक्षा अवधिमा कुल निर्यात १४.१ प्रतिशतले र कुल आयात १६.६ प्रतिशतले बढेको छ। वैदेशिक व्यापारमा निर्यातको अंश १४.१ प्रतिशत र आयातको अंश ८५.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा व्यापार घाटा १७.१ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो घाटा ०.३ प्रतिशतले मात्र बढेको थियो।



निर्यात

६.५ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल निर्यात १४.१ प्रतिशतले बढेर रू. ४८ अर्ब ५६ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा कुल निर्यात ५.९ प्रतिशतले बढेको थियो। यस अवधिमा भारततर्फको निर्यातको वृद्धिदर १४.५ प्रतिशत र अन्य मुलुकहरूतर्फको निर्यातको वृद्धिदर १३.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको यसै अवधिमा भारततर्फको निर्यातको वृद्धिदर १०.१ प्रतिशत रहेको थियो भने अन्य मुलुकहरूतर्फको निर्यात १.७ प्रतिशतले घटेको थियो।

६.६ भारततर्फ विशेषगरी लत्ताकपडा, पोलिस्टर धागो, जी. आई. पाइप, ढुङ्गा तथा वालुवा र अलैंचीलगायतको निर्यात बढेको छ भने अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, तयारी पोशाक, पश्मिना, नेपाली कागज र सोबाट बनेका सामान तथा छालालगायतको निर्यातमा वृद्धि भएको छ। कुल निर्यातमा भारततर्फको अंश ६७.१ प्रतिशत र अन्य मुलुकतर्फको अंश ३२.९ प्रतिशत रहेको छ।

आयात

६.७ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा कुल आयात १६.६ प्रतिशतले वृद्धि भई रू. २९५ अर्ब २४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आयात १.२ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा भारतबाट भएको आयात १२.० प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात २६.३ प्रतिशतले वृद्धि भएको छ।गत आर्थिक वर्षको यसै अवधिमा भारतबाट भएको आयात २४.७ प्रतिशतले बढेको थियो भने अन्य मुलुकबाट भएको आयात २७.२ प्रतिशतले घटेको थियो। भारतबाट मुख्यतया: पेट्रोलियम पदार्थ, कोइला, रासायनिक मल, तयारी पोशाक र कृषि उपकरण तथा पार्टस्लगायतको आयात बढेको छ। अन्य मुलुकबाट विशेषगरी सुन, भटमासको कच्चा तेल, चाँदी, खाने तेल र अन्य मेशिनरी तथा पार्टस्लगायतको आयातमा वृद्धि भएको छ। कुल आयातमा भारतको अंश ६४.८ प्रतिशत र अन्य मुलुकको अंश ३५.२ प्रतिशत रहेको छ।

तालिका ६ (क): अन्तर्राष्ट्रिय व्यापार स्थिति

(प्रथम आठ महिना)

प्रतिशत परिवर्तन

विवरण	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
निर्यात	**१६.२**	**-८.५**	**५.९**	**१४.१**
भारत	३.७	-३.३	१०.१	१४.५
अन्य मुलुकहरू	४२.९	-१६.८	-१.७	१३.५
आयात	**२६.३**	**४१.८**	**१.२**	**१६.६**
भारत	१२.१	३८.०	२४.७	१२.०
अन्य मुलुकहरू	५०.९	४६.८	-२७.२	२६.३
व्यापार सन्तुलन	**३०.१**	**५८.६**	**०.३**	**१७.१**
भारत	१५.६	५३.३	२८.२	११.५
अन्य मुलुकहरू	५३.४	६५.०	-३०.९	२८.९
कुल व्यापार	**२४.२**	**३१.८**	**१.९**	**१६.३**
भारत	१०.२	२९.३	२२.४	१२.४
अन्य मुलुकहरू	४९.४	३५.२	-२४.४	२४.४
कुल निर्यातमा अंश (प्रतिशत)				
भारत	६०.९	६४.४	६६.९	६७.१
अन्य मुलुकहरू	३९.१	३५.६	३३.१	३२.९
कुल आयातमा अंश (प्रतिशत)				
भारत	५६.३	५४.७	६७.५	६४.८
अन्य मुलुकहरू	४३.७	४५.३	३२.५	३५.२
व्यापार संतुलनमा अंश (प्रतिशत)				
भारत	५४.७	५२.९	६७.६	६४.३
अन्य मुलुकहरू	४५.३	४७.१	३२.४	३५.७
कुल व्यापारमा अंश (प्रतिशत)				
भारत	५७.२	५६.१	६७.४	६५.१
अन्य मुलुकहरू	४२.८	४३.९	३२.६	३४.९

** अपरिष्कृत ।*

स्रोत : नेपाल राष्ट्र बैंक ।

व्यापार सन्तुलन


६.८ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा वस्तु व्यापार घाटा १७.१ प्रतिशतले वृद्धि भई रू. २४६ अर्ब ६८ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा सो घाटा ०.३ प्रतिशतले वृद्धि भएको थियो। कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा ११.५ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारतसँगको यस्तो घाटा २८.२ प्रतिशतले बढेको थियो। त्यस्तै, गत आर्थिक वर्षको आठ महिनामा ३०.९ प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २८.९ प्रतिशतले वृद्धि भएको छ। आयातमा भएको वृद्धिका कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १६.४ प्रतिशतमा झरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात १६.८ प्रतिशत रहेको थियो

शोधनान्तर स्थिति

६.९ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा समग्र शोधनान्तर स्थिति हालसम्मकै उच्च रू. ७९ अर्ब ९० करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू. ११ अर्ब २९ करोड शोधनान्तर घाटा रहेको थियो। आर्थिक वर्ष २०६८/६९ को आठ महिनासम्ममा चालु खाता रू. ३७ अर्ब ५१ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा चालु खाता रू. ८ अर्ब ७९ करोडले घाटामा रहेको थियो। खासगरी विप्रेषण आय र अनुदानमा भएको वृद्धि एवं सेवा आयमा भएको उल्लेख्य सुधारका कारण चालु खाता बचतमा रहेको हो। अमेरिकी डलरमा शोधनान्तर बचत १ अर्ब १ करोड ७५ लाख डलर पुगेको छ भने चालु खाता बचत ४६ करोड ९७ लाख डलर पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर घाटा १५ करोड २४ लाख डलर थियो भने चालु खाता घाटा ११ करोड ९२ लाख डलर थियो।

६.१० एफ. ओ. वि. मूल्यमा आधारित वस्तु व्यापार घाटा समीक्षा अवधिमा १६.९ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ३७ अर्ब ५४ करोड पुगेको छ। समीक्षा अवधिमा निर्यात १८.२ प्रतिशत र आयात १७.१ प्रतिशतले बढेको छ। गत आर्थिक वर्ष यस्तो निर्यात ८.१ प्रतिशतले र आयात १.५ प्रतिशतले बढेको थियो।

६.११ समीक्षा अवधिमा सेवा आय ३४.६ प्रतिशतले वृद्धि भएको छ। पर्यटन आय २९.९ प्रतिशतले बढेर रू. २१ अर्ब ३६ करोड प्राप्त भएको छ भने सेवा आय अन्तर्गत सञ्चार, बीमा समावेश भएको अन्य आय ४१.५ प्रतिशतले वृद्धि भई रू. १८ अर्ब ८५ करोड प्राप्त भएको छ। गत आर्थिक वर्षको प्रथम आठ महिनामा पर्यटन आय २०.७ प्रतिशतले घटेको थियो भने अन्य आयको वृद्धि दर २६.५ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा सेवा खाता खर्च १६.५ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा सेवा भुक्तानी अर्न्तगतको यातायात खर्च १७ प्रतिशतले बढेको र भ्रमण खर्च २६.१ प्रतिशतले घटेको छ। भ्रमण शिर्षक अन्तर्गतको शिक्षा खर्च गत आर्थिक वर्षको तुलनामा २४.२ प्रतिशतले घटेको छ। सेवा आयमा भएको बिस्तार र सेवा भुक्तानीमा आएको ह्रासका कारण सेवा खाता रू. ११ अर्ब ७ करोडले बचतमा रहेको छ।



६.१२ ट्रान्सफरतर्फ निजी क्षेत्रको विप्रेषण आय गत आर्थिक वर्षको १२.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३४.७ प्रतिशतले वृद्धि भई रू. २ खर्ब १७ अर्ब ७६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू. १ खर्ब ६१ अर्ब ६१ करोड विप्रेषण आय स्वदेश भित्रिएको थियो। त्यसैगरी, समीक्षा अवधिमा अनुदान २८.८ प्रतिशतले बढेको छ भने पेन्सन आय ८.६ प्रतिशतले घटेको छ। खुद ट्रान्सफर आय गत आर्थिक वर्षको यसै अवधिको तुलनामा २९.७ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ५६ अर्ब ८८ करोड पुगेको छ। सेवा खाता र ट्रान्सफर आयमा सुधार भएका कारण चालु खाता बचतमा रहेको छ।

तालिका ६ (ख): विप्रेषण आय

	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९*
रू. अर्बमा	९७.६९	१००.१४	१४२.६८	२०९.७०	२३१.७३	२५३.५५	२१७.७७
वार्षिक प्रतिशत परिवर्तन	४९.०	२.५	४२.५	४७.०	१०.५	९.४	-
कुल गार्हस्थ उत्पादनसँगको अनुपात	१४.९	१३.८	१७.५	२१.२	१९.४	१८.५	-

स्रोत : नेपाल राष्ट्र बैंक।

** प्रथम आठ महिनाको तथ्याङ्क।*

६.१३ समीक्षा अवधिमा पुँजी खातातर्फ रू. १० अर्ब २५ करोडको खुद पुँजीगत ट्रान्सफर प्राप्त

भएको छ। गत आर्थिक वर्षको यसै अवधिमा पुँजी खाता बचत रू. ९ अर्ब ४८ करोड रहेको थियो। वित्तीय खातातर्फ समीक्षा अवधिमा रू. ६ अर्ब २ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ। गत आर्थिक वर्ष यसै अवधिमा रू. ५ अर्ब ४७ करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको थियो। अन्य लगानी सम्पत्ति गत आर्थिक वर्षको प्रथम आठ महिनामा रू. १७ अर्ब ४४ करोड रहेकोमा समीक्षा अवधिमा करिब रू. ९ अर्ब ११ करोड थप भएको छ। अन्य लगानी दायित्वतर्फ समीक्षा अवधिमा रू. ७ अर्ब ६३ करोड सरकारी ऋण आप्रवाह भएको छ भने रू. ७ अर्ब ६ करोड साँवा भुक्तानी भएको छ।

विदेशी विनिमय सञ्चिति

६.१४ २०६८ असार मसान्तमा रू. २ खर्ब ७२ अर्ब १५ करोड रहेको बैंकिङ्ग क्षेत्रको कुल वैदेशिक सम्पत्ति चालु आर्थिक वर्षको आठ महिनामा ३५.३ प्रतिशतले बढी रू. ३ खर्ब ६८ अर्ब १० करोड पुगेको छ। २०६७ फागुन मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा ४.२ प्रतिशतले घटेर रू. २ खर्ब ५७ अर्ब ४८ करोड रहेको थियो। अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रमा रहेको परिवर्त्य विदेशी मुद्रा सञ्चिति २०६८ असारदेखि २०६८ फागुन मसान्तसम्ममा १४.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ३ अर्ब ५६ करोड ३८ लाख पुगेको छ। त्यसैगरी, चालु आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा अपरिवर्त्यतर्फ भारतीय मुद्रा सञ्चिति ६४.६ प्रतिशतले वृद्धि भई भा.रू. ५२ अर्ब ८८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सञ्चिति ३७.६ प्रतिशतले घटेको थियो।

६.१५ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब १३ अर्ब १० करोडको तुलनामा २०६८ फागुन मसान्तमा ४३.१ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ५ अर्ब २ करोड पुगेको छ। वाणिज्य बैंकसँग रहेको सञ्चितिमा पनि ६.८ प्रतिशतले वृद्धि भएको छ। विप्रेषण आयमा उल्लेख्य विस्तार भएका कारण समग्र शोधनान्तर बचत बढ्न गई कुल विदेशी विनिमय सञ्चिति बढेको हो।

तालिका ६(ग) : कुल विदेशी विनिमय सञ्चिति

रु करोडमा

विवरण	२०६५ असार	२०६५ फागुन	२०६६ असार	२०६६ फागुन	२०६७ असार	२०६७ फागुन	२०६८ असार	२०६८ फागुन	प्रतिशत परिवर्तन (असार-फागुन)	
									२०६७	२०६८
नेपाल राष्ट्र बैंक	१६९६८	२१८४६	२२४१९	१८५९१	२०५३७	१९९८६	२१३१०	३०५०२	-२.७	४३.१
वाणिज्य बैंक	४२९४	५२३४.१२	६००७	५८३७.३	६३५२	५७६२	५९०५.८	६३०८.५	-९.३	६.८
कुल सञ्चिति	२१२६२	२७०८०	२८४२६	२४४२९	२६८८९	२५७४८	२७२१५	३६८१०	-४.२	३५.३

स्रोत : नेपाल राष्ट्र बैंक।

६.१६ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमानस्तर १०.१ महिनाको वस्तु आयात र ९ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। गत आर्थिक वर्षको प्रथम आठ

महिनासम्मको आयातलाई आधार मान्दा २०६७ फागुन मसान्तको विदेशी विनिमय सञ्चिति ८.३ महिनाको वस्तु आयात र ७.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहनेस्तरमा थियो ।

विनिमय दर

६.१७ २०६८ असार मसान्तको तुलनामा २०६८ फागुन मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १०.८ प्रतिशतले अवमूल्यन भएको छ । मुख्यतया यूरो क्षेत्रमा आएको आर्थिक संकटका कारण अमेरिकी डलरको माग संसारभरि नै उच्च रहन गई अमेरिकी डलर बलियो हुँदै गएका कारण सो डलरसँगको नेपाली मुद्राको अवमूल्यन दर पनि उच्च रहेको हो । साथै, पाउण्ड स्टर्लिङ्ग, यूरो तथा जापानी येनसँग पनि नेपाली मुद्रा अवमूल्यन भएको छ ।

तालिका ६(घ): विदेशी विनिमय प्रवृत्ति

	खरिद दर (नेपाली रूपैञ्चामा)					अधिमूल्यन (+) अवमूल्यन (-) (प्रतिशतमा) (असार-फागुन)	
	२०६६	२०६७	२०६७	२०६८	२०६८		
विदशी मुद्रा	असार	असार	फागुन	असार	फागुन	२०६७	२०६८
अमेरिकी डलर	६८.५०	७४.४४	७२.१०	७०.९५	७९.५५	३.२	-१०.८
पाउण्ड स्टर्लिङ्ग	१३५.८९	११३.७१	११५.५५	११४.५४	१२४.७६	-१.६	-८.२
यूरो	१०८.७२	९४.७९	९९.५७	१००.३४	१०४.३५	-४.८	-३.८
जापानी येन (दशको)	६.४२	८.४५	८.७१	८.९५	९.६७	-३.०	-७.४

स्रोत: नेपाल राष्ट्र बैंक ।

कच्चा पेट्रोलियम पदार्थ र सुनको मूल्य

६.१८ अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ (Crude Oil Brent) को मूल्य २०६७ फागुन मसान्तमा प्रति व्यारेल अमेरिकी डलर ११० रहेकोमा २०६८ फागुन मसान्तमा १२.१ प्रतिशतले वृद्धि भई प्रति व्यारेल अमेरिकी डलर १२४ पुगेको छ । गत आर्थिक वर्षदेखि अमेरिकी अर्थतन्त्रमा देखापरेको विस्तारको संकेत, अरब राष्ट्रहरूमा भएको वसन्त बिद्रोह र भेनेजुयलाले अमेरिका भन्दा अरू मुलुकतर्फ पेट्रोलियम पदार्थको निर्यात बढाउने नीति अख्तियार गर्नुले पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको हो ।

६.१९ २०६७ फागुन मसान्तको तुलनामा २०६८ फागुन मसान्तमा अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य १७.७ प्रतिशतले वृद्धि भई प्रति औंस अमेरिकी डलर १ हजार ६ सय ४८ पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो मूल्य २६.६ प्रतिशतले वृद्धि भएको थियो ।

तालिका ६(ङ) : अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य

	असार मसान्त			फागुन मसान्त			प्रतिशत परिवर्तन			
							असार		फागुन	
	२०६६	२०६७	२०६८	२०६६	२०६७	२०६८	२०६७	२०६८	२०६७	२०६८
तेल (डलर प्रति ब्यारल)*	६१.५	७६.४	११८	७९	११०	१२४	२४	५४.५	३८.८	१२.१
सुन (डलर प्रति आउन्स)**	९३८	११८९	१५८७	११०६	१४०१	१६४८	२७	३३.४	२६.६	१७.७

** क्रुड आयल ब्रेन्ट, ** लन्डन दरमा आधारित ।*

स्रोत : नेपाल राष्ट्र बैंक ।

चुनौती तथा सम्भावना

६.२० नेपालको बाह्य क्षेत्र विप्रेषण आयका माध्यमबाट सन्तुलनमा रहँदै आएको छ । विप्रेषण आयबाट तत्कालका लागि अर्थतन्त्रलाई गति दिन मद्दत पुगेतापनि यस्तो विप्रेषणको रकम प्रायशः उपभोगमा खर्च हुने र यसबाट विदेशी वस्तु तथा सेवाको आयात विस्तार हुँदै जाने प्रवृत्तिको विकास हुने गर्दछ । विगत केही वर्ष यताको प्रवृत्ति हेर्दा विप्रेषण आप्रवाह र पेट्रोलियम आयातमा नेपालको निर्भरता वढ्दै गैरहेको पाइन्छ । मुलुकको कुल निर्यातले पेट्रोलियम पदार्थको आयात मात्र पनि धान्न सक्ने अवस्था छैन । अर्थतन्त्रको दीर्घकालीन हितका लागि वस्तु तथा सेवाको निर्यात प्रवर्द्धन गर्ने र पेट्रोलियम पदार्थ माथिको निर्भरता कम गर्ने वातावरण सृजना गर्नु अत्यावश्यक छ ।

६.२१ नेपालको वैदेशिक व्यापार भारत केन्द्रित रहँदै आएको छ । भारत नेपालको छिमेकी मात्र नभएर उदीयमान अर्थतन्त्रसमेत भएका कारण यसो हुनु स्वभाविकै पनि हो । तथापि विश्वव्यापीकरणको आजको युगमा कुनै एक मुलुकसँग मात्र केन्द्रित हुने व्यापारमार्फत् वाह्य स्थायित्व सुदृढ पार्ने कार्य चुनौतीपूर्ण हुन्छ । यस तथ्यलाई मनन् गर्दै नेपालले विश्व बजारमा तुलनात्मक लाभ हासिल गर्न सक्ने कृषि तथा जडीबुटीजन्य र हस्तकलाका वस्तुहरू निर्यात गर्ने तथा देशगत र वस्तुगतरूपमा व्यापार विविधीकरण गर्ने कार्य अघि बढाउन आवश्यक छ ।

६.२२ उच्च दरको आर्थिक वृद्धि, विशाल जनसंख्या एवं ठूलो संख्यामा मध्यमवर्गीय परिवार भएका छिमेकी मुलुक भारत तथा चीनका पर्यटकहरूबाट नेपालले फाइदा लिन सक्ने प्रशस्त सम्भावनाहरू देखिन्छ । यसका लागि चीन र भारत केन्द्रित पर्यटन विस्तार गर्न प्रवर्द्धन, हवाई उडान, सहुलियतपूर्ण टुर प्याकेजको व्यवस्था, नेपालसम्बन्धी सूचना तथा प्रचार-प्रसार जस्ता कार्यलाई विशेष अभियानकै रूपमा लागु गर्न आवश्यक देखिन्छ । चीनबाट बढी पर्यटकहरू भित्र्याउन भिसा व्यवस्थालाई थप सहज तुल्याउने, चिनीयाँ भाषामा सूचना, जानकारी तथा स्वागतका सामाग्रीहरू तयार गर्ने र बढी चिनीयाँ पर्यटक आउन सक्ने ठाउँहरू पहिचान गरी ती ठाउँहरूमा स्थानीय सहभागितामा पर्यटन प्रवर्द्धन सम्पर्क कार्यालयहरू स्थापना गर्नु उपयुक्त देखिन्छ ।

६.२३ भूपरिवेष्ठित मुलुक हुनु, व्यापारसम्बन्धी आवश्यक पूर्वाधारहरूको अभाव हुनु र भन्सारका

विन्दुहरूमा अनावश्यकरूपले बढी समय खर्च हुनु जस्ता कारणहरूबाट स्थानान्तरण लागत उच्च हुन गई प्रतिस्पर्धात्मक क्षमतामा कमी आएको परिप्रेक्ष्यमा सरकारले केही समय अगाडि घोषणा गरेको आर्थिक विकास र समृद्धिको तत्कालीन कार्ययोजनामा व्यवस्था भएअनुसारका आयोजनाहरूको छिटो कार्यान्वयन गरी मुलुकको निर्यात व्यापारलाई आवश्यक पर्ने पूर्वाधारहरूको विकास गर्नुपर्ने देखिन्छ। साथै, वस्तुहरू छुटाउनका लागि भन्सारका विन्दुहरूमा लाग्दै आएको समयावधिमा पनि यथासक्य कमी ल्याउनका लागि भन्सारको सुधार गर्नेतर्फ पहल गर्नु पर्ने देखिन्छ।

७. गरिबी निवारण र रोजगारी

७. गरिबी निवारण र रोजगारी

गरिबी निवारण

७.१ योजनावद्ध विकासको शुरुवातसँगै नेपालका योजनाहरूमा गरिबी न्यूनीकरणलाई कुनै न कुनै रूपमा सम्बोधन गर्दै आइएको र नवौं योजनादेखि भने प्रमुख उद्देश्य नै गरिबी न्यूनीकरण राखिँदै आएको छ। नवौं योजनासम्म गरिबीलाई आम गरिबीको रूपमा मात्र परिभाषित गर्ने गरिएकोमा दशौं योजनादेखि गरिबीलाई आम गरिबी, मानवीय गरिबी र सामाजिक बञ्चितीकरण गरी तीन आयाममा विश्लेषण गर्न थालिएको भए तापनि गरिबीको मापन गर्दा र गरिबीको दर विश्लेषण गर्दा आम गरिबीलाई नै आधार मान्ने गरिएको छ। चालु त्रिवर्षीय योजनाले गरिबीको हालको २५.१६ प्रतिशतबाट घटाई २१ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ भने मानवीय गरिबी घटाउने ध्येयले शिक्षा तथा स्वास्थ्यमा लगानी बढाइएको छ। समावेशी विकासका कार्यक्रमहरूको माध्यमबाट सामाजिक बञ्चितीकरणको अवस्थालाई कम गर्ने प्रयास पनि गरिएको छ।

७.२ नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६६/६७ ले नेपालमा प्रतिव्यक्ति प्रतिवर्ष रू. १९ हजार २ सय ६१ को आम्दानीलाई गरिबीको रेखा मानेको छ र सो आधारमा कुल जनसंख्याको २५.१६ प्रतिशत हिस्सा गरिबीको रेखामुनि रहेको छ। आर्थिक वर्ष २०५२/५३ मा ४१.७६ प्रतिशत, आर्थिक वर्ष २०६०/६१ मा ३०.०५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेकोमा हाल यो २५.१६ प्रतिशतमा कायम रहन गएकोले नेपालमा गरिबी न्यूनीकरण कार्यमा आशातीत प्रगति भएको मान्न सकिन्छ। यसरी गरिबी घट्नुमा साक्षरता बृद्धि, कृषि तथा गैर-कृषि क्षेत्रको ज्यालादरमा भएको बृद्धि, व्यवसायिक तरकारी खेतीको विकास, बढ्दो सहरीकरण, सक्रिय जनशक्तिको हिस्सामा भएको बृद्धि र विप्रेषणको प्रमुख भूमिका रहेको छ।

७.३ नेपालमा आर्थिक वर्ष २०५२/५३ मा पहिलोपटक, आर्थिक वर्ष २०६१/६२ मा दोस्रो पटक र आर्थिक वर्ष २०६६/०६७ मा तेस्रो पटक गरी हालसम्म तीनवटा जीवनस्तर मापन सर्वेक्षण सम्पन्न भएका छन्। यी सर्वेक्षणहरूबाट प्राप्त नतिजाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७(क): गरिबीको प्रवृत्ति


(प्रतिशतमा)

क्षेत्र	गरिबीको रेखामुनिको जनसंख्या (Poverty Headcount Index)			गरिबीको बिषमता (Poverty gap index)			गरिबीको गहनता (Squared Poverty Gap Index)		
	२०५२/५३	२०६०/६१	२०६६/६७	२०५२/५३	२०६०/६१	२०६६/६७	२०५२/५३	२०६०/६१	२०६६/६७
नेपाल	४१.७६	३०.८५	२५.१६	११.७५	७.६०	५.४३	४.६७	२.७०	१.८१
सहरी क्षेत्र	२१.५५	९.५५	१५.४६	६.५४	२.२०	३.१९	२.६५	०.७०	१.०१
ग्रामीण क्षेत्र	४३.२७	३४.६२	२७.४३	१२.१४	८.५०	५.९६	४.८३	३.१०	२.००

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग।

७.४ समग्र नेपालको गरिबीको स्थिति (Poverty Incidence) हेर्दा सहरी क्षेत्रको गरिबीको स्थिति पहिलो सर्वेक्षणले भन्दा दोस्रो सर्वेक्षणले घटेको देखाएको भएपनि तेस्रो सर्वेक्षणमा अनपेक्षित रूपमा बढ्न पुगेको देखिन्छ। शहरी क्षेत्रको गरिबीको रेखामुनि रहेको जनसंख्या आर्थिक वर्ष २०५२/५३ मा २१.५५ प्रतिशत थियो भने २०६०/६१ मा यो संख्या घटेर ९.५५ प्रतिशतमा झरेको पाइयो, तर आर्थिक वर्ष २०६६/६७ मा भने यो संख्या बढेर १५.४६ प्रतिशत पुगेको पाइन्छ। ग्रामीण क्षेत्रको गरिबीको स्थितिमा भने क्रमशः सुधार हुँदै गएको देखिएको छ। ग्रामीण क्षेत्रमा २०५२/५३ मा ४३.२७ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको थियो भने आर्थिक वर्ष २०६०/६१ सम्म यो संख्या ३४.६२ प्रतिशतमा झरेको छ। आर्थिक वर्ष २०६६/०६७ को सर्वेक्षणले यो संख्या २७.४३ प्रतिशतमा सिमित हुन पुगेको देखाएको छ।

चार्ट ७(क) : गरिबीको रेखामुनिको जनसंख्या



७.५ गरिबीको विषमताका सूचक (Poverty Gap Index) तर्फ पनि क्रमशः सुधार हुँदै गएको पाइएको छ। आर्थिक वर्ष २०५२/५३ मा ११.७५ प्रतिशत रहेको यो सूचक आर्थिक वर्ष २०६०/६१ मा ७.६० प्रतिशत र आर्थिक वर्ष २०६६/६७ मा घट्न गई ५.४३ प्रतिशत कायम हुन पुग्यो। सहरी क्षेत्रमा गरिबीको विषमताको सूचक आर्थिक वर्ष २०५२/५३ मा ६.५४ प्रतिशत थियो भने आर्थिक वर्ष २०६०/६१ मा घटेर २.२० प्रतिशतमा रहेको छ। तर आर्थिक वर्ष २०६६/६७ मा भने यो प्रतिशत बृद्धि भई ३.१९ हुन पुगेको छ। ग्रामीण क्षेत्रको गरिबीको विषमता भने आर्थिक वर्ष २०५२/५३, २०६०/६१ र २०६६/६७ मा क्रमशः १२.१४ प्रतिशत, ८.५० प्रतिशत र ५.९६ प्रतिशत कायम भएको छ।

७.६ समग्र नेपालको गरिबीको गहनताको सूचक (Squared Poverty Gap Index) को मान तीनवटै जीवनस्तर मापन सर्वेक्षणमा कम हुँदै गएको पाइएको छ। यो सूचक पहिलो, दोस्रो र तेस्रो जीवनस्तर सर्वेक्षणमा क्रमशः ४.६७ प्रतिशत, २.७० प्रतिशत र १.८१ प्रतिशत रहेको पाइएको छ। सहरी क्षेत्रको गरिबीको गहनता पहिलो सर्वेक्षण २०५२/५३ मा २.६५ प्रतिशत रहेकोमा दोस्रो सर्वेक्षण २०६०/६१ मा घटेर ०.७० प्रतिशत कायम भएको थियो। जबकी तेस्रो सर्वेक्षण २०६६/६७ मा अनपेक्षित रूपमा बढेर १.०१ प्रतिशत कायम हुन पुगेको छ। ग्रामीण क्षेत्रको गरिबीको गहनता भने तीनवटै सर्वेक्षणमा क्रमशः घट्दै गएको पाइएको छ। पहिलो सर्वेक्षणमा यो सूचक ४.८३ प्रतिशत रहेकोमा दोस्रो सर्वेक्षणमा ३.१० प्रतिशत र तेस्रो सर्वेक्षणमा २.० प्रतिशत कायम रहेको छ।

मञ्जूषा ७(क) : गरिबी मापन

गरिबीको रेखामुनीको जनसंख्या (Poverty Headcount Index) ले कुल जनसंख्यामा गरिबीको रेखामुनि रहेको जनसंख्याको हिस्सा कति छ भन्ने जनाउँछ। गरिबीको विषमता (Poverty Gap Index) ले गरिबीको रेखामुनि रहेको औसत जनसंख्या गरिबीको रेखा भन्दा कति टाढा छ भन्ने जनाउँछ। गरिबीको गहनता (Sqared Poverty Gap Index) ले गरिबहरू बीचको असमानताको स्थिति कस्तो छ भन्ने देखाउँछ। त्यसैगरी Gini Index ले जनताहरूको बीचको आय वितरणमा हुने असमानतालाई प्रतिबिम्बित गर्दछ।

७.७ राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको MDGs Need Assessment, 2011 को प्रतिवेदनले विभिन्न सूचकहरूको प्रगति स्थिति प्रस्तुत गरेको छ। उक्त प्रतिवेदनमा उल्लेख गरिएका मुख्य मुख्य सूचकहरूलाई तलको तालिकामा देखाइएको छ।

तालिका ७(ख) गरिबीको परिमाणात्मक सूचक

सहस्राब्दी विकास लक्ष्य	सूचक	प्रगति २०१०	लक्ष्य २०१५
लक्ष्य १	दैनिक अमेरिकी एक डलरभन्दा कम आय भएका जनसंख्याको अनुपात	१९.७	१७
	दैनिक राष्ट्रिय गरिबी रेखामुनिका जनसंख्याको अनुपात	२५.४	२१
	प्रतिदिन अमेरिकी एक डलर भन्दामुनि आय भएका रोजगारको अनुपात (पीपीपी)	२२	१७
	न्युनतम आहारभन्दा कम खाना पाउने जनसंख्याको अनुपात	३६.१	२५
	६-५९ महिना उमेर समूहका कम वजन भएका बालबालिकाको अवस्था	३६.४	२९
	६-५९ महिनाका पुड्कोपन भएका बालबालिकाको अनुपात	४६.८	३०
लक्ष्य २	प्राथमिक शिक्षामा खुदभर्ना दर	९३.७	१००
	कक्षा १ मा भर्ना भई कक्षा ५सम्म पुग्ने विद्यार्थीको अनुपात	७७.९	१००
	१५-२४ वर्ष उमेर समूहका महिला तथा पुरूषको साक्षरता दर	८६.५	१००
लक्ष्य ३	प्राथमिक शिक्षामा छात्र र छात्राको अनुपात	१	१
	माध्यमिक शिक्षामा छात्र र छात्राको अनुपात	०.९३	१
	उच्च शिक्षामा महिला तथा पुरूषको अनुपात	०.६३	१
	१५-२४ वर्ष उमेर समूहका साक्षर महिला तथा पुरूषको अनुपात	०.८३	१
लक्ष्य ४	एक वर्ष मुनिका बालबालिकालाई दादुराविरूद्ध दिइएको खोपको अनुपात	८५.६	९०
	पाँच वर्ष मुनिको बालमृत्युदर (प्रति एकहजार जीवित जन्ममा)	५०	५४(३८)
	शिशु मृत्युदर (प्रति एकहजार जीवित जन्ममा)	४१	३४(३२)
लक्ष्य ५	मातृमृत्यु अनुपात (प्रति एकलाख जीवित जन्ममा)	२२९	२१३(१३४)
	दक्ष प्रसुतीकर्ताको सहयोगमा सुत्केरी भएकाको प्रतिशत	२९	६०
लक्ष्य ६	१५-४९ उमेरसमूहमा एच.आइ.भी./एड्सको संक्रमण	०.४९	०.३५
	औलोको संक्रमण (प्रति एक हजार जनसंख्यामा)	५.७	३.८
	क्षयरोगको उपस्थिति दर ((प्रति एकलाख जनसंख्यामा)	२४४	२१०
	क्षयरोगबाट भएको मृत्युदर (प्रति एकलाख जनसंख्यामा)	२२	२०
लक्ष्य ७	वनजङ्गलले ढाकेको क्षेत्र (प्रतिशतमा)	३९.६	४०
	खानेपानीको स्रोतमा दिगो पहुँच भएको जनसंख्या (प्रतिशतमा)	८०.४	७३
	सुधारिएको सरसफाइमा दिगो पहुँच भएको जनसंख्या(प्रतिशतमा)	४३	५३

नोटः कोष्टकमा दिइएको परिलक्ष्य परिमार्जन गरिएका हुन।
स्रोतः राष्ट्रिय योजना आयोग।

७.८ तेस्रो जीवनस्तर मापन सर्वेक्षण, २०६६/६७ मा आई पुग्दा गरिबीको न्यूनीकरण अभियानमा आशातित सफलता पाएको देखिएपनि ग्रामीण क्षेत्र र सहरी क्षेत्रहरूका बीच, हिमाल, पहाड र तराईका बीच, विकास क्षेत्रहरूको बीच गरिबीमा निकै विषमता रहेको देखिएको छ। यो विषमतालाई निम्न तालिकाले प्रष्ट गर्दछ।

तालिका ७ (ग) क्षेत्रगत गरिबीको विषमता स्थिति

क्षेत्र	गरिबीको दर	गरिबीको विषमता	गरिबीको सघनता	गरिबीको फैलावट (%)	कुल जनसंख्याको वितरण
सहरी क्षेत्र	१५.४६	३.१९	१.०१	११.७	१९.०
ग्रामीण क्षेत्र	२७.४३	५.९६	२.००	८८.३	८१.०
पूर्वाञ्चल	२१.४४	३.८१	१.०१	१९.८	२३.३
मध्यमाञ्चल	२१.६९	४.९६	१.७६	३०.८	३५.७
पश्चिमाञ्चल	२२.२५	४.२७	१.३८	१६.९	१९.२
मध्यपश्चिमाञ्चल	३१.६८	७.७४	२.६९	१६.४	१३.०
सुदूरपश्चिमाञ्चल	४५.६१	१०.७४	३.७७	१६.०	८.८
हिमाल	४२.२७	१०.१४	३.५४	११.८	७.०
पहाड	२४.३२	५.६९	२.०९	४२.८	४४.२
तराई	२३.४४	४.५२	१.३१	४५.४	४८.७
काठमाडौं उपत्यका सहरी क्षेत्र	११.४७	२.७७	१.००	२.६	५.७
अन्य पहाडी सहर	८.२७	१.७५	०.५४	१.५	४.४
तराई सहर	२२.०४	४.३१	१.२९	७.५	८.६
ग्रामीण पूर्वाञ्चल पहाड	१५.९३	२.९१	०.८२	४.०	६.३
ग्रामीण मध्यमाञ्चल पहाड	२९.३७	८.५२	३.७०	१०.८	९.३
ग्रामीण पश्चिमाञ्चल पहाड	२८.०१	५.३१	१.७५	१०.५	९.५
ग्रामीण सुदूर/मध्यपश्चिमाञ्चल पहाड	३६.८३	८.८९	३.१३	१३.३	९.१
ग्रामीण पूर्वाञ्चल तराई	२०.९७	३.६७	०.९१	९.६	११.६
ग्रामीण मध्यमाञ्चल तराई	२३.१३	४.१४	१.०८	१३.९	१५.१
ग्रामीण पश्चिमाञ्चल तराई	२२.३१	४.४०	१.३५	५.९	६.६
ग्रामीण सुदूर/मध्यपश्चिमाञ्चल तराई	३१.०९	७.१७	२.४७	८.५	६.९
नेपाल	२५.१६	५.४३	१.८१	१००.००	१००.०

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग।

आय असमानता

७.९ NLSS-1 २०५१/५२ मा नेपालको Gini Coefficient ०.३४ थियो भने दोस्रो सर्वेक्षण २०६०/६१ मा यो बढेर ०.४१ पुग्यो। यसबाट आर्थिक वर्ष २०६०/६१ मा गरिबी घटे पनि अझ असमानता बढेको देखियो। तेस्रो सर्वेक्षण २०६६/६७ मा भने यो घटेर ०.३२ हुन पुग्यो। सहरी क्षेत्रको Gini Coefficient को मान पनि पहिलो सर्वेक्षणमा ०.४३ थियो भने दोस्रो सर्वेक्षणमा बढेर ०.४४ कायम भएको पाइयो। तेस्रो सर्वेक्षणमा घटेर ०.३५ पुगेको देखिन्छ। ग्रामीण क्षेत्रको Gini Coefficient पहिलो सर्वेक्षणमा ०.३१ रहेकोमा दोस्रो सर्वेक्षणमा बढेर ०.३५ पुग्यो भने तेस्रो सर्वेक्षणमा घटेर ०.३१ कायम भएको तलको तालिकाबाट समेत स्पष्ट हुन्छ।

तालिका ७(घ): गिनी सूचकाङ्क (Gini Coefficient)

	NLSS I २०५१/५२	NLSS II २०६०/६१	NLSS III २०६६/६७
नेपाल	०.३४	०.४१	०.३३
सहरी क्षेत्र	०.४३	०.४४	०.३५
ग्रामीण क्षेत्र	०.३१	०.३५	०.३१

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग ।

समावेशी विकास तथा लक्षित कार्यक्रम

७.१० नेपालको अन्तरिम संविधान, २०६३ ले समावेशी विकासको सिद्धान्तलाई आत्मसात गरेको छ । चालु त्रिवर्षीय योजना(२०६७/६८-२०६९/७०) ले रोजगार केन्द्रित समावेशी तथा समन्यायिक आर्थिक बृद्धि गरी गरिबी निवारण गर्ने उद्देश्य लिएको छ । चालु योजनामा विकासको मूल प्रवाहमा समेटिन नसकेका विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरी समावेशीकरण उन्मुख कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यी कार्यक्रमहरूले महिला, दलित, आदिवासी, जनजाति, मधेशी, अल्पसंख्यक, शारीरिकरूपले अलग क्षमता भएका एवम् पिछडिएको वर्ग, विकट क्षेत्रमा वसोवास गरेका जनसमूहका अतिरिक्त साना किसान तथा अति गरिब परिवारहरू समेत लाभान्वित भएका छन् ।

७.११ पिछडिएका तथा विपन्न वर्गका जनताको गरिबी न्यूनीकरणका लागि युवा परिचालन गर्ने उद्देश्यले जिल्ला विकास समितिमार्फत राष्ट्रिय विकास स्वयंसेवक सेवा (National Development Volunteer Services - NDVS) कार्यक्रम सञ्चालन गरिएको छ । यसबाट दलित, गरिब, आदिवासी र सामाजिकरूपमा वञ्चित समुदायमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा सामाजिक परिचालन कार्यको लागि स्वयंसेवकहरू सहजकर्ताका रूपमा उपलब्ध गराइएका छन् । आय आर्जन तथा गरिबी न्यूनीकरणमा स्थानीय निकाय तथा समुदायसमेतको सहभागितामा कार्यक्रम सञ्चालन भइरहेका छन् । यसले कृषि तथा पशु सेवाको क्षेत्रमा किसानलाई सहयोग प्रदान, समूह निर्माण, बीउ पुँजी तथा बचत परिचालन, सुलभ शौचालय तथा धारा निर्माण, सीपमूलक तालिम, साक्षरता कक्षा सहयोग जस्ता कार्य गर्दै आएको छ ।

गरिबी अनुगमनसम्बन्धी कार्य

७.१२ विगतमा भौतिक तथा वित्तीय प्रगतिको समीक्षामा सीमित रहेको अनुगमन तथा मूल्यांकन व्यवस्थामा सुधार गरी दशौं योजनाले असर र प्रभाव तहका सूचकमार्फत् समेत अनुगमन तथा मूल्यांकन गर्नुपर्ने कुरामा जोड दिएको थियो । तदनुसार विकास कार्यक्रम तथा आयोजनाहरूले गरिबी न्यूनीकरणमा पुऱ्याएको वा पुऱ्याउन सक्ने योगदानको लेखाजोखा गर्न केन्द्रस्तरमा गरिबी अनुगमन तथा विश्लेषण प्रणालीको विकास गरी त्यसलाई कार्यान्वयनमा ल्याइएको भएपनि यसलाई संस्थागत गर्ने कार्यमा भने खासै प्रगति गर्न नसकिएकोले अनुगमन तथा मूल्यांकनलाई नतिजामूलक बनाउनकै लागि गत वर्ष नतिजामूलक अनुगमन तथा मूल्याङ्कन निर्देशिका जारी गरिएको र यी पद्धतिहरूलाई संस्थागत गर्न यस आर्थिक वर्ष २०६८/६९ मा केही प्रारम्भिक कार्यहरू भएका छन् ।

७.१३ विकास आयोजना/कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकनसम्बन्धी विभिन्न निर्देशिका, फारामहरू लागु गरिएका छन्। अनुगमन गर्ने निकायहरू बेग्लाबेग्लै रहेका र तिनीहरूबीच अपेक्षित समन्वय हुन नसकेको कारण यस पद्दतिमा केही दुविधा र अप्ठ्याराहरू विद्यमान देखिन्छन्। यसै सन्दर्भमा राष्ट्रिय योजना आयोगले एकीकृत निर्देशिका र कार्यविधि बनाई अनुगमन तथा मूल्यांकन पद्दतिलाई संस्थागत, उपयोगी, सरल र प्रभावकारी बनाउने कार्य प्रारम्भ गरेको छ।

७.१४ जिल्लास्तरमा गरिबी अनुगमन तथा विश्लेषणलाई व्यवस्थित र संस्थागत गर्न जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (District Poverty Monitoring Analysis System - DPMAS)सम्बन्धी निर्देशिका र software तयार गरी लागु गरिएको छ। यस क्रममा चालु आर्थिक वर्ष २०६८/६९ मा जिल्लास्तरमा कार्यरत जनशक्तिको क्षमता विकासमा विशेष जोड दिइएअनुसार राष्ट्रिय योजना आयोग र स्थानीय विकास मन्त्रालयको संयुक्त तत्वावधानमा जिल्लास्तरका ५८ जना कर्मचारीहरूलाई यस सम्बन्धी पुनर्ताजगी तालिम प्रदान गरिएको छ। DPMAS लाई थप उपयोगी र प्रभावकारी बनाउन यसका सूचकहरूमा सामयिक परिमार्जन गर्ने र भरपर्दो किसिमका तथ्याङ्क स्रोत विकास गरी जिल्ला तहको अनुगमन तथा मूल्यांकनलाई नतिजामूलक बनाउन विशेष ध्यान दिइएको छ।

७.१५ समग्र विकास प्रक्रियालाई नतिजामूलक बनाई सर्वसाधारण जनतालाई विकासको प्रतिफल समयमै पुऱ्याउन, सार्वजनिक साधनहरूको Value For Money कायम गर्न र विभिन्न निकाय तथा संलग्न कार्यकारी जनशक्तिलाई नतिजाप्रति जवाफदेही गराउने ध्येयले विकास नतिजाका लागि व्यवस्थापन (Management for Development Results–MfDR) पद्धतिलाई आन्तरिकीकरण गर्ने प्रयास भइरहेको छ। यस अन्तर्गत विकास योजना, बजेट प्रक्रिया, अनुगमन तथा मूल्याङ्कनसहितका हरेक चरणमा नतिजा (Results) लाई नै केन्द्रविन्दुमा राखी कार्यसञ्चालन तथा सम्पादन हुने गर्दछन्।

७.१६ MfDR लाई संस्थागत गर्ने क्रममा चालु आर्थिक वर्ष २०६८/६९ मा १३ विभिन्न मन्त्रालय/निकायहरूमा व्यावसायिक योजना (Business Plan) तयार पारिएको छ। यसैगरी यातायात व्यवस्था विभाग र उपत्यका ट्राफिक प्रहरी महाशाखामा नतिजाका आधारमा बजेट व्यवस्था (Result-Based Budgeting) लागु गर्न दस्तावेजहरू तयार भइसकेका छन्। राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा गठित MfDR निर्देशक समितिले थप १३ वटा निकायहरूमा यसलाई विस्तार गर्ने निर्णयअनुरूप ती निकायहरूमा उक्त कार्य प्रारम्भ गर्ने तर्फ पहल भएको छ। त्यसैगरी MfDR सम्बन्धमा जनशक्ति विकास गर्ने उद्देश्यले चालु आर्थिक वर्ष २०६८/६९ मा करिब १०० जनालाई नतिजामूलक योजना प्रक्रिया, नतिजामूलक बजेट निर्माण र व्यावसायिक योजना तर्जुमासम्बन्धी तालिम दिइसकिएको छ। साथै, सम्पन्न आयोजना तथा सञ्चालित कार्यक्रम/आयोजनाहरूको मूल्यांकन गर्ने क्रममा चालु आर्थिक वर्ष २०६८/६९ मा सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता र कर्णाली रोजगार कार्यक्रमको मूल्यांकन प्रतिवेदन प्राप्त भइसकेको छ। यी प्रतिवेदनहरूको सारांश तयार गरी प्रकाशन गर्ने तयारीमा रहेको छ। यसैगरी सुनसरी-मोरङ सिँचाई आयोजना र अत्यावश्यक औषधि

उपलब्धि तथा वितरण कार्यक्रमको प्रभावकारिता अध्ययन कार्यलाई निरन्तरता दिइएको छ ।

७.१७ राष्ट्रिय योजना आयोगबाट MDGs Progress Report, 2010 तथा MDGs Need Assessment Report, 2011 प्रकाशित भइसकेको छ भने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ को प्रतिवेदन तयार भइसकेको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २००६ र २०११ बाट प्राप्त भएका तथ्याङ्कहरूको तुलनात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७(ङ): नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका केही परिसूचकहरू

सि.नं	जनसांख्यिक परिसूचकहरू	२००६	२०११
१	कुल प्रजनन दर	३.१	२.६
२	कोरा जन्म दर (प्रति हजारमा)	२८.४	२४.३
३	परिवार नियोजनका साधनको प्रयोगदर (सबै तरिका प्रतिशत)	४८.०	४९.७
४	परिवार नियोजनका साधनको प्रयोगदर(आधुनिक तरिका प्रतिशत)	४४.२	४३.२
५	परिवार नियोजनका साधनको प्रयोगदर(परम्परागत तरिका प्रतिशत)	-	६.५
६	शिशु मृत्युदर (प्रति हजारमा)	५१.०	४६.०
७	बाल मृत्युदर (प्रति हजारमा)	१५.०	९.०
७	पाँच वर्षमुनिका बालबालिकाको मृत्यु दर(प्रति हजारमा)	६५.०	५४.०

स्रोत: नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २००६ र २०११, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

उपरोक्त परिसुचकहरू अध्ययन गर्दा परिवार नियोजनका साधनको प्रयोगदर (आधुनिक तरिका)बाहेक अरूमा २००६ को तुलनामा २०११ मा प्रगति भएको देखिन्छ ।

गरिबी निवारण कोष

७.१८ नेपाल सरकारको गरिबी न्यूनिकरण रणनीति (PRSP) र त्यसपछिका योजनाहरूमा उल्लेखित समावेशी विकास र लक्षित कार्यक्रमलाई प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्यअनुरूप निरपेक्ष गरिबीको रेखामुनी रहँदै आएको जनसंख्याको तल्लो समूहलाई लक्षित गरेर सञ्चालन गरिने कार्यक्रममा मद्दत पुऱ्याउने उद्देश्यले गरिबी निवारण कोष क्रियाशील रहँदै आएको छ । यो कोष एक स्वायत्त संस्थाको रूपमा गरिबी निवारण कोष अध्यादेश, २०६० अन्तर्गत स्थापना भई गरिबी निवारण कोष ऐन, २०६३अनुसार सञ्चालित छ ।

७.१९ कोषले लक्षित कार्यक्रम (अन्तोदय), सामाजिक समावेशीकरण, पारदर्शिता, मागमुखी कार्यक्रम र सोझै समुदायमा कोष प्रवाह गरी ५ वटा निर्देशित सिद्धान्तअनुरूप समाजका अति गरीब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा समुदायको मागमा आधारित कार्यक्रम सञ्चालन गर्दै आएको छ । गरीब समुदाय स्वयमलाई पूर्णरूपले सहभागी गराई समुदायको परियोजना (कार्यक्रम) उनीहरूबाट नै कार्यान्वयन गराउन तिनै समुदायको प्रतिनिधित्व रहने गरी सामुदायिक संस्थाको गठनको साथै तिनीहरूको संस्थागत विकास गरी कार्यक्रमहरू सञ्चालन गरिएको छ । यस कार्यमा समुदायलाई आवश्यक सहयोग प्रदान गर्न सामाजिक परिचालनको लागि (सहयोगी संस्थामार्फत्) स्थानीय निकायहरू, गैर सरकारी संस्था, सामुदायिक संस्था तथा निजी संस्थासँग सहकार्य गरिएको छ ।

७.२० गरिबी निवारण कोष दोस्रो आयोजनाको लागि अन्तराष्ट्रिय विकास संस्थाको दश करोड अमेरिकी डलर र कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोषको (IFAD) चालीस लाख अमेरिकी डलर, विश्व बैंकको Additional Financing अन्तर्गत छ करोड पचास लाख अमेरिकी डलर, विश्व बैंक ट्रष्ट फण्डको एक करोड अमेरिकी डलर र नेपाल सरकारको म्याचिङ्ग फण्डको साथै कार्यक्रमको लागि नेपाल सरकारको अनुदान सहयोगबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

७.२१ समुदायलाई सहयोगको लागि विभिन्न सहयोगी संस्थाहरूसँग सम्झौता भई सामाजिक परिचालन, समुदायको संस्थागत विकास, समुदायको परियोजना तयार पार्नेलगायत कार्यान्वयनमा सहजीकरण गर्ने काम भइरहेको छ । कोषको कार्यक्रम ४० जिल्लाहरूमा नियमित रूपमा सञ्चालन भइरहेको र केही जिल्लाहरूमा गरिबी पकेटको माध्यमबाट अति पिछडिएका विपन्न समुदायको पहिचान गरी कार्यक्रम शुरु भइरहेकोमा आर्थिक वर्ष २०६८/६९ मा थप १५ जिल्लाहरूमा कार्यक्रम लागु पर्ने प्रक्रिया थालनी भएको छ । यी कार्यक्रमहरू ४१७ सहयोगी संस्थाहरूको सहयोगमा सञ्चालन भइरहेका छन् । यी सहयोगी संस्थाहरूले सामाजिक परिचालन, क्षमता विकास तथा सीप विकास तालिम, सामुदायिक संस्थाको संस्थागत विकास, सामुदायिक परियोजना तर्जुमा तथा कार्यान्वयन गर्न सामुदायिक संस्थालाई आवश्यक प्राविधिक सहयोग र सहजिकरण गरी मद्दत पुऱ्याउनुको साथै समुदाय र कोष बीचको सम्पर्क र सञ्चारमा सहयोगीको रूपमा काम गर्दछन् ।

कार्यक्रम सुरु भएदेखि हालसम्मको प्रगति

७.२२ आयोजनाको सुरुदेखि २०६८ फागुन मसान्तसम्ममा ४९ जिल्लाहरू (नवीन सोचमा आधारित कार्यक्रम समेत) अन्तर्गतका १५८२ गा.वि.स.हरूमा १९,१३८ सामुदायिक संस्थाहरूबाट कार्यक्रम कार्यान्वयन भई रहेको र हालसम्म ५,९३,८८८ वटा लक्षित घरधुरी लाभान्वित भएका छन् । कोषको कार्यक्रमबाट लाभान्वित कुल घरपरिवार मध्ये २८.९७ प्रतिशत दलित, २८.६० प्रतिशत जनजाति छन् । त्यस्तै, सामुदायिक संस्थामा आवद्ध सदस्यहरूमा ७४.४५ प्रतिशत महिला रहनुले सामाजिक वंचितीकरणमा परेको ठूलो जनसंख्या प्रति कोष प्रतिवद्ध रहेको देखिनुका साथै त्रिवर्षिय योजनामा उल्लेख भएअनुसारको लक्षित कार्यक्रमको उद्धेश्यअनुरूप सोझै गरिब तथा पिछडिएका समुदायसम्म पुग्ने सार्थक प्रयास गरिएको छ ।

७.२३ कोषका लागि २०६७ मा त्रिवि अन्तर्गतको CEDA ले ६ जिल्लाका २०० गाउँका ३ हजार घरधुरीमा प्रभाव मूल्याङ्कन अध्ययन गरेको थियो । जसअनुसार गरिबहरूको उपभोग्य क्षमता, खाद्यसुरक्षामा सुधार, आयआर्जन, सामाजिक विकास, केटाकेटीहरूको स्कुल जाने क्रम तथा महिला सशक्तिकरणमा सकारात्मक परिणामहरू आएको देखिएको छ । अध्ययनले लाभग्राहीहरूको उपभोग क्षमतामा वास्तविक मूल्यमा ३१ प्रतिशतले बृद्धि भएको देखाएको छ भने ६ देखि १९ महिनासम्म कोषको आर्थिक सहयोग प्राप्त गरेका घरधुरीहरूको उपभोग क्षमतामा ४४.४ प्रतिशतले अभिबृद्धि भएको छ । उक्त अध्ययनले गरिबहरूको खाद्य उपलब्धतामा १० प्रतिशतले बढेको पनि देखिएको छ । यसैगरी अर्को

सामाजिक विश्लेषणसम्बन्धी अध्ययनले लाभग्राही घरधुरीको औसत आयमा ८२.५ प्रतिशतले बृद्धि भएको देखिएको छ ।

तालिका ७(च) : गरिबी निवारण कोषबाट सामुदायिक संस्थाहरूलाई गएको अनुदान विवरण

क्र.सं.	आर्थिक वर्ष	खर्च रकम (रू. हजारमा)						
		आयआर्जन कार्यक्रम	साना पूर्वाधार विकास कार्यक्रम	नविनतम कार्यक्रम	जम्मा			
					जम्मा	विश्व बैंक अनुदान	ट्रष्ट फण्ड अनुदान	नेपाल सरकार अनुदान
१	२०६१/६२	१३२,६१२	६४,११०	३,३९५	२००,११७	१८३,६३८	-	१६,४७९
२	२०६२/६३	१५५,०८३	९०,७३०	१३८,०७०	३८३,८८३	३१७,५९७	-	६६,२८६
३	२०६३/६४	४०४,३३२	७६,४४४	४९९,११३	९७९,८८९	९७९,८८९	-	
४	२०६४/६५	१,२७४,५७२	२३०,६५२	४६,४५१	१,५५१,६७५	१,५५१,६७५	-	
५	२०६५/६६	९७१,४५८	२६१,७९८	२७,६४०	१,२६०,८९६	१,२६०,५२०	-	३७६
६	२०६६/६७	१,३८८,२८९	४२६,५६१	३५,७४९	१,८५०,५९९	१,८५०,५९९	-	
७	२०६७/६८	१,५२६,८९८	४७०,९१०	११,४०१	२,००९,२०९	१,७२०,१२९	-	२८९,०८०
जम्मा:		**५,८५३,२४४**	**१,६२१,२०५**	**७६१,८१९**	**८,२३६,२६८**	**७,८६४,०४७**	**-**	**३७२,२२१**
८	२०६८/६९*	१,०४२,४४१	३७५,२३४	९,८७७	१,४२७,५५२	९१७,१८८	५१०,३६४	-
कूल जम्मा		**६,८९५,६८५**	**१,९९६,४३९**	**७७१,६९६**	**९,६६३,८२०**	**८,७८१,२३५**	**५१०,३६४**	**३७२,२२१**

** प्रथम आठ महिनाको ।*
स्रोत : गरिबी निवारण कोष ।

७.२४ गरिबी निवारण कोष अर्न्तगत ४९ जिल्लामा आय आर्जन कार्यक्रम, साना पुर्वाधार विकास कार्यक्रम तथा नविनतम कार्यक्रम सञ्चालन गर्ने सामुदायिक संस्थाहरूलाई आर्थिक वर्ष २०६१।६२ देखि आर्थिक वर्ष २०६७।६८सम्म रू. ८ अर्ब २३ करोड ६२ लाख अनुदान दिइएको छ ।

युवा तथा साना उद्यमी व्यवसायी स्वरोजगार कोष

७.२५ उत्पादनशील श्रमको अधिकतम उपयोग, उद्यमशीलताको विकासमार्फत् परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी देशको द्रुततर विकासको लागि शिक्षित तथा अशिक्षित बेरोजगार युवाहरूलाई स्वरोजगारको अवसर उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थामार्फत् सहुलियत व्याजदरमा विनाधितो आवधिक ऋण उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गर्न र व्यवसायिक तालिम समेत उपलब्ध गराउन आर्थिक वर्ष २०६५/६६ मा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना भएको हो । कोषको नियमावलीमा भएको हालैको संशोधनले सहकारी संस्थाहरूमार्फत् पनि ऋण प्रवाह गर्न सक्ने व्यवस्था गरेको छ ।

७.२६ युवा स्वरोजगार कार्यक्रमको मुख्य उद्देश्य आर्थिकरूपले पिछडिएका विपन्न वर्ग, महिला, दलित, जनजाति, द्वन्दपिडित, बेरोजगार युवाहरू तथा परम्परागत सीप भएका जनताहरूलाई कृषि, व्यवसायजन्य र सेवामूलक व्यवसायमार्फत् आय आर्जनमा बृद्धि गरी उनीहरूको जिविकोपार्जनलाई सहज बनाउन सुलभरूपमा प्रति व्यक्ति अधिकतम रू. दुई लाखसम्म बिना धितो ऋण उपलब्ध गराउनु हो । विषेश गरी व्यवसायिक खेती तथा पशुपंक्षी पालन, कृषि तथा बनजन्य, खानी र बहुमूल्य पत्थर उद्योग, शहरी तथा बजार

क्षेत्रमा रिक्सा, ठेलागाडा सञ्चालन तथा प्लम्बीङ सेवा र इलेक्ट्रोनिक्स सामानको मर्मत संभार जस्ता साना तथा घरेलु व्यवसाय एवं पसल सञ्चालनलगायतका सेवामूलक स्वरोजगार कार्यक्रमको लागि ऋण उपलब्ध गराउने, परम्परागत सीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशी, समेतलाई ऋण लगानी गर्ने, द्वन्द्वपीडित व्यक्ति, अपाङ्ग वा घाइते व्यक्ति, बेपत्ता तथा शहिद परिवार, उत्पीडित जाति, जनजाति तथा महिलालाई ऋण लगानी गर्ने, स्वरोजगार कार्यक्रम सञ्चालन गर्न चाहने बेरोजगारलाई तालिम प्रदान गर्ने, स्थानीय कच्चा पदार्थ र सीपमूलक परियोजनालाई विशेष प्राथमिकता दिने जस्ता उद्देश्यहरू रहेका छन् ।

७.२७ युवा स्वरोजगार कार्यक्रम अन्तर्गत खेती, व्यवसाय, कृषिसम्बन्धी कार्य, रिक्सा, ठेलागाडा सेवा सञ्चालन,परम्परागत सीप तथा जातजातीय सीप भएका कार्यक्रमहरू, एक गाउँ एक उत्पादन, बेरोजगारलाई रोजगार बनाउने सीपमूलक कार्यक्रमहरू, सरकारी तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू बैंक तथा वित्तीय संस्था एवम् र सहकारी संस्थाहरूसँग समन्वय गर्ने जस्ता कार्यक्रमहरू रहेका छन् ।

मञ्जूषा ७(ख) : युवा तथा साना व्यवसायी स्वरोजगार कोषका विषेशताहरू

- बैंक तथा वित्तीय र सहकारी संस्थाहरूले विपन्नवर्गमा प्रवाह गर्नु पर्ने कुल रकमको एक तिहाइ रकम यस कोषमा जम्मा गर्नु पर्ने,
- यस्तो रकम कोषले ऋण स्वरूप प्राप्त गर्ने र उक्त रकमको प्रति वर्ष ५ प्रतिशतका दरले व्याज तिर्ने ,
- यसरी कोषमा जम्मा भएको रकम बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूमार्फत् स्वरोजगार कार्यक्रममा प्रतिवर्ष ७ प्रतिशत व्याजदरमा पुनर्कर्जा दिने,
- पुर्नकर्जामार्फत् प्राप्त रकम सम्बन्धित बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूले १२ प्रतिशत व्याजदरमा लगानी गर्ने,
- सर्वसाधारणलाई सहज रूपमा बिना धितो रू. २ लाखसम्म आवधिक ऋण उपलब्ध गराउने,
- बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूले निर्धारण गरेका किस्तावन्दीअनुसार साँवा र व्याज समयमै तिर्ने ऋणीहरूलाई लागेको व्याजको ६० प्रतिशत कोषले बोनस स्वरूप अनुदान दिने,
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष कार्यक्रम अन्तर्गत ऋण लिने सबै ऋणीहरूको अनिवार्य बीमा हुने र यस्तो बीमाको रकम कोषले प्रदान गर्ने ।
- ऋणीको आवश्यकताअनुसार निःशुल्क व्यवसायिक तालिम उपलब्ध गराउने ।

७.२८ युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट आर्थिक वर्ष २०६८/६९ को वैशाखसम्म स्वरोजगार कार्यक्रम सञ्चालनको लागि विभिन्न बैंक तथा संस्थाहरूलाई रू. २ अर्ब ६९ करोड रकम स्वीकृत भएकोमा रू. ७८ करोड ५० लाख निकासा भएको र रू. ३३ करोड ५१ लाख लगानी भएको छ । यसबाट ३ हजार ३ सय ४३ जना स्वरोजगार भएका छन् । स्वरोजगारका मुख्य क्षेत्रहरू पशुपालन, कृषि, वागवानी, सेवा व्यवसाय, घरेलु उद्योग आदि रहेका छन् ।

७.२९ कोषबाट देशका विभिन्न क्षेत्रमा दुईदेखि १२ हप्तासम्म सञ्चालन भएका विभिन्न

किसिमका सीपमूलक तालिम कार्यक्रममा हालसम्म ३ हजार २ सय ६५ जना बेरोजगार युवा युवतीहरू सहभागी भई लाभान्वित भएका छन् । यस्ता सीपमूलक तालिम कार्यक्रम विभिन्न ५१ वटा संस्थाहरूबाट प्रदान गरिएको थियो ।

रोजगारी

७.३० नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ ले नेपालको श्रम शक्तिको अवस्थालाई गहन विश्लेषण गरेको छ । यस सर्वेक्षण पछि श्रम शक्ति सर्वेक्षण भएको छैन । नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०१०/११ (NLSS III) मा पनि नेपालको श्रम सम्बन्धी विभिन्न पक्षहरूको विश्लेषण गरिएको छ । यी दुबै सर्वेक्षणले प्रस्तुत गरेका नतिजा विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७(ज): नेपाल जीवनस्तर मापन सर्वेक्षण तथा नेपाल श्रम शक्ति सर्वेक्षणको परिणाम

क्र.सं.	विवरण	प्रतिशत
१	रोजगार जनसंख्या प्रतिशत	७८.३
२	बेरोजगार जनसंख्या प्रतिशत	१.८
३	श्रम शक्ति सहभागिता दर	८०.१
४	निष्क्रिय जनसंख्या दर	१९.९
५	बेरोजगारी दर	२.२
६	रोजगारी दर	९७.८
७	कृषि क्षेत्रमा संलग्न घर परिवार संख्या	७६.३
८	गैर कृषि क्षेत्रमा संलग्न जनसंख्या	२३.७
९	पूर्ण रोजगार जनसंख्याको प्रतिशत	७०.०
१०	श्रम अल्प उपयोग दर जनसंख्याको प्रतिशत	३०.०

स्रोत : नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६६/६७ (क्र.सं. १ देखि ८सम्मको विवरण) र नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ (क्र.सं. ९ र १० को विवरण) ।

७.३१ माथिको तालिकाअनुसार नेपालको कुल जनसंख्याको १९.९ प्रतिशत हिस्सा आर्थिकरूपले निष्क्रिय र बाँकी ८०.१ प्रतिशत जनसंख्या मात्र आर्थिकरूपले सक्रिय रहेको देखाएको छ जसलाई श्रम शक्ति सहभागिता दरले परिभाषित गर्दछ । आर्थिकरूपले सक्रिय रहेको जनसंख्या मध्ये ७८.३ प्रतिशत रोजगार रहेका छन् भने १.८ प्रतिशत जनसंख्या वेरोजगार देखिन्छन् । नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०१०/११ को नतिजाअनुसार रोजगारी दर ९७.८ प्रतिशत छ भने वेरोजगारी दर २.२ प्रतिशत रहेको छ । यसैगरी कृषि क्षेत्रमा संलग्न घर परिवार संख्या ७६.३ प्रतिशत छ भने गैर कृषि क्षेत्रमा संलग्न घर परिवार संख्या २३.७ प्रतिशत रहेको पाइएको छ । नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ को प्रतिवेदनअनुसार पूर्ण रोजगार जनसंख्या ७० प्रतिशत रहेको छ भने श्रम अल्प उपयोग दर ३० प्रतिशत रहेको देखिएको छ ।

वैदेशिक रोजगारी

७.३२ देशमा रोजगारका पर्याप्त अवसर नभएका कारण बैदेशिक रोजगारप्रति नेपाली युवा वर्गको उच्च आर्कषण देखिएको छ । बैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको

संख्या हरेक बर्ष बढ्दै गएको छ। बिभिन्न प्रतिवेदनबाट सरकारी अनुमतिबिना पनि ठूलो संख्यामा नेपाली कामदार विदेशमा गएको पाइएको छ। औपचारिक र अनौपचारिक संख्यालाई आधार मान्दा अहिले ३० लाखभन्दा बढी नेपाली कामदार विदेशमा रहेको अनुमान छ। ग्रामीणस्तरमा आर्थिक समृद्धि ल्याउन र गरिबी न्यूनीकरण गर्न पनि वैदेशिक रोजगारले मद्धत पुयाएको छ। देशको बेरोजगारी अवस्थामा कमी ल्याउन, गरिबी न्यूनीकरण गर्न र अर्थतन्त्रको सुदृढिकरणमा वैदेशिक रोजगारबाट पुगेको योगदानलाई उल्लेखनीय मान्नुपर्छ। वैदेशिक रोजगार ब्यवसायलाई प्रवर्द्धन गर्दै सो ब्यवसायलाई सुरक्षित, ब्यवस्थित, मर्यादित बनाई वैदेशिक रोजगारीमा जाने कामदार र वैदेशिक रोजगार ब्यवसायीको हकहित संरक्षण गर्नको लागि वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ जारी भई हाल कार्यान्वयनमा आइसकेको छ।

७.३३ नेपाल जीवनस्तर सर्भेक्षण, २०६६/६७अनुसार एक वर्षमा देशभरका ५६ प्रतिशत परिवारले विप्रेषणको रकम प्राप्त गरेका छन्। परिवारले प्राप्त गरेको विप्रेषणको अनुमानित औसत रकम चालु मूल्यमा रू. ८०,४३६ रहेकोछ। प्रति व्यक्ति विप्रेषणको रकम हिसाबगर्दा चालु मूल्यमा रू. ९,२४५ हुन आउँछ। यसरी विप्रेषण प्राप्त गर्नेको संख्या मध्ये ५८ प्रतिशत स्वदेशबाट, १९ प्रतिशत भारतबाट र २३ प्रतिशत अन्य मुलुकहरूबाट प्राप्त भएको छ। विगत १५ वर्षमा विप्रेषण प्राप्तगर्ने परिवारहरूको प्रतिशत क्रमशः बढ्दै गएको छ। पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण प्राप्त गरेको देखाएकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्तगर्ने परिवार ५६ प्रतिशत पुगेका छन्। परिवारको जम्मा आम्दानीमा विप्रेषणको हिस्सा पनि बढ्दै गएको छ। सन् १९९५/९६ मा यो २७ प्रतिशत थियो भने सन् २०१०/११ मा ३१ प्रतिशत रहेको छ। स्रोतअनुसार प्राप्त विप्रेषणको संरचनामा पनि परिवर्तन भएको छ। उदाहरणका लागि, भारतबाट प्राप्त हुने विप्रेषणको हिस्सा विगत १५ बर्षमा २४ प्रतिशत विन्दुले घटेर ११ प्रतिशत पुगेको छ भने भारतबाहेक अन्य देशबाट प्राप्त हुने विप्रेषणको करिब २२ प्रतिशतबाट बढेर ६९ प्रतिशत पुगेको छ।


७.३४ वैदेशिक रोजगार विभागबाट प्राप्त जानकारीअनुसार आर्थिक वर्ष २०६८/६९ को दोस्रो चौमासिकसम्ममा २३ लाख ५८ हजार ७ सय १० जना वैदेशिक रोजगारका लागि विभिन्न मुलुकहरूमा गएको देखिन्छ। भारतसँगको खुला सिमानाका कारण भारत हुँदै अनधिकृतरूपमा तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जानेहरूको संख्या पनि निकै ठूलो रहेको अनुमान छ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको सम्बन्धमा आवश्यक कार्य गर्न २०६५ पुस १६ देखि छुट्टै वैदेशिक रोजगार विभागको स्थापना भई कार्य सञ्चालन हुँदै आएको छ। रोजगार अनुमति प्रणालीअन्तर्गत दक्षिण कोरियामा नेपाली कामदार पठाउन रोजगार अनुमति प्रणाली (Employment Permit System) कोरिया शाखाको स्थापना भएको छ भने आर्थिक वर्ष २०६६/६७ देखि औद्योगिक प्रशिक्षार्थी तथा अभ्यासार्थी कामदार Japan International Training Cooperation Organization (JITCO) अन्तर्गत जापानमा कामदार पठाउन JITCO Unit को समेत स्थापना भइसकेको छ। आर्थिक वर्ष २०६८/६९ को दोस्रो चौमासिकसम्म वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको संख्या २ लाख ५० हजार १ सय ७२ रहेको छ। जस मध्ये

महिला १४ हजार ३ सय ४३ जना र पुरुष २ लाख ३५ हजार ८ सय २९ जना रहेको पाइन्छ भने यो संख्या गत आर्थिक वर्ष २०६७/६८सम्म ३ लाख ५४ हजार ७ सय १६ रहेको छ । जसमा ३ लाख ४४ हजार ३ सय पुरुष र १० हजार ४ सय १६ महिला रहेको छ । वैदेशिक रोजगारमा गएका कामदारहरूको संख्या देशगतरूपमा देहायअनुसार छ :

तालिका ७(झ): देशगत वैदेशिक रोजगारीको स्थिति

सि.नं.	मुलुक/क्षेत्र	आर्थिक वर्ष २०६६/६७सम्मको कुल संख्या	आर्थिक वर्ष २०६७/६८ को संख्या			आर्थिक वर्ष २०६८/६९ को पहिलो आठ महिनाको			कुल
			पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	
१.	मलेसिया	५७८२९२	१०४५२०	१३८६	१०५९०६	५६९८३	११८२	५८१६५	७४२३६३
२.	कतार	४८३६५१	१०२६५३	३१३	१०२९६६	७४३४८	५९०	७४९३८	६६१५५५
३.	साउदी अरव	३५९७८०	७०९६०	१५६	७११९६	४७७२१	९९	४७८२०	४७८७१६
४.	यु.ए.ई	२१६६२९	४२५५३	१९११	४४४६४	३७०९९	२८८०	३९९७९	३०१०७२
५.	कुवेत	२४४५२	९३९२	५७९५	१५१८७	७७९३	७७९०	१५५८३	५५२२२
६.	बहराईन	१९५३३	४४४१	२०६	४६४७	४१५८	३८५	४५४३	२८७२३
७.	ओमन	११५०२	२३८५	५७	२४४२	२०८१	२७१	२३५२	१६२९६
८.	दक्षिण कोरिया	१२००७	३७२७	१	३७२८	१९३०	९	१९३९	१७६७४
९.	अन्य	४७९७६	३६६९	५९१	४२६०	३७१६	११३७	४८५३	५७०८९
जम्मा		१७५३८२२	३४४३००	१०४१६	३५४७१६	२९५८२९	१४३४३	२५०१७२	२३५८७१०

स्रोत :-वैदेशिक रोजगार विभाग ।



७.३५ वैदेशिक रोजगारीमा जाने कुल संख्या २३ लाख ५८ हजार ७ सय १० जना मध्ये सबै भन्दा वढी मलेसियामा ७ लाख ४२ हजार ३ सय ६३ (३२%), कतारमा ६ लाख ६१ हजार ५ सय ५५ (२८%), साउदी अरवमा ४ लाख ७८ हजार ७ सय १६ (२०%), संयुक्त अरव ईमिरेट्स (यु.ए.ई) मा ३ लाख १ हजार ७२ (१३%) रहेका छन् । त्यसैगरी कुवेतमा ५५ हजार २ सय २२ (२%), वहराइनमा २८ हजार ७ सय २३ (१%), दक्षिण कोरियामा १७ हजार ६ सय ७४ (१%), अन्य मुलुकहरूमा ५७ हजार ८९ (२%) रहेका छन् ।

यथार्थ ज्यालादर

७.३६ ज्यालादर सूचकाङ्कमा भएको वृद्धिदर उपभोक्ता मुद्रास्फीति दर भन्दा माथि रहेबाट यथार्थ ज्यालादर सूचकाङ्क धनात्मक रहेको छ । आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ को फागुनमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दर क्रमशः ९.९ प्रतिशत र १०.७ प्रतिशतले बढेकोमा उक्त अवधिहरूमा ज्यालादर सूचकाङ्क क्रमशः १३.६ प्रतिशत र २५.५ प्रतिशतले बढेको छ । मुद्रास्फीति दर उच्च हुँदै जाँदा यथार्थ ज्यालादर कम हुनु स्वभाविक नै भएपनि यथार्थ ज्यालादर सूचकाङ्क धनात्मक हुँदा श्रमिकको आम्दानीस्तर बढ्न गई गरिबी घटाउन मद्दत पुगेको देखिन्छ । त्यस्तै, राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा ७३.० प्रतिशत भार ज्यालादर सूचकाङ्क रहेको र यसमा ४०.० प्रतिशत भार ओगटेको कृषि मजदूर वर्गको यथार्थ ज्यालादर उच्च रहेबाट खासगरी कृषि श्रमिकको आम्दानीस्तर बढ्न गई गरिबी घटाउन मद्दत पुगेको अनुमान छ । उद्योग प्रतिष्ठानमा संलग्न श्रमिकहरूको मासिक ज्यालादर महंगी भत्तासहित रू. ६ हजार २ सय, चिया वगानमा संलग्न श्रमिकहरूको दैनिक ज्यालादर रू. १ सय ५८ रूपैयाँ र कृषिमा संलग्न श्रमिकहरूको दैनिक रू. २ सय २१ रूपैयाँ तोकिएको छ ।

रोजगार सूचना

७.३७ श्रम तथा रोजगार मन्त्रालय, श्रम विभागअन्तर्गत १४ वटा रोजगार सूचना केन्द्रहरू रहेका र यी केन्द्रहरूबाट २०६५ फागुन महिनादेखि बेरोजगारहरूको लगत संकलन गर्ने कार्यको थालनी गरी आर्थिक वर्ष २०६८/६९ को चैत्रसम्ममा जम्मा ४९ हजार ३ सय १० जना बेरोजगारहरूको लगत संकलन गरेको देखिन्छ ।

रोजगारी एवं श्रमिक स्थिति विश्लेषण

७.३८ देशमा दिनानुदिन बढिरहेको बेरोजगारी समस्या समाधान गर्ने तर्फ स्पष्ट नीति तथा कार्यक्रमको अभाव एवम् खाका तयार नभएको कारण गरिबीलाई देशबाट कसरी हटाउने भन्ने एक जटील प्रश्न खडा भएको छ । गरिबी नहटेसम्म देश विकासको परिकल्पना साकार हुन सक्दैन । गरिबीलाई निराकरण गर्ने प्रमुख माध्यम भनेको रोजगारी नै हो । रोजगारीका लागि धेरै युवाहरू विदेशिने क्रम बढ्दो छ । स्वदेशमा रोजगारीका अवसरहरू एकदमै न्यून रहेको छ । कृषि क्षेत्रमा रहेको निर्भरताले मात्र यो समस्या समाधान हुने देखिँदैन । यस्तो अवस्थामा देशभित्र लगानीको क्षेत्र बढाई व्यापक मात्रामा रोजगारीका अवसरहरूको सृजना गर्नु नितान्त आवश्यक भएको छ । वैदेशिक रोजगारीका साथै आन्तरिकरूपमा श्रमिक आपूर्ति गर्ने निकायहरूको स्पष्ट दूरदृष्टि र नीतिको अभावमा के

कति रोजगारका अवसर सृजना गर्न सकिन्छ र कुनकुन ठाउँमा समायोजन गर्न सकिन्छ भन्ने सोचका आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन नभएसम्म बढ्दो बेरोजगारलाई रोजगार दिन सक्ने अवस्था देखिदैन । जसले गर्दा गरिबीको मारमा रहेका जनतालाई आर्थिकरूपबाट माथि उकास्न कठीन हुने देखिन्छ । यसर्थ, यसलाई सरकारी एवम् निजी दुबै क्षेत्रबाट समयमै उपयुक्त पहल हुनु समयको माग भएको छ ।

७.३९ विगत केही वर्ष अगाडिदेखि गरिबी न्यून गर्ने कार्यक्रमहरू सञ्चालन भएको भएपनि अपेक्षित मात्रामा गरिबी घट्न सकेको छैन । तीन वर्षीय अन्तरिम योजनामा गरिवी २४ प्रतिशतमा झार्ने लक्ष्य राखिएको भए तापनि २५.२ प्रतिशतमा झार्न सकिएको छ । विदेश एवम् स्वदेशमा काम गर्ने श्रमिकहरूको अधिकार, स्वास्थ्य, बीमालगायतका सुविधाबाट पनि श्रमिकहरू बञ्चित रहेको तथ्यलाई पनि नकार्न सकिँदैन । यसतर्फ पनि ध्यान दिनु पर्ने देखिन्छ ।

स्थानीय विकास मन्त्रालय अन्तर्गत गरिबी निवारण र रोजगारीका लागि सञ्चालित कार्यक्रमहरु

७.४० स्थानीय विकास मन्त्रालय र अन्तर्गत सञ्चालित सबै कार्यक्रमहरू गरिबी निवारण र रोजगारी प्रवर्द्धन गर्नमा केन्द्रित रहेता पनि यस अन्तर्गत मूलतः कर्णाली रोजगार कार्यक्रम, पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना, स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सीपसँग जोड्ने कार्यक्रम तथा नेपाल खाद्य संकट कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यी कार्यक्रमहरूको प्रगति स्थिति देहायबमोजिम रहेको छ ।

कर्णाली रोजगार कार्यक्रम

७.४१ कर्णाली अञ्चलको अधिकांश परिवारका व्यक्तिहरूको परम्परागत पेशा, व्यवसाय वा रोजगारीबाट प्राप्त आम्दानीले जीवन धान्न कठिन भएको यथार्थलाई ध्यानमा राखी यस्ता परिवारहरूलाई रोजगारीका अवसर उपलब्ध गराउने अभिप्रायले आर्थिक वर्ष २०६३/६४ देखि कर्णाली अञ्चल एक परिवार एक रोजगारको नामबाट यो कार्यक्रम सञ्चालनमा रहँदै आएको छ । आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रमबाट गोरेटो, घोडेटो बाटो, मोटर बाटो, शौचालय, विद्यालय भवन, साना लघु जलविद्युत् मर्मत जस्ता स-साना १ हजार २ सय २२ वटा योजना सम्पन्न भई १७ लाख १७ हजार ८ सय ८५ श्रमदिन बराबरको रोजगारी सृजना भई सम्बन्धित व्यक्ति लाभान्वित भएका थिए । चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनाको अवधिमा जिल्लाहरूमा बेरोजगार परिवारहरूको विवरण अद्यावधिक गर्ने, बेरोजगार परिवारका समूह गठन गरी समूहबाट चयन गरेका योजना छनौट गर्ने, ती योजना सञ्चालनका लागि लागत अनुमान तयार गर्ने तथा जिल्लामा कार्यरत सरकारी एवं गैरसरकारी संस्थासँग कार्यगत समन्वय र एकीकरण गर्ने काम भइरहेको छ ।

पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना

७.४२ मध्य पश्चिम तथा सुदूर पश्चिमका उच्च पहाडी जिल्लाहरूमा बसोबास गर्ने अति विपन्न जनताको जीवनस्तर सुधार गर्ने उद्देश्यले जुम्ला, हुम्ला, बझाङ, बाजुरा, मुगु, डोल्पा,

कालिकोट, जाजरकोट, रूकुम, रोल्पा र दैलेख जिल्लामा पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना नेपाल सरकार, IFAD, सम्बन्धित जिल्ला विकास समितिहरू, गाउँ विकास समितिहरू, निजी क्षेत्र र स्थानीय उपभोक्ताहरूको संयुक्त लगानीमा सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०६७/६८ मा पूर्वाधार सम्भारतर्फ सिँचाइ ३२ वटा, खानेपानी ५९ वटा, विद्यालय ३२ वटा, पुल ५ वटा स्वास्थ्य केन्द्र २ वटा निर्माण सम्पन्न भई २० हजार २ सय ९ घरधुरी लाभान्वित भएका थिए भने ६१ वटा कबुलीयती वन समूह गठन गरेको र यसबाट ४ हजार ४ सय ९० बिपन्न तथा गरिब घरधुरी समेटिएका थिए। यसैगरी वृक्षारोपणका लागि १ लाख ८३ हजार ९ सय ६६ बिरूवा समूहमा प्रदान गरिएको थियो र यस अवधिमा ४ सय ९६ हेक्टर कबुलियती वनको जग्गामा विभिन्न प्रजातीका बिरूवा रोपण र ५ सय ५६ सामुदायिक संस्था निर्माण कार्य सम्पन्न भएका थिए। चालु आर्थिक वर्षको प्रथम ८ महिनामा सामुदायिक पूर्वाधार विकास सम्भारतर्फ क्रमागत विद्यालय तथा सामुदायिक भवन २ गोटा, क्रमागत खानेपानी १० वटा, क्रमागत लघु सिँचाइ योजना ८ वटा, खानेपानी योजना ३ गोटा सम्पन्न भएका छन्।

स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सीपसँग जोड्ने कार्यक्रम

७.४३ स्वीस सरकार (Helvetas) को सहयोगमा यो कार्यक्रम सन् १९९७ देखि सुरुवात भएकोमा आर्थिक वर्ष २०६२/६३ देखि यस कार्यक्रमलाई बजेटको परिधिभित्र ल्याइएको छ। यो कार्यक्रम अछाम, दैलेख, जाजरकोट र कालिकोट जिल्लामा सञ्चालित छ। आर्थिक वर्ष २०६७/६८ मा आय आर्जन बढाउने क्रियाकलापहरू वस्तुको बजार व्यवस्थापन, हस्तान्तरण, साना भौतिक पूर्वाधार, स्थानीय साझेदार संस्थाहरूको संस्थागत सञ्चालन गरी १३ हजार ५ सय परिवार लाभान्वित भएका थिए भने २५ वटा गाउँ विकास समितिको आवधिक योजना निर्माणमा सहयोग भएको थियो। १ सय ८० जना स्थानीय स्रोत व्यक्तिहरूको परिचालन गरी किसानहरूलाई प्राविधिक ज्ञान हस्तान्तरण गरिएको थियो। आर्थिक वर्ष २०६८/६९ को समिक्षा अवधिमा ५ हजार २ सय परिवार विभिन्न आयआर्जन (तरकारीको बिउ, कोशेबाली, अदुवा, जडीबुटी) कार्यक्रममा संलग्न भएका छन्। कृषि प्रविधिको प्रचार प्रसार र ज्ञान सीप हस्तान्तरण गर्न मागमा आधारित २ सय जना स्थानीय स्रोत व्यक्ति परिचालन र ६ सय ५० उत्पादन समूहको क्षमता अभिवृद्धि भएको छ। त्यस्तै, २५ वटा गाउँ विकास समितिको आवधिक योजना निर्माणमा सहयोग गरिएको छ।

नेपाल खाद्य संकट सम्बोधन कार्यक्रम

७.४४ खाद्यान्नको आकाशिदो मूल्यको मारबाट गरीब जनताहरूलाई तत्काल राहत पुऱ्याउने उद्देश्यले कामका लागि खाद्यान्न कार्यक्रम आर्थिक वर्ष २०६५/६६ देखि सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रमबाट ३ हजार ८ सय ७३ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराइएको र १ हजार ६ सय ३७ हेक्टर वृक्षारोपण, १ सय ४ वटा खानेपानी योजना, कम्पोष्ट पिट १६ हजार ८३ वटा निर्माण र १ सय ७६ किमी ग्रामीण सडक निर्माण भएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा

कम्प्यूटर खरीद, Beneficiary Assessment गर्नका लागि परमर्शदातासँग सम्झौता भई कार्य प्रारम्भ भएको छ ।

समस्या तथा चुनौतीहरू

७.४५ गरिब र धनी बीच असमानताको खाडललाई उपयुक्त कार्यक्रमहरूको माध्यमबाट न्यूनीकरण गर्दै देशबाट गरिबी निराकरण गर्नु एक कठीन र चुनौतीपूर्ण कार्य भएको छ ।

७.४६ भौतिक सुविधाको खोजी र विभिन्न देशीय परिस्थितिका कारण जनतामा बढेको क्षेत्रगत चलायमानता तथा सो को चाप सुरक्षित स्थान, नगर क्षेत्र र बढी सुविधा प्राप्त स्थानमा केन्द्रित रहेको हुँदा सहरी गरिबीजन्य समस्याको सम्बोधन गर्नु अत्यन्त चुनौतीपूर्ण देखिएको छ ।

७.४७ देशमा रहेको बेरोजगारीको समस्यालाई घटाउन देशको हरेक क्षेत्रमा स्थानीय सीप, पुँजी र प्रविधिको पहिचान गरी कार्यक्रम सञ्चालन गर्न र त्यस्ता कार्यक्रममा स्थानीय बेरोजगार युवायुवतीहरूलाई संलग्न गराउने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

७.४८ देशमा विद्यमान ठूला व्यापारिक तथा औद्योगिक प्रतिष्ठानहरूमा आवश्यक श्रमिक तथा दक्ष जनशक्तिको आपूर्तिमा स्वदेशी नागरिकलाई प्राथमिकता दिनेतर्फ पनि सचेत हुन आवश्यक देखिन्छ ।

७.४९ कृषि व्यवसायलाई देशको अर्थतन्त्रको मेरुदण्ड मानिए पनि यस पेशाप्रति जनताको लगाव केन्द्रित गरी अदृश्यरूपमा रहेको बेरोजगारी समस्यालाई कम गर्ने कार्य कठीन र चुनौतीपूर्ण हुँदै गएको छ ।

७.५० सामाजिक तथा आर्थिक कारणबाट देश विकासको मूलधारमा समावेश हुन नसकेका दलित, महिला, मधेसी, जनजाति, विपन्न एवम् पिछडिएको वर्ग, विकट तथा दूरदराजमा बसोबास गर्ने बर्ग र अति गरिब तथा साना किसानहरूको गरिबी एवम् पछौटेपनलाई निराकरण गरी राष्ट्रिय विकासको अभियानमा सरिक गराउने कार्य त्यत्तिकै जटिल र चुनौतीपूर्ण भएको छ ।

७.५१ प्रत्येक वर्ष देशको श्रम बजारमा थपिने अनुमानित ४ लाखको श्रमशक्तिले रोजगारको अवसर प्रदान गर्न नसकेको अवस्था छ । देशमा के कति दक्ष बेरोजगार, अर्ध बेरोजगार तथा बेरोजगार श्रमिकको संख्या छ, एकीन गरी सोको गहन अध्ययन र विश्लेषण समेत हुने गरेको पाइँदैन । साथै, श्रमशक्तिलाई कहाँ के कसरी परिचालन गर्ने, कस्तो कार्यक्रमको माध्यमबाट उनीहरूलाई काममा संलग्न गराउने भन्ने जस्ता कार्यक्रमको पनि अभाव रहेको र विभिन्न श्रमलाई कसरी उपयोग गर्ने भन्ने समन्वयकारी भूमिका समेत भएको पाइँदैन । यसले गर्दा बेरोजगारहरूको समस्या दिनानुदिन बृद्धि हुँदै गएको छ ।

७.५२ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरू प्रस्थान विन्दुबाटै ठगिन थाल्नु, गन्तव्य स्थानमा पुगेपछि सम्झौता बमोजिमको काम र ज्याला नपाउनु, रकम विप्रेषणमा अप्ठ्यारो हुनु, शारीरिक यातना सहनु, श्रमिकहरूलाई आवश्यक आधारभूत सूचना एवं जानकारी प्रदान

गर्न नसक्नु र अवैधानिकरूपमा जाने कामदारहरूलाई नियन्त्रण तथा नियमन गर्ने कार्य चुनौतीपूर्ण छ ।

७.५३ वैदेशिक रोजगारीमा जाने सबै देशहरूमा नेपाली नियोग नभएका कारण त्यहाँ कार्यरत श्रमिकहरूलाई आइपर्ने विभिन्न समस्याहरूबाट मुक्ति पाउन सक्ने अवस्था नरहेकोले श्रमिकहरूले अनेक समस्या झेलिरहको हुँदा यसको समाधानका लागि छिटोभन्दा छिटो पहल हुनु अत्यन्त आवश्यक छ ।

८. कृषि तथा वन

८. कृषि तथा वन

कृषि

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान

८.१ दोस्रो जन आन्दोलन २०६२/६३ को समयमा नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३५ प्रतिशतको हाराहारीमा रहेको थियो । उक्त जन आन्दोलनबाट भएको राजनीतिक परिवर्तन पछिका वर्षहरूमा कृषि उत्पादन वृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको भएता पनि कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान ३२ देखि ३६ प्रतिशतको बीचमा नै रहयो । आर्थिक वर्ष २०६७/६८ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ३७.४३ प्रतिशत रहेको संशोधित अनुमान छ भने यस वर्ष ३५.६८ प्रतिशत रहेने प्रारम्भिक अनुमान छ । यस आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन आर्थिक वर्ष २०५७/५८ को स्थिर मूल्यमा ४.५१ प्रतिशतले वृद्धि हुने अनुमान छ भने कृषि क्षेत्रको वृद्धिदर सो भन्दा केही बढी अर्थात ४.९३ प्रतिशतले हुने अनुमान छ । यस वर्षको कृषि उत्पादनको यो वृद्धिदर गत आर्थिक वर्षको भन्दा ०.४६ प्रतिशतले बढी छ ।

८.२ देशको कुल गार्हस्थ उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकाका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । कृषकहरूमा प्रचलित परम्परागत खेती प्रणालीलाई व्यावसायिक खेती प्रणालीमा रूपान्तरण गर्न आवश्यक ज्ञान, सीप, प्रविधि एवं उद्यमशीलताको अभाव भएकाले कृषकहरू निर्वाहमुखी खेतीपातीमा सीमित मात्र छैनन् कि अर्ध तथा लुप्त वेरोजगारीको समस्याबाट समेत पीडित छन् । यस किसिमका समस्याहरूलाई कम गर्न तथा कृषि उत्पादकत्वमा वृद्धि गर्न खेतीयोग्य जमिनमा सिँचाइ सुविधा, उन्नत बीउ बिजन, रासायनिक मल, किटनाशक औषधि, कृषि कर्जा जस्ता साधन र स्रोतको सहज उपलब्धता, खेती गर्ने उन्नत तरिका, प्रविधि तथा ज्ञानमा कृषकहरूको पहुँच जस्ता कुराले महत्वपूर्ण भूमिका खेल्दछन् । यस परिप्रेक्षमा विगत वर्षहरूको तथ्याङ्क हेर्ने हो भने सिँचाइ सुविधा, कृषि कर्जा, रासायनिक मल तथा उन्नत बीउ बिजनको आपूर्तिको अवस्था सन्तोषजनक रहेको पाइँदैन । यस्ता साधनहरूको उपलब्धता र पहुँचमा आएको उतार चढावले कृषकहरू उत्पादनका साधनहरूको प्राप्तिप्रति निश्चिन्त हुन नसकी जोखिम लिन नसक्ने हुँदा कृषि उत्पादनमा प्रत्यक्ष असर पर्न जान्छ ।

तालिका ८ (क) : कृषि उत्पादनसँग सम्बन्धित साधनहरूको आपूर्तिको स्थिति

	०६०/६१	०६१/६२	०६२/६३	०६३/६४	०६४/६५	०६५/६६	०६६/६७	०६७/६८
रासायनिक मल (मे.ट)	११७११	१८४५८	८१३६	१२७५१	३२८५	३१५७	४२१७८	२९६०४
उन्नत बीउ बिजन (मे.ट)	२१९०	२७४८.५	३५१४	३३८०	३७८१	३९४७	४३३७	४३९३
सिचाई (थप हेक्टर)	१२७५३	११३२५.५	१८४०२	२६९६७.५	१४०९९	२५८५०	३०७१८	३५७४८
कृषि कर्जा (रू.करोडमा)	१०१४.९	११८१.७	१२८५.६	१३८८.२	१३८८	१३३७.६	१४२९.१	१४१९.२

स्रोत : विगत वर्षका आर्थिक सर्वेक्षणहरू ।

८.३ तालिका नं. ८ (क) बाट प्रत्येक आर्थिक वर्षमा केही हेक्टर जमिनमा थप सिँचाइ सुविधा उपलब्ध गराउँदै आइएको देखिएता पनि मुलुकको सबै कृषि योग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउन नसकिएको मात्र होइन कि प्रति वर्ष सिँचाइ सुविधा थप भएको क्षेत्रफलमा पनि उल्लेख्य वृद्धि हुन सकेको छैन । रासायनिक मलको आपूर्तिमा भएको कमी र हुने गरेको उतारचढाव एवं खेती लगाउने समयमा हुने यसको अभावले कृषि उत्पादनमा प्रत्यक्ष असर पारेको छ । बैंक तथा वित्तीय संस्थाहरूबाट यस क्षेत्रमा प्रवाह हुने कर्जामा प्रत्येक वर्ष वृद्धि भएको भएता पनि यिनले प्रवाह गरेका कर्जामा कृषिको हिस्सा कुल कर्जा प्रवाहको तीन प्रतिशत भन्दा कम भएबाट यस्ता संस्थाबाट प्रवाह हुने कर्जामा कृषकहरूको सहज पहुँच नभएको सहजै अनुमान गर्न सकिन्छ । कृषकहरूलाई उन्नत बीउ बिजन उपलब्ध गराउन गरिएको प्रयाससमेत पर्याप्त नभएको यसको उपलब्धतामा वर्षैपिच्छे देखिएको उतारचढावले देखाउँदछ ।

खाद्यान्न उत्पादनको स्थिति

८.४ चालु आर्थिक वर्षमा धान, मकै, गहुँलगायतका खाद्यान्न बालीहरूको ३४ लाख ८४ हजार ३ सय ९५ हेक्टर क्षेत्रफलमा खेती गरिएको र सोबाट ९४ लाख ५७ हजार छ सय ९४ मेट्रिक टन उत्पादन हुने अनुमान रहेको छ । आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा यस्तो खाद्यान्न बालीहरूको खेती गरिएको कुल क्षेत्रफल तथा तिनको उत्पादन परिमाणमा क्रमशः २.५२ र १०.८७ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक वर्षमा क्रमशः ०.४६ र ९.९१ प्रतिशतले मात्र वृद्धि भएको छ । आर्थिक वर्ष २०६६/६७ मा आर्थिक वर्ष २०६५/६६ को तुलनामा खाद्यान्न बालीको खेती गरिएको क्षेत्रफल तथा उत्पादन परिमाण क्रमशः १ र ४ प्रतिशतले घटेकोले आर्थिक वर्ष २०६७/६८ मा यस्तो क्षेत्रफल र उत्पादनको वृद्धिदर बढी देखिन गएको हो । आर्थिक वर्ष २०६६/६७ देखि यस आर्थिक वर्षसम्मका धान, मकै, गहुँलगायतका प्रमुख खाद्यान्न बालीहरूको खेती गरिएको क्षेत्रफल तथा तिनको उत्पादन परिमाण तालिका नं. ८ (ख) मा प्रस्तुत गरिएको छ ।

तालिका ८ (ख) : खाद्यान्न बाली लगाएको क्षेत्रफल र उत्पादनको विवरण

खाद्यान्न	०६६/६७		०६७/६८		०६८/६९	
	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)
धान	१४८१२८९	४०२३८२३	१४९६४७६	४४६०२७८	१५३१४९३	५०७२२४९
	(-४.८०)	(-११.०५)	(१.०३)	(१०.८५)	(२.३)	(१३.७)
मकै	८७५६६०	१८५५१८४	९०६२५३	२०६७५२२	८७१३८७	२१७९४१४
	(०.०३)	(-३.९१)	(३.४९)	(११.४६)	(-३.८५)	(५.४०)
गहुँ	७३११३१)	१५५६५३९	७६७४९९	१७४५८११	७६५२७५	१८४६१०७
	(५.२१)	(१५.८३)	(४.९७)	(१२.१६)	(-०.२९)	(५.८६)
कोदो	२६८४७३	२९९५२३	२६९८२०	३०२६९१	२७८०३०	३१५०६७
	(०.९७)	(२.३४)	(०.५०)	(१.०६)	(३.०४)	(४.०९)

खाद्यान्न	०६६/६७		०६७/६८		०६८/६९	
	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)
जौ	२६६००) (३.०३)	२७५८७ (१८.७९)	२८४६१ (७.००)	३०२४० (९.६२)	२७३७१ (-२.०७)	३४७३६ (१४.८७)
फापर			१०३०४	८८४१	१०३३९ (०.३४)	१००२१ (१३.३५)
जम्मा	**३३८३१५३** (-१.०२)	**७७६२६५६** (-४.३३)	**३४६८५०९** (२.५२)	**८६०६७४२** (१०.८७)	**३४८४३९५** (०.४६)	**९४५७५९४** (९.९१)

नोटः कोष्ठ भित्रको अंकले गत वर्षको तुलनामा भएको वृद्धिलाई प्रतिशतमा जनाउँदछ ।
स्रोतः कृषि तथा सहकारी मन्त्रालय ।

८.५ धान नेपालको प्रमुख खाद्यान्न बाली हो । कुल खाद्यान्न उत्पादनमा यसको हिस्सा ५० प्रतिशत भन्दा बढी रहेको छ । चालु आर्थिक वर्षमा धानको उत्पादन गत वर्षको करिब ४४ लाख ६० हजार मोट्रिक टनबाट करिब १४ प्रतिशत अर्थात् करिब ६ लाख १२ हजार मोट्रिक टनले बढ्न गई ५० लाख ७२ हजार मेट्रिक टन हुने प्रारम्भिक अनुमान गरिएको छ । यो धान बालीको हालसम्मकै उच्च उत्पादन हो । लामो समयसम्म (जुन १३ तारिखमा शुरु भई सेप्टेम्बरको अन्तसम्म) मनसुन सक्रिय रहनु, आषाढ तथा श्रावणभर पूर्ण सक्रिय वर्षा हुनु तथा ९० प्रतिशत भन्दा बढी क्षेत्रफलमा स्थानीय जातको भन्दा दोब्बर उत्पादकत्व रहेका तराईमा साबित्री, विन्देश्वरी, राधा ४ र राधा १२, मध्य पहाडमा खुमल ४, खुमल १० र खुमल ११ तथा उच्च पहाडमा चन्दननाथ आदि उन्नत जातका धानको खेती गरिनु, गत वर्षको तुलनामा धान खेती गरिएको क्षेत्रफलमा २.३ प्रतिशतले वृद्धि हुनु धानको उत्पादन वृद्धि हुनुका मुख्य कारण हुन् । यस आर्थिक वर्षमा धानको उत्पादकत्व करिब ३ हजार ३ सय १२ के.जी. प्रति हेक्टर पुगेको छ । बाढिपहिरो, अल्पवृष्टि, असिना आदिबाट केहि जिल्लाका केहि कृषक परिवार तथा केहि क्षेत्रको धान बालीमा समेत असर पर्न गएको छ ।

मन्जुषा ८(क) : कृषि क्षेत्रका विशेष कार्यक्रमहरू

१) **अभियानमुखी कृषि उत्पादन कार्यक्रम (Mission Program)**: आयात प्रतिस्थापन गर्ने मुख्य उद्देश्य राखी आर्थिक वर्ष २०६४/६५ देखि प्याज, मकै, कागती, माछा र तेलबालीमा उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन हुँदै आएको छ । यी कार्यक्रमहरू मकैमा सुनसरी, सर्लाही, रौतहट, बारा, काभ्रे, चितवन, नवलपरासी, रूपन्देही र दाङ्ग; प्याजमा सप्तरी, सर्लाही, सिराहा, धनुषा, वारा, पर्सा, रूपन्देही, बाँके र बर्दिया; माछामा सुनसरी, सप्तरी, वारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, बाँके र बर्दिया; तेलबालीमा सर्लाही, चितवन, लमजुङ्ग, नवलपरासी, कपिलवस्तु, प्यूठान, दाङ्ग, सुर्खेत, बाँके र बर्दिया एवं कागतीमा तेह्रथुम, धनकुटा, भोजपुर र मकवानपुर जिल्लाहरूमा सञ्चालित छन् । यो कार्यक्रम सञ्चालनबाट कृषकहरूमा उन्नत कृषि प्रविधिको हस्तान्तरण भई उत्पादन तथा उत्पादकत्वमा सकारात्मक प्रभाव देखिन थालेको छ ।

२) **कुखुरा तथा बंगुरपालन सहकारी खेती कार्यक्रम :** दलित तथा सामाजिकरूपमा विपन्न एवं पिछडिएको जाति, जनजाति, महिला, सुकुम्बासी, सिमान्तकृत तथा मुक्त कमैया र भूमिहिन कृषकहरूलाई लक्षित गरी आर्थिक वर्ष २०६५/६६ मा ४ जिल्लाबाट शुरु भएको यो कार्यक्रम हाल २६ जिल्लाहरू (कैलाली, बर्दिया, बाँके, दाङ्ग, सप्तरी, झापा, मोरङ्ग, सर्लाही, उदयपुर, रामेछाप, धादिङ्ग, सिन्धुपाल्चोक, स्याङ्गजा, दोलखा, काभ्रे, धनुषा, भक्तपुर, नवलपरासी, लमजुङ्ग, पर्वत, सिन्धुली, पर्सा, मकवानपुर, महोत्तरी र वागलुङ्ग) मा विस्तार भएको छ। यस कार्यक्रमबाट सम्बद्ध कृषकहरूमा सहकारी भावनाको विकास भई आयआर्जन वृद्धि समेतमा सकारात्मक प्रभाव परेको छ।

३) **एक गाउँ एक उत्पादन कार्यक्रम (One Village, One Product)**: सार्वजनिक-निजी साझेदारीको अवधारणामा सञ्चालित एक गाउँ एक उत्पादन कार्यक्रमले सञ्चालनको पाँचौ वर्ष पूरा गरी दोस्रोचरण आइपुग्दासम्म उत्साहजनक प्रगति हाँसिल भएको छ। चालु आर्थिक वर्ष २०६८/६९ मा यस कार्यक्रम अन्तर्गत झापामा सुपारी, सुनसरीमा बेसार, सल्यान र पाल्पामा अदुवा, लमजुङ्गमा ग्रामीण कृषि-पर्यटन (Agro-Tourism), म्याग्दीमा टिमुर कार्यक्रम सञ्चालनमा छ। यसै गरी डोटीमा जराइलो बासमती चामल, चितवन र कञ्चनपुरमा केरा, धनुषामा माछा र सप्तरीमा आंप कार्यक्रम सञ्चालनमा आएका छन्।

८.६ उत्पादनका हिसाबले धानपछि क्रमशः मकै, गहुँ, कोदो, जौ र फापर प्रमुख बाली हुन्। यस वर्ष मकै खेती गरिएको क्षेत्रफलमा गत वर्षको तुलनामा करिव ४ प्रतिशतले कमी भएता पनि उत्पादन भने गत वर्षको तुलनामा ५.४ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। उत्पादकत्वमा करिब १० प्रतिशतले वृद्धि हुनु, मनसुन राम्रो रहनु तथा बेमौसमी एवं वसन्ते मकैको खेतीको क्षेत्रफल वृद्धि हुनु जस्ता कारणले मकैको उत्पादनमा वृद्धि भएको हो। आर्थिक वर्ष २०६५/६६ देखि शुरु भएको अभियानमुखी कृषि उत्पादन कार्यक्रमको निरन्तरताले पनि मकैको उत्पादनमा वृद्धि गर्न सहयोग पुगेको हो। गहुँको उत्पादनमा यस वर्ष गत वर्षको तुलनामा करिब ६ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्षमा कोदोको उत्पादनमा ४ प्रतिशतले वृद्धि भई गत वर्षको ३ लाख २ हजार मोट्रिक टनबाट ३ लाख १५ हजार मेट्रिक टन पुग्ने प्रारम्भिक अनुमान छ। तराई तथा पहाडी जिल्लाहरूमा समेत अन्य बाली लगाउने क्षेत्रमा समेत कोदो खेती गरिएको हुँदा क्षेत्रफलसमेत ३ प्रतिशतले बढ्न गएको छ। कोदो बालीमा उन्नत वीउ, मल जस्ता प्रविधिको प्रयोग गर्ने चलन कम भएका कारण यसको क्षेत्रफलमा वृद्धि भएता पनि उत्पादकत्वमा खासै वृद्धि हुन सकेको छैन। हिमाली क्षेत्रमा मुख्य खाद्यान्न बालीको रूपमा रहेको फापरलाई गत वर्षदेखि राष्ट्रिय तथ्याङ्कको रूपमा समावेश गरिएको हो। देशका करिब ५० वटा जिल्लामा फापर खेती हुने भएता पनि यसको खेती १० हजार ३ सय ३९ हेक्टर मा मात्र गरिएको अनुमान छ। फापरको उत्पादन गत वर्षको तुलनामा १३ प्रतिशत भन्दा बढीले वृद्धि हुने पूर्वानुमान छ।

नगदे बालीहरूको उत्पादन स्थिति

८.७ परम्परागतरूपमा नगदे बाली भनी चिनिएका तेलहन, सूर्ती, जूट, उखु, आलुलगायतका बालीको यस वर्षको उत्पादनको तालिका नं. ८ (ग) मा प्रस्तुत गरिएको छ। यस वर्ष समग्र नगदे बालीले ढाकेको क्षेत्रफल गत वर्षको तुलनामा २ प्रतिशतले बढेको अनुमान छ। त्यस्तै, उत्पादन ६ प्रतिशतले वृद्धि भई ५७ लाख ४८ हजार मेट्रिक टन पुग्ने अनुमान छ। नगदे बालीको उत्पादनमा वृद्धि भएको भएता पनि उत्पादकत्व विगत वर्षहरूमा जस्तै १२ मेट्रिक टन प्रति हेक्टर को हाराहारीमा नै सीमित रहेको छ।

तालिका ८ (ग) : नगदे बाली लगाएको क्षेत्रफल र उत्पादनको विवरण

बाली	०६६/६७		०६७/६८		०६८/६९	
	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)	क्षेत्रफल (हेक्टर)	उत्पादन (मोट्रिक टन)
तेलहन	१९९५०० (१०.००)	१४९६२५ (१०.४३)	२१३७०६ (७.१२)	१७६१८६ (१७.७५)	२१८३२१ (२.१६)	१८१२०६ (२.८५)
आलु	१८२५०६ (०.३३)	२४५८७२० (१.४३)	१८६२३२ (२.०४)	२५०८०४४ (२.००)	१८७१२२ (२.४८)	२६८२५३९ (६.९६)
सूर्ती	२५३४ (-०.३१)	२४९१ (-०.२४)	११३५ (-५५.२१)	१२३८ (-५०.३०)	१११० (-२.२०)	१२०० (-३.०७)
उखु	६१००० (४.९९)	२५९२५०० (१०.११)	६२९९८ (३.२७)	२७१८२२६ (४.८५)	६४४८३ (२.३६)	२८६९४९३ (५.५६)
जूट	१३१०३ (१२.२०)	२०९६५ (१८.७३)	१०५५९ (-१९.४२)	१४४१८ (-३१.२३)	१०५४० (-०.१८)	१४४२४ (०.०४)
जम्मा	**४५८६४३** (५.२९)	**५२२४३०१** (५.८८)	**४७०९९८** (२.६९)	**५४१८११२** (३.७१)	**४८१५७६** (२.२५)	**५७४८८६२** (६.१०)

नोट: कोष्ठ भित्रको अंकले गत वर्षको तुलनामा भएको वृद्धिलाई प्रतिशतमा जनाउँदछ।
स्रोत: कृषि तथा सहकारी मन्त्रालय।

८.८ नगदे बालीको कुल उत्पादनमा उखु र आलुको योगदान क्रमश: ५० र ४७ प्रतिशत रहेको छ। उखु खेती गरिएको क्षेत्रफल गत वर्षको तुलनामा करिव एक प्रतिशतले घटे तापनि उत्पादन भने गत वर्षको तुलनामा करिव एक प्रतिशतले बृद्धि हुने अनुमान छ। विगतमा उखु बिक्रीमा समस्या भई लागत उठाउनसमेत मुस्किल परेका कारण कृषकहरू उखु खेतीबाट पलायन हुन थालेकामा हालका दिनहरूमा चिनीको खपत तथा मूल्यमा भएको वृद्धिका कारण पुन: कृषकहरू यस खेतीतर्फ आकर्षित हुन थालेकाले यसको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्वमा समेत वृद्धि भएको छ। त्यस्तै, आलुको उत्पादन पनि गत वर्षको तुलनामा करिव ७ प्रतिशतले वृद्धि हुने अनुमान छ। आलु बालीको उत्पादकत्व विगतका वर्षहरूदेखि नै बढ्दै गएकोमा यस वर्ष ४.६ प्रतिशतले बृद्धि भई यसको उत्पादन १४ हजार ३ सय ३६ के.जी.प्रति हेक्टर हुने अनुमान गरिएको छ। सूर्तीको खेती गरिने क्षेत्रफलमा विगत वर्षदेखि शुरु भएको घट्ने क्रम यस वर्ष पनि कायमै रहेको छ। जूटको बीउको उपलब्धतामा समस्या आएका कारण यसको क्षेत्रफल,

उत्पादन तथा उत्पादकत्वमा समेत व्यापक कमी आएको छ। तेलहन (तोरी, सर्स्यू, सूर्यमुखी आदि) को उत्पादन गत वर्ष भन्दा करिब ३ प्रतिशतले वृद्धि भई १ लाख ८१ हजार मेट्रिक टन पुग्ने र क्षेत्रफलमा समेत करिब २ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ। हालका वर्षहरूमा सूर्यमुखीको खेतीमा कृषकहरू आकर्षित हुँदै गएकाले तेलबाली क्षेत्रफल तथा उत्पादन दुवैमा वृद्धि हुन गएको अनुमान छ।

अन्य बालीहरूको उत्पादन स्थिति

८.९ आर्थिक वर्ष २०६८/६९ मा तरकारी, फलफूल र अदुवा, लसुनलगायतका अन्य मसला बालीको खेती गरिएको क्षेत्रफल, उत्पादन तथा उत्पादकत्व तालिका नं. ८ (घ) मा दिइएको छ। चालु आर्थिक वर्षमा तरकारी बालीको उत्पादन ६ प्रतिशतले बढ्न गई गत वर्षको ३२ लाख मेट्रिक टनबाट ३४ लाख मेट्रिक टन पुग्ने अनुमान गरिएको छ। तरकारी बालीले ढाकेको क्षेत्रफलमा पनि करिब ५ प्रतिशतले वृद्धि हुने अनुमान छ। अन्य बालीको साटो प्रमुख नगदे बालीको रूपमा हालका दिनहरूमा बेमौसमी तरकारी खेती गर्ने प्रचलन बढेकाले यसको क्षेत्रफल तथा उत्पादनमा निरन्तर वृद्धि हुँदै गएको पाइएको छ जसले गर्दा तरकारी खेतीमा संलग्न कृषकको जीवनस्तरमा समेत उल्लेख्य सुधार आएको अनुमान छ। फलफूल उत्पादन पनि गत वर्षको उत्पादनको तुलनामा ६.५ प्रतिशतले वृद्धि भई ८ लाख ८५ हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ। व्यावसायिक केरा खेती बढ्दै गएको, सुन्तलाको उत्पादनमा वृद्धि भएको र आँपको फल्ने वर्ष भएका कारण पनि कुल फलफूल खेतीको क्षेत्रफल तथा उत्पादन बढेको अनुमान छ।

तालिका ८ (घ) : मसला तथा अन्य बालीहरूको उत्पादनको स्थिति

(क्षेत्रफलः- हेक्टर, उत्पादनः- मेट्रिक टन उत्पादकत्वः- के.जी./हेक्टर)

बालीहरू	आर्थिक वर्ष. २०६७/०६८			आर्थिक वर्ष. २०६८/०६९		
	क्षेत्रफल	उत्पादन	उत्पादकत्व	क्षेत्रफल	उत्पादन	उत्पादकत्व
१. तरकारी	२४४१०२ (४.९४)	३२०३५६३ (६.६६)	१३१२४ (१.६४)	२५५५७५ (४.७)	३४००९०३ (६.२)	१३३०७ (१.४)
२. फलफूल	७९१८४ (०.३९)	८३१५७६ (२.८४)	१०५०२ (२.४३)	८१६२५ (३.१)	८८५५२१ (६.५)	१०८४९ (३.३)
३. मसला बाली						
अदुवा	२०००० (९.३)	२१६२८९ (१३.२)	१०८१४ (३.५)	१८३४९ (-८.३)	२१५६१३ (-०.३)	११७५१ (८.७)
लसुन	५६५६ (११.६)	३९५६६ (२९.०)	६९९५ (१५.६)	६४४६ (१४.२)	५१०५५ (२९.०)	७९२० (१३.२)
बेसार	४४४६ (१०.९)	३५२९५ (२३.८)	७९३९ (११.६)	४८४१ (८.९)	४५१३१ (२७.९	९३२३ (१७.४)
खुर्सानी	६५२२ (६.१)	२७२०३ (१४.५)	४१७१ (८.२)	६९२० (६.१)	२९२०७ (७.४(	४२२१ (१.२)
अलैची	११५८४ (५.९)	५२१२ (२.५)	४५० (-३.३)	१२७२९ (९.९)	७२६५ (३९.४)	५७१ (२६.९)

नोटः कोष्ठ भित्रको अंकले गत वर्षको तुलनामा भएको वृद्धिलाई प्रतिशतमा जनाउँदछ।

स्रोतः कृषि तथा सहकारी मन्त्रालय।

८.१० मसला बालीतर्फ यस वर्ष अदुवाबाहेक अन्य सम्पूर्ण मसला बालीको उत्पादन तथा क्षेत्रफल दुवै बढ्न गएको छ। मसला बालीहरू मध्ये लसुन, बेसार र खुर्सानीको उत्पादनमा क्रमशः २९, २८ र ७ प्रतिशतले वृद्धि भएको छ भने अदुवाको उत्पादनमा थोरैले कमी आएको छ। प्रमुख निर्यात गरिने बाली अलैचीमा गत वर्ष देखि छिर्केफुर्के रोगका कारण क्षेत्रफल तथा उत्पादनमा कमी आएको भएता पनि कृषि तथा सहकारी मन्त्रालय तथा मातहत निकायबाट विकास गरिएका विभिन्न प्रविधि र परियोजनाका कारण ताप्लेजुङ र संखुवासभामा यसको उत्पादन बढ्न गएको छ।

८.११ तालिका नं. ८ (घ) मा उल्लेख भएकाबाहेक चिया, कफी तथा कपास जस्ता औद्योगिक बालीहरू मध्ये कफीमा २४ प्रतिशत र चियामा करिव ५ प्रतिशतले उत्पादनमा वृद्धि भएको छ। कफी तेस्रो मुलुक निकासी हुने भएकाले समेत कृषकहरू यसतर्फ आकर्षित भएको पाइएको छ। कपास खेती हुने दाङ्ग, बाँके र बर्दिया जिल्लामा करिव १ सय ४० हेक्टरमा खेती भई १ सय ४५ मेट्रिक टन उत्पादन भएको छ। त्यस्तै, गत वर्षको १ लाख २५ हजारकै हाराहारीमा मौरीघार रहने अनुमान भएता पनि मह उत्पादनमा यस वर्ष करिव ८ प्रतिशतले वृद्धि भई १ हजार ३ सय मेट्रिक टन पुग्ने अनुमान छ। करिब ६ सय वटा नर्सरी तथा काठमाडौं उपत्यकामा रहेका पुष्प शोरुमहरूबाट यस वर्ष करिब रू. १ अर्ब बराबरको पुष्प खेतीको कारोवार भएको अनुमान छ। गत वर्ष यस्तो कारोवार करिब रू. ६६ करोड मात्र थियो। पुष्पको मूल्यमा भएको वृद्धिका कारण कारोबार मूल्यमा वृद्धि देखिन गएको हो। च्याउ खेती शहरी क्षेत्रहरूमा लोकप्रिय हुँदै गएको कारण गत वर्षको उत्पादन १ हजार ३ सय मेट्रिक टनबाट बढेर यस वर्ष करिब १ हजार ४ सय मेट्रिक टन विभिन्न जातका च्याउ उत्पादन हुने अनुमान छ। रेशम कोयाको उत्पादन यस वर्ष गत वर्षको ३८ मेट्रिक टन भन्दा केहि बढी भई ४० मेट्रिक टन पुग्ने अनुमान छ।

८.१२ आर्थिक वर्ष २०६७/६८ मा मुख्य कृषि बालीहरूको उत्पादनमा खाद्यान्न बालीको अंश ४५.४४ प्रतिशत, नगदे बालीको अंश ३०.३४ प्रतिशत र अन्य बालीहरूको अंश २४.२२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६८/६९ मा खाद्यान्न बालीको अंशमा वृद्धि भई ४७.६७ प्रतिशत पुग्ने तर नगदे बाली र अन्य बालीहरूको अंशमा भने कमी भई क्रमशः २८.९२ र २३.३५ प्रतिशतमा सीमित रहने अनुमान छ तापनि उत्पादन परिमाणका हिसाबले भने सबै समूहका बालीको उत्पादनमा वृद्धि भएको छ। गत वर्षको तुलनामा यस वर्ष धान, मकै जस्ता खाद्यान्न बाली राम्रो उत्पादन भएकोले कृषि बालीको उत्पादनमा खाद्यान्न बालीको अंशमा वृद्धि भएको हो। खाद्यान्न बालीको उत्पादनमा भएको वृद्धिले गर्दा यस वर्ष खाद्यान्न बचत हुने अनुमान छ।

पशुपंक्षीको संख्या

८.१३ आर्थिक वर्ष २०६८/६९ मा नेपालमा रहेको पशुपंक्षीहरूको संख्याको विवरण तालिका नं. ८ (ङ) मा प्रस्तुत गरिएको छ। विगत वर्षहरूमा नेपालमा रहेका पशुपंक्षीको संख्या तथा तिनको वृद्धि दरको विश्लेषण गर्दा गाई, भैंसी र भेंडाको संख्याको वृद्धिदर लगभग स्थिर रहेको देखिन्छ भने बाख्राको संख्याको वृद्धिदर आर्थिक वर्ष २०६६/६७ मा ४.३८ रहेकोमा पछिल्ला दुवै आर्थिक वर्षहरूमा क्रमशः घट्दै गएको देखिन्छ। बंगुरको संख्यामा गत

वर्षको तुलनामा २ प्रतिशतले वृद्धि भई यसको संख्या ११ लाख ३० हजार पुगे पनि गत वर्षको वृद्धिको तुलनामा यस आर्थिक वर्षको वृद्धिदर आधा कम छ। त्यस्तै, कुखुराको संख्यामा गत वर्षको तुलनामा करिव १३ प्रतिशतले वृद्धि भएता पनि गत वर्षको वृद्धिदर (५३.४६ प्रतिशत) को तुलनामा यस आर्थिक वर्षको वृद्धिदर ज्यादै न्यून देखिन्छ। हाँसको सख्याको वृद्धिदर विगत वर्षहरू देखि नै ऋणात्मक रहेको छ।

८.१४ दूध दिने गाईको संख्या गत वर्षको तुलनामा २.५५ प्रतिशतले वृद्धि भई ९ लाख ९८ हजार पुग्ने अनुमान छ। त्यस्तै, दूध दिने भैसीको संख्यामा पनि ३ प्रतिशतले वृद्धि भई १३ लाख ३१ हजार हुने अनुमान छ। फुल पार्ने कुखुराको संख्या गत वर्षको तुलनामा ५.६ प्रतिशतले वृद्धि भई ७८ लाख ९७ हजार पुग्ने अनुमान छ। तर फुल पार्ने हाँसको संख्या भने विगत वर्षदेखि नै कम हुँदै गएको छ।

तालिका ८ (ङ) : पशुपंक्षीको संख्याको विवरण

विवरण / आर्थिक वर्ष	२०६६/६७	२०६७/६८	२०६८/६९
गाई	७१९९७०८ (०.३४)	७२२६०५० (०.३७)	७२४९१७३ (०.३२)
भैंसी	४८३२६५४ (३.२५)	४९९५६५० (३.३३)	५१४०५०६ (२.९४)
भेंडा	८०१३७१ (-०.२०)	८०५०७० (०.४६)	८०७०८३ (०.२५)
बाखा	८८४४१७२ (४.३८)	९१८६४४० (३.८७)	९५१९०१० (३.६२)
बंगुर	१०६४८५८ (१.९५)	११०८४६५ (४.१०)	११३०९१५ (२.०३)
कुखुरा	२५७६०३७३ (५.२२)	३९५३०६२० (५३.४६)	४४६१०३०५ (१२.८५)
हाँस	३७९५५३ (-०.९३)	३७८०५० (-०.४०)	३७६९१६ (-०.३०)
दूध दिने गाई	९५४६८० (२.३४)	९७४१२२ (२.०४)	९९८९६२ (२.५५)
दूध दिने भैंसी	१२५२७७० (३.४१)	१२९१६४४ (३.१०)	१३३१०३९ ३.०५)
फुल पार्ने कुखुरा	७२९०८७५ (२.३४)	७४७८६४५ (२.५८)	७८९७४४९ (५.६०)
फुल पार्ने हाँस	१७५३०० (-२.१७)	१७५१५० (-०.०९)	१७४९८० (-०.१०)

नोटः कोष्ठ भित्रको अंकले गत वर्षको तुलनामा भएको वृद्धिलाई प्रतिशतमा जनाउँदछ।

स्रोतः कृषि तथा सहकारी मन्त्रालय।

पशुपंक्षीजन्य उत्पादनको स्थिति

८.१५ चालु आर्थिक वर्ष २०६८/०६९ मा गाई र भैंसी (नाक र चौंरीबाहेक) बाट प्राप्त हुने दूधको उत्पादन गत वर्षको उत्पादनमा करिब ४.२६ प्रतिशतले वृद्धि भई करिब १६ लाख २३ हजार मेट्रिक टन पुग्ने अनुमान छ। कुल दूध उत्पादनमा गाईबाट करिव २९ र भैसीबाट ७१ प्रतिशत योगदान रहेको अनुमान छ। नेपालको कुल मासु उत्पादन गत वर्षको तुलनामा ३.७१ प्रतिशतले वृद्धि भई यस वर्ष २ लाख ८८ हजार मोट्रिक टन. पुग्ने अनुमान छ तापनि यो वृद्धिदर गत वर्षको वृद्धिदर ११ प्रतिशत भन्दा कम रहेको छ। कुल मासु उत्पादनमा भैसी राँगाको मासुको योगदान ५९.८८ प्रतिशत, खसी/बोकाको १८.७४ प्रतिशत, कुखुराको १४.०१ प्रतिशत र बंगुरको ६.३५ प्रतिशत रहने अनुमान छ भने भेडा र हाँसको मासुको उत्पादन कुल उत्पादनको १ प्रतिशत भन्दा पनि कम हुने अनुमान छ। यस वर्ष सबै किसिमका मासुको उत्पादनको वृद्धिदर गत वर्षको वृद्धिदर भन्दा कम रहने देखिन्छ। कुल फुल उत्पादन गत वर्षको कुल उत्पादन परिमाणमा ११.७७ प्रतिशतले वृद्धि भई यस वर्ष ७८ करोड ७० लाख गोटा हुने अनुमान छ। जसमध्ये कुखुराको फुलको योगदान ९८ प्रतिशत रहने अनुमान छ। पशुपंक्षीबाट प्राप्त हुने दूधलगायत पशुपंक्षी जन्य उत्पादनको विवरण तालिका नं. ८ (च) मा उल्लेख गरिएको छ।

तालिका ८ (च) : पशुपंक्षीजन्य उत्पादनको स्थिति

विवरण/आर्थिक वर्ष	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
दूध उत्पादन (मोट्रिक टन)				
गाई	४१३९१९	४२९१२९	४४७१८५	४६८९१३
भैंसी	१०३१५००	१०६८३००	११०९३२५	११५३८३८
जम्मा	**१४४५४१९**	**१४९७४२९**	**१५५६५१०**	**१६२२७५१**
मासु उत्पादन (मोट्रिक टन)				
रांगा/भैंसी	१५६६२७	१६२३५८	१६७८६८	१७२४१३
भेंडा	२७११	२७०५	२७२२	२७२०
बोका/खसी	४८४७२	५०३१५	५२८०९	५३९५६
बंगुर	१६९९२	१७०५९	१७९२३	१८२७७
कुखुरा	१६६६२	१७५५१	३६०८५	४०३४६
हाँस	२२६	२२५	२१८	२१७
जम्मा	**२४१६९०**	**२५०२१३**	**२७७६२५**	**२८७९२९**
फुल उत्पादन (हजार)				
कुखुरा	६१६३१२	६३४६६०	६९१०७०	७७३९५०
हाँस	१३६२८	१३४४०	१३०६५	१३०६०
जम्मा	**६२९९४०**	**६४८१००**	**७०४१३५**	**७८७०१०**
ऊन उत्पादन (के.जी.)	**५८३७७६**	**५८२४४७**	**५८६२३२**	**५८६९७५**

स्रोत: कृषि तथा सहकारी मन्त्रालय।

८.१६ आर्थिक वर्ष २०६८/०६९ मा कुल माछा उत्पादन गत वर्षको तुलनामा करिब ४.४ प्रतिशतले वृद्धि भई ५४ हजार ३६० मेट्रिक टन पुग्ने अनुमान गरिएको छ। अत्यन्त द्रुत गतिमा वृद्धि भई राखेको माछा व्यवसाय २ वर्ष पहिले ऋणात्मक हुन गएकोमा गतवर्ष र यस वर्ष थोरै वृद्धि भएको छ। कुल माछा उत्पादन मध्ये करिब ६० प्रतिशत माछा पोखरीमा पालनबाट र बाँकी अन्य प्राकृतिक स्रोतबाट उत्पादन हुने अनुमान छ। तराईका जिल्ला (सुनसरी, सप्तरी, चितवन, रूपन्देही, बाँके, बर्दिया, वारा पर्सा र नवलपरासी) हरूमा अभियानको रूपमा मत्स्य कार्यक्रमलाई निरन्तरता दिईएकाले पनि माछा उत्पादनमा वृद्धि हुन गएको हो।

कृषि उत्पादन, क्षेत्रफल तथा उत्पादकत्वमा घटबढ हुनाका प्रमुख कारणहरू

८.१७ **मौसमको प्रभावः** सामान्यतया जुन १० तारिखमा शुरू हुने मनसुन यस वर्ष केहि दिन मात्र ढिला शुरु भएको र श्रावण महिनाको शुरुमा केहि कमजोर रहेको भएता पनि श्रावणको अन्तबाट निकै नै सक्रिय हुन पुग्यो। जल तथा मौसम विज्ञान विभाग अन्तरगतका बिभिन्न वर्षा मापन केन्द्रको रेकर्डअनुसार औषत वर्षा भन्दा जुन महिनामा ११० प्रतिशत, जुलाई महिनामा ९६ प्रतिशत, अगष्ट् महिनामा ९७ प्रतिशत र सेप्टेम्बर महिनामा १०१ प्रतिशत वर्षा भएको थियो। यसरी जुन महिनामा औसत भन्दा बढी वर्षा भएको तथा समग्र समीक्षा अवधिमा औसत भन्दा बढी वर्षा भएको र वर्षाको वितरणसमेत राम्रो भएकोले धान, मकै आदि बालीको उत्पादनमा सकारात्मक प्रभाव परेको छ। एक मि.मि. भन्दा बढी वर्षा भएका दिनहरू, जसले सामान्य सिँचाइको कार्य गर्ने विश्वास गरिन्छ, यस सिजनमा गत वर्षको सोही अवधिको तुलनामा निकै बढ्न गएको छ। यस वर्ष डिसेम्बर तथा जनवरीमा हुने औसत वर्षा भन्दा कम वर्षा भएको भए तापनि अक्टोबर नोभेम्बरमा वर्षा भएको, माटोमा चिस्यान कायम रहेको र जनवरी फेब्रुवरीका विभिन्न दिनमा भएको देशव्यापी हिउँदे वर्षा तथा हिमपातका कारण गहुँ, जौं, दलहन (चना, केराउ) आदि जस्ता हिउँदे बाली तथा फलफूलहरूको लागि मौसम अनुकुल रहेकोले यस्ता बालीहरूको उत्पादन बढेको अनुमान छ।

८.१८ **रासायनिक मल** : दीर्घकालीन कृषि योजनाको लक्ष्यअनुसार यस वर्ष करिब ७ लाख मेट्रिक टन मल आवश्यक पर्ने भएता पनि कृषि सामग्री कम्पनीले २०६८ श्रावणदेखि फाल्गुन मसान्तसम्म युरिया मल ७१ हजार मेट्रिक टनसहित जम्मा १ लाख १६ हजार मेट्रिक टन मात्र रासायनिक मलको विक्री वितरण गरेको छ। आवश्यकता भन्दा आपूर्ति कम भएको भए तापनि कृषि तथा सहकारी मन्त्रालय, कृषि सामग्री आपुर्ति अनुगमन शाखाबाट प्राप्त विवरणअनुसार यस वर्ष गत आर्थिक वर्षको तुलनामा मलको बिक्री तथा प्रति हेक्टर प्रयोग दरमा व्यापक वृद्धि भएको देखिन्छ। सन् २००४/०५ मा गरिएको Agriculture Sector Performance Review ले कुल मागको दुई तिहाई मल अनौपचारिक स्रोतबाट आउने निष्कर्ष निकालेको छ। छिमेकी मुलुक भारतमा रासायनिक मलमा नेपालमा भन्दा बढी अनुदान रहेकाले असँगठित तथा अनौपचारिक क्षेत्रबाट मुख्यतः तराई क्षेत्रमा पर्याप्त मात्रामा मलको आयात तथा बिक्री वितरण भएको र निश्चित परिमाणको मलको मूल्यमा गत केही वर्षदेखि नेपाल सरकारले अनुदान दिन थालेकाले यसको मूल्यमा कमी आई बिक्री तथा प्रति हेक्टर प्रयोग दरमा वृद्धि भएको

अनुमान छ। साथै, रासायनिक मलको विकल्पको रूपमा प्राङ्गारिक मल कारखाना स्थापनाका लागि मेशिनरी औजार/उपकरणमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने तथा गोठ भकारो सुधार एवं स्याउला आदिबाट प्राङ्गारिक एवं जैविक मल उत्पादन र प्रयोग गर्न प्रोत्साहन गर्ने कार्यक्रमको कार्यान्वयनबाट समेत कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुगेको देखिन्छ।

८.१९ **उन्नत बीउको विक्री वितरणः** राष्ट्रिय बीउ बिजन कम्पनी लि.बाट प्राप्त चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मको उन्नत बीउको विक्री विवरणअनुसार यस अवधिमा करिब २ हजार २ सय ५२ मेट्रिक टन बीउ वितरण भएको छ जुन गत वर्षको सोहि अवधिको विक्रीको तुलनामा ३५ प्रतिशत कम छ। बीउ बिजन कम्पनीले गत वर्ष गहुँको बीउ ३ हजार ४ सय ७ मेट्रिक टन बिक्री गरेकोमा यस वर्ष जम्मा २ हजार १ सय ५५ मेट्रिक टन मात्र बिक्री गरेकोले कुल बिक्रीमा कमी भएको हो। पुर्वान्चलका जिल्लामा गँहु खेतीको क्षेत्रफल घट्नु गँहुको बीउ बिक्री हुन नसक्नुको मुख्य कारण रहेको छ। स्थानीयस्तरमा पनि बीज वृद्धि कार्यमा संलग्न कृषक समूह, व्यवसायी तथा संस्थाहरू एवं कृषक स्वयंबाट समेत प्रशस्त मात्रामा उन्नत बीउ उत्पादन गरी बिक्री वितरण तथा प्रयोग गरेको पाइएको छ। कृषकहरूलाई गुणस्तरीय बीउ बिजन उपलब्ध गराउनका लागि यस आर्थिक वर्षको फागुन मसान्तसम्म १ हजार ६ सय ३२ मेट्रिक टन बीउ प्रमाणीकरण गर्ने कार्य सम्पन्न भएको छ। यसै अन्तर्गत ४ हजार ३ सय ५७ वटा बीउको नमूना परीक्षण गरिएको, १ हजार १ सय २८ हेक्टर बीउ बालीको निरीक्षण कार्य सम्पन्न गरिएको र १३ पटक रेफ्री नमूना परीक्षण सम्पन्न गरिएको छ।

८.२० **उन्नत प्रविधिको प्रभावः** कृषिक्षेत्रमा विकास हुँदै गएका उन्नत प्रविधिहरू जस्तैः उन्नत बीउ, मलखाद, औषधि, खेती गर्ने उपकरण तथा तरिका, तालिम प्राप्त जनशक्ति आदिका कारणसमेत उत्पादन बढ्न गएको अनुमान गरिएको छ। सिफारीश गरिएका धानका जातहरू जस्तै तराईमा सावित्री, विन्देश्वरी, राधा ४ र राधा १२, मध्य पहाडमा खुमल ४, खुमल १० र खुमल ११ तथा उच्च पहाडमा चन्दननाथ आदिको उत्पादकत्व स्थानीय जातको भन्दा दोब्बर रहेको पाइएको छ भने यी सिफारिश गरिएका धानका जातहरूले ढाकेको क्षेत्रफल ९० प्रतिशत भन्दा पनि बढी रहेको छ। यसैगरी सिफारिस गरेको गँहु तथा मकैको बीउले समेत ९० प्रतिशत भन्दा पनि बढी क्षेत्रफल ओगटेको छ।

८.२१ **सिँचाईः** देशको कुल कृषि योग्य जमिन २६ लाख ४१ हजार हेक्टर रहेकोमा सो मध्ये कुल १७ लाख ६६ हजार हेक्टर जमिन मात्र सिँचाइ योग्य रहेको छ। सिँचाइ योग्य जमिनमा क्रमशः सतह सिँचाइ प्रणाली तथा भूमिगत सिँचाइ प्रणालीहरूको निर्माण गरी व्यवस्थित सिँचाइ सुविधा उपलब्ध गराई सिञ्चित क्षेत्रफलको विस्तार गरी कृषि उत्पादनमा वृद्धि ल्याउने प्रयास विगत वर्षहरू देखि नै भई रहेको छ। यसैअनुरूप आर्थिक वर्ष २०६७/६८ मा नयाँ सिँचाइ योजनाहरूबाट २६ हजार ९ सय १९ हेक्टर र निर्माण सम्पन्न भएका तर क्षतिग्रस्त सिँचाइ प्रणालीहरूको मर्मत सुधार गरी कृषक कुलो सुधारबाट ८ हजार ८ सय २९ हेक्टर समेत जम्मा ३५ हजार ७ सय ४८ हेक्टर जमिनमा थप सिँचाइ सुविधा उपलब्ध गराईएको छ। आर्थिक वर्ष २०६६/६७ मा ३० हजार ७ सय १८ हेक्टरमा थप सिँचाइ सुविधा उपलब्ध भएकोमा आर्थिक वर्ष २०६७/६८ मा अधिल्लो वर्षको तुलनामा

३८.३ प्रतिशतले थप विस्तार भएको छ। आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ को प्रथम आठ महिनामा क्रमशः १३ हजार ९२ र ८ हजार ८ सय २० हेक्टर जमिनमा थप सिँचाइ सुविधाको व्यवस्था गरिएकोमा यस आर्थिक वर्षको सोही अवधिमा १७ हजार ४ सय ४७ हेक्टरमा सिँचाइ सुविधा थप भएको छ, जुन विगत वर्षहरूको तुलनामा ज्यादै उत्साहजनक देखिन्छ।

८.२२ **कृषि कर्जा**: आर्थिक वर्ष २०६६/६७ मा वाणिज्य बैंकहरूले प्रवाह गरेको कृषि ऋण मध्ये जम्मा रू. १४ अर्ब २९ करोड असुल गर्न बाँकी रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा यस्ता बैंकहरूबाट प्रवाह भएको कृषि ऋण रू. १४ अर्ब १९ करोड असुल गर्न बाँकी थियो। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा रू. १५ अर्ब १७ करोड बक्यौता रहेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा यस्तो कृषि ऋणको बक्यौतामा २१.९ प्रतिशतले वृद्धि भई रू. १८ अर्ब ५० करोड पुगेको छ (तालिका नं. ८ (छ)।

तालिका ८ (छ) : वाणिज्य बैंकहरूले प्रवाह गरेको कृषि कर्जाको स्थिति

(रू. दश लाखमा)

कर्जाको किसिम	०६६/६७	०६७/६८*	०६८/६९**	प्रथम आठ महिनामा भएको परिवर्तन	
				०६७/६८	०६८/६९
खेतीपाती र खेतीपातीसम्बन्धी सेवा	७४१.७	१११४	१६१४	५२२.५	४९९.६
चिया	८८५.७	११४८	१२६८	१७६.२	१२०.२
पशुपालन र पशुपालनसम्बन्धी सेवा	८९३.५	११९५	१८५६	१८९.१	६६१.१
वन, माझपालन तथा वधशाला	१५७.१	९५.३	१४९.४	(२३.४	५४.१
अन्य कृषि तथा कृषिजन्य सेवा	११६१३	१०६४०	१३६१४	३३.७	२९७४
जम्मा	**१४२९१**	**१४१९२**	**१८५०१**	**८८४.७**	**४३०९**

*नोट: * अपरिष्कृत ** २०६८ फागुनसम्मको।*
स्रोत: नेपाल राष्ट्र बैंक।

८.२३ **प्राकृतिक प्रकोपको प्रभाव:** यस वर्ष करिब १५०० हेक्टर जमिनमा मात्र डुबान, कटान तथा बालुवाले पुरेर कृषि बालीमा क्षति पुग्न गएको छ। करिव २५ हजार हेक्टर क्षेत्रफलमा प्लटिङ तथा अल्पवृष्टि आदिका कारण धान रोपाइ नै हुन सकेन। धानबालीमा करिब ६५० हेक्टर डुबानमा परेको, २ सय हेक्टर नदि कटान गरेको तथा बालुवाले पुरेको छ। छोटो समयको डुबानबाट धान बालीमा खासै असर नपर्ने कुरा अध्ययनबाट पुष्टि भएको छ। मकै बाली तर्फ ६ सय ५६ हेक्टर हावाहुरी आदिका कारण क्षति पुगेको, ३१ हेक्टर पहिरोले बगाएको र बालुवाले पुरेको छ। यस वर्ष प्राकृतिक प्रकोपबाट भएको क्षति गत वर्षको भन्दा बढी भए पनि विगत वर्षहरूको तुलनामा कम नै देखिएको छ। यस वर्ष हिउदमा तराईका विभिन्न स्थानमा शीतलहर चलेको भएता पनि त्यसको प्रभाव नगन्य मात्र रहन गएको पाइएको छ। हालैका दिनमा देशका विभिन्न स्थानमा असिनापानी परेकोले त्यसबाट भएको क्षतिका विवरणहरू प्राप्त भई सकेको छैन। बाढिपहिरो, डुबान, हावा हुरी, असिना आदि कारणबाट परेको प्रभावको विवरण तालिका नं. ८ (ज) मा उल्लेख गरिएको छ।

तालिका ८ (ज) : दैवी प्रकोपबाट प्रभावित क्षेत्रफल

(हेक्टरमा)

प्रभावित बाली	आर्थिक वर्ष २०६१*	आर्थिक वर्ष २०६२*	आर्थिक वर्ष २०६३#	आर्थिक वर्ष २०६४**	आर्थिक वर्ष २०६५##	आर्थिक वर्ष २०६६#	आर्थिक वर्ष २०६७*	आर्थिक वर्ष २०६८*
धान	११६५०५	३५८५	१२००००	८८८००	३०८७३	९२०००	५६७	८५९
मकै	१२९३	२०	४७	४२७१	५४९	१७००	५६३	६५६
कोदो	५००	४१९	०	१४५१	३.२	०	१३	२
जम्मा	**११८२९८**	**४०२४**	**१२००४७**	**९४५२२**	**३१४२५**	**९३७००**	**११४३**	**१५१७**

*नोटः * बाढीपहिरो # बाढीपहिरो तथा सुख्खा **बाढीपहिरो र डुबान ## बाढीपहिरो, डुबान र कटान*
स्रोतः कृषि तथा सहकारी मन्त्रालय ।

८.२४ **जल उत्पन्न प्रकोपको नियन्त्रणः** जल उत्पन्न प्रकोप नियन्त्रण विभागले पहाड, भित्रीमधेस तथा तराई क्षेत्रमा बाढी, पहिरो, नदी कटान, नदीहरूले बगाएर ल्याएको गेग्रान थुप्रिने र बाढी आएको अवस्थामा नदीले ठूलो क्षेत्र ढाकी नदी किनारामा रहेका वस्ती तथा कृषि योग्य भूमिमा पुऱ्याउने क्षति नियन्त्रण गरी वस्ती तथा कृषि योग्य भूमिको संरक्षणका गर्न नदी कटान नियन्त्रण तथा जनताको तटबन्ध जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ । आर्थिक वर्ष २०६६/६७ बाट सुरु भएको जनताको तटबन्ध कार्यक्रमले त्यस वर्ष तराईका १० वटा नदीहरू व्यवस्थितरूपमा नदी नियन्त्रण गर्ने कार्यक्रम राखेकोमा गत आर्थिक वर्ष २०६७/६८ मा तीनवटा (पूर्वी राप्ती, कर्णाली र जलाद) नदी थप गरी कार्यक्रम अघि बढाइएको थियो । यस वर्ष फेरि एक वटा (औरही) नदी थप भई हाल १४ वटा नदीहरूमा तटबन्धको कार्य भइरहको छ । भारतीय सहयोगबाट वागमती, कमला, लालबकैयामा तटबन्ध निर्माण भइरहेका छन् । पहाडको फेदीदेखि नेपाल भारत सीमासम्म नदीले गर्ने असरको अध्ययन गरी क्रमिकरूपमा प्राथमिकताको आधारमा सम्पूर्ण नदीको नियन्त्रण तथा व्यवस्थापन गर्न गुरुयोजना तर्जुमा गरी कार्य अगाडि बढाइएको छ । इन्जिनियरिङ्ग तथा बायो इन्जिनियरिङ्ग प्रविधिको समायोजन गरी कार्यान्वयन गरिँदै जाने नीति लिइएको छ । प्रकोप न्यूनीकरण सहयोग कार्यक्रम अन्तर्गत प्राविधिक दक्षता वृद्धि, जनचेतना अभिवृद्धि तथा जल उत्पन्न प्रकोप न्यूनीकरणको क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धानका कार्यक्रमहरू गरिँदै आएका छन् ।

कृषि विकासमा संलग्न संस्थाहरू

साना किसान विकास बैंक लि.

८.२५ यस बैंकले ग्रामीण क्षेत्रमा बसोवास गर्ने साना किसान तथा विपन्न वर्गको आर्थिक एवं सामाजिक विकासका लागि साना किसानहरूद्वारा स्थापित तथा सञ्चालित साना किसान सहकारी संस्था तथा अन्य लघुवित्त संस्थाहरूमार्फत् लघुवित्त कार्यक्रम सञ्चालन गर्न थोक कर्जा उपलब्ध गराउनुका साथै संस्थाहरूको क्षमता अभिवृद्धिका लागि सामाजिक/सामुदायिक विकास कार्यक्रम, पशु बीमा कार्यक्रम, साना किसान संस्थागत विकास अनुसरण कार्यक्रम, तालिम/गोष्ठी आदि कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनासम्ममा बैंकसँग ४१ जिल्लाका २ सय ४३ सहकारी संस्थाहरू आबद्ध रहेकामा आर्थिक वर्ष २०६८/६९ को सोही अवधिसम्ममा थप

एक जिल्ला तथा २५ वटा सहकारी संस्थामा सेवा विस्तार गरी कुल ४२ जिल्लाका २ सय ६८ सहकारी संस्थाहरूमा सेवा पुऱ्याउन सफल भएको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा सदस्य संख्यामा २१ प्रतिशतले वृद्धि भई यी संस्थाहरूमा आवद्ध रहेका कुल सदस्यको संख्या २ लाख ८ हजार ७ सय ८० पुगेको र लगभग १० लाख ४३ हजार जनसंख्या बैंकको कार्यक्रमबाट लाभान्वित भएका छन्। यस बैंकको थोक कर्जा लगानी चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा करिव ६६ प्रतिशतले वृद्धि भई रू. १ अर्ब ५५ करोड पुगेको छ। अधिल्लो आर्थिक वर्षको प्रथम आठ महिनमा स्वीकृत ऋण रकम ८१ करोड ८५ लाख रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा स्वीकृत ऋण रकममा १ सय ३० प्रतिशत भन्दा बढीले वृद्धि भई करिव रू. १ अर्ब ९० करोड पुगेको छ। यस बैंकले सेवा प्रवाह गरेको जिल्ला संस्थाको संख्या एवं ऋण तथा लगानीको स्थिति तालिका नं ८ (झ) मा दिइएको छ।

तालिका ८ (झ) : साना किसान विकास बैंक लिमिटेडको ऋण तथा लगानीको स्थिति

(रू. लाखमा)

विवरण				प्रथम आठ महिनाको प्रगति	
	०६५/६६	०६६/६७	०६७/६८	०६७/६८	०६८/६९
जिल्ला संख्या	३९	४०	४१	४१	४२
संस्था संख्या	२२४	२३४	२५१	२४३	२६८
समूह संख्या	२२३१३	२४४१२	२८४२३	२६६२५	२९९८२
सदस्य संख्या	१४०९६२	१५९७६७	१८९८९९	१७२४९४	२०८७८०
कुल आन्तरिक स्रोत रू.	१२८१६	१९०२१	२९९२९	२३४५१	३५२३९
स्वीकृत ऋण रू.	१०७६०	१०८०४	१५४२७	८१८५	१८९८१
ऋण लगानी रू.	६३४९	९५५८	१८७०९	९३३९	१५५००
ऋण असुली रू.	१३२७६	५९२४	११०९५	६२७१	९९६३
लगानीमा रहेको रकम रू.	७५२७	१११६१	१८७७५	१४२२८	२४३१२

स्रोत: साना किसान विकास बैंक लि.।

८.२६ विपन्न तथा साना किसानहरूको आय आर्जनको लागि मासुजन्य पशुपालन व्यवसायको प्रवर्द्धन गर्दै आयात प्रतिस्थापन गर्ने उद्देश्यले नेपाल सरकारबाट आर्थिक वर्ष २०६७/६८ मा रू. १ अर्ब तथा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा रू. ५ करोडसहित जम्मा रू. १ अर्ब ५ करोड कर्जा प्राप्त गरी यस बैंकले मासुजन्य पशुपालन कर्जा कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रममार्फत् ३७ जिल्लाका १ सय ७८ वटा सहकारी संस्थामा आवद्ध १५ हजार ९ सय ५० साना किसान परिवारले कुल रू. ९५ करोड ९८ लाख कर्जा प्राप्त गरी ५५ हजार ५ सय ९ बाखा, १० हजार २ सय ६१ बंगुर, ४ हजार ४ सय २९ पाडा पाडी, ६५९७ राँगा/भैंसी खरिद गरी पशुपालन व्यवसायमा संलग्न भएका छन्। यस अवधिमा कुल माग भएको मासुजन्य कर्जा रू. १ अर्ब ५० करोड मध्ये बैंकले रू. १ अर्ब ३२ करोड कर्जा स्वीकृत गरिसकेको छ।

८.२७ बेरोजगार तथा सीमान्तकृत साना किसान तथा विपन्न परिवारलाई स्वरोजगारमूलक

व्यवसाय सञ्चालन गर्न आवश्यक पुँजी उपलब्ध गराई लघु उद्यम व्यवसाय प्रवर्द्धनका माध्यमबाट देशमा रोजगारीको अवसर सिर्जना गराउने उद्देश्यले आर्थिक वर्ष २०६७/६८ मा युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट रू. ९ करोड कर्जा प्राप्त गरी स्वरोजगार कर्जा कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमबाट आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा ४७ वटा सहकारी संस्थाका ६ सय २७ साना किसान परिवारमा रू. ९ करोड ५ लाख कर्जा प्रवाह गरी स्वरोजगार हुने अवसर प्रदान गरिएको छ।

८.२८ नेपाल सरकारबाट प्राप्त हुने अनुदान सहयोगमा सञ्चालित साना किसान सहकारी संस्थास्तरको पशु बीमा कार्यक्रमबाट आर्थिक वर्ष २०६७/६८ मा रू. १३ करोड २७ लाख बराबरको ५ हजार ९ सय २६ वटा पशुको बीमा गराएकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा रू. १६ करोड ५२ लाख बराबरको १० हजार ७ सय २ वटा पशुको बीमा गरिएको छ। यस अवधिमा पशु बीमाको लागि नेपाल सरकारबाट प्राप्त पशु बीमा प्रिमियम रू. ८० लाख ४० हजार सम्बन्धित संस्थाहरूलाई अनुदान दिइएको छ। चालु आर्थिक वर्षमा नेपाल सरकारबाट साना किसान सहकारी संस्थाहरूको सुदृढीकरणका लागि तालिम/गोष्ठी कार्यक्रम सञ्चालन गर्न प्राप्त अनुदान सहयोगबाट ४० वटा तालिम/गोष्ठीहरू सञ्चालन गरिएको र यसबाट ४ सय २२ महिला र ७ सय ७४ पुरुष गरी जम्मा १ हजार १ सय ९६ जना लाभान्वित भएका छन्।

८.२९ आर्थिक वर्ष २०६४/६५ देखि नेपाल सरकारको अनुदान सहयोगमा यस बैंकमार्फत् साना किसान संस्थागत (अनुसरण) कार्यक्रम सञ्चालन गरिएकोमा चालु आर्थिक वर्षमा थप ७५ वटा गाउँ विकास समितिहरू छनौट गरी साना किसान संस्थागत सहकारी अनुसरण कार्यक्रम सञ्चालन गरिएको छ। एसियाली विकास बैंकको सहयोगमा Rural Financial Sector Development Cluster Program-II अन्तरगत बैकको पुनरसंरचनालगायत ९ वटा थप हिमाली एवं पहाडी जिल्लामा लघुवित्त सेवा विस्तार गर्ने कार्य सञ्चालन भइरहेको छ।

नेपाल कृषि अनुसन्धान परिषद्

८.३० नेपाल कृषि अनुसन्धान परिषद्ले खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई मध्यनजर गरी दीर्घकालीन कृषि योजनाले लक्षित गरेका बाली, बागवानी, औद्योगिक तथा निकासीयोग्य बाली, पशुपंक्षी र अनुसन्धान तथा स्रोत बीउ उत्पादन र अनुवंशिकी स्रोत संरक्षण जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिएको छ। चालु आर्थिक वर्ष २०६८/६९ मा बाली प्रविधि, बागवानी प्रविधि, पशुपक्षी प्रविधि, मत्स्य तथा जलचर प्रविधि, बहुपक्षीय (मल्टिसेक्टरल) प्रविधि विकाससम्बन्धी अनुसन्धानमूलक कार्यहरू, कृषक सहभागीमूलक वाह्य अनुसन्धान, कृषि अनुसन्धान व्यवस्थापन तथा सुदृढीकरण, स्रोत बीउ एवं वस्तु उत्पादनसम्बन्धी विभिन्न ६ सय ३३ आयोजना अन्तर्गत ३ हजार ४ सय ४६ वटा क्रियाकलापहरू सञ्चालनमा रहेका छन्। पहेंलो सिन्दुरें रोग अवरोधक बि.एल. ३ हजार ६ सय ३५ र बि. एल. ३ हजार ५ सय ३ जातका गहुँ पहाडको सिँञ्चित क्षेत्रको लागि सिफारिसको लागि पेश भएको छ। अलैचीमा देखापर्ने छिर्के फुर्के रोगको समस्याको

निदानको लागि बीउ प्रविधिबाट रोग मुक्त विरुवा उत्पादन गर्न सफलता प्राप्त भएको छ। निजी क्षेत्रसँगको समन्वयमा २३.१ के. जी. गोलभेंडाको वर्णशंकर जातको बीउ उत्पादन गरिएको छ। Boer बाखाको F1 Generation बाट ३१ वटा पाठापाठी उत्पादन भएका छन्। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ४९ हजार गोटा प्रिवेसिक आलुको बीउ, ५४ हजार ४ सय ८४ गोटा बेर्ना/विरुवा ४ सय ६२ वटा बंगुरको पाठापाठी, ३८ वटा बाछाबाछी/पाडापाडी, २ सय ५१ वटा भेडाबाखाको पाठापाठी, २९ हजार २ सय १५ वटा चल्ला, ३३ लाख ८२ हजार ५ सय ७४ वटा माछाका भूरा, १ हजार ७ सय २१ बोतल च्याउको बीउ, ४ हजार पाकेट राइजोवियम कल्चर, र ५१ के.जी. प्याजको बीउ स्रोत बीउ तथा वस्तु उत्पादन कार्यक्रम अर्न्तगत उत्पादन गरेको छ।

कृषि उत्पादनको आयात तथा निर्यातको स्थिति

८.३१ अन्तर्राष्ट्रियस्तरको वर्गीकरण (Standard International Trade Classification) समूहअनुसार आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा गत आर्थिक वर्षको सोही अवधिमा भएको खाद्य वस्तु तथा जीवजन्तु एवं सुर्ती तथा पेय पदार्थहरूको निर्यातमा १७.२ प्रतिशतले वृद्धि भई रू. १० अर्ब ५० करोड पुगेकोमा यस आर्थिक वर्षको सोही अवधिमा रू. १० अर्ब १२ करोड मात्र खाद्य वस्तु तथा जीवजन्तु एवं सुर्ती तथा पेय पदार्थहरूको निर्यात हुने अनुमान छ। यस वर्षको निर्यात गत वर्ष भएको निर्यात भन्दा ३.५८ प्रतिशतले कम हुने अनुमान छ। आर्थिक वर्ष २०६७/६८ मा खाद्य वस्तु तथा जीवजन्तु रू. १४ अर्ब ५३ करोड १८ लाख र सुर्ती तथा पेय पदार्थ रू. १७ लाख मूल्य बराबरको निर्यात भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०६७/६८ मा खाद्य वस्तु तथा जीवजन्तु रू. २९ अर्ब २६ करोड ३४ लाख र सुर्ती तथा पेय पदार्थ रू. २ अर्ब १६ करोड ७१ लाख मूल्य बराबरको आयात भएको थियो। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा खाद्य वस्तु तथा जीवजन्तु एवं सुर्ती तथा पेय पदार्थ रू. २० अर्ब ४८ करोड ७९ लाख मूल्य बराबरको आयात भएकोमा यस आर्थिक वर्षको सोही अवधिमा यस्ता वस्तुको आयातमा ३०.३८ प्रतिशतले वृद्धि भई रू. २६ अर्ब ७१ करोड २० लाख पुगेको छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा सूर्ती तथा पेय पदार्थको आयात रू. १ अर्ब ४२ करोडको भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यसको आयातमा वृद्धि रू. १ अर्ब ८० करोड ३५ लाख पुगेको छ। समीक्षा अवधिमा कृषिजन्य वस्तु समूहतर्फ (खाद्य वस्तु तथा जीवजन्तु र सुर्ती तथा पेय पदार्थ) गत आर्थिक वर्षको यस समूहको व्यापार घाटामा ६६ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब ५८ करोड ५३ लाख पुगेको छ।

सहकारी क्षेत्र

८.३२ नेपालको अन्तरिम संविधान, २०६३ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रबाट मुलुकको आर्थिक विकास गर्ने नीति अवलम्बन गरेको छ। राज्यले सहकारी क्षेत्रलाई राष्ट्रिय विकासका तीन उपागममध्ये एकको रूपमा स्वीकार गरेको छ। मुलुकमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनका लागि प्रारम्भिक तहदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्मको

सँगठनात्मक स्वरूपको निर्माण भइसकेको छ। वित्तीय सेवा, उत्पादन, प्रशोधन, बजार व्यवस्था, स्वास्थ्य, शिक्षा, यातायात, सञ्चार, विद्युत्, आवास, पर्यटन, बीमा आदि जस्ता क्षेत्रहरूमा सहकारी पद्धतिबाट उद्योग व्यवसाय गर्ने आकर्षण बढ्दै गएको तथ्य आर्थिक वर्ष २०६३/६४ तुलनामा चालु आर्थिक वर्षको पौष महिनासम्ममा सहकारी संस्थाको संख्यामा १ सय ५६ प्रतिशत, सदस्य संख्यामा १ सय ७५ प्रतिशत, पुँजीमा दुई हजार प्रतिशत र कुल लगानीमा ५ हजार प्रतिशत भन्दा बढीले वृद्धि भएबाट सहजै अनुमान लगाउन सकिन्छ (तालिका नं ८ (ञ)। त्यस्तै, आर्थिक वर्ष २०६३।६४ मा सहकारी संस्थाहरूले परिचालन गरेको बचत रू. १९ अर्ब ५१ करोड रहेकोमा चालु आर्थिक वर्षको पौष मसान्तसम्ममा यस्तो बचतमा ५ सय ४० प्रतिशतले बृद्धि भई रू. १ खर्ब २४ अर्ब पुगेबाट बतच परिचालनमा समेत सहकारी संस्थाको महत्वपूर्ण भूमिका रहेको देखिन्छ।

तालिका ८ (ञ) : सहकारी तथा तिनको सदस्य संख्या, पुँजी, लगानी तथा बचतको प्रवृत्ति

(रू. हजारमा)

आ. ब.	संस्थाहरूको संख्या	सदस्यहरूको संख्या	कुल शेयर पुँजी रू.	कुल बचत रू.	कुल लगानी रू.
२०६३/६४	९७२०	१२५९७४७	१०४५५६३	१९५१७५१७	२४१४७४७
२०६४/६५	१२६४६	१८४३७५९	८९५९१७२	२९३०८४३४	३००२४६२५
२०६५/६६	१९७२४	२१३८३४८	८४८२४७६	४५६७६९४४	५२६६०११७
२०६६/६७	२२६४६	२९६३११४	२०१९६२७४	१२१८३१३५९	१०५४५३५७
२०६७/६८	२३३०१	३१४१५८१	२०२२५१३९	११७२९५२२८	११६८३५८१४
२०६८/६९*	२४९२८	३४७२६७४	२१९५९१८९	१२४९२३०८४	१३२९१५४४०

*नोट: * २०६८ पौषसम्मको।*
स्रोत: सहकारी विभाग।

८.३३ सहकारीमा संलग्न सदस्यहरूको संख्या २०६८ पौष मसान्तमा ३४ लाख ७२ हजार भन्दा बढी पुगेको छ जसमध्ये महिला सदस्यहरूको संख्या ४६ प्रतिशत भन्दा बढी रहेको छ। त्यस्तै, गरी २०६८ पौष मसान्तसम्ममा सहकारी संस्थाको संख्या २४ हजार ९ सय पुगेको छ जसमध्ये २५ सय भन्दा बढी सहकारी संस्थाहरू पूर्णरूपमा महिलाहरूको समूहद्वारा सञ्चालन भएका छन्। महिलाहरूले सञ्चालन गरेको यस्ता संस्थामा भएको वृद्धिले महिला सशक्तिकरणमा समेत सहकारीको विकासले योगदान पुगेको स्पष्ट देखिएको छ। यस क्षेत्रमा करिव ७५ हजारले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने ५ लाख भन्दा बढीले अप्रत्यक्ष रोजगारी पाएको अनुमान गरिएको छ। रू. १ खर्ब २४ अर्ब भन्दा बढी बचत परिचालन भई १ खर्ब ३२ अर्ब बराबरको लगानी भएबाट यस्ता सहकारीहरूले गाउँदेखि शहरसम्म उद्यम व्यवसायको प्रवर्द्धन र कृषि उत्पादन वृद्धि गर्न महत्वपूर्ण योगदान गरेको अनुमान गर्न सकिन्छ। यी संस्थाहरूको कुल शेयर पुँजी करिव रू. २२ अर्ब पुगेको छ। यस्ता प्रारम्भिक सस्थाबाहेक सहकारी अभियानको केन्द्रदेखि जिल्ला तहसम्म राष्ट्रिय सहकारी संघ लिमिटेड - एक, राष्ट्रिय सहकारी बैंक लिमिटेड - एक, केन्द्रीय विषयगत सहकारी संघ- १४, जिल्ला सहकारी संघ- ६६ र विषयगत जिल्ला सहकारी संघ - १५७ दर्ता भई सञ्चालनमा रहेका छन्।

८.३४ सहकारी समुदायले आफूसँग रहेको सीमित स्रोत, साधन र सीपको उपयोग गरी व्यवसाय गर्ने सामाजिक अर्थ व्यवस्थाको एउटा महत्वपूर्ण विधि हो। सहकारीले आफ्ना सबै सदस्यहरूको आर्थिक तथा सामाजिक आवश्यकता पूरा गर्न विभिन्न व्यवसायिक कृयाकलापहरूको अतिरिक्त सामाजिक र सांस्कृतिक कार्यहरू सञ्चालन गर्दछ। यस क्षेत्रमा संलग्न जनसमुयहरूले आयमूलक तथा रोजगारीमूलक कार्यमा संलग्न भई मुलुकको गरिवी निवारणमा महत्वपूर्ण योगदान गर्न सक्दछन्। सहकारी संस्थाका माध्यमबाट बचत तथा ऋण, दुग्ध, सुपथ मूल्य पसल, चिया, कफी, तरकारी तथा फलफूल, कृषि, मह, उखु, जुनार, जडिवुटी, स्वास्थ्य, पर्यटन र सञ्चार आदि क्षेत्रहरूमा व्यवसाय गर्ने गरी सहकारी संस्थाहरू स्थापित हुने क्रम बढिरहेको छ। २०६८ पौष मसान्तसम्म विभिन्न उद्धेश्यले स्थापना भई सञ्चालनमा रहेका कुल सहकारी संस्थाहरूको विवरण तालिका नं. ८ (ट) मा दिइएको छ। कुल सहकारीको संख्यामा बचत तथा ऋण सहकारीहरूको संख्या करिव ४६ प्रतिशत रहेको छ भने झण्डै सोही हाराहारीमा कृषि तथा कृषिजन्य उत्पादनसँग सम्बन्धित सहकारीहरू रहेका छन्।

तालिका ८ (ट) : सञ्चालनमा रहेका सहकारी संस्थाहरूसम्बन्धी विवरण

(रू. हजारमा)

कार्य प्रकृति	संस्था संख्या	सदस्य		शेयर पुंजी रू.	निक्षेप रू.	लगानी रू.
		पूरुष	महिला			
बचत तथा ऋण	११३९२	८९३८६८	८०८५९७	१५९६३४२०	१०१०५४४४४	९६२०८४६७
बहुउद्देश्यीय	४१०५	५६७५९०	५२३८५९	४५२५६२४	२१७८८१६३	३२८१७४०३
कृषि	४५६१	१९११७३	१७७०१८	४६४०२७	१३०४८४६	२९३६०२२
दुग्ध	१७७८	७४३७७	२५१९६	११५५६४	१३७६८७	१६९१३०
उपभोक्ता	१४१७	३२०२२	१८२१७	१७७८५६	८०२९७	६८६३६
विद्युत	३३४	३९६२९	९६१३	३८२२३	१८७४२	१५८६६
तरकारी तथा फलफूल	१८४	६३६७	६३६४	१७७८८	६४२१३	५७८४१
चिया	१००	३५५०	१३८८	६५५५७	७०३६	१०८७५
कफि	७७	२४६२	१३४५	१३४४६	११०३	२२२०
जडिवुटी	९२	१९६९	१२६७	१६९१७	६४१	४७३
मौरीपालन	५४	१०६८	८६०	१५७४	१४८०	३४३
संचार	७४	४२१५	२२६२	५६५४६	१८४३२	१४०५७
स्वास्थ्य	७२	३४०४	३५७४	२१५५७१	११९३२८	११०३४१
उखु	२०	११३	३९४	७५	N/A	N/A
अन्य	६६८	३६५५५	३४३५८	२८७००१	३२६६७२	५०३७६६
जम्मा	**२४९२८**	**१८५८३६२**	**१६१४३१२**	**२१९५९१८९**	**१२४९२३०८४**	**१३२९१५४४०**

स्रोत: सहकारी विभाग।

८.३५ मुलुकभर स्थापना र सञ्चालन भएका सहकारी संघ संस्थाहरूको विवरणको Data Base तयार गरी जिल्ला तथा विभागस्तरमा प्रकाशन गर्ने कार्य हुँदै आएको छ भने सहकारी

अभिलेखसम्बन्धी सफ्टवेर तथा विभागको वेभ पेज निर्माण कार्य पूरा भएको छ। कृषिजन्य सहकारी उद्यमहरूको स्थापना गर्न मेशिनरी संयन्त्रमा ५० प्रतिशतसम्म पुँजीगत अनुदान दिइदै आएको छ। विगत तीन वर्षमा सरकार सहकारी साझेदारीमा ९२ वटा कृषिजन्य उद्योगहरू स्थापनाको लागि रू. २ करोड ७० लाख अनुदान प्रदान गरिएको छ। नेपाल राष्ट्र बैंकको सहकार्यमा ठूला वित्तीय सहकारीहरूको सघन अनुगमन गर्ने काम हुँदै आएको र यस वर्ष ५० वटा यस्ता संस्थाहरूको संयुक्तरूपमा सघन अनुगमन गर्ने कार्यक्रम रहेकोमा चालु आर्थिक वर्षको आठ महिनाको अवधिमा ३७ वटा संघ संस्थाहरूको अनुगमन कार्य सम्पन्न भएको छ। यस वर्ष जिल्लास्तरमा ४ हजार ९ सय १० सहकारी संघ संस्थाहरूको नियमित अनुगमन गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा २ हजार ७ सय ५० को अनुगमन गर्ने काम सम्पन्न भएको छ। त्यस्तै, चालु आर्थिक वर्षमा मा २ हजार संस्था दर्ता गर्ने लक्ष्य रहेकोमा १ हजार ३ सय ५० संस्था दर्ता भएका छन्। चालु आर्थिक वर्षमा ४ सय ३६ वटा कृषक तथा अन्य समूहहरूलाई सहकारीकरण गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा समीक्षा अवधिसम्ममा ३४५ समूहहरूलाई सहकारीकरणको लागि अभिमुखीकरण गर्ने काम सकिएको छ भने ८ हजार जनालाई विभिन्न प्रकारको तालिम प्रदान गर्ने वार्षिक लक्ष्य रहेकोमा ५ हजार ६ सय जनालाई तालिम प्रदान गरिसकिएको छ।

८.३६ सहकारी विभाग अन्तर्गत पाँच वटा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट सहकारी जागरण, आधारभूत सहकारी व्यवस्थापन, आधारभुत सहकारी लेखापालन, पूर्व सहकारी शिक्षा, सहकारी सचेतना आदि जस्ता तालिम कार्यक्रम सञ्चालन भइरहेका छन्। गत आर्थिक वर्षमा २ हजार ८ सय ७५ जना सहकारीकर्मीहरूलाई विभिन्न तालिम प्रदान गरिएकोमा यस वर्षमा वार्षिक लक्ष्य ३ हजार रहेकोमा दोस्रो चौमासिकसम्म २ हजार १ सय सञ्चालक तथा सहकारीकर्मीहरूलाई विभिन्न किसिमको तालिमहरू प्रदान गरी सहकारीसम्बन्धी प्रशिक्षण गराउने काम भएको छ।

भूमिसुधार

८.३७ मालपोत कार्यालयहरूबाट कम्प्युटरकृत जग्गा प्रशासन सेवा उपलब्ध गराउने क्रममा ४० वटा मालपोत कार्यालयहरूबाट कम्प्युटरमार्फत् जग्गा धनी प्रमाण पूर्जा उपलब्ध गराइएको छ। मालपोत कार्यालय डिल्लीबजार र ललितपुरलाई गत श्रावणदेखि नमूना कार्यालय घोषणा गरी दुवै कार्यालयबाट जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने काम र मोठ, रोक्कासम्बन्धी सम्पूर्ण कार्य कम्प्युटरबाट गर्ने गरी सञ्चालनमा ल्याइएकोछ। त्यस्तै, नापी कार्यालय ललितपुरले आफूले प्रदान गर्ने सम्पूर्ण सेवाहरू कम्प्युटर प्रणालीबाट उपलब्ध गराइरहेको छ भने डिल्लीबजार नापी कार्यालयबाट समेत कम्प्युटर प्रणालीबाट सेवा प्रवाह गर्ने तयारी भइरहेको छ।

८.३८ नेपालका ७५ वटै जिल्लाको जिल्लास्तरीय भू-उपयोग नक्सा तयार भइसकेको छ। विभिन्न निकाय बीच व्यापक छलफलपछि तयार पारिएको राष्ट्रिय भू-उपयोग नीति २०६९ स्वीकृत भएको छ। भूमिलाई उपयोगका आधारमा वर्गीकरण गरी उत्पादकत्व वृद्धि गर्न भू-उपयोग वर्गीकरण निर्देशिकाको मस्यौदा तयार गरिएको छ।

मन्जुषा ८(ख) : भू-उपयोग नीति २०६९

नेपालको कुल भूभाग मध्ये करिब २७ प्रतिशत खेतीयोग्य, ३९.६ प्रतिशत वनक्षेत्र, १२ प्रतिशत चरनक्षेत्र, १७.२ प्रतिशत हिउँ तथा चट्टानक्षेत्र र २.६ प्रतिशत जलक्षेत्र रहेकोमा यी विभिन्न क्षेत्रहरूको उचित व्यवस्थापनका लागि उपयुक्त भू-उपयोग नीतिको अभाव रहेकोले देशका विभिन्न भागमा अव्यवस्थितरूपमा वसोवास क्षेत्र एवं शहरीकरण विस्तार हुँदै गएको, कृषि भूमि क्रमशः विनास हुँदै गएको, जग्गा ओगटेर बाँझो राख्ने प्रवृत्ति बढ्दै गएको, सुकुम्वासीलगायत विभिन्न नाममा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गर्ने प्रवृत्तिमा समेत बढोत्तरी हुँदै गइरहेको तथा जग्गामा भइरहेको अनियन्त्रित खण्डीकरणले कृषि उत्पादन तथा उत्पादकत्वमा समेत ह्रास आई खाद्य सुरक्षामा समेत प्रतिकुल प्रभाव परेको परिप्रेक्ष्यमा यस्ता समस्याहरूको समाधानका लागि उपयुक्त नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएकोले राष्ट्रिय भू-उपयोग नीति, २०६९ लागु गरिएको छ ।

भू-उपयोग नीतिका विशेषताहरू

- उपयोगको आधारमा भूमिलाई देहायका सात क्षेत्रहरूमा वर्गीकरण गरिएको छ ।
    - कृषि क्षेत्र
    - आवासीय क्षेत्र
    - व्यावसायिक क्षेत्र
    - औद्योगिक क्षेत्र
    - वन क्षेत्र
    - सार्वजनिक उपयोगको क्षेत्र
    - आवश्यकतानुसार तोकिएका अन्य क्षेत्रहरू
- भू-उपयोग नीति कार्यान्वयनका लागि केन्द्रमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा सम्वद्ध मन्त्रालयका सचिवहरू र भू-उपयोग विज्ञसमेत रहेको भू-उपयोग परिषद्को व्यवस्था गरिएको छ ।
- नीति कार्यान्वयनमा ल्याउन भू-उपयोग योजना तयार गर्ने आधारभूत संरचना निर्माण गर्न, भू-उपयोग योजना कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत हाल कायम रहेको राष्ट्रिय भू-उपयोग आयोजनालाई स्थायी सँगठनका रूपमा पुनर्संरचना गरी भू-उपयोग व्यवस्थापन विभागको स्थापना गर्ने र यसरी स्थापना हुने विभागमा कृषि, सिँचाई, वन, वातावरण, आवास, सहरी विकास, नापी, र व्यवस्थापनलगायत क्षेत्रका जनशक्तिलाई समेटिने छ ।
- भू-उपयोग नीति प्रभावकारीरूपमा कार्यान्वयन गर्न जिल्ला विकास समितिका सभापतिको अध्यक्षतामा जिल्लास्थित विभिन्न कार्यालय प्रमुख/प्रतिनिधि रहेको जिल्लास्तरीय भू-उपयोग कार्यान्वयन समिति र नगर एवं गाऊँस्तरमा सम्बन्धित निकायका प्रमुखहरूको अध्यक्षतामा सम्बन्धित क्षेत्रका प्रतिनिधिहरू रहने गरी गाउँ/नगरस्तरीय भू-उपयोग कार्यान्वयन समिति गठन गरिएको छ ।
- नीति कार्यान्वयनमा ल्याउन दुई वर्षभित्र आवश्यक कानुनी व्यवस्थामा सुधार

गरिने छ ।

- नीतिमा अनुगमन तथा मूल्याङ्कन व्यवस्था तथा जोखिमहरू समेत समाविष्ट गरिएको छ ।
- नीतिलाई प्रत्येक १० वर्षमा पुनरावलोकन एवं परिमार्जन गरिने छ ।
- नीति कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भएमा नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयले बाधा अड्काउ फुकाउने व्यवस्था गरेको छ ।
- नीतिको अनुसूचीमा परिभाषा तथा क्षेत्र निर्धारणका आधार तथा मापदण्ड, सँगठन संरचनासम्बन्धी विस्तृत विवरण तथा केन्द्र, जिल्ला तथा स्थानीय तहको क्षेत्राधिकार तोकिएको छ ।

८.३९ आर्थिक वर्ष २०६८/०६९सम्म पुनर्स्थापन गर्न बाँकी मुक्त कमैया परिवार मध्ये २ सय ८७ परिवारलाई रू. १ लाख ५० हजारका दरले जग्गा खरिद गर्न रकम उपलब्ध गराइएको र १ हजार ७ सय ३३ मुक्त हलिया परिवारलाई परिचयपत्र वितरण गरिएको छ । मुक्त कमैया तथा हलिया पुनःस्थापना कार्यक्रम अन्तरगत ६ वटा उद्यमी विकास तालिम र ७ वटा समूहलाई पूर्व सहकारी तालिम प्रदान गरिएको छ भने आय आर्जन र रोजगारी प्रवर्द्धन कार्यक्रम अन्तरगत ऋण लगानी, सीप विकास तथा दक्षता अभिवृद्धि गर्ने जस्ता कामहरू हुँदै आएको छ ।

८.४० वैज्ञानिक भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोगद्वारा तयार गरिएका सुझाव प्रतिवेदनहरू कार्यान्वयन गर्न मन्त्रीस्तरीय कार्यान्वयन समिति गठन भएको छ । त्यस समिति अन्तर्गत रहेको उप समितिले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रमसहितको कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार गरी समिति समक्ष पेश गरेको छ । सुकुम्वासी समस्या समाधानका लागि २०६८/८/२० मा केन्द्रमा सुकुम्वासी समस्या समाधान आयोग गठन भई २०६८/१०/१७ देखि कार्य प्रारम्भ गर्नुका साथै २५ जिल्लामा जिल्ला समिति गठन भएको छ ।

वन तथा भू-संरक्षण

८.४१ गरिबी निवारण, दिगो व्यवस्थापन र उपयोग, वन क्षेत्रलाई ४० प्रतिशत कायम राख्ने र जैविक विविधता र वातावरण संरक्षण गर्ने सिद्धान्तअनुरूप वन तथा भू-संरक्षणको क्षेत्रमा कार्य भइरहेको छ । यसका लागि सहभागितामूलक, वातावरण मैत्री, प्रवर्द्धनकर्ता, सहजकर्ता र नियामक, विकेन्द्रित, गरिब, दलित र विपन्नमुखी वर्गको उत्थान गर्ने कार्यशैली अवलम्वन गरिएको छ । वन सम्पदाको संरक्षण र उपयोग गर्दै वातावरणीय सचेतता र स्वच्छता कायम गर्ने, वन संरक्षण तथा वनको दीगो व्यवस्थापन र उपयोग, वनजन्य उद्योगको प्रवर्द्धन, जडिबुटी खेतीको विस्तार तथा भू-संरक्षण तथा जलाधार व्यवस्थापन, वन्यजन्तु संरक्षण, वन तथा वनस्पतिको अध्ययन अनुसन्धानलगायत कार्यहरू वन तथा भू संरक्षण मन्त्रालयबाट हुँदै आएको छ ।

८.४२ वन, वनस्पति, जलाधार, जैविक विविधता संरक्षण तथा संर्रक्षित क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापनद्धारा सन्तुलित वातावरण कायम राख्नुको साथै वन पैदावारको आपूर्तिमा दिगो

वृद्धि गरी विपन्न तथा निमुखा समुदायको पहुँच र अधिकारलाई सुनिश्चित गर्दै उनीहरूको सामाजिक एवं आर्थिक सशक्तिकरण गर्ने, वनजन्य उत्पादनमा आधारित उद्योग एवं व्यवसाय प्रवर्द्धनलाई बढावा दिई रोजगारीका अवसर सिर्जना गर्दै आन्तरिक बजारको विकास एवं निर्यात प्रवर्द्धन गर्ने, विपन्न वर्गका दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, अपाङ्ग एवं अन्य पछाडि परेका एवं पारिएका महिला तथा पुरुषको आय वृद्धि गर्दै वन पैदावारको न्यायोचित वितरण प्रणालीबाट गरिवी न्यूनीकरण गरी समतामूलक विकासमा सघाउ पुऱ्याउने उद्देश्यसाथ वन व्यवस्थापन कार्य भइरहेको छ ।

८.४३ वन, वनस्पति, कीटपतङ्ग, वन्यजन्तुलगायतका जैविक विविधता तथा वंशाणु स्रोतको संरक्षण गर्ने, भू तथा जलाधार संरक्षणमा चुरे क्षेत्रमा विशेष जोड दिई स्थानीय जनताको सहभागिता वृद्धि गर्ने, सरकारद्वारा व्यवस्थित वनको वैज्ञानिक व्यवस्थापन गर्ने, राष्ट्रिय वनहरूमध्ये उपयुक्त क्षेत्रमा स्थानीय जनताको समूह गठन गरी साझेदारी वनको वैज्ञानिक व्यवस्थापन परीक्षण गर्ने, काष्ठ उद्योगलाई कच्चा पदार्थको रूपमा काठ उपलब्ध गराउने, संघ संस्था वा उद्यमीलाई दिने कबुलियती वनमा वन, वन्यजन्तु र वनस्पतिको समुचित व्यवस्थापन गर्ने गरी पर्या-पर्यटन (Eco-tourism) को क्षेत्र वृद्धि गर्न विशेष जोड दिने, वन तथा वनस्पति अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र सूचना तथा तथ्याङ्क प्रवाह प्रणाली सुदृढ गर्ने, कबुलियती वन विस्तार गरी गरिबीको रेखामुनिका विपन्न समूहका सदस्यहरूको जीविकोपार्जनका अवसरहरू वृद्धि गर्ने, सामुदायिक कबुलियती तथा साझेदारी वन विस्तार गर्ने एवं यस्ता वनमा खासगरी विपन्न, महिला तथा दलितवर्गको सहभागिता एवं पहुँच बढाउने, बहुमूल्य गैरकाष्ठ वन उपजहरूको दिगो व्यवस्थापन गर्दै सदुपयोग गर्ने र निजी क्षेत्रको लगानी प्रवर्द्धन गरी निकासी प्रवर्द्धन गर्ने रणनीतिअनुसार समग्र वन व्यवस्थापनको क्षेत्रमा काम भइरहेको छ । नेपालमा रहेको वन सम्पदासम्बन्धी तथ्याङ्क तालिका नं ८ (ठ) मा दिइएको छ ।

तालिका ८ (ठ) : वन स्रोत तथ्याङ्क

सि.नं.	विवरण	क्षेत्रफल	प्रतिशत
१	वन क्षेत्र	४२.७ लाख हेक्टर	२९ प्रतिशत
२	बुट्यान क्षेत्र	१५.६ लाख हेक्टर	१०.५ प्रतिशत
३	कुल स्टेम आयतन	३८ करोड ८० लाख क्यूविक मी.	-
४	कुल स्टेम आयतनमध्ये साल प्रजाति		२८ प्रतिशत
५	कुल बायोमास	४,२९० लाख टन	-
६	औसत स्टेम आयतन	१७८ क्यूविक मिटर प्रति हेक्टर	-
७	औसत रुख संख्या	४०८ प्रति हेक्टर	-

स्रोत: नेपालको वन स्रोत प्रतिवेदन, १९९९: वन अनुसन्धान तथा सर्वेक्षण विभाग ।

८.४४ जैविक विविधता र वातावरण संरक्षण गर्न हाल नेपालमा ९ वटा राष्ट्रिय निकुञ्ज, ४ वटा वन्यजन्तु आरक्ष र ३ वटा संरक्षण क्षेत्र घोषणा भई सञ्चालनमा रहेका छन् । नेपालमा सञ्चालनमा रहेका राष्ट्रिय निकुञ्जले १० हजार २ सय ८८ वर्ग किलो मिटर, वन्यजन्तु आरक्षले २ हजार ३ सय ४ वर्ग किलो मिटर र आरक्षण क्षेत्रले ११ हजार ३ सय २७ वर्ग किलो मिटर क्षेत्रफल ओगटेको छ । यस्ता निकुञ्ज र आरक्ष भित्र ११ वटा क्षेत्रलाई

मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ। यस्ता मध्यवर्ती क्षेत्रको क्षेत्रफल ५ हजार ७९ दशमलव ६७ वर्ग किलो मिटर रहेको छ।

८.४५ सामुदायिक वन, कबुलियती वन, साझेदारी वनमा संलग्न उपभोक्ता समूह तथा तिनको क्षेत्रफल तथा सोबाट लाभान्वित हुने घरधुरीको संख्यामा विगत आर्थिक वर्षहरूदेखि सुरू भएको वृद्धिको क्रम यस आर्थिक वर्षको प्रथम आठ महिनासम्म पनि जारी रहेको देखिन्छ (तालिका नं ८ (ड)। यस आर्थिक वर्षको प्रथम आठ महिनामा साझेदारी वन सञ्चालन भएको जिल्ला तथा यस्ता वन समूहको संख्यामा उल्लेख्य वृद्धि भई गत वर्षको भन्दा झण्डै दोव्वर भएको देखिन्छ।

तालिका ८ (ड) : वनसम्बन्धी उपलब्धिहरूको तुलनात्मक विवरण

(आर्थिक वर्षको प्रथम आठ महिनासम्मको)

विवरण	आर्थिक वर्ष ०६६/६७	आर्थिक वर्ष ०६७/६८	आर्थिक वर्ष ०६८/६९
सामुदायिक वन			
सामुदायिक वन उपभोक्ता समूह संख्या:	१४,६८६	१५,२५६	१५,५३५
हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल(हेक्टर):	१२,३३,०१२	१३,५०,६५५	१३,७८,५५५
लाभान्वित घरघुरी संख्या :	१६,६१,४८२	१७,८२,५५०	१८,१६,८६७
कबुलियती वन			
कबुलियती वन उपभोक्ता समूह संख्या:	३,४३९	४,०८०	४,७२१
हस्तान्तरित कबुलियती वनको क्षेत्रफल (हेक्टर):	१६,१६८.७२	१९,९९०.६	२३,१९६.६
कबुलियती वनबाट लाभान्वित घरघुरी संख्या:	३२,३९७	३८,४३६	४३,७४७
साझेदारी वन			
नमुना कार्यक्रम सञ्चालित जिल्लाहरू:	बारा, पर्सा, रौतहट र सर्लाही	बारा, पर्सा, रौतहट, सर्लाही र महोत्तरी	बारा(३), पर्सा (२), रौतहट (३), महोत्तरी (३), सर्लाही(१), कपिलवस्तु (२), रूपन्देही (१), नवलपरासी (१), कैलाली (१)
साझेदारी वन समूह संख्या:	४	९	१७
साझेदारी वन क्षेत्रफल (हेक्टर):	८,६७५	२२,७३०	४३,४४५
लाभान्वित घरधुरी संख्या:		२,४४,३८६	३,६३,०३०
लाभान्वित जनसंख्या:			२९,७९,१२५

स्रोत: वन तथा भू संरक्षण मन्त्रालय।

८.४६ यस वर्ष वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ स्वीकृत भई कार्यान्वयनमा आएको छ। वन क्षेत्रलाई अतिक्रमणबाट मुक्त गर्न वन अतिक्रमण रणनीतिअनुसार सर्लाहीको मुर्तिया क्षेत्र समेतमा अतिक्रमण मुक्त गरी वनको पुनर्स्थापना गर्ने कार्य शुरु भएको छ। सशस्त्र वन रक्षकको विद्येयक तर्जुमा गर्न कार्य टोली गठ भई टोलीले कार्य प्रारम्भ गरेको छ। वन क्षेत्रको जग्गा सुकुम्बासी समस्या समाधानको लागि उपलब्ध गराउन नसकिने नीति लिएको छ।

८.४७ वनमा लाग्ने डढेलो नियन्त्रण गर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न वन विभागको पहलमा विश्व वन्य जन्तु कोषको सहयोगमा वन डढेलो नियन्त्रणसम्बन्धी भिडियो तयार

गरी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। त्यस्तै, ICIMOD को सहयोगमा डढेलोसम्बन्धी सूचना प्राप्त गर्ने संयत्र तयार गरी सञ्चालनमा ल्याइएको छ। यसबाट कुन ठाउँमा डढेलो लागेको छ भन्ने सूचना समयमै प्राप्त भई सोको नियन्त्रणको लागि समयमै आवश्यक कदम चाल्न सकिने र यसबाट हुने क्षति न्यूनीकरण गर्न सकिने विश्वास लिइएको छ।

८.४८ चालु आर्थिक वर्षमा बारा जिल्लाको करैया गाउँ विकास समितिको १० विगाहा वन क्षेत्रमा अतिक्रमण गरी बनाइएका १ सय २५ घर छाप्रा, मोरङ जिल्लाको उर्लावारीमा ६ विगाहा वन क्षेत्र अतिक्रमण गरी बनाइएका ७५ परिवार र कन्चनपुर जिल्लाको लालझाडी वन क्षेत्रमा १ सय ५० विगाहा अतिक्रमण गरी बसेका १ हजार ५ सय घर परिवारसमेत जम्मा १ सय ६६ विगाहा वन क्षेत्र अतिक्रमण गरी बसेको १ हजार ७ सय घर परिवारलाई वन क्षेत्रबाट हटाइएको छ।

८.४९ वन पैदावार चोरी निकासी नियन्त्रणको क्रममा यस वर्ष विभिन्न जिल्लाबाट १ हजार ९ सय ५९ क्युविक फिट चोरीको काठ वरामद गरी यसमा संलग्न सम्बन्धित व्यक्तिहरूलाई कारवाही गरिएको छ। धादिङ र सिन्धुपाल्चोक जिल्लाबाट ८ हजार ८ सय ३४ के.जी. रक्त चन्दन वरामद गरी कारवाहीको लागि मुद्दा दायर गरिएको छ। त्यस्तै, चितवनमा कस्तुरी वीना २ थानसहित पक्राउ परेका ५ जना व्यक्ति उपर मुद्दा दायर गरिएको छ।

८.५० तत्काल राहत कार्यक्रम, २०६८ कार्यान्वयनको क्रममा विभिन्न जिल्लाको सामुदायिक वन र राष्ट्रिय वनबाट सेवाग्राहीहरूलाई २९ हजार ७ सय ९४क्युविक फिट काठ र १ सय ७२ क्वीन्टल दाउरा बिक्री वितरण गराइएको छ। त्यस्तै, काठमाडौंमा दाहसंस्कार प्रयोजनको लागि ६ सय ९५ दशमलव ५० क्वीन्टल दाउरा उपलब्ध गराइएको छ। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा जंगली जनावरको आक्रमणबाट २७ जनाको मृत्यु भएको र २९ जना घाइते भएकोमा मृत्यु हुने मध्ये २४ जनालाई रू. ३६ लाख र घाईतेहरूलाई रू. ७ लाख ९४ हजार क्षतिपूर्ति दिइएको छ।

९. औद्योगिक क्षेत्र

९. उद्योग क्षेत्र

उद्योग

९.१ मुलुकको समग्र आर्थिक विकासमा औद्योगिक क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। औद्योगिक वातावरणलाई सुधार गरी स्वदेशी निजी लगानी एवं विदेशी लगानीलाई आकर्षित गर्दै लैजान र औद्योगिक उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्न, थप रोजगारीको अवसर सिर्जना गर्न, निर्यातमूलक उद्योगहरूको बढावाबाट आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गरेर व्यापार घाटा कम गरी मुलुकको शोधनान्तर स्थितिमा सुधार गर्न औद्योगिक नीति तथा कार्यक्रमहरू केन्द्रित रहेका छन्। उद्योग र अन्य क्षेत्रको ठूला लगानीकर्ताहरूलाई आकर्षित गर्न छिटो र सरल सेवा प्रदान गर्ने उद्देश्यले प्रधानमन्त्रीको अध्यक्षतामा लगानी बोर्डको स्थापना भई सो बोर्डले आफ्नो कार्य शुरु गरिसकेको छ। आर्थिक वर्ष २०६९/७० (सन् २०१२/२०१३) लाई लगानी वर्षको रूपमा मनाउने घोषणा गरिएको छ। यद्यपि, मुलुकमा लम्बिदै गएको राजनीतिक संक्रमण, उर्जाको संकट तथा औद्योगिक सम्बन्धमा बेलाबखत देखिने समस्याका कारणले आवधिक योजनाहरूले निर्धारण गरेको औद्योगिक वृद्धिको लक्ष्य हासिल हुन भने सकिरहेको छैन।

९.२ आर्थिक वर्ष २०६८/६९ मा नीतिगत सुधारतर्फ केही ठोस कार्यहरू भएका छन्। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीतिको संशोधन मस्यौदा तयार भएको छ। औद्योगिक नीति, २०६७ अनुकुल हुने गरी औद्योगिक व्यवसाय ऐन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। उद्योग, वाणिज्य र आर्थिक क्षेत्रका समस्या र सवालहरूका बारेमा सम्वाद गर्ने थलोका रूपमा रहेको नेपाल व्यवसाय मञ्चको सचिवालयको रूपमा उद्योग मन्त्रालय क्रियाशील रहेको छ।

९.३ **औद्योगिक पूर्वाधार विकास कार्यक्रम** : रोजगारी सृजना, स्वदेशी तथा विदेशी लगानी आकर्षित, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गरी व्यापार घाटा समेत कम गर्ने उद्देश्यले देशका विभिन्न १० स्थानमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने कार्य अगाडि बढाइएको छ। विशेष आर्थिक क्षेत्रका लागि भैरहवामा भौतिक पूर्वाधार निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न हुनेछ भने बाराको सिमरामा जग्गा मिलाउने र कम्पाउण्ड वाल लगाउने काम भइरहेको छ। चालु आर्थिक वर्षमा विराटनगर, कपिलवस्तु र जुम्लामा विशेष आर्थिक क्षेत्र स्थापनासम्बन्धी सम्भाव्यता अध्ययन कार्य सम्पन्न हुनेछ भने पाँचखाल, गोरखा, सिरहा, धनुषा र रौतहटमा सम्भाव्यता अध्ययन कार्य शुरु गरिएको छ।

९.४ मुलुकका विभिन्न भागमा स्थापना भइरहेका तथा पछि स्थापना हुने सिमेन्ट उद्योगहरूका लागि खानी र उद्योगसम्म पहुँच मार्ग निर्माण र विद्युत प्रसारण लाइन तथा सव-वे निर्माण कार्यहरू भइरहेका छन्। चालु आर्थिक वर्षमा विद्युततर्फ तुलसीपुर-कपुरकोट ३३ के.भी., मिर्चैया-कटारी १३२ के.भी., लमही-घोराही १३२ के.भी., कुसुम-हापुरे १३२ के.भी., मातातीर्थ-माल्टा ३३ के.भी. प्रसारण लाइन आयोजनाहरू सञ्चालनमा रहेका छन् भने सडक पूर्वाधारतर्फ उदयपुर, दाङ्ग, मकवानपुर, ललितपुर, कपिलवस्तु, अर्घाखाँची र धादिङ्गमा सिमेन्ट उद्योग पहुँच मार्ग आयोजना सञ्चालनमा रहेका छन्।

लघु उद्यम विकास कार्यक्रम

९.५ लघु उद्यममार्फत् गरिबी निवारण गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको प्राविधिक तथा वित्तीय सहयोगमा नेपालमा सन् १९९८ मा शुरु गरिएको लघु उद्यम विकास कार्यक्रमलाई नेपाल सरकारले आर्थिक वर्ष २०६६।६७ देखि आन्तरिकीकरण गरी नियमित वार्षिक कार्यक्रमका रूपमा अगाडि बढाउँदै आएकोमा आर्थिक वर्ष २०६९।७० देखि ५ वर्षे रणनीतिक कार्ययोजनासहित कार्यान्वयनको तयारी भइरहेको छ। विगतमा ३८ जिल्लामा सञ्चालित यस कार्यक्रमबाट आर्थिक वर्ष २०६७।६८ सम्म ५३ हजार १ सय ११ लघु उद्यमीहरू तयार भएका छन् जसमध्ये ६८ प्रतिशत महिला, २२ प्रतिशत दलित, ३५ प्रतिशत आदिवासी जनजाति र ४२ प्रतिशत अन्य जातिका रहेका छन्। यस कार्यक्रम अर्न्तगत चालु आर्थिक वर्षको प्रथम आठ महिनामा १ हजार ७ सय ९६ नयाँ लघु उद्यमी तयारी भएका छन्।

समूहगत औद्योगिक उत्पादन तथा औद्योगिक सूचकांक स्थिति

९.६ आर्थिक वर्ष २०६७।६८ को तुलनामा आर्थिक वर्ष २०६८।६९ मा औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ। कतिपय खाद्यवस्तु, पेय पदार्थ, सुर्तीजन्य वस्तु, जुत्ता र काठ तथा काष्ठ वस्तुको उत्पादन वृद्धि हुने देखिएको छ। चालु आर्थिक वर्ष २०६८।६९ मा खाद्य वस्तुको समूहतर्फ चाउचाउको उत्पादन २ हजार १ सय ४२ मेट्रिक टनले वृद्धि हुने अनुमान गरिएको छ। यस्तै, सर्वतको उत्पादन १९ लाख ७९ हजार लिटरले, चिनीको उत्पादन ९ हजार ५ सय ३३ मेट्रिक टनले र चियाको उत्पादन ८ सय १६ मेट्रिक टनले बढ्ने देखिएको छ। पेय पदार्थको समूहतर्फ हल्का पेय पदार्थको उत्पादन ३ लाख ९ हजार लिटरले, वियरको उत्पादन ७७ हजार लिटरले र मदिराको उत्पादन २ लाख ५६ हजार लिटरले वृद्धि हुने अनुमान गरिएको छ। यस्तै सुर्तीजन्य समूहतर्फ चुरोटको उत्पादन, प्रशोधित छालातर्फ जुत्ता, प्लाष्टिकका सामान, सिमेन्ट, फलामका सामान र काठ तथा काष्ठजन्य उत्पादनतर्फ स्ट्रावोर्डको उत्पादन वृद्धि हुने अनुमान गरिएको छ।

९.७ आर्थिक वर्ष २०६६।६७ को तुलनामा आर्थिक वर्ष २०६७।६८ मा प्रमुख औद्योगिक उत्पादनको कुल सूचकांक २.८२ ले वृद्धि भई १०५.४२ पुगेको छ। आर्थिक वर्ष २०६७।६८ मा प्रमुख औद्योगिक उत्पादन मध्ये भटमासको तेल, चामल, पशुदाना, चिनी, मदिरा, हल्का पेय पदार्थ, चुरोट, जुटका सामान, प्लाइउड, ल्युव आयल, रंग, औषधि, सिमेन्ट, ग्याल्वनाइज्ड पाइप, आल्मुनियमका सामान, विजुलीका तार तथा केवल जस्ता औद्योगिक उत्पादनहरूको सूचकांक वृद्धि भएको छ। वनस्पति घ्यू, तोरीको तेल, विस्कुट, चाउचाउ, प्रशोधित चिया, धागो, सुती कपडा, उनी गलैंचा, प्रशोधित छाला, कागज र कागजका उत्पादन, रोजिन, प्लाष्टिकका सामान, घरेलु धातुका सामान जस्ता औद्योगिक उत्पादनहरूको सूचकांक भने यस आर्थिक वर्षमा केही घटेको पाइएको छ।

विदेशी लगानी

९.८ मुलुकमा औद्योगिक विकासका लागि लगानीको वातावरण सिर्जना गर्न चालु आर्थिक वर्षमा भारतीय लगानी अभिवृद्धिका लागि भारतसँग "द्विपक्षीय लगानी प्रवर्द्धन र संरक्षण सम्झौता (BIPPA)" तथा नयाँ "दोहोरो कर उन्मुक्ति सम्झौता (DTAA)" सम्पन्न

गरिएको छ भने अन्य ६ मुलुकहरूसँग समेत "द्विपक्षीय लगानी प्रवर्द्धन र संरक्षण सम्झौता (BIPPA)" गर्न तयारी कार्य भइरहेको छ। औद्योगिक क्षेत्रमा विदेशी लगानी बढाउँदै लैजान लगानीमैत्री नीति निर्माण गर्ने क्रममा नयाँ विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी नीति स्वीकृतिको चरणमा रहेको छ।

तालिका ९(क) : वैदेशिक लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू

(आर्थिक वर्ष २०६७/६८ सम्म)

(रू. करोडमा)

उद्योगको प्रकार	संख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	रोजगारी प्राप्त संख्या
उत्पादनमूलक	७१२	५१६१.१२	४०३५.५५	२५५९.५९	७८४०९
सेवामूलक	६५०	२५९५.५४	२१२२.०२	१२९७.४७	३२१२७
पर्यटन	५६१	२०४१.३५	१९१५.७४	८४०.०३	२४८६२
निर्माण	४२	३६०.५३	२६८.३१	२७६.२८	३०१६
उर्जामूलक	४७	४०७५.९२	४०३८.१०	१४५१.८८	७९४७
कृषिजन्य	६०	१६७.४६	१०९.५६	८९.३२	३४९७
खनिज	३६	५१६.२६	४२२.३६	२९०.४२	५५७४
जम्मा	**२१०८**	**१५२१८.१८**	**१२९११.६४**	**६८०४.९९**	**१५५४३२**

स्रोत : उद्योग विभाग।

९.९ आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्म वैदेशिक लगानीका लागि ७० वटा मुलुकबाट २ हजार १ सय ८ उद्योगले स्वीकृति पाएका छन् भने १ लाख ५५ हजार ४ सय ३२ जनाले रोजगारी पाएका छन जसमध्ये ३३.८ प्रतिशत उत्पादनमूलक, ३०.८ प्रतिशत सेवामूलक र २६.६ प्रतिशत पर्यटन उद्योग छन्। यी उद्योगहरूमा हालसम्म प्राप्त रोजगारीमध्ये ५०.४ प्रतिशत उत्पादनमूलक उद्योगमा, २०.७ प्रतिशत सेवामूलक उद्योगमा र १६ प्रतिशत पर्यटन उद्योगमा रहेका छन्।

तालिका ९(ख) : परियोजना लागतका आधारमा वैदेशिक लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू

(आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्म)

(रू. करोडमा)

उद्योगको प्रकार	संख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	रोजगारी प्राप्त संख्या
ठूला उद्योग	१८५	११५३१.८२	१०४१२.८४	४७४०.१२	४२८४१
मझौला उद्योग	२४८	१८०८.३३	१२६८.६९	८३२.१२	३१४५५
साना उद्योग	१६७५	१८७८.०३	१२३०.११	१२३२.७५	८११३६
जम्मा	२१०८	१५२१८.१८	१२९११.६४	६८०४.९९	१५५४३२

स्रोत : उद्योग विभाग।

९.१० आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा वैदेशिक लगानीको लागि स्वीकृति दिइएका उद्योगहरू मध्ये परियोजना लागतका आधारमा ८.८ प्रतिशत ठूला, ११.८ प्रतिशत मझौला र ७९.४ प्रतिशत साना उद्योगले स्वीकृति पाएका छन्। यिनबाट प्राप्त रोजगारी क्रमशः २७.६ प्रतिशत, २०.२ प्रतिशत र ५२.२ प्रतिशत रहेको छ।

तालिका ९(ग) : आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्म सञ्चालनका लागि स्वीकृति दिइएका उद्योगहरू

(रू. करोडमा)

उद्योगको प्रकार	संख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	रोजगारी प्राप्त संख्या
उत्पादनमूलक	२१४८	१५०६८.१६	१०६८५.३०	२५०४०६
सेवामूलक	१२५१	७८९१.८३	५५०३.९८	८४०३२
पर्यटन	७९४	३६८३.२८	३२६२.०१	३२९२२
निर्माण	३८	५७२.९०	५४१.९०	२५४२
उर्जामूलक	८१	१२८१८.४२	१२२८४.९१	१२३४१
कृषिजन्य	२०५	११२६.६०	९५३.६६	२६५५३
खनिज	३५	३५७.९८	३१७.४८	४०१७
जम्मा	४५५२	४१५१९.१७	३३५४९.२४	४१२८१३

स्रोत : उद्योग विभाग ।

९.११ आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्म नेपालमा विभिन्न प्रकृतिका गरी जम्मा ४ हजार ५ सय ५२ उद्योगहरू सञ्चालनको लागि स्वीकृति प्रदान गरिएको छ । स्वीकृति दिइएका प्रमुख उद्योगहरू मध्ये उत्पादनमूलक उद्योगतर्फ २ हजार १ सय ४८ (४७.२ प्रतिशत), सेवामूलक उद्योगतर्फ १ हजार २ सय ५१ (२७.५ प्रतिशत) र पर्यटन उद्योगतर्फ ७ सय ९४ (१७.४ प्रतिशत) रहेको देखिन्छ । स्वीकृति दिइएका उद्योगहरूको कुल परियोजना लागत ४ खर्व १५ अर्ब १९ करोड १७ लाख रहेको छ भने ४ लाख १२ हजार ८ सय १३ रोजगारी सृजना भएको छ ।

तालिका ९(घ) : आ.व. २०६६/६७ र २०६७/६८ मा विदेशी लगानीकालागि स्वीकृति दिइएका उद्योगहरू

रू.करोडमा

उद्योगको प्रकार	संख्या		कुल परियोजना लागत		कुल स्थिर पुँजी		विदेशी लगानी		रोजगारी प्राप्त संख्याा	
	२०६६/६७	२०६७/६८	२०६६/६७	२०६७/६८	२०६६/६७	२०६७/६८	२०६६/६७	२०६७/६८	२०६६/६७	२०६७/६८
औद्योगिकउत्पादन	३७	३९	३७.५२	६२६.९०	३४.२१	५१३.५५	२६.०५	६१३.५९	१९९४	३३१२
सेवा	७२	८८	९.७६	१०२.०९	७.६०	७८.३३	९.०६	९१.८८	३२०५	३५५५
पर्यटन	५०	४७	१०.३५	१२०.५३	९.२९	११०.३०	७.१८	११८.४३	१५३७	१५७०
निर्माण	१	१	.२०	१५.००	.१६	१२.००	.२०	१५.००	३६	९०
उर्जा	५	६	९९.६१	२०१.८०	९७.६५	१७३.८०	४७.४७	१२२.७०	४९३	५७७
कृषिजन्य	२	२३	.१०	४७.३४	.०९	३९.३०	.१०	३६.७१	६९	१३३७
खनिज	४	५	१.००	११.३६	.८८	१०.२६	.९४	६.७६	५१४	४४६
जम्मा	१७१	२०९	१५८.५४	११२५.०२	१४९.८८	९३७.५४	९१.००	१००५.०७	७८४८	१०८८७

स्रोत : उद्योग विभाग ।

९.१२ विदेशी लगानीमा आर्थिक वर्ष २०६६/६७ मा जम्मा १ सय ७१ उद्योगहरू खोल्न स्वीकृति दिइएकोमा आर्थिक वर्ष २०६७/६८ मा जम्मा २ सय ९ उद्योगहरूले स्वीकृति प्राप्त गरेका छन् । दुई आर्थिक वर्षको तथ्याङ्कअनुसार कृषि क्षेत्र, सेवा क्षेत्र, पर्यटन क्षेत्र र औद्योगिक उत्पादन क्षेत्रमा लगानी बढी आकर्षित भएको देखिएको छ । खुद विदेशी लगानी समेत आर्थिक वर्ष २०६६/६७ को दाँजोमा आर्थिक वर्ष २०६७/६८ मा

उल्लेखनीयरूपमा वृद्धि भएको छ। आर्थिक वर्ष २०६७/६८ मा खुलेका यस्ता उद्योगहरूमा रोजगारी प्राप्त गर्नेको संख्या समेत १० हजार ८ सय ८७ पुगेको छ।

तालिका ९(ङ) : आर्थिक वर्ष २०६७/६८ मा सञ्चालनका लागि स्वीकृति दिइएका उद्योगहरू

(रू. करोडमा)

उद्योगको प्रकार	संख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	रोजगारी प्राप्त संख्याा
उत्पादनमूलक	६८	७४३.२७	५४८.१५	४२८२
सेवामूलक	८१	११७९.८५	२३१.५१	३०१६
पर्यटन	४८	२७५.०१	२५९.५०	१७९६
निर्माण	१	४.५०	४.००	३३
उर्जामूलक	१९	६७७५.३१	६६९६.८१	३३८७
कृषिजन्य	२१	५३.६६	४२.५४	७८७
खनिज	४	९.९६	८.८१	४२६
जम्मा	२४२	९०४१.५६	७७९१.३२	१३७२७

स्रोत : उद्योग विभाग।

९.१३ आर्थिक वर्ष २०६७/६८ मा सेवामूलक उद्योगतर्फ ८१, उत्पादनमूलक उद्योगतर्फ ६८, पर्यटन उद्योगतर्फ ४८, कृषिजन्य उद्योगतर्फ २१, उर्जामूलक उद्योगतर्फ १९, खनिज उद्योगतर्फ ४ र निर्माण उद्योगतर्फ १ गरी जम्मा २ सय ४२ उद्योगहरूले सञ्चालनको स्वीकृति लिएका छन्। ती उद्योगहरूमा १३ हजार ७ सय २७ जना रोजगारी सृजना भई कुल परियोजना लागत ९० अर्ब ४१ करोड ५६ लाख रहेको छ।

तालिका ९(च) : परियोजना लागतका आधारमा सञ्चालनका लागि स्वीकृति दिइएका उद्योगहरू

(आर्थिक वर्ष २०६७/६८)

(रू. करोडमा)

उद्योगको प्रकार	संख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	रोजगारी प्राप्त संख्याा
ठूला उद्योग	३७	८४९१.७४	७४१८.५१	५३६८
मझौला उद्योग	४८	४०३.७८	२६३.५८	२९८३
साना उद्योग	१५७	१४६.०४	१०९.२३	५३७६
जम्मा	२४२	९०४१.५६	७७९१.३२	१३७२७

स्रोत : उद्योग विभाग।

९.१४ परियोजना लागतका आधारमा गत आर्थिक वर्षमा ठूला उद्योग ३७, मझौला उद्योग ४८ तथा साना उद्योग १ सय ५७ गरी जम्मा २ सय ४२ उद्योगहरूलाई सञ्चालन स्वीकृति दिइएको थियो। यस आर्थिक वर्षमा सञ्चालनका लागि स्वीकृति दिइएका उद्योगहरू मध्ये परियोजना लागतको ९३.९ प्रतिशत ठूला उद्योगतर्फ, ४.५ प्रतिशत मझौला उद्योगतर्फ र १.६ प्रतिशत साना उद्योगहरूमा लगानी भएको पाइएको छ।

तालिका ९(छ) : विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू

आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा

(रू. करोडमा)

उद्योगको प्रकार	संख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	रोजगारी प्राप्त संख्याा
औद्योगिक उत्पादन	२२	२०८.७४	१७४.३०	५१.९७	१०७८
सेवा उद्योग	६५	१८१.९९	१५७.३१	१७०.५७	२५९९
पर्यटन उद्योग	२७	३४.०२	२८.६८	३२.४९	८०३
उर्जा	३	२९०.९५	२८३.२५	२८८.९५	३४०
कृषिजन्य	८	८.८२	७.६२	८.२२	२६४
खनिज	६	१३.१७	१०.१७	११.७७	४७०
निर्माण	०	०	०	०	०
जम्मा	१३१	७३७.६९	६६१.३३	५६३.९७	५५५४

स्रोत : उद्योग विभाग ।

९.१५ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा १ सय ३१ वटा उद्योगहरू सञ्चालनका लागि दर्ता भएका छन् जसबाट ५ हजार ५ सय ५४ जना रोजगारी सृजना भएको छ । कुल परियोजना लागतको आधारमा विदेशी लगानी हुने प्रमुख उद्योगहरूमा उर्जासँग सम्बन्धित उद्योगहरूमा ३९.४ प्रतिशत, उत्पादनसँग सम्बन्धित उद्योगहरूमा २८.३ प्रतिशत र सेवामूलक उद्योगहरूमा २४.७ प्रतिशत विदेशी लगानी हुने देखिएको छ । यस अवधिमा १ हजार ४५ ट्रेडमार्क दर्ता गरिएको छ ।

९.१६ वैदेशिक लगानीमा नेपालमा उद्योग खोल्ने मुलुकमा भारतको सबैभन्दा बढी संख्या ५ सय १ रहेको छ भने दोस्रो स्थानमा चीनको ४ सय १ र तेस्रो स्थानमा संयुक्त राज्य अमेरिकाको १ सय ७४ रहेको छ । तुलनात्मकरूपमा विदेशी लगानीमा उद्योगहरू सञ्चालनका लागि स्वीकृति दिइएका संख्या क्रमिकरूपमा बढ्दो देखिन्छ भने यी उद्योगहरूबाट श्रृजित रोजगारीको संख्यामा पनि वृद्धि नै भएको देखिन्छ । यसरी उद्योगहरूमा बढ्दो विदेशी लगानीले समग्र औद्योगिक विकासमा सकारात्मक भूमिका निर्वाह गर्ने स्पष्ट नै हुन्छ ।

केही उद्योगहरूको उत्पादन क्षमताको उपयोग

९.१७ केही छानिएका उद्योगहरूको उत्पादन क्षमताको उपयोगको विश्लेषण गर्दा केही उद्योगहरूको अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६७/६८ मा कुल क्षमताको उपयोगमा सिमान्त प्रतिशतले वृद्धि भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा सिमेन्ट उद्योगको उत्पादन क्षमतामा ४ प्रतिशतले वृद्धि भई कुल क्षमताको ५६ प्रतिशत उपयोग भएको छ भने जुत्ता उद्योगको उपयोग क्षमता २ प्रतिशतले वृद्धि भई कुल क्षमताको ७४ प्रतिशत उपयोग भएको छ । चिनी तथा जुटका सामान उत्पादन उद्योगको १ प्रतिशत उपयोग क्षमता बढेको छ भने चुरोट, वियर र सलाई उद्योगहरूको उपयोग क्षमता स्थिर रहेको छ । यी उद्योगहरूले कुल क्षमताको क्रमशः ३२ प्रतिशत, ६७ प्रतिशत, ९२ प्रतिशत, ८० प्रतिशत र ५८ प्रतिशत उपयोग गरेका छन् ।

औद्योगिक क्षेत्रको वर्तमान स्थिति

९.१८ औद्योगिक विकासमा टेवा पुऱ्याउन औद्योगिक प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवं सुविधाहरू एकीकृतरूपमा उपलब्ध गराउने उद्देश्यले औद्योगिक क्षेत्रहरूको स्थापना गरिएको हो। औद्योगिक क्षेत्रहरूको सम्भाव्यता अध्ययन, विकास र प्रवर्द्धन गर्ने, औद्योगिक क्षेत्रहरू भित्र स्थापित उद्योगहरूलाई लाभप्रद तरिकाबाट सञ्चालन गराउन परामर्श, सल्लाह र सुझाव दिने तथा निजी क्षेत्र वा जनसहभागिता वा सहकारी अन्तर्गत स्थापना हुने औद्योगिक क्षेत्रहरूलाई प्रोत्साहन एवं सहयोग गर्ने कार्यमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड क्रियाशील छ। हाल बालाजु, हेटौंडा, पाटन, नेपालगंज, धरान, पोखरा, वुटवल, भक्तपुर, वीरेन्द्रनगर, धनकुटा र गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र समेत गरी कुल ११ वटा औद्योगिक क्षेत्रहरू सञ्चालनमा रहेका छन्। औद्योगिक क्षेत्र विस्तारका लागि रूपन्देही तथा नवलपरासी जिल्लाका वर्दघाट, सुनवल र वुटवल तथा अन्य उपयुक्त स्थानमा नयाँ औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भावित स्थानको खोजी गरी औद्योगिक क्षेत्रको स्थापनाको लागि पहल गरिएको छ।

९.१९ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा मुलुकभित्र रहेका कुल ११ वटा औद्योगिक क्षेत्रको ३ हजार ८ सय ५७ रोपनी जग्गा उद्योगहरूलाई भाडामा दिइएको छ। समीक्षा अवधिसम्ममा औद्योगिक क्षेत्रहरूभित्र औद्योगिक क्षेत्र विकास लिमिटेडले रू. २९ करोड ९७ लाख लगानी गरेको छ भने निजी उद्योगहरूकातर्फबाट रू. १८ अर्ब ५२ करोड ३६ लाख लगानी भएको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा औद्योगिक क्षेत्रहरूमा ४ सय ७१ वटा उद्योगहरू सञ्चालनमा रहेका छन् भने ५१ वटा उद्योगहरू बन्द भएका छन्। यस अवधिमा औद्योगिक क्षेत्रहरूमा ८८ वटा उद्योगहरू निर्माणाधीन अवस्थामा रहेका छन्।

घरेलु तथा साना उद्योग

९.२० घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन एवं विकास गर्नका लागि मागमा आधारित तथा अपांग, पिछडिएका वर्ग, दलित, जनजाति, द्वन्द पिडित एवं महिलाको उत्थानका लागि आवश्यक सीप विकास, उद्यमशीलता विकास तालिम, प्राविधिक परामर्श, कर्जा प्रवाह एवं सूचना सम्प्रेषण जस्ता कार्यक्रमहरू एकीकृतरूपमा सञ्चालन गरिएका छन्। ई-गर्भनेन्सको अवधारणाअनुरूप जनतालाई छिटो, छरितो, पारदर्शी तथा गुणस्तरीयरूपमा सेवा पुऱ्याउने लक्ष्यका साथ घरेलु तथा साना उद्योग कार्यालयहरूमा अनलाइन सर्भिसको तयारी गरिएको छ। विश्व व्यापार सँगठनमा नेपालको प्रवेशसँगै घरेलु तथा साना उद्योगको विस्तार एवं प्रवर्द्धन गरी अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन प्रविधि, सेवा, क्षमता विकास, बजार पहुँच र अन्य पूर्वाधारहरूमा संस्थागत टेवा पुऱ्याउन लघु घरेलु तथा साना उद्योग विकास कोषको स्थापना गरी निजी क्षेत्रका छाता सँगठनहरूसँगको समन्वयमा कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

९.२१ आर्थिक वर्ष २०६७/६८ मा १४ हजार ६ सय ५८ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भएका थिए भने आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्म ६ हजार ५० वटा

घरेलु तथा साना उद्योगहरू दर्ता भएका छन् । आर्थिक वर्ष २०६७/६८ मा दर्ता भएका उद्योगहरूमा कुल रू. १४ अर्ब ७५ करोड पुँजी लगानी भएको देखिन्छ । आर्थिक वर्ष २०६७/६८ सम्म दर्ता भएका घरेलु तथा साना उद्योगहरूमध्ये प्राइभेट फर्म २ लाख २ हजार ९ सय ८३, साझेदारी फर्म १२ हजार ५ सय ७० र प्राइभेट लिमिटेड १३ हजार २० वटा दर्ता भएका छन् । उद्यमी विकास कार्यक्रम (उद्यमी तयारी तथा रोजगारी श्रृजना कार्यक्रम) अन्तर्गत आर्थिक वर्ष २०६७६८ मा २ हजार ६ सय ९३ जना उद्यमी तयार भएका थिए भने चालु आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिसम्म २ हजार ३ सय ३१ जनाले यस्तो प्रशिक्षण तथा तालिम लिइसकेका छन् । त्यस्तै, आर्थिक वर्ष २०६७६८ मा उद्योग प्रवर्द्धनका लागि २ हजार ६ सय ८४ जनाका लागि विभिन्न तालिम तथा प्रशिक्षण सञ्चालन गरिएकोमा चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनाको अवधिसम्म १ हजार ५ सय १ जना यस्तो प्रशिक्षणमा सहभागी भइसकेका छन् । यसै अवधिमा इँटा निर्माणसम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न धनुषा, नवलपरासी तथा दाङ जिल्लामा तथा ग्रिल निर्माणसम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न काठमाडौं र ललितपुरमा तालिम कार्यक्रम सञ्चालन गरिएको छ । धनकुटा, दोलखा, नुवाकोट, तनहु, प्यूठान र डोटी जिल्लामा बजार विस्तार, उद्यमी अर्न्तक्रिया, औद्योगिक वस्तु तथा प्रविधि प्रदर्शनी भएका छन् । घरेलु तथा साना उद्योगतर्फ आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा प्राइभेट फर्म ५ हजार ९ सय ८२, प्राइभेट लिमिटेडतर्फ ६ सय ८९ र साझेदारी फर्मतर्फ ३ सय ७९ वटा फर्म दर्ता भएका छन् । यी उद्योगहरूमा रू. ९ अर्ब ६१ करोड पुँजी लगानी भएको छ ।

९.२२ घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालन गर्न चाहने इच्छुक उद्यमी व्यवसायीलाई सीप विकास तथा सीप अभिवृद्धि तालिममार्फत् उद्यमशीलता विकास गर्न स्थापना गरिएको घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रबाट आर्थिक वर्ष २०६७६८ मा १ हजार १ सय ९६ जनालाई विभिन्न विषयमा तालिम प्रदान गरिएको थियो भने चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ९ सय ७६ जनालाई तालिम प्रदान गरिएको छ ।

९.२३ कम्पनी रजिष्ट्रारको कार्यालयबाट आर्थिक वर्ष २०६७६८ मा १० हजार ३ सय २३ प्राइभेट लिमिटेड, ५७ पब्लिक लिमिटेड र ८४ मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना भएका थिए भने चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ६ हजार ८ सय ६७ प्राइभेट लिमिटेड, २१ पब्लिक लिमिटेड र ३६ मुनाफा वितरण नगर्ने कम्पनी स्थापना भएका छन् ।

९.२४ उद्योग व्यवसायको विकास कार्यमा संलग्न संघ संस्थाहरूको जनशक्ति विकासमा सहयोग पुऱ्याउने प्रशिक्षक प्रशिक्षण, गुणस्तर व्यवस्थापन, सम्भाव्यता अध्ययन र परामर्श सेवा प्रदान गर्ने उद्देश्यले स्थापित औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा ३ वटा व्यवसाय सेवा केन्द्र स्थापना भइसकेका छन् भने १ सय २३ जनालाई उद्यमशीलता विकास तालिम, ६१ जनालाई व्यवसाय व्यवस्थापन तालिम प्रदान गरिएको छ ।

खानी तथा भूगर्भ

९.२५ नेपाल सरकारको क्षेत्रीय विकास अवधारणाअनुरूप सिमेण्ट उद्योग खोल्नका लागि गरेको अन्वेषण कार्यको फलस्वरूप देशको विभिन्न क्षेत्रमा लगभग ३२ करोड टन चुनढुङ्गा भण्डारहरू प्रमाणित गरिएका छन् भने थप १० करोड टन अर्ध प्रमाणित र ७४ करोड सम्भाव्य गरी कुल लगभग १ अर्ब टन चुनढुङ्गा पत्ता लागेको छ। त्यस्तै, काठमाडौं उपत्यकामा ३ करोड क्यू मिटर प्राकृतिक ग्याँस; दाङ्ग, रोल्पा, पाल्पामा कोइला; रोल्पा, वैतडी र दार्चुलामा सुन खानी पत्ता लागेको छ भने तराईका विभिन्न जिल्लाहरूमा कुल ५५ करोड घनमिटर निर्माण सामग्री (बोल्डर, ग्राभेल तथा बालुवा) को भण्डार पाइएको छ। अर्घाखाँची जिल्लाको नरपानी चुनढुङ्गा, दियारिगाड (वैतडी), चुलाढुँगा र घ्याम्पाथुम्का (उदयपुर), निगाले (धनकुटा), हरेटार र खोल्मे (उदयपुर), कजेरी (सल्यान), चौकुने (सुर्खेत), गान्धारी चुनढुंगा (दाङ्ग) चुनढुंगामा आधारित सिमेन्ट उद्योग तथा ठोसे (रामेछाप) को फलाम खानी भण्डारमा आधारित उद्योग स्थापनाको लागि निजी लगानीकर्ताहरूसँग खनिज खोजतलास र खनिज उत्खनन् कार्यको सम्झौता सम्पन्न भएको छ। यसैगरी चितवन, तनहुँ, डडेल्धुरामा तामा खानी र रोल्पामा सुन खानी भण्डारमा आधारित उद्योग स्थापनाका प्रयास भएका छन् भने दाङ्ग, सल्यान, रोल्पा र पाल्पा जिल्लामा कोइला खानीहरू सञ्चालन भई हाल वार्षिक करिब ५ हजार टन कोइला उत्पादन भइरहेको छ।

९.२६ साना तथा मझौलास्तरका खनिज भण्डार र तुरुन्त प्रतिफल प्राप्त हुने खनिज चुनढुङ्गा, म्याग्नेसाइट, खरी, क्वाजाईट, मार्वल, जेम स्टोन, कोइला जस्ता खानी सञ्चालन कार्यमा निजी लगानीकर्ताहरूलाई करिब ४ सय ९७ वटा खानी खोजतलास र ८० उत्खनन्को प्रमाणपत्र प्रदान गरिएको छ। कुल गार्हस्थ्य उत्पादनमा खानी क्षेत्रको योगदान ०.४९ प्रतिशत रहेको छ। हाल देशभर २१ वटा भूकम्प मापन केन्द्रहरूबाट भूकम्पीय सूचनाहरू प्राप्त हुने गरेका छन्।

गुणस्तर तथा नापतौल

९.२७ चालु आर्थिक वर्ष २०६८/६९ मा नेपाल गुणस्तर परिषद्बाट १२ वटा राष्ट्रिय गुणस्तर निर्धारण गरिएको छ भने वैज्ञानिक नापतौल सेवाको शुल्क निर्धारण तथा ग्याँस सिलिण्डरको अनुगमन गरिएको छ। निर्यात व्यापार प्रवर्द्धनलाई टेवा पुऱ्याउनका लागि नेपाल हस्तकला महासंघसँग सार्वजनिक निजी साझेदारीको अवधारणामा चाँदीका गरगहनाको शुद्धता परीक्षण गर्ने प्रयोगशालासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ। National Accreditation Board for Laboratories (NABL) भारतसँग गुणस्तर तथा नापतौल विभागको Chemical, Good, Microbiology र Metrology Lab लाई Accreditation गराउने प्रक्रिया अघि बढाइएको छ। नेपाल पश्मिना संघसँग पश्मिनाको गुणस्तर परीक्षण गर्ने कार्यमा समझदारी पत्र (MOU) भइसकेको छ।

९.२८ आर्थिक वर्ष २०६७/६८ मा राष्ट्रिय गुणस्तर तर्जुमा गरिएको फलस्वरूप उद्योग तथा व्यापार व्यवसायमा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ। हालसम्म करीव ९ सय वटा राष्ट्रिय

गुणस्तर तर्जुमा भएका छन् । राष्ट्रिय गुणस्तर कार्यान्वयन गर्ने कार्य गर्दै हालसम्म ५६ वटा वस्तुलाई NS प्रदान गरी उपभोक्तालाई गुणस्तरीय सामानहरू प्रयोगमा सुनिश्चितता प्रदान गरिएको छ । गुणस्तर व्यवस्थापन प्रणालीसम्बन्धी कार्यलाई प्रवर्द्धन गर्न नेपाली उद्योग प्रतिष्ठानहरूको व्यवस्थापन प्रणालीको प्रमाणिकरण गरिएको छ । सिमेण्ट, डण्डी, कपडा, प्लाष्टिकका पाइप, रासायनिक तथा खाद्य पदार्थलगायतको परीक्षण प्रयोशालाको सुविधा तथा क्यालिब्रेशनको सेवा प्रदान गरिएको छ ।

वाणिज्य तथा आपूर्ति

९.२९ नेपाल विश्व व्यापार सँगठनमा प्रवेश गर्नुको मुख्य उद्देश्य राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय बजारसँग एकीकृत र आबद्ध गरी सँगठनका सदस्य राष्ट्रहरूको बजारमा सहज पहुँच सुविधा प्राप्त गर्दै वस्तु तथा सेवाको निर्यात वृद्धिमार्फत् राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउनु थियो । त्यसैगरी, सँगठनमा आबद्ध हुनुको अर्को उद्देश्य देशमा विदेशी लगानी, पुँजी र प्रविधि भित्र्याई प्रतिस्पर्धात्मक क्षमता बढाई तीव्र औद्योगिकीकरण र उच्च आर्थिक वृद्धिमार्फत् राष्ट्रिय अर्थतन्त्रलाई सबल र सक्षम बनाउनु थियो । विश्व व्यापार सँगठनको सदस्यता लिने क्रममा नेपालले व्यापारका क्षेत्रमा विभिन्न सुधारका अतिरिक्त दुईवटा नयाँ नीति, छब्बीस वटा ऐन र सातवटा नियमावली तर्जुमा गर्ने, चारवटा अन्तर्राष्ट्रिय महासन्धिको पक्ष बन्ने तथा तीनवटा संस्थागत संयन्त्र तयार गर्ने प्रतिबद्धता जनाएको थियो । यस क्रममा हालसम्म तेह्रवटा ऐन र तीनवटा नियमावलीमा परिमार्जन गर्ने, तीनवटा अन्तर्राष्ट्रिय महासन्धिको पक्ष बन्ने, तीनवटा सोधपूछ संयन्त्र तयार गर्ने काम भएको छ । यसै सन्दर्भमा, कर, भन्सार र वैदेशिक लगानीसम्बन्धी प्रक्रिया र प्रावधानहरूमा समसामयिक सुधार गरी व्यापारमैत्री बनाइएको छ ।

९.३० व्यापारका लागि सहयोग (Aid for Trade) को स्विट्जरल्याण्डको जेनेभामा सम्पन्न भएको तेस्रो विश्व समीक्षा बैठकमा व्यापार सहजीकरणका कार्यक्रमलाई 'व्यापारका लागि सहयोग' लाई प्रभावकारी बनाउने, व्यापारको वातावरण सुधार गर्ने र व्यापारको क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रसँग समन्वय गर्ने, क्षेत्रीय व्यापार एकीकरणमा भएका कठिनाइहरूलाई समाधान गर्ने र दक्षिण-दक्षिण सहयोगलाई कमजोर राष्ट्रको व्यापार प्रवर्द्धनमा अभिवृद्धि गर्ने विषयहरूमा भएको छलफलमा नेपाल सहभागी भई व्यापारको लागि सहयोग कार्यक्रमलाई प्रभावकारी बनाउने सम्बन्धमा अवधारणा प्रस्तुत गरिएको थियो ।

९.३१ नेपाल विश्व व्यापार सँगठनमा आबद्ध भएको झण्डै आठ वर्षपछि पहिलोपल्ट विश्व व्यापार सँगठनको अल्पविकसित राष्ट्रको हैसियतले पूरा गर्नुपर्ने व्यापार नीति समीक्षा (Trade Policy Review) विश्व व्यापार सँगठनको सचिवालय जेनेभामा सम्पन्न भएको छ । उक्त समीक्षा बैठकमा नेपाल सरकारको तर्फबाट एउटा र विश्व व्यापार सँगठनको सचिवालयतर्फबाट एक गरी दुईवटा प्रतिवेदन प्रस्तुत गरी विस्तृत छलफल भएको थियो ।

मञ्जूषा ९(क) : व्यापार नीति समीक्षा

पृष्ठभूमि

व्यापार नीति समीक्षा (TPR) को मुख्य उद्देश्य सदस्य राष्ट्रहरूलाई बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत गरिएका नीतिगत प्रतिबद्धताहरू, यससम्बन्धी राष्ट्रिय कानुनी तथा नीति नियमहरूसम्बन्धी व्यवस्थालाई पारदर्शी बनाउन र अन्य प्रतिबद्धतालाई पालना तथा अवलम्बन गर्न सहयोग पुऱ्याउनु हो। यसले सदस्य राष्ट्रहरूको व्यापार नीति र अभ्यासलाई (Policies and Practices) सदस्यहरूबीच बढी पारदर्शी र बोधगम्य मात्र बनाउन सहयोग पुऱ्याउँदैनन् बरु बहुपक्षीय व्यापार प्रणालीको कार्यान्वयनमा तिनको प्रभावको पनि अध्ययन गर्छन्। सदस्य राष्ट्रका व्यापार नीतिहरूको समीक्षा र पुनरावलोकन गर्नुपर्ने समय र आवृत्ति विश्व व्यापारमा ती राष्ट्रहरूको अंश (हिस्सा) के कति छ, त्यस आधारमा निर्धारण गरिन्छ। त्यस आधारमा सदस्यहरूलाई ३ वटा समूहमा वर्गीकरण गरिएको छ। पहिलो समूहमा विश्व व्यापारमा ठूला हिस्सा ओगटेका देश जस्तै युरोपियन युनियन, अमेरिका, जापान, क्यानाडा आदि आउँछन्। यिनीहरूले प्रत्येक २ वर्षमा व्यापार नीति समीक्षा गर्नुपर्ने व्यवस्था छ। दोस्रो समूहमा पहिलो समूहमा नपर्ने बाँकी १६ वटा सदस्यहरू जस्तै हङ्गकङ्ग, सिँगापुर, स्विट्जरल्याण्ड, मलेसिया आदि आउँछन्। यिनीहरूले प्रत्येक चार वर्षमा व्यापार नीति समीक्षा गर्नुपर्ने व्यवस्था छ। तेस्रो समूहमा अल्पविकसित र संक्रमणकालीन अर्थतन्त्रबाट गुज्रिरहेका नेपाललगायतका पूर्वी युरोप, दक्षिण एशिया तथा अफ्रिकी महादेशका राष्ट्रहरू पर्दछन्। यिनीहरूलाई प्रत्येक ६-६ वर्षको अन्तरालमा व्यापार नीति समीक्षा गर्नुपर्ने गरी केही समयको केही छूट दिइएको छ।

दायरा

व्यापार नीति समीक्षा अन्तर्गत खासगरी व्यापारसम्बद्ध नीतिहरूको पारदर्शिता, व्यापार मित्रहरूलाई गरिने विभेदरहित व्यवहार, व्यापार उदारीकरण गर्न पुऱ्याउने सहयोग, व्यापारसम्बद्ध नीतिहरूको स्थायित्व र पूर्वानुमानीयताको स्तर, संरक्षणको प्रकृति र वस्तु व्यापारमा भन्सार शुल्कलाई मात्र एउटा उपायको रूपमा प्रयोग गरिएको छ छैन भन्ने कुरा, सेवा व्यापारका क्षेत्रमा लगाइएका प्रतिबन्धहरू, विवाद समाधानलगायत बहुपक्षीय व्यापार प्रणालीले समेटेका विषयसित सदस्य देशको आबद्धताका सम्बन्धमा अध्ययन विश्लेषण गरिन्छ। व्यापार नीति समीक्षाको दौरानमा सम्बन्धित सदस्य राष्ट्रले व्यापार नीति सम्बन्धमा अपनाएका वा चालेका कदमहरूलाई समेट्ने गरी Policy Statement तयार गर्नुपर्ने हुन्छ। यसभित्र व्यापार नीतिका प्रमुख उद्देश्यहरू, आगामी कार्यदिशा, वर्तमान प्रवृत्ति र सदस्य राष्ट्रले अन्तर्राष्ट्रिय बजारमा भोग्नुपरेका समस्या जस्ता विषयलाई समेट्नुपर्दछ। यस्तो प्रतिवेदनमा उल्लिखित सुझाव वा सुधार गर्न औँल्याइएका विषयहरूको कार्यान्वयन सम्बन्धित सदस्य राष्ट्रले गर्नुपर्दछ र यसको अनुगमन मूल्याङ्कन Trade Policy Review Body (TPRB) ले गर्दछ। प्रत्येक सदस्यले नियमितरूपमा व्यापार नीति तथा अभ्यासका बारेमा भए गरेका मुख्य सुधार तथा परिवर्तनबारे TPRB लाई नियमितरूपमा जानकारी गराउनुपर्दछ।

व्यापार विस्तारका लागि पहल गरिएका मूलभूत प्रयासहरू

९.३२ Anti-Dumping and Countervailing Act को मस्यौदालाई सरोकारवालाहरूसँग छलफल गरी अन्तिम रूप दिने कार्य भइरहेको छ भने चिया र जडीबुटीका सम्बन्धमा स्थानीय सरोकारवालाहरूसँग लागत साझेदारीमा जडिबुटीको उत्पादन वृद्धि, प्रबर्द्धन, मुल्य अभिवृद्धि र बजारीकीकरणको कार्य अगाडि बढाइएको छ। International Trade Centre (ITC) र नेपाल पश्मिना संघसँगको समन्वयमा पश्मिना प्रवर्द्धनका लागि दुई वर्षे परियोजना प्रस्ताव तयार गरिएको छ भने तेस्रो मुलुकबाट आयात भई पुनः निकासी हुने मालवस्तुसम्बन्धी कार्यविधि, २०६६ परिमार्जन गरी लागु गरिएको छ। लगानी तथा व्यापार विस्तारको उद्देश्यले जर्मनीको बर्लिनमा आयोजित Nepal Investment Symposium मा निजी क्षेत्रका प्रनिनिधिहरूसहितको प्रतिनिधि मण्डल सहभागी भएको थियो।

९.३३ नेपालमा सञ्चालनमा रहेका सुख्खा बन्दरगाहको अन्तर्राष्ट्रियस्तरमा पहिचान तथा व्यापार सहजीकरणका लागि संयुक्त राष्ट्रसंघ अन्तर्गतको United Nations Economic Commission for Europe (UNECE) मा दर्ता गरी International Location Code (UN/LOCODE) लिनका लागि प्रक्रिया शुरु भएको छ। Nepal Trade Integration Strategy, 2010 को कार्यान्वयनका लागि सो रणनीतिले पहिचान गरेका क्षेत्रमा विभिन्न परियोजनाहरू सञ्चालन गर्न निजी क्षेत्रबाट परियोजना प्रस्ताव माग गरी छनौट गर्ने कार्य भइरहेको छ।

९.३४ नेपाल व्यवसाय मञ्च (Nepal Business Forum), निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण कार्यसम्पादन समूहअन्तर्गत आयात निर्यात गर्दा लाग्ने समय घटाउने, आयात निर्यात हुने भन्सार विन्दुहरूको आधुनिकीकरण र जोखिम व्यवस्थापन गर्ने र धेरै कागजी तथा अन्य प्रक्रियाहरूबाट निर्यातमा हुने ढिलाइलाई न्यूनीकरण गरी निर्यात कार्य सहज (Trade Facilitation) तुल्याउने कार्य भइरहेको छ। त्यस्तै, जडीबुटी तथा जडीबुटीजन्य वस्तुहरूको उत्पादन प्रवर्द्धन र निर्यात वृद्धि सम्बन्धमा प्रतिवेदन तयार गरिएको छ भने व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमार्फत् पश्मिनाको सामूहिक व्यापार चिन्ह (Collective Trade Mark) दर्ता गर्ने कार्य भइरहेको छ।

मञ्जूषा ९(ख) : नेपाल व्यापार एकीकृत रणनीति (NTIS, 2010) अन्तर्गत चालु आर्थिक वर्षमा सञ्चालित केही कार्यक्रमहरू

- अलैची विकास केन्द्रमार्फत् फिक्कलमा अलैँचीको उन्नत बिउ उत्पादन कार्यक्रम अन्तरगत ४ लाख विरुवाको नर्सरी व्यवस्थापन गरिएको।
- निजी क्षेत्रको लागत साझेदारीमा अलैँची सुकाउने आधुनिक ड्रायर वितरण कार्यक्रम तेह्रथुम र संखुवासभामा सञ्चालन भइरहेको।
- स्थानीय व्यवसायीसँग लागत साझेदारीमा भोजपुर, धनकुटा, उदयपुर, झापा, सुनसरी, मोरङ्ग, सिराहा र दोलखामा कृषि उद्यम केन्द्रमार्फत् अदुवाको उन्नत बिउ (Rhizome) वितरण कार्य सञ्चालन भइरहेको।
- जडिबुटी प्रवर्द्धनका लागि निजी क्षेत्रको लागत साझेदारीमा सुर्खेतमा जडिबुटी

संकलन तथा व्यवसाय केन्द्र स्थापना गर्न नेपाल उद्योग वाणिज्य महासंघमार्फत् कार्य प्रारम्भ गरिएको ।

- नेपाली चिया र कफीको अन्तर्राष्ट्रिय बजारमा सामूहिक ट्रेडमार्क दर्तासम्बन्धी कार्य व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमार्फत् भइरहेको ।
- निर्यातजन्य वस्तुहरूको प्रयोगशाला परीक्षणका लागि नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग र वनस्पति विभागको प्रयोगशालाको गुणस्तर सुधारका कार्य भइरहेको ।
- काठमाडौँमा बृहत् अन्तर्राष्ट्रिय व्यापार मेला र हस्तकला निर्यात प्रवर्द्धनका लागि हस्तकला व्यापार मेला सम्पन्न भएको ।

आपूर्तितर्फ

९.३५ देशमा अत्यावश्यक वस्तु तथा सेवा सहज, सुलभ र नियमितरूपमा उचित गुणस्तर र उचित मूल्यमा आपूर्ति व्यवस्था मिलाई उपभोक्ताको हक हितको संरक्षण गरी सुनिश्चितता प्रदान गर्न र निर्भिक भएर उपभोग गर्ने अवस्था निर्माण गर्नका लागि आपूर्ति नीति, २०६९ जारी गरिएको छ ।

मञ्जूषा ९(ग) : आपूर्ति नीति, २०६९

उद्देश्य

- गुणस्तरीय वस्तु तथा सेवाको नियमित र सर्वसुलभरूपमा सहज आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गरी प्रतिस्पर्धात्मक तुल्याउने ।
- उपभोक्ताको हक हित र अधिकारको संरक्षण गर्ने ।
- आपूर्ति हुने वस्तु वा सेवाको गुणस्तर कायम गर्ने तथा यथार्थपरक लागत मूल्यको आधारमा उपभोक्ता मूल्य प्रणालीलाई स्थापित गराउने ।
- राष्ट्रियरूपमा खाद्य सुरक्षा व्यवस्थाको लागि आवश्यक प्रबन्ध गर्ने ।
- अत्यावश्यक वस्तु तथा सेवामा सहज पहुँच नपुगेका, न्यून आय भएका विपन्न तथा दुर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतको लागि एकीकृत आपूर्ति प्रणालीको विकास गर्ने ।
- वस्तु तथा सेवामा हुने कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्ने ।
- वस्तु तथा सेवामा हुने गैर-प्रतिस्पर्धात्मक क्रियाकलापलाई नियन्त्रण गर्ने ।

उल्लेखित उद्देश्य हासिल गर्नका लागि विद्यमान सँगठनात्मक संरचनामा उपभोक्ता संरक्षण तथा आपूर्ति व्यवस्था विभागको स्थापना र विस्तार गरी उपभोक्ता संरक्षण र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण कानुन कार्यान्वयन गर्न बजारलाई व्यवस्थित बनाइने र नियमित बजार अनुगमन गरी अस्वस्थ प्रतिस्पर्धा रोकी मर्यादित बजारको विकास तथा उपभोक्ता हक हितसँग आवद्ध संघसंस्था तथा सहकारी संघहरूको संलग्नता र समन्वयमा कार्य अगाडि बढाउने व्यवस्था गरिनेछ । यसका साथै सँगठनात्मक सुधारका लागि वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागको स्थापना र २० जिल्लाहरूमा बजार संरक्षण अधिकृतको व्यवस्था समेत गरिनेछ ।

आपूर्ति व्यवस्थापन तथा सुदृढीकरणका लागि पहल गरिएका प्रमुख कामहरू

९.३६ होटल तथा रेष्टुरेण्ट अनुगमन निर्देशिका, २०६८ कार्यान्वयनमा आएको छ भने उपभोक्ता संस्थाहरूको मापदण्ड निर्देशिका, मूल्य नियमन नीति, माध्यमिक विद्यालयस्तरमा उपभोक्ता अधिकारसम्बन्धी विषयवस्तुको पाठ्यक्रम, नयाँ आयात निर्यात ऐनको मस्यौदा तयार भएको छ ।

९.३७ वाणिज्य विभागको तीन वर्षीय रणनीतिक योजना, २०६८ कार्यान्वयनमा रहेको छ । यस अवधिमा वाणिज्य विभागबाट ६ सय १४ व्यवसायीहरू र ५ वाणिज्य कार्यालयहरूबाट १ हजार ४ सय ६६ वटा व्यवसायीहरूको बजार अनुगमन गरिएको, ४५ व्यवसायीलाई कारबाही गरिएको र ३ व्यवसायीलाई मुद्दा दायर गरिएको छ ।

९.३८ कण्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा ४० हजार ८ क्विन्टल नुन ढुवानी गर्ने लक्ष्यअनुरूप यस आर्थिक वर्षको फागुन मसान्तसम्ममा १९ हजार ५ सय ४७ क्विन्टल नुन ढुवानी भएको छ । नेपाल खाद्य संस्थानबाट चालु आर्थिक वर्षमा ३० दुर्गम जिल्लामा वार्षिक १५ हजार मेट्रिक टन खाद्यान्न ढुवानी गर्ने लक्ष्य रहेकोमा प्रथम आठ महिनासम्ममा ६ हजार ५ सय ६८ मेट्रिक टन खाद्यान्न ढुवानी भएको छ ।

९.३९ राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार मेट्रिक टन खाद्यान्न मौज्दात राख्ने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा १५ हजार ५३ मेट्रिक टन मौज्दात राखिएको छ । साथै, थप खाद्यान्न खरिद प्रक्रियामा रहेकोले यसै आर्थिक वर्षमा राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा लक्ष्यबमोजिम खाद्यान्न मौज्दात राखिने लक्ष्य लिइएको छ भने सार्क खाद्य सुरक्षा भण्डारमा ६ हजार ८ सय १५ मेट्रिक टन मौज्दात राखिएको छ ।

पर्यटन

९.४० पर्यटनबाट प्राप्त हुने आय ग्रामीण क्षेत्रसम्म पुऱ्याउने उद्देश्यका साथ होमस्टे सञ्चालन निर्देशिका, २०६७ कार्यान्वयनमा आएको छ । कर्मचारीहरूलाई आन्तरिक भ्रमणमा जान उत्प्रेरित गर्न बिदा पर्यटन सञ्चालन निर्देशिका, २०६८ कार्यान्वयन गरिएको छ भने विमानस्थल निरीक्षण निर्देशिका, २०६८ स्वीकृत भएको छ ।

९.४१ नेपाल भ्रमणमा आएका पर्यटकहरूको संख्या, तिनको वृद्धिदर तथा बसाइँ अवधिको विश्लेषण गर्दा २०६६ पौषदेखि २०६७ पौषसम्मको तुलनामा २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा नेपाल आउने पर्यटकहरूको संख्यामा २२.१ प्रतिशतले वृद्धि भई ६ लाख २ हजार ८ सय ६७ बाट ७ लाख ३६ हजार २ सय १५ पुगेको छ । २०६६ पौषदेखि २०६७ पौषसम्मको अवधिमा प्रति पर्यटक सरदर बसाइँ अवधि १२.६७ दिन रहेकोमा २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा सरदर बसाइँ अवधि वृद्धि भई १३.१२ दिन पुगेको छ ।

मञ्जूषा ९(घ) : नेपाल पर्यटन वर्ष, २०११

सन् २०११ लाई नेपाल पर्यटन वर्षका रूपमा मनाउने क्रममा सबै पर्यटन गतिविधिहरूमा पर्यटन वर्षलाई प्राथमिकता साथ समावेश गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रचारप्रसार गरिनुका साथै अन्तर्राष्ट्रिय प्रचारप्रसार गर्न Cable News Network (CNN) तथा British Broadcasting Corporation (BBC) मा नेपालको प्रचारप्रसार कार्य सुरु गरिएको, Asia Pacific Tourism Association (PATA), International Hotel & Restaurant Association (IH & RA) को सम्मेलन र एशियाली अल्पाइन संघ (UAAA) एवं अन्तर्राष्ट्रिय अल्पाइन संघ (UIAA) को वार्षिक बैठकहरू नेपालमा आयोजना गरिएको थियो। वर्षभरि नै विभिन्न मेला, उत्सव, महोत्सवमार्फत् आन्तरिक पर्यटन प्रवर्द्धन गरिनुका साथै पर्यटनलाई ग्रामीणस्तरसम्म पुऱ्याउन होमस्टे कार्यक्रममार्फत् जनचेतना, क्षमता अभिवृद्धि र तालिमहरू प्रदान गरिएको थियो। विश्व पर्यटन क्षेत्रको पुनःस्थापना र मुलुकभित्रैको बढ्दो पर्यटनमैत्री वातावरणले यस अवधिमा २२.१ प्रतिशतले पर्यटक आगमनमा वृद्धि भएको छ। यसरी विभिन्न अन्तर्राष्ट्रिय महत्वका कार्यक्रमहरूको आयोजना र अन्तर्राष्ट्रिय प्रचारप्रसारबाट पर्यटन वर्ष, २०११ ले नेपाललाई पर्यटन गन्तव्यस्थलको रूपमा विश्व सामु पुनःस्थापित गर्न सफल भएको छ।

९.४२ यसैगरी २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा नेपाल आउने कुल पर्यटकहरूमध्ये ५३.७ प्रतिशत यात्रा/भ्रमण, ११.७ प्रतिशत पदयात्रा र पर्वतारोहण, ८.७ प्रतिशत तीर्थयात्री, ४.१ प्रतिशत मनोरञ्जन, २.४ प्रतिशत व्यापार, ३.३ प्रतिशत औपचारिक, १.५ प्रतिशत सभा/सेमिनार, ०.३ प्रतिशत राफ्टिङ्ग, ४.१ प्रतिशतले अन्य उद्देश्य तथा ९.५ प्रतिशत (उद्देश्य नखुलेका) पर्यटकहरूले नेपाल भ्रमण गरेका छन्।

९.४३ यस अवधिमा कुल पर्यटक आगमनमध्ये देशगतरूपमा सबैभन्दा बढी पर्यटक आउने पाँच मुलुकहरूमा भारतबाट २० प्रतिशत, चीनबाट ८.४ प्रतिशत, श्रीलंकाबाट ८.१ प्रतिशत (लुम्बिनीको एक दिने भ्रमणमा आउने पर्यटकसहित), संयुक्त राज्य अमेरिकाबाट ५.७ प्रतिशत तथा संयुक्त अधिराज्यबाट ५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भारतबाट २०.१ प्रतिशत, चीनबाट ७.७ प्रतिशत, श्रीलंकाबाट ७.६ प्रतिशत (लुम्बिनीको एक दिने भ्रमणमा आउने पर्यटकसहित), संयुक्त राज्य अमेरिकाबाट ६ प्रतिशत तथा संयुक्त अधिराज्यबाट ५.८ प्रतिशत रहेको थियो।

९.४४ पर्यटन क्षेत्रको विकासको लागि उच्चस्तरीय तथा आधारभूतस्तरको जनशक्ति उत्पादनमा योगदान पुऱ्याउन सरकारी क्षेत्रमा स्थापित नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन लिई आर्थिक वर्ष २०६०/६१ देखि ट्राभल एण्ड टुरिजम म्यानेजमेन्ट (Travel and Tourism Management) र होटल व्यवस्थापन (Hotel Management) मा तीन वर्षे स्नातक तह तथा सन् २०११ देखि मास्टर अफ हस्पिट्यालिटी म्यानेजमेन्ट (MHM) को अध्यापन गर्दै आएको छ। प्रतिष्ठानबाट होटल व्यवस्थापनसम्बद्ध फुड प्रिपरेसन, फुड एण्ड वेभरेज सर्भिस, हाउस-किपिङ, फ्रन्ट अफिस, ट्राभल/ट्रेकिङ/रिभर गाइड, क्यानोनिङ तथा घुम्ती तालिम अन्तर्गत दलित, जनजाति, अपांग र कर्णालीसहित ५ वटा हिमाली जिल्लाका २ सय १८ जना सहभागीहरूलाई साना

होटल तथा लज व्यवस्थापन, होमस्टे व्यवस्थापन, कृषि पर्यटनलगायतका बिषयहरूमा तालिम प्रदान गरिएको छ। साहसिक पर्यटन अन्तर्गत ३४ जना महिलाहरूलाई च्याफ्टिङ तालिम दिइएको छ।

९.४५ पर्यटनसँग सम्बन्धित शैक्षिक अध्ययन तथा तालिमहरूको सञ्चालनबाट यस क्षेत्रमा आर्थिक वर्ष २०६७/६८ मा शैक्षिक कोर्ष तर्फ २ सय १ जना र तालिमहरू तर्फ २ हजार १५ जना गरी जम्मा २ हजार २ सय १६ जना र चालु आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा शैक्षिक कोर्ष तर्फ २ सय ४० जना र तालिमहरू तर्फ १ हजार २ सय ३२ जना गरी जम्मा १ हजार ४ सय ७२ जना थप दक्ष जनशक्ति तयार भइसकेका छन्। हालसम्म प्रतिष्ठानबाट उत्पादित जनशक्ति संख्या ३२ हजार पुगेको छ। त्यसैगरी तारागाउँ विकास समितिबाट २०६८ फागुनसम्म मुलुकभर विभिन्न आठ वटा ग्रामीण क्षेत्रमा २ सय ४० जनालाई होमस्टे व्यवस्थापन तालिम प्रदान गरिएको छ।

मञ्जुषा ९(ङ) : नेपाल पर्यटन दूरदृष्टि, २०२० र लुम्बिनी भ्रमण वर्ष, २०१२ को शुभारम्भ

सन् २०२० सम्ममा वार्षिक पर्यटक आगमन संख्या २० लाख पुऱ्याउने लक्ष्यका साथ नेपाल पर्यटन दूरदृष्टि, २०२० को औपचारिक शुभारम्भ भएको छ। पर्यटनबाट जनताको आर्थिक अवस्था सुधार गर्न र पर्यटन क्षेत्रलाई दिगो आर्थिक विकासको मेरुदण्डका रूपमा स्थापना गर्ने लक्ष्यका साथ कार्यान्वयनमा ल्याइएको पर्यटन दूरदृष्टिले नेपाललाई सुरक्षित, आकर्षक र अद्वितीय गन्तव्यस्थलको रूपमा विकास गर्न पर्यटकीय सम्पदाहरूको संरक्षण, विकास र प्रवर्द्धन गर्ने सोच राखेको छ। दूरदृष्टि कार्यान्वयनका क्रममा सन् २०१३ देखि २०२० सम्मको लागि विभिन्न पर्यटन क्षेत्रहरूलाई समेट्ने गरी पर्यटन अभियान वर्षहरूको घोषणा गरिएको छ। सोअनुसार सन् २०१३ मा सिस्ने-जलजला-ढोरपाटन र कर्णाली पर्यटन वर्ष, सन् २०१४ मा विदेह-मिथिला र सलहेस पर्यटन वर्ष, सन् २०१५ मा विराट-मेची-पहाडी पर्यटन वर्ष, सन् २०१६ मा रुरु रेसुङगा-पोखरा-अन्नपूर्ण-मनास्लु पर्यटन वर्ष, सन् २०१७ मा सिम्रौन-काठमाडौ-लाङटाङ पर्यटन वर्ष, सन् २०१८ मा अरूण-सगरमाथा पर्यटन वर्ष, सन् २०१९ मा चिसापानी-खप्तड-रामारोशन पर्यटन वर्ष र सन् २०२० मा आन्तरिक भ्रमण तथा नागरिक उड्डयन वर्षका रूपमा मनाउने निर्णय गरिएको छ।


सन् २०१२ लाई लुम्बिनी भ्रमण वर्षको रूपमा मनाउने निर्णय भए अनुसार लुम्बिनी भ्रमण वर्ष २०१२ को विधिवत समुद्घाटन भयो। गौतम बुद्धको जन्मस्थल लम्बिनीलाई विश्वसामु चिनाउने र सन् २०१२ मा ५ लाख पर्यटकहरूलाई यस पावन स्थलको भ्रमण गराउने लक्ष्यका साथ प्रारम्भ गरिएको यस अभियान अन्तर्गत विविध कार्यक्रमहरू आयोजना गरिएका छन्।

९.४६ २०६६ पौषदेखि २०६७ पौषसम्ममा नेपाल आउने पर्वतारोहण दलको संख्या २ सय ६९ रहेकोमा २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा केही घट्न गई पर्वतारोहण दलको संख्या २ सय ५९ भएपनि पर्वतारोहीहरूको संख्या भने केही बढेको छ। सो अवधिमा नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी २०६६ पौषदेखि २०६७ पौषसम्मको तुलनामा रू १ करोड ५९ लाखले वृद्धि भई २३ करोड २५ लाख पुगेको छ।

९.४७ २०६६ पौषदेखि २०६७ पौषसम्मको अवधिमा पर्यटन उद्योगमा दर्ता भई वर्गीकृत भएका तारेस्तरको होटल संख्या १ सय ३ रहेकोमा २०६७ पौषदेखि २०६८ पौषसम्मको अवधिमा सो संख्या १ सय ६ पुगेको छ। तारेस्तरको होटलबाहेकको पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको संख्या २०६६ पौषदेखि २०६७ पौषसम्मको अवधिमा ६ सय ८६ बाट ७ सय २१ पुगेको छ। तारेस्तरका होटलको शैयाको संख्या अघिल्लो आर्थिक वर्षको संख्यामा १ सय ९८ वटा शैया थप भई ९ हजार ३ सय २३ शैया पुगेको छ भने तारे होटलबाहेक पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको शैया संख्या १ हजार २ सय ४० वटा थप भई २१ हजार ४ सय ५७ पुगेको छ।

९.४८ आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा रू. ४९ करोड ४० लाख बढन गई रू. २८ अर्ब ६३ करोड ३० लाख पुगेको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्ममा रू. २४ अर्ब ६१ करोड बराबरको विदेशी मुद्रा आर्जन भएको छ। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा आर्जित विदेशी मुद्राको अंश कुल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्राको ४५.५ प्रतिशत, कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्राको २३ प्रतिशत र आर्जित कुल विदेशी मुद्राको ५ प्रतिशत रहेको छ।

चार्ट ९(क) : पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा



मञ्जूषा ९(च) : पर्यटकीय क्षेत्रहरूको घोषणा

मुलुकको पर्यटकीय सम्भावनाहरूलाई उजागर गर्न र सन्तुलितरूपमा पर्यटकीय सम्पदाहरूको पहिचान, विकास र प्रवर्द्धन गर्न ७५ वटै जिल्लाहरू समेट्ने गरी १८ वटा पर्यटकीय क्षेत्रहरू घोषणा यसै आर्थिक वर्षमा गरिएको छ। यी पर्यटन क्षेत्रहरूमा :(१) मेची पहाडी पर्यटकीय क्षेत्र (ताप्लेजुङ्ग, पाँचथर, इलाम) (२) विराट पर्यटकीय क्षेत्र (सुनसरी, मोरङ्ग, झापा) (३) अरूण पर्यटकीय क्षेत्र (संखुवासभा, तेह्रथुम, भोजपुर,धनकुटा), (४) सलहेस पर्यटकीय क्षेत्र (उदयपुर, सिरहा, सप्तरी), (५) सगरमाथा पर्यटकीय क्षेत्र (सोलुखुम्बु, ओखलढुङ्गा,खोटाङ्ग, रामेछाप), (६) विदेह-मिथिला पर्यटकीय क्षेत्र (सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा), (७) लाङ्गटाङ्ग-गौरीशङ्कर पर्यटकीय क्षेत्र (रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा), (८) काठमाडौ पर्यटकीय क्षेत्र (काठमाडौ,

ललितपुर, भक्तपुर, काभ्रे) (९) सिम्रौन पर्यटकीय क्षेत्र (चितवन, मकवानपुर, बारा, पर्सा, रौतहट), (१०) अन्नपूर्ण-मनास्लु पर्यटकीय क्षेत्र (गोर्खा, लमजुङ, मनाङ्ग, मुस्ताङ्ग), (११)पोखरा पर्यटकीय क्षेत्र (तनहुँ, स्याङ्जा, कास्की, पर्वत), (१२) लुम्बिनी पर्यटकीय क्षेत्र (नवलपरासी, रूपन्देही, कपिलवस्तु),(१३) रुरु-रेसुङ्गा पर्यटकीय क्षेत्र (गुल्मी, अर्घाखाँची, पाल्पा), (१४) सिस्ने-जलजला-ढोरपाटन पर्यटकीय क्षेत्र (बाग्लुङ्ग, म्याग्दी, प्युठान, रोल्पा, रुकुम, सल्यान), (१५) भेरी-काकेविहार पर्यटकीय क्षेत्र (जाजरकोट, दैलेख, सुर्खेत), (१६) रारा-कर्णाली पर्यटकीय क्षेत्र (डोल्पा, मुगु, हुम्ला, जुम्ला, कालीकोट), (१७) चिसापानी-ठाकुरद्वारा पर्यटकीय क्षेत्र (दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) (१८) खप्तड-रामारोशन पर्यटकीय क्षेत्र (बाजुरा, अछाम, बझाङ्ग, डोटी, दार्चुला, बैतडी, डडेलधुरा) रहेका छन् ।

९.४९ अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन र बजारीकरणका लागि विश्वविख्यात टिभी च्यानलहरू CNN र BBC मार्फत् नेपालको पर्यटन आकर्षणसम्बन्धी सामाग्री प्रसारण गरी पर्यटकहरूको ध्यानाकर्षण गरिएको छ । नेपाल पर्यटन बोर्डमार्फत् निजी क्षेत्रसहित भारत, चीन, बंगलादेश, संयुक्त अधिराज्य, जर्मनी, बेल्जियम, नेदरल्याण्ड्स, स्पेन, इटाली, सिङ्गापुर, थाइल्याण्ड तथा फ्रान्समा आयोजना भएका पर्यटन मेलाहरूमा सहभागिता, B2B Session (नेपाली तथा विदेशी टुर अपरेटरहरूको अन्तर्क्रिया) र पत्रकारसम्मेलन (Media Briefing) आयोजना गरी पर्यटन प्रवर्द्धन गरिएको छ । त्यसैगरी काठमाडौंमा विभिन्न अन्तर्राष्ट्रियसम्मेलन, जस्तै एसिया प्यसिफिक ट्राभल संघ (PATA), विश्व अल्पाइन सँगठन (UIAA) र एशिया अल्पाइन सँगठन (UAAA) को वार्षिक बैठक तथा अन्तर्राष्ट्रिय होटल तथा रेष्टुराँ संघ (IH & RA) को विश्वसम्मेलन आयोजना गरिनुका साथै देशभरिका विभिन्न उत्सव/महोत्सवहरूमा प्रवर्द्धनात्मक कार्य गरिएको छ । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि चेतनामूलक टिभी तथा रेडियो प्रचार सामाग्रीहरू तयार गरी राष्ट्रिय टेलिभिजन च्यानल, सिनेमा हल तथा एफ.एम. रेडियोहरूमार्फत् प्रसारण गरिएको छ । उड्डयन खेल (Aviation Sports) तर्फ २०६८ फागुनसम्म अनुमति प्राप्त पाराग्लाइडिङ संख्या १६ रहेको छ भने १ वटा संस्थालाई अल्ट्रालाइट र २ वटालाई स्काइ डाइभिङको लागि अनुमति दिइएको छ ।

तालिका ९(छ) : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लक्ष्य एवं उपलब्धिहरू

क्र.सं.	विवरण	२०६७ पौषसम्मको स्थिति	२०६८ पौषसम्मको लक्ष्य	२०६८ पौषसम्मको प्रगति *
१	पर्यटन आवागमन	६,०२,८८७	१०,००,०००	७,३६,२१५
२	पर्यटन बसाइ अवधि (दिनमा)	१२.६७	१३	१३.१२
३	पर्यटनबाट प्राप्त आय (रू. करोड)	२३४२.८७		२८६३.३०
४	प्रति पर्यटक आय (रू.)	३८८६२.१४		३८८९२.१७
५	प्रति पर्यटक प्रति दिन खर्च (रू.)	३०६७.२६		३११२.४३
६	प्रति अमेरिकी डलर औसत विनिमय दर (रू.)	७१		७८
७	प्रति पर्यटक प्रति दिन खर्च (अमेरिकी डलर बराबर)	४३.२	६३	३९.९०

क्र.सं.	विवरण	२०६७ पौषसम्मको स्थिति	२०६८ पौषसम्मको लक्ष्य	२०६८ पौषसम्मको प्रगति *
८	कुल गार्हस्थ्य उत्पादन (रू.करोड)	१३,४६८१.६		१५५८१७.४
९	कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशत)	१.८	३	१.८
१०	प्रत्यक्ष रोजगार (हजारमा)	११०	१२०	१२०
११	नियमित उडानमा नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (संख्यामा)	२७	२९	२९

** प्रारम्भिक अनुमान ।*

चुनौती तथा समाधान

९.५० वस्तु तथा सेवा उत्पादन तथा प्रदायक, विक्री वितरण गर्ने निकाय, उपभोक्ता र गुण नियन्त्रकको भूमिका निर्वाह गर्ने निकायहरूको काम, कर्तव्य र अधिकार समावेश गरी राष्ट्रिय गुणस्तर नीति तर्जुमा गर्नु पर्ने देखिएको छ ।

९.५१ औद्योगिक विकासको लागि एकै थलोबाट भौतिक पूर्वाधारसहितको सुविधा प्रदान गर्ने, स्थापित औद्योगिक क्षेत्रको पूर्णरूपमा सदुपयोग गराउनु पर्ने र सञ्चालनमा आएका औद्योगिक क्षेत्रहरूमा सडक, ढल, विद्युत, पानी वितरण प्रणाली, भवन तथा गोदाम जस्ता पूर्वाधारहरू जीर्ण र धेरै पुरानो भएकाले उचित मर्मत सम्भार तथा सुधारको आवश्यकता रहेको छ ।

९.५२ औद्योगिक क्षेत्रहरूमा पट्टामा (Lease) दिइएका औद्योगिक भवन, गोदाम भवनहरू उद्योगहरूले आफ्नो उत्पादन प्रकृति र आवश्यकतानुसार आफ्नो तजबीजमा प्रयोग गर्न भवन र टहराहरूको मूल्याङ्कन गरी सम्बन्धित उद्योहरूलाई हस्तान्तरण गर्दै जाने र यसबाट प्राप्त हुने रकम थप नयाँ औद्योगिक क्षेत्र स्थापनासम्बन्धी कार्यमा लगानी गर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ ।

९.५३ खाद्यान्न र नुन ढुवानी गरिने दुर्गम जिल्लाहरूको समयानुकुल पुनरावलोकन गर्नुका साथै खाद्यान्न र नुनका जीर्ण भण्डारण गोदामहरू मर्मत गर्ने र आवश्यकताअनुसार नयाँ गोदामहरू निर्माण गर्नुपर्ने देखिएको छ ।

९.५४ पेट्रोलियम पदार्थको आपूर्ति तथा वितरण सहज, नियमित र चुस्त बनाउन पेट्रोलियम पदार्थको कारोवारमा निजी क्षेत्रलाई समेत संलग्न गराउनु पर्ने देखिएको छ । पेट्रोलियम पदार्थको मौजुदा भण्डारणको क्षमतावृद्धि गरी कम्तिमा एक महिनाको मागलाई धान्न सक्ने बनाउनु पर्ने छ ।

९.५५ पर्यटन क्षेत्रमा पर्याप्त लगानी, भौतिक पूर्वाधारको व्यवस्थापन, पर्यटकीय स्थलहरूको संरक्षण र विकास, पर्यटन व्यवसायलाई आकर्षित तुल्याउने माध्यमहरू, अपेक्षित शान्ति र सुरक्षाको व्यवस्था तथा पर्यटकलाई लोभ्याउन सक्ने खूवी जस्ता पक्षहरूको अभावका कारण यो उद्योग प्रचुर मात्रामा फस्टाउन सकेको छैन । पर्यटकीय नयाँ गन्तव्यस्थलको पहिचान, विकास र प्रवर्द्धन अपेक्षितरूपमा गर्न नसकिएको मात्र होइन, यस क्षेत्रलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी प्राप्त लाभ ग्रामीण समुदायसम्म पुऱ्याउन पनि सकिएको छैन । यसको लागि पर्यटन स्थल र उपजमा विविधिकरण, गुणात्मक पर्यटक आगमनमा

वृद्धि गर्ने जस्ता पक्षहरूमा जोड दिनु पर्ने देखिन्छ । मूलतः पर्यटन क्षेत्रका लागि आवश्यक पर्यटकीय वस्तु विकास, बजारीकरण तथा विज्ञापन र सरल पहुँचमा गम्भीररूपले ध्यान दिनुपर्ने देखिन्छ ।

१०. भौतिक पूर्वाधार

१०. भौतिक पूर्वाधार

भौतिक योजना तथा निर्माण

शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम

१०.१ मुलुकका शहरी क्षेत्रमा भौतिक पूर्वाधार विकास गर्ने, स्थानीय निकाय एवं निजी क्षेत्र र नेपाल सरकारको समेत सहभागितामा जग्गा विकासको कार्यक्रम सञ्चालन गर्नुको साथै उत्पादनयोग्य जमिनमाथिको अतिक्रमण घटाउने र सोसम्बन्धी अध्ययन गर्ने, जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सुरु पुँजी (Seed money) उपलब्ध गर्न आवास ऋणप्रवाह (जग्गा विकास तथा आवास चक्रकोष सञ्चालन) गर्ने जस्ता उद्देश्य राखी सञ्चालन गरिएको यस कार्यक्रमबाट आर्थिक वर्ष २०६७/६८ मा ६४ जिल्लामा २ सय ६१ वटा विभिन्न सामुदायिक/दलित जनजाति छात्रावास भवन, अनाथालय, वृद्धाश्रम, आदिवासी सँग्रहालय आदिको निर्माण, ६ वटा बजार केन्द्रहरूको भौतिक विकास योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरूको कार्यान्वयन, महेन्द्रनारायण निधि मिथिला साँस्कृतिक केन्द्रको भवन निर्माण, ५ वटा बजार केन्द्रहरूको भौतिक विकास योजना तर्जुमालगायत जम्मा २ सय ८८ वटा कार्यक्रमहरू कार्यान्वयन गरिएका थिए । आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा यस कार्यक्रम अन्तर्गत २२ वटा बजार केन्द्रहरूको भौतिक विकास योजना कार्यान्वयन, ६१ वटा बजारहरूको पूर्वाधार विकास, ४ वटा क्षेत्रीय/जिल्लास्तरीय सभाहल, महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्र भवन निर्माण (क्रमागत), ८ वटा बजार केन्द्रको भौतिक विकास योजना तयार गरी मुख्य मुख्य पूर्वाधारहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेलगायत जम्मा २ सय ६१ वटा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

साना शहर बजार विकासबाट ग्रामीण विकास

१०.२ गाउँ शहरको अन्तरसम्बन्ध अभिवृद्धि गरी साना शहरमा शहरी पूर्वाधारको विकासद्वारा शहरी सुविधामा वृद्धि गरी भविष्यमा नगरपालिकाको लागि आवश्यक पूर्वाधारको विकास गर्ने, शहरी क्षेत्रमा बसाइँसराइको क्रम घटाउने, ग्रामीण पूर्वाधारको विकास गरी गाउँ वस्तीमा उत्पादित वस्तुहरूको बजार विकासद्वारा गरिबी घटाउने उद्देश्य राखी सञ्चालन गरिएको यस कार्यक्रम अन्तर्गत विभिन्न ९९ वटा साना शहर तथा बजारहरूको पूर्वाधार विकास, नेपालगञ्ज र डोटीमा निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने कार्य प्रारम्भ, ५ वटा साना शहरहरूको भौतिक विकास योजना तर्जुमा र पर्वत र इलाममा निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन गर्न योजना तर्जुमा गर्नेसहित जम्मा १ सय ९ वटा कार्यक्रमहरू कार्यान्वयन गरिएको थियो । चालु आर्थिक वर्ष २०६८/६९ मा ६३ वटा साना शहरको विभिन्न अध्ययन प्रतिवेदनअनुसार पूर्वाधार विकास गर्ने, ५ वटा स्थानहरूमा निर्देशित जग्गा विकास कार्यक्रम कार्यान्वयन गर्ने र ६ वटा साना शहरको गुरूयोजना/भौतिक विकास योजना तर्जुमा गरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्नेलगायत जम्मा ७४ वटा कार्यक्रम कार्यान्वयन गर्ने कार्य भइरहेको छ ।

एकीकृत कार्यमूलक योजना

१०.३ नगरपालिकाहरूमा व्यवस्थित शहरी विकासको लागि नगरपालिकाहरूको प्रत्यक्ष संलग्नता तथा स्थानीय जनसहभागिताको आधारमा बढी भन्दा बढी जनतालाई शहरी विकास योजना तर्जुमा कार्यमा संलग्न गराई आवधिक योजना तर्जुमा गर्ने र नगरपालिकाहरूको डिजिटल आधार नक्सा तयार गर्ने एवं नगरपालिका नभएका जिल्ला सदरमुकामहरूको भौतिक विकास योजना तर्जुमा गर्ने मुख्य उद्देश्य राखी यो कार्यक्रम कार्यान्वयन गरिएको हो। आर्थिक वर्ष २०६७/०६८ मा यस कार्यक्रमबाट कन्चनपुर-बेलौरी, धादिङबेसी-धादिङ, सल्यानटार-धादिङ, पाल्पा-रामपुर वर्दिया-न्यौलापुर, हुम्ला-सिमिकोट र वर्दिया - बाँसगढी नगर विकास समितिहरूको भौतिक विकास योजना तर्जुमा, ५ स्थानमा (भैरहवा, वुटवल, जनकपुर, लेखनाथ र मेचीनगर) जग्गा विकास कार्यक्रम (Land Pooling) सञ्चालन गर्न सम्भाव्यता अध्ययनलगायत २ नगरपालिकाहरूको डिजिटल शहरी आधार नक्सा तयार गर्ने र पकली र पोखरियाको जग्गा एकीकरण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरिएको थियो। आर्थिक वर्ष २०६८/६९ मा यस कार्यक्रम अन्तर्गत ३ वटा नगरपालिकाहरूको डिजिटल अर्बन वेस म्याप तयार गर्ने, ७ वटा नगरपालिकाहरूको आवधिक योजना तयार गर्ने, ५ वटा नगर विकास समितिहरूको भौतिक विकास योजना तर्जुमा गर्नेलगायत जम्मा २५ वटा कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य रहेको छ।

विशेष भौतिक तथा पूर्वाधारक्षेत्र विकास आयोजना

१०.४ दिगो विकासको अवधारणाअनुरूप राष्ट्रिय र स्थानीय महत्व रहेका विभिन्न साँस्कृतिक तथा धार्मिक क्षेत्रहरूको निर्माण र मर्मत सुधार एवं गुरूयोजना तर्जुमा गर्ने लक्ष्य राखी यो आयोजना सञ्चालन गरिएको हो। यस आयोजना अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा विभिन्न ८ स्थानहरूको गुरूयोजना तर्जुमा, ४ सय १२ स्थानहरूको दिगो विकासको अवधारणाअनुरूप र ३७ वटा विशेष महत्वका स्थानहरूमा स्थानीय जनसहभागिता परिचालन गरी विभिन्न भौतिक संरचनाहरूको विकास निर्माण तथा मर्मत सम्भार गर्ने कार्य सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६८/६९ मा ३९ स्थानहरूमा दिगो विकासको अवधारणाअनुरूप तयार भएका गुरूयोजनाले निर्देशित गरेका स्थानहरूमा भौतिक तथा पूर्वाधार विकास गर्ने, २ सय ५७ विशेष स्थानहरूको भौतिक तथा पूर्वाधार निर्माण तथा मर्मत कार्य स्थानीय जनसहभागिता परिचालन गरी गर्ने, ५ स्थानको बेसम्यापहरू तयार गरी दिगो विकासको अवधारणाअनुसार गुरूयोजना तयारी गर्ने कार्यक्रमलगायत २ सय ६९ वटा कार्यक्रमहरू कार्यान्वयन गर्ने लक्ष्य रहेको छ।

सघन शहरी विकास कार्यक्रम

१०.५ मुलुकका प्रमुख शहरहरूमा भौतिक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरी व्यवस्थित शहरीकरण तथा वातावरणीय सुधार गर्ने उद्देश्य राखी सञ्चालन गरिएको यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६७/०६८ मा विभिन्न २६ शहरी क्षेत्रमा पूर्वाधार तथा वातावरणीय सुधार, १८ वटा नगरपालिकाहरूको आवधिक योजना कार्यान्वयन, २ नगरपालिकामा गरिवी नक्सांकनले इङ्गित गरेका साना पूर्वाधार विकास कार्यक्रम, नयाँ

नेपाल निर्माण अन्तर्गत ५ ठूला शहरी कोरीडोरहरूको पूर्वाधार विकास कार्यक्रम क्रमागतरूपमा सञ्चालन हुनुका साथै मध्यपहाडी लोकमार्ग र उत्तर दक्षिण कोरीडोरको आसपासमा पर्ने १० वटा शहरहरूको पूर्वाधार विकासको सम्भाव्यता अध्ययन र निर्माणाधीन काठमाडौं तराई मधेश फाष्ट ट्रयाक र मध्यपहाडी लोकमार्गले छुने २ वटा शहरको दीर्घकालीन विकास योजना र मुख्य पूर्वाधारको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्य भएको छ। साथै, सोही अवधिमा अन्तर्राष्ट्रिय विश्व बसोबास दिवस मनाउने, हेल्दी सिटी, इकोसिटीसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने, चेतनामूलक वर्षे पानी संकलन तथा पुनःभरणसम्बन्धी प्रविधि जडान गर्नेलगायतका कार्यक्रमहरू सञ्चालन भएका थिए। आर्थिक वर्ष २०६८/६९ मा २५ नगरपालिकाको आवधिक योजना, भौतिक विकास योजनाअनुसार पूर्वाधार विकास गर्ने कार्यक्रम, ६ ठूला शहरी कोरीडोर (दुहवी-इनरूवा-इटहरी-धरान, पाँचखाल-धुलीखेल-बनेपा-पनौति, पोखरा-लेखनाथ-दुलेगौंडा, सुर्खेत-दशरथपुर-छिञ्चु, अत्तरिया- धनगढी, कपिलवस्तु-लुम्बिनी-सिद्धार्थनगर -बुटवल) को पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिने, मध्य पहाडी लोकमार्ग र उत्तर-दक्षिण कोरिडोरको आसपासमा पर्ने १० वटा शहरहरूको मुख्य पूर्वाधारहरूको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने तथा २ वटा शहरहरूको पूर्वाधार विकास गर्ने, २ स्थानमा जग्गा खरिद गर्ने, इको सिटी, हेल्दी सिटी, रेन वाटर हार्भेष्टिडसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नेलगायत यस कार्यक्रम अन्तर्गत जम्मा १ सय ४८ वटा कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

शहरी तथा वातावरणीय सुधार आयोजना र मझौला शहर एकीकृत शहरी तथा वातावरण सुधार आयोजना

१०.६ शहरी तथा वातावरणीय सुधार आयोजनाको दोस्रोचरणको रूपमा आर्थिक वर्ष २०६७/६८ देखि सञ्चालित मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना विराटनगर उप-महानगरपालिका, विरगञ्ज उप-महानगरपालिका, वुटवल नगरपालिका तथा काभ्रे उपत्यकामा (एकीकृत खानेपानी आयोजना सञ्चालनको लागि) सञ्चालन भई रहेको छ। यस आयोजना अर्न्तगत नगरपालिकाहरूमा ढल तथा प्रशोधन केन्द्र निर्माण, फोहोरमैला व्यवस्थापन, तथा विभिन्न सरसफाइ/सामुदायिक विकासका कार्यहरू गरिने कार्यक्रम छ।

बाहिरी चक्रपथ विकास आयोजना

१०.७ आर्थिक वर्ष ०६१/०६२ देखि सुरु भएको यस आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यक्रम क्रमागतरूपमा रहेको छ। वातावरणीय/सामाजिक प्रभाव मूल्याङ्कन गर्ने कार्यको प्रतिवेदन वातावरण मन्त्रालयमा स्वीकृतिको लागि पेश भएको छ। नीतिगत अस्पष्टता, जग्गाधनीहरूको असहमति र राजनैतिक प्रतिवद्धताको कमीले यस आयोजनाले खासै प्रगति गर्न सकेको छैन। यस आर्थिक वर्ष २०६८/६९ मा विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

भवन निर्माण संहिता, सरकारी भवन निर्माण

१०.८ भवन संहिता तयार गरी यसको कार्यान्वयन गर्ने, सरकारी भवन निर्माण गर्ने तथा मौजुदा

सरकारी भवनहरूको अवस्था समेत देखिने गरी सरकारी भवनको अभिलेख संकलन गर्ने र वैकल्पिक निर्माण सामग्रीको पहिचान तथा दैवी प्रकोप एवं भूकम्पीय प्रभावबाट सुरक्षित र किफायती भवनहरूको निर्माण गर्ने लक्ष्य लिई यो कार्यक्रम सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०६७/६८ मा विभिन्न ८ वटा सरकारी भवनहरूको निर्माण कार्य सम्पन्न भएको थियो भने १९ वटा सरकारी भवनहरूको निर्माण कार्य प्रारम्भ भएको थियो। ललितपुर बाडेगाउँ स्थित कृष्णप्रसाद भट्टराई आश्रम निर्माण कार्यलाई निरन्तरता दिइएको थियो भने सुर्खेत, अछाम र रूपन्देहीमा ३ वटा सरकारी/सामुदायिक भवन प्रवलीकरण कार्य प्रारम्भ गरिएको थियो। विभिन्न निकायका प्राविधिक, निर्माण व्यवसायी र कालीगढहरूलाई भवन संहितामा आधारित सुरक्षित भवन निर्माण, ई.विडिङ्ग जस्ता तालिम सञ्चालका साथै भवन संहिता परिमार्जन गर्ने कार्यको थालनी समेत गरिएको थियो। आर्थिक वर्ष २०६७/६८ मा क्रमागत रहेका १९ वटा भवनहरूमध्ये आर्थिक वर्ष २०६८/६९ मा ६ वटाको निर्माण कार्य सम्पन्न गर्ने, ५ वटा नयाँ भवन निर्माण कार्य प्रारम्भ गर्ने, कृष्णप्रसाद भट्टराई आश्रम निर्माणकार्य निरन्तरता दिने, भवन संहिताको परिमार्जन गर्ने, सरकारी भवनहरूको Digital Inventory तयार गर्ने, निर्माण व्यवसायी र कालीगढहरूलाई भवन संहितामा आधारित सुरक्षित र किफायती भवन निर्माणसम्बन्धी तालिम दिने, राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउनेलगायत ८२ वटा कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

विराटनगर चक्रपथ आयोजना

१०.९ बढ्दो जनसंख्याका कारण विराटनगर उप-महानगरपालिका र आसपासका गाउँ विकास समितिहरूमा तीव्र वस्ती विस्तार हुन गई पैदल यात्री र सवारी साधनको चाप बढ्न गएकोले यसलाई व्यवस्थित गर्न जग्गा विकासको माध्यमबाट आवश्यक जग्गाको व्यवस्था गरी करिब ४१ किलो मिटर लम्बाइको चक्रपथ निर्माण गरी यसको दुवै तर्फ गरी करिब १ सय ८२ मीटर क्षेत्रमा नमूनाको रूपमा योजनाबद्ध तथा व्यवस्थित शहरी विकास गर्ने यस आयोजनको मुख्य उद्देश्य रहेको छ। आर्थिक वर्ष २०६७/६८ मा १५ किलो मिटरको विस्तृत आयोजना प्रस्ताव तयार गर्ने कार्य सम्पन्न भएको थियो भने दोस्रो खण्ड १५ किलो मिटर र तेस्रो खण्ड ११ किलो मिटरको विस्तृत योजना प्रतिवेदन तयार गर्ने कार्य प्रारम्भ भएको थियो। त्यस्तै, करिब ३२ किलो मिटर ट्रयाक खोल्ने कार्य सम्पन्न समेत भएको छ। चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनासम्म दोस्रो खण्ड १५ किलो मिटरको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने कार्यको Draft Final Report प्राप्त भइसकेको छ भने ट्रयाक खोल्ने कार्य सम्पन्न भई बाटो स्तरोन्नति गर्ने कार्य भइरहेको छ।

नमूना एकीकृत वस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड-हिमाल) नयाँ नेपाल निर्माण अभियान अन्तर्गत

१०.१०नगरपालिका नभएका जिल्ला सदरमुकामको एकीकृत पूर्वाधार विकास, नमूना गाउँ विकास समिति/गाउँको अवधारणाअनुसार पूर्वाधार विकास, घनावस्ती कार्यक्रमको माध्यमबाट छरिएर रहेका वस्तीहरूलाई उपयुक्त ठाउँमा एकीकृत गरी एकीकृत पूर्वाधार

विकास गर्ने र समाजमा आर्थिकरूपले विपन्न, दलित र लोपोन्मुख जातजातिहरू जस्तैः डोम, मुसहर, चमार, दुसाध, खत्वे र राउटे, कुसुन्डा, चेपाङ्ग, सुरेल, वादी, गन्धर्वका लागि न्यून लागतमा आवास इकाई उपलब्ध गराउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ। आर्थिक वर्ष २०६७/०६८ मा अध्ययन सम्पन्न भएका ७ जिल्लामा एकीकृत घनावस्ती कार्यक्रम, ३ स्थानमा नमूना गाउँ अध्ययन प्रतिवेदन कार्यान्वयन, १२ स्थानमा नमूना गाउँ विकास समितिको योजनाअनुसार पूर्वाधार विकास गर्ने कार्यक्रम कार्यान्वयन गरिएको थियो। रोल्पा जिल्लाको थवाङ्ग नमूना एकीकृत वस्ती विकास कार्यक्रमको साथै नगरपालिका नभएका १३ जिल्ला सदरमुकामहरूको एकीकृत पूर्वाधार विकास कार्य गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको थियो। जनता आवास कार्यक्रम अन्तर्गत सिराहा, सप्तरी र कपिलवस्तुमा दलित तथा विपन्न मुसलमानको लागि १ हजार २ सय ४७ वटा आवास निर्माण सम्पन्न भएको थियो भने २ हजार ५ सय ५८ वटा आवास निर्माण विभिन्न चरणमा रहेका थिए। आर्थिक वर्ष २०६८/६९ मा एकीकृत घनावस्ती कार्यक्रम अन्तर्गत हालसम्म कालिकोटको निर्माण कार्य सम्पन्न भएको र अन्य ५ जिल्लामा (हुम्ला, प्युठान, म्याग्दी, नुवाकोट, अछाम) मा निर्माण कार्य चालु रहेको छ। एकीकृत घनावस्ती विकासको सम्भाव्यता अध्ययनको कार्य शुरू भएको छ।

१०.११ जनता आवास कार्यक्रम अन्तर्गत विगत आर्थिक वर्षहरूमा सुरु भएको २ हजार ५ सय ५८ आवास इकाई मध्ये हालसम्म १ हजार ६ सय ४१ को निर्माण कार्य सम्पन्न भएको छ भने बाँकीको निर्माण कार्य जारी रहेको छ। चालु आर्थिक वर्षमा सुरु गर्ने लक्ष्य लिइएको ७ सय ९९ वटा आवास इकाई मध्ये ९२ वटाको निर्माण कार्य सुरु भएको छ भने अन्यको सर्वेक्षण कार्य सम्पन्न भई लाभग्राही छनौट गर्ने कार्य भइरहेको छ। त्यस्तै, काठमाडौ उपत्यकाका सुकुम्बासी वस्तीहरू व्यवस्थित गर्न काठमाडौंको इचगुंनारायण जग्गा विकास कार्यक्रम आयोजना क्षेत्र भित्र हालसम्म ५ रोपनी ९ आना २ पैसा (गत आर्थिक वर्षमा २ रोपनी ५४ आना २ पैसा सहित) जग्गा खरिद भएको छ।

नेपाल भारत सीमा एकीकृत जाच चौकी विकास आयोजना

१०.१२ भारत तथा नेपाल बीच तथा दुई देशका जनताहरू बीच लामो समयदेखि विद्यमान व्यापार, वाणिज्य तथा आर्थिक सम्बन्धलाई अझ सुदृढ तथा विविधिकरण गर्न दुबै देशको सीमाका ४ स्थानमा योजनाबद्ध तथा प्रभावकारी एकीकृत सीमा जाचँ चौंकी पूर्णरूपमा भारतीय सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको छ।

शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम

१०.१३ गरिबी निवारण, राष्ट्रिय शहरी नीति, र अन्तरिम योजनाको दीर्घकालीन परिकल्पनाअनुसार आधारभूत सेवा तथा प्राथमिकताका पूर्वाधारहरूको दीगो व्यवस्थापन गरी सहभागी नगरपालिकाहरू (मेचीनगर, इटहरी, धनकुटा, लेखनाथ, तानसेन र वाग्लुङ्ग) को सेवा प्रवाहमा सुधार ल्याउने उद्देश्यले यस आर्थिक वर्ष २०६८/६९ देखि आगामी ५ वर्षमा सम्पन्न गर्ने गरी विश्व बैंकको ऋण सहयोगमा यो कार्यक्रम सुरु भएको छ।

पूर्वाधार विकासतर्फ

१०.१४ स्थानीय तहका भौतिक तथा सामाजिक पूर्वाधारहरूको माध्यमबाट स्थानीय जनताहरूको सामाजिक सेवा आर्थिक अवसर र स्रोतको पहुँचमा अभिवृद्धि गरी जनताको सकृयता र सहभागितामा उनीहरूको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने मुख्य ध्येयका साथ सन्चालित आयोजना तथा कार्यक्रमहरू यस अन्तर्गत पर्छन् जसको प्रगति देहायबमोजिम छ :

ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना

१०.१५ स्थानीय तहमा बाह्रै महिना सडक सञ्चालन तथा ग्रामीण सडक मर्मत सम्भार, सामुदायिक पूर्वाधार तथा यातायात सेवा र सुधार गर्ने उद्देश्यले विश्व बैंकको आर्थिक सहयोगमा झोलुङ्गे पुलतर्फ २८ जिल्लाहरू र सडकतर्फ ३० जिल्लाहरूमा यो कार्यक्रम सञ्चालन भइरहेको छ ।

तालिका १० (क) : ग्रामीण पहुँच तथा विकेन्द्रीकरण परियोजनाको प्रगति

सि.नं.	कार्यक्रम	इकाई	२०६७/६८	२०६८/६९*
१.	बाह्रै महिना सञ्चालन हुने सडक	किलो मिटर	६४	११४
२.	झोलुङ्गे पुल	वटा	२०	२३
३.	मौसमी सडक	किलो मिटर	१२	१०

** प्रथम आठ महिनाको*
स्रोत: स्थानीय विकास मन्त्रालय

ग्रामीण पुन निर्माण तथा पुन:स्थापना कार्यक्रम

१०.१६ स्थानीय पूर्वाधारहरूको विकास गरी ग्रामीण जनताको बजारसम्म पहुँच पुऱ्याई उनीहरूको सामाजिक, आर्थिक विकासका साथै रोजगारीका अवसर वृद्धि गरी जीवनस्तरमा सुधार गर्ने मुख्य उद्देश्यका साथ यो कार्यक्रम कार्यान्वयन भइरहेको छ ।

तालिका १० (ख) : ग्रामीण पुन निर्माण तथा पुन:स्थापना कार्यक्रमको प्रगति

सि.नं.	कार्यक्रम	इकाई	२०६७/६८	२०६८/६९*
१.	सडक निर्माण	किलो मिटर	७५०	१०७
२.	खानेपानी आयोजना	वटा	९३	७३
३.	झोलुङ्गे पुल	वटा	९३	२५
४.	मोटरेवल पुल	वटा	-	१५

** प्रथम आठ महिनाको*
स्रोत: स्थानीय विकास मन्त्रालय

जिल्ला सडक सहयोग कार्यक्रम

१०.१७ नेपाल सरकार र स्वीस सरकारको सहयोगमा २०५९ देखि सञ्चालित यस कार्यक्रमबाट मुख्यत: स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरी ग्रामीण सडक पूर्वाधारको विकास गर्ने लक्ष्य लिइएको छ ।

तालिका १० (ग) : जिल्ला सडक सहयोग कार्यक्रमको प्रगति

सि.नं.	कार्यक्रम	इकाई	२०६७/६८	२०६८/६९*
१.	सडक निर्माण	किलो मिटर	२१.५	२२
२.	नियमित सडक मर्मत सम्भार	किलो मिटर	३०७	११०
३.	सडक पुर्नस्थापना	किलो मिटर	८५	१५
४.	सडक आवधिक मर्मत सम्भार	किलो मिटर	२२५	-

** प्रथम आठ महिनाको*
स्रोतः स्थानीय विकास मन्त्रालय

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम

१०.१८सामुदायिक पूर्वाधारहरूको निर्माण तथा सुधारका लागि २१ जिल्लामा सञ्चालनमा रहेको यस कार्यक्रमको प्रमुख उद्देश्य ग्रामीण क्षेत्रका गरीब परिवारको खाद्य सुरक्षा स्थितिमा सुधार ल्याई उनीहरूको स्वावलम्बन क्षमता अभिवृद्धि गर्नु हो । यस कार्यक्रमबाट ग्रामीण सडक निर्माणका साथै स-साना आय आर्जन वृद्धिका कार्यहरू सञ्चालन भइरहेका छन् । आर्थिक वर्ष २०६७/६८ मा ७४ किलो मिटर सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ७१.५ किलो मिटर ग्रामीण सडक निर्माण कार्य सम्पन्न भएको थियो भने आर्थिक वर्ष २०६८/६९ को समीक्षा अवधिसम्ममा ग्रामीण सडक तथा आयआर्जनसम्बन्धी योजना सञ्चालन गर्न २१ जिल्लाका १ सय १० वटा गाउँ विकास समितिहरू छनौट गरी पठाइएकोमा उक्त गाउँ विकास समितिहरूमा योजना छनौट भई डिजाईन तथा इष्टिमेटको कार्य भइरहेको छ ।

विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार आयोजना

१०.१९आर्थिक वर्ष २०६२/६३ देखि १८ जिल्लामा ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक पूर्वाधार निर्माण गर्ने, यातायात सञ्जाल विस्तार गर्ने, ग्रामीण रोजगारीका क्रियाकलाप सञ्चालन गर्ने, स्थानीयस्तरको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो आयोजना सञ्चालन भएको हो ।

तालिका १० (घ) : विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार आयोजनाको प्रगति

सि.नं.	कार्यक्रम	इकाई	२०६७/६८	२०६८/६९*
१.	सडक निर्माण	किलो मिटर	१००	२२
२.	सडक पुनस्थापना र स्तरोन्नति	किलो मिटर	५०	१२
३.	क्रमागत झोलुङ्गे पुल निर्माण	वटा	२८	-

** प्रथम आठ महिनाको*
स्रोतः स्थानीय विकास मन्त्रालय

ग्रामीण पहुँच कार्यक्रम दोस्रो चरण

१०.२०भोजपुर, संखुवासभा, खोटाङ, अछाम, डोटी, तेह्थुम र दैलेख जिल्लामा सञ्चालित यस कार्यक्रमले ग्रामीण यातायात तथा पूर्वाधार विकासको माध्यमबाट गरीब जनताहरूको जीवनस्तरमा सुधार गर्ने उद्देश्य लिएको छ । यस कार्यक्रमवाट आर्थिक वर्ष ०६७/६८ मा

१ सय २१ कि.मि. र आर्थिक वर्ष २०६८/६९ को समिक्षा अवधिसम्म २५ कि.मि. ग्रमीण सडक निर्माण भएको छ :

झोलुङ्गे पुल क्षेत्रगत तथा स्थानीयस्तरका सडक पुल कार्यक्रम

१०.२१ देशका ७५ जिल्लाहरूमा यो कार्यक्रम सञ्चालनमा रहेको छ । मुख्य एवं स्थानीय मार्गमा पर्ने झोलुङ्गे पुलहरूको निर्माण तथा बृहत मर्मत सम्भार गरी ग्रामीण पहुँचमा सुधार ल्याउने उद्देश्यबाट यो कार्यक्रम सञ्चालित छ । आर्थिक वर्ष २०६७/६८ मा झोलुङ्गे पुलतर्फ क्रमागत २ सय २५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको तथा ३२ वटा झोलुङ्गे पुलहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाईन कार्य सम्पन्न भएको थियो । १ हजार ९ सय ८४ वटा पुल नियमित मर्मत, १ सय ४४ वटा पुलहरूको बृहत् मर्मत कार्य, २ लाख १३ हजार मीटर लट्ठा खरिद गर्ने कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६८/६९ को प्रथम ८ महिनामा सर्भे डिजाईन २१ वटा, ठेक्का सम्झौता ५६ वटा, फाउन्डेसन तथा कंक्रिटिङ ६० वटा तथा ७४ वटा झोलुङ्गे पुलमा लट्ठा तान्ने र जडान गर्ने कार्य सम्पन्न भएको छ भने क्रमागत ५० वटा झोलुङ्गेपुल हरूको निर्माण कार्य सम्पन्न भएको छ ।

स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार कार्यक्रम

१०.२२ स्थानीयस्तरका सडकहरूमा नियमित यातायात सञ्चालनका लागि आवश्यक पुलहरू बनाई गरिबी निवारणको लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने उद्देश्यले सन् २०११ देखि यो कार्यक्रम ७५ वटै जिल्लामा सञ्चालन भएकोमा हाल ४४ जिल्लाहरूमा पुल निर्माण कार्य भइरहेको छ । आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रमबाट ८ वटा क्रमागत पुल निर्माण सम्पन्न भएका थिए भने ३७ वटा क्रमागत पुलहरू निर्माणाधिन थिए । चालु आर्थिक वर्ष को प्रथम ८ महिनामा ६७ वटा पुलहरूमा Super Structure, DPR Substructure र Contract को कार्य भइरहेको छ भने समग्रमा ७० वटा पुलहरू निर्माणाधिन अवस्थामा रहेका छन् ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम

१०.२३ दीर्घकालीन कृषि योजनामा व्यवस्था भएअनुसार कृषि उत्पादनको दृष्टिले महत्वपूर्ण पकेट क्षेत्रहरूमा उत्पादन र बजार प्रक्रियालाई सघाई निजी क्षेत्रको आर्थिक क्रियाकलाप अभिवृद्धि गर्न कृषि उत्पादन हुने थलोलाई मोटर चल्ने मूल सडकमा जोड्ने उद्देश्यले ग्रामीण कृषि सडकको निर्माण गर्ने र ग्रामीणस्तरका सडक तथा गोरेटो घोडेटो बाटोहरू निर्माण तथा मर्मत सुधार गर्ने उद्देश्यले कृषि तथा स्थानीयस्तरका सडक आयोजना सञ्चालनमा रहेकोमा आर्थिक वर्ष २०६६/६७ देखि यसको नाम स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम रहेको छ ।

तालिका १० (ङ): स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको प्रगति

सि.नं.	कार्यक्रम	इकाई	२०६७/६८	२०६८/६९*
१.	सडक सर्वेक्षण	किलो मिटर	४८०	१४०
२.	कच्ची सडक निर्माण	किलो मिटर	९३२	२००
३.	सडक मर्मत सम्भार	किलो मिटर	११०२	३४०
४.	सडक कालोपत्रे	किलो मिटर	२६	-
५.	कजवे पुल पुलेसा निर्माण	वटा	३६०	५०
६.	सडक ग्राभेल	किलो मिटर	२२५	१५०

** प्रथम आठ महिनाको*

स्रोत: स्थानीय विकास मन्त्रालय

ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना

१०.२४ सम्पूर्ण जनसंख्यालाई खानेपानीको सुविधा र ४० प्रतिशत जनसंख्यालाई सरसफाइ सुविधा पुऱ्याउने लक्ष्यका साथै सञ्चालित यस कार्यक्रम अन्तर्गत ग्राभिटी खानेपानी, ट्यूववेल जडान, वर्षातको पानी संकलन, चर्पी निर्माण र वातावरणीय सरसफाइका अतिरिक्त जनचेतनामूलक कार्यक्रमहरू र खानेपानी तथा सरसफाइको क्षेत्रमा WASH (Water Supply Sanitation and Hygiene) अवधारणाअनुसार कार्यक्रम सञ्चालन गर्न स्थानीय निकायहरूलाई मार्ग दर्शन गर्ने काम समेत हुँदै आएको छ। आर्थिक वर्ष २०६७६८ मा १ सय १० वटा क्रमागत तथा नयाँ ग्राभिटी खानेपानी आयोजना सम्पन्न भएका थिए। २ वटा आकाशे पानी संकलन कार्यक्रम, ३ वटा डिप ट्युववेल जडान, १ सय ३१ वटा स्यालो ट्युववेल जडान भएका थिए। आर्थिक वर्ष २०६८/६९ को समीक्षा अवधिमा १ सय ५० वटा क्रमागत तथा नयाँ ग्राभीटी खानेपानी आयोजना सम्पन्न गर्ने लक्ष्यअनुरूप कार्यक्रम तर्जुमा गरी सञ्चालन भइरहेको छ।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

१०.२५ सुदूर तथा मध्य पश्चिमाञ्चलका (हुम्ला, दैलेख, कैलाली, डोटी, अछाम, वाजुरा, वझाङ, दार्चुला, बैतडी र डडेल्धुरा) जिल्लाहरूमा दिगो खानेपानी तथा सरसफाइ व्यवस्थापन गरी वातावरणीय अवस्थामा सुधार एवं जनताको जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन भएको छ। आर्थिक वर्ष २०६७/६८ मा खानेपानी तथा सिँचाइ र लघु जलविद्युत स्किमबाट १ लाख ११ हजार जना लाभान्वित भएका थिए भने आर्थिक वर्ष २०६८/६९ को दोस्रो चौमासिक अवधिसम्ममा खानेपानी सरसफाइ, सिँचाइ र लघु जलविद्युत स्किमबाट २२ हजार २ सय ६० जना लाभान्वित भएका छन्।

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना

१०.२६ तनहुँ, स्याङ्जा, पर्वत, बाग्लुङ, म्याग्दी, कपिलवस्तु, रूपन्देही, नवलपरासी र प्यूठान जिल्लामा ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम आर्थिक वर्ष २०६५/६६ देखि सुरु भएको हो। परियोजना क्षेत्रका पहाडी ६ जिल्लाहरूमा खानेपानी तथा सरसफाइ सुविधा वढाउनु र तराईका ३ जिल्लाहरूमा आर्सेनिक न्यूनीकरण गर्नु मूख्य उद्देश्य रहेको छ।

तालिका १० (च) : पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको प्रगति

सि.नं.	कार्यक्रम	इकाई	लाभान्वित संख्या	
			२०६७/६८	२०६८/६९ * (समीक्षा अवधि)
१.	नयाँ ग्राभेटी खानेपानी तथा सरसफाइ आयोजना	जना	२१,६९३	३५,९१४
२.	सरसफाइ तथा स्वस्थ्य कार्यक्रम	जना	२,८५,६४०	९५,३५७
३.	आर्सेनिक न्यूनीकरण कार्यक्रम	जना	१,७३४	२,५४०
४.	क्षमता अभिवृद्धि, वातारण संरक्षण र आयमूलक कार्यक्रम	जना	४१,१२१	१२,३३७

** प्रथम आठ महिनाको*

स्रोतः स्थानीय विकास मन्त्रालय

जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रम

१०.२७अछाम, दैलेख, जाजरकोट कालिकोट, दोलखा, ओखलढुङ्गा, खोटाङ्ग, रामेछाप, जिल्लाका ग्रामीण क्षेत्रमा रहेका किसानहरूको खाद्य सुरक्षामा सुधार पुऱ्याउने अभिप्रायले यो कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रमबाट जनताको जीवनस्तर सुधार गर्न, आयस्रोतमा वृद्धि र खाद्यान्न अभाव क्षेत्रमा नगदे बाली उत्पादन बढाउन ८३ वटा स–साना सिँचाइ कुलो निर्माण सम्पन्न भएका थिए। आर्थिक वर्ष २०६८/६९ को प्रथम ८ महिनामा यस कार्यक्रमबाट २७ वटा सिँचाइ योजनाहरू निर्माण सम्पन्न भएको छ।

साना सिचाइ तथा पूर्वाधार विकास कार्यक्रम

१०.२८ साना सिँचाइ तथा अन्य पूर्वाधार विकास कार्यक्रम अर्न्तगत साना सिँचाइ, नदी नियन्त्रण, लघु जलविधुत, फोहोरमैला व्यवस्थापन, आवास भवन तथा शहरी विकास र सामाजिक पूर्वाधार विकास कार्यक्रमहरू पर्दछन। राष्ट्रिय जलस्रोत नीति, २०६० र स्थानीय पूर्वाधार विकास नीति, २०६१ मा भएको व्यवस्थाअनुसार पहाडमा २५ हेक्टर र तराईमा २ सय हेक्टर भन्दा कम क्षेत्रफल भएको साना सिँचाइ आयोजना आर्थिक वर्ष २०६६/६७ मा निक्षेपण भई स्थानीय निकायमार्फत् सञ्चालन भइरहेका छन्। आर्थिक वर्ष २०६७/६८ मा ४ सय ५० वटा क्रमागत तथा नयाँ सिँचाइ योजनाहरूको निर्माण कार्य सम्पन्न भएको थियो भने चालु आर्थिक वर्षको प्रथम ८ महिनामा मेशिनरी औजार खरिद र ६ सय वटा साना सिँचाइ योजना निमाणको चरणमा रहेका छन्।

सामुदायिक सिचाइ आयोजना

१०.२९कञ्चनपुर, कैलाली, दाङ, कपिलवस्तु, डोटी, सल्यान, रूकुम, रोल्पा, प्यूठान, बझाङ, जुम्ला र मुगुमा सञ्चालित यस आयोजनाको उद्देश्य थप १७ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याई उल्लेखित १२ वटा जिल्लाहरूका गरिब, विपन्न र अन्य पिछडिएका समुदायका कृषकहरूको सिँचाइ सुविधामा पहुँच बढाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर

बनाउन रहेको छ। चालु आर्थिक वर्षको प्रथम ८ महिनामा तालिम २४ जनालाई, मेशिनरी औजार खरिद र परामर्श सेवा खरिद भएको छ।

जनसहभागितामा आधारित विकास कार्यक्रम (कार्यक्षेत्र ७५ जिल्ला)

१०.३० स्थानीयस्तरका माग र आवश्यकताअनुरूप पहिचान गरिएका पूर्वाधारहरूको निर्माणका लागि जनसहभागितामा आधारित श्रममूलक विकास कार्यक्रमहरू सञ्चालन गरी स्थानीयस्तरमा रोजगारी सृजना गर्ने लक्ष्य यस कार्यक्रमको रहेको छ भने कार्यक्रम सञ्चालन प्रत्येक आर्थिक वर्षमा मन्त्रालयबाट तयार गरिएका निर्देशिकामा आधारित रहेर गर्ने गरिएको छ। चालु आर्थिक वर्षको प्रथम ८ महिनामा स्थानीय विकास मन्त्रालयका लागि छुट्याइएको २० करोडबाट ३ सय ५२ वटा योजना छनौट गरिएको छ।

कर्णाली र कर्णाली वरिपरि विशेष कार्यक्रम

१०.३१ कर्णाली र कर्णाली वरिपरिका क्षेत्रहरूको जीवनस्तर उकास्न एवं गरिबी निवारण गर्न यातायात पूर्वाधारको विकास गर्ने, स्थानीय कृषि प्रणालीमा आधुनिकीकरण, स्थानीय सीप तथा प्रविधिको विकास गरी रोजगारीको अवसर सृजना गर्ने उद्धेश्यले आर्थिक वर्ष २०६८/६९ देखि जुम्ला, हुम्ला, मुगु, कालीकोट, डोल्पा, दार्चुला, बजाङ्ग, बाजुरा, अछाम, र जाजरकोट, जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ। चालु आर्थिक वर्ष को प्रथम ८ महिनामा कर्णाली र कर्णाली वरिपरि विशेष कार्यक्रम जारी गरी प्रति जिल्ला १ करोड ५० लाखका दरले सम्बन्धित जिल्ला विकास समितिलाई अख्तियारी प्रदान गरिएको छ।

पिछडिएको तराई मधेस विशेष कार्यक्रम

१०.३२ तराई मधेशका मानव विकास सूचकांकका आधारमा पछाडि परेका १९ जिल्लाहरू झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका गरिब तथा पिछडिएको वस्ती र समुदायलाई लक्षित गरी यो कार्यक्रम सञ्चालन गरिएको छ।

तालिका १० (छ) : पूर्वाधार विकासतर्फको प्रगति

क्रियाकलाप	आर्थिक वर्ष २०६७/६८	आर्थिक वर्ष २०६८/६९*
कच्ची सडक (किलो मिटर)	१२६१	५४१
सडक मर्मत सम्भार (किलो मिटर)	१०१५	४७५
कालोपत्रे (किलो मिटर)	२६	११३
क्रमागत सडक पुल निर्माण	८	३
कजवे तथा पुल पुलेसा निर्माण (वटा)	३६०	५०
झोलुङ्गे पुल निर्माण (वटा)	२२५	६९
खानेपानी योजना सम्पन्न (वटा)	३११	१४०

** प्रथम आठ महिनाको*

स्रोत : स्थानीय विकास मन्त्रालय

स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमतर्फ

१०.३३ स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम स्थानीय विकास मन्त्रालयको नेतृत्व तथा दातृ निकायहरूको संयुक्त सहयोगमा सन् २००८ देखि सञ्चालन भएको एक प्रमुख विकास कार्यक्रम हो। देशका सबै जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा लागु भएको यो कार्यक्रम स्थानीय निकाय, सामुदायिक तथा गैर सरकारी संस्थामार्फत् कार्यान्वयन गरिएको छ। यस कार्यक्रमको प्रमुख उद्देश्य स्थानीय एवं समावेशी आधारमा प्राथमिकीकरण गरिएका सार्वजनिक वस्तु तथा सेवाको पहुँचमा अभिवृद्धि गर्दै गरिबी निवारणमा सहयोग गर्नु रहेको छ। स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत स्थानीय निकायलाई उपलब्ध गराउने कुल पुँजीगत अनुदान रकम मध्ये ३५ प्रतिशत रकममा महिला (१० प्रतिशत), बालबालिका (१० प्रतिशत) र पिछडिएका वर्ग/पछाडिपारिएका वर्ग (१५ प्रतिशत) का लागि विनियोजन गर्नु पर्ने नीति अवलम्बन गरिएको छ। सबै जिल्ला विकास समिति तथा नगरपालिकाका उर्जा तथा वातावरण इकाई समेतलाई समेटी जम्मा ९ सय ४८ जनालाई सामाजिक तथा वातावरणीय सुरक्षा तालिम प्रदान गरिएकोले स्थानीय तहमा वातावरण मैत्री विकास व्यवस्थापनमा सहयोग पुगेको छ। जिल्ला गरिबी अनुगमन एवं विश्लेषण पद्धति (DPMAS) ७५ जिल्ला विकास समितिहरूमा स्थापना गरी कार्य सञ्चालनका लागि १५० जना कर्मचारीहरूलाई तालिम प्रदान गरिएको छ। आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रमको सहयोगमा १३ हजार २ सय ७ वटा पूर्वाधारहरू निर्माण भएका छन्। उक्त पूर्वाधारहरूबाट ३ हजार ४ सय १ किलो मिटर सडक मर्मत, २ सय १४ किलो मिटर सडक ग्राभेल, २ सय ३६ वटा कल्भर्ट र २ हजार २ सय १७ वटा विद्यालयका कक्षाहरू निर्माण भएका छन्। साथै, ९ हजार ८ सय ३२ हेक्टर जग्गामा सिँचाइ सुविधा उपलब्ध भएको छ। निर्माण भएका उक्त पूर्वाधारहरूबाट ८९ हजार ९ सय भन्दा बढी परिवारहरू लाभान्वित भएका छन्।

ऊर्जा

१०.३४ नेपालमा ऊर्जाको माग र उपयोगमा अझै पनि परम्परागत स्रोतकै बाहुल्यता रहेको छ। अपार जलसम्पदा र त्यसबाट ऊर्जा उत्पादनको प्रचुर सम्भावना हुँदा हुँदै पनि जलविद्युत उत्पादनमा उल्लेख्य प्रगति हासिल गर्न नसकेका कारणले गर्दा ऊर्जा संकट बर्सेनि बढ्दै गएको छ। तालिका १०(ज) मा विगत पाँच वर्षको उर्जाको स्रोत तथा उपयोगको स्थितिलाई देखाइएको छ।

तालिका १० (ज) : उर्जा खपतको स्थिति

ऊर्जा स्रोत	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
परम्परागतः	**७८५४**	**८०१५**	**८१८५**	**८३४२**	**८५००**
दाउरा	६९९९	७१४९	७३०१	७४६७	७६०६
कृषिजन्य अवशेष	३३७	३३७	३४४	३२४	३३१
गोबर,	५१८	५२९	५४०	५५१	५६३

ऊर्जा स्रोत	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
गुँइठा					
व्यापारिकः	**१०३१**	**१०३८**	**११३९**	**१४६४**	**१५८०**
कोइला	१४४	१९३	१८२	२८६	२९३
पेट्रोलियम पदार्थ	७०९	६५५	७७५	९६५	१०५८
विद्युत	१७८	१९०	१८२	२१३	२२९
नवीकरणीय	**५९**	**५९**	**६४**	**७०**	**७५**
जम्मा	**८९४४**	**९११२**	**९३८८**	**९८७६**	**१०१५५**

स्रोत : उर्जा मन्त्रालय

१०.३५ आर्थिक वर्ष २०६६/६७ को तुलनामा आर्थिक वर्ष २०६७/६८ मा ऊर्जाको खपत २.८ प्रतिशतले वृद्धि भई १० हजार १ सय ५५ टन तेल शक्ति बराबर रहेको थियो । आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा यो खपत ८ हजार २ सय ३ टन तेल शक्ति बराबर रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.८ प्रतिशतले बढेको छ ।

१०.३६ आर्थिक वर्ष २०६७/६८ मा परम्परागत, व्यापारिक एवं नवीकरणीय ऊर्जा खपत अनुपात क्रमशः ८३.७ प्रतिशत, १५.६ प्रतिशत र ०.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा यी अनुपात क्रमशः ८६.५ प्रतिशत, १२.८ प्रतिशत र ०.७ प्रतिशत रहेका छन् । यसबाट परम्परागत ऊर्जा माथिको नेपाली अर्थतन्त्रको उच्च निर्भरता यथावत कायम रहेको देखिन्छ ।

१०.३७ आर्थिक वर्ष २०६७/६८ मा परम्परागत ऊर्जाको खपतमध्ये दाउराबाट ७४.९ प्रतिशत, कृषिजन्य अवशेषबाट ३.३ प्रतिशत र पशुजन्य अवशेषबाट ५.५ प्रतिशत खपत रहेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा यसको अनुमानित अनुपात क्रमशः ७७.३ प्रतिशत, ३.५ प्रतिशत र ५.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६७/६८ मा व्यापारिक ऊर्जाको खपतमध्ये पेट्रोलियम पदार्थको १०.४ प्रतिशत, कोइलाको २.९ प्रतिशत र विद्युतको २.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा व्यापारिक ऊर्जा खपत अनुपात पेट्रोलियमको ८.१ प्रतिशत र कोइला तथा विद्युतको खपत क्रमशः २.४ प्रतिशत र २.२ प्रतिशत रहेको छ ।

कोइला

१०.३८ आर्थिक वर्ष २०६७/६८ मा कोइलाको खपतमा अघिल्लो आर्थिक वर्षको तुलनामा २.३ प्रतिशतले वृद्धि भई २ सय ९३ टन तेल शक्ति बराबर भएको छ । आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६८/६९ को सोही अवधिमा कोइलाको खपत २४.२ प्रतिशतले वृद्धि भई १ सय ९५ टन तेल शक्ति बराबर भएको छ ।

विद्युत

१०.३९ आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ मा विद्युत उत्पादन, प्रशारण तथा वितरण कार्यको सर्वेक्षण अनुमतिपत्र लिई सम्भाव्यता अध्ययन गर्दा वातावरणीय अध्ययन कार्यका लागि EIA/IEE को कानुनी तथा नीतिगत व्यवस्थामा सामान्य परिवर्तन भएको छ। यसले अध्ययन कार्यलाई तुलनात्मकरूपमा सरल र कम समय लाग्ने बनाएको देखिन्छ। यसकासाथै देशमा देखिएको ऊर्जा संकट हल गर्नका लागि २५ मेगाबाट क्षमतासम्मका जलविद्युत आयोजनाहरूबाट उत्पादन हुने विद्युत ऊर्जाको खरीद दरमा २० प्रतिशतले वृद्धि गरिएको छ। यसबाट विद्युत उत्पादनमा प्रोत्साहन मिल्ने र यसले देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ।

१०.४० यस आर्थिक वर्षमा नेपाल विद्युत प्राधिकरणलाई व्यवसायिकरूपमा सबल पार्न सम्पादन गरिने कार्यहरूको आधारमा संरचनागत सुधार गरिएको छ। यस सुधारबाट ग्राहकहरूलाई छिटो र भरपर्दो सेवा पुऱ्याउन मद्दत मिल्नेछ।

१०.४१ आर्थिक वर्ष २०६७/६८ मा नेपाल विद्युत प्राधिकरणअन्तर्गत ठूला जलविद्युत आयोजनामा मध्यमर्स्याङ्दी जलविद्युत परियोजना १ वटा, कम्पनी ऐनअन्तर्गत माथिल्लो तामाकोशी जलविद्युत आयोजना र ढल्केवर-भिट्ठामोड ४ सय के.भी. प्रशारण लाइन आयोजना गरी २ वटा, विद्युत उत्पादन निर्माणतर्फ ४ वटा, उत्पादन सञ्चालन तथा सम्भारतर्फ ९ वटा, प्रशारण तथा प्रणाली सञ्चालनतर्फ १ वटा, ग्रीड विकासतर्फ ३२ वटा, इञ्जिनियरिङ सेवातर्फ ११ वटा, वितरण तथा ग्राहक सेवातर्फ (अन्य, अधूरो तथा सिँचाइसमेत गरी) ९२ वटा आयोजना, अर्थतर्फ १ गरी जम्मा १ सय ३१ वटा आयोजनाहरू सञ्चालन गरिएको थियो।

१०.४२ आर्थिक वर्ष २०६७/६८ मा नलस्याउगाड, आँधीखोला, तमोर र दूधकोशी जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने लक्ष्यअनुसार नलस्याउगाड तथा आँधीखोलाको ८० प्रतिशत कार्य सम्पन्न भएको छ भने तमोरको २५ प्रतिशत मात्र कार्य सम्पन्न भएको थियो।

१०.४३ आर्थिक वर्ष २०६७/६८ तामाकोशी जलविद्युत आयोजनाको भौतिक पूर्वाधार (सडक, पुल, भवन एवं मुख्य सिभिल) निर्माण गर्ने लक्ष्य राखिएकोमा भवन निर्माण कार्य सम्पन्न भई सडक, पुल निर्माण कार्य ५० प्रतिशत र सिभिल निर्माण कार्य ३० प्रतिशत मात्र पूरा भएको छ।

१०.४४ प्रशारण लाइन आयोजनाहरू अन्तर्गत आर्थिक वर्ष २०६७६८ मा खिम्ति-ढल्केवर (९५ प्रतिशत), हेटौंडा-भरतपुर (२५ प्रतिशत), काबेली कोरिडोर (२५ प्रतिशत), पथलैया सवस्टेशन (५० प्रतिशत) र स्याङ्जा सवस्टेशन (५० प्रतिशत) निर्माण कार्य सम्पन्न भएका छन्।

१०.४५ वितरण लाइन आयोजना अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा ३ सय किलो मिटर ३३ के.भी.लाइन निर्माण र १ सय किलो मिटर ११ के.भी. लाइन सम्पन्न भई करीव दुई लाख घरधुरीलाई विद्युत सेवा उपलब्ध भएको छ।

१०.४६ आर्थिक वर्ष २०६८/६९ मा नेपाल विद्युत प्राधिकरणअन्तर्गत अध्ययन गर्ने

आयोजनाअन्तर्गत १५ वटा, कार्यान्वयनमा जाने आयोजनाअन्तर्गत २ वटा, क्रमागत आयोजना (चालु आयोजना) अन्तर्गत १६ वटा, १३२ के.भी तथा अन्य भोल्टेजस्तरका प्रशारण लाइन विस्तार आयोजनाअन्तर्गत ४३ वटा, वितरण आयोजनाअन्तर्गत १ सय ६ वटा र विविध आयोजनाअन्तर्गत ७ वटा गरी जम्मा १ सय ७९ वटा आयोजनाहरू सञ्चालनमा रहेका छन् ।

१०.४७ आर्थिक वर्ष २०६८।६९ को आठ महिनामा बूढीगण्डकी, उत्तरगंगा, नलस्याउगाड, तमोर, कालीगण्डकी जलाशययुक्त आयोजनाहरूको विभिन्न प्रारम्भिक अध्ययन कार्य सम्पन्न भएको छ । त्यस्तै, दूधकोशी, निस्तीपनाह, गौंदीखोला र खडककोट जलाशययुक्त आयोजनाको लागि लाइसेन्ससम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

१०.४८ तामाकोशी, चमेलिया, राहुघाट र माथिल्लो त्रिशुली जलविद्युत आयोजनाहरूको आर्थिक वर्ष २०६८।६९ मा को आठ महिनामा विभिन्न भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएका छन् ।

१०.४९ प्रशारण लाइन आयोजनाहरूका आर्थिक वर्ष २०६८।६९ को आठ महिनामा सवस्टेशन निर्माण (५० प्रतिशत) र अन्य विभिन्न सिभिल निर्माण (६२ प्रतिशत) कार्य सम्पन्न भएका छन् भने वितरण लाइन आयोजनाहरूका पनि सिभिल निर्माण तथा लाइन निर्माण कार्यहरू २५ प्रतिशत सम्पन्न भएका छन्

१०.५० नेपाल विद्युत प्राधिकरणबाट सञ्चालित कार्यक्रमहरूबाट प्राप्त भएको नतिजा/प्रतिफल/उपलब्धिहरूको आधारमा विद्युत मागा, खपत, उत्पादन एवं अन्य भौतिक संरचनाहरूको विवरणहरू तालिका १०(झ) मा दिइएको छ ।

तालिका १०(झ) : विद्युत माग, खपत, उत्पादन एवं भौतिक संरचना

क्र.सं.	विवरण	आर्थिक वर्ष		
		२०६६/६७	२०६७/६८	२०६८/६९
१.	उत्पादन (मे.वा.)	६८९.३६	६९७.८५	७०५.५७
२.	प्रशारण लाइन (किलो मिटर)	१,९७२.६२	१,९१७.६२	१,९८७.३६
३.	ग्राहक संख्या	१६,७०,६१०	१८,५४,२७५	२०,५३,२५९
४.	वितरण लाइन (किलो मिटर)	८२,८७१.२४	८९,१०८.८६	९५,८१५.९८
५.	उपलब्ध ऊर्जा (गि.वा.आ.)	३,१३०.७७	३,८५८.३७	२,४७६.
६.	उच्चतम माग (मे.वा.)	८८५.००	९४६.१०	१,०२६.००

स्रोत : नेपाल विद्युत प्रधिकरण

१०.५१ आर्थिक वर्ष २०६७/६८ मा जलविद्युत उत्पादन २१२२.०८ गेगावाट घण्टा, तापीय विद्युत उत्पादन ३.४० गेगावाट, नेपालमा निजी क्षेत्रबाट खरिद १०३८.८४ गेगावाट घण्टा र भारतबाट पैठारी ६९४.०५ गेगावाट घण्टा गरी कुल विद्युत आपूर्ति ३८५८.३७ गेगावाट घण्टा विद्युतमध्ये २७३४.७४ गेगावाट घण्टा आन्तरिक खपत भएको र २९.५९ गेगावाट घण्टा भारत निकासी भएकोमा आर्थिक वर्ष २०६८/६९ मा कुल विद्युत उत्पादन २१०३.६३ गेगावाट घण्टा, तापीय विद्युत उत्पादन ०.३९५ गेगावाट घण्टा, भारतबाट

पैठारी ३७२.३७ गेगावाट घण्टा गरी जम्मा २४७६.४ गेगावाट घण्टा हुने अनुमान रहेको छ ।

१०.५२आर्थिक वर्ष २०६७/६८ मा क्षेत्रगत हिसाबमा विद्युत ऊर्जाको उपयोग उद्योग क्षेत्रले ३७.७ प्रतिशत, गार्हस्थ्य (household) क्षेत्रले ४२.५४ प्रतिशत, व्यापारिक क्षेत्रले ७.६२ प्रतिशत, गैरव्यापारिक क्षेत्रले निकासी ३.९९ प्रतिशत र विविध क्षेत्रले ८.१४ प्रतिशत उपभोग गरेकामा आर्थिक वर्ष २०६८/६९ मा औद्योगिक क्षेत्रले ३७.४ प्रतिशत, गार्हस्थ्य (household) क्षेत्रले ४२.८ प्रतिशत, व्यापारिक क्षेत्रले ७.७ प्रतिशत र विविध क्षेत्रले १२.१ प्रतिशत उपभोग गर्ने अनुमान गरिएको छ ।

१०.५३विद्युत उपयोग गर्ने ग्राहकहरूको संख्या प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको छ । आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा १८ लाख ५४ हजार २ सय ७५ ग्राहक संख्या रहेकोमा यस आर्थिक वर्षको पुस मसान्तसम्ममा १०.७३ प्रतिशतले वृद्धि भई यो संख्या २० लाख ५३ हजार २ सय ५९ पुगेको छ ।

पेट्रोलियम पदार्थ

१०.५४ ऊर्जाको महत्वपूर्ण स्रोतको रूपमा रहेको पेट्रोलियम पदार्थको खपत दिनानुदिन बढ्दै गएको भए तापनि विविध कारणले गर्दा आपूर्ति सहज एवं सर्वसुलभ बनाउन सकिएको अवस्था छैन । पेट्रोलियम पदार्थको आपूर्ति तथा वितरणलाई व्यवस्थित गरी उपभोक्तालाई सर्वसुलभ बनाउन नीतिगत र संस्थागत प्रयास गरिँदै आए तापनि यसको प्रभावकारी व्यवस्था गर्नु कठीन चुनौतीको रूपमा रहेको छ । पेट्रोलियम पदार्थको विगत दुई आर्थिक वर्षको तुलनात्मक विवरण तालिका १० (ञ) मा देखाइएको छ ।

तालिका १०(ञ) : पेट्रोलियम पदार्थको खपत विवरण

विवरण	आर्थिक वर्ष				
	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८
पेट्रोल	१०१९११	१००८४२	१२४१६९	१६२२७४	१८७६४०
डिजेल	३०६६८७	३०२७०६	४६६४६८	६१२५०५	६५५१२७
मट्टितेल	१९७८४९	१५५२१५	७००८९	५५७८८	४९४९४
लाइट डिजेल आयल (LDO)	-	-	-	-	-
फर्नेस आयल (FO)	४५५७	-	-	-	-
हवाई इन्धन (ATF)	६३७७७	६८९३८	६८९६५	८२६३१	१०१३१४
एल.पी.ग्यांस (मे.टनमा)	९३५६२	९६८३७	११५८१३	१४११७१	१५९२८६
मिनेरल टरपेन्टाइन आयल (MTO)	-	-	-	-	-
जम्मा	**७६८,३४३**	**७२४,५३८**	**८४५,५०४**	**१,०५४,३६९**	**१,१५२,८६१**

स्रोत: नेपाल आयल निगम ।

१०.५५ आर्थिक वर्ष २०६७/६८ मा पेट्रोलियम पदार्थको खपत ८.९ प्रतिशतले वृद्धि भई ९ लाख ९३ हजार ५ सय ७५ किलो लिटर रहयो भने एल.पी. ग्याँसको खपत १२.९ प्रतिशतले वृद्धि भई १ लाख ५९ हजार २ सय ८६ मेट्रिक टन भएको छ। आर्थिक वर्ष २०६७/६८ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थ र एल.पी. ग्याँस खपत क्रमशः ६ लाख ३१ हजार ९ सय ५१ किलोलिटर र १ लाख ५ सय ५८ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थको खपत २.२ प्रतिशतले वृद्धि भई ६ लाख ४५ हजार ८ सय ७६ किलो लिटर र एल.पी. ग्याँसको खपत १३.० प्रतिशतले वृद्धि भई १ लाख १३ हजार ६ सय ९३ मेट्रिक टन पुगेको छ।

१०.५६ पेट्रोलियम पदार्थहरूको खपतको अधिकांश हिस्सा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनले ओगटेको छ। आर्थिक वर्ष २०६७/६८ मा एल.पि. ग्याँसबाहेक पेट्रोलियम पदार्थको खपतमा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनको अंश क्रमशः ६५.९ प्रतिशत, ५.० प्रतिशत, १८.९ प्रतिशत र १०.२ प्रतिशत रहेको देखिन्छ। चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनाको खपतलाई हेर्दा सो अनुपात डिजेलको ६३.८ प्रतिशत, पेट्रोलको २०.२ प्रतिशत, मट्टितेलको ४.४ प्रतिशत र हवाई इन्धनको ११.६ प्रतिशत रहेको छ।

१०.५७ पेट्रोलियम पदार्थ आयात गरी आवश्यक परिमाणमा भण्डारण गरी सर्वसुलभ तरिकाबाट मुलुकभर बिक्री वितरण गर्ने/गराउने कार्य नेपाल आयल निगमले गर्दै आएको छ। पेट्रोलियम पदार्थको वितरण कार्यमा सरलता ल्याउनका लागि भारतीय आयल निगमको रक्सौल डिपोदेखि नेपाल आयल निगमको इन्धन डिपो अमलेखगञ्जसम्म इन्धन आयातको लागि पाइप लाइनको माध्यमबाट इन्धन आपूर्ति गर्ने कार्यका लागि गृहकार्य भइरहेको छ।

१०.५८ कम्तिमा १(एक) महिनालाई पुग्ने बराबरको पेट्रोलियम पदार्थको भण्डारण क्षमता विस्तार गरी भण्डारण गरी राख्ने, डिजलको शुद्धता कायम राख्न सोमा मूल्य अभिवृद्धि कर रहित मट्टितेलको मिसावट र अपचलन रोक्न डिजल र मट्टितेलको मूल्य समान राख्ने, उत्पादनशील उद्योग वा होटलले औद्योगिक वा व्यवसायिक प्रयोजनका लागि नेपाल आयल निगमबाट सोझै डिजल खरीद गर्न चाहेमा निगमको परल मूल्यमा बल्कमा खरीद गर्न पाउने, ईण्डियन आयल कर्पोरेशनसँग २७ अप्रिल २०१२ मा नवीकरण भएको सप्लाई सम्झौताअनुसार क्रुड आयल आयात गर्ने अधिकार कायम गर्नुका साथै पेट्रोलियम पदार्थमा फर्नेश आयल , लाइट डिजेल आयल , ल्यूब्स, बिटुमिनलगायतका पदार्थहरू पनि आयात गरी कारोवार समेत गर्ने जस्ता नीतिअनुरूप नेपाल आयल निगमले कार्य गर्दै आएको छ।

१०.५९ नेपालमा पेट्रोलियम पदार्थको आयात, ढुवानी, सञ्चय (भण्डारण) तथा बिक्री वितरणको लागि कुनै ऐन, कानुन नरहेकोले सोसम्बन्धी ऐनको मस्यौदा वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट तयार गरिएको छ भने वर्षौदेखि निगमले हवाई इन्धन आयात तथा बिक्री वितरणको कार्य गर्दै आएको सम्बन्धमा थप व्यवस्थित गर्न ICAO र IATA संस्था समेतको मापदण्डलाई समेटेर तयार पारिएको अन्तर्राष्ट्रिय मापदण्डअनुसारको Quality Control and Assurance Manual on Aviation Fuel निर्देशिका बनाई सो कार्यान्वयन

गरिएको छ। त्यस्तै, एल.पी. ग्याँस सिलिण्डर वितरण एवं सुरक्षासम्बन्धी निर्देशिका २०६८ तयार भई कार्यान्वयनको क्रममा रहेको छ।

१०.६०निगमको बढ्दो कारोवार तथा आउँदा दिनमा निजी क्षेत्रसँग गर्नु पर्ने प्रतिस्पर्धा, आधुनिक व्यवस्थापन प्रणालीलाई समेत लागु गर्न सँगठन सरचनालाई परिमार्जन गरी प्राविधिक तथा व्यवसायिक योग्यता भएका कर्मचारीहरू थप गरिएको छ भने वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) सँग गुणस्तरको लागि बायोडिजलको गुणस्तर चेकजांच गर्ने प्रयोगशाला स्थापना गर्न उक्त केन्द्रसँग सम्झौता गरिएको छ। हवाई इन्धनसम्बन्धी कारोवार गर्दै आएको निगमलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार नेपाल सरकारको नागरिक उडड्ययन प्राधिकरणबाट एभिएशन फ्यूल सम्बन्धमा कारोवार गर्ने प्रमाणपत्र (Certificate of Supplier Approval) प्राप्त भएको छ।

१०.६१ पेट्रोलियम पदार्थ पाइपलाईन निर्माणसम्बन्धी कार्य अगाडि वढाउन र सोको प्रारूप र योजना वारे विज्ञ, ईण्डियन आयल कर्पोरेशनसँग पर्रामश भइरहेको छ। नेपाल आयल निगमको वर्तमान भण्डारण क्षमता वृद्धि तथा डिपो मर्मत सुधार आदिको कार्य गर्न हाल निगमसँग रहेको स्रोत र साधनहरू प्रयोग गरी उक्त कार्य भइरहेको छ।

वातावरण

१०.६२ वातावरणको संरक्षण गर्ने, जनचेतना अभिवृद्धि गर्ने, वातावरणको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय गर्ने कार्य वातावरण मन्त्रालयले गर्दै आएको छ। यसै सिलसिलामा वातावरण संरक्षण ऐन तथा नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने निकायको रूपमा वातावरण विभागको आवश्यकता महशुस भई नयाँ वातावरण विभागको स्थापनाका लागि मन्त्रालयबाट पहल भइरहेको छ भने जलवायु परिवर्तनबाट परेको प्रभावलाई दृष्टिगत गरी हिमालयन जलवायु परिवर्तन अध्ययन केन्द्र नेपालमा स्थापना गर्ने प्रक्रियामा रहेको छ।

१०.६३ जल तथा मौसम विज्ञानसम्बन्धी सेवालाई विस्तार गर्नुको साथै यसमा गुणात्मक सुधार ल्याउनका लागि स्वचालित जल तथा मौसमी केन्द्रहरू (Automatic Weather Stations) को स्थापना गर्दै छिटो छरिटो तथ्याङ्क संकलन गर्न अत्याधुनिक सञ्चार माध्यमहरूको प्रयोग गरी जन समक्ष पुऱ्याउने संयन्त्रको निर्माणको लागि कार्य भइरहेको छ। यसका लागि Current Meteorological Information Board को जडान भएको छ।

१०.६४आर्थिक वर्ष २०६८।६९ मा जलवायु परिवर्तनसम्बन्धी पर्वतीय मुलुकहरूको वातावरण मन्त्रीस्तरीयसम्मेलन सन् २०१२ को अप्रिल ५ र ६ मा काठमाडौंमा सम्पन्न भएको छ भने Asia Pacific DNA Forum, CDM Workshop and CDM Standardized Baseline Workshop पनि यसै आर्थिक वर्षमा आयोजना गरिएको छ।

१०.६५ रोडा, ढुङ्गा, गिट्टी तथा वालुवाको उत्खनन्, दोहन, संकलन तथा निकासीलाई वातावरणमैत्री बनाई व्यवस्थापन गर्न वातारण मन्त्रालयको संयोजकत्वमा गठित प्राविधिक समितिबाट अनुगमन गर्ने कार्य भइरहेको छ।

१०.६६ अल्पविकसित राष्ट्रहरूको कोषबाट जलवायु अनुकुलन कार्यक्रम सञ्चालनार्थ १ करोड

२० लाख अमेरिकी डलर बराबरको दुईवटा आयोजना तर्जुमा गरी सहयोग प्राप्त गर्न कारवाही अघि बढाइएको छ। त्यस्तै, चिरस्थायी विषादीको सुरक्षित विसर्जन गर्ने सन्दर्भमा UNIDO र GEF बाट आर्थिक र प्राविधिक सहयोग प्राप्त भई परियोजना प्रारम्भ भएको छ। म्याद नाघेका विषादीहरूको सुरक्षित विसर्जन र व्यवस्थापन गर्ने कार्य GIZ को सहयोगमा अगाडि बढाइएको छ।

१०.६७ पर्यावरणीय प्रणालीमा आधारित जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गर्न अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुसार कार्य प्रारम्भ भएको छ भने काठमाडौं उपत्यकाको वायु गुणस्तर अनुगमन केन्द्रहरूको अनुगमनका लागि ६ वटै स्टेशनहरूको मर्मत कार्य सम्पन्न भई कार्य प्रारम्भ भएको छ।

स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालित वातावरण व्यवस्थापन कार्यक्रम

१०.६८वातावरण र विकास एक अर्काका परिपूरक भएको सन्दर्भमा वातावरणीय सन्तुलन कायम राख्दै विकास क्रियाकलापलाई अगाडि बढाउन शहरी वातावरण सुधारका लागि सरकार निजीक्षेत्र साझेदारी कार्यक्रम, फोहरमैला व्यवस्थापन कार्यक्रम तथा स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन सुदृढीकरण कार्यक्रम सञ्चालनमा रहेका छन्। यससम्बन्धी कार्यक्रम देहायअनुसार छन्।

शहरी वातावरण सुधारका लागि सरकार निजी क्षेत्र साझेदारी कार्यक्रम

१०.६९संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा १२ वटा नगरपालिकाहरूमा शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष ०६७/६८ मा ३ वटा शहरी सरसफाइ, २ वटा फोहोरमैला व्यवस्थापन, २ वटा नवीकरणीय उर्जा कार्यक्रम सम्पन्न भएका थिए भने ९ सय ५१ जनालाई तालिम, अभिमुखीकरण, सेमीनारमार्फत् क्षमता अभिवृद्धि गरिएको थियो। चालु आर्थिक वर्ष को प्रथम ८ महिनामा राष्ट्रिय सार्वजनिक निजी साझेदारी परियोजना प्रारम्भ गर्नको लागि नीति तथा कार्यपद्धतिहरू तयार पारिएको चार नगरपालिकाहरूलाई प्राविधिक सहयोग गरिएको र विराटनगर उपमहानगरपालिकामा Compost Chamber निर्माण सुरु गरिएको छ।

फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र

१०.७०फोहोरमैलाको दीगो व्यवस्थापनका लागि जनचेतना अभिवृद्धि गर्ने, फोहोरलाई स्रोतको रूपमा परिचालन गर्न सामुदायिक, निजी तथा गैर सरकारी क्षेत्रलाई सहभागि गराउने उद्देश्यले आर्थिक वर्ष २०५६/५७ देखि यो कार्यक्रमको सुरुवात भएको हो। फोहोरमैला व्यवस्थापन ऐन, २०६८ व्यवस्थापिका संसदबाट पारित भई २०६८ असार १ देखि कार्यान्वयनमा आएको छ। चालु आर्थिक वर्षको प्रथम ८ महिनामा निजी साझेदारी सहभागितामा सञ्चालन गर्न छनौट भएको कम्पनीसँग DPR (Detailed Project Report) का लागि MOU गरिएको छ। फोहोरमैला व्यवस्थापनमा नगरपालिकाहरूलाई प्राविधिक सहयोग कार्यक्रम अर्न्तगत UN-HABITAT समेतको सहकार्यमा १५ वटा नगरपालिकाहरूको Strategic Plan र Action Plan तयार गर्ने कार्य सम्पन्न भएको छ।

२९ वटा नगरपालिकाका कर्मचारीहरूलाई फोहोरमैला व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम प्रदान गरिएको, टेलिविज्ञापन निर्माण गरी जनचेतना अभिवृद्धि गर्न सन्देशमूलक सूचनाप्रवाह र तालिम सञ्चालन गरिएको र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ कार्यान्वयनका लागि ५ वटा अर्न्तक्रिया गोष्ठी सञ्चालन गरिएको छ ।

स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन सुदृढीकरण कार्यक्रम

१०.७१ पूर्वाञ्चल क्षेत्रका बिराटनगर उप-महानगरपालिका, धनकुटा, धरान, इटहरी, इनरूवा, दमक, भद्रपुर, मेचीनगर, इलाम नगरपालिकालगायत पाँचथर, इलाम, झापा, धनकुटा, सुनसरी र मोरङ्ग जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ । आर्थिक वर्ष २०६७/६८ मा ४ जिल्ला विकास समितिमा पानी नमूना संकलन केन्द्रको स्थापना, ६ वटा उद्योगमा स्वच्छतर उत्पादन कार्यक्रम, ४ वटा उद्योगमा पेशागत स्वास्थ्य सुरक्षा कार्यक्रम र वातावरण व्यवस्थापन कार्यक्रम, प्रदूषण नियन्त्रण एवं वातावरणीय नियमन, पेशागत स्वास्थ्य सुरक्षा, वातावरणीय योजना तर्जुमा तथा व्यवस्थापन, वातावरण तथा ठोस फोहोर व्यवस्थापनसम्बन्धी तालिम २५ पटक सञ्चालन गरिएको थियो । साथै, एउटा नगरपालिकामा वातावरण शाखा स्थापना, १ नगरपालिका र २ गाउँ विकास समितिमा वातावरण उपसमिति गठन गरिएको थियो । खुल्ला दिशा मुक्त क्षेत्र प्रवर्द्धन कार्यक्रम १२ वटा र वातावरणीय मैत्री गाउँ विस्तारित कार्यक्रम ६ वटा सञ्चालन गरिएको थियो । चालु आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा ६ वटा जिल्ला विकास समितिका वातावरण अधिकृतहरूका लागि प्रदूषण नियन्त्रण एवं वातावरणीय नियमन तालिम ३ वटा, ४१ वटा उद्योगका लागि प्रदूषण नियन्त्रण प्रमाणपत्र तथा स्वच्छतर उत्पादन कार्यक्रम, ९ वटा उद्योगलाई पेशागत स्वास्थ्य सुरक्षासम्बन्धी तालिम प्रदान गरिएको छ । समुदायस्तरमा ५ वटा एकीकृत वातावरणीय सरसफाइ प्रवर्द्धन कार्यक्रम, ११ वटा विद्यालयहरूमा विद्यालय वातावरण प्रवर्द्धन कार्यक्रम, २ वटा खुल्ला दिशामुक्त क्षेत्र कार्यक्रम, वातावरणीय मैत्री गाउँ विस्तार कार्यक्रम सञ्चालनमा रहेका छन् ।

वैकल्पिक ऊर्जा

१०.७२ नेपालमा वैकल्पिक/नवीकरणीय ऊर्जा प्रविधिको दिगो विकास गरी ग्रामीण क्षेत्रमा ऊर्जाको आपूर्ति गर्ने, ऊर्जा प्रविधिबाट विभिन्न स-साना उद्योग तथा व्यवसायहरू सञ्चालन गरी विशेषगरी ग्रामीण जनताको आर्थिक-सामाजिक स्थितिमा सुधार ल्याउने, गरिबी निवारण गर्ने र वातावरण संरक्षण गर्ने उद्देश्यअनुरूप वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । यी उद्देश्य परिपूर्तिका लागि वैकल्पिक ऊर्जा प्रविधि नीति तथा योजना निर्माणमा नेपाल सरकारलाई आवश्यक सहयोग तथा परामर्श दिने, अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गर्ने, ऊर्जासँग सम्बन्धित विभिन्न संघ-संस्थाहरूलाई समन्वय गरी कार्यक्रम कार्यान्वयन गराउने, कार्यक्रमको गुणस्तर नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरू वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आइरहेको छ ।

१०.७३ नेपालमा नवीकरणीय ऊर्जाको व्यापक विस्तार तथा विकास गरी आयतित ऊर्जालाई

प्रतिस्थापन गर्न र वातावरणीय दिगोपनको लागि नवीकरणीय ऊर्जा स्रोतको ऐन तर्जुमा भइरहेको र यस क्षेत्रको दीर्घकालन विकासको लागि २० वर्षीय नवीकरणीय ऊर्जाको गुरूयोजना तर्जुमा भइरहेको छ ।

१०.७४ नेपालमा ऊर्जाको दिगो स्रोतको रूपमा नवीकरणीय ऊर्जालाई उपयोग गर्न नवीकरणीय ऊर्जाको अनुसन्धान, विकास तथा विस्तार गरी ऊर्जामा सर्वसाधारणको पहुँच पुऱ्याई उनीहरूको जीवनस्तरमा अभिवृद्धि गर्न, नवीकरणीय ऊर्जाको अधिकतम उपयोग गरी वातावरणको संरक्षण गर्न तथा परम्परागतरूपमा रहेको ऊर्जा माथिको निर्भरता कम गरी नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा विस्तार गर्नको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई ऐनअनुसार सञ्चालन गर्न यससम्बन्धी विधेयक स्वीकृत भएको छ ।

१०.७५ वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमार्फत् आर्थिक वर्ष २०६७/६८ को वार्षिक र आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा भएको मुख्य मुख्य कार्यहरूको प्रगति देहायअनुसार छ ।

तालिका १०(ट) : नेपालमा वैकल्पिक ऊर्जा/गोवरग्याँसको अवस्था

क्र. स.	क्रियाकलापको विवरण	२०६७/६८ को प्रगति	२०६८/६९ प्रथम आठ महिनाको प्रगति
१	सोलार ड्रायर/कुकर वितरण (संख्यामा)	२७२	२७
२	गोवरग्याँस प्लान्ट जडान (संख्यामा)	-	३०८१
३	सुधारिएको फलामको चुलो जडान (संख्यामा)	८,०००	१३९२
४	सुधारिएको माटोको चुलो जडान (संख्यामा)	८१,१३७	४२४८६
५	घरेलु सौर्य ऊर्जा विद्युत प्रणाली जडान (संख्यामा)	५७०५९	२७८६८
६	सुधारिएको पानी घट्ट जडान (संख्यामा)	३५३	५१०
७	लघु जलविद्युत उत्पादन (किलोवाट)	४३९२	१६१९.७
८	वैकल्पिक उर्जासम्बन्धी अध्ययन/अनुसन्धान (संख्या)	१५	-
९	गोबर ग्याँस प्रविधिसम्बन्धी विभिन्न व्यक्तिलाई तालिम (संख्या)	१३८३९	-
१०	लघु जलविद्युत योजना निर्माण (संख्या)	२९९८	-
११	सौर्य टुकी जडान	६३०८	५५०२
१२	सौर्य ड्रायर/कुकर जडान (संख्यामा)	-	११८
१३	संस्थागत सौर्य विद्युत प्रणाली र पम्प जडान (संख्यामा)	२१	२५

स्रोत:वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ।

उर्जा क्षेत्रका समस्याहरू

१०.७६ अन्तर्राट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिअनुरूप बिक्री मूल्यलाई समायोजन गर्न नसकेको कारणले पेट्रोलियम पदार्थमा नोक्सानी वृद्धि हुदै गएको र

नगदप्रवाहको कमीले गर्दा आवश्यक परिमाणमा आयात गर्न नसक्दा सहज आपूर्तिमा कठिनाई परिरहने गरेको छ ।

१०.७७ विभिन्न कारणले पटक पटक हुने राजमार्ग वन्द, आन्दोलन, हड्ताल र चक्काजाम आदिले गर्दा पनि समयमै पेट्रोलियम पदार्थ आयात गरी सर्व सुलभ तरिकाबाट विक्री वितरण गर्न नसकेको हुँदा कठिनाई परिरहेको छ भने आवश्यकताअनुरूप मूल्य समायोजन हुन नसक्दा पेट्रोलियम पदार्थ जस्तो अत्यावश्यक पदार्थको नियमित आपूर्ति गर्न ऋण लिई आपूर्ति गर्दा ऋण रकम बढेर गएको अवस्था छ ।

१०.७८ घरेलु सौर्य ऊर्जा प्रणालीको लागि अनुदान रकमको अभावको कारणले गर्दा मागअनुसार विद्युतको लागि सौर्य ऊर्जा प्रणाली जडान गर्न नसकिएको अवस्था छ भने लघु तथा साना जलविद्युत आयोजनाको लागि समुदायहरूले व्यहोर्नुपर्ने रकम दुर्गम तथा अति दुर्गम क्षेत्रका समुदायले जुटाउन नसक्दा अधिकांश आयोजना समयमा सम्पन्न हुन सकेका छैनन् । त्यस्तै, वैकल्पिक ऊर्जा प्रविधिको लागत वढदै गइरहेको तर विद्यमान अनुदान नीतिमा विगत ३ वर्षदेखि संशोधन नभएको हुँदा प्रविधि जडानमा समस्या परेको छ ।

११. यातायात तथा सञ्चार

११. यातायात तथा सञ्चार

सडक यातायात

११.१ सबै जिल्ला सदरमुकामहरूमा सडक पुऱ्याउने र सहायक सडकहरूको सञ्जाल विस्तार गर्ने गरी सडक यातायात क्षेत्रका कार्यक्रमहरू सञ्चालित छन् । निर्माण सम्पन्न भएका सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउनुपर्ने आवश्यकता एकातिर देखिएको छ भने अर्कातिर सडकहरूको मर्मत्सम्भारमा समेत ध्यान दिनुपर्ने देखिएको छ ।

११.२ आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा कालोपत्रे ९ हजार ९ सय २ किलो मिटर, खण्डास्मित ५ हजार ६ सय ७० किलो मिटर र कच्ची सडक ७ हजार ६ सय ३७ किलो मिटर गरी जम्मा २३ हजार २ सय ९ किलो मिटर सडक निर्माण भएकोमा आर्थिक वर्ष २०६८/६९ को फागुनसम्म कालोपत्रस्तरमा स्तरोन्नति १५ किलो मिटर, खण्डास्मितस्तरमा ४५ किलो मिटर र नयाँ सडक निर्माण १ सय ८५ किलो मिटर भएको छ । यसअनुसार हाल सडकको कुल लम्बाई २३ हजार ४ सय ५४ किलो मिटर पुगेको अनुमान छ । त्यस्तै, यस आर्थिक वर्षको फागुनसम्ममा ६ हजार ५ सय ७५ किलो मिटर सडकको (नियमित तथा पटके) मर्मत कार्य पूरा भएको छ ।

तालिका ११ (क) : सडक विभागबाट बनाइएका सडक सुविधाको विस्तार

(किलो मिटरमा)

क्र.सं.	किसिम	आर्थिक वर्ष			
		२०६७/६८सम्म	२०६८/६९* मा थप	आर्थिक वर्ष २०६८/६९सम्म*	
				जम्मा	अंश (प्रतिशत)
१.	**कालोपत्रे**	९९०२	१५	९९१७	४२.२८
२.	**खण्डास्मित**	५६७०	४५	५७१५	२४.३७
३.	**कच्ची सडक**	७६३७	१८५	७८२२	३३.३५
जम्मा		२३२०९	२४५	२३४५४	१००

स्रोत : सडक विभाग ।

** २०६८ फागुन मसान्तसम्मको ।*

सवारी साधन

११.३ आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा देशभरमा ११ लाख ७८ हजार ९ सय ११ वटा सवारी साधन रहेकोमा चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा १ लाख १ हजार ७ सय ७९ (८.६ प्रतिशत) ले वृद्धि भई सवारी साधनहरूको कुल संख्या १२ लाख ८० हजार ६ सय ९० पुगेको छ । यसरी आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा प्रति किलो मिटर ५५ वटा सवारी साधन पुगेको अनुमान छ । गत आर्थिक वर्षमा देशभर प्रति किलो मिटर ५३ वटा सवारी साधन थिए ।

तालिका ११(ख) : सवारी साधनहरूको संख्या

किसिम	आर्थिक वर्ष		कुल	वृद्धि प्रतिशत (प्रथम आठ महिनाको)
	२०४६/४७ देखि २०६७/६८सम्म	२०६८/६९८ मा थप		
बस	२४८५३	१०१६	२५८६९	४.०९
मिनीबस	१०२४७	६०२	१०८४९	५.८७
कार/जीप भ्यान	१२१९०१	५४०३	१२७३०४	४.४३
ट्र्याक्टर	६४७६४	२५१२	६७२७६	३.८८
मोटरसाइकल	८८३६३४	९०३०५	९७३९३९	१०.२२
टेम्पो	७३८४	६	७३९०	०.०८
माइक्रो	२३२३	६१	२३८४	२.६३
डोजर/क्रेन	१११०४	१५२	११२५६	१.३७
पिक अप	९७६८	१२०८	१०९७६	१२.३७
ट्रक ट्रिपर	३६८२६	४४१	३७२६७	१.२०
अन्य	६१०७	७३	६१८०	१.२०
जम्मा	११७८९११	१०१७७९	१२८०६९०	८.६३

* *२०६८ फागुन महिनासम्मको ।*

स्रोत : यातायात व्यवस्था विभाग ।

नीतिगत तथा संस्थागत प्रगति

११.४ सवारी दुर्घटनाको रोकथाम गर्न, दूर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न, साधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने नीति लिइएको छ ।

११.५ यातायात व्यवस्थालाई प्रभावकारी बनाउनको लागि सार्वजनिक यात्रुबाहक सवारी साधनको ४ सय १९ वटा रूटहरूमा वैज्ञानिका भाडादर समायोजन गरी कार्यान्वयन गर्ने, काठमाडौंको टेकुमा अत्याधुनिक Computerized Vehicle Fitness Test Center स्थापना गर्ने, यातायात क्षेत्रमा देखिएको अनुशासनहीनतालाई नियन्त्रण गर्न प्रभावकारी अनुगमन इकाईको स्थापना गर्ने, सवारीचालक अनुमतिपत्रलाई Computerized गर्ने, सवारीचालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षालाई पारदर्शी बनाउन CCTV मार्फत् अनुगमन गर्ने, तेस्रोपक्ष बीमा कार्यान्वयन गर्ने, सेवाप्रवाहमा पारदर्शीता ल्याउन E-billing system को कार्यान्वयन जस्ता कार्यहरू यस आर्थिक वर्षमा पूरा गरिएका छन् ।

११.६ राष्ट्रिय यातायात नीति र विभिन्न आवधिक योजनाअनुरूप सडक मर्मत सम्भार कार्यमा उचित व्यवस्थापन गर्न सडक मर्मत सम्भार कोषको व्यवस्था गरिएको छ । सोही कोषको उचित परिचालन गरी सडक बोर्डले सडकको मर्मत सम्भार गराउने, मर्मत सम्भारमा लाग्ने खर्चमा न्यूनीकरण गर्ने तथा सडकको मर्मत सम्भार कार्यलाई पारदर्शी एवं प्रभावकारी बनाउने कार्य गर्दै आएको छ ।

११.७ सडक बोर्ड नेपालले सडक बोर्डको कोषमा जम्मा हुने रकम (सवारी इन्धनमा लगाएको

दस्तुर, सवारी दर्ता प्रमाणपत्रमा लगाइएको दस्तुर, सडक उपभोग गरे वापतको दस्तुर आदि) बाट सडकको नियमित, पटके तथा आकस्मिक मर्मत सम्भार गर्दै आएको छ ।

११.८ स्थानीय सडक सञ्जालका सडक मर्मत सम्भार गर्न निक्षेपणको सिद्धान्तलाई अङ्गीकार गर्दै स्थानीय निकायहरूलाई सशर्त अनुदान दिने प्रक्रिया सुरु गरिएको छ । साथै, उक्त निकायहरूमा विनियोजित रकम सोझै उपलब्ध गराउन थालिएको छ ।

हवाई सेवा

११.९ नागरिक उड्डयन जस्तो ठूलो आर्थिक लगानीको आवश्यकता पर्ने क्षेत्रमा नागरिक उड्डयन प्राधिकरणको आफ्नो स्रोतले मात्र विकास सम्भव नहुने भएकोले सार्वजनिक तथा निजी लगानीका लागि आधार तयार गर्दै जाने सिलसिलामा नेपाल नागरिक उड्डयन प्राधिकरण, पूर्वाधार संरचनाको निर्माण, विकास तथा सञ्चालनसम्बन्धी नियमावली, २०६६अनुसार कार्य भइरहेका छन् । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सँगठन (ICAO) द्वारा परिमार्जित नयाँ ढाँचाअनुरूप Aeronautical Information Publication को नयाँ संस्करण यसै वर्ष प्रकाशन गरिएको छ । परम्परागत लगानी कार्यलाई स्पष्ट दिशा अख्तियार गर्न प्राधिकरणको लगानी नीति तर्जुमा गर्ने सम्बन्धमा प्राधिकरणको Investment Plan, Policy, Priorities and Modalities प्रतिवेदन तयार भएको छ । विश्व परिवेशमा नागरिक उड्डयन क्षेत्रमा विकसित प्रविधिहरूलाई नेपालले पनि समय सापेक्षरूपमा भित्र्याउँदै जानुपर्ने कुरालाई मनन् गरी नेपालमा Performance Based Navigation System (PBN) लागु गर्न एक कार्यदल गठन गरी कार्य अगाडि बढाइएको छ ।

११.१० Performance Based Navigation System (PBN) मा आधारित Airspace, Airroute तथा Procedure को विकासबाट आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानहरूको उडान सुनिश्चता हुने, उडान सुरक्षाको विश्वनियता अभिवृद्धि हुने भएकोले प्राधिकरणले PBN Implementation Plan तयार गरी क्रमिकरूपमा लागु गर्दै जान लागेको छ । साथै, प्रस्तावित Himalaya 2 रूटलगायत विद्यमान अन्तर्राष्ट्रिय उडान हुने रूटहरू पनि PBN मा आधारित रूटहरूको रूपमा विकास गर्न छिमेकी मुलुकहरू र ICAO सँग समन्वय भइरहेको छ । हाल रात्रीको समयको उपयोगलाई दृष्टिगत गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको रात्री उडानलाई प्रोत्साहन गर्नुपर्ने र ट्रङ्क रूटहरूमा बढी सिट क्षमता भएका वायुयानहरूलाई प्राथमिकता दिनु आवश्यकता भएकोले त्यसतर्फ विचार गरिदैं लगिएको छ ।

११.११ हवाई क्षेत्रको भावी कार्यहरूमा उडान सुरक्षा तथा हवाई सुरक्षा अभिवृद्धि एवं सुदृढीकरणसम्बन्धी कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिएको छ । नागरिक उड्डयन प्राधिकरणको आम्दानी वृद्धिका लागि नन्-एरोनटिकल रेभेन्यूमा जोड दिन सबै विमानस्थल प्रमुखहरूलाई निर्देशन दिइएको छ भने संस्थागत सुशासन कायम गर्न नीतिगत तथा संरचनागत सुधारको थालनी गरिएको छ ।

११.१२ आफ्ना सदस्य राष्ट्रहरूको उडान सुरक्षा स्थितिको निगरानी गर्ने ICAO को विश्वव्यापी कार्यक्रम Universal Safety Oversight Audit Program (USOAP) अन्तर्गत ५-१४ मे

२००९ मा सम्पन्न नेपालको उडान सुरक्षा अडिटले उडान सुरक्षासँग सम्बन्धित Findings हरूको निराकरणका लागि सुधारात्मक कार्य योजना (Corrective Action Plan) ICAO मा प्रस्तुत गरेको र सोअनुरूप ICAO USOAP Audit Continuous Monitoring Approach (CMA) को अवधारणाअनुसार व्यवस्थितरूपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

११.१३ दक्षिण एशिया क्षेत्रमा उड्डयन सुरक्षा अभिवृद्धिका लागि स्थापित COSCAP-SA Project मा नेपालको सक्रिय सहभागिता रहिआएको छ । वायुसेवा कम्पनीहरूको उडान सुरक्षा निगरानी तथा जाँच (Safety Audit) कार्यलाई थप प्रभावकारिताका साथ निरन्तरता दिइएको छ । COSCAP-SA अन्तर्गतको SARAST, NAST, ARAST सम्बन्धी कार्यहरू पनि भइरहेका छन् । उडान सुरक्षा अभिवृद्धि कार्यलाई संस्थागतरूपमा प्रभावकारी तुल्याउन SMS Requirement तर्जुमा गरी लागु गरिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई सुरक्षाको निगरानी प्रणालीलाई अझ बढी प्रभावकारी बनाउन नयाँ प्रविधिको १ सय ७५ वटा क्यामेरा रहेको आधुनिक CCTV जडान गरिएको छ ।

११.१४ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय पार्किङ्गको साँघुरोपन न्यून गर्न थप एउटा पार्किङ्ग वे निर्माण गरिएपछि अब अन्तर्राष्ट्रिय विसान क्षेत्रमा ९ वटा जेट विमानका लागि विसान सुविधा उपलब्ध भएको छ । त्यस्तै, त्यहाँ थप व्यागेज ट्रलीको व्यवस्था गरिएको छ । अन्तिम सुरक्षा जाँचपश्चात्को Sterile Zone थप विस्तार कार्य गरी ३ सय ५० क्षमताको हल र Arrival Walkway निर्माण कार्य पूरा भएको छ । यो थप संख्या समेत Sterile Zone को कुल क्षमता १ हजार १ सय ५० पुगेको छ ।

११.१५ पर्यटकीय केन्द्र पोखराको छिन्नेडाँडामा उपयुक्त स्तरको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न २०३२ सालमा अधिग्रहण गरिएको ३ हजार १ सय ६ रोपनी जग्गामा गत वर्ष आली तथा कान्लालाई सम्याई ग्रेडिङ्ग गरिएको र पर्खाल लगाउने कार्य सम्पन्न भएको छ । त्यहाँ विमानस्थल निर्माणका लागि प्रारम्भिक Engineering Survey, Layout Plan आदि तयार भइसकेको छ । यस आर्थिक वर्षमा Runway Strip को लागि आंशिकरूपमा माटोको कार्यको लागि ठेकेदार छनौट प्रक्रियामा रहेको छ । अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि थप ४०० रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने देखिएको छ ।

११.१६ ताप्लेजुङ्ग विमानस्थलको धावनमार्ग विस्तार तथा सुधार कार्य अन्तिम चरणमा रहेको छ । त्यस्तै, खानीडाँडा र थामखर्क (खोटाङ्ग) तथा काँगेलडाँडा (सोलु) विमानस्थलमा टर्मिनल तथा टावर भवन निर्माण कार्य चालु रहेको छ । डोल्पा (जुफाल) र रारा (मुगु) विमानस्थलमा धावनमार्ग सुधार तथा विस्तार कार्य पनि चालु रहेको छ । विराटनगर विमानस्थलमा Runway Occupancy समय घटाउन Parallel Taxiway निर्माण कार्य सम्पन्न भएको छ ।

११.१७ तुम्लिङ्गटार विमानस्थलको धावन मार्ग र एप्रोनमा कालोपत्रे गर्ने कार्य सम्पन्न भई वायुसेवा कम्पनीबाट नियमित सेवा सञ्चालन भइसकेको छ । सिमिकोट विमानस्थलको धावन मार्ग तथा एप्रोन कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा रहेको छ । त्यस्तै, सुर्खेत विमानस्थलमा २ सय मिटर धावनमार्ग विस्तारको लागि जग्गा प्राप्त गरी धावनमार्ग विस्तार गर्ने कार्य भइरहेको छ ।

रेल तथा जल यातायात

११.१८ नेपालमा रेल तथा मेट्रो यातायातको पहिचान, विकास, निर्माण, विस्तार एवं सञ्चालनका लागि रेल विभागको स्थापना भई रेल्वे निर्माण आयोजना, भारतीय सहयोगको रेल परियोजना, मेची-महाकाली विद्युतीय रेलमार्ग, काठमाडौं मेट्रो आयोजनालगायतका कार्यक्रम यस विभाग अन्तर्गत सञ्चलनमा रहेका छन् । काठमाडौं उपत्यकामा मेट्रो यातायातको सम्भाव्यता अध्ययनका लागि परामर्शदाता नियुक्त भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ भने अन्य आयोजनाको लागि परामर्शदाताको सूची तयार गर्ने लगायतका कार्य गरिएको छ । यी आयोजनाको कार्यान्वयनपश्चात् सार्वजनिक यातयातमा सहजता आउने र रोजगारी समेत सिर्जना हुने अपेक्षा गरिएको छ ।

११.१९ जलस्रोतको प्रचुरता भएपनि यहाँको जलराशी Run of the River बाट प्राप्त हुने भएकोले जलयातायातको विकास खासै हुन नसकेको अवस्था छ । कालीगण्डकी, कोशी, महाकाली लगायतका केही प्रमुख नदीहरूमा फेरीको माध्यमबाट सीमित रूपमा आवतजावत तथा ढुवानी गर्ने कार्य गरिएको पाइन्छ भने पर्यटकीय रूपले भोटेकोशी, त्रिशुलीलगायतका नदीहरूमा च्याफ्टिङ्ग व्यवसाय सञ्चालन भइरहेका छन् ।

सूचना तथा सञ्चार

११.२० नागरिक शिक्षाको प्रवर्द्धन, नागरिकलाई सूचनामा पहुँचलगायत आर्थिक विकासको लागि महत्वपूर्ण भूमिका रहेको सूचना तथा सञ्चारको व्यवस्थापन सूचना तथा सञ्चार मन्त्रालयले गर्दै आएको छ । यस अन्तर्गत मूलतः हुलाक सेवा, दूरसञ्चार सेवा, मुद्रण सेवा, छापा तथा विद्युतीय सञ्चार र चलचित्र क्षेत्र रहेका छन् । सूचना र प्रविधिको मेरूदण्डको रूपमा रहेका उपर्युक्त सेवा सञ्चालन गर्ने निकायहरूबाट यस क्षेत्रसँग सम्बन्धित राष्ट्रिय नीति, अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेका प्रतिबद्धता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मर्म र भावनाअनुरूप सूचना प्रवाहमा प्रभावकारिता ल्याउने एवं ग्रामीण क्षेत्रसम्म सूचना तथा सञ्चार क्षेत्रको विकास र विस्तार गर्ने उद्देश्य राखी आर्थिक वर्ष २०६८/६९ को वार्षिक कार्यक्रम तथा बजेट तयार गरी कार्यान्वयन गरिएको थियो । यस क्षेत्र अन्तर्गत विभिन्न प्रकारका संस्थागत, संरचनागत, कानुनी एवं नीतिगत सुधारसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका थिए ।

११.२१ सूचना तथा सञ्चारको क्षेत्रमा सबैभन्दा पुरानो, जनसाधारणले अत्यधिक प्रयोग गर्ने र सुदूर ग्रामीण क्षेत्रसम्म आफ्नो संस्थागत सञ्जाल विस्तार भएको सेवा हुलाक सेवा हो । हुलाक सेवा विभाग र अन्तर्गतका कार्यालयहरूले चिठ्ठीपत्र, पुलिन्दा ओसारपसारका अतिरिक्त हुलाक टिकट प्रकाशन, हुलाक बचत बैंक सञ्चालन, धनादेश सेवा, E-DV को फाराम भर्ने सेवा, द्रुत डाँक सेवा र E-post जस्ता विभिन्न सेवाहरू प्रदान गरिदैं आएका छन् । हुलाक सेवा विभागअन्तर्गत कार्यालयहरूको संख्या देहायबमोजिम रहेको छ ।

तालिका ११ (ग) : हुलाक सेवा विभाग अन्तर्गतका कार्यालयहरुको संख्या

हुलाक सेवा	हिमाली	पहाडी	तराई	जम्मा
क्षेत्रीय हुलाक निर्देशनालय (जिल्ला हुलाकको काम गर्ने ४ समेत)	-	-	-	५
गोश्वारा हुलाक कार्यालय	-	-	-	१
जिल्ला हुलाक कार्यालय	-	-	-	७०
इलाका हुलाक कार्यालय	१७०	३७२	३००	८४२
अतिरिक्त हुलाक कार्यालय	४९२	१५४१	१०४१	३०७४
टेलिसेन्टर स्थापना	-	-	-	४०१
हुलाक बचत बैंक सञ्चालन गर्ने हुलाक संख्या (स्वीकृति दिइएको ११७)	-	-	-	११७
धनादेश सेवा सञ्चालन गर्ने हुलाक संख्या	-	-	-	७८

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय

११.२२ हुलाक सेवा विभाग अन्तर्गतका मध्यमाञ्चलबाहेकका ४ वटा हुलाक निर्देशनालयले र काठमाडौंमा गोश्वारा हुलाक कार्यालयले जिल्ला हुलाकको समेत काम गर्दै आएका छन् । आर्थिक वर्ष २०६८/६९ को फागुनसम्ममा ७३ वटा जिल्ला हुलाक कार्यालयहरू तथा ३ सय ७२ इलाका हुलाक कार्यालयहरूमा ४ सय १ वटा बहुउद्देश्यीय टेलिसेन्टर स्थापना भएका तथा १ सय १७ वटा विभिन्न हुलाक कार्यालयहरूले हुलाक बचत बैंक सेवा सञ्चालन गर्न स्वीकृति पाएकोमा ६८ वटा हुलाक कार्यालयहरूले हुलाक बचत बैंक सेवा सञ्चालन गर्दै आएका छन् । त्यस्तै, ७५ वटा जिल्ला हुलाक कार्यालय र ३ वटा इलाका हुलाक कार्यालयबाट धनादेश सेवा प्रदान गरिँदै आएको छ ।

११.२३ दूरसञ्चार सेवाप्रदायक तथा सेवाप्रयोक्ताहरूको संख्या वृद्धि हुनुका साथै नवीन, अत्याधुनिक प्रविधियुक्त दूरसञ्चार सेवाहरू उपलब्ध हुन थालेको कारणले यस क्षेत्रको सेवामा संख्यात्मक तथा गुणात्मक वृद्धि भइरहेको छ । मुलुकका सबै गाउँ विकास समितिमा टेलिफोन सेवा पुगेको छ । २०६८ माघ मसान्तसम्म जम्मा टेलिफोन ग्राहकसंख्या १ करोड ५६ लाख १६ हजार ९ सय ४ पुगी टेलिफोन घनत्व ५८.६६ प्रतिशत पुगेको छ ।

११.२४ ग्रामीण क्षेत्रमा सेवा पुऱ्याउने सेवाप्रदायकहरूले २ हजार ६ सय १४ वटा ग्रामीण पि.सि.ओ. सञ्चालन गरी सेवा पुऱ्याइरहेका छन् । नेपाल दूरसञ्चार प्राधिकरणबाट सार्वजनिक निजी साझेदारी अवधारणाअनुरूप लमजुङ जिल्लाको ५ गाउँ विकास समितिमा Common Service Center स्थापना गरी सञ्चालनमा रहेको तथा नेपालको दुर्गम क्षेत्रमा टेलिसेन्टर स्थापना गर्ने कार्यक्रमअन्तर्गत ५८ स्थानमा टेलिसेन्टर स्थापना भई सञ्चालनमा रहेका छन् ।

तालिका ११ (घ) : दूरसञ्चार सेवाका ग्राहाक र सेवा प्रदायकहरुको संख्यात्मक विविरण

सेवाको किसिम	ग्राहकसंख्या
PSTN	६२३८९८
WLL	२२४१५१
GSM	१२९९४१६७
CDMA	८५१२८३
LMS	९२१६६३
GMPCS	१७४२
जम्मा	१५६१६९०४
PSTN+ISDN	१९५२०
Wireless Modem. Opical fiber ethernet	३१६३६
Cable Modem, Cable	१७१०८
ADSL	७८७४०
GPRS	३८६८५७५
CDMA IX	१७७६६४
Total	**४१९३२४३**
Penetration	**१५.७५%**

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय ।

११.२५ नेपाल टेलिकमबाट हालसम्म आधारभूत टेलिफोन सेवा ३ वटा, जी.एस.एम. मोबाईल सेवा २ वटा, सञ्जाल सेवा प्रदायक ८ वटा, भीस्याट सेवा प्रयोगकर्ता ३ वटा, इन्टरनेट सेवा प्रदायक ४६ वटा, जीएमपीसीएस ३ वटा, ग्रामीण टेलिकम २ वटा, सीमित मोविलिटी १ सय ८ वटा, अन्तर्राष्ट्रिय ट्रङ्क टेलिफोन ३ वटा, ग्रामीण भीस्याट सेवा प्रयोगकर्ता १३ वटा, ग्रामीण इन्टरनेट सेवा प्रदायक ६ वटा गरी जम्मा २ सय ७७ वटा सेवा प्रदान गरिएको छ ।

तालिका ११ (ङ) : सेवाप्रदायकअनुसार वितरित कुल टेलिफोन संख्या

सेवाप्रदायक	टेलिफोन संख्या (२०६७ फागुन मसान्तसम्म	टेलिफोन संख्या (२०६८ माघ मसान्तसम्म	२०६७ र २०६८ को वृद्धि	वृद्धि प्रतिशत
Nepal Telecom	६३२६०६८	७४३५९२९	११०९८६१	१७.५४
Spice Nepal Pvt. Ltd.	४४७९०२१	७१७८८०८	२६९९७८७	६०.२७
United Telecom Limited	५३८८३३	६०४५६८	६५७३५	१२.१९
STM Telecom Sanchar Pvt. Ltd.	५१८५	५३३६	१५१	२.९१
Smart Telecom	९१४६९	२५०९२६	१५९४५७	१७४.३२
Nepal Satellite	७७२३८	१४०३९५	६३१५७	८१.७६
Others	१७४२	१७४२	०	–

स्रोतः सूचना तथा सञ्चार मन्त्रालय ।

११.२६ सूचना तथा सञ्चार क्षेत्र अन्तर्गत सूचना विभाग, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति (रासस) र प्रेस काउन्सिल नेपालले छापा सञ्चारमाध्यमबाट सूचना सम्प्रेषणको काम गरिरहेका छन् । गोरखापत्र संस्थानले नयाँ नेपाल निर्माण अभियान अन्तर्गत विभिन्न ३० वटा राष्ट्रिय भाषामा समाचार लेख रचना आदि प्रकाशन गर्दै आएको छ । साथै, संस्थानको कार्यक्षेत्र विस्तार गर्ने क्रममा पश्चिमाञ्चलको बुटवलमा व्युरो कार्यालयको स्थापना गरिएको छ ।

११.२७ २०६८ फागुन मसान्तसम्म विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाहरूको संख्या ६ हजार १ सय ८१ पुगेको छ ।

तालिका ११ (च) : पत्रपत्रिकाको भाषागत र समयगत विवरण

समयगत आधारमा		भाषागत आधारमा			
किसिम	**संख्या**	**भाषा**	**संख्या**	**भाषा**	**संख्या**
दैनिक	४९४	नेपाली	४२७५	भोजपुरी	८
अर्ध साप्ताहिक	३५	अङ्ग्रेजी	४५७	उर्दु	४
साप्ताहिक	२३४६	नेपाली/अङ्ग्रेजी	१०३०	तिब्बती	२
पाक्षिक	४३१	नेवारी	४३	थारू	९
मासिक	१८४१	संस्कृत	२	लिम्बू	२
द्वैमासिक	३२१	हिन्दी	२४	डोटेली	२
त्रैमासिक	५२९	मैथिली	२७	तामाङ	८
चौमासिक	३५	राई	२	अन्य	२८६
अर्धवार्षिक	७०	-	–	-	–
वार्षिक	७९	-	–	-	–

स्रोत: सूचना तथा सञ्चार मन्त्रालय ।

११.२८ प्रेस काउन्सिल नेपालबाट नेपालभर नियमितरूपमा प्रकाशित हुने र सम्परीक्षण फाराम भरेका पत्रपत्रिकाहरूको वर्गीकरण गर्ने लक्ष्यअनुसार वर्गीकरण प्रतिवेदन स्वीकृत गरिएको छ । साथै, पत्रपत्रिकाको दीर्घकालीन सुरक्षाको लागि पुराना पत्रपत्रिकालाई स्क्यानिङ गरी सिडीमा सुरक्षित राख्ने कार्यअनुसार २०६८ फागुन मसान्तसम्म २२ लाख ६८ हजार ३ सय ७४ पेज पत्रिका सिडीमा सुरक्षित गरिसकिएको छ । त्यस्तै, राष्ट्रिय समाचार समितिले (रासस) आफ्नो सेवालाई विविधिकरण गर्न फोटो सेवा उपलब्ध गराउनुका साथै एफ.एम.हरूलाई सहयोग गर्न भ्वाइस क्लिप सेवासमेतको व्यवस्था गरेको छ ।

११.२९ सरकारी स्वामित्व र निजी क्षेत्रका गरी जम्मा ४७ वटा टेलिभिजन च्यानलले अनुमतिप्राप्त गरे तापनि हाल १५ वटा टेलिभिजन च्यानलहरू मात्र प्रसारणरत छन् । नेपाल टेलिभिजनले रोल्पा प्रसारण केन्द्रको स्थापना र सञ्चालन गरेको हुनाले राप्ती, भेरी, धवलागिरी र लुम्बिनी अञ्चलका रूकुम, सल्यान, दाङ, प्युठान, बागलुङ र अर्घाखाँचीका दर्शकहरूसमेतको राष्ट्रिय प्रसारणमा पहुँच पुगेको छ । द्वन्द्वकालमा क्षतिग्रस्त हेटौंडा प्रसारण केन्द्रको पुनर्निर्माण सम्पन्न गरी त्यसबाट परीक्षण प्रसारण सुरु भएको

छ। जलेश्वर र सराङकोट प्रसारण सुदृढीकरण गरिएको छ। NTV-2 को प्रसारण १८ घण्टाबाट वृद्धि गरी २४ घण्टा पुऱ्याइएको छ। विभिन्न ६ भाषाभाषीका कार्यक्रम निर्माण गरी प्रसारण भइरहेका छन्। नेपाल टेलिभिजनको प्रसारण पहुँच हाल ५० प्रतिशत भूभाग तथा ७२ प्रतिशत जनसंख्यामा पुगेको छ भने NTV-2 को प्रसारण पहुँच २५ प्रतिशत भूभाग र ४० प्रतिशत जनसंख्यामा पुगेको छ। त्यस्तै, चालु आर्थिक वर्षको प्रथम आठ महिनामा थप २३ वटा केबुल टेलिभिजनहरूलाई इजाजतपत्र प्रदान गरिएको छ। यसरी इजाजतप्राप्त केबुल टेलिभिजनको संख्या ७ सय २१ पुगेको छ।

११.३० आर्थिक वर्ष २०६८/६९ मा प्रसारण विस्तारको लागि इलाम प्रसारण केन्द्रको सुदृढीकरण गर्ने, नाम्जे प्रसारण केन्द्रमा एन.टि.भी प्लसको प्रसारण विस्तार गर्ने, दुबै च्यानलको प्रसारणलाई सुदृढीकरण गर्न सिंहदरबारस्थित प्रसारण केन्द्रमा डिजिटल बहुच्यालन ट्रान्समिटर जडान गर्ने जस्ता संरचनागत सुधार कार्यहरू भएका छन्। यस्ता संरचनागत सुधार कार्यबाट नेपाल टेलिभिजनको प्रसारण पहुँच विस्तार भई दर्शकहरूले थप गुणस्तरीय सेवा पाएका छन्।

११.३१ सरकारी स्वामित्वमा रहेको एउटामात्र रेडियो प्रसारण संस्था रेडियो नेपालका अतिरिक्त निजी क्षेत्रबाट सञ्चालन हुने FM को संख्या ४ सय पुगेको छ जसमध्ये ३ सय ४१ वटा रेडियोहरू हाल प्रसारणरत रहेका छन्। रेडियो नेपालले SW, MW र FM को माध्यमद्वारा प्रसारण गरिरहेको छ भने यसको प्रसारण पहुँच जनसंख्याको आधारमा ८६ प्रतिशत र भौगोलिक क्षेत्रको आधारमा ७० प्रतिशत रहेको छ। त्यस्तै, रेडियो नेपालबाट प्रसारित एफ.एम. को प्रसारण पहुँच जनसंख्याको आधारमा ४० प्रतिशत र भौगोलिक क्षेत्रको आधारमा ३० प्रतिशत रहेको छ। एफ.एम.को पहुँच क्षेत्र विस्तार गर्ने उद्देश्यले विभिन्न स्थानमा एफ.एम. रिले केन्द्र स्थापना गर्ने कार्य जारिरहेको छ। चालु आर्थिक वर्षमा धनकुटाको भेडेटार, सुर्खेतको हर्रे, मकवानपुरको सीमभञ्ज्याङ, बर्दिवास तथा वैतडीको खोड्पेमा एफ.एम.रिले केन्द्र स्थापनाको कार्य अगाडि बढिरहेको छ।

११.३२ मुद्रण विभागबाट नेपाल राजपत्र, अध्यागमन विभाग र वैदेशिक रोजगार विभागका स्टिकर, काठमाडौं महानगरपालिकाको नगदी रसिद, भन्सार विभागको निकासी पैठारी रसिद, अर्थ मन्त्रालयको वजेट बक्तव्य र अन्य कागजात छपाइ कार्य गरिँदै आइएको छ।

११.३३ चलचित्रकर्मीहरूको सुरक्षालाई ध्यानमा राखी निजहरूको छायाङ्कन अवधिभरका लागि विमा कार्यक्रम लागु गरिएको छ। नेपाललाई चलचित्र क्षेत्रको उपयुक्त गन्तव्य स्थलको रूपमा विकास गर्न र नेपालमा एउटा सुविधा सम्पन्न चलचित्र स्टुडियोको निर्माणका लागि स्थान छनौट भइरहेको छ।

सूचना तथा सञ्चार क्षेत्रमा रहेका चुनौती र समस्याहरू

११.३४ दूरसञ्चार र चलचित्र क्षेत्रमा उल्लेखनीयरूपमा संख्यात्मक वृद्धि भए तापनि गुणात्मक वृद्धि हुन सकेको छैन। राष्ट्रिय सञ्चारमाध्यमको रूपमा गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपालले राष्ट्रिय दायित्वको रूपमा विभिन्न भाषाभाषीको समाचार तथा कार्यक्रमहरू प्रकाशन/प्रशारण गर्नुपरेको कारणले यी संस्थाहरूको आर्थिक दायित्व बढेको छ। तर सरकारी कार्यक्रम र विज्ञापनमा निजी एफ.एम., टेलिभिजन तथा

छापामाध्यमहरूको समेत सहभागिता भएको कारणले राष्ट्रिय प्रसारण संस्थाहरूले प्रतिष्पर्धा गर्नुपर्ने अवस्था छ भने त्यसअनुसारको क्षमता विकास गर्नुपर्ने चुनौती रहेको छ ।

११.३५ देशको विविधतापूर्ण भौगोलिक अवस्थितिका कारण राष्ट्रिय प्रसारण र एन.टि.भी.प्लसको भू-सतही प्रसारण विस्तार गर्नुपर्ने आवश्यकता भए तापनि विविध कारणले यो कार्य चुनौतीपूर्ण बनेको छ ।

११.३६ प्रविधिको द्रुततर विकाससँगै विद्यमान नीति, ऐन नियममा समयानुकुल परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको भए तापनि यस सम्बन्धमा अपेक्षाकृत सुधार हुन नसकेको छ ।

११.३७ रेडियो नेपाल, गोरखापत्र संस्थान, रासस, नेपाल टेलिभिजन जस्ता संस्थाका आ-आफ्नै स्ट्रीन्जर समाचारदाताहरू रहेकोले तिनीहरूलाई एकीकृतरूपमा कार्य गर्ने व्यवस्था मिलाई खर्च न्यूनीकरण गर्नु आवश्यक भएको परिप्रेक्ष्यमा एकीकृतरूपमा व्यवस्थापन गर्न सकिएको छैन ।

१२. सुशासन, शान्ति तथा पुनर्निर्माण

१२. सुशासन, शान्ति तथा पुनर्निर्माण

सुशासन

१२.१ नागरिकमैत्री शासनको स्थापना गरी सरकारी कामकारवाही प्रति जनविश्वास बढाउन सेवाप्रवाह प्रभावकारी एवं सरल र पहुँचयोग्य बनाउनु अत्यन्तै आवश्यक भएको परिप्रेक्ष्यलाई मनन गरी कार्यप्रक्रिया सरलीकरण गर्ने, ऐन-कानुनको संशोधन गर्ने, सार्वजनिक सेवाप्रवाहमा संलग्न हुने निजामती कर्मचारीको क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गर्नेलगायतका विविध कार्यहरू आर्थिक वर्ष २०६७/६८ मा सम्पन्न भएका छन् । चालु आर्थिक वर्षमा पनि सुशासन कायम गरी नागरिकलाई प्रभावकारी सेवाप्रवाह गर्न विभिन्न कार्यहरू भइरहेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी भई कार्यान्वयनमा रहेका सुशासन कार्ययोजना, २०६८; तत्काल राहत कार्यक्रम, २०६८; राष्ट्रसेवक कर्मचारीको आचारसंहिता, २०६८; हेलो सरकार सञ्चालन निर्देशिका, २०६८ जस्ता पहलहरूले सुशासन स्थापनामा महत्वपूर्ण भूमिका खेलेका छन् ।

१२.२ नागरिकमैत्री शासन स्थापना गर्न प्रत्यक्षरूपले सहभागी हुने निजामती कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न सामान्य प्रशासन मन्त्रालयबाट नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र कर्मचारी प्रशिक्षण प्रतिष्ठानमार्फत् कर्मचारीहरूलाई विभिन्न तालिम प्रदान गरिएको छ । त्यस्तै, निजामती कर्मचारीहरूको गुनासो सर्वेक्षण, अभिप्रेरणा साझेदारी कार्यक्रम, सरुवा व्यवस्थापन निर्देशिकाको तर्जुमा, निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति कार्यक्रम, निजामती आवास कार्यक्रम, आवासीय विद्यालय निर्माण कार्यक्रमलगायतका विविध कार्यक्रमहरूबाट निजामती कर्मचारीहरूलाई सक्षम, व्यावसायी र उत्प्रेरित बनाउने कार्यहरू भएका छन् ।

१२.३ सरकारी कामकाजलाई सरलीकरण गर्न, नागरिकका आकांक्षाहरूलाई उचित ढंगले सम्बोधन गर्ने, राज्यप्रदत्त सेवा-सुविधा र अवसरमा सबै नागरिकको समान पहुँचको सुनिश्चितता गर्ने, सामाजिक न्याय र सुरक्षाको प्रत्याभूति दिने जस्ता कार्यलाई प्रभावकारी बनाउन विद्यमान ऐन-कानुनमा समयसापेक्ष सुधार एवं परिमार्जन गर्नुपर्ने र समकालीन आवश्यकतालाई सम्बोधन गर्न नयाँ ऐन-कानुन तर्जुमा गर्नुपर्ने आवश्यकतालाई मनन गरी कानुन, न्याय, संविधानसभा र संसदीय व्यवस्था मन्त्रालयबाट १७ वटा विभिन्न विधेयकको मस्यौदामा सहमतिसम्बन्धी कार्यहरू, २१ वटा नियम तथा गठन मस्यौदा तथा सहमतिसम्बन्धी कार्यहरू, १ सय २ वटा अन्तर्राष्ट्रिय कानुनी राय तथा सन्धिसम्झौतासम्बन्धी कार्यहरू र विविध २४ वटा कानुनी रायसम्बन्धी कार्यहरू सम्पन्न भएका छन् । यसबाट कानुनी प्रक्रियामा सरलता, स्पष्टता तथा पारदर्शीता आई कानुनी राज्यको अवधारणाअनुसार कार्यसम्पादनमा सहजता आएको अपेक्षा गरिएको छ ।

स्थानीय सुशासन

१२.४ स्थानीय विकास मन्त्रालय विकेन्द्रीकरण, निक्षेपण एवं स्थानीय विकाससम्बन्धी नीति निर्माण र कार्यान्वयन, स्थानीय निकायबीच समन्वय, दुर्गम क्षेत्र र ग्रामीण विकाससम्बन्धी नीति योजना र कार्यक्रमको तर्जुमा, अनुगमन एवं मूल्याङ्कन, व्यक्तिगत

घटना दर्ता, सामाजिक सुरक्षा, समावेशी विकास र स्थानीय तहको पूर्वाधार विकाससम्बन्धी विविध कार्यमा जिम्मेवार निकायको रूपमा क्रियाशील रहँदै आएको छ। मन्त्रालयको यस नीति र कार्यक्रमलाई प्रभावकारीरूपले सम्पादन गर्न ७५ जिल्ला विकास समिति, ५८ नगरपालिका, ३ हजार ९ सय १५ गाउँ विकास समिति, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका अतिरिक्त विभिन्न आयोग, समिति, प्रतिष्ठान र आयोजना एवं कार्यक्रमहरू आ-आफ्नो कार्य क्षेत्रमा क्रियाशील रहेका छन्।

१२.५ आर्थिक वर्ष २०६८/६९ मा अवलम्बन गरिएका मुख्य मुख्य कानुनी नीतिगत र संस्थागत व्यवस्थाहरूमा स्थानीय निकाय सञ्चालन तथा उपभोक्ता समितिको गठन, सञ्चालन र व्यवस्थापनसम्बन्धी निर्देशन २०६८, कर्णाली र कर्णाली वरिपरि विशेष कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०६८, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ कार्यन्वयनमा ल्याइएको छ। यी व्यवस्थाहरूको अतिरिक्त गाउँ विकास समिति सचिवहरूले सुरक्षाको कारण देखाई आफ्नो कार्यस्थलमा नबसी जिल्ला सदरमुकाम वा सुगम स्थानमा केन्द्रित भई बसेकोमा तोकिएको गाउँ विकास समिति कार्यालयमा बसी कामकाज गर्ने १४ बुँदे निर्देशन जारी भएको थियो। स्थानीय निकायद्वारा सञ्चालित कार्यक्रमहरू नतिजामूलक बनाउन नतिजामूलक अनुगमन सूचकहरू (जिल्ला विकास समितिको ९, नगरपालिकाहरूको १२ वटा र गाउँ विकास समितिहरूको ११ वटा) स्वीकृत गरी कार्यान्वयनको लागि स्थानीय निकायमा पठाइएको छ। ठेक्का पट्टामा E-Bidding प्रक्रिया ६७ जिल्लामा सुरु भएको छ। ७५ वटा जिल्ला विकास समितिहरूमा District Poverty Monitoring and Analysis System(DPMAS) लागु गरिएको व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित गर्न Vital Registration System को Software विकास गरी ४ वटा गाउँ विकास समिति र १ वटा नगरपालिकामा Piloting को रूपमा सुरु गरिएको छ।

शान्ति तथा पुननिर्माण

१२.६ शान्ति-सुरक्षाको प्रत्याभूति गर्नु राज्यको कर्तव्य रहेको सन्दर्भमा गृह मन्त्रालयबाट शान्ति-सुरक्षाको प्रभावकारिता, दण्डहीनताको अन्त्य र मानवअधिकारको रक्षा गर्न विशेष सुरक्षा कार्यक्रमअन्तर्गत सँगठित अपराध नियन्त्रण कार्ययोजनाअनुसार विभिन्न कार्य भइरहेका छन्। त्यस्तै, विपद् व्यवस्थापनका लागि ७५ वटै जिल्लामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार विविध कार्यक्रम सञ्चालन भएका छन्।

१२.७ द्वन्द्व व्यवस्थापन गरी मुलुकमा दिगो शान्ति स्थापना गर्न, विगतको द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाहरूको पुनर्निर्माण गर्न, द्वन्द्व पिडित व्यक्तिहरूलाई राहत प्रदान गर्न, पुनस्थापना गर्न, शिविरमा रहेका लडाकुहरूको पुनस्थापन एवं व्यवस्थापन गर्न तथा शान्ति र सहमतिको वातावरण श्रृजना गर्ने जस्ता कामका लागि आवश्यक पर्ने तत्कालीन, दीर्घकालीन नीति, रणनीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने कार्य शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गर्दै आएको छ। विभिन्न पक्षहरूसँग शान्तिवार्ता तथा सहमति गर्ने, सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा आयोग गठनसम्बन्धी विधेयक तयार गरी

व्यवस्थापिका संसदमा पेश गर्ने कार्य, द्वन्द्व पिडितहरूलाई राहत तथा पुनस्थापन गर्ने कार्य, क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने, शान्तिकोष व्यवस्थापन एवं परिचालन गर्ने, शिविरमा रहेका लडाकुहरूको व्यवस्थापन, बारूदी सुरूङ्ग व्यवस्थापन, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना तथा सशस्त्र द्वन्द्वबाट प्रभावित वालवालिकाहरूको पुनस्थापन एवं पुनः एकीकरणका लागि राष्ट्रिय कार्ययोजना पारित, स्थानीयस्तरमा शान्ति समितिहरूको गठन र परिचालन, स्थानीय तहबाटै शान्तिलाई सुदृढ गर्न स्थानीय शान्ति समितिहरूको गठन, द्वन्द्वपश्चात्को अवस्थामा शान्ति कोषमार्फत् स्रोतको परिचालन गर्ने जस्ता कार्य शान्ति तथा पुननिर्माण मन्त्रालय अन्तर्गत भइरहेका छन् ।

१२.८ शान्ति प्रक्रिया सहयोग आयोजना अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा रू. ८ करोड १ लाख खर्च भएको छ । यस आयोजनाबाट द्वन्द्वका क्रममा मृत्यु भएका मृतकका नजिकका हकदार ३ सय ३८ जनालाई प्रतिव्यक्ति रू. १ (एक) लाखका दरले राहत वितरण भएको छ । त्यस्तै, द्वन्द्वका क्रममा मृत्यु भएका सर्वसाधारण मृतकका एकल महिला १ हजार १ सय ९२ जनालाई प्रतिव्यक्ति रू.२५ हजारका दरले आर्थिक सहायता रकम वितरण गरिएको थियो । यस आयोजनामा आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा रू.४ करोड २५ लाख खर्च हुनुका साथै १२ जिल्लाका ३ हजार ३० जना द्वन्द्व प्रभावित व्यक्तिहरूलाई रोजगार/स्वरोजगार सेवा कार्यक्रम अन्तर्गत व्यवसायिक तालिम, रोजगार परामर्श सेवा तथा साना व्यवसाय सहयोग सेवा उपलब्ध गराउन सुरु भएको छ । साथै, द्वन्द्वका क्रममा मृत्यु भएका नजिकका हकदार १ सय २ जनालाई प्रतिव्यक्ति रू.१ लाख तथा सर्वसाधारण मृतकका एकल महिला २ सय जनालाई प्रतिव्यक्ति रू.२५ हजारका दरले राहत वितरण भएको छ । यस प्रकार आयोजनाबाट २०६८ फागुन मसान्तसम्ममा १३ हजार ९ सय ७८ जना मृतकका नजिकका हकदार तथा ४ हजार ४ सय ६९ जना सर्वसाधारण मृतकका एकल महिलाले आर्थिक सहायता प्राप्त गरेका छन् ।

१२.९ पुनर्निर्माण तथा पुनःस्थापन कार्यक्रम अन्तर्गत राहत तथा पुनर्स्थापना अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा ३० करोड ५ लाख १६ हजार खर्च भएको थियो । यस कार्यक्रम अन्तर्गत ८ सय २५ जनालाई व्यक्तिगत सम्पत्ति क्षतिबापत् आर्थिक सहायता, ९ सय ९८ जना अपहरणमा परेका, १ सय ५ जना बेपत्ताका हकदार र १ हजार ७ सय ९४ जना अंगभंग भएका अपाङ्ग व्यक्तिलाई आर्थिक सहायता प्रदान गरिएको थियो । त्यस्तै, ऐतिहासिक जनआन्दोलन २०६२/६३ का २६ जना शहिद परिवार र २३ जना जनआन्दोलनका घाइतेलाई जीवन निर्वाह भत्ता, २६ जना जनआन्दोलनका घाइतेका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराइएको थियो । विस्तृत शान्ति सम्झौतापश्चात्का घटनामा मृत्यु भएका २५ जना व्यक्तिका हकदार र १ सय २१ जना टुहुरा वालवालिकालाई आर्थिक सहायता, ३ सय २७ जना द्वन्द्वपीडितलाई सीपमूलक तालिम एवं १ हजार ९ सय ६० जना कपिलवस्तु घटनाका पीडितहरूलाई नियमानुसार सम्पति क्षतिवापत्को राहत/आर्थिक सहायता उपलब्ध गराइएको थियो । यस कार्यक्रम अन्तर्गत ९ सय ३ जनालाई व्यक्तिगत सम्पति क्षति वापत, अपहरणमा परेका १ हजार जना, वेपत्ता पारिएका व्यक्तिका हकदार १ सय ५३ जना, अंगभंग/अपाङ्ग भएका १ हजार ३ सय

२० जना, २६ जना शहिद परिवार, जीवन निर्वाह भत्ता २३ जना घाइते, २८ जना जनआन्दोलन घाइतेका सन्ततिलाई छात्रवृत्ति, ५० जना जनआन्दोलन घाइते, १९ जना शान्ति सम्झौतापश्चात्का घटनामा मृत्यु भएका व्यक्तिका हकदार र २ सय ४२ जना टुहुरा वालवालिकालाई आर्थिक सहायता उपलब्ध गराइएको थियो । यस अवधिमा ८ हजार ९ सय ३६ जना मृत्युवरण गरेका व्यक्तिका हकदार र ९ सय ९९ जना वेपत्ता व्यक्तिका पत्नीलाई विशेष राहत कार्यक्रम अन्तर्गत आर्थिक सहायता उपलब्ध गराइएको छ ।

१२.१० पुनर्निर्माणतर्फ द्वन्द्वको समयमा क्षतिग्रस्त भएका ५ हजार ५ सय ६० वटा भौतिक संरचनाहरू मध्ये आर्थिक वर्ष २०६७/६८ को अन्त्यसम्ममा २ हजार ५ सय ६ वटा आयोजनाहरू सम्पन्न भएका छन् । २०६७/६८ मा ५ सय ९० वटा भौतिक पूर्वाधार पुनर्निर्माण सम्पन्न गर्ने वार्षिक लक्ष्य रहेकोमा ५ सय ३८ वटा आयोजनाहरू सम्पन्न भए । चालु आर्थिक वर्ष २०६८/६९ मा ६ सय १२ वटा भौतिक पूर्वाधार पुनर्निर्माणका आयोजनाहरू सञ्चालनमा रहेका छन् । चालु आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा ९७ वटा आयोजनाहरू सम्पन्न भएका छन् ।

१२.११ शान्ति कोषको लागि आर्थिक वर्ष २०६७/६८ मा दातृ निकायहरूबाट रू. ५८ करोड ८८ लाख र नेपाल सरकारबाट रू. १ अर्ब ७५ करोड ६३ लाख समेत गरी रू. २ अर्ब ३४ करोड ५२ लाख प्राप्त भई हालसम्म रू. १० अर्ब ४९ करोड ३४ लाख प्राप्त भएको छ । सो मध्ये आर्थिक वर्ष २०६७/६८ मा रू. २ अर्ब ३० करोड ३८ लाख निकासा भएको समेत आर्थिक वर्ष २०६७/६८सम्ममा रू. ९ अर्ब, ५१ करोड २१ लाख निकासा भएको छ । आर्थिक वर्ष २०६७/६८ मा यस कोषबाट शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूलाई भरण पोषण भत्ता वितरण, औषधोपचार, शिविर पहुँच मार्ग निर्माण/मर्मत तथा नेपाल प्रहरीतर्फ प्रहरी कार्यालयहरू निर्माण, माओवादी सेनाका लडाकुहरूको रेखदेख समायोजन र पुनर्स्थापनसम्बन्धी विशेष समितिको सचिवालय, निर्वाचन आयोगबाट फोटोसहितको मतदाता नामावली संकलन, आदिवासी/जनजाति प्रतिष्ठान र स्थानीय शान्ति समितिको क्षमतावृद्धि कार्यक्रम सञ्चालन समेतमा खर्च भएको थियो । आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्ममा दातृ निकायहरूबाट रू. १ अर्ब ९ करोड १० लाख तथा नेपाल सरकारबाट रू. ३४ करोड २९ लाख रकम प्राप्त भई विभिन्न निकायका लागि रू. ६४ करोड १२ लाख निकासा भएको छ ।

१२.१२ स्थानीय शान्ति समितितर्फ आर्थिक वर्ष २०६७/६८ मा रू. १० करोड ४५ लाख ८ हजार २ सय १७ खर्च भएको छ । त्यसैगरी, आर्थिक वर्ष २०६८/६९ को चैत्र मसान्तसम्म रू. ६ करोड ९५ लाख ३५ हजार खर्च भएको छ । यस अविधिमा ७५ जिल्लामा स्थानीय शान्ति समिति गठन भएका छन् भने २५ वटा नगरपालिका र १ हजार ७ सय भन्दा बढी गाउँ विकास समितिस्तरमा शान्ति समिति गठन भई शान्ति प्रक्रियामा संलग्न भएका छन् ।

१२.१३ आर्थिक वर्ष २०६७/६८ मा शिविर व्यवस्थापनको लागि १ अर्ब १६ करोड ९० लाख ८० हजार खर्च भएकोमा आर्थिक वर्ष २०६८/६९ को फागुन मसान्तसम्म रू. १ अर्ब १० करोड ६१ लाख २९ हजार खर्च भएको छ । विभिन्न शिविरमा १९ हजार ६ सय २

लडाकुहरूको दुई चरणको वर्गीकरणमा १७ हजार ५२ जना उपस्थित भई ३ हजार १ सय २३ जनाले समायोजन रोजेको, ६ जनाले पुनस्थापना रोजेका र अरू बाँकी सबै लडाकुहरूले स्वेच्छिक अवकास रोजेका छन् ।

१२.१४ यस आर्थिक वर्षमा विभिन्न भूमिगत सँगठनहरू, विद्रोही पक्षहरू र विभिन्न समूहहरू गरी ३८ पक्षहरूसँग वार्ता भई विभिन्न सहमति एवं सम्झौताहरू भएका छन् भने द्वन्द्वको समयमा क्षतिग्रस्त भएका भौतिक संरचनाहरू मध्ये २६०३ वटाको पुनर्निर्माण कार्य सम्पन्न भइसकेको छ । द्वन्द्वकालमा विछ्याइएका सम्पूर्ण ५३ स्थानका बारूदी सुरूङ्ग नष्ट गर्ने कार्य पनि सम्पन्न भएको छ ।

१२.१५ यस आर्थिक वर्षमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट आर्थिक सहायता/राहतसम्बन्धी भएका विभिन्न गतिविधि देहाय बमोजिम छ :

तालिका १२ (क) : आर्थिक सहायता/राहतसम्बन्धी गतिविधिको प्रगति विवरण

सि.नं.	द्वन्द्वपीडित र राहत प्रकार	कुल संख्या	हालसम्म राहत निकासा संख्या	बाँकी संख्या
१.	मृतकका हकदारलाई राहत	१७८२८	१४०८०	३६२५
२.	वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत	१५१४	१५१४	–
३.	सम्पत्ति क्षतिको राहत	१४४३८	८०९०	६३४८
४.	अंगभंग अपाङ्ग भएकालाई आर्थिक सहायता	६८११	४२७५	२५३६
५.	अपहरणमा परेका व्यक्तिलाई राहत	२९८५	२२१९	७६६
६.	जनआन्दोलन घाइते(५० प्रतिशत +) मासिक वृति	२३	२३	निरन्तररूपमा दिनुपर्ने
७.	जनआन्दोलन शहिद पारिवारिक वृति	२६	२६	”
८.	जनआन्दोलन घाइतेका सन्तानलाई छात्रवृत्ति	२८	२८	”
९.	शान्ति सम्झौतापश्चात्का घटनामा परी मृत्यु हुनेका हकदारलाइ राहत	११०	४४	६६
१०.	ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत	३९८४	३२१४	७७०
११.	आमाबाबु दुबै गुमाएका बालबालिका पुनस्थापन कार्यक्रम	३४८	३४८	
१२.	कैद वा हिरासत	१४१५	–	निर्देशिका बन्ने क्रममा रहेको
१३.	आन्तरिकरूपमा विस्थापित व्यक्ति	८९१७१ (२२८६३ परिवार)	२९०००	६०१७१

स्रोत: शान्ति तथा पुनर्निर्माण मन्त्रालय

१३. सामाजिक क्षेत्र

१३. सामाजिक क्षेत्र

शिक्षा

१३.१ समतामूलक शिक्षाको पहुँच, विस्तार, गुणस्तर सुधार, सक्षमता अभिवृद्धि गर्ने उद्देश्यले पूर्वप्राथमिक शिक्षा, विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक शिक्षाका कार्यक्रमहरूको कार्यान्वयन तथा शिक्षाको समग्र व्यवस्थापन, नीति तथा कार्यक्रम तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमनसम्बन्धी कार्यहरू शिक्षा मन्त्रालयले अन्तरगतका विभिन्न निकाय, स्वायत्त संस्थाहरू र विश्वविद्यालयमार्फत् सञ्चालन गर्दै आएको छ। विद्यालय शिक्षा र तत्सम्बन्धी समग्र व्यवस्थापनका कार्यक्रमहरूको कार्यान्वयन शिक्षा विभागमार्फत् ५ क्षेत्रीय शिक्षा निर्देशनालयहरू, जिल्लास्तरमा ७५ जिल्ला शिक्षा कार्यालयहरू र स्थानीय तहमा जिल्ला भन्दा तल्लो इकाईका रूपमा रहेका १ हजार ५३ स्रोत केन्द्रहरूबाट हुँदै आएको छ। त्यस्तै, शिक्षा क्षेत्रका विशिष्टिकृत कार्यहरू जस्तै पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, विद्यालय तथा शैक्षिक व्यवस्थापनमा संलग्न जनशक्ति, विद्यालय शिक्षाका शिक्षक व्यवस्थापन, परीक्षा तथा मूल्याङ्कन, अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक क्षमता अभिवृद्धि परियोजना, उच्चमाध्यमिक शिक्षा व्यवस्थापनसम्बन्धी कार्यहरू शिक्षा मन्त्रालय मातहतका विभिन्न निकायहरूबाट सम्पादन हुँदै आएका छन्। उल्लेखित कार्यहरू सम्पादन एवम् व्यवस्थापनका लागि आवश्यक पर्ने मार्ग निर्देशन, विभिन्न कानुनी तथा नीतिगत व्यवस्थाहरू शिक्षा मन्त्रालयबाट तयार गर्ने गरिएको छ।

मञ्जूषा १३(क) : शैक्षिक सूचक तथा उपलब्धिहरू (प्रतिशत)

सूचकहरू	इकाई	उपलब्धि				
		२०६४/६५	२०६५/६६	२०६६/६७	२०६७/६८	२०६८/६९
१. शिक्षा बजेटको हिस्सा						
कुल राष्ट्रिय उत्पादन (GNP)	प्रतिशत	२.०	२.१	२.१	२.२	–
कुल गार्हस्थ उत्पादन (GDP)	प्रतिशत	३.५	३.६	३.६	४.५	४.३४
२. शिक्षा बजेटको हिस्सा						
आधारभूत शिक्षा	प्रतिशत	७०.०	७१.०	७१.०	७२.०	६८.८६
माध्यमिक शिक्षा	प्रतिशत	९.०	९.०	९.०	९.०	१६.८९
३. कक्षा १ मा भर्ना						
नयाँ प्रवेशसहित पूर्व बाल्यावस्थाको शिक्षा विकास अनुभव	प्रतिशत	३३.१	३६.२	४९.९	५२.१	५४.३
कुल भर्नादर	प्रतिशत	१४१.०	१४७.७	१४४.०	१४२.४	१४०.७


खुद भर्नादर	प्रतिशत	७८.०	८१.०	८६.४	८९.०	९०.७
४. कुल भर्नादर (सहजै देखिने भर्ना दर)						
पूर्व बाल्यावस्था शिक्षा विकास/पूर्व प्राथमिक	प्रतिशत	६०.२	६३.४	६६.२	७०.०	७२.९
आधारभूत शिक्षा (१-८)	प्रतिशत	११६.०	१२३.०	१२३.०	१२४.०	१२३.७
माध्यमिक शिक्षा	प्रतिशत	३६.०	४०.०	४४.७	४६.२	४९.४
५. खुद भर्नादर						
प्राथमिक शिक्षा	प्रतिशत	८९.१	९१.९	९३.७	९४.५	९५.१
आधारभूत शिक्षा	प्रतिशत	७१.०	७३.०	८३.२	८६.०	८६.६
माध्यमिक शिक्षा	प्रतिशत	२०.०	२१.०	२३.९	२७.१	३०.६
६. आवश्यक योग्यता र तालिम प्राप्त शिक्षक						
आधारभूत शिक्षा	प्रतिशत	६२.०	६६.०	७५.०	७९.०	९१.१
माध्यमिक शिक्षा	प्रतिशत	७४.०	७७.०	८५.०	८८.०	९०.१
७. आवश्यक प्रमाणपत्र प्राप्त शिक्षक						
आधारभूत शिक्षा	प्रतिशत	९०.०	९१.०	९२.०	९४.०	-
माध्यमिक शिक्षा	प्रतिशत	९०.०	९१.०	९२.०	९४.०	-
८. विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालयको स्वीकृत शिक्षक दरवन्दी र राहत शिक्षक अनुदानमा कार्यरत शिक्षक सङ्ख्याका आधारमा)						
आधारभूत शिक्षा	अनुपात	४४.०	४३.०	४४.०	४६.०	४४.०
माध्यमिक शिक्षा	अनुपात	४२.०	३९.०	३४.०	३५.०	३६.०
९. दोहोऱ्याउने दर						
कक्षा १	प्रतिशत	२९.५	२८.३	२६.५	२२.६	२१.३
कक्षा ८	प्रतिशत	१३.०	११.०	७.०	६.६	६.०
१०. कोहर्ट (Chohort) तरिकाअनुसार निरन्तरता दर						
कक्षा ५	प्रतिशत	५४.०	५८.०	७७.९	८०.६	८२.८
कक्षा ८	प्रतिशत	३७.०	४१.०	६२.०	६६.०	६७.५
११. कोइफिसिएन्ट अफ इफिसिएन्सी (Coefficient of Efficiency)						
आधारभूत शिक्षा	अनुपात	०.५	०.५	६०.८	६५.०	६६.५
माध्यमिक शिक्षा	अनुपात	०.३	०.३	-	-	-
१२. सिकाई उपलब्धी						

कक्षा ५	प्रतिशत	५०.०	५३.०	-	-	-
कक्षा ८	प्रतिशत	४४.०	४६.०	-	-	-
१३. उत्तीर्ण दर						
प्रवेशिका	प्रतिशत	६२.०	६८.०	६४.३	५५.५	४७.१६
उच्च माध्यमिक	प्रतिशत	२३.०	२५.०	२८.०	३१.०	-
१४. साक्षरता दर						
उमेर समूह (१५-२४)	प्रतिशत	७३.०	७५.०	७८.०	८०.०	-
उमेर समूह (६ वर्ष भन्दा बढी)	प्रतिशत	६३.०	६९.०	७६**	७८.०	६०.९***
उमेर समूह (१५ वर्ष भन्दा बढी)	प्रतिशत	५२.०	५६.०	६०**	६२.०	५६.५***
१५. लैङ्गिक समता सूचक (GPI) को आधारमा साक्षरता (१५ वर्ष भन्दा बढी)	अनुपात	०.६	०.७	०.९०**	०.९	०.६२***

*स्रोत : एन.पि.ए., इ.एफ.ए. ** त्रिवर्षिय योजना *** शिक्षा विभाग ।*

विद्यालय व्यवस्थापन

१३.२ सरोकारवाला समुदायहरूको सहभागितामा सामुदायिक विद्यालयहरूको व्यवस्थापन तथा सञ्चालनको अधिकार स्थानीय समूदायमा निक्षेपण गर्दै जाने नीतिअनुरूप आर्थिक वर्ष



२०५९/६० देखि विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिदै आएको छ। पछिल्ला वर्षहरूमा समुदायले यस्ता विद्यालय समुदायबाट सञ्चालन गर्न अनिच्छा प्रकट हुनु, स्थानिय जनप्रतिनिधिहरू नहुनु र शिक्षक सँगठनहरूको विरोध जस्ता कारणले

विद्यालय हस्तान्तरणमा कमी आएको देखिन्छ। यस नीति अनुरूप आर्थिक वर्ष २०५९/६० देखि चालु आर्थिक वर्षको फागुन मसान्तसम्म भएको प्रगति देहायबमोजिम रहेको छ :

तालिका १३(क) : विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिएको विवरण

आर्थिक वर्ष	लक्ष्य	प्रगति	प्रतिशत
२०५९/६०	१००	९३	९३.०
२०६०/६१	१०००	९०७	९०.७
२०६१/६२	१५००	१०९२	७२.८
२०६२/६३	१६००	२४१	१५.०६
२०६३/६४	२०००	९४९	४७.४५
२०६४/६५	२५००	३३०८	१३२.३२
२०६५/६५	२५००	२०१७	८०.६८
२०६६/६७	४०००	१६४७	४१.१८
२०६७/६८	५४००	१११५	२०.१९
२०६८/०६९[८]	२५००	५०७	२०.२८
जम्मा		१२४७५	

* *प्रथम ८ महिनाको प्रगति।*

स्रोत: शिक्षा मन्त्रालय।

पूर्व प्राथमिक शिक्षा तथा वालविकास कार्यक्रम

१३.३ पूर्व प्राथमिक शिक्षा तथा वाल विकास कार्यक्रममा ३-५ उमेर समुहका बालबालिकाको पूर्ववाल्यवस्थाको समग्र विकास, हेरचाह तथा सामाजिकीकरण गर्दै प्राथमिक तहको शिक्षाका लागि तयारी गर्ने लक्ष्यकासाथ कक्षा १ को भर्ना, पढाइ निरन्तरता तथा सक्षमता अभिवृद्धि गर्ने उद्देश्यले ३-४ वर्ष उमेर समुहका बालबालिकाहरूलाइ लक्षित गरी पूर्वप्राथमिक तथा प्रारम्भिक वालविकास कार्यक्रमहरू आर्थिक वर्ष २०५६/५७ देखि शुरु गरिएको थियो। विशेषत: पिछडिएका समुदायका बालबालिकाहरूलाई लक्षित गरी समुदाय तथा विद्यालयमा आधारित वालविकास केन्द्रहरू विस्तार गर्ने नीतिअनुरूप आर्थिक वर्ष २०६७/६८सम्ममा २८ हजार ७ सय ७२ वालविकास केन्द्रहरू सञ्चालन भइसकेका र आर्थिक वर्ष २०६८/६९ मा थप ५ सय वालविकास केन्द्रहरू सञ्चालनमा आउने छन्। सार्वजनिक लगानीमा सञ्चालित वालविकास केन्द्रहरूका अतिरिक्त सो उमेर समुहका बालबालिकाहरूलाई लक्षित गरी निजी शिक्षण संस्थाहरूमा २ देखि ३ वर्षसम्मको पूर्वप्राथमिक शिक्षाका कक्षाहरू समेत हालसम्म ४ हजार ३ सय १६ वटा सञ्चालनमा रहेका छन्।

१३.४ सन २०१५सम्म बालबालिकाहरूको भर्नादर ९९ प्रतिशत पुऱ्याउने लक्ष्यअनुरूप सञ्चालित यस्ता निजी पूर्व प्राथमिक कक्षा र सामुदायिक वालविकास केन्द्रहरूमा लाभान्वित बालबालिका र भर्ना दर आर्थिक वर्ष २०६६।६७ देखि आर्थिक वर्ष २०६८।६९ को फागुन मसान्तसम्मको विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (ख) : पूर्वप्राथमिक शिक्षामा ३-५ वर्ष समूह र कुल भर्ना तथा उपलब्धि

क्र.स.	आर्थिक वर्ष	थप भएका बालविकास केन्द्र	जम्मा बालविकास केन्द्र	लाभान्वित बालबालिका	प्रारम्भिक बालविकासको भर्नादर	कक्षा एकमा भर्ना हुने मध्ये बालविकास केन्द्रको अनुभव लिएका विद्यार्थीहरूको संख्या
१.	०६६/०६७	२०००	२६७७२	९४७२७८	६६.०२	४९.९ %
२.	०६७/०६८	२०००	२८७७२	१०१८५४३	७२.९	५४.३%
३.	०६८/०६९*	५००	२९२७२	१००००		वितरणको क्रममा रहेको

** प्रथम आठ महिनाको विवरण ।*

स्रोत : शिक्षा मन्त्रालय ।

१३.५ गत शैक्षिक सत्रमा कक्षा १ मा भर्ना हुने बालबालिकामध्ये बालविकास केन्द्रको अनुभव लिएकाहरूको उपस्थिति संख्या ५२.१ प्रतिशत रहेकोमा यस शैक्षिक सत्रमा बृद्धि भई ५४.३ प्रतिशत पुगेको छ जसमा छात्राको उपस्थिति ५५.२ छ भने छात्रको ५३.५ प्रतिशत रहेको छ । समुदायमा आधारित बालविकास केन्द्रको विगत वर्षहरूदेखिको प्रगति विवरण देहायबमोजिम रहेको छ :

तालिका १३(ग) : समुदायमा आधारित बालविकास केन्द्रहरूको प्रगति विवरण

आर्थिक वर्ष	लक्ष्य	प्रगति (केन्द्र संख्या)	बालबालिकाहरूको सहज भर्ना दर	बालबालिकाहरूको भर्ना संख्या
२०६१/६२	-	७०२३	३९.४	५१२१५१
२०६२/६३	६०००	६०००	६९.९	९२२५५७
२०६३/६४	३५००	३५००	४१.४	५५३९८३
२०६४/६५	३५००	३५००	६०.२	८२३१०६
२०६५/६६	४७५०	४७५०	६३.४	८८१२४७
२०६६/६७	२०००	२०००	६६.२	९४७२७८
२०६७/६८	२०००	२०००	७२.९	१०१८५४३
२०६८/६९	५००	सञ्चालनको क्रममा		

** प्रथम आठ महिनाको ।*

स्रोत : शिक्षा मन्त्रालय ।

१३.६ शैक्षिक सत्र २०६८/६९ मा थप हुने बालविकास केन्द्रहरू वितरण हुने क्रममा रहेकोले शैक्षिक सत्र २०६७/६८सम्म वितरित विकास क्षेत्रअनुसारका बालविकास केन्द्र र पूर्वप्राथमिक शिक्षामा ३-५ वर्ष समूहका, दलित एवं जनजाति र कुल विद्यार्थीहरूको भर्ना स्थिति मात्र देहायअनुसार रहेको छ :

तालिका १३ (घ) : विकास क्षेत्रअनुसार बालविकास केन्द्रको विवरण

(प्रतिशतमा)

	प्रारम्भिक वाल विकास/पूर्व प्राविं		प्रारम्भिक वाल विकास / पुर्व प्राविमा भर्ना दर					
			दलित			जनजाति		
	जम्मा	जम्मा	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
जम्मा	**४८.०**	**१०१८५४३**	**१८.६**	**१७.३**	**१७.९**	**३९.६**	**३८.८**	**३९.१**
पूर्वाञ्चल	४८.८	१९२५३१	१६.१	१५.०	१५.५	४६.०	४४.९	४५.४
मध्यमाञ्चल	४८.२	३२७२२०	१६.९	१५.८	१६.४	४२.९	४२.२	४२.५
काठमाडौं उ.	४७.३	९८६८६	५१	५२	५२	४२.२	४१.०	४१.६
पश्चिमाञ्चल	४७.४	२३०२८२	२०.१	१८.८	१९.४	४१.६	४१.१	४१.४
मध्य पश्चिमाञ्चल	४७.४	१५८८२१	१९.१	१८.०	१८.५	३४.६	३३.८	३४.२
सुदूर पश्चिमाञ्चल	४८.२	१०९७०८	२३.९	२१.८	२२.८	२१.०	२०.०	२०.५

नोटः *प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षाका लागि ३-५ वर्ष समूहका बालबालिकाहरू मध्ये ४८ प्रतिशत मात्र यस प्रकारका केन्द्र र विद्यालयमा भर्ना हुने गरेका छन् ।*

स्रोत : शिक्षा मन्त्रालय ।

छात्रवृत्ति कार्यक्रम

१३.७ विद्यार्थीहरूलाई भर्ना प्रोत्साहन गर्न, भर्ना भएकाको पढाइ निरन्तरता तथा टिकाउपनमा सुधार ल्याउन र शिक्षामा समतामूलक पहुँचको विस्तार गर्ने उद्देश्यले विद्यालय शिक्षाका विभिन्न तहमा विभिन्न छात्रवृत्तिहरू उपलब्ध गराईएको छ । यो कार्यक्रम तोकिएको मापदण्डका आधारमा विद्यालयले छनोट गरी सम्बन्धित विद्यार्थीहरूलाई वार्षिकरूपमा उपलब्ध गराउने व्यवस्था बमोजिम रकम विनियोजित भई सम्बन्धित जिल्ला शिक्षा कार्यालयमार्फत् लक्षित समूहसम्म निकासा भइसकेको छ । आर्थिक वर्ष २०६५।०६६ देखि २०६८/६९सम्म उपलब्ध गराईएको छात्रवृत्तिको विवरण निम्नानुसार रहेको छ :

तालिका १३ (ङ): विद्यालयका छात्रछात्राहरूलाई उपलब्ध गराइएको छात्रवृत्तिसम्बन्धी विवरण

(रू. हजारमा)

क्र.स.	छात्रवृत्ति	२०६५।०६६		२०६६।०६७		२०६७।०६८		२०६८।०६९*	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१.	बालिका छात्रवृत्ति	८२८८३७	७६१९३९	१२१३८७०	१०६६७९९	२२९३७४४	२२९३७४४	२३३०६८०	१५९७२१७*
२.	अपाङ छात्रवृत्ति १–८	१८२६७	१७२००	३९९४३	३८५८६	६६६३५	६२१६३	७७३४८	७७३४८
३.	अपाङ छात्रवृत्ति ९ – १०	-	-	३५००३	३३७४६	४९४०	४४९४	६८३८	६८३८
४.	विशेष लक्षित समूहका लागि छात्रवृत्ति(२२ जनजातिहरू)	९५०००	६१७२५	८५९२७	८६९३७	१०८०४६	१०४१५७	९११२४	४४६५१
५.	दलित छात्रवृत्ति(१-८)			१००१५०८	९८४००७	११४२७७७	११००३४९	१३०६०८८	५२२४३५
६	शहीदका छोराछोरीका लागि छात्रवृत्ति	-	-	५८	५६	४८	३७	६४	३५
७.	कम्लरीका लागि	-	-	२९४६	२९४६	६	५	-	-

क्र.स.	छात्रवृत्ति	२०६५।०६६		२०६६।०६७		२०६७।०६८		२०६८।०६९*	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
	क्षमता विकास र छात्रवत्ति								
८.	द्वन्द्व पिडित छात्रवृत्ति	-	-	७५८	७५८	५७१८	५७१८	६८०४	६८०४
९	हिमाली छात्रावासका विद्यार्थीकालागि छात्रवृत्ति	-	-	-	-	४३७	४१३	४५७	५६८
१०	फिडर छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति	-	-	-	-	४००	४००	४००	४००
११	नमुना विद्यालका विद्यार्थीका लागि छात्रवृत्ति	-	-	-	-	१४८	१४८	२२२	२२२
१२	हिमाली आवासिय विद्यालय छात्रावासका विद्यार्थीका लागि छात्रवृत्ति	-	-	-	-	२८०	२२०	१४०	१४०
१३	माध्यमिक शिक्षा छात्रवृत्ति	-	-	-	-	६११९८	५८८३६	६००००	६००००
१४	लोपोन्मुख तथा अति सिमान्तकृत छात्रवृत्ति, मुक्त कमैया,हलिया,चरुवा र वादीका सन्तती समेत	-	-	-	-	२१०१२	१३५९५	३३९०४	१०८३४
१५	उमावि तहको विज्ञान विषय अध्यापन गर्नेहरूका लागि छात्रवृत्ति	-	-	-	-	८०	८०	८०	८०

* *प्रथम आठ महिनाको ।*

स्रोत : शिक्षा विभाग / शिक्षा मन्त्रालय ।

शैक्षिक जनशक्ति केन्द्र

१३.८ शिक्षक विकासको नीतिगत मार्गदर्शन एवं शिक्षा सेवामा कार्यरत जनशक्ति विकाससम्बन्धी नीतिका आधारमा केन्द्र र अर्न्तगत तालिम केन्द्रहरूमार्फत् विद्यालय तहमा कार्यरत शिक्षकहरूको विभिन्न किसिमका क्षमता अभिवृद्धि, शिक्षा सेवाका कर्मचारीलाई शैक्षिक व्यवस्थापन, प्रधानाध्यापकहरूको नेतृत्व तथा क्षमता विकाससम्बन्धी तालिमहरू सम्पादन हुदै आएका छन् । साथै, शिक्षकहरूको निरन्तर पेशागत विकासका लागि साविकको १० महिने प्रमाणिकरणसम्बन्धी तालिम पनि चालु आर्थिक वर्षदेखि नयाँ ढाँचामा तयार गरी कार्यान्वयनमा रहेको छ । केन्द्र अन्तर्गत सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (च) : शैक्षिक जनशक्ति केन्द्र अन्तर्गत सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण

क्र. सं	कार्यक्रमहरू	आर्थिक वर्ष २०६७/०६८		आर्थिक वर्ष २०६८/०६९		कैफियत
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	
१	टिपिडि/प्रअ नेतृत्व क्षमता विकास तालिमका लागि प्रशिक्षक प्रशिक्षण	१४२९	१५२४	१२७६	१२७६	
२	रा.प.तृतीय एक महिने तालिम	४०	४६	४०	३५	
३	प्रा.स. शैक्षिक व्यवस्थापन तालिम	२०	२०	२०	१३	
४	अगुवास्रोत केन्द्र/शैताकेबाट माध्यमिक तहको शिक्षकको पेशागत मोड्युल सञ्चालन	५४१८	४८७०	४९४०		
५	परम्परागत विद्यालय गुम्बा, मदरसा,गुरुकुल शिक्षकका लागि टिपिडि मोड्युलमा तालिम सञ्चालन	१५०	१४१	१५०	१५०	
६	शै.ता.के. स्रोतकेन्द्रमा शिक्षा विभागद्धारा तोकिएका बहुभाषिक शिक्षकहरूका लागि तालिम सञ्चालन	१५०	१५९	-	-	
७	१० महिने सेवाकालीन शिक्षक तालिम पूरा गर्न बाँकी १.८ प्रतिशत शिक्षकका लागि दूर शिक्षा विधिबाट तालिम	१०००	४६४	१०००	-	
८	नवनियुक्त अधिकृतस्तरका कर्मचारीका लागि एक हप्ते सेवा प्रवेश तालिम	-	६३	-	३८	
९	बहुकक्षा विद्यालय मा अध्यापन गराउने शिक्षकका लागि तालिम सञ्चालन	५०	४६	-	-	
१०	विशेष आवश्यकता भएका बालबालिकाहरूलाई अध्यापन गराउने स्रोत शिक्षकहरूका लागि तालिम	१००	७७	१००	-	
११	शिक्षकहरूका लागि आधारभूत आइसिटि तालिम सञ्चालन	७५	६०	५०	५०	
१२	स्रोतव्यक्ति/प्रशिक्षक/रोस्टर/विनि/उपसचिव हरूका लागि अनलाइन/अफलाइन विधिबाट ३ महिने पेशागत विकास कोर्स विकास गरी तालिम सँञ्चालन	२०	२०	२२५	१५०	
१३	शान्ति, मानवअधिकार र नागरिक शिक्षासम्बन्धी प्रशिक्षक प्रशिक्षण	५००	५०१	६००	६००	दुवै कार्यक्रम एकीकृत भएको
१४	बालमैत्री सिकाईसम्बन्धी प्रशिक्षक प्रशिक्षण	१८७५	१७९६			
१५	पेशा, व्यवसाय र प्रविधिसम्बन्धी प्रमुख प्रशिक्षक प्रशिक्षण	१५	२६	२२२	-	
१६	प्रअ नेतृत्व क्षमता विकाससम्बन्धी तालिम	११५०	७६५	-	-	
१७	शिक्षकका पेशागत संघ संस्थाका पदाधिकारीहरूका लागि नेतृत्व क्षमता विकास तालिम	२२५	२०४	-	-	
१८	आधारभूत तहका शिक्षकलाई १० दिने सेवाकालीन (तालिम -टिपिडि)	८६६६४	८६६६४	६६७७७	३००००	
१९	रा.प.द्वितीय श्रेणी तालिम	२०	१३	४०	२०	
२०	आधारभूत तहमा बहुभाषिक विद्यार्थीहरू अध्ययन गर्ने कक्षामा शिक्षण गर्ने र विषयका	-	-	६३६०	३४२५	

क्र. सं	कार्यक्रमहरू	आर्थिक वर्ष २०६७/०६८		आर्थिक वर्ष २०६८/०६९		कैफियत
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	
	रूपमा विभिन्न मातृभाषा शिक्षण गर्ने शिक्षकहरूका लागि टिपिडिको आवश्यकता पुरा गर्ने गरी पेशागत क्षमता विकास तालिम					
२१	प्रअहरूका लागि ३० दिने नेतृत्व क्षमता विकाससम्बन्धी तालिम (संस्थागत विद्यालयसमेत)	–	–	७२५	–	
२२	सम्बन्धित शैक्षिक तालिम केन्द्रहरूबाट परीक्षणका रूपमा रहेका १०० वटा विद्यालयका कक्षा ६ मा अध्यापन गर्ने शिक्षकहरूलाई पेशा, व्यवसाय र प्रविधि विषयको १० दिने सघन क्षमता विकास तालिम सञ्चालन	–	–	२००	-	

** प्रथम आठ महिनाको ।*

स्रोत : शैक्षिक जनशक्ति विकास केन्द्र/शिक्षा मन्त्रालय ।

शिक्षक व्यवस्थापन

१३.९ सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदमा प्रतिष्पर्धात्मक परीक्षा प्रणालीबाट स्थायी नियुक्ति एवं आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा कार्य सम्पादन मूल्यांकनद्वारा शिक्षक बढुवाका लागि सिफारिस गर्न, तिनीहरूलाई आवश्यक पर्ने अध्यापन अनुमतिपत्र प्रदान गर्न र शिक्षकको सेवा शर्त एवं सुविधा सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्न शिक्षक सेवा आयोग स्थापना भई ती कार्यहरू सोही आयोगमार्फत् सम्पन्न हुदै आएका छन् । जसको प्रगति विवरण निम्नानुसार छ :

तालिका १३ (छ) : शिक्षक व्यवस्थापनसम्बन्धी प्रगति विवरण

क्र.सं.	कार्यहरू	इकाई	२०६६/६७ मा सम्पन्न	आर्थिक वर्ष २०६७/६८ (तालिम प्राप्त)	आर्थिक वर्ष २०६७/६८ तालिम अप्राप्त)	आर्थिक वर्ष २०६८/६९	
						लक्ष्य	प्रगति
१.	**स्थायी अध्यापन अनुमति पत्र प्रदान**						
	प्रा.वि. तह	जना	१६९६४	१९७६९	२२५१२	७००००	१८९४९१ जना परीक्षामा सामेल भएको ।
	नि.मा. तह	जना	१८१३९	५४३६९	१३७६०		
	मा. तह	जना	४२२८१	१०४५२	६५१३		
२	**का.स.मू. वढुवा ७५%**						
	प्रा. द्वितीय	जना	४५९	३८२		विज्ञापन गर्ने	विज्ञापन गर्ने तयारी भइरहेको
	प्रा. प्रथम	जना	११९	७८			
	नि.मा. द्वितीय	जना	१६१	११३			

क्र.सं.	कार्यहरू	इकाई	२०६६/६७ मा सम्पन्न	आर्थिक वर्ष २०६७/६८ (तालिम प्राप्त)	आर्थिक वर्ष २०६७/६८ तालिम अप्राप्त)	आर्थिक वर्ष २०६८/६९	
						लक्ष्य	प्रगति
	नि.मा. प्रथम	जना	९२	४१			
	मा. द्वितीय	जना	२०६	१७९			
	मा.प्रथम	जना	३८	६६			
३	**आन्तरिक प्रतियोगितामक वढुवा**						
	प्रा. द्वितीय	जना	१२४	२२१		विज्ञापन गर्ने	विज्ञापन गर्ने तयारी भइरहेको
	प्रा. प्रथम	जना	२६				
	नि.मा. द्वितीय	जना	३०				
	नि.मा. प्रथम	जना	०७				
	मा. द्वितीय	जना	३४				
	मा.प्रथम	जना	-				
४	कार्य सम्पादन तथा अनुभवको मूल्यांकन द्वारा गरिने वढुवा (२०६७/६८ मा विज्ञापन भई आ.व. २०६८ /६९ मा कार्य सम्पन्न भएको ।						
	प्रा. द्वितीय	जना	३०४६१				
	प्रा. प्रथम	जना	१४७६				
	नि.मा. द्वितीय	जना	३२७३				
	नि.मा. प्रथम	जना	५				
	मा. द्वितीय	जना	८५२				
	मा.प्रथम	जना	२३				

स्रोत : शिक्षक सेवा आयोग /शिक्षा मन्त्रालय ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास

१३.१० विद्यालय तहका सबै पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, लेखन, सुधारका कार्यहरूका साथै पाठ्यक्रम, पाठ्यपुस्तकका अतिरिक्त पाठ्यक्रम सापेक्ष सन्दर्भसामग्रीको विकास तथा प्रकाशन, शिक्षण सिकाईलाई मार्ग निर्देशन गर्न विषयगत शिक्षक निर्देशिका विकास तथा प्रकाशन, मूल्याङ्कन निर्देशिका विकास एवं प्रकाशन र मातृभाषामा पाठ्यक्रम पाठ्पुस्तक विकास एवं प्रकाशन जस्ता कार्यहरू यस केन्द्रबाट सम्पादन हुँदै आएका छन् । जसको विवरण निम्नानुसार रहेको छ :

तालिका १३ (ज) : पाठ्यक्रम विकास केन्द्रबाट सम्पादित कार्यहरूको विवरण

आर्थिक वर्ष २०६७।६८			आर्थिक वर्ष २०६८।६९*		
कार्यक्रमको नाम	**लक्ष्य**	**प्रगति**	**कार्यक्रमको नाम**	**लक्ष्य %**	**प्रगति**
सामुदायिक विद्यालय क्षमता अभिवृद्धि कार्यक्रम सङ्ख्या :२० ओटा	१३५१ जनालाई क्षमता विकास गर्ने कार्यक्रम रहेको	१०६६ जनाको क्षमता विकास भएको	विज्ञान, गणित तथा व्यवसायिक शिक्षा शाखामा प्रयोगशाला स्थापना	५०	सामग्री पहिचान भई खरिद कार्य प्रारम्भ
	अनुसन्धान: १	१	६ वटा मातृभाषाका पाठ्यपुस्तक विकास, छपाई र वितरण	४०	लेखक छनौट भई लेखन कार्य जारी
	सामग्री तयारी:११४	११४	गुरुकुल कक्षा ४ को पाठ्यपुस्तक अनुकुलन तथा विकास	४०	लेखक छनौट भई लेखन कार्य जारी
	निरन्तर मूल्याङ्कन का लागि प्राविधिक सहयोग: ३० विद्यालय	१७ विद्यालय	मदरसा कक्षा २ को ४ विषयको पाठ्यपुस्तक अनुकुलन तथा विकास	४०	लेखक छनौट भई लेखन कार्य जारी
			गुम्बाको कक्षा ९ र १० को पाठ्यपुस्तक विकास	४०	कार्ययदलबाट लेखनकार्य सञ्चालन भइरहको
विद्यालय क्षेत्र सुधार कार्यक्रम सङ्ख्या :३१ ओटा रहेका	विभिन्न विषयका पाठ्यसामग्री तयारी र छपाइ ५४,०५२ ओटा	पाठ्यसामग्री तयारी ५४,०५२ ओटा	कक्षा ९-१२ को पाठ्यक्रम विकास	३०	पाठ्यक्रम ढाँचा स्वीकृतिका लागि अन्तिम चरणमा पुगेको
	अध्ययन ३ विषय	अध्ययन ३ विषय	सक्षमतामा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकाससम्बन्धी अध्ययन	३०	कार्य आरम्भ भएको
	प्राविधिक सहयोग ७५ विद्यालय	प्राविधिक सहयोग ७५ विद्यालय	कक्षा ६ को सात विषयका पाठ्यपुस्तक अङ्ग्रेजीमा अनुवाद	१०	कार्ययोजना तयारी भइरहेको
	अनुगमन नियमित	लक्ष्यअनुसार अनुगमन सम्पन्न	-	-	-

** प्रथम ८ महिनाको तथ्याङ्क ।*

स्रोत : पाठ्यक्रम विकास केन्द्र / शिक्षा मन्त्रालय ।

शहीद तथा द्वन्द पीडित सन्तति शिक्षा

१३.११ विगतको द्वन्दकालमा शहीद एवं वेपत्ता, घाइते र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालय शिक्षा दिने उद्देश्यले शहीद प्रतिष्ठान स्थापना भई देहायबमोजिम आवासीय सुविधा सहितको शिक्षा प्रदान गरिएको छ ।

तालिका १३ (झ) : विद्यालय तथा लाभान्वित विद्यार्थीहरूको विवरण

क्र.सं.	विद्यालय	आर्थिक वर्ष		
		२०६६	२०६७	२०६८
१	शहीद स्मृति आवासिय विद्यालय, सुनसरी	९९	२३९	२३४
२	शहीद स्मृति आवासिय विद्यालय, जिरी दोलखा	१०१	१८२	२००
३	शहीद स्मृति प्राथमिक आवासिय विद्यालय, कास्की	१४७	२०८	२१८
४	शहीद स्मृति आवासिय विद्यालय, मानपुर दाङ्ग	१४८	२४४	२८५
५	शहीद स्मृति आवासिय विद्यालय, राजपुर डोटी	१४०	१८५	१६९
	जम्मा	६३५	१०५८	११०६

स्रोत : शिक्षा मन्त्रालय ।

शिक्षाको लागि खाद्य कार्यक्रम

१३.१२ खाद्यान्न अभाव र शिक्षाको पहुँच अति न्यून देखिएका जिल्लाहरूमा विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, दैनिक हाजिरी प्रतिशतमा वृद्धि गर्ने, कक्षा छाड्ने दरलाई घटाउने, विद्यार्थीको अध्ययन क्षमतामा वृद्धि गर्ने,विद्यार्थीको पोषण एवं स्वास्थ्य स्थितिमा सुधार ल्याउने र छात्राहरूको भर्ना प्रतिशतमा वृद्धि गर्ने जस्ता उद्देश्य लिई यस कार्यक्रमले १७ जिल्लामा देहायबमोजिमको सेवा सञ्चालन गरेको छ :

तालिका १३(ञ) : शिक्षाको लागि खाद्य कार्यक्रमको विवरण

आर्थिक वर्ष	कार्यक्रम	लक्ष्य रू.	प्रगति	कैफियत
०६६।०६७	दिवा खाजा कार्यक्रम छात्रा उत्प्रेरणा कार्यक्रम मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम	१८२००० ५८७०० ३१०००	१६०७५२ ३९६९७ २१९४४	मासिकरूपमा उपलब्ध हुने
०६७।०६८	दिवा खाजा कार्यक्रम छात्रा उत्प्रेरणा कार्यक्रम मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम	१९४००० ६५३५२ २९०००	१५७७४१ ५६९४९ १९१६२	”
०६८।०६९*	दिवा खाजा कार्यक्रम छात्रा उत्प्रेरणा कार्यक्रम मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम	१९४००० ६२००० २६०००	९२७३७ ४०१९७ १६०५१	”

* *प्रथम ८ महिनाको विवरण ।*

स्रोत : शिक्षा मन्त्रालय ।

१३.१३ दिवा खाजाका लागि नगद अनुदान कार्यक्रम अन्तर्गत कर्णाली अञ्चलका ५ जिल्लामा ०-

५ कक्षामा अध्ययन गर्ने सबै १ लाख ५ हजार बालबालिकालाई दैनिक रू. १५ का दरले र सुनसरी, सप्तरी, सिरहा, सिन्धुपाल्चोक, रसुवा, बारा, धादिङ, नवलपरासी, कपिलबस्तु, दाङ, बर्दिया, प्यूठान र रोल्पा गरी १४ जिल्लाहरूमा तोकिएको कोटाका आधारमा प्रति विद्यार्थी प्रतिदिन रू. १२ का दरले हुने रकम विद्यालयमार्फत् वितरण गरिएको छ ।

प्राविधिक तथा व्यावसायिक तालिम

१३.१४ परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षामा आधारभूत, मध्यम र उच्चस्तरको जनशक्ति उत्पादन गर्ने र सीपमूलक व्यावसायिक तालिम प्रदान गरी प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्य लिएको छ । यसले कृषि, इन्जिनियरिङ, स्वास्थ्य, विकास तथा व्यवस्थापनका क्षेत्रमा प्राविधिक एसएलसी, डिप्लोमा/प्रमाण पत्र तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । त्यस्तै, बजारको आवश्यकता र माग अनुरूप व्यवसायिक तालिमतर्फ जीवनोपयोगी सीपमूलक तथा रोजगारमूलक तालिमहरू जस्तै: ग्रामीण पशुस्वास्थ्य, मौरीपालन, तरकारी खेती, फलफुल नर्सरी, कुकिङ बेकिङ, हाउस किपिङ, विजुली जडान, प्लम्बिङ, निर्माण व्यवसाय, कम्प्युटर, रेडियो, टेलिभिजन मर्मत, फोटोग्राफी, व्युटिसियन आदि कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । परिषद्ले आफ्ना आंगिक र सम्बन्धनप्राप्त निजी शिक्षालयहरू मार्फत् प्राविधिक एसएलसी तर्फ स्वास्थ्य विषयमा ३, ईन्जिनियरिङ्गमा ७, कृषिमा २, कार्यालय व्यवस्थापनमा १ कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसैगरी डिप्लोमा तथा प्रमाणपत्र तर्फ ईन्जिनियरिङ्गमा ६, स्वास्थ्य तथा चिकित्सामा ४, कृषिमा १ र होटल व्यवस्थापनमा १ विषयका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । उल्लेखित कार्यक्रमहरू परिषद् र अन्तरगतका १८ वटा आंगिक शिक्षालयहरू र ३ सय जति सम्बन्धनप्राप्त निजी शिक्षालयहरू मार्फत् सञ्चालन भई रहेका छन् । साथै ४४ सामुदायिक माध्यमिक विद्यालयहरूमा प्राविधिकतर्फ कृषि, सिभिल, इलेक्ट्रीकल, कम्प्युटर, सुचना प्रविधि, पशुविज्ञान, मेकानिक्स जस्ता विषयहरू पनि सञ्चालित छन् । परिषद् अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छ ।

तालिका १३(ट) : परिषद् अन्तर्गत सञ्चालित तालिम कार्यक्रमहरूको विवरण

तालिम तथा भर्ना र उत्पादन	इकाई	भर्ना/ उत्पादन	आर्थिक वर्ष २०६६/०६७		आर्थिक वर्ष २०६७/०६८		आर्थिक वर्ष२०६८/०६९*	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
प्राविधिक एस.एल.सी तहका नियमित कार्यक्रम	जना	भर्ना	१२०००	१२९२२	१२०००	१२७८३	१३०००	१०३१५
	जना	उत्पादन			७८४०	७८४०	९२४५	८६६१
डिप्लोमा र प्रमाणपत्र तह	जना	भर्ना			२५०००	२६५०३	२७०००	२५९९०
	जना	उत्पादन			११०००	११०००	१२९३८	१४७११
प्राविधिक एस.एल.सी तहका निजी क्षेत्रमा नियमित सञ्चालित कार्यक्रमहरू	जना	भर्ना	११५००	११७६०	-	-	७८४०	१९८२
	जना	उत्पादन			७०००	५४०६	६०५८	६२५२
डिप्लोमा र प्रमाणपत्र तहका निजी क्षेत्रमा नियमित सञ्चालित	जना	भर्ना			-	-	-	-
	जना	उत्पादन			५०००	४७२५	-	-

तालिम तथा भर्ना र उत्पादन	इकाई	भर्ना/ उत्पादन	आर्थिक वर्ष २०६६/०६७		आर्थिक वर्ष २०६७/०६८		आर्थिक वर्ष२०६८/०६९*	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
कार्यक्रमहरू								
आंगिक शिक्षालयमा सञ्चालित प्राविधिक एस.एल.सी. र डिप्लोमा/ प्रमाणपत्रतहका विभिन्न कार्यक्रमहरूमा नियमित भर्ना र उत्पादन	जना	भर्ना	१२७०	१२९४	१५८४	११५१	१३४०	१३००
	जना	उत्पादन	११२४	१००१	१३७५	१९८ (प्राविधिक एस.एल.सीको उत्पादन जोड्नु पर्ने)	१०६९	३३४
सामुदायिक विद्यालययहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा (एनेक्स) का विभिन्न कार्यक्रमहरूमा नियमित प्रशिक्षण, भर्ना र उत्पादन	जना	भर्ना	५९२	५४९	१२००	१२२०	१०००	-
	जना	उत्पादन	४५०	४६५	६००	४४१	१२००	-
५ वटा विकाश क्षेत्रबाट नया १५ वटा एनेक्स विद्यालययहरूमा कार्यक्रम सञ्चालनार्थ पूर्वाधारको विकाश गर्ने	विद्यालय		पूर्वाधार विकाश गर्ने	१५	१५	१४	३०	२८
छोटो अवधिको तालिम दिई सीप परीक्षण गराउने	जना		–	–	१०००	८७८	**९६२**	**४२१**
अल्पकालिन व्यावसायिक तालिम विभिन्न विषयहरूमा सञ्चालन गर्ने	व्यक्ति हप्ता		६६७२	७४४१	६९०४	१३२४१	**३६५०**	१२१२
सामुदायिक सेवा								
पशु स्वास्थ्य	संख्या		६१५०	४९६३	५७००	६६२३	७२५०	३७२९
मानव सेवा	संख्या		१३६५०	८९००	१५४५०	१७२८४	३८००	७१२५
स्वास्थ्य शिविर	संख्या		१	२	२	२	१०	७
पशु शिविर	संख्या		-	१	-	-	-	-
कृषि सेवा (किसान)	संख्या		-	-	२१५०	६६२३	१६५०	४८६
सीप परीक्षण गर्ने	जना		१२३२२	१६१४५	२१२००	३०६००	२१६००	२७३५५
लक्षित वर्ग समूहका लागि डिप्लोमा तथा	जना		२२५	२२५	२२५	२२५	२२५	दिई

तालिम तथा भर्ना र उत्पादन	इकाई	भर्ना/ उत्पादन	आर्थिक वर्ष २०६६/०६७		आर्थिक वर्ष २०६७/०६८		आर्थिक वर्ष२०६८/०६९*	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
प्रमाणतहमा छात्रवृत्ति प्रदान गर्ने ।								रहेको
लक्षित बर्गलाई Disadvantaged group समुहका लागि प्राविधिक एस.एल.सी.मा छात्रवृत्ति प्रदान गर्ने ।	जना		१५०	१५०	१५०	१५०	१५०	दिई रहेको

** प्रथम आठ महिनाको ।*

स्रोत : शिक्षा मन्त्रालय ।

अनौपचारिक शिक्षा तथा खुला विद्यालय

१३.१५ औपचारिक शिक्षाको अवसरबाट विभिन्न कारणले बञ्चित विभिन्न उमेर समुह तथा निरक्षर प्रौढहरूलाई आधारभूत साक्षरता शिक्षा दिने उद्देश्यले अनौपचारिक शिक्षा केन्द्रद्वारा राष्ट्रिय साक्षरता अभियान, प्रौढ साक्षरोत्तर, महिला शिक्षा दोस्रो, वैकल्पिक विद्यालय तथा खुला विद्यालय जस्ता कार्यक्रमहरू सञ्चालित छन् । सामुदायिक सिकाइलाई प्रवर्द्धन गर्ने उद्देश्यले सामुदायिक अध्ययन केन्द्र र पिछडिएका समुदायका विपन्न महिलाहरूलाई समूहमा आवद्ध गराई स्थानीय व्यवसायमुखी आयआर्जन कार्यक्रमहरू पनि सञ्चालन हुदै आएका छन । केन्द्र अर्न्तगत सञ्चालित कार्यक्रमहरूको विवरण निम्नानुसार छ :

तालिका १३(ठ): अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण

क्र. सं.	कार्यक्रम		०६७/०६८		०६८/०६९ लक्ष्य	०६८ फागुन मसान्तसम्मको प्रगति	कैफियत
			लक्ष्य	प्रगति			
१.	साक्षरता	कक्षा	२१०२९	२०४६४	३६०००	२४०००	
		जना	६१२१९०	३४९९६३	१०३५१५०	१४४१२१	
	सीप तालिम	कक्षा	१९३६	१९३६	२३५२	२३५२	
		जना	५६६१०	५६६१०	६८७७०	६८७७०	सहभागी भर्ना विवरण
२.	पशुसम्बन्धी ३५ दिने तालिम	कक्षा	–	–	६	६	
		जना	–	–	१८०	१८०	भर्ना भई तालिमरत संख्या
३.	कृषिसम्बन्धी ३५ दिने तालिम	कक्षा	–	–	६	६	
		जना	–	–	१८०	१८०	भर्ना भई तालिमरत संख्या

क्र. सं.	कार्यक्रम		०६७/०६८		०६८/०६९	०६८ फागुन मसान्तसम्मको	कैफियत
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	
४.	स्वास्थ्यसम्बन्धी ३५ दिने तालिम	कक्षा	–	–	६	६	
		जना	–	–	१८०	१८०	भर्ना भई तालिमरत संख्या
५.	प्रौढ साक्षरोत्तर	कक्षा	३०००	३०००	३०००	३०००	,, ,,
		जना	६००००	४४५६७	६००००	५८७६०	
६.	महिला शिक्षा दोस्रो	कक्षा	३०००	३०००	३०००	३०००	
		जना	६००००	४९८६५	६००००	५९३२१	विवरण संकलन भइरहेको
७.	प्राथमिक शिक्षा विस्तार	कक्षा	२४८	२४८	२४८	२४८	
८.	अनौपचारीक प्राविधिक शिक्षा	कक्षा	६११	६११	६११	६११	
९.	खुला विद्यालय	वटा	३७	३७	३७	३७	
१०.	आयआर्जन समूह	समूह	५०५०	५०५०	५०५०	५०५०	
		जना	४५४५०	४५४५०	४५४५०	४५४५०	
११.	सीप तालिम	जना	१२०,०००	१२०,०००	६८७७०	६८७७०	भर्ना संख्या
१२.	बचता तथा ऋण तालिम	जना	१०१००	१०१००	१०१००	१०१००	
१३.	सामुदायिक अध्ययन केन्द्र स्थापना	केन्द्र	९००	५७६	१५०	७२	आर्थिकवर्षको अन्त्यसम्म स्थापना हुने
१४.	कार्यक्रम कार्यान्वयन अभिमुखिकरण	क्षेत्र	५	५	५	५	
१५.	समीक्षा तथा पृष्ठपोषण गोष्ठि	क्षेत्र	५	५	५	५	

स्रोत : अनौपचारिक शिक्षा केन्द्र /शिक्षामन्त्रालय ।

१३.१६ साथै, तेह्थुम, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, म्याग्दी, हुम्ला, डोल्पा र मुगु गरी ९ जिल्लामा निरक्षरता उन्मूलन गर्ने गरी सञ्चालित साक्षरता कार्यक्रमबाहेक अन्य जिल्लाहरूका ३ सय ४४ गाविस र १८ वटा नगरपालिकाका विभिन्न वडाहरूमा पनि पूर्ण साक्षर बनाउने गरी साक्षरता कार्यक्रम सञ्चालन भइरहेका छन् ।

१३.१७ केन्द्रले सञ्चालन गरेका कार्यक्रमबाहेक शैक्षिक जनशक्ति विकास केन्द्रको प्राविधिक व्यवस्थापनमा कक्षा ९-१० को शिक्षालाई एक वर्षमा पूरा हुने गरी औपचारिक माध्यमिक शिक्षा हासिल गर्न नसकेका वर्गलाई लक्षित गरी खुला विद्यालय कार्यक्रम समेत सञ्चालित छ । शैक्षिक सत्र २०६८ मा यस कार्यक्रम अन्तर्गत ७५ जिल्लामा ८५ खुला माध्यमिक विद्यालय कार्यक्रममा १० हजार ६ सय विद्यार्थीले अध्ययन गरिरहेका छन् । त्यस्तै, निम्न माध्यमिक विद्यालय तहमा ३ वर्षीय पाठ्यक्रमलाई २ वर्षमा झार्ने गरी सञ्चालित निम्न माध्यमिक विद्यालय तहको ३७ वटा खुला विद्यालय शैक्षिक सत्र २०६७ मा २ तहमा १ हजार ७१ जना सहभागी रहेका थिए भने शैक्षिक सत्र २०६८ मा १ हजार १ सय ५४ जनाले सेवा प्राप्त गरिरहेका छन् ।

विद्यालय, विद्यार्थी र शिक्षकहरूको विवरण तथा अनुपात

१३.१८ शैक्षिक सत्र २०६८ मा शिक्षा मन्त्रालय अन्तर्गत प्राथमिक विद्यालय ३३ हजार ८ सय ८१, निम्न माध्यमिक विद्यालय १३ हजार ७ सय ९१ र माध्यमिक विद्यालय ८ हजार २ सय ३३ वटामा प्राथमिकतर्फ ४७ लाख ८२ हजार ८ सय ८५ जना, निम्न माध्यमिकतर्फ १८ लाख १२ हजार ६ सय ८० जना र माध्यमिकतर्फ ८ लाख ४८ हजार ५ सय ६९ जना विद्यार्थीहरू पठनपाठन गरिरहेका छन् । भौगालिक क्षेत्रअनुसार प्राथमिक, निम्नमाध्यमिक र आधारभूत तहमा विद्यालयहरूको संख्या देहायबमोजिम रहेको छ :

तालिका १३ (ङ): भौगोलिक क्षेत्रअनुसार विभिन्न तहका विद्यालयहरूको विवरण

क्र.सं.	भौगोलिक क्षेत्र	कुल विद्यालय संख्या	प्राथमिक तह (कक्षा १-५)	निम्न माध्यमिक तह (कक्षा ६-८)	आधारभूत तह (कक्षा १-८)
१	नेपाल	४,१७६	४,१४०	१,४९६	४,१६९
२	हिमाल	१७,३३९	१७,२०१	६,३६९	१७,२८८
३	पहाड	२,२१३	२,०८०	१,५९२	२,०९४
४	काठ. उपत्यका	१०,६३३	१०,४६०	४,३३४	१०,५१५
५	तराई	३४,३६१	३३,८८१	१३,७९१	३४,०६६

स्रोत : शिक्षा मन्त्रालय ।

१३.१९ मुलुकभर सञ्चालित प्राथमिक तह कक्षा १-५, निम्न माध्यमिक तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० को विद्यालय, विद्यार्थी र शिक्षक अनुपात देहाय बमाजिम रहेको छ :

तालिका १३ (ढ): शैक्षिक सत्र २०६८ मा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

अनुपात	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक
विद्यार्थी /विद्यालय	१४१.२	१३१.४	१०३.१
शिक्षक/विद्यालय	५.१	३.५	४.३
विद्यार्थी /शिक्षक	२७.५	३७.१	२३.८
विद्यार्थी /तालिमप्राप्त शिक्षक	२९.७	४८.०	२७.४

स्रोत : शिक्षा विभाग / शिक्षा मन्त्रालय ।

१३.२० मुलुकभित्र सञ्चालनमा रहेका सरकारी, सामुदायिक र निजीस्तरका विद्यालयहरूको क्षेत्रगत विवरण देहायबमोजिम रहेको छ :


तालिका १३ (ण): विभिन्न प्रकारका विद्यालयहरूको क्षेत्रगत विवरण

विकास क्षेत्र	सरकारीस्तरमा सञ्चालित			सामुदायिकस्तरमा सञ्चालित			निजीस्तरमा सञ्चालित		
	प्राथमिक तह	निम्न माध्यमिक तह	माध्यमिक तह	प्राथमिक तह	निम्न माध्यमिक तह	माध्यमिक तह	प्राथमिक तह	निम्न माध्यमिक तह	माध्यमिक तह
पूर्वाञ्चल क्षेत्र	५४६१	१४६३	७३८	८७२	८५१	४५४	९५८	५४१	४०९


विकास क्षेत्र	सरकारीस्तरमा सञ्चालित			सामुदायिकस्तरमा सञ्चालित			निजीस्तरमा सञ्चालित		
	प्राथमिक तह	निम्न माध्यमिक तह	माध्यमिक तह	प्राथमिक तह	निम्न माध्यमिक तह	माध्यमिक तह	प्राथमिक तह	निम्न माध्यमिक तह	माध्यमिक तह
मध्यमाञ्चल	६४८३	१८३९	९५०	१४२९	९२६	५४५	२११५	१६०२	१४४७
पश्चिमाञ्चल	५८९५	१५५४	९४३	५०४	६७९	३७३	११३१	७७७	५७४
मध्यपश्चिमाञ्चल	३६८१	८४२	४२७	११२९	८७०	३९१	४४२	२३४	१५५
सुदुरपश्चिमाञ्चल	२५४७	७४४	३४०	८९७	७०६	३७८	३३७	१६३	१०९

स्रोत : शिक्षा विभाग / शिक्षा मन्त्रालय ।


चार्ट १३ (ख) : सार्वजनिक विद्यालयहरूको संख्या



चार्ट १३ (ग) : सार्वजनिक विद्यालयहरूमा विद्यार्थीहरूको भर्ना संख्या



चार्ट १३ (घ) : भौगोलिक क्षेत्रानुसार सरकारी, सामुदायिक तथा निजीस्तरका विद्यालयहरूको विवरण



१३.२१ त्यस्तै, निजी/सरकारी र सरकारी (सामुदायिक सबै विद्यालय) को शैक्षिक सत्र २०६८ को प्रति शिक्षक विद्यार्थी अनुपात विकास क्षेत्रअनुसार देहायबमोजिम रहेको छ :

तालिका १३ (त): प्रति शिक्षक विद्यार्थी अनुपात

क्षेत्र	प्रति विद्यार्थी शिक्षक अनुपात					
	निजी/सरकारीको जम्मा			सरकारी मात्र (सामुदायिक विद्यालय सवैको)		
	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक
नेपाल	२७.६	३७.१	२३.८	४०.३	६०.०	३६.२
पूर्वाञ्चल क्षेत्र	२७.७	४१.४	२८.३	५१.२	६३.४	३७.२
हिमाल	२३.७	३२.७	२३.५	६९.५	८०.६	४०.४
पहाढ	२१.८	३८.४	२९.७	४७.३	५२.९	३२.६
तराई	३४.०	४६.०	२८.२	४८.९	७५.३	४५.०
मध्यमाञ्चल	३१.१	३२.०	१९.६	३८.४	६४.८	३९.६
हिमाल	२०.८	३५.६	२३.५	४६.५	७६.९	३६.८
पहाड	२२.३	३५.१	२१.८	४१.०	६१.८	३७.८
तराई	५५.६	५७.०	३४.१	३५.४	६६.९	४३.७
उपत्यका	१८.८	१८.४	१२.३	३०.३	५३.३	३४.६
पश्चिमाञ्चल	१९.९	३१.३	२०.१	४२.७	६०.४	३६.६
हिमाल	४.६	८.०	५.३	४१.५	६३.९	४२.९
पहाड	१६.५	२९.५	१९.९	४२.९	६१.४	३५.४
तराई	२८.९	३६.०	२१.०	४३.२	५५.०	३४.९
मध्यपश्चिमाञ्चल	३३.९	५५.५	३५.६	३४.५	५८.८	३५.४
हिमाल	२४.४	३८.५	२४.२	३१.९	५३.९	३४.१
पहाड	३८.८	६१.०	४२.६	४२.८	७१.२	४१.२
तराई	३१.२	५४.८	३२.८	१९.९	४०.६	२५.९
सुदुरपश्चिमाञ्चल	२७.५	४०.५	३१.६	२१.४	३९.१	२५.०
हिमाल	२३.०	२७.८	२३.२	१९.२	३४.९	२२.०
पहाड	२७.७	३३.२	२३.४	१७.१	३७.६	२३.७
तराई	३१.२	६२.१	५१.०	३१.०	५०.०	३४.८

स्रोतः शिक्षा मन्त्रालय।

परम्परागत विद्यालय

१३.२२ शैक्षिक सत्र २०६८ मा मुलुकभर परम्परागत आश्रम/गुरुकुल, गुम्बा, विहार र मदरसातर्फका प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहका कुल १ हजार ६ सय १४ विद्यालयहरू सञ्चालनमा रहेका छन् । सो को विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (थ) : परम्परागत विद्यालयहरूको विवरण

विद्यालयको प्रकार	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक
गुम्वा/ विहार	२७५	-	-
मदरसा	११९७	-	-
आश्रम /गुरुकुल	९६	३०	१६
जम्मा	१५६८	३०	१६

स्रोत : शिक्षा विभाग / शिक्षा मन्त्रालय ।

शिक्षक विवरण

१३.२३ शैक्षिक सत्र २०६८ मा कक्षा १-५ तर्फ (निजी र सामुदायिक) १ लाख ७३ हजार ७ सय १४, कक्षा ६-८ तर्फ ४८ हजार ८ सय ४८ र माध्यमिक तहमा ३५ हजार ६ सय ७५ जना शिक्षक शिक्षिकाहरू कार्यरत रहेका छन् । यसरी कक्षा १ देखि ८ सम्मका सबै प्रकारका विद्यालयमा तालिम प्राप्त शिक्षक शिक्षिकाहरूको दर देहायबमोजिम रहेको छ :

तालिका १३(द) : सबै प्रकारका विद्यालयमा तालिम प्राप्त शिक्षकहरूको प्रतिशत

तालिमको विवरण	प्राथमिक			निम्न माध्यमिक			आधारभूत		
	शिक्षिका	शिक्षक	जम्मा	शिक्षिका	शिक्षक	जम्मा	शिक्षिका	शिक्षक	जम्मा
तालिम प्राप्त	७९.९	८१.४	८०.७	६३.९	६३.५	६३.६	७७.५	७६.७	७७.०
आंशिक तालिम प्राप्त	८.२	१०.८	९.७	१५.०	१२.४	१३.१	९.२	११.२	१०.४
तालिम नलिएका	११.९	७.८	९.६	२१.१	२४.१	२३.४	१३.३	१२.१	१२.५

स्रोत:शैक्षिक सूचना २०६८, शिक्षा मन्त्रालय ।

१३.२४ माध्यमिक तहका शिक्षकहरूको तालिमको अवस्था विश्लेषण गर्दा कक्षा ९-१० मा जम्मा ३३ हजार ८ सय ३५ जना शिक्षकमध्ये २८ हजार ७ सय ८० जना तालिमप्राप्त छन् । माध्यमिक तहका सामुदायिक तथा निजी विद्यालयका कुल शिक्षक संख्या र तालिमप्राप्त शिक्षकहरूको विवरण तालिका १३ (ध) मा दिइएकोछ ।

तालिका १३ (ध) : माध्यमिकतर्फ निजी, सामुदायिक विद्यालयमा तालिमप्राप्त शिक्षकहरूको विवरण

विवरण	जम्मा शिक्षक	महिला शिक्षक	महिला शिक्षक प्रतिशत	जम्मा ता. प्रा. शिक्षक	महिला ता.प्रा. शिक्षक	महिला ता.प्रा. शिक्षक प्रतिशत
कुल शिक्षक	३५६७५	५८६७	१६.४	२८७८०	४९२१	१७.१
सामुदायिक	२२८२५	२८४९	१२.९	१९०३८	२३४५	१२.३
निजी	१२८५०	३०१८	२३.५	९७४२	२५९१	२६.६

स्रोत: शैक्षिक सूचना,२०६८, शिक्षा मन्त्रालय ।

१३.२५ त्यस्तै, सबै तहका सामुदायिक विद्यालयहरूमा तालिमप्राप्त, आशिंक तालिमप्राप्त र तालिम अप्राप्त शिक्षक शिक्षिकाहरूको विवरण देहायबमोजिम रहेको छ :

तालिका १३(न) : सबै तहका सामुदायिक विद्यालयका शिक्षकहरूको तालिमको अवस्था

तालिमको अवस्था (प्रतिशतमा)	प्राथमिक तह			निम्न मा.वि तह			माध्यमिक तह		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
तालिम प्राप्त	८३.४	८२.६	८२.९	६७.५	६४.७	६५.२	८१.९	८८.८	८७.९
आंशिक तालिम प्राप्त	१०.७	१२.६	११.९	१७.१	१२.७	१३.५	१२.६	७.७	८.३
तालिम अप्राप्त	५.९	४.८	५.२	१५.४	२२.६	२१.२	५.५	३.५	३.८

स्रोत : शिक्षा मन्त्रालय ।

मञ्जूषा १३(ख) : एस.एल.सी. परीक्षामा सम्मिलित र उत्तिर्ण छात्र छात्राहरूको विवरण

परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालित एस.एल.सी. परीक्षामा वार्षिकरूपमा सम्मिलित र उत्तीर्ण परीक्षार्थीहरूको विस्तृत विवरण निम्नानुसार रहेको छ । :

वर्ष	सामेल	नियमित			एक्जाम्टेड		
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
०६५	सामेल	१८४१८२	१५८४५०	३४२६३२	१८८८३	२७००६	४५८६०
	उत्तीर्ण	१३२६६२	१०१९४०	२३४६०२	९३०२	१२५८५	२१८८७
	प्रतिशत	७२.०३	६४.३४	६८.४७	४९.२६	४६.६०	४७.६९
०६६	सामेल	२०५२८१	१७९८६५	३८५१४६	१७७७४	२४१३१	४१९०५
	उतीर्ण	१३८७१६	१०८९७३	२४७६८९	५६०९	६६१८	१२२२७
	प्रतिशत	६७.५७	६०.५९	६४.३१	३१.५६	२७.४३	२९.१८
०६७	सामेल	२१०२५३	१८७५०६	३९७७५९	२३८९४	३२३६९	५६२६३
	उत्तीर्ण	१२४३०५	९६४६१	२२०७६६	४४३१	५३०२	९७३३
	प्रतिशत	५९.१२	५१.४४	५५.५०	१८.५४	१६.३८	१७.३०
०६८	सामेल	–	–	४१९०१९	–	–	७६९७९
	उत्तीर्ण	१११३९१	८६२४७	१९७६३८	–	–	१०५४९
	प्रतिशत	–	–	४७.१६	–	–	१३.७०

स्रोत: शिक्षा मन्त्रालय ।

उच्च माध्यमिक शिक्षा परिषद्

१३.२६ परिषद्ले उच्च शिक्षाको विभिन्न विधामा विशिष्टीकृत शिक्षा लिन योग्य विद्यार्थी उत्पादन एवं मध्यस्तरीय जनशक्ति तयार गर्ने उद्देश्य लिएको छ। शैक्षिक सत्र २०६८सम्म सामुदायिकतर्फ २ हजार ४ सय ९९, निजीतर्फ ५ सय ८९, दश जोड दुईतर्फ १ सय ५९ र क्याम्पसतर्फ १ सय ३६ गरी कुल सम्बन्धनप्राप्त उ.मा.वि.हरूको संख्या ३ हजार ३ सय ८३ रहेको छ। यस शैक्षिक सत्रमा सामुदायिक तथा संस्थागत उच्च माध्यमिक विद्यालयतर्फ कक्षा ११ मा ३ लाख ३२ हजार ६ सय ८० र कक्षा १२ मा १ लाख २९ हजार ६ सय ५२ गरी कुल ४ लाख ६२ हजार ३ सय ३२ जना छात्र छात्राहरूले नियमितरूपमा अध्ययन गरिरहेका छन्। परिषद् र यस अन्तर्गत ८ वटा जिल्ला कार्यलयहरूमार्फत् सञ्चालनमा रहेका मुख्य कार्यक्रमहरूमा प्रतिभाशाली गरिब, उत्पिडित, दलित एवम् दुर्गम तथा पिछडिएका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउनु साथै शिक्षक कल्याणकारी कोष स्थापना, पाठ्यक्रम परिमार्जन तथा नयाँ पाठ्क्रम निर्माण,अति दुर्गम क्षेत्रमा शैक्षिक प्रवर्द्धन कार्यक्रम,उमावि को भौतिक एवं शैक्षिक सुधार कार्यक्रम, शिक्षकहरूका लागि एकीकृत शिक्षण सीप तालिम, दृष्टिविहिन बहिरा तथा सुस्त श्रवणशक्ति भएका विद्यार्थीहरूलाई उच्च माध्यमिक शिक्षामा पहुँच पुऱ्याउन विशेष शिक्षा सहयोग कार्यक्रम र सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा अध्ययनरत गरिब विपन्न पिछडिएका मधेशी विद्यार्थीहरूलाई यस तहको शिक्षामा पहुँच पुऱ्याउने जस्ता विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

सम्बन्धनप्राप्त विद्यालय संख्या

१३.२७ शैक्षिक सत्र २०६८ सम्म विकास क्षेत्रको आधारमा सम्बन्धनप्राप्त सामुदायिक, निजी, दशजोड दुई का विद्यालय र क्याम्पस गरी कुल संख्या निम्नानुसार रहेको छ :

तालिका १३(प) : सम्बन्धनप्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण

विकास क्षेत्र	भौगोलिक क्षेत्र	२०६६					२०६७					२०६८				
		सामु	निजी	+२	क्याम्पस	जम्मा	सामु	निजी	+२	क्याम्पस	जम्मा	सामु	निजी	+२	क्याम्पस	जम्मा
पूर्वाञ्चल	हिमाल	४९	२	०	४	५५	६०	२	०	४	६६	६२	२	०	४	६८
	पहाड	१७३	९	३	४	१८९	२३१	१०	३	४	२४८	२५४	१०	३	४	२७१
	तराई	१२८	५८	२८	१५	२२९	२००	७९	२८	१५	३२२	२२४	८७	२८	१५	३५४
	जम्मा	३५०	६९	३१	२३	४७३	४९१	९१	३१	२३	६३६	५४०	९९	३१	२३	६९३
मध्य माञ्चल	हिमाल	७४	१	०	२	७७	८८	१	०	२	९१	९४	१	०	२	९७
	पहाड	२८४	१८६	८१	४७	५९८	३३१	२०३	८१	४७	६६२	३७३	२१९	८१	४८	७२१
	तराई	१६४	३७	२५	१६	२४२	२१२	४८	२५	१६	३०१	२४७	५६	२४	१६	३४३
	जम्मा	५२२	२२४	१०६	६५	९१७	६३१	२५२	१०६	६५	१०५४	७१४	२७६	१०५	६६	११६१
पश्चिम माञ्चल	हिमाल	४	०	०	०	४	४	०	०	०	४	४	०	०	०	४
	पहाड	३४४	५८	७	२२	४३१	४३०	७०	७	२२	५२९	४७८	८२	७	२०	५८७
	तराई	१०७	४६	५	११	१६९	१२३	५६	५	११	१९५	१३४	६०	५	११	२१०
	जम्मा	४५५	१०४	१२	३३	६०४	५५७	१२६	१२	३३	७२८	६१६	१४२	१२	३१	८०१
मध्य	हिमाल	३१	०	०	०	३१	३९	०	०	३९	४७	१	०	०	२	५०

विकास क्षेत्र	भौगोलिक क्षेत्र	२०६६					२०६७					२०६८				
पश्मिाञ्चल .	पहाड	१२३	३	०	३	१२९	१५३	३	०	१५९	१७२	७	०	०	३	१८२
	तराई	६५	२५	५	३	९८	८६	३१	५	१२५	९५	३४	५	५	३	१३७
	जम्मा	२१९	२८	५	६	२५८	२७८	३४	५	३२३	३१४	४२	५	५	८	३६९
सुदुर पश्चिमाञ्चल	हिमाल	५४	०	०	१	५५	६९	०	०	७०	७५	०	०	०	१	७६
	पहाड	९६	३	१	२	१०२	१२०	३	१	१२६	१३१	४	१	१	२	१३८
	तराई	७६	१८	५	४	१०३	९७	२४	५	१३०	१०९	२६	५	५	५	१४५
	जम्मा	२२६	२१	६	७	२६०	२८६	२७	६	३२६	३१५	३०	६	६	८	३५९
	कुल जम्मा	१७७२	४४६	१६०	१३४	२५१२	२२४३	५३०	१६०	३०६७	२४९९	५८९	१५९	१५९	१३६	३३८३

स्रोत : उच्च माध्यमिक शिक्षा परिषद् /शिक्षा मन्त्रालय ।

उच्च माध्यमिक विद्यालयमा छात्रछात्राको स्थिति

१३.२८ उच्च माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११ र १२ मा शैक्षिक सत्र २०६५ देखि २०६८ सम्म परीक्षामा सम्मिलित एवम् उतीर्ण छात्रछात्राहरूको विवरण निम्नानुसार रहेकोछ :

तालिका १३(फ) : वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी संख्या

वर्ष	कक्षा ११						कक्षा १२					
	सम्मिलित			उतीर्ण			सम्मिलित			उतीर्ण		
	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
२०६५	१०६१५७	९९०४३	२०५२००	४६९०३	३७२२८	८४१३१	७०६४४	६२२९६	१३२९४०	३६९४६	३०३८३	६७३२९
२०६६	१३२१५८	१२२६१३	२५४७७१	५७२४०	४४७९३	१०२०३३	९४८१२	९२००५	१८६८१७	४७८०३	३९४०५	८७२०८
२०६७	१५५९८९	१४२०६२	२९८०५१	६५५९५	५१४३३	११७०२८	११७०९३	१११२६५२	२२९७१५	५५०५८	४५७८८	१००८४६
२०६८*	१६१९८४	१४१८७०	३०३८५४	६४९०८	५१५०८	११५९२२	१३५०८७	१२८८९२	२६३९७९	६७००५	५८५१८	१२५५२३

** कक्षा ११ मा छात्र तर्फ ४०.०७ प्रतिशत, छात्रा तर्फ ३५.९६ गरी ३८.१५ प्रतिशत र कक्षा १२ मा छात्र तर्फ ४९.६० प्रतिशत र छात्रा तर्फ ४५.४० प्रतिशत गरी ४७.५५ प्रतिशत उत्तीर्ण ।*

स्रोत : उच्च माध्यमिक शिक्षा परिषद् /शिक्षा मन्त्रालय ।

सामुदायिक उच्च माध्यमिक विद्यालय र शिक्षक व्यवस्था

१३.२९ शैक्षिक वर्ष २०६८सम्म कुल सामुदायिक उच्च माध्यमिक विद्यालय २ हजार ४ सय ९९ मा प्रति विद्यालय न्यूनतम ३ वटा थप शिक्षक हुनुपर्ने र त्यसका लागि कुल ७ हजार ४ सय ९७ शिक्षकहरूको व्यवस्था हुनुपर्ने देखिन्छ । त्यस्तै, विज्ञान विषय सञ्चालनमा रहेका १ सय ७० उच्च माध्यमिक विद्यालयका लागि थप १/१ वटा शिक्षक र कर्णाली अञ्चलका कुल ४७ उच्च माध्यमिक विद्यालयका लागि थप १/१ वटा गरी कुल जम्मा ७ हजार ४ सय १४ र २ सय भन्दा बढी विद्यार्थी संख्या भएका उच्च माध्यमिक विद्यालयलाई थप १ वटा शिक्षक उपलब्ध गराउने गरी कुल ८ हजार शिक्षक यस आर्थिक वर्षमा व्यवस्था गर्नुपर्ने देखिन्छ । यसरी शिक्षक थप भएमा मात्र उच्च माध्यमिक तहमा अध्ययन अध्यापनका साथै स्तरीय शिक्षा उपलब्ध गराउन सक्ने अवस्था रहन्छ ।

उच्च प्राविधिक शिक्षामा छात्रवृत्ति

१३.३० विभिन्न विश्वविद्यालयहरूसँग सम्बन्धन लिई निजीस्रोतमा सञ्चालन अनुमति प्राप्त गरी देशका विभिन्न स्थानमा सञ्चालित मेडिकल कलेजहरूमा शिक्षा मन्त्रालयले सञ्चालन

गरेको परीक्षा उत्तीर्ण विद्यार्थीहरूलाई निःशुल्क अध्ययनको लागि छनौट गरी चिकित्शा शास्त्रमा स्नातक, स्नात्तकोत्तर, नर्सिङमा स्नातक अध्ययनका लागि मनोनयन गरी पठाउने गरिएको छ। यसरी स्वदेशी तथा विदेशी मेडिकल कलेजहरूबाट प्राप्त छात्रवृत्तिमा अध्ययन गर्न जानेहरूको विवरण देहायबमोजिम रहेको छ।

तालिका १३(ब) : विभिन्न तह र विषयमा अध्ययनार्थ मनोनयन भएका विद्यार्थीहरूको संख्या

विषय	आ.व. २०६६/६७	आ.व. २०६७/६८	आ.व. २०६८/६९	देश
एमविविएस	१५२	२०२	७९	नेपाल
विडिएस	१८	१०	५७	नेपाल
विएएमएस	३	७	४	नेपाल
विएन	१२	१२	११	नेपाल
विपिएच	४	४	८	नेपाल
वी फर्मा		४	१३	नेपाल
विएस्सी फरेस्ट		४	२	नेपाल
विएस्सी नर्सिङ्ग	२	४	५	नेपाल
एमविविएस	२१	८	३	विदेश
विडिएस	२	१		विदेश
पिजि मेडिसिन	२१	-	-	

स्रोतः शिक्षा मन्त्रालय।

विश्वविद्यालय अनुदान आयोग

१३.३१ विश्वविद्यालय अनुदान आयोगले विश्वविद्यालयहरू बीच समन्वय, सरकारी अनुदान वितरण, नयाँ विश्वविद्यालय स्थापनार्थ नेपाल सरकारलाई राय सुझाव प्रदान, शैक्षिक गुणस्तर निर्धारण जस्ता कार्यहरू गर्दै आएको छ। साथै, यस आयोगले नियमिततर्फ गुणस्तर सुधार कार्यक्रम र विकासतर्फ दोस्रो उच्च शिक्षा परियोजना अन्तर्गत कार्यक्रमहरूको कार्यतर्जुमा, कार्यान्वयन र सञ्चालन गर्दै आएको छ। गुणस्तर सुधार कार्यक्रमतर्फ पाठ्यक्रमको परिमार्जन र पुनर्ताजगीकरण, अध्ययन अध्यापनमा संलग्न शिक्षकहरूको सीप, दक्षता अभिवृद्धि, अनुसन्धान, संस्कृतिको विकास एवम् विस्तार, स्नातकोत्तर तहमा अपाङ्ग विद्यार्थी सहयोग कार्यक्रम र उच्च शैक्षिक संस्थाहरूको शैक्षिक, प्राज्ञिक र भौतिक क्षमता अभिवृद्धिलाई दृष्टिगत गरी गुणस्तर सुधार कार्यक्रमलाई चालु आर्थिक वर्षमा परिमार्जनसहित सञ्चालन गरिरहेको छ। यस अन्तर्गत आर्थिक वर्ष २०६८/६९ मा पुनर्ताजगी तालिममा ५० जना, एम.फिल र पि.एच.डि. विद्वत वृत्तिमा १ सय १० जना, लघु अनुसन्धान ८०, गोष्ठी, कार्यशाला,सम्मेलन सञ्चालन तथा सहभागिता सहयोग ५० वटा, पुस्तकालय सुदृढिकरण एवम् भौतिक सुविधा विकास सहयोगमा १ सय ८० वटा क्याम्पस तथा अनुसन्धान ४२ ओटा सम्पन्न गर्ने भएको छ। त्यस्तै, विश्व बैंकको सहयोग समेतमा दोस्रो उच्च शिक्षा परियोजना अन्तर्गत सुधार अनुदान (प्रोत्साहत, कार्यसञ्चालन र जोडकोष अनुदान), विद्यार्थी वित्तीय सहायता

कार्यक्रम, उच्च माध्यमिक शिक्षा सुधार र उच्च शिक्षामा प्रणालीगत क्षमता अभिवृद्धि जस्ता ४ वटा क्षेत्रहरूलाई समेटी कार्यसम्पादन गर्दै आएको छ ।

१३.३२ आर्थिक वर्ष २०६७/६८ सम्म मुलुक भित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालयहरू अन्तर्गतका क्याम्पसहरू र सोमा अध्ययन गरिरहेका विद्यार्थीहरूको संख्या निम्न तालिकामा उल्लेख भए बमोजिम रहेको छ :

तालिका १३(भ) : विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या

विश्वविद्यालय	क्याम्पसहरू		आर्थिक वर्ष०६६/६७			आर्थिक वर्ष०६७/६८		
	आङ्गिक	सम्बन्धन प्राप्त	आङ्गिक	सम्बन्धन प्राप्त	जम्मा	आङ्गिक	सम्बन्धन प्राप्त	जम्मा
त्रिभुवन विश्वविद्यालय	६०	८२६	१८६८८०	१८३०००	३६९८८०	१५९३९४	२३००६६	३८९४६०
काठमाडौं विश्वविद्यालय	६	१५	-	-	१०१००	३६२७	५६५५	९२८२
पूर्वाञ्चल विश्वविद्यालय	४	९२	-	-	१८१५४	७३२	१७७५८	१८४९०
नेपाल संस्कृत विश्वविद्यालय	१२	९	२०४३	२९४	२३३७	३१६५	२९४	३४५९
पोखरा विश्वविद्यालय	४	४६	११७३	१५४९३	१६६६६	७८८	१२३८३	१३१७१
लुम्बिनी बौद्ध विश्वविद्यालय		-	-	-	-	१७	-	१७
बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान	१	-	-	-	-	११९२	-	११९२
चित्सिा विज्ञान राष्ट्रिय प्रतिष्ठान	१	-	-	-	-	२०३	-	२०३
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	१	-	-	-	-	६०	-	६०

स्रोत: विश्वविद्यालय अनुदान आयोग ।

विश्वविद्यालयहरू

१३.३३ आर्थिक वर्ष २०६८।६९सम्म त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी विश्वविद्यालय गरी ६ वटा विश्वविद्यालयहरूले उच्च शिक्षामा विभिन्न विधाहरूमा अध्ययन अध्यापन, अनुसन्धान जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् । त्यस्तै, नयाँ खुलेका कृषि तथा पशुविज्ञान, मध्यमाञ्चल र सुदुरपश्चिमाञ्चल विश्वविद्यालयहरूको शैक्षिक कार्यक्रमहरू पनि सञ्चालन हुने क्रममा रहेका छन् ।

त्रिभुवन विश्वविद्यालय

१३.३४ नेपालको उच्च शिक्षाको क्षेत्रमा त्रिभुवन विश्वविद्यालयले राष्ट्रिय आवश्यकता अनुरूप मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गर्दै आएको छ । नेपालका विभिन्न क्षेत्रका उच्चतम तहमा यसै विश्वविद्यालयका उत्पादित जनशक्ति क्रियाशील रहेका छन् ।

विश्वविद्यालयले सार्क (SAARC) क्षेत्रमा आफ्नो पहिचानसहित उच्च शिक्षाको संस्थागत विकास गर्दै हालको अवस्थामा आइपुगेको छ। नेपालको करीव ९५ प्रतिशत उच्च शिक्षाको जिम्मेवारी/दायित्व निर्वाह गरिरहेको यस विश्वविद्यालयमा आर्थिक वर्ष २०६७/६८ सम्म ५ वटा अध्ययन संस्थान (इन्जिनियरीङ्ग, कृषि र पशु विज्ञान, चिकित्सा शास्त्र, वन विज्ञान र विज्ञान तथा प्रविधि), ४ वटा संकाय (कानुन, व्यवस्थापन, शिक्षा शास्त्र र मानवविकी तथा सामाजिक शास्त्र), ४ अनुसन्धान केन्द्र (आर्थिक विकास तथा प्रशासन, नेपाल र एशियाली, व्यवाहारिक विज्ञान तथा प्रविधि र शिक्षा विकास तथा अनुसन्धान) रहेका छन्। यसरी नै ६० वटा आङ्गिक र अस्थायी सम्बन्धनप्राप्त ८ सय २६ वटा क्याम्पसहरूमा स्नातक तहदेखि पिएच.डी र एउटामा विशेष कार्यक्रम पनि सञ्चालन रहेको छ। प्राविधिक तर्फ इन्जिनियरीङ्ग, चिकित्साशास्त्र तथा वन विज्ञान प्रमाणपत्र तहका कार्यक्रमसहित साधारणतर्फ विभिन्न विधाका विभिन्न विषयहरूमा अध्ययन अध्यापन गराई गुणस्तरीय जनशक्ति उत्पादन गरिरहेको छ। त्रि.वि. अन्तर्गत सञ्चालनमा रहेका प्रमुख प्राज्ञिक, शैक्षिक कार्यक्रमहरूको संक्षिप्त स्वरूप र उपलब्धीहरू देहायबमोजिम रहेको छ :

तालिका १३(म) : त्रि.वि.द्वारा सञ्चालित प्रमूख प्राज्ञिक, शैक्षिक कार्यक्रमको संक्षिप्त स्वरूप र उपलब्धी

अध्ययनअनुसन्धान-अन्वेषण कार्यक्रम सूचक	आर्थिक वर्ष				
	०६३/६४	०६४/६५	०६५/६६	०६६/६७	०६७/६८
अ. क्याम्पस					
१. त्रि.वि. आङ्गिक क्याम्पस संख्या	६०	६०	६०	६०	६०
२. निजी क्षेत्रतर्फ सम्बन्धनप्राप्त क्याम्पस संख्या	४२०	५६१	६१६	७३२	८२६
जम्मा क्याम्पस संख्या	**४८०**	**६२१**	**६७६**	**७९२**	**८८६**
आ. अध्ययनरत विद्यार्थी					
१. त्रि.वि. आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्या	१,६७,११४	१,७१,५९२	१,७२,५९४	१८६८८०	१५९३९४
२. निजी क्षेत्र सम्बन्धनप्राप्त क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्या	१,०५,६३२	१,१९,२४१	१,४९,०५१	१,८३,०००	२३००६६
अध्ययनरत कुल विद्यार्थी संख्या	२,७२,७४६	२९०८३३	३,२१,६४५	३६९८८०	३८९४६०
३. त्रि.वि. का आङ्गिक तथा निजी क्षेत्रका क्याम्पसमा अध्ययनरत विद्यार्थीको आकारको स्वरूप प्रतिशतमा					
(क) आङ्गिक क्याम्पसमा अध्ययनरत (ख) निजी क्षेत्रका क्याम्पसमा अध्ययनरत	६१.३ ३८.७	५९.० ४१.०	५३.६ ४६.४	५१.० ४९.०	४०.९३ ५९.०७
इ शिक्षक विद्यार्थी अनुपात	१:२७.३	१:२१.६	१:२१.७	१:२३.५	१:२०.३
ई मानविय स्रोत – शिक्षक कर्मचारी					
(i) शिक्षणतर्फ – शिक्षक संख्या	६,१६०	७,९५०	७.९५०	७९५०	७८४१

अध्ययनअनुसन्धान-अन्वेषण कार्यक्रम सूचक	आर्थिक वर्ष				
	०६३/६४	०६४/६५	०६५/६६	०६६/६७	०६७/६८
(ii) प्रशासन, प्राविधिक तथा युटिलिटी सर्मिस					
(अ) प्रशासनिक कर्मचारी	२,२४१	२२४१	२२४०	२२४०	२३०१
(आ) प्राविधिक कर्मचारी	१९१४	१९२०	१९२०	१९२०	२०९८
(इ) युटिलिटी तथा सेवा कर्मचारी	२,७९७	२९१२	२९६२	२९६२	३०१४
जम्मा कर्मचारी संख्या	**६,९५२**	**७०७३**	**७१२२**	**७१२२**	**७४१३**
(उ) **चिकित्सा उपचार सेवा**	**४,५९,८३०**	***४,७९,६०७***	**५,२३,०१२**	**४,९४,५६९**	**४,४०,२३४**

स्रोत: त्रिभुवन विश्वविद्यालय ।

अध्ययन /अध्यापन कार्यक्रम

१३.३५ त्रिभुवन विश्वविद्यालयका विभिन्न क्याम्पसहरूमा सञ्चालित अध्ययन, अध्यापन, अनुसन्धानलगायतका अन्वेषण कार्यक्रमहरू गत आर्थिक वर्ष २०६७/६८ मा ५ प्राविधिक अध्ययन संस्थानतर्फ इन्जिनियरिङ, कृषि र पशु विज्ञान, चिकित्साशास्त्र, वनविज्ञान र विज्ञान तथा प्रविधि, ४ संकायतर्फ कानुन, व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी तथा सामाजिकशास्त्रमार्फत् विभिन्न विधा/विषयका अन्य तह, प्रमाणपत्रतह, स्नातकतह, स्नातकोत्तरतह, एम.फिल. तथा विद्यावारिधितहमा सञ्चालित छन् । उल्लेखित तह सञ्चालन गर्ने आंगिक र सम्बन्धनप्राप्त क्याम्पसहरूको विकास क्षेत्रअनुसारको विवरण देहायबमोजिम छ :

तालिका नं. १३ (य) : विकास क्षेत्रअनुसार त्रि.वि. अन्तर्गत सञ्चालित क्याम्पसहरूको विवरण

विकास क्षेत्र	आर्थिक वर्ष २०६६।६७		आर्थिक वर्ष २०६७६८	
	आंगिक क्याम्पस	सम्बन्धनप्राप्त क्याम्पस	आंगिक क्याम्पस	सम्बन्धनप्राप्त क्याम्पस
पूर्वाञ्चल	१३	१०८	१३	१३१
मध्यमाञ्चल	२८	३६९	२८	४०३
पश्चिमाञ्चल	११	१४६	११	१६१
मध्यपश्चिमाञ्चल	५	५५	५	६९
सुदुर पश्चिमाञ्चल	३	५४	३	६२
जम्मा	**६०**	**७३२**	**६०**	**८२६**

स्रोत: त्रिभुवन विश्वविद्यालय ।

१३.३६ आर्थिक वर्ष २०६७/६८ मा त्रि.वि. अन्तर्गत आंगिक क्याम्पसहरूमा जम्मा १ लाख ५९ हजार ३ सय ९४ (४०.९३ प्रतिशत) र निजी क्षेत्रमा अस्थायी सम्बन्धनप्राप्त क्याम्पसहरूमा जम्मा २ लाख ३० हजार ६६ (५९.०७ प्रतिशत) गरी कुल ३ लाख ८९ हजार ४ सय ६० जना विद्यार्थीहरू अध्ययनरत रहेका थिए । साथै, आर्थिक वर्ष २०६८/६९ मा आंगिक क्याम्पसहरूमा कुल विद्यार्थी नयाँ भर्ना र क्यारीओभर गरी १ लाख १६ हजार २ सय ८० विद्यार्थी अध्ययनरत रहने प्रस्तावित लक्ष्य रहेको छ । यसरी आर्थिक वर्ष २०६७।६८ र २०६८।६९ को त्रि.वि. आंगिक क्याम्पसहरूमा विभिन्न तहमा

अध्ययनरत विद्यार्थीहरूको विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (र) : आंगिकतर्फको साधारण र प्राविधिक विषयमा अध्ययनरत विद्यार्थी विवरण

सि.नं.	संकाय	आर्थिक वर्ष २०६६।६७	आर्थिक वर्ष २०६७।६८*
१	साधारणतर्फ	१३७९७५	९६०००
	अन्य तह	३८०४	४४४१
	प्रमाणपत्र तह	११५९०	८७६९
	स्नातक	७३६५९	५६३९१
	स्नातकोत्तर	४८५०१	२५८२३
	एम.फिल.	२३७	४२०
	पिएचडी	१८४	१५६
२	प्राविधिकतर्फ	२१४१९	२०२८०
	प्रमाणपत्र तह	५१३४	४८६५
	स्नातक तह	१२८५६	१२६४६
	स्नातकोत्तर	३३४४	२६१०
	एमफिल		२
	पिएचडी	८५	१५७
कुल जम्मा		१५९३९४	११६२८०

** प्रस्तावित विवरण ।*

स्रोत: त्रिभुवन विश्वविद्यालय ।

प्रति विद्यार्थी खर्च

१३.३७ त्रिभुवन विश्वविद्यालयका पांच अध्ययन संस्थान तथा चार संकायका विभिन्न विधा एवं विषयमा अध्ययनरत विद्यार्थीहरूको प्रति विद्यार्थी खर्च देहायबमोजिम रहेको छ :

तालिका १२ (ल) त्रिभुवन विश्वविद्यालयका प्रति विद्यार्थी खर्च

(रूपैयामा)

सि.नं	अध्ययन संस्थान/सङ्काय	आर्थिक वर्ष		
		०६५/६६	०६६/६७	०६७/६८
१.	इन्जिनियरिङ	९४,७९०	१,१३,७५०	१,३४,६२५
२.	कृषि र पशु विज्ञान	४,४८,७५०	५,३८,५००	६,४६,२००
३.	चिकित्सा शास्त्र	४,८८,७५०	५,८६,५००	८,१८,७००
४.	वन विज्ञान	१,३४,४००	१,६१,२८०	१,३०,०००
५.	विज्ञान तथा प्रविधि	२९,४७०	३५,३६५	५७,३६५
६.	कानुन	३७,७६५	४५,३२०	५४,३८५
७.	व्यवस्थापन	५,८४५	७,०१०	११,५३०
८.	शिक्षा शास्त्र	६,७८०	८,१४०	१५,१२५
९.	मानविकी तथा सामाजिक शास्त्र	११,५९०	१३,९०५	१६,६९०

स्रोत: त्रिभुवन विश्वविद्यालय ।

विद्यार्थी उत्पादन

१३.३८ आर्थिक वर्ष २०६७/६८ मा त्रिभुवन विश्वविद्यालयको साधारण तथा प्राविधिकतर्फको विभिन्न संकायहरूको जनशक्ति उत्पादन विवरण देहायबमोजिम रहेको छ। यसको विस्तृत विवरण तालिका १३.६ (सि.डि.) मा उल्लेख गरिएको छ।

तालिका १३ (ब) : त्रि.वि.साधारण र प्राविधिक संकायहरूको जनशक्ति उत्पादन विवरण

सि.नं.	संकाय	आर्थिक वर्ष २०६६।६७	आर्थिक वर्ष २०६७।६८
१	**साधारणतर्फ**	५००९३	४५२३५
	कानुन	३१३	२४६
	व्यवस्थापन	१५४६२	१३०६०
	शिक्षा	१६६०४	१७४३७
	मानविकी	१७७१४	१४४९२
२	**प्राविधिकतर्फ**	१८९३०	७६६१
	इन्जीनियरिङ	१३०३९	१६३५
	कृषि तथा पशु विज्ञान	१९६	२०९
	चिकित्साशास्त्र	९८५	९१६
	वन विज्ञान	१८६	१८८
	विज्ञान तथा प्रविधि	४५२४	४७१३
कुल जम्मा		**६९०२३**	**५२८९६**

स्रोतः त्रिभुवन विश्वविद्यालय।

पाठ्यक्रम तथा पुस्तकालय विकास

१३.३९ विश्वविद्यालयले विभिन्न तहका पाठ्यक्रमहरूलाई समयसापेक्ष सुधार एवं परिमार्जन गर्दै आएको छ। त्यस्तै, स्नातक तहको कार्यक्रमलाई ४ वर्षे र कानुन संकायमा ५ वर्षे वी.ए.एलएल.वी. तहको कार्यक्रम समेत सञ्चालन गरेको छ। त्रि.वि. पाठ्यक्रम विकास केन्द्रले स्नातकोत्तर तहका विभिन्न विषय र स्नातक तहका अनिवार्य अंग्रेजी एवं नेपाली विषयको अभिमुखीकरण कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा कानुन संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थानका पाठ्यक्रम छपाई एवं बिक्री वितरण गर्ने कार्य पनि गरिरहेको छ। केन्द्रले प्रमाणपत्र छानविन गर्नुका साथै स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट उत्तिर्ण विद्यार्थीहरूको उपाधिको मान्यता र समकक्षता निर्धारण गर्ने कार्य समेत गरिरहेको छ।

१३.४० कीर्तिपुरस्थित नेपालको केन्द्रीय पुस्तकालयले शिक्षा क्षेत्रमा अनुसन्धानरत पाठकवर्गहरू र प्राज्ञिक उद्देश्य पूरा गर्ने पर्यटकहरूलाई सेवा प्रदान गर्दै आएको छ। साथै, सन्दर्भसेवा, विद्युतीय पुस्तकालय सेवा, Digitalization, Microfinancing, Bibliographic Search तथा अन्य धेरै प्रकारका सेवाहरू पनि प्रदान गर्दै आएको छ। बेलायतस्थित INASP संस्था अन्तर्गत चलिरहेको PERI (Programming for the Enhancement of Research Information) मार्फत् प्राप्त हुने विविध विषयका free access तथा प्राप्त अन्य सूचना वा पाठ्यसामाग्रीहरूलाई इन्टरनेटमार्फत् पाठकवर्गसम्म पुऱ्याएको छ। सार्कको South

Asian University को पुस्तकालयसँग सहकार्य गर्नुका साथै विश्ववैंकको सहयोगमा सञ्चालित परियोजना अन्तर्गत केन्द्रीय पुस्तकालयको सुदृढीकरण कार्यक्रमतर्फ केही प्राविधिक तथा भौतिक सुविधाहरू उपलब्ध गराइएको छ ।

दोस्रो शिक्षा परियोजना

१३.४१ उच्चशिक्षामा गुणस्तर एवं दक्षता अभिवृद्धि गरी उच्चशिक्षाको सान्दर्भिकतालाई प्रक्रियागत तवरले सुधार गर्ने उद्देश्य अनुरूप विश्वबैंकको सहयोगमा सञ्चालित त्रि.वि. दोस्रो उच्चशिक्षा परियोजनाको New Porgram Winodw अन्तर्गत त्रिभुवन विश्वविद्यालयका इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोकमा ८ सेमेष्टरको यातायात इन्जिनियरिङ्गमा स्नातक, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा ८ सेमेष्टरको बागवानी तथा फूलजन्य व्यवस्थापनमा वि.एस.सी, मेची बहुमुखी क्याम्पस, भद्रपुरमा ८ सेमेष्टरको चिया प्रविधि र व्यवस्थापनमा स्नातक, केन्द्रीय प्रविधि क्याम्पस, धरानमा ४ वर्षे पोषण र डाइटमा वि.एस.सी, नेपाल ल क्याम्पस काठमाडौंमा ५ वर्षे एल.एल.वि., व्यवस्थापन संकाय कीर्तिपुरमा ४ सेमेष्टरको एम.वि.ए. र जनप्रशासन केन्द्रीय विभाग, काठमाडौंमा ४ सेमेष्टरको सार्वजनिक प्रशासनमा एम.फिल. कार्यक्रमहरू सञ्चालित छन् । यसका अतिरिक्त स्वायत्ततामा जान चाहेको केन्द्रीय प्रविधि क्याम्पस, धरानलाई स्वायत्तता प्रदान गर्ने निर्णय पनि गरिसकेको छ ।

शिक्षण प्रशिक्षण एवं अन्वेषण कार्यक्रम

१३.४२ राष्ट्रिय शिक्षा नीति अनुरूप कक्षा १-८ सम्मको आधारभूत शिक्षा उपलब्ध गराउने विद्यालयहरूका लागि तालिमप्राप्त शिक्षकहरू तयार गर्ने उद्देश्य अनुरूप शिक्षा शास्त्रबाहेक अन्य विधाबाट प्रमाणपत्र वा कक्षा १२ पूरा गरेकाहरूलाई शिक्षाशास्त्र संकायले १ वर्षे शिक्षक तयारी पाठ्यक्रमद्वारा अध्ययन अध्यापन हुने विषयहरूको पाठ्यक्रम तयार गरी तालिमप्राप्त दक्ष शिक्षक तयार गर्ने कार्य अगाडि बढाएको छ । त्यस्तै, ३ वर्षे वि.एड, १ वर्षे वि.एड र एम.एड. का पाठ्यमक्रमहरू समसामयिक बनाउनुका साथै स्नातकतहमा सूचना तथा सञ्चार प्रविधिको थप विशिष्टिकरण अध्यापन भइरहेको छ । विद्यालयमा कार्यरत शिक्षकहरूको दक्षता अभिवृद्धि गर्न खुल्ला तथा दूरशिक्षामा आधारित वि.एड. तथा एम.एडको पाठ्यक्रम र स्व-सिकाई सामाग्री निर्माण एवं प्रयोग पनि भएको छ । कानुन संकाय अन्तर्गत त्रि.वि. मानव अधिकार केन्द्र र त्रि.वि.वातावरण कानुन केन्द्र व्यवस्थापन प्रणाली, २०६८ तयार गरिएको छ । साथै गुणस्तर अभिवृद्धि एवं कक्षा शिक्षण सिकाईसम्बन्धी समस्याहरू समाधान गर्न आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरूमा अध्यापन गरिरहेका शिक्षकहरूलाई लघु अनुसन्धान को कार्य गर्न दिइएको छ । मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत रणनीतिक अध्ययन, बौद्ध अध्ययन, भाषा विज्ञान, राजनीतिशास्त्र, गृहविज्ञान, गणित, तथ्याङ्कशास्त्र, अर्थशास्त्र, चित्रकला, सँगीत, मूर्तिकला, पत्रकारिता तथा आमसञ्चार, मनोविज्ञान, ग्रामीण विकास, जनसंख्या अध्ययन, समाजशास्त्र तथा मानवशास्त्र, सामाजिक सेवा कार्य, पुस्तकालय तथा सूचना विज्ञान, तर्कशास्त्र, दर्शनशास्त्र, द्वन्द, शान्ति जस्ता विषयहरूमा अध्ययन अध्यापन भइरहेको छ । केन्द्रीय विभागहरूमा एम.फिलको अध्ययन र पिएच.डी.

अनुसन्धान अन्वेषण कार्यहरूको सूचनाहरू सम्बन्धित निकायहरूलाई उपलब्ध गराउने कार्य पनि भइरहेको छ ।

१३.४३ भौतिक शास्त्र तर्फ M.Sc. तहमा Nuclear Physics अध्ययन अध्यापन र गतवर्ष मित्रराष्ट्रहरूमा Nuclear radiation contamination घटनाहरूले पार्ने प्रभाव न्यून गर्न Nuclear physics study research innovation facilities सम्बन्धी अनुसन्धानलाई अगाडि बढाउन नेपाल सरकारको सहयोगमा राष्ट्रियस्तरमा National Nuclear Numerical Radiation Weather Quality Wind Energy Forecasting, Laboratory विकास गर्ने प्रयास अगाडि बढाइएको छ । आर्थिक वर्ष २०६८।६९ मा Laboratory Development Program स्वीकृति भई Multi Channel Analyzer, Radiation Detectors, Geiger Counter व्यवस्था गर्न Procurement भइरहेको छ । साथै मुलुकको स्वास्थ्य क्षेत्रमा X-Ray, MRI, CT Scan आदि साधन सञ्चालन गर्ने तालिमको अभाव, खाद्य पदार्थ, निर्माण सामाग्रीलगायत विकीरणको नमुनाहरूको अनुगमन र परीक्षण मूल्याङ्कन गर्नसक्ने क्षमता विकास गर्ने प्रयास समेत भइरहेको छ । विज्ञान तथा प्रविधि मन्त्रालयको पहलमा Nuclear Law बनाउने र यस विषयका विशेषज्ञ मिसनसँग भावी कार्यक्रमका बारेमा छलफल गर्ने कार्यक्रम पनि तय भइसकेको छ । त्यस्तै, दक्ष, गुणस्तरीय पत्रकारितासम्बन्धी जनशक्ति तयार गर्ने हेतुले त्रि.वि.ले पत्रकारिता तथा आम सञ्चार विषयक केन्द्रीय विभाग स्थापना भई एम.ए. अध्ययन अध्यापन गर्नुका साथै सम्पूर्ण भौतिक सुविधा सम्पन्न T.U. Teaching Air Lab. Development कार्यक्रम पनि स्वीकृति भई चालु रहेको छ । यसले भूमण्डलीय तरङ्गलाई प्रभावकारीरूपमा संवाहन प्रक्रियालाई सुदृढ गरी सम्भावित Radiation effect तथा Semantic noise र अन्य सञ्चारका सम्भावित प्रविधिजन्य प्रभावबाट कसरी सुरक्षित हुने कुरा बताउँदछ । त्यस्तै, कोरिया अन्तर्राष्ट्रिय सहयोग संस्था (KOICA) ले इन्जिनियरिङतर्फ पुल्चोकमा सूचना र सञ्चार प्रविधि केन्द्रको स्थापना गरी सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न कार्यहरू गरिरहेको छ ।

१३.४४ ट्रफल, एन्टिबायोटिक अनुसन्धान तथा जैविक प्रविधि विकासतर्फ त्रिभुवन विश्वविद्यालयले जैविक प्रविधिसम्बन्धी कार्य क्षेत्र छनौट गरी अध्ययन तथा अनुसन्धान तथा अन्वेषण शुरू गरिरहेको छ । जैविक प्रविधि अनुसन्धान अन्वेषण गरी ४ प्रतिशत आइरन र एमिनो एसिडयुक्त क्यान्सर, मधुमेह, जलनलगायत थुप्रै रोग निरोधक कालो चामलको अनुसन्धान तथा विकास गरी सफलतापूर्वक नेपाली भूमिमा उत्पादन परीक्षण गरेको छ । गत वर्ष नेपालले चीन पछि एसियामा नै संसारकै सवैभन्दा बहुमूल्य ट्रफल अनुसन्धान अन्वेषण शुरू गरी रोल्पाको थवाङ्गमा स्थानीय श्री अजम्बरी जन कृषि सहकारी संस्था लि.सँगको सहकार्यमा आफ्नो पहिलो अनुसन्धान स्थल स्थापना गरेको छ । यसबाट आफ्नै नेपाली भूमिमा Patent Right सहित Antibiotics औषधिहरू उत्पादन गर्ने Bacteria हरूको खोजी एवं सो को आवश्यक Genetic Engineering द्वारा पहिलो पटक Antibiotic पाउडर उत्पादन गर्ने कार्यको अनुसन्धान शुरु गर्ने भएको छ ।

पशुपंक्षी चिकित्सा उपचार सेवा

१३.४५ आर्थिक वर्ष २०६७/६८ मा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान अन्तर्गत त्रि.वि. भेटरीनरी टिचिङ हस्पिटल रामपुर चितवनले गत वर्ष भै पशु पंक्षी चिकित्सा उपचार सेवामा सामान्यदेखि शल्यचिकित्सासम्मको उपचार सेवा प्रदान गरिरहेको छ ।

समस्या र चुनौतीहरू

१३.४६ अन्य विश्वविद्यालयको तुलनामा त्रिभुवन विश्वविद्यालयमा राजनीतिक प्रभाव कायमै रहनु, विद्यार्थीहरूको चाप बढी हुन, व्यवस्थापन चुस्त नहुनु, विद्यार्थी राजनीति बढी नै हावी हुनु, शिक्षक कर्मचारीको समस्या रहिरहनु आदि मूख्य चुनौती र समस्याका रूपमा रहेका छन् ।

काठमाडौँ विश्वविद्यालय

१३.४७ उच्च शिक्षाको क्षेत्रमा गुणात्मक शिक्षा प्रदान गर्ने उद्देश्य लिई स्थापना भएको यस विश्वविद्यालयले आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ मा प्राविधिक शिक्षातर्फ नयाँ नयाँ कार्यक्रमहरू सञ्चालन गर्नुका साथै चिकित्साशास्त्र, कला, शिक्षा, इन्जिनियरिङ्ग, फार्मेसी, व्यवस्थापन र वातावरण विज्ञान जस्ता क्षेत्रमा प्रशस्त स्तरीय जनशक्ति उत्पादन गर्दै आएको छ । आर्थिक वर्ष २०६६/६७ मा विश्वविद्यालय र यससँग सम्बन्धनप्राप्त कलेजहरूमा १० हजार १ सय विद्यार्थीहरू अध्ययनरत रहेका थिए । त्यस्तै, आर्थिक वर्ष २०६७/६८सम्म विभिन्न संकाय एवं तहमा ११ हजार २ सय ६ जना विद्यार्थीहरू उत्तिर्ण भएका थिए । आर्थिक वर्ष २०६७ मा काठमाडौं विश्वविद्यालय, धुलिखेलमा भर्ना र उत्तिर्ण भएका विद्यार्थीहरूको विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (श) : काठमाडौँ विश्वविद्यालयमा अध्ययनरत तथा उत्तिर्ण विद्यार्थीहरूको विवरण

सि.नं.	संकाय	तह	भर्ना	उत्तिर्ण
१	विज्ञान	स्नातक	१६५	११२
		स्नातकोत्तर	५४	३८
२	इन्जीनियरिङ्ग	स्नातक	२५४	१३०
		स्नातकोत्तर	३६	४
३	कला	स्नातक	२२०	१५१
		स्नातकोत्तर	३३	२८
४	शिक्षा	स्नातक	३२	९
		स्नातकोत्तर	१४१	४४
५	व्यवस्थापन	स्नातक	४०६	२१६
		स्नातकोत्तर	११९	११६
६	चिकित्सा विज्ञान	प्रमाणपत्र	४०	-
		स्नातक	११४४	६७८
		स्नातकोत्तर	२०६	१८७

सि.नं.	संकाय	तह	भर्ना	उत्तिर्ण
	कुल प्रमाणपत्र		४०	-
	कुल स्नातक तह		२२२१	१२९६
	कुल स्नातकोत्तर तह		५८९	४१७
	कुल जम्मा		**२८१०**	**१७१३**

नोटः *मास्टरतर्फ स्नातकोत्तर, एमफिल र पिएचडि समेत समावेश भएको छ भने चिकित्सा विज्ञान तर्फको स्नातकमा विएस्सी नर्सिङ, एमविविएस, विडीएस आदि समावेश छ ।*
स्रोतः *काठमाडौं विश्वविद्यालय ।*

१३.४८ विश्वविद्यालयले छात्रवृत्तितर्फ यसवर्ष २४ जनालाई शैक्षिक ऋण (Education Loan) र अन्डरग्राजुयट प्रथम वर्षमा ५२ जनालाई काठमाडौं विश्वविद्यालय अन्तर्गत आंशिक छात्रवृत्ति प्रदान गरेको छ । आंशिक छात्रवृत्तिमा कुल शिक्षण शुल्कको २५ देखि ५० प्रतिशत अर्थात रू. ८० लाख ३३ हजार बराबर हुन आउँदछ ।

विश्वविद्यालयले उच्च शिक्षामा गरेको योगदान र शिक्षा एवं अर्थतन्त्रमा परेको प्रभाव

१३.४९विश्वविद्यालयले गुणस्तरीय शिक्षा प्रदान गरेकाले उच्च शिक्षा अध्ययन गर्न विदेश जाने विद्यार्थिहरूलाई विदेशिनुबाट रोकिनु, उत्पादित जनशक्ति वेरोजगार नरहनु, भर्ना भएका विद्यार्थी मध्ये ८० प्रतिशत प्रथमपटक मै उत्तीर्ण हुनु, प्रति विद्यार्थी लागत धेरै कम हुनु जस्ता उपलब्धि हासिल भएका छन् । साथै अन्तर्राष्ट्रिय मापदण्ड बमोजिमको शिक्षा प्रदान गरिएको हुँदा विद्यार्थीले देश बाहिर पढ्न जानु पर्दा क्रेडिट ट्रान्सफर समेत भई समय खेर नजानु र विश्वविद्यालयले समयमा नै परिक्षाफल प्रकाशन गर्ने गरेकाले अन्य शिक्षण संस्थाहरूलाई परिक्षाफल प्रकाशन गर्न दवाव पर्ने जस्ता योगदान एवं प्रभाव पर्न गएको छ ।

समस्या र चुनौतीहरू

१३.५०स्रोतको अभावमा काठामाडौं विश्वविद्यालयलाई आवासीय विश्वविद्यालयको रूपमा रूपान्तर गर्न कठिनाई, दक्ष जनशक्तिको न्यूनता, अनुसन्धान र विकासमा कमि, सरकारी दायित्व बढी हुनु, पानीको अभाव, गुरुयोजना अनुरूपको निर्माण कार्य गर्न स्रोत साधनको कमी जस्ता प्रमुख समस्या र चुनौतीहरू रहेका छन् ।

नेपाल संस्कृत विश्वविद्यालय

१३.५१ संस्कृत विद्याको आधुनिकीकरण तथा संस्कृत वाङमयको संरक्षण र सम्बर्द्धन एवम् यसमा अन्तरनिहित मूल्य मान्यताको जगेर्ना गर्न यस विश्वविद्यालयको स्थापना भएको हो । यस विश्वविद्यालयबाट शैक्षिक सत्र २०६७ मा आंगिक तथा सम्बन्धनप्राप्त विद्यापिठ एवं कलेजहरूमा ३ हजार ९ सय ४५ विद्यार्थी भर्ना भएकोमा उत्तर मध्यमा विज्ञानमा (आयुर्वेद) २ सय १४ र आयुर्वेद स्नातकमा २५ जनासहित विभिन्न तहमा २ हजार २ सय ६३ जना विद्यार्थीहरू उर्तीण भएका थिए । विभिन्न संकाय र तहका आंगिक र सम्बन्धनप्राप्त विद्यापिठ एवं क्याम्पसहरूको विद्यार्थी भर्ना र उत्पादन विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (ष) : नेपाल संस्कृत विश्वविद्यालयको विद्यार्थी भर्ना तथा उत्पादन विवरण

क्र.सं.	संकायहरू	तह	आर्थिक वर्ष २०६७।६८		आर्थिक वर्ष २०६८।६९	
			भर्ना	उत्पादन	भर्ना	उत्पादन
१	संस्कृत	उत्तर मध्यमा प्रथम/ द्वितीय वर्ष	१३११	५२८	१२१३	५६४
		उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/ द्वितीय/ तृतीय वर्ष	९५		१३२	
		शास्त्री प्रथम/ द्वितीय/ तृतीय वर्ष	६३१	४७४	७४७	४६९
		आचार्य प्रथम/ द्वितीय वर्ष	२३१	११७	३९३	१६८
		विद्यावारिधी		३८५		४८९
२	शिक्षा शास्त्र	शिक्षा शास्त्री	३८८		६४२	४८९
३	अन्य	कर्मकाण्ड प्रशिक्षण		३३४		
		योग प्रशिक्षण	३५		२९	२३
		संस्कृत भाषा प्रशिक्षण	८४०		७७३	३२५
		अनुसन्धान	१२८		१२३	१२३

स्रोत: नेपाल संस्कृत विश्वविद्यालय ।

१३.५२ त्यस्तै, छात्रवृत्तितर्फ १ हजार ३ सय ७० कोटा निर्धारण भएकोमा आदिवासी, दलित र जनजातिका लागि २० प्रतिशत, महिलालाई ३३ प्रतिशत र अन्यलाई प्रतिस्पर्धाका आधारमा छात्रवृत्ति वितरण गरिएको थियो । साथै, विश्वविद्यालयले योग तथा आयुर्वेद शिक्षण अस्पताल सहितको उच्चशिक्षा सञ्चालनको लागि आयुर्वेद अध्ययन संस्थानको स्थापना र विभिन्न विद्यापिठहरूको भवन, छात्रवास, आवास गृह, पर्खाल जस्ता भौतिक पूर्वाधार निर्माणमा समेत जोड दिदै आएको छ ।

पोखरा विश्वविद्यालय

१३.५३ पोखरा विश्वविद्यालय २०५४ सालमा उल्लेख्यरूपमा निजी क्षेत्रको सहभागिता गराउने गरी स्थापना भएको विश्वविद्यालय हो । यसले विगतमा सम्बन्धनप्राप्त महाविद्यालयको विस्तारमा बढी जोड दिएका कारण आफ्ना आङ्गिक क्याम्पसहरूको तुलनामा सम्बन्धनप्राप्त महाविद्यालयहरूमा धेरै कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । अत: विश्वविद्यालयले सम्बन्धनप्राप्त महाविद्यालयका साथसाथै आङ्गिक महाविद्यालयहरूमा पनि बढी भन्दा बढी कार्यक्रमहरू विस्तार गर्दै जाने नीति तय गरेको छ । यसका सबै आङ्गिक कार्यक्रमहरू लेखनाथ नगरपालिकामा अवस्थित खुदी, ढुङ्गेपाटन, कास्कीमा सञ्चालित छन् । पोखरा विश्वविद्यालयमा व्यवस्थापन सङ्काय, विज्ञान तथा प्रविधि सङ्काय र मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत आङ्गिक महाविद्यालयहरू ४ र सम्बन्धनप्राप्त महाविद्यालयहरू ४९ रहेका छन् । सम्बन्धनप्राप्त ४९ वटा महाविद्यालयहरू मध्ये २८ वटा मध्यमाञ्चल, १४ वटा पश्चिमाञ्चल, ३ वटा मध्यपश्चिमाञ्चल र ४ वटा सुदूर पश्चिमाञ्चलमा रहेका छन् । यी महाविद्यालयहरूमा स्नातक, स्नातकोत्तर र एम.फिल. तहको अध्ययन र अध्यापन हुदै आएको छ । शैक्षिकसत्र

२०६८ मा आङ्गिकतर्फ १ हजार ४ सय ५९ र सम्बन्धनप्राप्त महाविद्यालयहरूतर्फ १८ हजार ७ सय ७० जना गरी जम्मा २० हजार २ सय २९ जना विद्यार्थी अध्ययनरत छन् । यसै शैक्षिक सत्रमा १ हजार ३ सय ७७ जना विद्यार्थी समेत उत्पादन भएका छन् । पोखरा विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूमा हालसम्म ५२ वटा शैक्षिक कार्यक्रम सञ्चालनमा छन्। शैक्षिक सत्र २०६८/०६९ मा पोखरा विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूमा निम्नानुसार विद्यार्थीहरू अध्ययनरत छन् :

तालिका १३(स) : आङ्गिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको विवरण

सङ्काय	स्नातक		स्नातकोत्तर		एमफिल		जम्मा	
	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त
विज्ञान तथा प्रविधि	७३७	६,९९१	११	४७६	०	०	७४८	७,४६७
व्यवस्थापन	४६७	१०,२५९	१५७	९४१	०	०	६२४	११,२००
मानविकी तथा सामाजिकशास्त्र	५८	०	२९	६५	०	३८	८७	१०३
जम्मा	१,२६२	१७,२५०	१९७	१,४८२	०	३८	१,४५९	१८,७७०
कुल		**१८,५१२**		**१,६७९**		**३८**		**२०,२२९**

स्रोत: पोखरा विश्वविद्यालय ।

१३.५४ आङ्गिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूले दिने छात्रवृत्तिलाई छात्रवृत्तिसम्बन्धी नियमावली तर्जुमा गरी सम्बन्धनप्राप्त महाविद्यालयहरूतर्फ स्वीकृत विद्यार्थी सङ्ख्याको ५ प्रतिशत र आङ्गिक कार्यक्रममा २० प्रतिशत गरीब विद्यार्थीहरूलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिएकोछ । उपलब्ध छात्रवृत्ति सङ्ख्याको ६० प्रतिशत खुला र ४० प्रतिशत समावेशी हिसाबले दलित, जनजाति, दुर्गम, अपाङ्ग, जनआन्दोलन, द्वन्द्व पीडितलाई आरक्षण गरिएको छ । सबै प्रकारका छात्रवृत्तिमा ५० प्रतिशत छात्रवृत्ति महिलाको लागि आरक्षण गरिएको छ । शैक्षिक सत्र २०६८/०६९ मा स्नातकतहमा ४ सय ५ जना र स्नातकोत्तरतहमा २७ जनालाई छात्रवृत्ति उपलब्ध गराइएको छ । विश्वविद्यालयले प्रदान गरेको छात्रवृत्ति विवरण निम्नानुसार रहेको छ :

तालिका १३ (ह) : आंगिक र सम्बन्धनप्राप्त महाविद्यालयहरूले उपलब्ध गराएको छात्रवृत्ति विवरण

सङ्काय	स्नातक				स्नातकोत्तर				उपलब्ध गराएको कुल छात्रवृत्ति			
	२०६७/०६८		२०६८/०६९		२०६७/०६८		२०६८/०६९		२०६७/०६८		२०६८/०६९	
	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त	आङ्गिक	सम्बन्धनप्राप्त
विज्ञान तथा प्रविधि	४४	९३	४५	११९	०	१४	२	६	४४	१०७	४७	१२५
व्यवस्थापन	३०	१७२	२९	२००	६	४	६	६	३६	१७६	३५	२०६
मानविकी तथा समाजशास्त्र	४	०	१०	२	६	१	५	२	१०	१	१५	४
जम्मा	७८	२६५	८४	३२१	१२	१९	१३	१४	९०	२८४	९७	३३५
कुल		**३४३**		**४०५**		**३१**		**२७**		**३७४**		**४३२**

स्रोत: पोखरा विश्वविद्यालय ।

कार्यरत र उत्पादित जनशक्ति

१३.५५ पोखरा विश्वविद्यायमा ९ जना पदाधिकारीहरू, आङ्गिक महाविद्यालयहरूतर्फ विभिन्नतहमा स्थायी एवम् करारमा गरी १ सय ३१ जना शिक्षकहरू र विभिन्न तहमा स्थायी एवम् करारमा गरी १ सय १२ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

१३.५६ विश्वविद्यालयले यस आर्थिक वर्षमा विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत ६ सय १९ जना, व्यवस्थापन सङ्कायअन्तर्गत ७ सय २३ जना र मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत ३५ जना गरी कुल १ हजार ३ सय ७७ जना विद्यार्थीहरू उत्पादन गरेको छ । गत वर्ष तीनवटा सङ्कायमा विश्वविद्यालयले कुल १ हजार ४४ जना विद्यार्थीहरू उत्पादन गरेको थियो ।

पूर्वाञ्चल विश्वविद्यालय

१३.५७ उच्च शिक्षामा सबैको पहुँच एवं बहुविश्वविद्यालयको धारणा अनुरूप जनसहभागितामा सञ्चालित यस विश्वविद्यालयले स्थापनाकाल देखि नै २१ औं शताब्दीका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न प्रयत्न गरिरहेको छ । हाल यस विश्वविद्यालयमा विज्ञान तथा प्रविधि, व्यवस्थापन, कला, शिक्षा, कानुन एवंम चिकितसाशास्त्र संकाय एवं व्यवसायिक शैक्षिक कार्यक्रमतर्फ ३ वटा आंगिक र १०० भन्दा बढी सम्बन्धनप्राप्त कलेजहरूमा प्राविधिक २३ हजार ८ सय ५६ जना छात्र छात्राहरूले अध्ययन गर्ने अवसर प्राप्त गरेका छन् । यस विश्वविद्यालयबाट विभिन्न आर्थिक वर्षहरूमा अध्ययनरत एवं उत्तिर्ण विद्यार्थीहरूको विवरण देहायबमोजिम रहेको छ :

तालिका १३ (क्ष): पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत अध्ययनरत र उत्तिर्ण विद्यार्थीहरूको विवरण

क्र.सं.	संकायहरू	२०६४।६५		२०६५।६६		२०६६।६७		२०६७।६८	
		अध्ययनरत	उत्तिर्ण	अध्ययनरत	उत्तिर्ण	अध्ययनरत	उत्तिर्ण	अध्ययनरत	उत्तिर्ण
१	मानविकी	१२२८	१३०	७१९	१५४	५८२	३३९	७२८	१६१
	स्नातक	९२९	९९	५८३	११६	४६३	२४१	४१३	९८
	स्नातकोत्तर	२९९	३१	१३६	३८	११९	९८	३१५	६३
२	शिक्षा	३०१३	२८६	२४६९	७६७	४५०७	१३२२	५९५५	६९६
	स्नातक	२८२५	२७०	३३५४	६८७	४३४४	११६४	५१८४	६१४
	स्नातकोत्तर	१८८	१६	११५	८०	१३६	१५८	७७१	८२
३	कानुन	३७७	३५	३४३	५७	४६६	१११	६९२	४०
	स्नातक	२५२	२१	२१९	४०	२८९	७०	३५१	२२
	स्नातकोत्तर	१२५	१४	१२४	१७	१७७	४१	३४१	१८
४	मेडिकल र अन्य	१६५९	१५७	२२८६	३४२	२५७०	८९१	९९७८	६८२
	स्नातक	१६५७	१५७	२२८६	३४२	२५७०	८९१	४१४३	३०६
	स्नातकोत्तर	-	-	-	-	-	-	५८३५	३७६
५	व्यवस्थापन	४०२६	३४१	४०७८	४५९	४९७९	९१०	६५७९	५३८
	स्नातक	३२६४	३२०	३७१९	३६२	४५३१	७१०	५८३५	३७६
	स्नातकोत्तर	७६२	२१	३५९	९७	४४८	२००	७४४	१६१
६	विज्ञान र प्रविधि	४५७५	३०३	४६४६	४७६	५०५०	८५६	५७५९	७३४

क्र.सं.	संकायहरू	२०६४।६५		२०६५।६६		२०६६।६७		२०६७।६८	
		अध्ययनरत	उत्तिर्ण	अध्ययनरत	उत्तिर्ण	अध्ययनरत	उत्तिर्ण	अध्ययनरत	उत्तिर्ण
	स्नातक	४३९९	२५४	४६१८	४३१	४९४४	७७२	५५४०	७०१
	स्नातकोत्तर	१७६	४९	१८	४५	१०६	७४	२१९	३३
कुल स्नातक		६४०	१३३२८	१४७७९	१९७८	१७१४१	३८४८	२१४६६	२११७
कुल स्नातकोत्तर		१०६	१५५०	७६२	२७७	१०१३	५७१	८२२५	७३३
कुल जम्मा		७४६	१४८७८	१५५४१	२२५५	१८१५४	४४१९	२९६९१	२८५०

स्रोत : पूर्वाञ्चल विश्वविद्यालय ।

१३.५८ छात्रवृत्तितर्फ गरिब, जेहेन्दार, दलित, जनजाति, आदिवासी, महिला, अपाङ्ग, मधेशी लगायतका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरी प्राविधिक एवं व्यवसायिक शिक्षा अध्ययन गर्ने अवसर प्राप्त गरिरहेका छन् ।

समस्या र चुनौतीहरू

१३.५९ पूर्वाञ्चल विश्वविद्यालय जनसहभागितामा सञ्चालित पहिलो विश्वविद्यालय भए तापनि जुन अपेक्षा र विश्वासका साथ स्थापना भए अनुरूप जनसहभागिता हुन नसक्नु, शिक्षासम्बन्धी सरकारी निकाय एवमं विश्वविद्यालय अनुदान आयोगबाट समेत पर्याप्त बजेट प्राप्त नहुनु, बढ्दो विद्यार्थी चापअनुसारको सुधार गर्न नसक्नु, देशको अस्थिर राजनीतिका कारण शिक्षामा राजनीतिकरण बढ्दै जानु, विश्वविद्यालयसँग सरोकार राख्नेहरूले समेत त्यसको अवलम्वन गर्दै जानु, नेपाल सरकारबाट प्राप्त मोरङको गोठगाउँमा अवस्थित ८०५ विगाहा जग्गाको सही सदुपयोग गरी MBBS कार्यक्रम यथाशीघ्र सञ्चालन गर्न नसक्नु जस्ता प्रमुख समस्या एवं चुनौतीहरू रहेका छन् ।

लुम्बिनी बौद्ध विश्वविद्यालय

१३.६० भगवान गौतम बुद्धको नामबाट वि.सं. २०६२ मा स्थापित यस विश्वविद्यालयको केन्द्रीय कार्यालय लुम्बिनीमा रहेको छ । बौद्ध दर्शनको अध्ययन अध्यापनमा केन्द्रीत यस विश्वविद्यालयमा २ जना पदाधिकारी र ४ जना कर्मचारीहरू कार्यरत छन् । यस विश्वविद्यालयमा हाल १७ जना विद्यार्थीहरूले बौद्ध अध्ययनमा विद्यावारिधी गरिरहेका छन् ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

१३.६१ भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठानले विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रूपमा रही चिकित्सक र नर्स उत्पादन गर्ने गरेको छ । हाल यस प्रतिष्ठानमा १ हजार १ सय ९२ विद्यार्थी अध्ययनरत छन् ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)


१३.६२ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले वीर अस्पताललाई केन्द्रविन्दु मानी विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी देशमा दक्ष चिकित्सक र नर्सहरूको उत्पादन गर्न वि.सं. २०५९ मा स्थापना भएको हो । यस प्रतिष्ठानमा हाल २ सय ३ विद्यार्थी, १ सय ४२ शिक्षक र १३ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

१३.६३ पाटन अस्पताललाई आधार मानी विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रूपमा विकास गरी स्वदेशमा नै दक्ष चिकित्सक उत्पादन गरी नेपाली नागरिकहरूको स्वास्थ्य सेवामा समर्पित रहन पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान वि.सं. २०६४ मा स्थापना भएको थियो। हाल यस प्रतिष्ठानमा एम.वि.वि.एस. तहमा ६० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् भने ८५ जना प्राध्यापकहरू कार्यरत रहेका छन्।

स्वास्थ्य क्षेत्र

१३.६४ "स्वास्थ्य जनताको आधारभूत अधिकार"को विश्वव्यापी मान्यतालाई नेपालको अन्तरिम संविधान, २०६३ ले आत्मसात गरेको सन्दर्भमा विना भेदभाव गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई प्रत्याभूत गर्न र गुणस्तरयुक्त



स्वास्थ्य सेवामा आमनागरिकको पहुँच बढाई गरिवी न्यूनीकरण तथा आर्थिक समृद्धिमा योगदान पुऱ्याउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट विगत वर्षदेखि सञ्चालनमा रहेका प्राथमिकताप्राप्त कार्यक्रमहरूलाई निरन्तरता दिदै आएको छ। यस्ता कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा मन्त्रालय र मातहतका निकायहरू अन्तर्गत WHO, UNFPA, UNDP, UNICEF, World Bank, DFID, USAID, AusAID, GIZ, SDC, KfW, Netherlands, Norway, GAVI, global Fund लगायतका दातृ निकायहरूका सहयोगमा विभिन्न कार्यक्रम, आयोजना, परियोजनाहरू सञ्चालित छन्।

१३.६५ नेपालले लिएको सहश्राब्दी विकास लक्ष्य मध्ये बाल तथा मातृ मृत्युदर न्युनीकरणमा उत्साहजनक उपलब्धि हासिल भई सन् १९९६ को बाल मृत्युदर प्रति हजार जीवित जन्म ४३ बाट सन् २०११ मा ९ मा झरेको छ। यसैगरी सन् १९९६ को ५ सय ३९ प्रतिलाख जन्ममा रहेको मातृ मृत्युदर २ सय २९ जना प्रति लाखमा झरेको छ। उपरोक्त उपलब्धिका कारण नेपालले अन्तर्राष्ट्रियस्तरबाट सहश्राब्दी विकास लक्ष्य हासिल गर्ने

क्रममा सहश्राव्दी विकास लक्ष्य ५ को मातृ मृत्युदरमा उल्लेख्य कमि ल्याई अन्तर्राष्ट्रियस्तरबाट समेत सराहनीय कार्य गरी MDG Achievement Award प्राप्त गरेको छ। नेपालले वाल स्वास्थ्यको क्षेत्रमा सहश्राब्दी विकास लक्ष्य ४ को वाल मृत्युदरमा प्रगति उन्मुख भएको कारणबाट "Motivational" अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्नुका साथै सन् २०१२ जुनमा जेनेभामा भएको Global Leaders Council for Reproductive Health को अन्तर्राष्ट्रिय सम्मेलनले नेपालमा प्रजनन स्वास्थ्य क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको भनी Resolve Award बाट समेत सम्मानीत भएको छ।

१३.६६ त्यसैगरी, मुलुकको संविधान, ऐन, नियम, विभिन्न आवधिक योजनालाई आधार मानी नीति, रणनीति, कार्यसञ्चालन निर्देशिका, कार्यविधिलगायत सम्बद्ध वार्षिक योजना तर्जुमा गरी मन्त्रालय र मातहतका निकायमार्फत् कार्यक्रमहरू कार्यन्वयनमा ल्याइएका छन्। यसरी प्रयोगमा ल्याइने नीतिहरूमा नेपालको अन्तरिम संविधान २०६३, स्वास्थ्य नीति २०४८, दोस्रो दीर्घकालीन योजना, सहश्राव्दी विकास लक्ष्य, स्वास्थ्य क्षेत्र सुधार कार्ययोजना, तीन वर्षीय योजना र स्वास्थ्य क्षेत्रमा प्रयोगमा ल्याइएका बिभिन्न ऐन तथा नियमहरूका आधारमा कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

स्वास्थ्य सेवा र सुविधामा विस्तार

१३.६७ विभिन्न आर्थिक वर्षमा स्वास्थ्य सेवातर्फ नेपालभरका सम्पूर्ण अस्पतालहरूबाट विभिन्न सेवा प्राप्त गरी लाभान्वित जनसंख्याको विवरण देहायबमोजिम रहेको छ।

तालिका १३ (त्र): विकास क्षेत्रअनुसार अस्पतालको स्वास्थ्य सेवाबाट लाभान्वित भएका जनसंख्या


(हजारमा)

सि. नं.	देश/विकास क्षेत्रअनुसार	आ.व. २०६६।६७			आ.व. २०६७।६८			आ.व. २०६८।६९		
		भर्ना	बहिरंग	आकस्मिक	भर्ना	बहिरंग	आकस्मिक	भर्ना	बहिरंग	आकस्मिक
	नेपाल/राष्ट्रिय	३८६३८१	३०६६३००	६७७४८०	३९४७७३	३१६९६२४	६९७१४४	२५४३५१	१८४६५०७	४४२५३१
१	पूर्वाञ्चल	९७४१९	६३६६४८	१४८२९८	९००१८	६३०३६३	१४२८६३	८१३८६	४३००२०	११२१७२
२	मध्यमाञ्चल	१३००८८	१०८१७१५	२७०९९६	१२७४८९	१०१५९५३	२५१७७१	८०८४८	६८७०२५	१६६५३१
३	पश्चिमाञ्चल	९०५०४	७६६५३३	१३३०२०	१०२०५४	८६५९५६	१६३५८७	४५३७६	३६०२७७	७९८४८
४	मध्यपश्चिमाञ्चल	३९४३५	३४२३९९	५४८०२	४३४५९	३८९८२२	५६७३३	२६४७९	२१५५७५	३५६४६
५	सूदुर पश्चिमाञ्चल	२८९३५	२३९००५	७०३६४	३१७५३	२६७५३०	८२१५०	२०२६२	१५३६१०	४८३३४


* *प्रथम आठ महिनाको।*

स्रोत: स्वास्थ्य सेवा विभाग।

१३.६८ आर्थिक वर्ष २०६८/६९ को फागुन महिनासम्ममा अस्पताल १ सय ५, स्वास्थ्य चौकी २ हजार १ सय ७५, आयुर्वेद अस्पताल तथा औषधालयहरू २ सय ९३, उप स्वास्थ्य चौकी २ हजार ५ सय ९२, १५ शैयाका ग्रामीण अस्पताल ७ र अन्य २१ गरी जम्मा ४ हजार ३ सय ९३ स्वास्थ्य संस्था रहेका छन भने ८ हजार १३ प्राविधिक तथा अप्राविधिक कर्मचारी, करीव ६३ हजार ३ सय २६ महिला स्वास्थ्य स्वयंसेविका तथा सुडेनी समेत गरी जम्मा ९२ हजार १ सय ५० जनशक्ति स्वास्थ्य सेवामा कार्यरत रहेका छन्। साथै हाल सञ्चालनमा रहेका अस्पतालहरूमा ४ सय ६६ शैया थप भएको छ।



स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय



स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

मञ्जूषा १३(ग) : विकास क्षेत्रअनुसार सबै प्रकारका बहिरंग सेवातर्फका विरामीको संख्यात्मक विवरण

सि. नं.	देश/विकास क्षेत्रअनुसार	आ.व. २०६६।६७	आ.व. २०६७।६८	आ.व. २०६८।६९
	नेपाल/राष्ट्रिय	२०,८९४,११८ *	१९,७०८,८०० **	१३,२३७,२२५ #
१	पूर्वाञ्चल	४,८८५,९४८	४,६४०,००३	२,९९१,१०८
२	मध्यमाञ्चल	५,६७५,६२३	५,७७४,६१७	३,९५३,२८१
३	पश्चिमाञ्चल	४,६८५,३३९	३,९८१,६७८	२,९७६,०००
४	मध्यपश्चिमाञ्चल	३,४०९,७५१	३,२७०,१०८	२,००८,९१५
५	सूदुर पश्चिमाञ्चल	२,२३७,४५७	२,०४२,३९४	१,३०७,९२१

* *प्रथम आठ महिनाको*

स्रोत: स्वास्थ्य सेवा विभाग

१३.६९ स्वास्थ्य सेवामा सञ्चालित मुख्य मुख्य कार्यक्रमहरू र तिनको प्रगति बिबरण देहायबमोजिम रहेको छ :

विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम

१३.७० बाल मृत्युदरलाई कम गर्ने लक्ष्यसहित सञ्चालित विस्तारित खोप तथा पोलियो खोप कार्यक्रममा आर्थिक वर्ष ०६७/०६८ मा १ वर्षमुनिका ९७.२ प्रतिशत बालबालिकाहरूलाई वि.सि.जि. भ्याक्सिन, ९५.७ प्रतिशतलाई डि.पि.टि., हेपाटाईटिस बि (तेस्रो मात्रा), ९४.९ प्रतिशतलाई पोलियो (तेस्रो मात्रा) र ८७.६ प्रतिशतलाई दादुरा विरुद्धको खोप प्रदान गरिएको थियो । त्यसै गरी ३७.५ प्रतिशत महिलालाई टिटानस खोप दिनुका साथै देशका ७५ वटै जिल्लामा राष्ट्रिय पोलियो खोप अभियान सञ्चालन गरिएको थियो । देशका विभिन्न ४ जिल्लामा जापानिज इन्सेफ्लाइटिस विरुद्ध खोप कार्यक्रम समेत सञ्चालन गरिएबाट एक वर्ष मुनिका करिब ३ लाख ६० हजार बालबालिका र ३ लाख ३० हजार भन्दा बढी गर्भवती महिला सुरक्षित भएका थिए । यस आर्थिक वर्ष २०६८/६९ मा समेत उल्लेखित कार्यक्रमहरू सञ्चालन भइरहेका छन ।

१३.७१ त्यसैगरी पोषण कार्यक्रम अन्तर्गत आ. व. २०६७/६८ मा २ जिल्लामा स्कुल स्वास्थ्य तथा Nutrition Project Piloting कार्य गर्नुका साथै ७१.९ प्रतिशतलाई रक्त अल्पताको उपचार गरिएको थियो । झाडापखाला तथा एकीकृत बालरोग कार्यक्रम आ. व. ०६७/०६८ मा ७५ वटै जिल्लामा सञ्चालन भएको थियो । त्यसैगरि ३ लाख १० हजार २ सय ६९ जना झाडापखालाका रोगीहरू दर्ता भएकामा २ लाख ७३ हजार ४ सय २८ जनालाई जिंक र जीवनजल तथा ३ हजार ४ सय २ लाई स्लाइनबाट उपचार गरिएको थियो । सोहि कार्यक्रममा श्वास प्रश्वास रोगको उपचारको लागि ८२.८ प्रति हजार बालबालिकाको रिपोर्टिङ् भई ९९.५ प्रतिशत जनाको घरैमा, कोट्रिम दिएर तथा एन्टीबायोटिकबाट उपचार गरिएको थियो । सम्पूर्ण पोषण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६८/६९ मा पनि अभियानको रूपमा कार्यक्रमहरू नियमित सञ्चालन हुनुले आठ महिनासम्मको प्रगति उत्साहजनक देखिएको छ । यस कार्यक्रम अन्तर्गत तोकिएको लक्ष्य बमोजिम ७१.५ प्रतिशतलाई वि.सि.जि. भ्याक्सिन प्रदान एवं ९७.८ प्रतिशतलाई जिंक र जीवनजलबाट उपचार गरिएको छ ।

तालिका १३(ज्ञ): विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रमको प्रगति विवरण

सि.नं.	सुचकांक	आ.व. २०६७६८		आ.व. २०६८६९*	
		प्रगति	प्रतिशत	प्रगति	प्रतिशत
१	वि.सि.जि. भ्याक्सिन	६३७९६९	९७.२	४७१३३५	७१.५
२	डि.पि.टि.,हेपाटाईटिस बि (तेस्रोमात्रा)	६२७९९८	९५.७	४३०२४४	६५.३
३	पोलियो (तेस्रो मात्रा)	६२३३५९	९४.९	४३२६५४	६५.५
४	दादुरा विरुद्ध खोप	५७५१५८	८७.६	४१८१३९	६२.३
५	टिटानस खोप	३१०२८५	३७.५	२०३१४३	२६.४
६	रक्त अल्पताको उपचार	६९७१०२	७१.९	४३१८६०	३०.१
७	झाडापखालाका रोगीहरू दर्ता	३१०२६९		२११५६७	
८	जिंक र जीवनजलबाट उपचार	२७३४४८	८८.१	१८०५३३	९७.८
९	श्वास प्रश्वास रोगको उपचार	७६३०२३	८२.८	३२९४७५	४१.७

* *फाल्गुन मसान्तसम्मको विवरण ।*

स्रोत: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

परिवार नियोजन, सुरक्षित मातृत्व एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम

१३.७२ प्रजननदरलाई प्रतिस्थापन तह र मातृमृत्युलाई १ सय ३४ प्रति लाख जीवित जन्ममा ल्याउने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिरहेको प्रजनन स्वास्थ्य कार्यक्रमबाट गत आ.व. २०६७६८ मा परिवार नियोजनतर्फ ६ लाख ४२ हजार ५ सय ३३ जनालाई नयाँ अस्थायी साधन तथा ६२ हजार ६ सय जनालाई स्थायी बन्ध्याकरण सेवा उपलब्ध गराई जम्मा परिवार नियोजन प्रयोगकर्ताको संख्या ४३.७ प्रतिशत पुगेको थियो । त्यस्तै, सुरक्षित मातृत्व कार्यक्रम अन्तरगत ४८.४ प्रतिशतलाई चौथोपटक पूर्व प्रसूति सेवा प्रदान गरिएको थियो भने ४२.७५ प्रतिशतलाई तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा उपलब्ध गराएको मध्ये ३३.२५ प्रतिशतलाई स्वास्थ्य संस्थामा सुरक्षीत प्रसूति सेवा प्रदान गरिएको थियो । विकट भौगोलिक जिल्लाका ५५ जना जटिलतायुक्त गर्भवती/सुत्केरी महिलालाई प्रेषण सेवा उपलब्ध गराइएको र आमा सुरक्षा कार्यक्रमबाट ९७ प्रतिशतले निःशुल्क प्रसूति सेवा एवं यातायात खर्च समेत प्राप्त गरेका थिए । त्यस्तै, ५०.५ प्रतिशतले प्रसूति पछिको सेवा पनि लिएका थिए । त्यस्तै, विभिन्न २० जिल्लामा २४ घण्टा अत्यावश्यक प्रसूति सेवा (CEOC) सञ्चालन गरी सुत्केरी महिलालाई सेवा प्रदान गरिएको थियो । यसै गरी प्रसूति सेवा सञ्चालनको लागि ८ सय जना अ.न.मी. र २५ जना स्टाफ नर्स करारमा लिई सेवा प्रदान गरिएको थियो । साथै, पाँचवटै विकास क्षेत्रमा शिविर सञ्चालन एवं अस्पतालहरूबाट नियमित सेवा प्रदान गरी पाठेघर खस्ने रोगकालागि २५ हजार ३ सय ७४ जनाको स्क्रीनिङ्ग गरी १२ हजार २ सय ४३ जनाको अपरेशन समेत गरिएको थियो । चालु आर्थिक वर्ष २०६८/६९ को प्रथम ८ महिनामा पाठेघर खस्ने रोगको लागि १३ हजार ४ सय ७० जनाको स्क्रीनिङ्ग गरी ४ हजार २ सय ७२ जनाको अपरेशन गरिएको छ । त्यस्तै, महिला स्वास्थ्य स्वयंसेविकाको कार्यको प्रोत्साहनस्वरूप महिला स्वास्थ्य स्वयंसेविका कोषमा रू. १० हजार थप गरी जम्मा रकम ७० हजार पुऱ्याइएको छ र प्रत्येक महिला स्वास्थ्य स्वयंसेवीलाई एकमुष्ट रू. ४ हजार भत्ता दिइएको छ । उल्लिखित कार्यक्रमको प्रगति देहायबमोजिम रहेको छ ।

तालिका १३ (ज्ञक): प्रजनन् स्वास्थ्य कार्यक्रमको प्रगति विवरण

सि. नं.	सुचकांक	आ.व. २०६७६८		आ.व. २०६८।६९*	
		प्रगति	प्रतिशत	प्रगति	प्रतिशत
१	परिवार नियोजनको नयाँ प्रयोगकर्ता (अस्थायी साधन)	६४२५३३		४२७०७६	
२	परिवार नियोजनको नयाँ प्रयोगकर्ता (स्थायी बन्धयाकरण)	६२६००		३९२५४	
३	जम्मा परिवार नियोजनको प्रयोगकर्ता	२४२५१९	४३.७	४६६३३०	३९.५
४	चौथोपटक पूर्व प्रसूति सेवा लिएका संख्या	३७०५६३	४८.४	२६०२२९	३३.९
५	तालिम प्राप्त प्रसूति कर्मीबाट प्रसूति सेवा	३२६५६३	४२.७५	१९००२८	२४.७
६	स्वास्थ्य संस्थामा सुरक्षीत प्रसूति सेवा	२५४३२१	३३.२५	१९४२२०	२५.२
७	दूर्गमका प्रसूति सेवालाइ प्रेषण सेवा जना	५५		२७	
८	आमा सुरक्षा कार्यक्रमबाट निःशुल्क प्रसूति	२४५४३९	९७	१७४७९८	९१.७

सि. नं.	सुचकांक	आ.व. २०६७६८		आ.व. २०६८।६९*	
		प्रगति	प्रतिशत	प्रगति	प्रतिशत
	सेवा लिएका				
९	प्रसूति पछिको सेवा	३८७२०१	५०.५	२७९२०९	३६.३
१०	चौबिस घण्टे अत्यावश्यक प्रसूति सेवा (जिल्ला)	२४		२६	
११	पाठेघर खस्ने रोगकोलागि स्क्रीनिङ्ग (जना)	२५३७४		१८७५०	
१२	पाठेघर खस्ने रोगको अपरेशन (जना)	१२२४३		५२३४	

** आर्थिक वर्ष २०६८/६९ फाल्गुन मसान्तसम्मको विवरण ।*

स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

क्षयरोग कार्यक्रम

१३.७३ आ.व. २०६७/६८ मा सञ्चालित कार्यक्रमबाट सम्भाव्य क्षयरोगीहरूको रक्त परीक्षण गरी DOTs प्रविधिबाट निःशुल्क औषधिउपचार, रोगथामका लागि विभिन्न माध्यमद्वारा सन्देशमुलक र चेतनामूलक सामाग्रीहरू प्रशारण तथा स्वास्थ्यकर्मीलाई तालिम प्रदान गर्ने जस्ता कार्यक्रमलाई आ.व. २०६८/६९ मा पनि निरन्तरता दिइएको छ । उपरोक्त सेवाले गर्दा १५ हजार ५ सय ६९ जना नयाँ क्षयरोगी दर्ता भई ९० प्रतिशतको सफल उपचार भएको छ ।

इपिडिमियोलोजी, औलो तथा कालाजार नियन्त्रण, प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम

१३.७४ आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रम अन्तर्गत महामारी, सरुवा रोग, परजीवीबाट लाग्ने औलो तथा कालाजार रोग नियन्त्रण र प्राकृतिक प्रकोपबाट उत्पन्न हुने विभिन्न खालका रोगहरूको व्यवस्थापनलगायतका कार्यहरूलाई निरन्तरता दिदैं सरुवा रोगहरूको सर्भिलेन्स, हात्तीपाइले, औलो, कालाजार नियन्त्रणका लागि किटनाशक औषधि छर्ने कार्य, झुल वितरण, रेविज रोग नियन्त्रण र सर्पदंश पिडित मध्ये ६५ हजारलाई ARV औषधि बितरण गरी आवश्यक खोप सेवा प्रदान गर्ने जस्ता सेवाहरू उपलव्ध गराइएको थियो । त्यसै गरी डेंगु भाइरसको नीदानको लागि विशेष कार्यक्रम सञ्चालन गरिएको थियो भने वर्डफ्लुबाट हुने मानव संक्रमण हुने रोगको रोकथामको लागि विषेश कार्यक्रम सञ्चालन गरिएको थियो । त्यस्तै, ६ सय ३३ जना कालाजारको रोगी दर्ता भएकामा ५ सय १ जनाको सफल उपचार भएको छ भने १ लाख ६० हजार ८ सय ६८ जना मलेरियाको स्लाइड कलेक्सन गरिएकोमा १ लाख ३५ हजार ३ सय ६३ को जाँच गरी पोजेटिभ देखिएका ३ हजार २ सय ३९ जना मध्ये २ हजार ९ सय ७७ को उपचार भएको थियो । त्यसै, आर्थिक वर्ष २०६८।६९ मा ६५ लाख मानिसलाई हात्तिपाइले रोग नियन्त्रण र रोकथामको लागि औषधि खुवाइएको छ ।

राष्ट्रिय जनसङ्ख्या कार्यक्रम

१३.७५ आर्थिक वर्ष २०६७/६८ मा ५० जिल्लामा जनसंख्या व्यवस्थापन कार्यक्रम, जिल्ला जनसंख्या सूचना केन्द्र स्थापना, विद्यालयहरूमा किशोर किशोरी लक्षीत साथी शिक्षा

कार्यक्रम, युवा तथा किशोर किशोरी सूचना तथा परामर्श सहयोग जस्ता कार्यक्रमहरू सञ्चालन एवं किशोर किशोरीको सर्भेक्षण गरिएको थियो । नेपाल जनसंख्या प्रतिवेदन अंग्रेजी र नेपालीमा अध्यावधिक गर्नुका साथै राष्ट्रिय जनसंख्या समितिको सचिवालय समेत सञ्चालन गरिएको थियो । साथै, नेपाल जनसंख्यासम्बन्धी दीर्घकालिन योजना (Population Perspective Plan) प्रकाशन गरी सो अनुरूप कार्यक्रम निर्धारण गरिएको थियो । साथै, त्यसैगरी आ.व. २०६८/६९ को फागुनसम्ममा थप २५ जिल्लामा जनसंख्या व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएका छन् भने नेपाल जनसांख्यिक स्वास्थ्य सर्भेक्षण २०११ (Nepal Demographic Health Survey 2011) सम्पन्न गरिएको छ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम

१३.७६ जनस्वास्थ्य सेवा, वातावरणीय स्वास्थ्य, प्रजनन स्वास्थ्य, वाल स्वास्थ्य तथा खोप सेवा, धुम्रपानको असर, सर्ने तथा नसर्ने रोगहरू, रोग सर्नाका कारण, रोकथामका उपायहरू बारेमा सूचनामुलक तथा सन्देशात्मक सामाग्री एवं आम सञ्चारका माध्यमहरूबाट सूचना प्रवाह गर्नेलगायतका कार्यक्रमहरूलाई आर्थिक वर्ष २०६७/६८ मा सञ्चालन गरी ती कार्यक्रमहरूलाई आर्थिक वर्ष २०६८/६९ मा समेत निरन्तरता दिइएको छ । गत वर्षमा ६० पटक टिभी कार्यक्रम जीवनचक्र प्रशारण र हाम्रो स्वास्थ्य विषयमा टिभी कार्यक्रम उत्पादन गरी ६० पटक प्रसारण गरिएको थियो । त्यस्तै, श्रव्य/दृश्य माध्यमबाट स्वास्थ्यसम्बन्धी विज्ञापन, सूचना, विज्ञप्ति, सन्देश १५ हजार ३ सय ६० पटक प्रशारण गरिएको थियो । त्यस्तै, आमा सुरक्षा कार्यक्रमको श्रव्य/दृश्य/छापा माध्यमबाट ५ सय ८५ पटक विज्ञापन प्रशारण तथा प्रवर्द्धन गरिएको थियो । साथै, महामारी रोकथाम तथा नियन्त्रणको लागि बिभिन्न सञ्चार माध्यमबाट स्वास्थ्य सञ्चार कार्यक्रम सञ्चालन र "आमा" कार्यक्रमको पुनः प्रशारण र ११ लाख २० हजार प्रति स्वास्थ्य शिक्षा सामाग्री उत्पादन वितरण गरिएको थियो । ५ सयपटक सामुदायिक स्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन तथा २ हजार ५० जना विद्यालयका शिक्षकहरूलाई स्वास्थ्यसम्बन्धी विषयमा अभिमुखीकरण तालिम प्रदान गरिएको थियो ।

सामाजिक सुरक्षा कार्यक्रम

१३.७७ "सवैलाई निःशुल्क स्वास्थ्य" भन्ने अवधारणा अनुरूप उपस्वास्थ्य चौकिहरूबाट २५, स्वास्थ्य चौकिहरूबाट ३५, प्राथमिक स्वास्थ्य केन्द्र एवं जिल्ला अस्पतालबाट ४० प्रकारका औषधिहरू निःशुल्क वितरण गर्नुका साथै २५ शैयासम्मका जिल्ला अस्पतालसरहका स्वास्थ्य संस्थाहरूबाट निशुल्क उपचार सेवा, सवै सरकारी स्वास्थ्य संस्थाबाट निःशुल्क प्रसूति सेवा, १५ मुनिका वालवालिका तथा ७५ वर्ष माथिका जेष्ठ (लोपोन्मुख जाति) नागरिकलाई मुटुरोगबाट बचाउन निशुल्क मुटु तथा मृगौला रोगको उपचार गर्ने लक्ष्य अनुरूप सेवा दिदैं आएको छ । आर्थिक वर्ष २०६७/६८ मा अस्पतालमा आउने वालावालिका, बृद्ध, लोपोन्मुख जाति, महिला स्वास्थ्य स्वयंसेविकासहित करिव १८ लाख ७ हजार ३ सय ८ व्यक्तिले निःशुल्क उपचारको सेवा लिएका थिए । साथै, ४ लाख ६७ हजार ६ सय २२ जना अतिगरिव तथा गरिवहरू, ४२ हजार ३७४ जना अपाङ्ग र ९५ हजार ३ सय ६८ जना बृद्धहरूले २६ हजार ९२ पटक महिला स्वास्थ्य स्वयं

सेविकाहरूबाट अत्यावश्यक निशुल्क स्वास्थ्य सेवा लिएका थिए । त्यस्तै, १५ वर्ष मुनिका ५ सय ९५ जना र ७५ वर्ष माथिका जेष्ठ नागरिक ७५ जनाको निशुल्क मुटुरोगको शल्यक्रिया सहितको उपचार गरिएको थियो । त्यस्तै, यस आर्थिक वर्ष २०६८/६९ मा समेत गत आर्थिक वर्षको कार्यक्रमहरूलाई निरन्तरता दिदै नेपाल नेत्रज्योती संघमार्फत् ६ हजार जनाको मोतिविन्दुको शल्यक्रिया सम्पन्न गरिनुका साथै आँखा उपचार केन्द्र नभएको १० वटा जिल्लामा आँखा उपचार केन्द्र स्थापना र ५० वर्ष माथिका १ लाख ५० हजार जनालाई निःशुल्क चस्मा वितरण गर्ने कार्य अगाडि बढाइएको छ । यस आर्थिक वर्षको प्रथम आठ महिनाको अवधिमा सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण समेत सन्तोषजनक रहेको छ ।

तालिका १३ (झख): सामाजिक सुरक्षा कार्यक्रमको प्रगति विवरण

सि.नं.	सुचकांक	आ.व. २०६७६८	आ.व. २०६८।६९*
१	वितरण गरीएका औषधिका प्रकार	२५	२५
२	स्वास्थ्य चौकि (प्रकार)	३५	३५
३	प्राथमिक स्वास्थ्य केन्द्र (प्रकार)	४२	४२
४	अस्पतालबाट वालावालिका, बृद्ध, लोपोन्मुख जाति, महिला स्वास्थ्य स्वयंसेविकालाइ निःशुल्क उपचार	१८०७३०८	१२०४८७२
५	अतिगरीब तथा गरीबहरूको निःशुल्क उपचार	४६७६२२	३११७४८
६	अपाङ्गहरको निःशुल्क उपचार	४२३७४	२८२४९
७	बृद्ध बृद्धाहरूको निःशुल्क उपचार	९५३६८	६३५७९
८	१५ वर्ष मुनिका बालकालिकाहरूको निशुल्क मुटुरोगको शल्यक्रिया सहितको उपचार	५९५	३९७
९	७५ वर्ष माथिका जेष्ठ नागरिकको निशुल्क मुटुरोगको शल्यक्रिया सहितको उपचार	७५	६३
१०	आँखा उपचार केन्द्र स्थापना जिल्ला	१०	८
११	५० वर्ष माथिका नागरिकलाई निःशुल्क चस्मा वितरण	१५००००	१५००००

* *फाल्गुन मसान्तसम्मको विवरण ।*

स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

१३.७८ एच.आइ.भी./एड्स तथा यौनजन्य संक्रमित रोग विरुद्ध चेतना फैलाउन विभिन्न (छापा र विद्युतीय माध्यम) सञ्चार माध्यमको प्रयोग, स्वास्थ्यकर्मीहरूलाई सम्बन्धित विषयमा तालिम प्रदान, एच.आइ.भी संक्रमित आमाबाट वच्चामा एच.आइ.भी भाइरस नसरोस् भन्नाका लागि निगरानी र एच.आइ.भी. संक्रमित भएकाहरूलाई एन्टीब्याक्टोभाइरल उपचार गराइएको थियो । त्यस्तै, निशुल्क औषधिको उपलब्धता, ३ स्थानमा समुदायमा आधारित CB PMTCT सेवा विस्तार, ४ हजार २ सय पटक ARV औषधि सेवन गरिरहेका संक्रमित तथा PMTCT कार्यक्रममा आवद्ध गर्भवती महिला र ARV मा रहेका १५ वर्ष मुनिका वालवालिकाहरूलाई पौष्टीक आहार वितरण गरिएको थियो । साथै, ९९

पटक विभिन्न तहका स्वास्थ्यकर्मीहरूलाई विभिन्न प्रकारका स्वास्थ्यसम्बन्धी अभिमुखीकरण तथा तालिम प्रदान, १ सय १३ वटा ARV Center बाट औषधि बितरण र जिल्ला जनस्वास्थ्य कार्यालयमा DACC गठन गरी HIV/AIDs नियन्त्रणसम्बन्धी बिभिन्न कार्यक्रमहरू सञ्चालन जस्ता कार्यक्रमहरूलाई विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिइएको छ। साथै, यस वर्ष पुरुष समलिंगि, यौन व्यवसायी, सुइद्वारा लागु पदार्थ लिनेहरू, माइग्रेन्टसहरू तथा कैदी बन्दीहरूको लागि गैर सरकारी संस्थासँग सेवा करारमा लिइ सघन उपचार कार्यक्रम पनि सञ्चालन गरिएको छ।

जनशक्ति विकास, अध्ययन तथा अनुसन्धान

१३.७९ आर्थिक वर्ष २०६७/६८ मा आकस्मिक सेवा, सुरक्षित प्रसूति सेवा, गर्भपतन सेवा, परिवार नियोजन सेवा, स्तरोन्नति तालिम तथा पुनर्ताजगी तालिम समेत गरी जम्मा ५ हजार २ सय ४३ जना स्वास्थ्यकर्मी र ५ हजार जना महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई आधारभूत तालिम प्रदान गरिएको थियो। त्यसैगरी, २ स्थानमा सुरक्षित प्रसूति सेवा तालिमको पूर्वाधार विकास र २ स्थानमा सुरक्षित गर्भपतन सेवाको तालिम केन्द्र विस्तार गरिएको थियो। निःशुल्क स्वास्थ्य कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, डेंगुरोग, वर्ड फ्लु, सरुवारोग, परम्परागत औषधि, बीमा कार्यक्रम, नसर्ने रोगहरूको वारेमा अनुसन्धान गर्ने कार्य पनि सञ्चालन भएका छन्

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला कार्यक्रम

१३.८० आर्थिक वर्ष २०६७/६८ मा १५ वटा जिल्ला/अञ्चल अस्पतालहरूमा ब्याक्टोरोलोजी प्रयोगशाला सेवाको लागि औजार उपकरण खरिद, १ सय जना प्याथालोजी सेवाका कर्मचारीलाई प्रयोगशालासम्बन्धी तालिम प्रदान र पाँचवटा जिल्लामा रक्त सञ्चार सेवा सञ्चालन गरिएको थियो। आर्थिक वर्ष २०६८/६९ को फाल्गुन महिनासम्ममा प्रयोगशालाको सवै शाखाहरूमा ल्यावरोटोरीको निर्माण तथा सञ्चालन, ३५ स्थानमा सरकारी स्वास्थ्य संस्थाहरूको प्रयोगशालाको निरीक्षण तथा अनुगमनका साथै निजी मेडिकल सेन्टरहरूको निरीक्षण र ३० जना स्वास्थ्य संस्थामा कार्यरत प्याथालोजी सेवाका कर्मचारीहरूलाई गुणस्तरसम्बन्धी तालिम प्रदान गरिएकोछ।

आयुर्वेदिक स्वास्थ्य सेवा

१३.८१ आ.ब. २०६७/६८ मा आयुर्वेदिक, यूनानी र होमियोप्याथी विधिद्वारा उपचार एवं परामर्श गर्ने कार्यक्रमलाई गत वर्ष सरह निरन्तरता दिदैं आयुर्वेद क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन एवं क्षमता विकास गर्ने उद्देश्यले किर्तिपुरमा राष्ट्रिय आयुर्वेद तालिम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने कार्य प्रारम्भ भएको थियो। यस आर्थिक वर्ष पनि सिंहदरबार वैद्यखाना, आयुर्वेद चिकित्सालय, नरदेवीबाट जडीबूटी संकलन, उत्पादन तथा औषधि निर्माण (काष्ठादी, रसादी, तैलादी) हुँदै आएको छ भने आयुर्वेद विभागबाट आयुर्वेद संस्थाहरूको निर्माण एवं आयुर्वेद संस्थाहरूलाई आवश्यक पर्ने औषधि, उपकरणहरूको नियमितरूपमा लक्ष्यअनुसार आपूर्ति गरिएको छ। देशभर रहेका २ सय

९१ आयुर्वेद स्वास्थ्य संस्थाहरूका १ हजार ५ सय २४ कर्मचारीमार्फत् ६८ हजार ३ सय ६७ वच्चाहरूसहित जम्मा ९ लाख २९ हजार ६ सय जना सेवाग्राहीहरूले सेवा लिएका छन् । आयुर्वेद आचार संहिता तयार गरिनुका साथै ६ वटा आयुर्वेद स्वास्थ्य शिविर समेत सम्पन्न गरिएको छ । ७५ जिल्लाका जेष्ठ नागरिकलाई निःशुल्क आयुर्वेदिक स्वास्थ्य सेवा प्रदान गरिसकिएको छ भने केन्द्रीयस्तरमा होमियोप्याथी र यूनानी विधिद्वारा स्वास्थ्य सेवा प्रदान भइरहेको छ । कर्मचारीहरूलाई विभिन्न तालिम तथा अभिमुखिकरणका साथै स्थानीय तहमा आयुर्वेदिक सेवाको महत्व बुझाउन आमा समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई अभिमुखीकरण तालिम पनि प्रदान गरिएको थियो । त्यस्तै, आर्थिक वर्ष २०६८/६९ मा १ सय ४५ जनालाई आयुर्वेद तथा आधुनिक चिकित्सासम्बन्धी विभिन्न प्रकारका अभिमुखीकरण तथा तालिम, कविराजहरूलाई पञ्चकर्म/योगासम्बन्धी तालिम प्रदान गरिनुका साथै परम्परागत स्वास्थ्यकर्मी, धामी, झाँक्री, लामा, आम्चीसँग आयुर्वेद सेवा वारेमा छलफल गरिएको, ७५ जिल्लामा जिल्लास्तरबाट १/१ पटक निःशुल्क आयुर्वेद शिविर सञ्चालन, जिल्लामा नमूना जडिवुटि उद्यान सञ्चालन, १ पटक समुदायमा देखिने ढाड खुस्कने एवं गुदाजन्य रोगको लागि कटिस्नान, बस्ती तथा योगसम्बन्धी विशेषज्ञ शिविर सञ्चालन गरिएको का साथै ४५ जिल्लामा जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य संरक्षण, प्रवर्द्धनात्मक पञ्चकर्म/रसायन/योगसम्बन्धी तालिम समेत प्रदान गरिएको छ ।

त्रिभुवन विश्वविद्यालय तर्फको स्वास्थ्य सेवाको विवरण

१३.८२ त्रि.वि.ले चिकित्साशास्त्र क्षेत्रमा अध्ययनअध्यापन अनुसन्धान अन्वेषणका साथै स्वास्थ्य सेवा प्रदान गर्न चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत त्रि.वि. शिक्षण अस्पताल, वि.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र (आंखा अस्पताल), मनमोहन कार्डीयोथोरासीक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर, त्रि.वि. आयुर्वेद शिक्षण अस्पतालद्वारा अत्यन्त समसामयिक विश्वमा भएका द्रुततर वैज्ञानिक प्रविधि विकासका उपकरण मेशिन तथा सूचना सञ्चारको उपयोगसहित देश भित्रै जटिल एवं भयावह क्षेत्रका विरामीहरूलाई उपचार पुऱ्याउनका साथै काठमाडौं उपत्यकाका दक्षिण, पश्चिम भेगका सम्पूर्ण जनता एवं विश्वविद्यालयका विद्यार्थी, शिक्षक, कर्मचारीलगायत अन्यलाई त्रि.वि. केन्द्रीय व्यवस्थापन अन्तर्गतको, त्रि.वि. हेल्थ सेन्टर कीर्तिपुरबाट चिकित्सा उपचार सेवा प्रदान गरिएको छ । त्यस्तै, विदेशी पाहुना विरामीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ । चालु आर्थिक वर्ष २०६८/६९ मा पनि उक्त चिकित्सा उपचार सेवा चालु छ । उल्लेखित स्वास्थ्य संस्थाहरूबाट पुऱ्याइएको उपचार सेवाको विस्तृत विवरण तालिका १३.७ मा प्रस्तुत छ ।

स्वास्थ्य सम्बन्धित कार्यक्रम सञ्चालनबाट स्वास्थ क्षेत्रमा परेको प्रभाव विश्लेषण

१३.८३ परिवार नियोजन, सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण जस्ता कार्यक्रमहरूको सकारात्मक प्रभावले गर्दा आम जनताको औषत आयुमा बृद्धि, जन्मदरमा क्रमिक सुधार, मातृ तथा बाल मृत्युदरमा कमि आई कार्यशक्तिमा बृद्धि हुनुका साथै पारिवारिक खर्चमा कमि आएकोले ग्राहस्थ उत्पादनमा बृद्धि हुन गई अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न जाने

कुरामा विश्वस्त हुन सकिन्छ । त्यसैगरी, स्वस्थ जनशक्ति नै अर्थतन्त्रको मूल आधार हो भन्ने मान्यतालाई आत्मसाथ गर्नु पर्दा हाल स्वास्थ्य क्षेत्रमार्फत् गरिदै आएको परिवार स्वास्थ्य, बाल स्वास्थ्यलगायत अन्य अत्यावश्यक स्वास्थ्य सेवाको नियमित प्रवाहले निश्चय नै देशको आर्थिक विकासमा प्रत्यक्ष अप्रत्यक्ष योगदान पुऱ्याएको छ । गुणस्तरीय स्वास्थ्य जनशक्तिको उत्पादनका लागि उनीहरूको क्षमता विकासका बिभिन्न कार्यक्रम एवं भौतिक पुर्वाधारको विकासले गर्दा भविश्यमा समेत देशको अर्थतन्त्रको सुदृढिकरणमा सकारात्मक प्रभाव पार्ने कुरामा बिश्वास गर्न सकिन्छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बाल स्वास्थ्य, अपाङ्ग, जेष्ठ नागरिक, सिमान्तकृत र दुर्गम क्षेत्रमा पुऱ्याएको स्वास्थ्य सेवाको प्रवाह र सचेतना कार्यक्रमले गर्दा आमनागरिकको व्यक्तिगत खर्च कम हुदै गएको खण्डमा गरिबी न्यूनीकरण भई अर्थतन्त्रको सुदृढीकरण गर्नमा राम्रो सहयोग पुऱ्याउने देखिन्छ । साथै, स्वास्थ्य क्षेत्रमा चालिएका नीतिगत एवं संस्थागत व्यवस्थाले समेत स्वास्थ्य क्षेत्रमा सकारात्मक उपलब्धिहरू हासिल भएकाछन् ।

स्वास्थ्य क्षेत्रमा देखिएका समस्या तथा चुनौतीहरू

१३.८४ शहरी, ग्रामीण एवं दुर्गम क्षेत्रबीच स्वास्थ्य सेवामा विभेद हुनु, नवजात शिशुको स्वास्थ्य सुधार गर्ने कार्य खर्चिलो एवं चुनौती पूर्ण हुनु, विभिन्न रोगहरूको प्रकोप बृद्धिसँगै आम नागरिकहरूले स्वास्थ्य सेवाको पहुँचमा कमी, ग्रामीण क्षेत्रमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरूको सेवाको सुनिश्चित उपलब्धता नहुनु, संक्रमणजन्य रोगको तुलनामा असंक्रमणजन्य रोगहरूको बृद्धिका कारण स्रोतको अभाव हुनु जस्ता स्वास्थ्य क्षेत्रका मुख्य समस्या र चुनौती रहेका छन् ।

१३.८५ जनस्वास्थ्यसम्बन्धी शिक्षा, स्वास्थ्यक्षेत्रमा भौतिक पूर्वाधार, गुणस्तरीय औषधि, औजार उपकरण र जनशक्तिको उपयुक्त व्यवस्थापनको अभावका साथै एकीकृत अनुगमन तथा सुपरिवेक्षण नहुनु समेत समस्याका रूपमा रहेका छन् । जनसंख्यासम्बन्धी कार्यक्रमहरू कार्यान्वयनमा क्षेत्रगत निकायहरूबीच समन्वयको कमी एवं अव्यवस्थित बसाइँसराइ, बहुक्षेत्रीय समन्वयको अभावका कारण सरसफाइ, वातावरण, स्वास्थ्य शिक्षा तथा खाद्यान्न एवं पोषणको क्षेत्रमा लगानीको एकरूपता नहुनु, आयुर्वेद र अन्य वैकल्पिक स्वास्थ्य सेवाको एकीकृत विकास एवं विस्तार गरी सर्वसुलभ बनाउन नसक्नु जस्ता समस्या पनि रहेका छन् ।

नेपाल मेडिकल काउन्सिल

१३.८६ नेपाल मेडिकल काउन्सिल स्वास्थ्य क्षेत्रको एक स्वायत्त संस्था हो । यसले स्वदेश तथा विदेशबाट चिकित्साशास्त्रमा डिग्री/डिप्लोमा गरेका चिकित्सकहरूको दर्ता गर्ने, मुलुकभित्र खोलिने नयाँ मेडिकल/डेण्टल कलेजहरूको स्तर हेरी सञ्चालनको मान्यता दिने र विद्यार्थी भर्नाको स्वीकृति, न्यूनतम योग्यता निर्धारण गर्ने जस्ता कार्यहरू गर्ने गर्दछ । साथै, काउन्सिलले ऐन नियम विपरित कार्य गर्ने चिकित्सक तथा मेडिकल/डेण्टल कलेजहरूलाई कारवाही गर्नुका साथै गैरकानुनी तरिकाले चिकित्सा व्यवसाय सञ्चालन गर्ने कार्यलाई पनि रोक्ने कार्य गर्दछ । त्यसैगरी, नियमितरूपमा दर्ता प्रमाणपत्र परीक्षा (Licensing Exam) सञ्चालन, विभिन्न खालका स्वास्थ्य तथा चिकित्सा व्यवसायसँग

सम्बन्धित उजुरीहरूमाथि छानवीन र विदेशी चिकित्सकहरूको योग्यता हेरी अस्थायी दर्ता गर्ने लगायतका कार्यहरू गर्दै आएको छ ।

दर्ताको प्रकार र प्रक्रिया

परीक्षण दर्ता	अस्थायी दर्ता	स्थायी दर्ता	विशेषज्ञ दर्ता	विदेशी नागरिक दर्ता
आर्थिक वर्ष २०६८/६९ मा भएको दर्ता संख्या (जना)				
१३७१	१२३६	७७१	३८२	अप्राप्त
हालसम्मको जम्मा दर्ता संख्या				
१२३५७	१२१४१ (अस्थायी र स्थायी)		२३८२	अप्राप्त

१३.८७ २०६८ चैत्र पहिलो हप्तासम्म विदेशबाट अध्ययन गरी फर्केका कूल ९ सय ७५ जना विद्यार्थीहरू मध्ये ७ सय ४ जनालाई Undergraduate Eligibility Certificate र २ सय ४ जनालाई Post Graduate Eligibility Certificate प्रदान गरिएको छ ।

नेपाल मेडिकल काउन्सिलबाट मान्यताप्राप्त गरेका मेडिकल कलेज र सञ्चालित कार्यक्रमहरू

१३.८८नेपाल मेडिकल काउन्सिलबाट सन् २०११ सम्म मान्यता प्राप्त गरेका मेडिकल कलेजहरू मध्ये एम.वि.वि.एसतर्फ ६ वटा, वि.डि.एसतर्फ २ वटा, एम.वि.वि.एस तथा पि.जीतर्फ ४ वटा, एम.वि.वि.एस तथा विडिएसतर्फ ३ वटा, एम.वि.वि.एस, वि.डि.एस तथा पि.जीतर्फ ५ वटा र वि.डि.एस तथा पिजी १ वटा कार्यक्रमहरू गरी कुल २१ वटा मेडिकल कलेजहरू सञ्चालमा रहेका छन् ।

नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ

१३.८९नेपाल मेडिकल काउन्सिलमा २०६८ पुष १४ गतेसम्म २ हजार ३ सय ७२ जना विशेषज्ञ चिकित्सकहरू दर्ता भएका छन् । यसको विवरण निम्नबमोजिम रहेको छ :

तालिका १२(झग) : नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सकहरूको विवरण

क्र.सं.	विषय	पुरुष	महिला	जम्मा
१.	General Practice	९७	२९	१२६
२.	E.N.T	६३	१९	८२
३.	Psychisatry	४३	५	४८
४.	Anesthesiology	१०१	३७	१३८
५.	Radiology And Imaging	१००	१६	११६
६.	Pediatrics	१५४	६५	२१९
७.	Nephrology	५	३	८
८.	Master in Dental Surgery (MDS)	७९	५९	१३८
९.	T.B. and Respiratory	७	१	८
१०.	Community Medicine/ Public Health	३५	१५	५०

क्र.सं.	विषय	पुरुष	महिला	जम्मा
११.	Pharmacology	१६	२	१८
१२.	Obs + Gynae	७९	१६२	२७१
१३.	M.S (General Surgery)	२४४	११	२५५
१४.	Orthopedics	१८७	१	१८८
१५.	Cardiology	७२	५	७७
१६.	Ophthalmology	७६	५८	१३४
१७.	Internal Medicine	२३१	२०	२५१
१८.	Clinical Pathology	४२	४४	८६
१९.	Dermatology + Venereology	४६	२७	७३
२०.	Neurology	१४	३	१७
२१.	Gastroenterology	१४	२	१६
२२.	Urology	१७	०	१४
२३.	Surgical Oncology	१४	०	१४
२४.	Forensic Medicine	६	०	६
२५.	Microbiology	१०	४	११
२६.	Nuclear Medicine	५	०	४
२७.	Physiology	२	-	२
२८.	Family Medicine	१	-	१
२९.	Anatomy	१	-	१
	Total	**१७६१**	**५८८**	**२३७२**

स्रोत : नेपाल मेडिकल काउन्सिल ।

समस्या र चुनौतीहरू

१३.९०नियमनकारी एवं सम्बन्धित निकायहरू ऐन नियम परिपालनमा अर्काको मुख ताक्ने र आफू पन्छिने प्रवृत्ति बढ्नु, चिकित्सक एवं चिकित्सा सम्बन्धी संघ संस्थानहरू नियम कानुनको पालना भन्दा दबाव सृजना गर्ने, धम्की, त्रासको वातावरण पैदा गर्ने कार्यमा लाग्नु जस्ता समस्याहरू रहेका छन् । तर काउन्सील आफ्नो काम कर्तव्य पुरा गर्दै अगाडि बढिरहेको छ ।

महिला, बालबालिका तथा समाजकल्याण

१३.९१ नेपालको अन्तरिम संविधानमा भएको समानताको हक, महिला, बालबालिकाका अधिकार तथा सामाजिक सुरक्षा र सामाजिक कल्याणका लागि राज्यको दायित्व एवं नेपालले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिबद्धताहरूलाई सम्बोधन गर्ने गरी महिला, बालबालिका, जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गरिएका छन् । राष्ट्रियस्तरमा नै नागरिकहरूको हक, अधिकारको संरक्षण गर्दै उनीहरूको आत्मविश्वास बढाउने र सशक्तिकरण गर्ने कार्यलाई विशेष जोड दिइएको छ ।

१३.९२ महिला सशक्तीकरणका लागि चालु आर्थिक वर्षमा नेपाल प्रशासन सेवामा प्रवेश गर्न चाहनेमध्ये २ सय जना महिलाहरूलाई विशेष तयारी कक्षामार्फत् प्रशिक्षित गरिएको छ भने सबै जिल्लाहरूमा महिला विकास कार्यालयले महिलाहरूको सर्वाङ्गीण विकासका लागि

कार्यकक्षहरू सञ्चालन गरेको छ। महिला माथि हुने घरेलु तथा अन्य हिंसा नियन्त्रण गर्ने क्रममा १५ जिल्लामा जिल्ला सेवा केन्द्रमार्फत् र अन्य ४८ वटा सामुदायिक सेवा केन्द्रमार्फत् घरेलु हिंसा पीडित र प्रभावितहरूका लागि सेवा पुऱ्याउँदै आइएको छ। यसैगरी, मानव वेचविखनमा परेका महिलाहरूको पुनर्स्थापनाको निमित्त ८ वटा पुनर्स्थापन केन्द्रहरूका लागि अनुदान समेत उपलब्ध गराइएको छ।

१३.९३ महिलाहरूका लागि लक्षित गरी नीतिगत व्यवस्थाहरू गर्ने क्रममा समीक्षा अवधिमा मानव बेचविखन विरुद्ध राष्ट्रिय कार्ययोजना, २०६८, मानव बेचविखन तथा ओसारपसारबाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८ र पुनर्स्थापना निर्देशिका, २०६८ तयार गरिएका छन् भने यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई समावेश गर्ने गरी विद्यमान विभेदकारी कानुनहरूको संशोधन प्रक्रिया शुरु गरिएको छ। यसैगरी, महिलासम्बन्धी मुद्दालाई शीघ्र किनारा लगाउन Fast Track Court स्थापनाका लागि अध्ययन शुरु गर्नुका साथै लैङ्गिक हिंसासम्बन्धी सचेतना जगाउन मानव वेचविखन, घरेलु हिंसा तथा लैङ्गिक हिंसा विरुद्ध श्रव्य दृश्य सामाग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गरिएको छ।

जेष्ठ नागरिकसम्बन्धी व्यवस्था

१३.९४ द्वन्द्व प्रभावित ज्येष्ठ नागरिकहरूको उचित हेरचाह, स्वास्थ्य उपचार र रेखदेखका लागि पाँचै विकास क्षेत्रमा कम्तिमा एउटा ज्येष्ठ नागरिक आरोग्य आश्रमको निर्माणका साथै ज्येष्ठ राष्ट्रिय प्रतिभाको सम्मान र सुरक्षाका लागि काठमाडौंमा पुष्पलाल सर्जक आश्रम स्थापना गर्ने गत वर्षको कार्यलाई आर्थिक वर्ष २०६८/६९ मा पनि निरन्तरता दिइएको छ भने तीन स्थानमा ज्येष्ठ नागरिक ग्राम स्थापना गर्ने कार्यको पनि शुरुवात भएको छ। त्यस्तै, राष्ट्रिय जेष्ठ महासंघसँग सम्झौता गरी पाँचै विकास क्षेत्रमा Geriatric Care Giver Training सञ्चालन गरिएको छ। सामाजिक सुरक्षातर्फ ज्येष्ठ नागरिकहरूको आत्म विश्वास र सामाजिक प्रतिष्ठालाई बढाउन राज्यले प्रदान गर्ने सुविधामा क्रमशः वृद्धि गर्दै लगिएको छ जसका लागि केन्द्रमा केन्द्रीय ज्येष्ठ नागरिक समन्वय समिति गठन गरिएको छ भने जिल्लामा जिल्लास्तरको ज्येष्ठ नागरिक समन्वय समिति गठन प्रक्रियाको समेत थालनी भएको छ।

अपाङ्गसम्बन्धी कार्यक्रम

१३.९५ अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी तिनीहरूको अवस्था र आवश्यकताअनुसार सीपमूलक तालिम, शैक्षिक सहयोग, छात्रवृत्ति र समुदायमा आधारित पुनस्थापना कार्यक्रम आर्थिक वर्ष २०६६/६७ देखि ७५ वटै जिल्लामा विस्तार भएकाले तिनीहरूमा सीप/क्षमताको वृद्धि भई केही गर्न सक्ने आत्म विश्वास अभिवृद्धि भएको छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको समीक्षा पाँचै विकास क्षेत्रलाई समेटी विराटनगर, पोखरा, नेपालगञ्ज, कञ्चनपुर र भक्तपुरमा सम्पन्न भएको थियो। सामाजिक सुरक्षाको क्षेत्रमा राज्यले प्रदान गर्न सक्ने सुविधा क्रमशः वृद्धि गर्दै जानुले अपाङ्गता भएका व्यक्तिहरूमा आत्म विश्वास र परिवार तथा समाजमा सकारात्मक सोचाइ बढ्दै गएको छ। अपाङ्गताको शारीरिक स्थिति हेरी उनीहरूलाई

आवश्यक पर्ने सहायक उपकरण जस्तै सेतो छडी, व्हिल चेयरहरू अनुदान प्राप्त अपाङ्ग क्षेत्रमा कार्यरत तीन विकास क्षेत्रका संस्थाहरूबाट विभिन्न जिल्लाहरूमा निःशुल्क वितरण भएका छन् भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई सुनिश्चिता प्रदान गर्न अपाङ्गता अधिकार सञ्चालन ऐन, २०६८ को मस्यौदा तयार भई सम्बन्धित निकायमा राय प्रतिक्रियाको लागि पठाइसकिएको छ ।

बाल अधिकारसम्बन्धी कार्यक्रम

१३.९६ बालअधिकारको संरक्षण तथा सुनिश्चितताका साथै उनीहरूको सर्वोपरी विकासका लागि संवैधानिक, कानुनी, नीतिगत एवं संस्थागत प्रतिवद्धता र प्रयासहरू भइरहेका छन् । अन्तर्राष्ट्रिय प्रतिबद्धताबमोजिम संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को आवधिक प्रतिवेदन २०१० को तयारी कार्य पुरा भएको र बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र बालअश्लील चित्रण जस्ता बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को प्रारम्भिक प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी समितिमा पेश गरिएको छ । साथै, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बालअधिकार महासन्धिको इच्छाधीन आलेख, २००० को प्रारम्भिक प्रतिवेदन तयार गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गरिएको छ ।

१३.९७ कानुनी तथा नीतिगत व्यवस्थातर्फ बालगृह सञ्चालनसम्बन्धी शर्त तथा मापदण्डहरू, २०६८ तथा बालअधिकार (सम्वर्द्धन र संरक्षण गर्ने) ऐन, २०६८ र बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६८ को मस्यौदा तयारीको क्रममा रहेको छ भने आपतकालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७ तयार गरी लागु गरिएको छ । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र धर्मपुत्री ग्रहण गर्न दिने शर्त र प्रक्रिया, २०६५, सरकारी वकिलहरूका लागि बालन्यायसम्बन्धी अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६६ का साथै बालबालिकाका निम्ति दश वर्षे कार्ययोजनाको मध्यावधि मूल्याङ्कन गरी परिमार्जित कार्ययोजना समेत सम्पन्न भएको छ ।

१३.९८ त्यस्तै, संस्थागत, संरचनागत संयन्त्रहरूतर्फ महिला विकास विभागलाई महिला तथा बालबालिका विभागको रूपमा परिणत गरी ७५ जिल्लामा महिला विकास अधिकृतलाई बालकल्याण अधिकृतको रूपमा समेत तोकिएको छ । बाल अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि दिगो सरकारी सवलीकरण कार्यक्रमलाई ७५ वटै जिल्लामा विस्तार गरिएको छ । त्यस्तै, केन्द्रमा बालन्याय समन्वय समितिको गठन गर्नुका साथै बालन्यायसम्बन्धी कार्यक्रम सञ्चालन भएका ३२ जिल्लामा पनि बालन्याय समन्वय समिति गठन गरिएको छ । South Asia Initiative to End Violence Against Children (SAIEVAC) स्थापना गरी स्थायी सचिवालय नेपालमा स्थापना गर्ने प्रक्रिया शुरु भएको छ । हराएका बालबालिकाको खोजतलासको लागि काठमाडौंमा टोल फ्री नं. १०४ को सुविधासहित बालबालिका खोजतलास तथा समन्वय केन्द्रको स्थापना भई निरन्तर सञ्चालनमा रहेको छ । बालअधिकार हनन्का घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारबाही गर्नका लागि सञ्चालित हेल्पलाइन १०९८ (टोल फ्री नं.) लाई विभिन्न ११ जिल्लामा विस्तार गरिएको छ । विराटनगर, सप्तरी, वीरगञ्ज र बुटवलमा

सञ्चालित हुँदै आएका बालकल्याण गृहहरू निरन्तर सञ्चालित भइरहेका छन् भने सिंहदरबार परिसरभित्र महिला निजामती कर्मचारीका शिशुहरूका निम्ति दिवा शिशु स्याहार केन्द्र स्थापना गरी सञ्चालनमा आएको छ ।

१३.९९ केन्द्रीयस्तरमा आपत्कालीन बालउद्धार कोषको स्थापना भई कोषलाई सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । हालको एकमात्र बालसुधार गृहको क्षमता अभिवृद्धि गरिएको छ भने विराटनगर, कास्की र नेपालगञ्जमा बालसुधार गृह निर्माण कार्य भइरहेको छ । कास्की जिल्लाको सराङ्गकोटमा थप बाल सुधार गृह सञ्चालन तथा सोको अनुगमन भइरहेको छ । बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालन कार्यक्रमलाई निरन्तरता दिई आर्थिक वर्ष २०६८/६९ को फाल्गुनसम्म हराएका २ हजार ४ सय ३१, वेवारिस फेला परेका ३ सय ८० गरी जम्मा २ हजार ८ सय ११ बालबालिका मध्ये १ हजार ६ सय ७२ जना परिवारमा पुनस्थापना गरिनुका साथै २४ जना बालगृहमा संरक्षणमा रहेका र २८ जना बालगृहबाट भागेका छन् । नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी तुल्याउँदै आर्थिक वर्ष २०६८/६९ को चैत्र मसान्तसम्ममा विभिन्न मुलकका विदेशी नागरिकहरूलाई २४ जना नेपाली बालबालिकाहरू धर्मपुत्र, धर्मपुत्रीको रूपमा हस्तान्तरण भई सो प्रक्रियाबाट ५२ लाख भन्दा बढी राजस्व समेत संकलन भएको छ ।

महिला सशक्तिकरण कार्यक्रम

१३.१०० महिला विकास कार्यक्रम अन्तर्गत लैङ्गिक समानता, महिला सशक्तिकरण एवं सामाजिक समावेशीकरणका पक्षमा सामाजिक परिचालन, लक्षित विपन्न महिलाको समूह गठन तथा संस्थागत विकास, आधारभूत एवं विषयगत प्रशिक्षणका माध्यमबाट अभिकार्य (Agency) प्रवर्द्धन, आर्थिक सशक्तिकरण, किशोरी विकासजस्ता क्रियाकलापहरू सञ्चालित छन् । जिल्लास्तरमा लैङ्गिक सम्पर्क निकाय (Focal Agency) को रूपमा रहेका महिला विकास कार्यालयहरूले अधिवाचन, समन्वय एवं सञ्जालीकरणको माध्यमबाट विकेन्द्रित विकास प्रक्रियाअनुरूप क्षेत्रगत विषयहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्न उल्लेखनीय योगदान पुगिरहेको छ । फलस्वरूप सञ्जाल सदस्यमाझ लैङ्गिक संवदेनशीलतामा वृद्धि भइरहेको अनुभव गरिएको छ । महिला विकास कार्यक्रमबाट कार्यक्षेत्रमा महिला सशक्तिकरणका साथै महिला संस्थामा पछाडि पारिएका वर्गका सदस्यको अनुपात, समूह बचतको रकम परिचालन र महिलाको नेतृत्व क्षमताजस्ता सूचकहरू पनि अत्यन्त सकारात्मक देखिएका छन् । संस्थागत विकासको माध्यमबाट छरिएर रहेका महिलाहरूलाई सँगठित गर्दै छिमेकमा समूह, वडास्तरमा समिति र गाउँ विकास समितिस्तरमा संस्था गठन गरी कार्यक्रमलाई निरन्तरता दिने प्रयास भएको छ । साथै, लक्षित महिलाका आर्थिक क्रियाकलापको व्यवसायीकरणका लागि स्थानीय सम्भाव्यताका आधारमा वस्तु-विशेषका (Commodity-specific) व्यावसायिक समूहहरूको विकास एवं साझा उपयोगका बजार पहुँच सुविधाहरूको विस्तारमा प्राथमिकता दिइएको छ भने विद्यालयविमुख किशोरीहरूको बहुआयामिक विकासका लागि जीवनोपयोगी सीप, सूचना तथा परामर्श सेवा एवं जीविकोपार्जनका एकीकृत क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । जिल्लाको समष्टिगत अवस्था झल्कने गरी केही जिल्लाको लैङ्गिक विकास प्रतिवेदन तयार

पार्ने कार्यारम्भ गरिएको छ । महिला विकास कार्यक्रमहरूबाट प्राप्त भएका केही मुख्य मुख्य उपलब्धिहरूलाई देहायको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १३(ज्ञघ) महिला विकास कार्यक्रमको मुख्य-मुख्य उपलब्धिहरू

क्र.स.	क्रियाकलापको नाम	एकाइ	आर्थिक वर्ष २०६७।६८	आर्थिक वर्ष २०६८।६९	कैफियत
फैलावट					
१.	कार्यक्रम सञ्चालित जिल्ला	सङ्ख्या	७५	७५	
२.	कार्यक्रम सञ्चालित गा.वि.स.	सङ्ख्या	२,९६३	३,३६०	
३.	कार्यक्रम सञ्चालित नगरपालिका	सङ्ख्या	३७	३७	
४.	कार्यक्रम सञ्चालित वडा	सङ्ख्या	१८,२५४	१९,५०७	न.पा. समेत
	संस्थागत विकास				
५.	गठन भएका महिला समूह	सङ्ख्या	९७२४०	१०७,९५८	
६. ६.१ ६.२ ६.३	समूहमा सम्मिलित महिला दलित जनजाति अन्य	जना जना जना जना	५,५४,२६४ ९०२८२ (१६.२९%) २०८८०९(३७.६८%) २५५१७३ (४६.०४%)	६५३,०८३ १०६,३६९ (१६.२९%) २१९,९५२ (३३.६८%) ३२६,७६२ (५०.०३%)	
७.	गठन भएका महिला समिति	सङ्ख्या	८,९३६	५,५४८	
८.	दर्ता भएका महिला संस्था	सङ्ख्या	१,२४५	१,३२३	
९.	तदर्थ महिला संस्था	सङ्ख्या	२९५	१०७	
	स्रोत परिचालन				
१०.	महिलाहरूको सामूहिक बचत	रू.	१,०६,०२,६३,८५६	१,२१,६२,३३,६७४	
११.	जम्मा लगानीमा रहेको	रू.	९९,९६,४२,६७६	१,४१,९३,४४,०३१	
१२. १२.१ १२.२	चालुकोष मूलधन व्याज	रू. रू. रू.	१०,६४,५९,८८८ १०,१०,०८,३२५ ५४,५१,५६३	११,९८,७४,५९० ११,१७,८०,०७२ ८०,९४,५१८	
१३	लगानीमा रहेको रकम	रू.	७,४९,०५,६४६	-	

स्रोतः महिला, बालकालिका तथा समाज कल्याण मन्त्रालय ।

समाज कल्याण

१३.१०१ गैह्र सरकारी क्षेत्रमा हाल देखापरेका समस्याहरूलाई समयसापेक्ष र प्रभावकारी ढंगबाट अगाडि बढाउन वर्तमान समाज कल्याण ऐन, २०४९ लाई समयानुकूल संशोधन, परिमार्जन गरी समाज विकास ऐन निर्माण गर्ने गत वर्षदेखिको प्रयासलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । साथै, परिषद्मार्फत् आर्थिक वर्ष २०६७/६८ मा ९ सय ३७ गैरसरकारी संस्थाका १ हजार २० कार्यक्रममार्फत् करीव रू. ६ अर्ब २ करोड १६ लाख

९८ हजार ९ सय २३ र ४४ वटा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामार्फत् करीव रू. २ अर्ब २८ करोड १७ लाख ८० हजार ८ सय २४ बराबरको रकम उक्त कार्यक्रमहरूका लागि स्वीकृत गरिएको थियो भने यस आर्थिक वर्ष २०६८/६९ को फाल्गुन मसान्तसम्ममा परिषद्मार्फत् ५ सय २१ संस्थाका ५ सय ६५ कार्यक्रमबाट कुल रू. ८ अर्ब ९ करोड ६९ लाख ३७ हजार ६ सय ९ बराबरको रकम र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामार्फत् ४९ संस्थाबाट कुल रू. ८ अर्ब ७५ करोड ७२ लाख ६६ हजार ९ सय ८९ बराबरको रकम उक्त कार्यक्रमहरूका लागि स्वीकृत गरिएको छ।

चुनौती र समाधानका उपायहरू

१३.१०२ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गहरूको क्षेत्रलाई महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षेत्रमा मात्र सीमित राख्ने सोचले महिला सशक्तिकरण एवं मूलप्रवाहिकरणमा जान नसक्नु, उल्लेखित कार्यक्रम सञ्चालन गर्न राष्ट्रियस्तरमा पर्याप्त मात्रामा वजेटको अभाव हुनु र सामाजिक संघ संस्थाहरूद्वारा सञ्चालित कार्यक्रममा अत्याधिक वृद्धि हुनु प्रमुख समस्याका रूपमा रहेका छन्। ती निकायबीच समन्वय र सहयोगको अतिरिक्त कार्यक्रममको उपयोगिता, प्रभावकारिता, जिम्मेवारी एवं जवाफदेहिता बनाउने विषयहरू प्रमुख चुनौतीका रूपमा रहेका छन्। कार्यक्रम लागु भएका गाउँ विकास समिति र नगरपालिकाका लक्षित समूहका सबैलाई सहभागी गराउन नसकिएको सन्दर्भमा समस्या समाधानका उपायतर्फ परम्परावादी सोचलाई अन्त गरी संवेदनशील क्षेत्रमा आवश्यक स्रोत र साधन परिचालनका साथै संस्थागत सुधार र क्षमतामा वृद्धि गरेमा समाजमा पछाडि परेका वर्गहरूको उत्थान भई आत्मस्वाभिमानमा समेत वृद्धि हुनेछ।

स्थानीय विकास मन्त्रालय अन्तर्गतको सामाजिक सुरक्षा कार्यक्रम (जेष्ठ नागरिक, अशक्त, अपाङ्ग लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा व्यवस्था)

१३.१०३ सामाजिक सुरक्षा कार्यक्रम अर्न्तगत ७० वर्ष भन्दा माथिका सबै नागरिक र ६० वर्ष माथिका सबै दलित वर्गका नागरिक, कर्णाली अञ्चलका ६० वर्ष माथिका सबै नागरिक, ६० वर्ष माथिका सबै एकल महिला, ६० वर्ष मुनिका विधवा (एकल) महिला, लोपोन्मुख आदिवासी/जनजातिमा पर्ने सबै समूह, (कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवडिया) सबै पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, कोटा अन्तर्गत परेका ६ हजार ८ सय ७५ जना आंशिक अपाङ्गता भएका व्यक्तिहरूलाई तोकिए बमोजिम मासिक भत्ता वितरण गरिँदै आइएको छ। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सरल, सहज र पारदर्शी बनाउन आर्थिक वर्ष २०६७/६८ देखि पाइलट कार्यक्रमको रूपमा सञ्चालित १० जिल्लाका ५/५ वटा गाउँ विकास समिति र नगरपालिकाबाट हुने सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ प्रणालीमा आबद्ध गरिएकोमा त्यसबाट प्राप्त नतिजा र पृष्ठपोषण उत्साहजनक देखिएकोले चालु आर्थिक वर्षदेखि देशभरिका ५८ वटै नगरपालिका र सदरमुकाम भएका सबै गाउँ विकास समितिबाट वितरण गरिने भत्तालाई बैंकिङ प्रणालीमा आबद्ध गरिएको छ। लोपोन्मुख आदिवासी/जनजातिमा पर्ने राउटेलाई मात्र मासिक रू.१ हजार प्रदान गरिँदै आएकोमा

चालु आर्थिक वर्षदेखि लोपोन्मुख आदिवासी/जनजातिका सबै समूहलाई मासिक रू.१ हजार प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

तालिका १३ (ज्ञङ): सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वा वृत्ति दिइएका लक्षित वर्गको संख्या

क्र.सं	लक्षित समूहको विवरण	मासिक दर (रू.)	आर्थिक वर्ष	
			२०६७/६८	२०६८/६९
१.	ज्येष्ठ नागरिक	५००	७४९२१४	७८३३७४
२.	एकल महिला	५००	२२१९२६	५३६३१२
३.	लोपोन्मुख आदिवासी/जनजाति	५००	१९२१९	२१२८९
४.	पूर्ण अशक्त अपाङ्ग	१०००	१८२५२	१९४८६
५.	आंशिक अपाङ्ग	३००	६८७५	६८७५
६.	६० वर्ष मुनिका एकल महिला (विधवा)	५००	-	२९४३४०
	जम्मा		**१०१५५६६**	**१६६१६७६**

बाल संरक्षण अनुदान कार्यक्रम

१३.१०४ कर्णाली अञ्चलका सबै परिवारका र अन्य जिल्लाका विपन्न दलित परिवारका ५ वर्ष उमेर समूह मुनिका २ जनासम्म वालवालिकालाई आर्थिक वर्ष २०६६/६७ देखि वाल संरक्षण अनुदान कार्यक्रम अन्तर्गत मासिक रू.२ सयका दरले वाल संरक्षण अनुदान दिने कार्य भइरहेको छ । यस कार्यक्रमबाट चालु आर्थिक वर्ष २०६८/६९ मा ४ लाख ५८ हजार १ सय ३५ जना वालवालिका लाभान्वित भएका छन् । यस कार्यक्रमबाट वालवालिकामा हुने कुपोषणको दरमा कमी आउने विश्वास गरिएको छ ।

खानेपानी तथा सरसफाइ

खानेपानी तथा सरसफाइ, ग्रामीण एवं साना शहरी खानेपानी कार्यक्रम

१३.१०५ आर्थिक वर्ष २०६७/६८ मा कार्यान्वयनमा रहेका जिल्लास्तर कार्यक्रमअन्तर्गत क्रमागत ६५ वटा खानेपानी तथा सरसफाइ आयोजनाका ४ सय ६२ वटा स्कीम सम्पन्न भई ३ लाख ८८ हजार ५ सय ५० जना, ग्रामीण खानेपानी आयोजना अन्तर्गत १९ वटा आयोजनाका २९ वटा स्कीम सम्पन्न भई ६ हजार २ सय ९ जना, वर्षातको पानी सङ्कलनतर्फ ८ वटा आयोजना सम्पन्न भई ८ हजार ३८ जना विद्यार्थी र सामुदायिक खानेपानी आयोजना अन्तर्गत २ सय २० आयोजना सम्पन्न भई २ लाख २८ हजार १ जना लाभान्वित भएका थिए । यसरी कुल ३१२ आयोजनाहरूका ७ सय १९ वटा स्कीम सम्पन्न भई ६ लाख २१ हजार ४ सय २५ जनसंख्याले आधारभूतस्तरको खानेपानी सेवा प्राप्त गरेका थिए । वातावरणीय सरसफाइ आयोजनाको एकल कार्यक्रम तथा अन्य सरोकारवालाहरूको पहलमा ३८ हजार ५ सय ९१ शौचालय निर्माण, खुला दिसा मुक्तक्षेत्र घोषणा अभियान सञ्चालन गरी यस आर्थिक वर्षमा विभिन्न १ सय ३२ वटा गाउँ विकास समितिहरू,४ नगरपालिकाहरू र कास्की जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ । साथै, देशका करिव २० वटा साना शहरहरूमा २ लाख ४० हजार जनतालाई उच्चस्तरको खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने गरी दोस्रो साना शहरी खानेपानी

तथा सरसफाइ आयोजना शुरु गर्नको लागि एसियाली विकास बैङ्कसँग अनुदान सम्झौता (Grant Negotiation) भई ७ वटा आयोजनाहरू निर्माण चरणमा गइसकेका र १२ वटा आयोजनाहरूको डिजाईन तथा निर्माणको तयारी चरणमा रहेका छन ।

१३.१०६ आगामी पाँच वर्ष भित्र सबैलाई स्वच्छ खानेपानी पर्याप्त मात्रामा सुलभ ढंगले उपलब्ध गराउन आर्थिक वर्ष २०६८।६९ मा विभिन्न खानेपानी आयोजनाहरू सञ्चालन भएकामा यस वर्षको लक्ष्यमा प्रथम ८ महिनासम्म आयोजनाहरूको भौतिक प्रगति ५१ प्रतिशत भएको छ । त्यस्तै, वृहत खानेपानी पुनस्थापना आयोजनातर्फ १५ वटा आयोजनाका १ सय १६ वटा स्कीमहरू सम्पन्न भई ४१ हजार २९ जनालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध भएको छ । खानेपानी गुणस्तर सुधारतर्फ पाइप फिटिङ्ग खरीद भई निर्माण कार्य भइरहेको छ । वर्षातको पानी संकलन तथा उपयुक्त प्रविधी आयोजनाका थप ६ हजार २ सय २२ जनालाई उच्च तथा मध्यमस्तरको खानेपानी सुविधा उपलब्ध गराइएको छ । ग्रामीण खानेपानी आयोजनाबाट सेती र महाकालीका सबै जिल्ला एवं हुम्ला, दैलेख र रोल्पामा खानेपानी, लघु सिचाई, सरसफाइका एकीकृत ग्रामीण योजनाहरू सञ्चालन गर्ने लक्ष्य भएकामेा ६ वटा आयोजनाहरू सम्पन्न भइसकेको छ । सोही क्रममा तिर्थस्थल पाथीभराबाट करिव ५ हजार तीर्थालुहरू र बाँकी ५ वटा आयोजनाहरूबाट २ हजार ३ सय ४६ जना लाभान्वित भएका छन् । नगरउन्मुख शहरी क्षेत्रमा स्थानीय निकायसमेतको सहभागिता जुटाई खानेपानी र सरसफाइ सुविधा उपलब्ध गराउन साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजनाबाट १३ वटा आयोजना सम्पन्न भई ६ हजार ७ सय १३ जनालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध गराईएको छ । राष्ट्रिय तथा सहस्राब्दी विकास लक्ष्यलाई मध्यनजर राख्दै वातावरणीय सरसफाइ आयोजनातर्फ ७ वटा आयोजनाहरू निर्माणचरणमा प्रवेश एवं १२ वटा आयोजनाहरू डिजाइन तथा तयारी चरणमा रहेका छन् । त्यस्तै, सुख्खा क्षेत्रमा खानेपानी आपूर्ति गर्ने कार्यक्रम अन्तर्गत रामेछापका १६ गाउँ विकास समितिमा खानेपानी आयोजनाको प्रारम्भिक अध्ययन र पाँच गाउँ विकास समितिमा आयोजना सञ्चालन गर्न अध्ययन कार्य भइरहेको छ भने काभ्रेको तिमाल क्षेत्रका ५ गाउँ विकास समितिमा सुनकोशीको पानी पम्प गर्ने गरी आयोजनाको प्रारम्भिक अध्ययन र पाँचथरको ४ गाउँ विकास समितिका ४ हजार घरधुरी समेटी आयोजनाको अध्ययन सम्पन्न भई टेण्डर पक्रियामा रहेको छ ।

शहरी खानेपानी प्रणाली

१३.१०७ आर्थिक वर्ष २०६६/६७ मा नेपाल खानेपानी संस्थान अन्तर्गत भद्रपुर, विराटनगर, धरान, राजविराज, जनकपुर, कलैया, भरतपुर, बुटवल र नेपालगंजमा निर्माण सम्पन्न भएका डीप ट्यूबवेलहरू आर्थिक वर्ष २०६७/६८ मा सञ्चालनमा ल्याइएकोले यसबाट ९० लाख लिटर पानी थप उत्पादन भई करिब ४७ हजार जनसंख्या लाभान्वित भएका थिए । त्यस्तै, आर्थिक वर्ष २०६५/६६ मा निर्माण कार्य शुरु गरिएको मर्दी मुहानदेखि पोखरा विन्ध्यवासिनीसम्मको २० इन्च पाइप लाइन विस्तार कार्य सम्पन्न भई २०६८ श्रावण देखि दैनिक २ करोड ५० लाख लिटर पानी थप भई करिब १ लाख ७५ हजार जनसंख्या लाभान्वित हुनेछन् । आर्थिक वर्ष २०६७।०६८ को उत्पादन बृद्धि कार्यक्रम

अन्तर्गत भद्रपुर, विराटनगर, धरान, लाहान, जनकपुर, बीरगंज, हेटौंडा, बुटवल, नेपालगंज, धनगढी र बनेपामा कुल १८ गोटा डीप ट्युबवेल निर्माण गर्ने लक्ष्य रहेकोमा धरान र बनेपामाबाहेक अन्य शहरहरूमा निर्माण सम्पन्न गरिएको थियो। ती ट्यूबवेलहरू चालु आर्थिक वर्ष २०६८।०६९ मा सञ्चालनमा ल्याई १ करोड ४० लाख लिटर पानी उत्पादन भई थप करीब ७२ हजार जनसंख्या लाभाविन्त भएका छन्। त्यसैगरी आर्थिक वर्ष २०६६।०६७ मा निर्माण शुरु गरिएको बुटवल खानेपानी सुदृढीकरण आयोजनाको दोस्रो चरणको कार्य आर्थिक वर्ष २०६८।०६९ मा स्वीकृत भई यसै आर्थिक वर्षमा आयोजनाको कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोले दैनिक १ करोड लिटर पानी थप भई करीब ७० हजार थप जनसंख्या लाभान्वित हुने अपेक्षा गरिएको छ। यसरी संस्थानको कार्य क्षेत्र भित्रका २२ शहरी क्षेत्रमा आर्थिक वर्ष २०६८ फागुन मसान्तसम्मा १२ करोड ९७ लाख ५ हजार लिटर प्रति दिन खानेपानी उत्पादन भई १५ लाख १० हजार जनसंख्या लाभान्वित भएका छन्।

काठमाडौं उपत्यका खानेपानी तथा सरसफाइ आयोजना

१३.१०८ एशियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित मेलम्ची खानेपानी आयोजना उप-आयोजना-२ अन्तर्गत काठमाडौं उपत्यकामा खानेपानी उत्पादन तथा वितरण प्रणाली सुधार, व्यवस्थापकीय सुधारसम्बन्धी कार्य तथा परामर्शदाता सेवा लिने कार्यहरू गत आर्थिक वर्षमा सम्पन्न भएका थिए। बैंकको ऋण सहयोग मै आयोजनाको प्रारम्भिक मस्यौंदा तयार भई चरणबद्धरूपमा लगानीका क्षेत्रहरू पहिचान गरिए अनुरूप ऋण नं. १८२० बाट सन् २००९ देखि २०१३ भित्र २० प्याकेज निर्माण, २१ प्याकेज वस्तु आपूर्ति र २ प्याकेज परामर्शदाता सेवा गरी कुल ४३ वटा प्याकेजहरू मध्ये निर्माणतर्फ ८ वटा, वस्तु आपूर्ति तर्फ १९ वटा र परामर्श सेवा तर्फ १ प्याकेज सम्पन्न भएका छन्। सुन्दरीजल, बालाजु, मुलडोल, भक्तपुर, बालकुमारी, कुलेश्वर क्षेत्रमा पाइपलाइन विस्तार कार्य सम्पन्न भएका छन् भने पुरानो ५ ट्युवेल प्रतिस्थापन र अन्य विभिन्न स्थानहरूमा ट्युवेल पुनःस्थापना तथा मर्मत कार्यहरू सम्पन्न भई ३० लाख लिटर पानी आपूर्ति वृद्धि भएको छ। साथै नयाँ १५ स्थानमा डिप ट्युवेल तथा पानी प्रशोधन केन्द्र निर्माण र नख्खु इन्टेक निर्माण तथा पाइपलाइन विस्तार कार्यक्रम चालु रहेको छ। त्यसैगरी, डेमोन्स्ट्रेसन, पाइलट प्रोजेक्ट तथा क्लष्टर सुधार कार्यक्रम अर्न्तगत वानेश्वर, मीनभवन, कुसुन्ती, चाबहिल, कालोपुल, जोरपाटी र गोकर्ण क्षेत्रमा नयाँ पानी वितरण प्रणाली तयार गर्ने कार्य भइरहेको छ। व्यवस्थापन सुधार कार्यक्रमका लागि जगेडा १४ हजार मिटर पाइप तथा फिटिङ्गस, १० वटा टैङ्कर, १३ व्लक पानी मिटर, ३६ वटा पम्पहरू तथा जगेडा सामान उपलव्ध हुनु, ५ वटा जेनेरेटर, टुल्स तथा उपकरण, ४ वटा ढल संकलन सफाइ उपकरणहरू, १५ हजार घरेलु पानी मिटरहरू, चुहावट नियन्त्रण उपकरणहरू जस्ता उपलब्धिहरू प्राप्त भएकोले लिमिटेडको क्षमता बृद्धिमा समेत सघाउ पुगेको छ। यसका अतिरिक्त महाँकाल चौरमा केन्द्रीय प्रयोगशाला निर्माण कार्य सम्पन्न भई उपकरणहरू आपूर्तिका लागि बोलपत्र आह्वान, ललितपुरको कोड्कु तथा सल्लाघारीमा ढल प्रशोधन केन्द्र सफाइ गरी सञ्चालन र पानीको गुणस्तर सुधार कार्यक्रम अन्तर्गत कोटेश्वर, ट्याङ्गलाफाँट, एयरपोर्ट-जडिबुटी क्षेत्रमा ट्युबवेलको पानी प्रशोधन केन्द्र निर्माण भइरहेका

छन् भने अन्य ५ ठाऊँका पानी प्रशोधन केन्द्रहरू सुधार विस्तारका कार्य सम्पादन भएका छन् । मेलम्ची पानीको प्रशोधन केन्द्र सुन्दरीजल देखि महाँकालचौरसम्म ९.५ कि.मि.मा १ हजार ४ सय मि.मि. व्यासको डि.आई. पाइप ओछ्याई मेलम्चीको पानी शहरसम्म ल्याउने कार्यको ठेक्कापट्टा भई २०१३ जुलाई भित्र सम्पन्न गर्ने गरी कार्य समेत शुरु भइसकेको छ ।

काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना

१३.१०९ खानेपानी सञ्जाल तयार गर्न विभिन्न ११ वटा वितरण प्रणाली सुधारका कार्यलाई ३ वटा ठूला प्याकेज बनाई चक्रपथ भित्रको ७५ प्रतिशत भन्दा बढी भागमा सन् २०१६ भित्र सञ्जाल बिछ्याई सक्ने गरी डिजाइन, ड्रइङ्ग लागत इष्टिमेट तयार भई ठेक्कापट्टा प्रक्रिया शुरु भइसकेको छ । यसै कार्यक्रममा करिब ७ सय कि.मि. पाइपलाइन सञ्जाल फेर्ने कार्यक्रम अन्तर्गत पहिलो प्याकेजको ठेक्कापट्टाको कार्य शुरु भएको छ । त्यस्तै, आरुबारी, महाँकालचौर, बाँसबारी, बालाजु र खुमलटारमा गरी ५ वटा नयाँ ६८ हजार घ.मि. क्षमताको पानीपोखरी निर्माण समेत शुरु गरी सन् २०१६ मा पुरा गर्ने लक्ष्य रहेको छ । साथै, महाँकालचौर-चाबहिल-नारायणगोपालचोक-बाँसबारी, बालाजु- पानीपोखरी, चाबहिल- गौशाला - पुरानो वानेश्वर- नयाँ वानेश्वर-कोटेश्वर-माइतीघर, अनामनगर-जावलाखेल-एकान्तकुना रिङ्गरोडमा मुख्य प्रशारण प्रणालीमा ५ सय मि.मि. देखि १ हजार ४ सय मि.मि. व्यासका २८ कि.मि.सम्मको कार्य सन् २०१६सम्म पूरा हुने लक्ष्य रहेको छ ।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिबाट सञ्चालित कार्यक्रम

१३.११० खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो र प्रभावकारी विकासको लागि समितिले गैरसरकारी क्षेत्रलाइ परिचालन गरी ती संस्थाहरूको आयोजनाको छनौट, कार्यान्वयन तथा सञ्चालनमा उपभोक्ता समितिको सहयोगी एवं सहजकर्ताको भूमिका निर्वाह गरी निर्माण भएका आयोजनाहरू प्रभावकारी एवं दिगोरूपमा सञ्चालन गर्ने गरेको छ । गैरसरकारी संस्थाहरूहरूको क्षमता अभिवृद्धि गर्न तालिम प्रदान गरी आयोजना कार्यान्वयनमा सरकारी संलग्नता क्रमशः कम गर्दै लैजाने वातावरण पनि सृजना भएको छ । स्वीकृत ग्रामीण खानेपानी तथा सरसफाइ नीति एवं कार्यनीतिका आधारमा विभिन्न निकायको भूमिका स्पष्ट गर्ने, अधिकांश कार्यक्रमहरू गैर सरकारी तथा निजी क्षेत्रको सहभागिताबाट सञ्चालन गर्ने तथा आयोजनाको पहिचान, तर्जूमा, कार्यान्वयन र सञ्चालन, मर्मत तथा संभार समूदायबाट नै गर्ने र सोसम्बन्धी सबै निर्णय स्थानिय समुदायबाट गराई समुदायको निर्णय क्षमता अभिवृद्धिमा समितिले योगदान पुऱ्याई रहेको छ । साथै, आयोजना कार्यान्वयनका लागि आवश्यक आर्थिक र प्राविधिक सहयोग पनि उपलब्ध गराउने गरेको छ । समुदायले आयोजना निर्माणमा लाग्ने कुल लागतको २.५ प्रतिशत अनिवार्य तथा अन्य स्थानिय समाग्री एवं अदक्ष श्रमशक्ति लगाउनु पर्ने व्यवस्थाका कारण कुल लागतको करीब ३८ प्रतिशतसम्म परिणामहरू उत्साहजनक रहेका छन् । हालसम्म १ सय ८३ वटा सहयोगी संस्थाहरू समितिको कार्यक्रममा आबद्ध भई विभिन्न समूहमा कार्य गरेका छन् । गैरसरकारी तथा निजी क्षेत्रका सहयोगी

संस्थाहरू र समुदायको प्राविधिक एवं संस्थागत क्षमता विकासको लागि समितिले हालसम्म करीब ८ हजार ३ सय ७० व्यक्तिहरूलाई विविध बिषयको तालिम प्रदान गरेको छ । हरेक कार्यक्रममा महिलाहरूलाई निर्णायक भूमिका निर्वाह गर्न वढी अवसर प्रदान गर्न र खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत गैरसरकारी, निजी तथा सामूदायिक सँगठन परिचालन गरी आयोजना कार्यान्वयन तथा सञ्चालनमा पनि समितिले सहजकर्ताको भूमिका निर्वाह गरिरहेको छ ।

खानेपानी तर्फका समस्या र चूनौतीहरू

१३.१११ खानेपानी तथा ढल निकास विभाग अन्तर्गत प्राविधिक एवं उत्प्रेरक जनशक्तिको अभाव, नयाँ तथा पुनस्थापन कार्यक्रम एवं चालु १ हजार ४ सय ३८ निर्माणाधिन आयोजनाहरू सम्पन्न गर्न स्रोत र साधनको कमी, गुणस्तर सुधारमा बजेटको कमी जस्ता समस्याहरू प्रमुखरूपमा रहेका छन् । उल्लेखित समस्याहरूको समाधानका लागि स्थानिय स्रोत, साधन परिचालनकालागि गाउँदेखि केन्द्रस्तरसम्म समन्वय समिति गठन गरी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्नुकासाथै पुनर्स्थापनाको कार्य व्यवस्थित तवरले अघि बढाउन केन्द्रीय आयोजना संयोजकको व्यवस्था र गुणस्तर सुधारका लागि माग संकलन एवं सो को सूची तयार गरी कार्यक्रमको लागि बजेट माग गर्ने जस्ता प्रयासहरू गरिएका छन् ।

१३.११२ काठमाडौ उपत्यका खानेपानी तथा सरसफाइ आयोजनातर्फ तेस्रो आयोजनाको अनिश्चितता, नवौं समुहको आयोजनाको लागि बजेटको अभाव, आगामी आयोजना सञ्चालनका लागि दातृ संस्थासँग सहमति भएका विषयहरूको कार्यान्वयनमा समय बढी लाग्न गएकोले आयोजना छनौट तथा सञ्चालनमा आवश्यकता भन्दा बढी समय लाग्नु, खानेपानीका मुलमा बिबाद आउनु, खानेपानीका मुल सुकेर फेरी मुल खोजी तयार गर्नुपर्ने र खानेपानी उपभोक्ता तथा सरसफाइ समिति दर्तामा ढिलाई जस्ता समस्याहरू रहेका छन् ।

१३.११३ त्यस्तै, कोषतर्फको स्वीकृत बजेट कार्यक्रमअनुसार निर्माण कार्य सञ्चालन गर्दा पानीको मुहान क्षेत्रका बासिन्दाहरूबाट विभिन्न माग राखी अवरोध उत्पन्न हुनु, निर्माण कार्यको लागि भएका ठेक्का सम्झौताअनुसार ठेकेदारबाट समयमा कार्य सम्पन्न हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् । तसर्थ पानीको प्राकृतिक स्रोतमा व्यक्ति विशेषको अधिकार नहुने तथ्य सूसूचित गराउन थप पहल हुनुपर्ने देखिन्छ ।

युवा तथा खेलकुद

१३.११४ मन्त्रालयले युवा तथा खेलकुदसम्बन्धी विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण, युवा जनशक्तिको लागि प्रशिक्षण प्रदान गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धको विकास जस्ता कार्यक्रमहरूमा आफ्नो सक्रिय सहभागिता जनाउँदै आएको छ । नेपाल स्काउट र राष्ट्रिय खेलकुद परिषद् जस्ता निकायहरूको सहयोगमा विभिन्न क्रियाकलापहरू सञ्चालन गरी योग्य, अनुशासित एवम् प्रतिस्पर्धी युवाहरू तयार पारी राष्ट्र निर्माणमा योगदान पुऱ्याउन, युवा शक्तिलाई समुचित परिचालन एवं खेलकुदको

विकासबाट स्वस्थ तथा स्फूर्तरूपमा तिनीहरूलाई देशको आर्थिक, सामाजिक एवम् राजनीतिक तहमा नेतृत्वदायी भूमिकाका लागि तयार पार्न मन्त्रालय क्रियाशिल रहेको छ। त्यस्तै, मन्त्रालयले विगतका कार्यक्रमहरूलाई पनि निरन्तरता दिँदै परिवर्तित सन्दर्भमा देहायबमोजिमका नयाँ कार्यक्रमहरूको तर्जुमा एवं सञ्चालन गर्दै आइरहेको छ।

राष्ट्रिय युवा परिचालन कार्यक्रम

१३.११५ राष्ट्रिय युवा नीतिको आधारमा १८ बिषय क्षेत्रहरूमा ७५ जिल्लाका १६५ संस्थाहरू छनौट गरी कार्य सञ्चालन एवं स्थानीय युवा साझेदारी कार्यक्रमतर्फ ७५ जिल्ला विकास समितिमार्फत् प्रति कार्यक्रम रू. ६० हजार प्रदान गरी तोकिएका क्षेत्रहरूमा कार्यक्रमहरू सञ्चालित छन्। आन्तरिक तथा द्विपक्षीय सम्झौतानुसारको युवा अनुभव आदान प्रदानको कार्यक्रम सम्पन्न गर्नुका साथै युवा परिषद् स्थापना तथा तिनीहरूलाई उपयोगी सूचनाहरू उपलब्ध गराउन सबै जिल्लाहरूमा युवा सूचना केन्द्र सञ्चालनमा ल्याइएको छ। युवा परिचालनतर्फको कार्यक्रमको प्रगति विवरण देहायबमोजिम रहेको छ।

तालिका १३ (ज्ञच) : युवा परिचालन तर्फको कार्यक्रमको प्रगति विवरण

क्र सं	क्रियाकलाप	एकाई	आर्थिक वर्ष २०६७/६८		आर्थिक वर्ष२०६८/६९		कैफियत
			वार्षिक लक्ष्य	प्रगति	वार्षिक लक्ष्य	प्रगति	
(क)	**युवा परिचालन तर्फ**						
१	राष्ट्रिय युवा परिषद् स्थापना र सचालन	वटा	१	–	१	–	
२	१८ क्षेत्रमा युवा साझेदारी कार्यक्रम						
	केन्द्र	संख्या	१५०	१४९	१५०	१६५ गैसस	
	जिल्ला	संख्या	४५०	४५०	७५	७५	
३	युवा सूचना केन्द्रको क्षमता अभिवृद्धिका लागि अध्ययन, अनुसन्धान तथा कार्ययोजना निर्माण र युवा परिषद् बिधेयक परिमार्जन समेत		–	–	५	परामर्श सेवा लिने कार्य भइरहेको।	
४	युवाका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संस्थाहरू तथा युवाअवस्थाको Profile तयारीसम्बन्धी कार्यक्रम	पटक	–	–	१	परामर्श सेवा लिने कार्य भइरहेको।	
५	अन्तराष्ट्रिय युवा दिवस	पटक	१	१	१	१	
६	द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालन हुने (क) युवा अनुभव आदान प्रदान कार्यक्रमहरू/महोत्सवमा सहभागिता	जना	३५	३०	१००	१००	
	ख) आन्तरिक युवा आदानप्रदान कार्यक्रम	जना	४०	४०	२६	२६	

क्र सं	क्रियाकलाप	एकाई	आर्थिक वर्ष २०६७/६८		आर्थिक वर्ष२०६८/६९		कैफियत
			वार्षिक लक्ष्य	प्रगति	वार्षिक लक्ष्य	प्रगति	
७	युवा सम्पर्क विन्दुहरूको कार्यशाला गोष्ठी	पटक	–	–	२	१	
८	युवा सूचना केन्द्रहरू	जिल्ला	३५	३५	७५	७५	
ख युवा सशक्तिकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम							
१	राजनीतिक युवा सँगठनहरूको क्षमता अभिवृद्धि कार्यक्रम	क्षेत्र	–	–	५ क्षेत्र	-	
२	वेरोजगार युवाहरूलाई सीपमूलक तालिम	जना	–	–	१००० जना	-	
३	युवा प्रतिभासम्मान तथा सहयोग कार्यक्रम	पटक	–	–	१	-	
४	युवा पुस्ता सञ्चार कार्यक्रम	पटक	१	१	१	१	
५	युवा साहित्य प्रतियोगिता	पटक	१	१	१		
६	युवा उत्तरदायी बजेटको खाका निर्माण	पटक	१	१	१		
७	मन्त्रालयको O&M सर्भे कार्यक्रम	पटक	–	–	१		
८	युवा विद्यार्थी राष्ट्रियसम्मेलन कार्यक्रम	पटक	५	५	–	–	
९	युवा जागरण अभियान टि.भी. प्रसारण	पटक	१	१	–	–	
१०	साझेदारी कार्यक्रमको प्रभाव मूल्यांकन	पटक	१	१	–	–	
११	युवा सम्मिलित स्रोत पहिचान समिति निर्माण	पटक	१	१	–	–	
१२	राष्ट्रिय युवा कार्यनीति निर्माण	पटक	१	१	–	–	

स्रोत : युवा तथा खेलकुद मन्त्रालय

खेलकुद तथा अतिरिक्त क्रियाकलाप

१३.११६ विद्यालयस्तरदेखि नै योग्य खेलाडीहरू तयार गर्ने उद्देश्यसहित जिल्ला, क्षेत्र र केन्द्रस्तरीय एथलेटिक्स र भलिबल तथा मा.वि.स्तरीय छात्र/छात्रा फुटबल र क्रिकेट प्रतियोगिताहरू सञ्चालन हुनुका साथै विद्यालयस्तरीय खेलकुद शिक्षकलाई तालिम प्रदान गर्ने र खेलसामाग्री उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। फरक क्षमता भएका व्यक्तिहरूका लागि पारा ओलम्पिक र स्पेशल खेलकुद प्रतियोगिता सञ्चालन र खेलकुदको क्षेत्रमा विशेष प्रतिभा देखाउने खेलाडीहरूलाईसम्मान गरिदै आएको छ। UNESCO को सहयोगबाट खेलकुदमा प्रतिवन्धित औषधि सेवन विरुद्धको सचेतना कार्यक्रम सञ्चालनमा ल्याइएको छ। यस कार्यक्रमको प्रगति विवरण देहायबमोजिम रहेको छ।

तालिका १३ (ज्ञछ) : खेलकुद तथा अतिरिक्त क्रियाकलापसम्बन्धी विवरण

क्र.सं.	क्रियाकलाप	आर्थिक वर्ष ०६७/०६८			आर्थिक वर्ष ०६८/०६९		कैफियत
		इकाई	वार्षिक लक्ष्य	प्रगति	वार्षिक लक्ष्य	दोस्रो चौमासिकसम्मको प्रगति	
१.	विद्यालय खेलकुद तर्फ अन्तर विद्यालय जिल्ला व्यापी राष्ट्रपति रनिङ शिल्ड (एथलेटिक्स र भलिवल)	जिल्ला	७५	५६	७५	१८	
२.	अन्तर जिल्ला क्षेत्रव्यापी प्रतियोगितातर्फ (छात्र/छात्रा) भलिवल/ एथ्लेटिक्स	क्षेत्र	५	५	५	प्रतियोगिता हुने क्रममा रहेको	
२.१	**अन्तर क्षेत्र राष्ट्रव्यापी कार्यक्रम/प्रतियोगिता तर्फ** (छात्र/छात्रा) भलिवल/ एथ्लेटिक्स	पटक	२	२	२	"	
३	**खेलकुद विकास कार्यक्रम/प्रतियोगिता तर्फ**						
३.१	मा.वि. स्तरीय छात्र/छात्रा फुटवल/क्रिकेट प्रतियोगिता	पटक	२	२	२	"	
३.२	छात्रा भलिबल प्रतियोगिता, पोखरा	स्थान	–	–	१	"	
३.३	पारा खेलकुद सहयोग कार्यक्रम (पारा ओलम्पिक, नेत्रहिन क्रिकेट, बहिरा क्रिकेट र अपांग फुटबल समेत)	केन्द्र	१	१	१	"	
३.४	नेत्रहीन/बहिरा क्रिकेट	केन्द्र	१	१	१	"	
३.५	स्पेसल ओलम्पिक कार्यक्रम	केन्द्र	१	१	१	"	
४	**खेलकुद विकास तथा तालिम कार्यक्रम**						
४.१	खेलकुदसम्बन्धी राष्ट्रिय प्रतिभा सम्मान	केन्द्र	१	–	१	"	
४.२	मन्त्रालयबाट अन्तर्राष्ट्रिय खेलकुदमा अध्ययन एवम् सहभागिता	केन्द्र	१	१	१	"	
४.३	खेलकुदमा प्रतिबन्धित औषधि सेवन बिरुद्धको सचेतना कार्यक्रम	केन्द्र	१	१	१	१ पटक	

स्रोत : युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय खेलकुद परिषद्

१३.११७ परिषद्ले खेलकुद प्रतियोगिताहरू सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मत सम्भारको कार्य, राष्ट्रिय एवंम अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूको सञ्चालन तथा खेलाडीहरूलाई प्रशिक्षण दिई खेलमा सहभागी गराउनुका साथै तिनीहरूको बीमा, आजीवन भत्ता प्रदान गर्ने जस्ता कार्यहरू सञ्चालन

गरेको छ । जसको प्रगति विवरण देहायअनुसार रहेको छ ।

तालिका १३(ज्ञज) : राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण

क्र.सं.	क्रियाकलाप	इकाई	आर्थिक वर्ष ०६७/०६८		आर्थिक वर्ष ०६८/०६९		कैफियत
			वार्षिक लक्ष्य	प्रगति	वार्षिक लक्ष्य	दोस्रो चौमासिकसम्मको प्रगति	
१.	छैठौं राष्ट्रिय वृहत खेलकुद प्रतियोगिता	जना	८०००	–	८०००	८०००	
२.	१६ औं एशियाली खेलकुद तयारी तथा सहभागिता	जना	१४१	१५९	–	यस आर्थिक वर्षमा कार्यक्रम नरहेको	
३.	खेलकुद प्रतिष्ठान सञ्चालन	जना	५०	५०	१२०	४९	
४.	खेलकुद चिकित्सा तथा अनुसन्धान केन्द्र सञ्चालन	वटा	१	१	१	१	
५.	खेलकुद गतिविधि प्रचार, प्रसार र प्रकाशन	वटा	१	१	१	१	
६.	तालिम, सेमिनार, गोष्ठी र टिम आदान प्रदान	जना	३०	७	२०	१६	
७.	खेलाडी आजिवन भत्ता	जना	२	२	२	२	
८.	प्रशिक्षक परिचालन तथा अनुगमन	जना	७०	१	१५०	१५०	
९.	क्षेत्रलाई खेलकुद गतिविधि सञ्चालन	पटक	५	५	५ क्षेत्र	५ क्षेत्र	
१०.	जिल्लामा खेलकुद गतिविधि सञ्चालन	जिल्ला	७५	७५	७५	७५	
११.	१२औं दक्षिण खेलकुद तयारी कार्यक्रम	जना	–	–	५००	६१	
१२.	खेलाडी उपचार तथा आकस्मिक दुर्घटना सहयोग	जना	–	–	१०	५	
१३.	राष्ट्रिय संघहरूलाई खेलकुद गतिविधि सञ्चालन	वटा	–	–	६४	६४	
१४.	AFC च्यालेन्ज कप फुटबल प्रतियोगिता	पटक	–	–	१	१	
१५.	खेलकुद कलेज	वटा	–	–	१	१	

क्र.सं.	क्रियाकलाप	इकाई	आर्थिक वर्ष ०६७/०६८		आर्थिक वर्ष ०६८/०६९		कैफियत
			वार्षिक लक्ष्य	प्रगति	वार्षिक लक्ष्य	दोस्रो चौमासिकसम्मको प्रगति	
	स्थापना प्रारम्भिक कार्यक्रम						
१६.	आदिवासी परम्परागत खेलकुद आयोजना	पटक	–	–	१	१	
१७.	धनगढीमा रंगशाला निर्माण चालु राख्ने	वटा	१	निर्माणाधीन	१	१	
१८.	सुनसरीमा रंगशाला निर्माण	वटा	१	१	१	१	
१९.	नेपालगञ्जमा पौडि पोखरी निर्माण	वटा	१	१	१	१	
२०.	कैलालीमा कवर्ड हल निर्माण	वटा	१	१	१	१	
२१.	जुम्लामा कवर्ड हल निर्माण चालु	वटा	१	१	१	१	
२२.	मूलपानीमा क्रिकेट स्टेडियम निर्माण	वटा	१	१	१	निर्माण कार्य भइरहेको	
२३.	भैरहवामा क्रिकेट रंगशाला निर्माण	वटा	१	१	१	निर्माण कार्य भइरहेको	
२४.	इटहरी रंगशाला निर्माण	वटा	–	–	१	१	
२५.	६ वटा नयाँ आयोजनाहरूको निर्माण शुरु	वटा	–	–	६	२	
२६.	कवर्डहलहरूको अधुरो निर्माण तथा मर्मत	वटा	–	–	१२	११	
२७.	सिराहामा कवर्डहल निर्माण तथा मर्मत	वटा	–	–	१	१	
२८.	खेलमैदान निर्माण	वटा	–	–	७८	७४	

स्रोत : राष्ट्रिय खेलकुद परिषद्

कार्यक्रमहरूको कार्यान्वयनबाट परेको प्रभाव

१३.११८ केन्द्र तथा स्थानीयस्तरमा सञ्चालित युवा साझेदारी कार्यक्रमले युवाहरूको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउने, जिल्लाजिल्लामा स्थापित युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गर्दै तीमार्फत् युवा उपयोगी सूचनाहरू प्रवाह भई युवाहरूलाई फाइदा पुग्ने, राष्ट्रिय ख्यातिप्राप्त युवाहरूलाई सम्मान कार्यक्रम गर्नाले अन्य युवाहरूमा पनि सकारात्मक सन्देश दिने, आन्तरिक तथा बाह्य भ्रमणबाट एक अर्का ठाउँ र देशका युवाको ज्ञान र अनुभव आफ्नो क्षेत्र तथा देशको विकासमा उपयोग गर्न सकिने र

टेलिभिजनबाट प्रसारित युवा पुस्ता सञ्चार कार्यक्रमले युवाहरूसँग सम्बन्धित विभिन्न गतिविधि प्रशारण हुने हुँदा यस्तो कार्यक्रमप्रति युवाहरू आकर्षित भई रहेका छन् । त्यस्तै, खेलकुद तथा अतिरिक्त क्रियाकलापप्रति विद्यालयस्तरदेखि नै अभिरुची जगाई अनुसाशित, स्वस्थ र सक्षम खेलाडी सृजना गर्ने, शारीरिकरूपले अपाङ्गका लागि पारा र स्पेशल खेलकुद कार्यक्रम सञ्चालन गरी तिनीहरूलाई खेलकुदप्रति आकर्षित गराउन सकिएको छैन ।

समस्या र चुनौतीहरू

१३.११९ भौतिक संरचना निर्माण एवं मर्मत गर्न स्रोतको अभाव हुनु, गाउँस्तरसम्म खेलकुदको पहुँचलाई विस्तार गर्न नसक्नु, खेलकुद क्षेत्रलाई राजनीतिक गतिविधिबाट मुक्त गर्न नसक्नु, खेल तथा खेलाडीहरूलाई व्यवसायीकरण गर्न नसक्नु, युवासम्बन्धी कार्यक्रममा अन्य निकायसँगको समन्वय नहुनु, कार्यक्रमले युवासँग सम्बन्धित सबै क्षेत्र र जात, जातिका युवाहरूलाई समेट्न नसक्नु र युवा कार्यक्रमको वारेमा सरोकारवालाहरूलाई बुझाउन नसक्नु जस्ता चुनौतीहहरू रहेका छन् । त्यस्तै, स्थानीयस्तरमा युवासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संरचनाको अभाव, युवा परिषद् गठन हुन बढी समय लाग्नु, नेपाल ओलम्पिक कमिटीमा श्रृजना भएको विवाद समाधान नहुनु, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरूमा हुने सहभागिताहरू परिमाणमुखी हुन नसक्नु, स्थानीयस्तरदेखि नै खेलकुदको विकास गर्नका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरूको निर्माण तथा सुधार गर्न आवश्यक पर्ने रकम नहुनाले कार्यक्रमहरू त्यति प्रभावकारीरूपमा सञ्चालन हुन सकेका छैनन् ।

संस्कृति

१३.१२० संस्कृतिका माध्यमबाट नेपालका भौतिक तथा अभौतिकरूपमा रहेका ऐतिहासिक, धार्मिक एवं सांस्कृतिक सम्पदाहरूलाई विश्व सामु परिचित गराउने नीति अवलम्वन गरिएको छ । विश्वसामु मुलुकको बेग्लै परिचय र पहिचान स्थापित गर्नुका साथै मुलुकभित्र रहेका भौतिक र अभौतिक सम्पदाहरू संरक्षण र प्रर्वद्धन गर्दै सांस्कतिक पर्यटनको विकास गरी यस्ता ऐतिहासिक, धार्मिक तथा संस्कृतिक सम्पदास्थलहरूको अवलोकनबाट प्राप्त हुने आयले देशको आर्थिक विकास एवं स्थानीय बासिन्दाहरूको आर्थिकस्तर उठाउन समेत मद्दत पुग्दछ ।

१३.१२१ मुलुकमा रहेका विविध जात-जाति, भाषा-भाषी, धर्म, कला, संस्कृति, इतिहास एवं ऐतिहासिक धरोहरहरूको संरक्षण र विकास गर्न भौतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन तथा अभौतिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र निरन्तरतालगायत धार्मिक स्थलहरूको एकीकृत विकास, पुरात्तात्विक स्थलहरूको उत्खनन् एवं संरक्षण गरिनु जरुरि छ । त्यस्तै, पुरात्तात्विक वस्तुहरूको प्रदर्शनी, विभिन्न जातजाति एवं सामुदायका लोप भइसकेका र लोपोन्मुख सामग्रीहरूको संरक्षण एवं सम्वर्द्धन गरी त्यस्ता ज्ञान एवं सीपहरूको जनमानसमा जानकारी गराउन र पर्यटकहरूलाई त्यसतर्फ आकर्षित गराउन सक्नुमा नै आर्थिक विकासका प्रचुर सम्भावनाहरू रहेका हुन्छन् । समग्र भौतिक एवं अभौतिक सम्पदाहरूको संस्थागत विकासका लागि राष्ट्रिय संस्कृति नीति, २०६७ जारी गरिनुका

साथै अभौतिक साँस्कृतिक सम्पदा परिषद्को गठन गरी मुलुकभरी छरिएर रहेका ९२ भन्दा बढी भाषाभाषी र १ सय ३ जातिहरूको अभौतिक सम्पदाहरूको संरक्षण नीति तर्जुमा गरी ति सम्पदाहरूको विकास गर्ने उद्देश्यले कानुनी व्यवस्था एवं आर्थिक स्रोत उपलब्ध गराउने कार्य हुँदै आएको छ। आर्थिक वर्ष २०६७/६८ र २०६८/६९ मा सञ्चालित संस्कृति प्रवर्द्धन, पुरात्तात्विक स्थल सुधार र विश्व सम्पदा संरक्षण आयोजना जस्ता कार्यक्रमहरू लक्ष्यअनुसार प्रगति हासिल भइरहेको छ। जसका कारण विभिन्न जातिहरूको विचमा सद्भाव र आत्मगौरवलाई अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। चालु आ. व. २०६८/६९ मा सञ्चालित वार्षिक कार्यक्रमहरूमा विश्व सम्पदा स्थलतर्फ भएको खर्चले पर्यटकहरूको आगमनमा उल्लेख्य बृद्धि भएको छ। त्यसैगरी सँग्रहालयहरूको संरक्षण र सम्वर्द्धनबाट स्वदेशी एवं विदेशी पर्यटकहरूको सँग्रहालयहरूप्रति रुचि पनि बढ्दै गएको छ।

स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय निकायबाट सामाजिक विकासतर्फ भएका प्रयासहरु

१३.१२२ समाजका जेष्ठ नागरिक, एकल महिला, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति एवं अशक्त अपाङ्गता भएका नागरिकहरूको सामाजिक सुरक्षासम्बन्धी व्यवस्थालाई सुनिश्चित गर्न तथा सहज जीवनयापनका लागि सहयोग पुऱ्याउने लक्ष्य लिई सामाजिक विकासका निम्न कार्यक्रमहरू सञ्चालित छन् :

पञ्जीकरण कार्यक्रम

१३.१२३ स्थानीय निकाय (गाउँ विकास समिति/नगरपालिकाको कार्यालय) मा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमार्फत् जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँसराइका घटना दर्ता गरी प्रमाणपत्र दिने कार्य हुदै आएकोमा आर्थिक वर्ष २०६७/६८ देखि नगरपालिकाको हकमा वडामा कार्यरत वडासचिवलाई स्थानीय पञ्जिकाधिकारीको रूपमा तोकी व्यक्तिगत घटना दर्ता गरिने कार्यको प्रारम्भ गरिएको हो। आर्थिक वर्ष २०६८/६९ मा व्यक्तिगत घटना दर्ताका अभिलेखहरू व्यवस्थित गरी राख्न एशियाली विकास बैंकको सहयोगमा आर्थिक वर्ष २०६७/६८ देखि JFPR Capacity Building for the Promotion of Legal Identity among the Poor in Nepal कार्यक्रम इलाम, झापा, काठमाडौं, ललितपुर भक्तपुर, मुस्ताङ्ग, पाल्पा, रूपन्देही, दाङ्ग र कैलाली जिल्लामा सञ्चालनमा रहेको छ। व्यक्तिगत घटना दर्ता गर्ने निर्देशन (व्यक्तिगत घटना दर्ताका परिपत्रहरूको संकलनसमेत) २०६७ प्रकाशन गरी जिल्लामा वितरण गरिएको थियो। व्यक्तिगत घटना दर्ताको महत्व र अपरिहार्यतालाई ध्यानमा राखी कार्य प्रणालीमा प्रभावकारिता अपनाउन स्थानीय पञ्जिकाधिकारीहरूलाई मन्त्रालयको तर्फबाट तालिमको व्यवस्था हुदै आएको छ। नेपाल सरकारले बैशाख १ गतेलाई व्यक्तिगत घटना दिवसको रूपमा विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ। वि.सं. २०६७ सालसम्मको र चालु आर्थिक वर्ष २०६८/६९ को फागुन महिनासम्मको व्यक्तिगत घटना दर्ताका विवरण तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १३ (ञ्झ): व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण

क्र.सं	व्यक्तिगत घटना	विवरण	वि.सं. २०६७	आर्थिक वर्ष २०६८/६९ फागुन मसान्तसम्म (जिल्लाबाट प्राप्त विवरणअनुसार)
१.	जन्म दर्ता	महिला	३३२५५६	१०९३१६
		पुरूष	३७४१६०	१२५५२७
		जम्मा	७०६६८६	२३४८४३
२.	मृत्यु दर्ता	महिला	३७८१२	१३०९७
		पुरूष	५९७०८	४२३६९
		जम्मा	९७५२०	५५४६६
३.	विवाह		१८३४३६	७३०२९
४.	सम्बन्ध विच्छेद दर्ता		३३९	१२३
५.	वसाईसराई दर्ता		८६०१२	३२१७९
	वसाई सरी गएको संख्या		१३९२६८	५०८१३
	वसाई सरी आएको संख्या		१७६९२१	५९८५९
	वसाईसराई गर्नेको जम्मा संख्या		३१६१८९	११०६७२

स्थानीय विकास मन्त्रालय अन्तर्गतका समावेशी विकासतर्फका कार्यक्रमहरु

१३.१२४ समावेशी विकासको अवधारणअनुरूप आदिवासी/जनजाति, उपेक्षित, उत्पिडित र दलित, मधेशी, मुश्लिम, पिछडा वर्गका अतिरिक्त दुर्गम एवं विशेष क्षेत्र, गुम्बा व्यवस्था विकास कार्यक्रम र महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्य योजना जस्ता कार्यक्रमहरू सन्चालनमा ल्याइएको छ। यसैगरी महिलाको विकास विना राज्यको समग्र विकास हुन नसक्ने भएकोले हरेक योजना तथा कार्यक्रममा महिलामैत्री र लैङ्गिक समानतामुखी कार्यक्रमहरूलाई अनिवार्य गरिएको छ। यसको निम्ति स्थानीयस्तरमा जिल्ला विकास समितिलाई समावेशी विकासको सम्पर्क विन्दुको रूपमा स्थापित गर्न आवश्यक नीतिगत एवं संस्थागत विकासका प्रयासहरू भइरहेका छन्।

लोपोन्मुख आदिवासी/जनजाति उत्थान र चेपाङ विकास कार्यक्रम

१३.१२५ देशभित्र विभिन्न भागमा बसोबास गर्ने आदिवासी, जनजाति तथा चेपाङ्गहरूको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास एवं उत्थान गरी उनीहरूलाई राष्ट्रिय विकासको मूलप्रवाहमा सहभागी गराउने कार्यमा सहयोग पुऱ्याउने एवं तिनीहरूको रहनसहन तथा भाषा संस्कृतिको सम्बर्द्धन एवं विकास गर्ने उद्देश्यले सञ्चालनमा रहेको यस कार्यक्रमबाट २०६७/६८ मा ७९ वटा मातृभाषाको संरक्षण गर्ने कार्य भएको, ३४६ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको, ३ सय ५५ जनालाई विभिन्न तालिम प्रदान गरिएको थियो भने ४६ वटा आदिवासी जनजातिहरूको साँस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन कार्यक्रम सञ्चालन गरिएको थियो। चालु आर्थिक वर्षको प्रथम ८ महिनामा क्षमता अभिवृद्धि कार्यक्रम ११ वटा, संस्थागत व्यवस्थापन प्रशिक्षण कार्यक्रम ७

वटा, चेतना अभिवृद्धि तथा सशक्तिकरण ३४ वटा र अपाङ्ग उत्थान कार्यक्रम ७ वटा सम्पन्न भएका छन् भने चेपाङ्ग विकास कार्यक्रम ६ जिल्लामा सञ्चालनमा रहेको छ ।

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान कार्यक्रम

१३.१२६ सामाजिक एवं आर्थिकरूपले अत्यन्तै पिछडिएको अवस्थामा रहेको दलित समुदायको समग्र विकास गरी उनीहरूलाई विकासको मूलप्रवाहमा ल्याउने गरी सञ्चालित यो कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६७/६८ मा २०६६ सालको प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने २४ जना दलित छात्र/छात्राहरूलाई जेहेन्दार विद्यार्थी पुरस्कार प्रदान गरिएको छ भने ५ विकास क्षेत्रका स्थानीय एफएमहरूबाट १ सय ६० पटक चेतनामूलक कार्यक्रम सन्चालन भएको छ । सिन्धुली, अर्घाखाँची, गुल्मी, नवलपरासी, वाँके र प्यूठान जिल्लाका दलित वस्तीमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी ७ हजार जनालाई स्वास्थ्य सेवा पुऱ्याईएको थियो । गरीब एवं जेहेन्दार २ सय जना दलित विद्यार्थीहरूलाई छात्रबृत्ति प्रदान गरिएको छ । ९ जिल्लाका १ हजार जना दलित विद्यार्थीलाई शैक्षिक सामग्री वितरण भएको छ । त्यस्तै, विभिन्न जिल्लाका ६ स्थानमा ६० जना दलित युवायुवतीहरूलाई रोजगारमूलक तालिम दिइएको छ । चालु आर्थिक वर्षको प्रथम ८ महिनामा उच्च शिक्षा छात्रवृत्ति १ सय ५४ जनालाई स्वास्थ्य शिविर ३ वटा, खानेपानी योजना निर्माण सम्पन्न ५० वटा र रोजगारमूलक तालिम कार्यक्रम ७ पटक सम्पन्न भएका छन् ।

मधेशी-पिछडा वर्ग र मुस्लिम उत्थान कार्यक्रम

१३.१२७ मधेशी, मुस्लिम एवं पछाडि परेका वर्ग र अन्य अल्पसंख्यकहरूको हित अनुकुल नीति निर्माण गरी उनीहरूको आर्थिक, सामाजिक र साँस्कृतिक स्थितिमा सुधार गर्ने हेतुले नेपाल सरकारको आफ्नै स्रोतमा आर्थिक वर्ष २०६४/६५ देखि २६ जिल्लामा यो कार्यक्रम सञ्चालनमा आएको हो । आर्थिक वर्ष २०६७/६८ मा जिल्ला विकास समितिमार्फत् लक्षित समूहमा रोजगारीमूलक एवं सचेतना कार्यक्रम, प्रजनन स्वास्थ्य, स्वास्थ्य शिक्षा, सरसफाइ, भाषा प्रशिक्षण, साक्षरता तथा शैक्षिक प्रोत्साहन कार्यक्रम, संस्थागत विकास कार्यक्रमहरू सञ्चालन गरिएको थियो । आर्थिक वर्ष २०६८/६९मा सम्बन्धित जिल्ला विकास समितिहरूबाट कार्यक्रम स्वीकृत गरी योजना कार्यान्वयन भइरहेका छन् भने एकल महिला उत्थान कार्यक्रम, मगई भाषा तथा मगई रेडियो कार्यक्रम सञ्चालन भएका छन् ।

राष्ट्रिय दलित आयोग

१३.१२८ दलितहरूको हक हित संरक्षण र समग्र विकासको लागि गठन भएको राष्ट्रिय दलित आयोगले मुख्यत दलितसम्बन्धी नीति निर्माण गर्ने, दलितहरूको परम्परागत सीपको अध्ययन गर्ने, भूमिहीन दलितको तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने, सामाजिक जागरण र न्यायसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, दलितसम्बन्धी कार्यक्रमहरूको समन्वय र संयोजन गर्ने तथा दलित तथ्याङ्क स्रोत केन्द्रको विकास गर्ने जस्ता कार्यहरू २०५८ साल देखि गर्दै आएको छ । आर्थिक वर्ष २०६७/६८ मा दलित जातीय अनूसूची

अद्यावधिक गरिएको, सेवा प्रदायकलाई दलित मैत्री बनाउन पाँच वटा अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको, दलित सूचना केन्द्र प्रवर्द्धन तथा विस्तार गरिएको, अन्तरजातीय विवाह गरेका जोडीहरूको प्रोफाईल निर्माण भएको, जनगणना २०६८ को सन्दर्भमा दलित समुदायको वास्तविक तथ्याङ्क तथा स्थितिको लागि सरोकारवालाहरूसँग समन्वय भएको एवं जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो भने चालु आर्थिक वर्ष को प्रथम ८ महिनामा आयोगको मानव स्रोत क्षमता अभिवृद्धि १ पटक , दलितमैत्री अभिमुखीकरण कार्यक्रम तथा दलित सवालमा विभिन्न सरकारी निकाय, गैरसरकारी संस्थासँग समन्वयका लागि छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ ।

दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम

१३.१२९ नेपालका उत्तरी भू-भागका सीमावर्ती जिल्लाहरू र भौगोलिक दृष्टिकोणले अत्यन्त विकट एंव आर्थिक दृष्टिकोणले अत्यन्त पिछडिएका २२ जिल्लामा गरिबी निवारणलाई सघाउ पुऱ्याउने गरी लक्षित कार्यक्रमको रूपमा दुर्गम क्षेत्र विकास कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष ०६७/६८ मा ८ वटा झोलुङ्गे पुल निर्माण, ४ वटा सिँचाइ आयोजना, ६ किलो मिटर घोडेटो बाटो निर्माण १० वटा खानेपानी आयोजना र १२ वटा विद्युतीकरण आयोजना सम्पन्न भएका थिए । चालु आर्थिक वर्ष २०६७/६८ को फागुन मसान्तसम्ममा ३ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न, २ वटा विद्युतीकरण आयोजना र १६.५ किलो मिटर घोडेटो बाटो निर्माण सम्पन्न भएको छ ।

गुम्वा व्यवस्था तथा विकास कार्यक्रम

१३.१३० देशभित्र छरिएर रहेका गुम्वा तथा गुम्वामा रहेका महत्वपूर्ण पुरातात्विक वस्तु तथा सार्वजनिक सम्पत्तिहरूको संरक्षण, सम्बर्द्धन र विस्तार गर्न यो कार्यक्रम सञ्चालन भएको हो । आर्थिक वर्ष २०६७/६८ मा यस कार्यक्रम अन्तर्गत ४२ वटा गुम्बा मर्मत सम्भार, २ पटक लामा देशदर्शन कार्यक्रम, ८ जिल्लामा गुम्बा सर्वेक्षण कार्य, १० पटक प्राचीन गुम्बाहरूको प्राविधिक अध्ययन अनुसन्धान कार्य सम्पन्न भएको थियो । चालु आर्थिक वर्ष २०६८/६९ को ८ महिनामा गुम्बा सर्भेक्षण २ जिल्ला, लामा अध्ययन भ्रमण १ पटक, धर्मदेशना १ पटक तथा साँस्कृतिक संरक्षण कार्यक्रम १ पटक सम्पन्न भएको छ ।

स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालित जनशक्ति तथा संस्थागत विकास कार्यक्रम

१३.१३१ स्थानीय निकायहरूको संस्थागत क्षमता अभिवृद्धि अतिरिक्त, मानवीय क्षमता अभिवृद्धिबाट नै विकास निर्माणका क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न सकिने भएकोले जनशक्ति व्यवस्थापन र विकासलाई प्रमुखताका साथ अगाडि बढाउन देहायका कार्यक्रम सञ्चालनमा रहेका छन् :

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

१३.१३२ स्थानीय निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि तालिम अनुसन्धान परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले प्रतिष्ठानबाट कार्यक्रम सञ्चालन हुदै आएको छ। आर्थिक वर्ष २०६७/६८ मा गाउँ विकास समिति सञ्चालन तथा व्यवस्थापन सेवाकालीन प्रशिक्षण २ सय ३६ जनालाई, सुशासन लेखा तथा कार्यलय व्यवस्थापन प्रशिक्षण २ सय ६८ जनालाई लैङ्गिक तथा सामाजिक समावेशीकरण १ सय ५० जनालाई, सहभागितामूलक योजना कार्यान्वयन , अनुगमन र मूल्याङ्कन ७९ जनालाई विकास व्यवस्थापन, महिला सशक्तिकरण र सामाजिक परिचालन ६९ जनालाई प्रशिक्षित गराइएको थियो। १५ जिल्ला विकास समिति तथा १६ नगरपालिकाहरूको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन गरिएको थियो। आर्थिक वर्ष २०६८/६९ को प्रथम आठ महिनामा गाउँ विकास समितिका सचिवहरूलाई गाउँ विकास समिति सञ्चालन तथा व्यवस्थापन विषयक ३५ दिने सेवाकालीन प्रशिक्षण १ सय ५४ जनालाई, सुशासन प्रवर्द्धन, सामाजिक समावेशीकरण लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशिकरण विषयक प्रशिक्षणहरू ८० जनालाई , कार्यालय व्यवस्थापन तथा वित्तिय व्यवस्थापन र प्रभावकारी सेवा विषयक प्रशिक्षण ९२ जनालाई प्रदान गरिएको छ।

१४. सार्वजनिक संस्थान तथा निजीकरण

१४. सार्वजनिक संस्थान तथा निजीकरण

१४.१ सामाजिक उत्तरदायित्व बहन गर्न, नयाँ प्रविधि भित्र्याउन र देश विकासको प्रारम्भिक चरणमा निजी क्षेत्रमा हुने पुँजी तथा उद्यमशीलताको अभावलाई पूरा गर्न स्थापना गरिएका सार्वजनिक संस्थानहरूको देश विकासमा महत्वपुर्ण भूमिका हुन्छ। नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा सञ्चालित सार्वजनिक संस्थानहरूको भौतिक र वित्तीय प्रगतिको कार्य सम्पादन समीक्षा देहाय बमोजिम रहेको छ :

सञ्चालन आय

१४.२ सरकारी स्वामित्वमा सञ्चालित ३७ वटा सार्वजनिक संस्थानहरूको कुल संचालन आय आ.व.२०६६/६७ मा रू. १ खर्व ३० अर्व ९८ करोड ३२ लाख पुगेकोमा आर्थिक वर्ष २०६७/६८ मा १५.९३ प्रतिशतले वृद्धि भई रू. १ खर्व ५१ अर्व ८५ करोड ४४ लाख पुग्न गएको छ।


नाफा नोक्सान

१४.३ आर्थिक वर्ष २०६७/६८ मा २१ वटा सार्वजनिक संस्थानहरू खुद नाफामा छन् भने १४ वटा संस्थानहरू खूद घाटामा संचालित छन्। जसमा नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. र जलविद्युत लगानी तथा विकास कम्पनी लि.को कारोवार नभएको स्थिति छ। यी ३७ वटा सार्वजनिक संस्थानहरूको खुद नाफा आर्थिक वर्ष २०६६/६७ मा रू. १० अर्व ५५ करोड ८६ लाख रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा रू. ६ अर्व ६७ करोड ६५ लाख पुगेको छ। यसरी गत सालभन्दा खुद नाफा घट्नुमा नेपाल विद्युत प्राधिकरणको रू. ६ अर्ब ९ करोड र नेपाल आयल निगमको रू. ५ अर्ब ११ करोड नोक्सान हुनु नै मुख्य कारण देखिन्छ।

ऋण तथा शेयर लगानी

१४.४ आर्थिक वर्ष २०६७/६८ सम्म ३७ वटा सार्वजनिक संस्थानहरूमा सरकारको शेयर लगानी

चार्ट १४ (क) : सार्वजनिक संस्थानको वित्तिय अवस्था



रू. ९२ अर्व १९ करोड १६ लाख रहेको छ भने कूल ऋण लगानी रू. ९५ अर्व १६ करोड ९२ लाख रहेको छ । गत वर्ष यी संस्थानहरूमा शेयर लगानी रू. ८२ अर्व ७५ करोड ७२ लाख र ऋण लगानी रू. ८४ अर्व ९१ करोड ६३ लाख रहेको थियो । यसबाट सरकारको शेयर लगानी ११.४० प्रतिशतले र ऋण लगानी १२.०७ प्रतिशतले बढेको देखिन्छ ।

शेयरधनी कोष

१४.५ आर्थिक वर्ष २०६७/६८ मा ३७ वटा सार्वजनिक संस्थानहरूको कूल शेयरधनी कोष रू. १ खर्ब ९९ करोड ३ लाख रहेको छ । यो रकम गत वर्षको भन्दा २६.३७ प्रतिशतले बढी हो । मुख्यरुपमा वित्तीय र जनोपयोगी क्षेत्रका संस्थानहरूको शेयरधनी कोष वृद्धि हुनुको कारणले समग्रमा शेयरधनी कोषमा सुधार देखिएको हो ।

संस्थानहरूको खुद स्थिर सम्पत्ति

१४.६ आर्थि वर्ष २०६६/६७ मा ३७ वटा संस्थानहरूको खूद स्थिर सम्पत्ति रू. १३९ अर्व ३६ करोड रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा घट्न गई रू. ११८ अर्व २७ करोड ६५ लाख पुगेको छ । यस वर्ष सेवा र जनोपयोगी क्षेत्रले खूद स्थिर सम्पत्ति घटाएको कारणले समग्रमा खूद स्थिर सम्पत्ति गत सालभन्दा घट्न गएको हो ।

सरकारी लगानी र प्राप्त लाभांश

१४.७ आर्थिक वर्ष २०६६/६७ मा नेपाल सरकारलाई रू. ४ अर्ब ८० करोड ४९ लाख लाभांश प्राप्त भएकोमा आर्थिक वर्ष २०६७/६८ मा रू. ५ अर्व ४९ करोड ७२ लाख प्राप्त भएको छ । यो सरकारी लगानीको ५.९६ प्रतिशत हुन आउँछ । गत वर्षको दाँजोमा लाभांशको अंकमा वृद्धि भएको देखिए तापनि यसमा नेपाल दूर संचार कम्पनीको मात्रै एक्लो योगदान रहेको अवस्था छ ।

राजस्व र कूल गार्हस्थ उत्पादनमा सार्वजनिक संस्थानको योगदान

१४.८ सरकारले आर्थिक वर्ष २०६७६८ मा संकलन गरेको कूल राजस्व रू. १ खर्व ९९ अर्व ८२ करोडमा ३७ वटा सार्वजनिक संस्थानहरूवाट प्राप्त लाभांशको अंश २.७५ प्रतिशत रहेको छ । संस्थानमा सरकारले गरेको लगानीको अनुपातमा सरकारलाई प्राप्त प्रतिफल ५.९६ प्रतिशत मात्र भएकाले लाभांशको रुपमा आउने प्रतिफल दर प्रचलित ब्याजदर भन्दा न्यून रहेको देखिन्छ । आर्थिक वर्ष २०६७/६८ को कूल गार्हस्थ उत्पादन रू. १३ खर्व ६९ अर्व ४३ करोड रहेकोमा सार्वजनिक संस्थानहरूको कूल संचालन आयको योगदान ११.०९ प्रतिशत रहेको छ । सार्वजनिक संस्थानहरू मध्ये सबैभन्दा बढी व्यापारिक क्षेत्रको संचालन आय कूल गार्हस्थ उत्पादनको ५.५८ प्रतिशत छ भने सबैभन्दा न्यून अंश सामाजिक क्षेत्रको रहेको छ, जुन ०.०९ प्रतिशत रहेको छ । सरकारले सार्वजनिक संस्थानहरूमा आर्थिक वर्ष २०६७/६८ मा प्रवाह गरेको ऋण यसै वर्ष २०६७/६८ को कूल सरकारी खर्च रू.२ खर्ब ९५ अर्बमा ३.५१ प्रतिशत रहेको छ भने पूँजीगत खर्च रू.१ खर्ब ०८ अर्बमा यो आ.व.मा प्रवाहित ऋण ९.५७ प्रतिशत रहेको देखिन्छ ।

क्षेत्रगत बिश्लेषण

औद्योगिक क्षेत्र

१४.९ यस क्षेत्रमा संचालित सात वटा संस्थानहरूले गत वर्षको दाँजोमा कूल संचालन आयमा १.७४ प्रतिशतले वृद्धि गरी जम्मा रू. ४ अर्व ८० करोड ७८ लाख मूल्य बरावरको संचालन आय आर्जन गरेका छन् । नेपाल औषधि लि., हेटौडा सिमेण्ट उद्योग र नेपाल ओरिण्ड म्याग्नेसाइट लि.को गत वर्षको दाँजोमा संचालन आय क्रमशः ५३.२६ प्रतिशत, २६.९३ र १०० प्रतिशतले घटेको देखिन्छ । यसको विपरित दुग्ध विकास संस्थान तथा उदयपुर सिमेण्ट उद्योग लि.को भने गत वर्षको दाँजोमा संचालन आय क्रमशः ११.३६ प्रतिशत र ६.०३ प्रतिशतले बढेको देखिन्छ । कूल संचालन आयमा वृद्धि भएको देखिए तापनि समग्ररुपमा यस क्षेत्रका संस्थानहरूले रू. ४२ करोड ८८ लाख नोक्सान व्यहोर्नु परेको देखिन्छ । यस क्षेत्रका संस्थानमध्ये दुग्ध विकास संस्थानले सबभन्दा बढी रू. ८ करोड ४९ लाख मुनाफा आर्जन गरेको छ भने जनकपुर चुरोट कारखाना लिमिटेडले सबभन्दा बढी रू. २१ करोड ८१ लाख नोक्सान गरेको देखिन्छ । जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लि.ले गत बर्ष नोक्सान गरेको भए पनि यस वर्ष मुनाफा आर्जन गरेको देखिन्छ । यस क्षेत्रका संस्थानहरूको खूद स्थिर सम्पत्ति रू. ३ अर्व ९६ करोड ८१ लाख मूल्य बराबरको छ । यस्तो सम्पत्ति गत वर्षको दाँजोमा रू. ४७ करोड ५९ लाखले घटेको छ । औद्योगिक संस्थानहरूको कूल ऋण गत वर्ष रू. ४ अर्व ३६ करोड ६ लाख रहेकोमा यस वर्षको अन्त्यमा यस क्षेत्रका संस्थानहरूले तिर्नुपर्ने ऋण रू. ३० करोड ४५ लाखले घटेर रू. ४ अर्व ५ करोड ६१ लाख पुगेको देखिन्छ । यस क्षेत्रका संस्थानहरूको शेयरधनी कोष रू. १ अर्व ८९ करोड १६ लाखले ऋणात्मक रहेको देखिन्छ । गत वर्षको दाँजोमा रू. ६ करोड ४४ लाखले ऋणात्मकतामा वृद्धि भएकोले समग्र औद्योगिक क्षेत्रको प्रगति सुधारोन्मुख हुन सकेको देखिंदैन । यस क्षेत्रमा कार्यरत कर्मचारी संख्या गत वर्ष ३ हजार ८ सय ७७ रहेकोमा आर्थिक वर्ष २०६७/६८ मा सो संख्या ३ हजार ६ सय ७३ कायम भएको देखिन्छ ।

ब्यापारिक क्षेत्र

१४.१०यस क्षेत्रमा छ वटा संस्थान संचालनमा रहेका छन् । यी संस्थानले आर्थिक वर्ष २०६७/६८ मा रू. ७६ अर्व ४७ करोड १५ लाखको संचालन आय गरी गत वर्षको भन्दा २५.५ प्रतिशतले संचालन आय वृद्धि गरेपनि यस क्षेत्रले रू. ५ अर्व ७ करोड ५५ लाख नोक्सानी ब्यहोरेको छ । मूलतः नेपाल आयल निगमको सञ्चालन आय बढ्न गएको कारणले कूल संचालन आयमा वृद्धि देखिएको हो । नेपाल आयल निगमकै नोक्सानीका कारणले यो क्षेत्रको नोक्सानीमा गत वर्षको तुलनामा झन वृद्धि हुन गएको देखियो । नेपाल आयल निगमको यस आ.व.को संचालन घाटा रू. ५ अर्व १० करोड ७४ लाख पुगेको छ । पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रियरुपमा मूल्य वृद्धि हुँदै जानु तर नेपाली बजारमा खरिद मूल्य अनुसारको समायोजित बिक्री मूल्य कायम नहुने अवस्थाले यस्तो घाटा हुन गएको हो । जसको कारण यो क्षेत्र समग्रमा नोक्सान अवस्थामा रहन गएको देखिन्छ । गत वर्ष यस क्षेत्रका संस्थानहरूको कूल ऋण रू. ११ अर्व ७० करोड रहेकोमा

यस वर्ष सोमा वृद्धि हुन गई रू. १६ अर्व ६९ करोड २५ लाख पुगेको छ। यस क्षेत्रमा सबभन्दा बढी सरकारी ऋण नेपाल आयल निगमको रू. १६ अर्व ५२ करोड १० लाख देखिन्छ भने सबभन्दा कम दि टिम्वर कर्पोरेशन अफ नेपाल लि. को रू. ५ करोड ७७ लाख देखिन्छ। कृषि सामग्री कम्पनी लि. र राष्ट्रिय बीउ बिजन कम्पनी लि.ले सरकारबाट ऋण लिएको देखिदैंन। यस क्षेत्रका छ वटा संस्थानको खूद स्थिर सम्पत्ति रू. २ अर्व ८ करोड ५४ लाख रहेको छ। जसमा सबभन्दा बढी कृषि सामग्री कम्पनी लि.को रू. ७५ करोड ५० लाख र सबभन्दा न्यून नेशनल ट्रेडिङ्ग लि. को रू. २ करोड ५४ लाख रहेको छ। ब्यापारिक क्षेत्रको समग्र शेयरधनी कोष रू. ११ अर्व ७८ करोड ५२ लाखले ऋणात्मक देखिनुमा नेपाल आयल निगमको अंश नै रू. १२ अर्व ७० करोड ६६ लाख हुनुले हो जबकि कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ बिजन कम्पनी लि. र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.को शेयरधनी कोष धनात्मक रहेको छ। यस क्षेत्रका संस्थानहरूमा कार्यरत कर्मचारीहरूको संख्या २ हजार २ सय ४ रहेको छ जुन आर्थिक वर्ष २०६६/६७ को तुलनामा २ सय १३ जनाले कम हो।

सेवा क्षेत्र

१४.११ यस क्षेत्रका सात वटा संस्थानहरूको संचालन आय आ.व. २०६६/६७ मा रू. ८ अर्व १० करोड १२ लाख रहेकोमा आ.व. २०६७/६८ मा रू. १८ करोड १७ लाख बढ्न गई रू.८ अर्व २८ करोड २९ लाख पुगेको छ। नेपाल वायुसेवा निगमको सबैभन्दा बढी रू. ५ अर्व २९ करोड ९२ लाखको र दोस्रोमा नेपाल नागरिक उड्डयन प्राधिकरणको रू. २ अर्व ५६ करोड ९८ लाख संचालन आय देखिन्छ। यस क्षेत्रका संस्थानहरूको खूद मुनाफा आ.व. २०६६/६७ मा रू. ३६ करोड रहेकोमा आ.व. २०६७/६८ मा रू. ४३ करोडले बढ्न गई रू. ७९ करोड पुगेको छ। सबैभन्दा बढी नेपाल नागरिक उड्डयन प्राधिकरणको गत आ.व.को तुलनामा खूद मुनाफा रू. ५२ करोड ५ लाखले बढ्न गएकोले समग्रमा यस क्षेत्रको खूद मुनाफामा अघिल्लो आ.व. को तुलनामा वृद्धि भएको देखिएको हो। नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि., राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. र नेशनल कन्स्ट्रक्सन कम्पनी लि. बाहेक अन्य संस्थाहरूले खूद नाफा आर्जन गरेका छन्।

१४.१२ सेवा क्षेत्रका संस्थानहरूको खूद स्थिर सम्पत्ति रू. १० अर्व ४९ करोड २६ लाख रहेको छ। सेवा क्षेत्रका संस्थानहरूमा नेपाल सरकारको तर्फबाट ऋण लगानी रू. ५ अर्व ५७ करोड ६६ लाख पुगेको छ। सबैभन्दा बढी नेपाल नागरिक उड्डयन प्राधिकरणलाई रू. ५ अर्व १९ करोड २३ लाख ऋण उपलब्ध गराइएको छ। आ.व. २०६७/।६८ मा सेवा क्षेत्रका संस्थानहरूको शेयरधनी कोष रू. १० अर्व ६४ करोड ९४ लाख रहेको छ , जुन अघिल्लो आ.व.मा उक्त कोष रू. ९ अर्व ६४ करोड ९६ लाख रहेको थियो। आ.व. २०६६/६७ मा यस क्षेत्रका संस्थानहरूमा कूल २७४७ जना कर्मचारीहरू कार्यरत रहेकोमा आ.व. २०६७/६८ को अन्त्यसम्ममा २३ जनाले घटेर कूल २७२४ जना कायम हुन आएको छ।

सामाजिक क्षेत्र

१४.१३ सामाजिक क्षेत्रका पाँचवटा संस्थानहरूले आ.व.२०६६/६७ मा रू. १ अर्व २८ करोड ५३ लाख संचालन आय प्राप्त गरेकोमा आ.व.२०६७/६८ मा रू. ५३ लाखले ह्रास हुन गई कूल संचालन आय रू. १ अर्व २८ करोड पुगेको छ। गोरखापत्र संस्थान र नेपाल टेलिभिजनको संचालन आय गत आ.व.को तुलनामा क्रमश ८.८२ र ४.९८ प्रतिशतले वृद्धि भएको छ भने जनक शिक्षा सामग्री केन्द्र लि., सांस्कृतिक संस्थान र ग्रामिण आवास कम्पनी लि.को क्रमशः २.०७, ५१.५१ र ४६.४३ प्रतिशतले घट्न गएको छ। आ.व. २०६६/६७ मा यस क्षेत्रका संस्थानहरूले रू. १५ करोड २२ लाख खूद नोक्सान व्यहोरेकोमा आ.व. २०६७/६८ मा उक्त रकम घट्न गई रू. ९ करोड ७८ लाखमा झरेको छ। नेपाल टेलिभिजनको खूद नोक्सान गत बर्षको तुलनामा उल्लेखनीय रुपले घटेको छ। आर्थिक बर्ष २०६६/६७ मा उक्त संस्थानको खूद नोक्सान रू.८ करोड २७ लाख रहेकोमा आर्थिक बर्ष २०६७/६८ मा रू. ४ करोड ५३ लाख खूद नोक्सान रहेको छ। यस क्षेत्रमा गोरखापत्र संस्थान र ग्रामीण आवास कम्पनी लि. नाफामा रहेका छन् भने बाँकी अन्य तीन वटा संस्थानहरू नोक्सानमै छन्। यस क्षेत्रका संस्थानहरूको खूद स्थिर सम्पत्ति आ.व. २०६७/६८ मा रू. ९१ करोड ६७ लाख रहेको छ, जुन गत आ.व.मा रू. ९८ करोड ६५ लाख रहेको थियो। यसरी यस क्षेत्रको संस्थानहरूको खूद स्थिर सम्पत्ति अघिल्लो आ.व. को तुलनामा रू. ६ करोड ९८ लाखले घट्न गएको छ। आ.व. २०६७/६८ मा यस क्षेत्रका संस्थानहरूको कूल ऋण रू. २२ करोड ४३ लाख रहेको छ। यस क्षेत्रका पाँच वटा संस्थानहरू मध्ये सांस्कृतिक संस्थानले मात्रै नेपाल सरकारको तर्फबाट ऋण प्राप्त गरेको देखिन्छ। आ.व. २०६६/६७ मा यस क्षेत्रका संस्थानहरूको शेयर धनी कोष रू. १ अर्व १४ करोड ९९ लाख रहेकोमा आ.व. २०६७/६८ मा रू. ६२ लाखले बढेर रू. १ अर्व १५ करोड ६१ लाख पुगेको छ। साँस्कृतिक संस्थानको शेयरधनी कोष रू. २ करोड ३५ लाखले ऋणात्मक देखिन्छ भने अन्य संस्थानहरूको शेयरधनी कोष धनात्मक नै रहेको देखिन्छ। आ.व. २०६६/६७ मा यस क्षेत्रका संस्थानहरूमा कूल कर्मचारी संख्या २०३७ जना रहेकोमा आ.व.२०६७/६८ मा २३ जना कर्मचारी संख्या बढ्न गई कूल कर्मचारी संख्या २०६० पुगेको छ।

जनोपयोगी क्षेत्र

१४.१४ यस क्षेत्रमा नेपाल विद्युत प्राधिकरण, नेपाल खानेपानी संस्थान र नेपाल दूर संचार कम्पनी गरी तीन वटा संस्थान संचालित छन्। यस क्षेत्रका संस्थानहरूको कूल संचालन आय गत वर्षको दाँजोमा ५.०४ प्रतिशतले वृद्धि भई रू. ४४ अर्व ६२ करोड ८१ लाख पुग्न गएको छ। आर्थिक वर्ष २०६७/६८ मा सबभन्दा बढी संचालन आय गर्ने नेपाल दूरसंचार कम्पनीले रू. २६ अर्व ४० करोड ९५ लाख आय गरेको छ भने नेपाल खानेपानी संस्थानले सवभन्दा न्यून रू. २७ करोड १८ लाख आय आर्जन गरेको छ। यस क्षेत्रका संस्थानहरूको समग्र नाफा नोक्सानको बिवेचना गर्दा गत वर्ष रू. ६ अर्व ६० करोड ७४ लाख खूद नाफा रहेकोमा यस वर्ष ९.२२ प्रतिशतले ह्रास भई रू. ५ अर्व ९९ करोड ७९ लाख पुग्न गएको छ। नेपाल विद्युत प्राधिकरणले रू. ६ अर्व ८ करोड ९२ लाख नोक्सानी व्यहोरेको छ भने नेपाल खानेपानी संस्थानले रू.३ करोड ३२ लाख

नोक्सानी ब्यहोरेको छ। नेपाल दूरसंचार कम्पनीको रू. १२ अर्व १२ करोड ३ लाख मुनाफाको कारणले यो क्षेत्रलाई नाफामा पुऱ्याएको छ। यस क्षेत्रको खूद स्थिर सम्पत्ति आर्थिक वर्ष २०६६/६७ मा रू. ११९ अर्व ८ करोड ८२ लाख रहेकोमा २०६७६८ को अन्त्यमा रू. ९९ अर्व ७ करोड ६ लाख पुग्न गई रू. २० अर्व १ करोड ७६ लाखले घट्न गएको देखिन्छ। यस क्षेत्रका सबै संस्थानहरूको शेयरधनी कोष धनात्मक रहेको छ। जस अनुसार कूल शेयरधनी कोष रू. ८१ अर्व ४१ करोड ६७ लाखले धनात्मक रहेको देखिन्छ। यस क्षेत्रका संस्थानहरूले तिर्नुपर्ने कूल ऋण रकम रू. ६३ अर्व ५९ करोड ६२ लाख रहेको छ , जसमध्ये नेपाल विद्युत प्राधिकरणको रू. ६२ अर्व ६३ करोड १९ लाख र नेपाल खानेपानी संस्थानको रू. ९६ करोड ४३ लाख रहेको छ।

वित्तीय क्षेत्र

१४.१५ यस क्षेत्रमा नौ वटा संस्थान रहेका छन्। यी संस्थानहरूले गत बर्ष रू. १३ अर्व ४५ करोड ४ लाख मूल्य बराबरको संचालन आय आर्जन गरेकोमा यस बर्ष २१.८१ प्रतिशतले वृद्धि भई जम्मा रू. १६ अर्व ३८ करोड ४१ लाख संचालन आय पुग्न गएको देखिन्छ। यस क्षेत्रमा रहेका नौ वटा संस्थान मध्ये पाँच वटा संस्थानको संचालन आयमा सकारात्मक वृद्धि भएको देखिन्छ भने चार वटा संस्थान नेपाल औद्योगिक विकास निगम, निक्षेप तथा कर्जा सुरक्षण निगम लि, नेपाल स्टक एक्सचेन्ज लिमिटेड र राष्ट्रिय वीमा संस्थान (निर्जिवन तर्फ) को भने संचालन आयमा ह्रास भएको देखिन्छ। संचालन आय बढोत्तरी भएका संस्थानमध्ये राष्ट्रिय वीमा संस्थान (जीवन तर्फ) सबभन्दा बढी ८१.५३ प्रतिशत र ह्रास भएका संस्था मध्ये निक्षेप तथा कर्जा सुरक्षण निगमको सबभन्दा बढी ५२.८३ प्रतिशतले ह्रास भएको देखिन्छ। यस क्षेत्रको खूद नाफा नोक्सान विवेचना गर्दा गत वर्ष यस क्षेत्रको खूद मुनाफा रू. ४ अर्व ७६ करोड ७७ लाख रहेकोमा यस वर्ष १५.१६ प्रतिशतले वृद्धि भई रू. ५ अर्व ४९ करोड ७ लाख पुग्न गएको छ। राष्ट्रिय बाणिज्य बैंकले रू.१ अर्व ७५ करोड ९३ लाख र कृषि विकास बैंकले रू. २ अर्व ३६ करोड ५५ लाख मुनाफा आर्जन गरेका छन् भने सबैभन्दा कम मुनाफा आर्जन गर्ने वित्तीय संस्थानमा नेपाल आवास फाईनान्स लि. रहेको छ, यसले गत वर्ष रू.१ करोड ३८ लाख मुनाफा आर्जन गरेकोमा यस वर्ष रू. ३ करोड १७ लाख मुनाफा गरेको देखिन्छ। घरजग्गा संचालन कारोवारमा वृद्धि भएको लगायतका कारणले यो कम्पनीको मुनाफामा वृद्धि हुन गएको हो। आ.व. २०६६/६७ मा यस क्षेत्रका संस्थानहरूको अन्य दायित्व तथा निक्षेप रू. १ खर्व ३ अर्व ७६ करोड ६४ लाख रहेकोमा यस वर्ष रू. १ खर्व ३५ अर्व ७७ करोड ६२ लाख पुग्न गएको देखिन्छ। यस क्षेत्रका संस्थानहरूले तिर्नुपर्ने ऋण गत वर्ष रू. ६ अर्व ३३ करोड ९७ लाख रहेकोमा यस वर्ष सो रकम वृद्धि भई रू. ७ अर्व ४६ करोड २७ लाख पुगेको देखिन्छ। उक्त ऋण मध्ये राष्ट्रिय बाणिज्य बैंकको रू. ४ अर्व ८१ करोड २८ लाख र कृषि विकास बैंकको रू. २ अर्व ५४ करोड ३७ लाख देखिन्छ। वित्तीय क्षेत्रका संस्थानहरूले आर्थिक वर्ष २०६६/६७ मा रू. ६४ अर्व ६८ करोड ८८ लाख बरावरको कर्जा तथा लगानी गरेकोमा यस वर्षमा वृद्धि भई जम्मा रू. १ खर्व ७ अर्व ३२ करोड ६ लाख बराबरको कर्जा तथा लगानी गरेको देखिन्छ। यस वर्ष कृषि विकास बैकको गत वर्षको दाँजोमा कर्जा तथा लगानी वृद्धि भएको छ भने राष्ट्रिय

बाणिज्य बैकको समेत गत वर्षको दाँजोमा कर्जा तथा लगानीमा उल्लेख्य वृद्धि भएको देखिन्छ । यस क्षेत्रका संस्थानहरूको आ.व. २०६६/६७ मा खूद स्थिर सम्पत्ती रू. १ अर्व ७० करोड ८७ लाख रहेकोमा आ.व. २०६७/६८ मा २.०१ प्रतिशतले वृद्धि भई रू. १ अर्व ७४ करोड ३१ लाख रहेको देखिन्छ । यस क्षेत्रका संस्थानहरूको शेयरधनी कोष यस आर्थिक वर्षमा रू. २१ अर्व ४४ करोड ४९ लाख पुगेको छ । गत वर्ष राष्ट्रिय बाणिज्य बैंकको शेयरधनी कोष रू. १० अर्व ५ करोड ६४ लाखले ऋणात्मक रहेकोमा यस वर्ष सोमा सुधार भई रू. ८ अर्व २० करोड ५३ लाख मात्र ऋणात्मक देखिन्छ । सन् २००३ मा विश्व बैंकको सहयोगमा संचालित वित्तीयक्षेत्र सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय बाणिज्य बैंकको व्यवस्थापन करारमा दिएपश्चात उक्त बैकको शेयरधनी कोषमा क्रमिक सुधार हुँदै आएको छ ।

व्यवस्थापकीय नेतृत्व

१४.१६ सार्बजनिक संस्थानहरूमा उच्च व्यवस्थापन (Top Level Management) र कार्य संचालन जनशक्ति (Functioning Staff) गरी दुई किसिमका जनशक्ति कार्यरत रहेका छन । संस्थानको दैनिक कार्य संचालन गर्न र व्यवस्थापनलाई सहयोग र सल्लाह दिन कार्य संचालनस्तरको जनशक्ति संस्थानको व्यवस्थापनले नियुक्त गर्ने गरेको छ भने उच्च व्यवस्थापनमा कार्यकारी अध्यक्ष र महाप्रबन्धक नेपाल सरकारबाट नियुक्ति हुने गरेको छ । आर्थिक वर्ष २०६८।६९ देखि सार्वजनिक संस्थानहरूका अध्यक्ष, सदस्य र महाप्रबन्धक सार्वजनिक संस्थान निर्देशन बोर्डबाट नियुक्ति गरिने ब्यवस्थाको प्रारम्भ गरिएको छ ।

जनशक्ति व्यवस्थापन

१४.१७ सार्वजनिक संस्थानहरूमा कार्य संचालनस्तरमा नियुक्त कर्मचारीहरूको संख्या आ.व. २०६७/६८ को वास्तविक विवरण अनुसार कूल ३२३८३ रहेको छ । जुन अघिल्लो आ.व. मा ३३५२६ रहेको थियो । सबैजसो सार्वजनिक संस्थानहरूमा जनशक्ति चाप अधिक नै रहेको छ । संस्थानहरूको संचालन नाफाका आधारमा प्रति कर्मचारी योगदान बिश्लेषण गर्दा सेवा क्षेत्र, वित्तीय क्षेत्र र जनपयोगी क्षेत्रको मात्रै धनात्मक देखिन्छ ।

लेखापरीक्षणको अवस्था

१४.१८ हरेक सार्वजनिक संस्थानहरूले प्रत्येक आ.व.को निश्चित समयावधि भित्र लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था छ । तथापि ३७ वटा संस्थानहरूमध्ये २१ वटा संस्थानहरूले मात्र आ.व.२०६७/६८ सम्मको लेखा परीक्षण कार्य सम्पन्न गरेका छन । ८ वटा संस्थानहरूले आ.व. २०६६/६७ सम्मको र २ वटा संस्थानहरूले आ.व. २०६४/६५ सम्मको मात्रै लेखापरीक्षण कार्य सम्पन्न गरेका छन । उदयपुर सिमेण्ट कारखानाले आ.व. २०५७/५८ पश्चातको लेखा परीक्षण कार्य गरेको छैन भने राष्ट्रिय बीमा संस्थानले आ.व.२०५९/६० सम्मको मात्रै लेखा परीक्षण कार्य गरेको देखिएको छ ।

सार्वजनिक संस्थानको संचालक समिति सम्बन्धी व्यवस्था

१४.१९ सार्वजनिक संस्थानहरूको संचालन तथा व्यवस्थापनमा सुधार ल्याई लक्षित उद्देश्य हासिल गर्न दक्ष, व्यावसायिक एवं पेशाबिदहरूबाट मात्र संचालक समितिमा प्रतिनिधित्व गराउने

र संचालक संख्या पाँच जनामा सीमित गर्ने नेपाल सरकारले नीति लिए अनुरुप अधिकांश संस्थानहरूमा सो अनुरुपको व्यवस्था अवलम्बन गरिएको छ। तथापि केही संस्थानका संचालक सदस्य संस्थान गठनसँग सम्बन्धित ऐन/नियमद्वारा नै तोकिएकोले ती संस्थानहरूको संचालक समितिमा सदस्य संख्या ५ जना भन्दा बढी नै रहन गएको देखिन्छ।

नेपाल सरकारको शेयर तथा ऋण लगानी विवरणमा फरक

१४.२० सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको शेयर तथा ऋण लगानी सम्वन्धमा सार्वजनिक संस्थान र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा विगत वर्षदेखिनै फरक पर्दै आएकोमा यस वर्ष पनि समायोजन गरी हिसाव मिलान हुन सकेको छैन। लामो समयसम्म हिसाव मिलान नहुँदा भविष्यमा हिसाव मिलान गर्न थप जटिलता उत्पन्न हुँदैजाने तथा संस्थानहरूको वास्तविक वित्तीय अवस्था समेत चित्रण नहुने अवस्था सिर्जना भएको स्थिति छ। सार्वजनिक संस्थान र महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणमा देखिएको फरक तालिका (१४क) र (१४ख) मा उल्लेख गरिएको छ।

तालिका १४(क) : नेपाल सरकारको शेयर लगानीमा देखिएको फरक रकम

क्र.सं.	सार्वजनिक संस्थानको नाम	रकम (रू. लाखमा)		
		संस्थानले देखाएको रकम	म.ले.नि.का.ले देखाएको रकम	फरक रकम
	औद्योगिक			
१	दुग्ध विकास संस्थान	२,८६५	२,८६४	१
२	जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लि.	२७५	३९६	(१२१)
३	हेटौडा सिमेन्ट उद्योग लि.	९,००७	९,००६	१
४	जनकपुर चुरोट कारखाना लि.	४०८	४०८	-
५	नेपाल औषधि लिमिटेड	७४८	७४७	१
६	उदयपुर सिमेन्ट उद्योग लि.	३६,४८१	३६,४८१	-
७	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.	३,७५०	३,७५०	-
	जम्मा	*५३,५३४*	*५३,६५२*	(११८)
	व्यापारिक			-
८	कृषि सामग्री कम्पनी लि.	४,१४३	४,१४३	-
९	राष्ट्रिय बीउ बिजन कम्पनी लि.	१,१८५	१,१००	८५
१०	नेशनल ट्रेडिङ्ग लिमिटेड	१,६९३	१,६९३	-
११	नेपाल खाद्य संस्थान	९,९०५	९,९९२	(८७)
१२	नेपाल आयल निगम लि.	९५१	२,९०८	(१,९५७)
१३	दि-टिम्बर कर्पोरेशन अफ नेपाल लि.	१५५	१५४	१
	जम्मा	*१८,०३२*	*१९,९९०*	(१,९५८)
	सेवा			-
१४	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	१,२१४	१,२१४	-
१५	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	६२१	६२०	१
१६	नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि.	१२२	१२२	-
१७	नेपाल इञ्जिनीयरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.	७२	३७	३५
१८	नेपाल वायुसेवा निगम	१,६२३	३,७९२	(२,१६९)
१९	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र. लि.	१९	१९	-
२०	नेपाल नागरिक उड्डयन प्राधिकरण	११७,३५४	१२८,२३४	(१०,८८०)
	जम्मा	*१२१,०२५*	*१३४,०३८*	(१३,०१३)

स्रोत: अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा

तालिका १४(ख) नेपाल सरकारको ऋण लगानीमा देखिएको फरक रकम

क्र.सं.	सार्वजनिक संस्थानको नाम	रकम (रू. लाखमा)		
		संस्थानले देखाएको रकम	म.ले.नि.का.ले देखाएको रकम	फरक रकम
	औद्योगिक			
१	दुग्ध विकास संस्थान	-	-	-
२	जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लि.	६०९	६०८	१
३	हेटौडा सिमेन्ट उद्योग लि.	१,३००	१,३००	-
४	जनकपुर चुरोट कारखाना लि.	१,८५६	२,६००	(७४४)
५	नेपाल औषधि लिमिटेड	२,३१८	२,३१७	१
६	उदयपुर सिमेन्ट उद्योग लि.	१७,२५०	२२,०९९	(४,८४९)
७	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.	१०,६२५	३,८०७	६,८१८
	जम्मा	*३३,९५८*	*३२,७३१*	*१,२२७*
	व्यापारिक			-
८	कृषि सामग्री कम्पनी लि.	-	-	-
९	राष्ट्रिय बीउ बिजन कम्पनी लि.	-	-	-
१०	नेशनल ट्रेडिङ्ग लिमिटेड	१,०००	१,०००	-
११	नेपाल खाद्य संस्थान	-	४२	(४२)
१२	नेपाल आयल निगम लि.	१०४,९१०	१०४,९१०	-
१३	दि-टिम्बर कर्पोरेशन अफ नेपाल लि.	५४७	५७७	(३०)
	जम्मा	*१०६,४५७*	*१०६,५२९*	*(७२)*
	सेवा			-
१४	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	-	-	-
१५	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	-	१०	(१०)
१६	नेपाल पारवहन तथा गोदाम व्यवस्था कं.लि.	३६४	३६४	-
१७	नेपाल इञ्जिनीयरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.	-	-	-
१८	नेपाल वायुसेवा निगम	३,६९३	३,४६९	२२४
१९	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र. लि.	-	-	-
२०	नेपाल नागरिक उड्डयन प्राधिकरण	१६,२८८	५१,९२३	(३५,६३५)
	जम्मा	*२०,३४५*	*५५,७६६*	*(३५,४२१)*

स्रोत: अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा

कोषमा व्यवस्था नगरिएको दायित्व

१४.२१ सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीहरू सेवा निवृत्त भएपछि उपदान, निवृत्तिभरण औषधी उपचार, वीमा, विदाको रकम जस्ता बिभिन्न शीर्षकहरूबाट दिइने सुविधाको कारण हरेक संस्थानहरूको कर्मचारी अवकाश दायित्व अधिक नै रहेको देखिन्छ। तथापि अधिकांश सार्वजनिक संस्थानहरूले कर्मचारी अवकाश दायित्व तथा संभावित दायित्व समेतको कोषमा व्यवस्था नगरेको कारण Unfunded Liabilities बढ्दै गएको छ। आर्थिक वर्ष २०६६/६७ मा सार्वजनिक संस्थानहरूको कोषमा व्यवस्था नगरेको दायित्व रू. २९ अर्व ३८ करोड १२ लाख रहेको थियो भने आर्थिक वर्ष २०६७/६८ मा उक्त रकम रू. २४ अर्व २९ करोड ९९ लाख पुगेको छ।

संचालन योजना

१४.२२अधिकांश संस्थानहरूले संस्थाको दृष्टिकोण, रणनीति र कार्यनीति अनुरुप स्पष्ट रुपले लक्ष्य, कार्य, परिणाम, परिमाण र प्रमाणिकरणको माध्यमहरूलाई परिभाषित गरी कार्यान्वयन योजना तर्जुमा गरी लागू गर्न सकेको पाइएन । संचालन योजना मात्रै होइन अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन सुधार योजनाहरू पनि अधिकांश संस्थासँग छैनन् । भएका केही संस्थाहरूको योजनाको कार्यान्वयन अवस्था पनि कमजोर छ ।

संस्थान स्थापनाको कानुनी प्रावधान

